# पहिलो अध्याय

## १. शोधपरिचय

### १.१ शोध - शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कपिलवस्तुमा प्रचलित अवधी लोककथाको लोकतात्त्विक अध्ययन' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्बितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

### १.३ शोधकार्यको समस्याकथन

नेपाली लोकसाहित्यका विविध विधाहरूमध्ये लोककथा एक महत्वपूर्ण विधा मानिन्छ । लोकसाहित्यले त्यो समाजका सर्वसाधारण नरनारीका पीरव्यथा, हर्ष-विस्मात्, इच्छा -चाहना, आशा-निराशा आदिलाई प्रतिबिम्बित गरेको हुन्छ । लोककथाले समाजका सर्वसाधारण जनसमुदायलाई व्यवहारिक ज्ञान र नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन पनि दिने हुँदा प्रत्येक समाजमा लोककथाको सुदीर्घ परम्परा बसेको देखिन्छ । कथा हाल्ने र सुन्ने प्रवृत्ति मानिसको आदिम स्वभाव नै भएकोले लोककथा सामाजिक जीवनको आवश्यक अङ्ग जस्तै भएको छ ।

नेपालमा नेपाली लोककथाका साथै विभिन्न जात जातिका आ आफ्नै संस्कृति, चालचलन, रहनसहन, विश्वास आदिका कारण आ– आफ्नै किसिमका लोककथाहरू प्रचलनमा रहेका छन् । जाति अनुसार र भाषा अनुसार नेपाल भित्रै नेपाली लोककथा, मगर लोककथा भनेर विविध लोककथाको परम्परालाई उद्धृत गर्न सकिन्छ भने क्षेत्रीय आधारमा डोटेली लोककथा, पर्वते लोककथा भनेर पनि लोककथाको विविधतालाई देखाउन सकिन्छ । नेपालमा लोकसाहित्यको व्यापक अध्ययन हुन नसकेका कारण विभिन्न जातजाति, भाषाभाषी तथा क्षेत्रीय आधारमा प्रचलित लोककथाको विकास हुन सकेको देखिदैन ।

नेपालका पचहत्तर जिल्लामा विभिन्न जातजातिको र भाषाभाषीको बसोबास भएकोले ती सबै जातजातिका र भाषाभाषीका लोककथाको सङ्कलन गरी अध्ययन र विश्लेषण गर्ने काम पनि यथेष्ट मात्रामा हुन सकेको देखिदैन । नेपालको पश्चिम तराईका जिल्लाहरूमध्ये कपिलवस्तु कपिलमुनिको आश्रम तथा शुद्धोदनको राजधानी रहेकोले पनि सर्वाधिक चर्चामा आउने जिल्ला हो । यहाँ नेपाली मातृभाषी बोल्ने समुदायका बीचमा प्रचलित लोककथाको बारेमा अहिलेसम्म कुनै

शोधखोज भए गरेको पाइएको छैन । अवधी लोककथाको विकासमा अवधी लोककथाको प्रचलन सूक्ष्म रुपमा देख्न पाइन्छ । विधुतीय संचार माध्यमको विकासका कारण लोककथा भन्ने र सुन्ने परम्परामा केही अवरोध जस्तो देखिए पनि टेलिभिजनको पहुँचदेखि टाढा रहेका र लिखित कथाको आस्वादन गर्न नसक्ने बहुसङ्ख्यक सर्वसाधारण नरनारीहरू आ–आफ्नो समुदायमा प्रचलित लोककथा भन्ने र सुन्ने परम्परालाई जोगाएकै देखिन्छ ।

जसरी नेपाली लोकसाहित्यको विकासमा नेपालका सबै जिल्लामा प्रचलित लोकसाहित्यका विभिन्न विधाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । त्यसैगरी कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाले पनि नेपाली लोककथाको श्रीवृद्धिमा थप योगदान पुऱ्याउन सक्दछन् । नेपाली लोकसाहित्यको विकासका बारेमा केही अध्ययन, अनुसन्धान र खोज भएको देखिए तापनि विभिन्न जिल्लाहरु तथा विभिन्न भाषभाषी समुदायमा प्रचलित लोककथाको सङ्कलन, अध्ययन र अनुसन्धान हुन सकेको छैन ।

नेपालका केही जिल्ला तथा क्षेत्रका लोककथा सम्बन्धी खोज र अध्ययन भएको देखिए तापनि कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाका बारेमा खासै चर्चा भएको पाइदैन । कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथामा अवधी भाषी समुदायका धर्म, संस्कार, रीतिरिवाज, परम्परा, राजनीति आदिप्रतिको विश्वास कुन रुपमा प्रस्तुत भएको छ त्यसलाई स्पष्ट पार्नु पर्ने कार्यका निम्ति प्रस्तुत शोधको विषय छनोट गरिएको हो । यस विषयका शोध समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार देखाइएको छ ।

क) कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको अवस्था के कस्तो रहेको छ ?

ख) कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाहरूमा त्यहाँका अवधी भाषी समुदायका के–कस्ता लोकविश्वास, परम्परा, रीतिस्थिति, धर्म, अनुष्ठान आदि प्रतिबिम्बित भएका छन् ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको अस्तित्व र महत्वको बारेमा प्रकाश पार्दै शोधकार्यको समस्याकथनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको अवस्थाबारे अध्ययन गर्नु ।

ख) त्यहाँ प्रचलित अवधी लोककथाको सङ्कलन गर्नु ।

ग) सङ्कलित अवधी लोककथाको लोकतात्विक अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको विकासमा देशका विभिन्न जिल्ला तथा क्षेत्रमा भएका कार्यको अध्ययन अनुसन्धान कार्य हालका दशकमा केही मात्रामा हुँदै गरेको देखिन्छ तापनि कपिलवस्तु

जिल्लामा प्रचलित अवधी लोककथाहरूको विषयलाई लिएर कुनै पनि स्रष्टा तथा द्रष्टाबाट कलम चलाइएको पाइँदैन । नेपाली साहित्यको विकासमा उल्लेखनीय सहयोग पुऱ्याउँदै आएका चर्चित साहित्यकार भवानी भिक्षु तथा विष्णुराज आत्रेय (लाटो साथी) का बारेमा केही चर्चा गरिएको भए पनि उनीहरुका कथाहरूमा निहित लोकबिम्बको चर्चा पाइँदैन ।

कपिलवस्तु जिल्लाबाट सहित्यिक योगदान दिदै आएका नव - प्रतिभा, सङ्घसंस्थाहरु, विद्यालय तथा महाविद्यालयहरूले नेपाली लोकसाहित्यको विकासमा पनि केही न केही योगदान दिएका छन्, जसबारे चर्चा हुन सकेको छैन । नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै राष्ट्रिय स्तरमा समेत ख्यातिप्राप्त हुन पुगेका कपिलवस्तुका साहित्यकार भवानी भिक्षु र विष्णुराज आत्रेय  (लाटो साथी) का बारेमा भएका पूर्वकार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ । केही आधुनिक कथाकारका कथाहरुको सङ्कलन गरी समीक्षा समेत गरिएको झ्यालबाट (सम्पादित, २०२९ ) नामक पुस्तकमा भवानी भिक्षुको 'मैंया साहेब' कथाको समीक्षा गर्नुका साथै उनलाई आफ्नो मातृभाषा अवधीका सट्टा हिन्दी हुँदै नेपाली भाषामा स्तरीय कथा लेखेको उल्लेख गरिएको छ । [1] सम्पादक ईश्वर बरालले भिक्षुद्वारा लिखित हारजित कथामा सामाजिक  परिवेश तथा आञ्चलिकताको स्थापना गरिएको कुरा पनि उल्लेख गरेका छन् । भिक्षुको 'हारजित' कथाका साथै 'मैया साहेब' कथामा अवधी लोककथाको प्रत्यक्ष छाप देख्न सकिन्छ जुन कुराको उल्लेख भने लेखक (सम्पादक) ले गरेका छैनन् ।

महादेव अवस्थीले आफूद्वारा सम्पादित 'नेपाली कथा भाग - २' मा भवानी भिक्षुका कथागत विशेषता र योगदानका अतिरिक्त उनीबाट प्रकाशित कथा संग्रहको उल्लेख गरेका छन् । कथाकार भवानी भिक्षुका कथामा पाइने परिवेश, पात्रहरुका बीचमा पाइने द्वन्द्व र नारीपात्रको मनोविज्ञानका बारेमा पनि उल्लेख गरिएको छ । [2] तर उनका कथाहरुमा पाइने अवधी लोककथाका अवशेष (आद्यबिम्ब) का बारेमा सम्पादक मौन रहेकाले त्यो कार्य यस शोधमा गरिएको छ ।

टंक निरौलाद्वारा 'विष्णुराज आत्रेय (लाटो साथी) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा गरिएको शोधकार्यमा 'लाटो साथी' द्वारा रचित 'शीला' कथालाई नेपाली ग्रामीण सामाजिक परम्पराको उद्घाटन गर्न सफल कथाको रुपमा चर्चा गरिएको पाइन्छ । [3] यस कथामा लोककथाको प्रभाव देख्न सकिन्छ जुन कुरा शोधार्थीबाट भएको छैन । यस कथामा पाइने लोककथाको छापका कारण अवधी लोककथाको अध्ययनमा थप बल प्रदान हुने कुरा सिद्ध हुन्छ ।

---

१.ईश्वर बराल, **झ्यालबाट (सम्पादित)**, साझा प्रकाशन, काठमाडौं, २०२९, पृ. १९

२. महादेव अवस्थी, **नेपाली कथा भाग - २ (सम्पादित)**, साझा प्रकाशन, काठमाडौं, २०५५, पृ ४०

३. टंक निरौला, **विष्णुराज आत्रेय -लाटो साथी): जीवन व्यक्तित्व र कृतित्वको अध्ययन,** काठमाडौं, २०५५, पृ १५

पूर्वकार्यको समीक्षँका क्रममा टंक निरौलाको सो शोधकार्य उपयोगी भएको छ ।

ध्रुवराज ज्ञवाली 'गुनकेसरी' कथा सङ्ग्रहभित्रका कथाको अध्ययन शीर्षकमा गरिएको शोधकार्यमा भवानी भिक्षुद्वारा रचित 'गुनकेसरी' कथा सङ्ग्रहभिधका कथाहरुलाई विषयवस्तुका आधारमा बर्गीकरण गरी सामाजिक कथा अन्तर्गत पर्ने कथाहरु भनी क्रमश : मानव (१९९४), त्यही सातदिन (१९९६), रक्सीवाज (१९९८), गुनकेसरी (१९९९), साहुको सम्पत्ति (१९९९), उघारो सामान (२०००) र शैतानको शैतानी (२०००) उल्लेख गरेका छन् । ४ यी कथाहरुमा व्यक्त परिवेश, घटना आदि प्रत्यक्ष रुपमा लोककथाबाट प्रभावित देखिन्छन् । यस तथ्यले पनि अवधी लोककथाको अध्ययनमा सम्बलन प्रदान भएको छ । पूर्वकार्यको समीक्षाका क्रममा ध्रुवराज ज्ञवालीको प्रस्तुत शोधकार्य उपयोगी भएको छ ।

वैरागी जेठाद्वारा सम्पादित 'डा. विष्णुराज आत्रेय : स्रष्टा र सिर्जनाका विविध आयाम' पुस्तकमा विष्णुराज आत्रेय -लाटो साथी) को व्यक्तित्वलाई चिनाउने गरी विभिन्न लेखकहरुले उनको व्यक्तित्व बारे प्रकाश पारिएको देखिन्छ । त्यस पुस्तकभित्रको 'लाटो साथीको कथायात्रा - संक्षिप्त चर्चा शीर्षकमा लेखक डिल्लीराज अर्यालले लाटो साथीका पाँचवटा कथाहरु क्रमश : कालीको सौन्दर्य, काला कृष्ण गोरा राम, छोरीको बिहे फकीरको जुत्ता र उन्चालीस ऊँट, अनि सर्पहरु दुई जिब्रे भए तथा डिस्को डान्सर कथाहरुको संक्षिप्त चर्चा गरेका छन् । ५
आध्यात्मिक,पौराणिक र सामाजिक विषयवस्तुमा आधारित ती कथाहरुमा लोककथाको प्रत्यक्ष छाप परेको चर्चा पाइन्छ । त्यस्तै उनीद्वारा रचित लोकछन्दका गीतहरु पनि रोचक भएको उल्लेख गरिएको
छ । यी तथ्यहरुले अवधी लोककथाको अध्ययनलाई अझ सहज बनाइदिएका छन् । पूर्वकार्यको समीक्षाका क्रममा डिल्लीराज अर्यालको प्रस्तुत लेख शोधकार्यको लागि उपयोगी देखिएको छ ।

**१.६ शोधकार्यको औचित्य**

भूत वर्तमानका लागि मार्ग निर्देशक हुने र वर्तमान भविष्यको निर्माता हुने भएकाले हामी नेपालीहरूले हाम्रो लोक व्यवहारमा प्रचलित विश्वास, रहनसहन, रीतिस्थिति, धर्म, संस्कार आदिको समाजशास्त्रीय एवम् मानव शास्त्रीय पद्धतिको आधारमा आधुनिक, वैज्ञानिक र तथ्यपरक कोणबाट नियाली विश्लेषण गर्नुपर्ने आवश्यकता छ । हाम्रा लोककथाहरूमा हाम्रा आदिम संस्कार कसरी सुरक्षित रहदै आएका छन् र कसरी समय, परिस्थिति र ठाउँ अनुसार सुधार हुँदै लोककथाहरूमा

४.ध्रुवराज ज्ञवाली, **गुनकेशरी कथा संग्रहभित्रका कथाको अध्ययन, विश्लेषण र मूल्याङ्कन,** काठमाडौं,२०५४, पृ २७

५. वैरागी जेठा, **विष्णुराज आत्रेयः स्रष्टा र सिजनाका विविध आयाम (सम्पादित)**, नेपाल पेरोल साहित्य समाज, बालाजु, काठमाडौं, २०६१, पृ १८

अभिव्यक्त भएका छन् भन्ने कुराको ज्ञान हुनु पनि नितान्त आवश्यक छ ।

नेपालका विभिन्न जातजाति, भाषभाषीका लोककथाहरुमा प्रतिबिम्बित आद्यबिम्बको खोजी गरी लोककथाको विस्तृत अध्ययन गर्नुका साथै के कस्तो समयमा के कस्ता विश्वास, रीतिस्थिति, चालचलन र धर्म अनुष्ठान विकसित भए भन्ने बारेमा वैज्ञानिक निष्कर्षमा पुग्न सजिलो हुने कुरा निश्चित छ ।

हाम्रा गाउँघरमा मौखिक परम्परामा जीवित लोककथाहरुको व्यापक अध्ययन अनुसन्धानले हामीलाई वर्तमानमा स्थापित गराउन सहयोग हुन्छ भने भावी पिढीहरुलाई मार्ग निर्देशन हुनुका साथै अवधी लोककथाको बारेमा चासो लिई थप अध्ययन गर्ने अरु अध्येता तथा शोधार्थी सबैका लागि मार्गनिर्देशनको काम गरी फलदायी हुन सक्ने देखिन्छ ।

**१.७ शोधकार्यको सीमाङ्कन**

कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको लोकतात्त्विक अध्ययन गर्नका लागि अवधी मातृभाषाभाषी क्षेत्रका दोहनी, कोपवा, पटना, तौलिहवा, पकडी आदि गा.वि.स र नगरपालिकामा पुगी लोककथाको सङ्कलन गरिएको छ ।

**१.८ शोधविधि**

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि क्षेत्रीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मुख्य स्रोत बनाइएको छ । यसका साथै यस विषयसँग सम्बद्ध विभिन्न स्रष्टाहरू, समालोचकहरू र गुरुजनहरूबाट पनि सामग्री सङ्कलन, सल्लाह- सुझाव तथा सहयोग लिइएको छ । सङ्कलित सामग्रीहरुको अध्ययनका लागि विश्लेषणात्मक विधि अपनाइएको छ । लोककथामा निहित लोकतत्त्वलाई आधार मानेर अवधी लोककथाको वस्तुपरक ढङ्गबाट अध्ययन गरिएको छ भने लोकतात्त्विक अध्ययन पद्धतिका आधारमा अवधी लोककथाको विश्लेषण गरिएको छ ।

**१.९ शोधपत्रको रुपरेखा**

प्रस्तुत शोधपत्रलाई चारओटा अध्यायमा विभाजन गरिएको छ :

पहिलो अध्याय : शोधको परिचय

दास्रो अध्याय : लोककथाको सैद्धान्तिक परिचय

तेस्रो अध्याय : कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको विश्लेषण

चौथो अध्याय : उपसंहार

उपर्युक्त अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

# द्वितीय अध्याय

## २. लोककथाको सैद्धान्तिक परिचय

### २.१ विषयप्रवेश

लोकसाहित्यका विभिन्न विधाहरुले लोकजीवनका धारणा, गतिविधि र अनुभवका अभिव्यक्तिहरुलाई आ-आफ्नै शैली र स्वरुपबाट प्रकट गर्दछन् । लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा आदि विधाहरुका माध्यमबाट लोकमानसका भावना, पीर-व्यथा, हर्ष-विस्मात् आदि अभिव्यक्त हुँदै आएका छन् । यिनले आ-आफ्नै रुपबाट मूल फुटाएर लोकसाहित्यलाई सधैं उर्वर तुल्याएका छन् ।

नेपाली लोकसाहित्यमा लोकगीतपछिको दोस्रो प्रमुख विधाको रुपमा प्रतिष्ठित लोककथा देश, जाति, संस्कृति आदिको सर्गनिसर्गको ऐतिहासिक रेखाङ्कन र सीमाङ्कन गर्ने एक प्रमुख विधा हो । श्रुति-स्मृति-कथन परम्परा हुँदै लोकजीवनमा हुर्के-बढेको यस विधाले लोकजीवनलाई बौद्धिक ज्ञान, मनोरञ्जन,दया, माया, धैर्य, उत्साह, वीरताजस्ता मानवीय गुणहरु प्रदान गरी कृतार्थ पारेको छ । सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिकोणबाट महत्वपूर्ण मानिने यस विधामा आफ्नै पनको आकर्षण, सौदर्न्य र मिठास हुन्छ । यसमा कल्पना र बौद्धिकताको आधिक्य रहने हुँदा स्वभावतः अन्य विधाहरुको भन्दा यसको आयतन केही फराकिलो र लामो हुन्छ ।[६] लोककथा लोकगीत जस्तो जुनसुकै बेला र एकल अवस्थामा भन्ने विषय होइन साथै लोकगीतमा भन्दा यसमा बढी गहिराइ हुने र सुन्न कान मात्र दिएर नपुगी कथा बुझ्न मन पनि दिनुपर्ने भएकाले यसको महत्व अझै बढ्न गएको हुन्छ । यसलाई सुनाउनको निमित्त निश्चित स्थान र समूहको आवश्यकता पनि पर्दछ । विशेष गरी लोककथा बेलुकीमा घरको दलान, मझेरी, पिँढी र आँगन वरिपरि बसेर भनिने र सुनिने विषय हो । लोककथालाई तत्कालीन समाजको धार्मिक, सांस्कृतिक तथा सामाजिक मान्यता र पम्पराको जिउँदो रुप मान्न सकिन्छ । यसलाई त्यस समयको यथार्थ विवरण बोक्ने सामग्रीको रुपमा लिइन्छ ।

विगतका लोकजीवनका विविधता एवम् व्यापकताका अवशेषहरुलाई समय र स्थानअनुसार समेट्दै र सुरक्षित गर्दै रहने एउटा कुटुरे सङ्ग्रहालयको रुपमा प्रतिष्ठित लोककथा मानवशास्त्र, समाजशास्त्र एवम् सामाजिक इतिहासका अन्वेषक विद्यार्थीहरुका

---

[६] दधिराम पन्थी, **गुल्मेली नेपाली लोककथाको अध्ययन** (शोधपत्र), त्रि.वि.वि., २०६०, पृ ५१ ।

लागि शैक्षिक सामग्री पनि हो । लोकजीवनका यथार्थ एवम् मार्मिक अभिव्यक्तिका रुपमा प्रस्तुत लोककथाले मनोरञ्जन र शैक्षिक ज्ञान दुवै दिने हुनाले यसमा श्रोता वा पाठक सर्वसाधारणदेखि लिएर बौद्धिक वर्गका पनि हुन सक्छन् । मानव सभ्यता सँगसँगै जन्मिएको लोककथाले लोकजीवनमा आशा-निराशा, सुख-दुःख, वहविलौना, रीति-स्थिति आदिको चित्रण गर्ने भएकाले यसले लोकजीवनलाई मानसिक सन्तुष्टि पनि दिन्छ । यसरी लोककथाले फुर्सदको समय उपयोग गर्न, मानसिक सन्ताप हटाई आत्मसन्तुष्टि लिन र अभिव्यक्तिकला अभिवृद्धि गर्न समेत सहायकसिद्ध देखिएको छ ।

लोककथाको व्यापकरुपमा अनुसन्धान र सङ्कलन गरी यसलाई सर्वत्र सुलभ गराउन सकेको खण्डमा यसको लोकप्रियता निकै बढ्ने देखिन्छ । त्यसैले पनि लोकसाहित्यमा लोककथाको विशिष्ट स्थान रहेको छ ।

## २.२ लोककथाको परिभाषा

लोकसाहित्यको एक महत्वपूर्ण विधाका रुपमा संसारमा विकसित हुँदै, फुल्दै र फल्दै आएको लोककथाले लोकजीवनका विभिन्न आस्था, धर्म, विश्वास, विचार, संस्कार, रीति-रिवाज, मूल्य-मान्यता, प्रचलन, जादु, टुनामुना, सुख-दुःख आदि विषयलाई आधार मानेर वक्ता वा स्रष्टाका मुखदेखि रचना भएर अस्तित्वमा आएको कुरा सर्वविदितै छ । कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौंपुस्ता मुखमुखै चलेर आएका यस्ता लोककथालाई ‘दन्तेकथा’ पनि भनेको पाइन्छ ।[७] वक्तादेखि श्रोतासम्म सम्प्रेषण विधिद्वारा हस्तान्तरण हुँदै एक अर्कोलाई भन्दै-सुनाउँदै जाँदा कथा श्रृङ्खला विस्तार भई कथाका रुपमा विकसित हुने मौका पाएको लोककथाका विभिन्न आकार र प्रकार देखिन्छन् । मानव सभ्यताको विस्तारका क्रममा संसारका प्रत्येक भूभाग, कुनाकाप्चामा छरिएर फैलिएर जाँदा अनेक भाषा भाषिकाका सर्म्पकमा आएकाले कथाका अनगिन्ती रुप र ढाँचाहरु बन्न पुगे । यसरी लोककथा भाषा, सभ्यता र सोचाइअनुसार विस्तारै परिवर्तित हुँदै आइरहेको पनि पाइन्छ ।[८] मानव अनुकरणशील प्राणी भएकाले आफूले देखे-सुनेका, भने गरेका र अनुभव गरेजति र कल्पनाले भेटेसम्मका दृश्यादृश्य लोक, प्राणी, वस्तु, प्रकृति, देव-दानव, भूत-प्रेत, पशु-पक्षी आदि तमाम कुरालाई विषयवस्तु

---

७. धर्मराज थापा, हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं, त्रि.वि. पाविके, २०४१, पृ ३१९

८. ऐजन , पृ. ३२०

बनाएर विविध कथाहरु रचना गर्दै आएको छ । संसरका जुनसुकै भागमा यस किसिमका विषयवस्तुमा आधारित कथाहरु लोकजीवनमा प्रयोगमा आएको देख्न सकिन्छ । मुद्रण युगको सुरुआत पछि भने यस्ता कथाहरु विभिन्न पुस्तक, पत्र-पत्रिका र ग्रन्थहरुमा समेत सुरक्षित रहन पुगेका छन् ।

खासगरी नेपाली लोककथाको परम्परा हेर्दा वैदिक कालसम्म पुग्नु पर्ने हुन्छ । ऋग्वेदकालीन सूक्तहरु हुँदै यो परम्परा पुराण, स्मृतिग्रन्थ, जातक, हितोपदेश, पञ्चतन्त्र, बृहतकथा आदिमा प्रवाहित हुँदै लोकजीवनमा घुलमिल भएको देखिन्छ । यसरी मानव सभ्यताको विकास सँगसँगै उत्पन्न भएर विभिन्न रुपमा रुपान्तरित हुँदै संसारभर छरिएर छापा र पुस्तकहरुमा प्रवेश गरेका यस्ता कथाहरुको अहिलेसम्मको स्वरुपलाई समेटेर कथाको ठोस परिभाषा दिनु कठिन कार्य हो तापनि लोकसाहित्यको अध्ययनको सिलसिलामा हेर्दा विभिन्न विद्वान्हरुको परिभाषा अघि सार्न सकिन्छ । पाश्चात्य, भारतीय र नेपाली विद्वान्हरुले लोककथाका सम्बन्धमा दिएका परिभाषाहरुलाई उद्धृत गर्दै तिनै प्रयासहरुलाई समेट्ने जमर्को यसमा गरिएको छ ।

लोककथा 'लोक' र 'कथा' दुई शब्दको योगबाट बनेको शब्द हो । यसको अर्थ 'प्रबन्धयुक्त रचना' अथवा 'आख्यानयुक्त रचना' भन्ने हुन्छ ।

लोककथालाई अंग्रेजीमा 'फोकटेल्स' भनिन्छ । 'फोक' र 'टेल्स' अंग्रेजी दुईशब्द मिलेर 'फोक-टेल्स' बनेको हो ।[९]

पाश्चात्य विद्वान् मरिया लीचले आफ्नो रचना स्ट्यान्डार्ड डिक्सनरी अफ फोकलोर मिथलोजी एण्ड लिजेण्डमा बताए अनुसार "सामान्यतया परम्परागत आख्यान र त्यसका भेद लोककथा हुन्" भन्ने उल्लेख गरेका छन् ।[१०]

यसै गरी अर्का विद्वान् सी.एस.वर्नका अनुसार "लोकथा आफैमा तत्कालीन समयको चालचलन, रीतिरिवाज, सामाजिक-सांस्कृतिक विश्वास, परम्परागत संस्कार तथा अनुष्ठान आदिको जिउँदो दृश्यपट र प्रतीकात्मक साक्षी हो ।[११]

---

९. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** काठमाडौं: एकता बुक्स, २०५८, पृ.२८४

१०. मरिया लीच, **स्टान्डार्ड डिक्सनरी अफ फोकलोर, मिथोलोजी एण्ड लिजेण्ड,** न्युयोर्क, वगन्लस कम्पनी, सन् १९४७, पृ ४०८

११. तुलसी दिवस, **नेपाली लोककथा, केही अध्ययन,** काठमाडौं: नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठान, २०३३, पृ ७

भारतीय विद्वान्हरुमा सत्येन्द्रको परिभाषा यसप्रकार रहेको देखिन्छ- "लोककथाले लोकमानसको मूल भावनाका रुपलाई स्थूल प्रतीकले अभिव्यक्त गर्दछ ।"[१२]

यस्तै अर्का विद्वान् हजारी प्रसाद द्विवेदीको विचारमा "मौखिक वा लिखित परम्पराबाट क्रमशः एक पुस्ताबाट अर्को पुस्तालाई प्राप्त हुने लोकप्रचलित कथालाई लोककथा भनिन्छ ।"[१३]

पाश्चात्य तथा भारतीय विद्वान्हरुको परिभाषा र त्यसको निचोडलाई हेर्दा लोककथा लोकको अतिप्राचीन जीवनशैली, संस्कार, परम्परा, सामाजिक-सांस्कृतिक विश्वास आदिको प्रतीकात्मक दृश्यपट हो जुन पुस्तौं पुस्तादेखि मौखिक परम्परामा जीवित रहिरहन्छ ।

नेपाली लोककथाको क्षेत्रमा लोकसाहित्यका नेपाली विद्वान् एवम् अनुसन्धाताहरुले प्रशस्त चिन्तन र प्रयास गरेको पाइन्छ । नेपाली लोकसाहित्यका विद्वान्हरुले लोककथाका सम्बन्धमा दिएका परिभाषा एवम् अभिव्यक्तिलाई यहाँ क्रमिकरुपले प्रस्तुत गरिएको छ ।

वासुदेव त्रिपाठीले लोककथाका विषयमा भनेका छन्- "लोककथाका स्वप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका सङ्केतहरुलाई हामीले विश्लेषणात्मक हेराइले आत्मसात् गर्नु परेको छ ।[१४]

नेपाली लोककथाको विशेष अध्ययन र अनुसन्धान कार्यमा तल्लीन रहेका तुलसी दिवसले लोककथाका सम्बन्धमा "लोककथामा मानवको अतीतमात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्छ" भनी चर्चा गरेका छन् ।[१५]

लोकसाहित्यका अध्येता धर्मराज र हंसपुरे सुवेदी द्वयले लोककथाको परिभाषा यसरी दिएका छन्- "लोककथाको मतलब हो आफ्ना वर्णनात्मक भनाइद्वारा लोकलाई मजादिने चखिलो वर्णनात्मक विषयवस्तु" द्वारा सुनिएको घतिलो रचना लोककथा हो ।[१६]

नेपाली लोककथाका अभिप्रायहरुको अनुसन्धान एवम् व्यापक सङ्कलनकर्ता डा.

---

१२. चूडामणि बन्धु, पूर्ववत्, पृ २८३
१३. दधिराम पन्थी, पूर्ववत्, पृ २७
१४. चूडामणि बन्धु, पूर्ववत्, पृ २८४
१५. ऐजन, पृ २८४
१६. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ २३३

मोतीलाल पराजुलीले आफ्नो पी.एच.डी.को शोधप्रबन्धमा लोककथाको परिचय दिँदै भनेका छन्- "परम्परादेखि लोकसमुदायले सामूहिक सत्यका रुपमा अङ्गीकार गरेका काल्पनिक कथावस्तु भएका मनोरञ्जनपूर्ण, शिक्षाप्रद, गद्यमूलक कलात्मक मौखिक लोकाख्यानलाई लोककथा भनिन्छ।"[१७]

यस्तै लोकसाहित्यका अर्का प्रतिभा जीवेन्द्र गिरीले आफ्नो पुस्तकमा लोककथाको परिचय यसरी दिएका छन्- "लोककथामा अवश्य नै तत्कालीन परिवेशको छाप परेको हुन्छ। तर त्यहाँका प्रतीक र सूत्रहरु पहिल्याएर यथार्थको नजिक पुग्न सकिन्छ।"[१८]

डा. चूडामणि बन्धुका अनुसार, "लोककथाहरु एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छन् र श्रोताहरुमा वास्तविक जगत्भन्दा भिन्न मनोलोकको निर्माण गरिन्छ।"[१९]

लोकसाहित्यका विद्वान् कृष्णप्रसाद पराजुलीले "परापूर्वकालदेखि मौखिक रुपमा गाउँवस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो" भनी लोककथाको परिभाषा गरेका छन्।

यसरी माथिका परिभाषा एवम् लोककथा सम्बन्धमा विभिन्न विद्वान्हरुले दिएको विचारबाट के स्पष्ट हुन्छ भने लोककथाहरु प्रायः काल्पनिक, जादुपूर्ण, मनोरञ्जनयुक्त, शिक्षाप्रद, आदर्शपरायण र गद्य-आख्यानपरक हुन्छन्। यो एक पुस्ताबाट अर्को पुस्ता र एक मुखबाट अर्को मुखमा सर्दै जाने हुनाले यसको कहिल्यै अन्त हुँदैन, निरन्तररुपमा अगाडि बढिरहन्छ। लोककथा सुनाउने स्थान, पात्र र समय प्रायः निश्चित नहुने भए पनि यसमा जिज्ञासा र कुतूहलताको अद्भुत शक्ति हुने भएकाले स-साना केटाकेटीदेखि लिएर बूढापाकासम्मका सबैलाई लोककथाले उत्तिकै मन्त्रमुग्ध पार्छ। लोककथामा अनौठा र अपत्यारिला किसिमका मानवीय, मानवेतर, काल्पनिक पात्रहरु हुनुका साथै स्वर्ग, मर्त्य, नर्कलोक तथा भाव र मनोलोकको समेत काल्पनिक, असम्भव र जादुगरी वर्णन भेटिन्छ भने कतै सूक्ष्म सत्यतथ्य वर्णनको आभाष पनि पाइन्छ। लोककथा भन्नका लागि वक्ता र सुन्नका लागि श्रोता अनिवार्य हुनुपर्दछ। श्रोताको उपस्थिति बिना लोककथा अपूर्ण मात्र

---

१७. मोतीलाल पराजुली, **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन**, विद्यावारिधि शोधप्रबन्ध, ने.के.वि., २०५४, पृ १

१८. जीवेन्द्र गिरी, **लोकसाहित्यको अवलोकन,** काठमाडौं, एकता प्रकाशन, २०५७, पृ २४

१९. चूडामणि बन्धु, पूर्ववत्, पृ २८९

होइन लोककथा नै बन्न पुग्दैन । लोककथाको श्रोतालाई महत्व दिँदै कथाको

अन्त्यमा सुन्नेलाई सुनको माला र भन्नेलाई फूलको माला पहिल्याएर कथालाई बैकुण्ठमा पुऱ्याउनुका साथै आवश्यक परेको बेला फेरि कथा भन्ने समयमा तात्तातै मुखमा सर्र आइदियोस् भनी कामनापूर्वक कथावाचनको अन्त्य गरिन्छ ।

कथा भन्ने समय पनि लोकसमाजले दिनमा भन्दा रातमा नै उपयुक्त ठानेको हुन्छ किनभने दिनभरिको कामको बोझले साँझमा थकाइ लागेको हुन्छ र खाना खाइसकेपछि अँगेनाका छेउँछाउँ बसेर कथा सुन्दा थकाइ मेटिनुका साथै मनोरञ्जन पनि मिल्दछ । फेरि दिनमा कथा हाल्नाले सन्ततिहरु लाटा-गाँडा र गर्चा-गल्डयाङ्ग्रा हुन्छन् भन्ने जनविश्वास रहिआएको छ ।[२०]

## २.३ लोककथाको स्वरुप

लोककथा मानव सभ्यताको विकास सँगसँगै विकसित लोकजीवनको प्राचीनतम् गद्यात्मक आख्यान हो । यसमा लोकजीवनका साधारण घटनादेखि असाधारण घटनाहरुको वर्णन भेटिन्छ । विशेष गरी ग्रामीण जीवनको सामाजिक, धार्मिक, सांस्कृतिक आदि अवस्थाको सिङ्गो तस्बिर लोककथामा छिपेको हुन्छ । यसै कथाका आधारमा मानिसका रीतिरिवाज, आचार-विचार, रहन-सहन आदि अनेक कुरा थाहा पाउन सकिन्छ। कथावाचकले आफ्नो क्षमताअनुसार कथ्यशील्पद्वारा श्रोतासामु अभिव्यक्त गर्ने श्रुति-स्मृति र कथन परम्परामा निहित रहेर एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने हुँदा लोककथाको अन्त्य कहिल्यै हुँदैन । जनप्रिय विधा भएकोले लोककथा जनगलामा झुण्डिई उराठिलो र दिक्कलाग्दो नभई आज पनि यथावत् रुपमा व्यवस्थित छ । तिथि, मिति, समय र स्थानको निश्चित किटान नहुने हुनाले यस्ता कथाहरु बढी काल्पनिक, असत्य, जादुपूर्ण र अपत्यारिला भए पनि कुतूहलता, जिज्ञासा र अभिप्रायका कारण यस्ता कथाहरु बढी मनोरञ्जनपूर्ण, शिक्षाप्रद, रोमाञ्चकारी बन्नुका साथै लोकमानसले कटु सत्यका रुपमा ग्रहण गरेको हुन्छ । झिनो संवाद, गीतिगर्म, रस-परिपाक र अलङ्कार बिम्बसमेत यसमा भेटिने हुनाले लोककथा आधुनिक कथाको पनि आधार तथा स्रोतभूमि बन्न पुगेको छ । यसैले यसको स्वरुप जति पुरानो र बूढो होस्, जति सुने पनि नयाँ र नौलो, मीठो र

२०. तुलसी दिवस, पूर्ववत्, पृ ४

रमाइलो, ताजा जस्तै सौन्दर्यमय छ, कृत्रिमता र फिक्का छैन । यसरी पठित-अपठित सारा समाज लोककथातिर आकृष्ट छ ।[२१] यिनै कुराहरुलाई आधार मानेर लोककथाको स्वरुप निम्न बमोजिम निर्धारण गर्न सकिन्छः

१. लोककथा प्राचीनतम गद्यमूलक लोकाख्यान नै हो ।

२. सहरिया जीवनको तुलनामा लोककथामा ग्रामीण जन-जीवनको बढी चित्रण हुन्छ ।

३. लोकजीवनको सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षको विस्तृत वर्णन लोककथामा पाइन्छ ।

४. कथ्यशिल्प र चामत्कारिक वर्णनशैली अपनाएमा लोककथा बढी प्रभावकारी बन्दछ ।

५. लोककथा श्रुतिस्मृति र कथ्य परम्परामा बाँचेको हुन्छ ।

६. पुस्तादेखि पुस्तासम्म र एक मुखदेखि अर्को मुखसम्म सर्ने हुनाले यसको परम्परा कहिल्यै अन्त हुँदैन ।

७. लोककथामा काल्पनिक तिथि, मिति, समय र स्थान उल्लेख गरे पनि निश्चितताको अभाव हुन्छ र रचनाकार अज्ञात रहन्छ ।

८. लोककथा मुखमुखै प्रचलित अलेख्य विधा भएकोले यसको रचनागत विविधता तदनुसार पाइन्छ ।

९. लोककथा स्थान, समय र युगसापेक्ष बन्दै जान्छ ।

१०. लोककथाको कथावस्तु काल्पनिक, असत्य र अपत्यारिलो भए पनि शिक्षाप्रद, कौतुकपूर्ण, रोमाञ्चकारी र लोकग्राह्य हुन्छ ।

११. लोककथामा स्थानीय भाषाको आधिक्य पाइन्छ ।

१२. लोककथा "एकादेश ..." बाट सुरुभई "........ भन्ने बेला ......... मुखमा आइजाला" मा गएर टुङ्गिन्छ ।

१३. लोककथाको बीच-बीचमा झिनो संवाद, गीत-कविता र उखान-टुक्का प्रसङ्गानुसार आउने गर्दछन् ।

१४. लोककथा लघु, मध्यम र बृहत् आकारका हुन्छन् ।

१५. लोककथामा प्रकृति, भूतप्रेत, ग्रह-नक्षत्र आदि मानवीकरण हुन्छन् ।

१६. लोककथामा आश्चर्यसूचक घटक वा अभिप्रायहरुको प्रयोग अनिवार्य हुन्छ ।

---

२१. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ ३१८

१७. लोककथामा भाषा, सभ्यता र सोचाइअनुसार बिस्तारै परिवर्तित हुँदै जाने लचिलो विधा हो ।

१८. लोककथामा मानवीय वा प्राणीगत मूलभूत भावना पाइन्छन् ।

## २.४ लोककथाका विशेषता

लोककथा कथासाहित्यको जननी हो । कथात्मक साहित्यको आधारस्तम्भ पनि मानिने लोककथाको प्रयोग विशेषगरी बालबालिकालाई भुलाउने, रसाउने, फुल्याउने वा आश्चर्यचकित बनाउने कामको लागि गरिन्थ्यो । क्रमशः दुईचार जना फुर्सदमा बस्दा, बसिबियाँलो गर्ने, जाडोमा अँगेनाका डीलमा बस्दा रमाइलोसँग समय बिताउने, मेलापात हिँड्दा वा बेलुका घरमा परिवारजन बसी मकै छोडाउँदा कामका साथसाथ आनन्दपूर्वक समय बिताउन वा गोठाला जाँदा वनचुचुरामा बसी गोठालाहरुले रमाइलोसँग समय बिताउन लोककथाहरु भनिने र सुनिने परम्परा अद्यावधि नै जीवित छ । यसरी जनसाधारणका मुखमुख भएर भनिदै सुनिदै र एक कान दुई कान हुँदै श्रुति-स्मृति र कथनपरम्परामा आधारित भएर आएका लोकथाको वास्तविकता नै अलिखिततामा निर्भर हुनु हो । यसरी प्रत्येक कथावक्ताले आफूले भनेको कथा र प्रत्येक श्रोताले आफूले सुनेको कथा कहाँ, कहिले, कोसँग भनिएको र कुन जाति वा सामाजिक परिवेशको कथावाचकसँग सुनिएको हो सो पत्ता लगाउन कठिन छ, किनभने लोकथाको प्रारुप खोतल्दै जाँदा पौराणिक एवम् वैदिककालसम्म पुग्नु पर्ने हुन्छ ।

वेदमा भएका वृत्तहरुको विकास पौराणिक कालमा भएको पाइन्छ । यस्तै गरी नेपाली लोककथाले वुधस्वामी र गुणाढ्यको बृहत् कथाबाट लिखितरुप पाउन सफल भएको हो । यस्तै अर्कोतर्फ लोककथाका कथ्यको आधारमा एउटै कथाले स्थान, समय र परिवेशअनुसार विभिन्न रुप लिन सक्दछ । यसरी व्यक्ति, ठाउँ र समयअनुसार जाने लोककथाहरुले समाजको सांस्कृतिक, धार्मिक, राजनीतिक एवम् आर्थिक बनोटअनुसार आफ्नो विषयवस्तु परिवर्तन गर्दै जान्छ । लोककथा लोकसाहित्यको त्यस्तो पाटो हो, जसमा लोकजीवनको तत्कालीन सामाजिक, धार्मिक, सांस्कृतिक र भौतिक गतिविधिको समग्र बीज फेला पार्न सकिन्छ । युगौ युगको परिवर्तनकारी जीवनशैली, युगीन सभ्यता, लोकव्यवहार-आस्था-विश्वास, लौकिक मूल्य-मान्यता आदिको बिम्बात्मक झलक लोककथामा पाइने हुँदा यो लोकसाहित्यको अमूल्य सम्पत्ति हो । “वास्तवमा लोककथा

मानव-जीवनको विस्तृत एवम् विविधतालाई काल र स्थान अनुरुप समाहित गरी विगतको अवशेष संरक्षित गर्ने आफैमा सानो संग्रहालय भएकोले मानव सभ्यता तथा संस्कृतिका विभिन्न चरणको ऐतिहासिक विकासक्रम या भौगोलिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्राही, मनोरम साधन हो ।"[२२] लोकजीवनको अतीत गाथा, तत्कालीन समाजको जीवनपद्धति आदिको ऐतिहासिक विकासक्रम तथा युगीन प्रतिच्छायाँको दृष्टान्त एवम् साक्षीका रुपमा लोककथालाई लिन सकिन्छ । लोककथाले जुनसुकै समाज र जातीय जीवन परिचायकको भूमिका निर्वाह गरेको हुन्छ ।

यसरी हेर्दा लोककथा बसिवियाँलोको साधन, वौद्धिक विकासको सरल सुलभ साधन, जिज्ञासा एवम् कुतूहल मेट्ने साधनको रुपमा प्रचलित रहेको पाइन्छ । लोककथाके यिनै सीमा, आकार र परिधिको सेरोफेरोबाट प्रमुख विशेषताहरु निर्क्योल गर्न सकिन्छ । लोककथाको विशेषताअन्तर्गत यसको स्वरुप, वस्तुभाव, यसको सन्देश, पात्र, घटना, शैली आदि विविध सामग्रीहरु पर्दछन् । समष्टिगत रुपमा नेपाली लोककथाका विशेषताहरुलाई मोटामोटी रुपमा यहा प्रस्तुत गरिन्छ ।

### २.४.१ उपदेशात्मकता (बौद्धिक एवम् नैतिक सन्देश)

लोककथाको उद्देश्य उपदेश दिनु वा नैतिक सन्देश दिनु हो । उमेर पुगेका तथा संसार भोगेका वृद्ध र अनुभवी व्यक्तिहरुले आफ्ना सन्तति वा बालबालिकाहरुलाई बौद्धिक ज्ञान र नैतिक सन्देश दिने उद्देश्यले अनेक तीता-मीठा घटना र आफ्ना अनुभूतिलाई मिसाउँदै विभिन्न किसिमको देवी-देवता, राजा-महाराजाका, राजकुमार-राजकुमारीका तथा वीर पुरुषहरुका पराक्रम, शूरता, वीरताका कुराहरु समाविष्ट कथाहरु सुनाउने गर्दछन् । यस्ता कथाका माध्यमबाट शिक्षा र उपदेश दिनाले बालबालिकाहरुको मन सकारात्मक कुरातर्फ छिटो आकर्षित हुनुका साथै उनीहरुमा आत्मबल, उत्साह र अभिरुचि बढ्दछ । नराम्रा तथा कुलतका प्रवृत्ति त्यागेर राम्रो व्यवहार अपनाई सच्चरित्र निर्माण हुने हुनाले उपदेशात्मकता लोककथाको एउटा मुख्य विशेषता हो । यसबाट बालबालिकाहरुलाई राम्रा कार्यमा लाग्न र नराम्रा कामहरुबाट तर्किन प्रेरणा मिल्दछ ।

---

२२. तुलसी दिवस, पूर्ववत्, पृ २

### २.४.२ कल्पनाको प्राबल्य

लोककथा कल्पनाकै उपज हो । यति भएर पनि त्यहाँ यथार्थ हुन्छ । त्यो यथार्थलाई कल्पनाका आधारमा रोचक बनाएर प्रस्तुत गरिन्छ र वर्णनमा स्वाभाविकता हुन्छ । कल्पनाको माध्यमबाट अलौकिक कुराहरु पनि लोककथामा प्रस्तुत भएको हुन्छ । लोककथामा 'एकादेशमा...' वा 'परापूर्वकालको ...' भनेर सुरु गरिने हुँदा कुनै निश्चित तिथि, मिति र स्थान उल्लेख भएको निश्चित गर्न सकिँदैन । यदि कथामा समय र स्थान उल्लेख भए पनि प्रायः अनुमानित र काल्पनिक रुपमा मात्र प्रयोग गरिन्छ । लोककथामा स्थान र समय काल्पनिक वा अनुमानित हुँदैमा कथाको मूल्य र मान्यता भने कमी आएको हुँदैन । लोकजीवनले कथालाई शाश्वत मान्य सिद्धान्तको रुपमा नै स्वीकार गरेको हुन्छ । यसरी लोककथाको अर्को महत्वपूर्ण विशेषताको रुपमा काल्पनिक प्रबलतालाई लिन सकिन्छ ।

### २.४.३ सरलता एवम् सुगमता

लोककथा ग्रामीण जीवनको उपज हो । ग्रामीण निरक्षर व्यक्तिहरुको मुखदेखि भनिदै र अरुबाट सुनिदै आएको हुनाले कथामा आफ्नै संस्कारको लोकभाषा प्रयोग भएको हुन्छ । लोककथाहरुमा सरल र स्वाभाविक रुपले बोधगम्य भाषाको प्रयोग पाइन्छ । एकपटक सुनेपछि बुझिने किसिमको भाषाको प्रयोग यस्ता लोककथाहरुमा हुन्छ ।[२३] सरल र सरस भाषिक संरचना लिएका सरल शब्दबाट स्वाभाविक घटनाहरुको तारतम्य मिलाइएका लोककथाहरुका निर्माताहरु हाम्रै ग्रामीण समाजकै अनुभवी व्यक्तिहरु हुन्, जसले लोकभाषामा आफ्ना कथाहरु रच्छन् । यसका श्रोताहरु पनि अशिक्षित ग्रामीण समाजकै हुन्छन् । यस्ता कथाहरु सरल एवम् सरस हुने भएकाले श्रोताहरु साधारण बालबालिकादेखि पठित एवम् अपठित युवायुवती एवम् वृद्ध-वृद्धासमेत हुन्छन् । यसैकारण एउटा समाजमा चलेको जुनसुकै कथा सरलता एवम् सुगमतापूर्वक समाजका हरेक क्षेत्र र अर्को मुलुकको समाजमा पनि आदान-प्रदान भएर अगाडि बढ्दै गइरहेका हुन्छन् । स्थान, पात्र र परिवेश फरक परे पनि कथाको विषयवस्तुको सारचाहिँ समान नै रहन्छ । यसरी हेर्दा सरसता एवम् सरलता लोककथाको प्राकृतिक गुण नै हो ।

---

२३. चूडामणि बन्धु, पूर्ववत्, पृ. २८७

### २.४.४ कथावस्तुको रोचकता

विशेष गरी नेपाली लोककथाका कथानक प्रेम प्रधान रहेका हुन्छन् । मानव जीवनमा प्रेम स्वाभाविक रुपमा रहेको हुन्छ । यस्तै गरी लोककथामा अद्‌भुत एवम् रोमाञ्चकारी घटनाको तारतम्य मिलाएर रोचक वर्णन गरिएको हुन्छ । कथालाई रोमाञ्चक, जादुपूर्ण र विस्मयकारी बनाई श्रोताको मन कसरी जित्ने भन्ने कुरामा नै केन्द्रित रहेर कथाको सिर्जना हुने हुनाले यस्ता कथाहरु बढी आस्वाद्य हुन्छन् । कथामा अनौठा-अनौठा घटनाहरु समावेश गरेर बढी कुतूहलपूर्ण, चाखलाग्दो र घतिलो बनाउने प्रयास भएको हुन्छ । कथालाई अतिरञ्जित र रागपूर्ण बनाउन अद्‌भुत तत्वको समावेश गरिने हुनाले लोककथा रमाइलो र कुतूहलयुक्त बन्दछ । यद्यपि लोककथा प्राचीनतम साहित्यिक कृतिहरु झैं साहित्यिक मूल्यवत्ता र सौन्दर्यविधाको दृष्टिले नगण्य छ तर कथा बुनाइमा पाइने मिठास र कल्पनाको तीब्रता, घटनाको आकर्षणमय रोचकता आदि नै यसका जादुगरी लोभ्याउने कडी हुन् । जसले गर्दा जुगौं जुगदेखिनै यस विधाप्रति मानव समाज मोहित बन्दै र आकर्षित हुँदै आइरहेछ ।[२४] यसरी कथावस्तुको रोचकता पनि लोककथाको अर्को विशेषता बन्न पुगेको हुन्छ ।

### २.४.५ मूल प्रवृत्तिसँग साहचर्य

मानव हृदयमा सुसुप्त रहेका काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, धुर्त्याइँ, माया, ममता र सुख-दुःख, हर्ष-विस्मात्, भय-त्रास आदि प्रवृत्तिहरुलाई आधार मानेर नेपाली लोककथाहरु रचिएका हुन्छन् । नेपाली लोककथाका पात्रहरुका यी प्रवृत्तिहरुले नेपाली लोकजीवनलाई राम्रो कार्य गर्ने हौसला र अन्त्यमा पछुताउनु पर्ने व्यवहार एवम् कार्य नगर्ने पाठ सिकाउँछन् । यसका साथै मंगलकामना वा मानवजीवनका सुख-शान्तिको साहचर्य भरिन्छ । यसरी मानवमा हुने मूल प्रवृत्तिसँग लोककथाको साहचर्य रहेको हुन्छ ।

### २.४.६ ऐतिहासिकता

नेपाली लोककथाले नेपाल र नेपालीको ऐतिहासिक तथ्यलाई समेटेको हुन्छ । लोककथामा इतिहाससँग सम्बन्धित घटनाविवरण भएका आख्यायिका पनि हुन सक्छन्

---

२४. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ ३२१

जसलाई लोकविश्वासले इतिहास मान्दै आएको हुन्छ । नेपाली जाति, थर नेपालका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थल, मठ-मन्दिर, देवी-देवता आदिको उत्पत्ति एवम् विकाससम्बन्धी लोककथाहरुले ऐतिहासिक तथ्यलाई समेटेका हुन्छन् जसले ऐतिहासिक अध्ययन अनुसन्धानका लागि विशेष सघाउ पुऱ्याउँछन् । सांस्कृतिक घटना, ऐतिहासिक व्यक्ति तथा स्थान विशेषको नामकरण एवम् स्थानीय चाडपर्व, रीतिरिवाज, देवी-देवता र मन्दिरहरुको निर्माण र आरम्भसँग सम्बन्धित यस्ता कथाहरुले ऐतिहासिक तथ्य, साँस्कृतिक विश्वास, सामाजिक प्रचलन र धार्मिक विशेषताहरुलाई जोगाएर राखेका हुन्छन् ।[२५] यसकारण यस्ता कथाहरुले ऐतिहासिक मूल्य बोकेका हुन्छन् ।

### २.४.७ सामाजिक प्रवृत्ति

नेपाली लोककथामा नेपाली लोकजीवनको सजीव वर्णन भएको पाइन्छ । नेपाली समाजमा रहेका आस्था-अनास्था, मान्यता, कार्यप्रणाली, पारिवारिक परिवेश एवम् व्यवहार जाति, संस्कृति, भाषा आदि विविध सामग्रीको परिपाक हो लोककथा । समाजमा प्रचलित मूर्त वा अमूर्त दुवै तथ्यहरु वा लोकमानसका सामाजिक आवश्यकता, घटना, जनभावना प्रतिबिम्बित भएका लोककथाहरुलाई समाजको यथार्थ चित्र हेर्न सकिने साझा ऐनाको रुपमा लिन सकिन्छ । यसरी हेर्दा सामाजिक प्रवृत्ति लोककथाको मूल विशेषता हो ।

### २.४.८ धार्मिक प्रवृत्ति

नेपाली लोकजीवन ईश्वर र धर्मप्रति आस्थावान् रहेको छ । यसका साथै यहाँको सांस्कृतिक परम्परा पनि धर्मकै आधारमा हुर्केको छ । यसरी हेर्दा धर्म र संस्कृति एक अर्काका पूरक हुन् । ईश्वरप्रति निष्ठा एवम् धर्मप्रति आस्था राख्ने नेपाली लोकजीवनले सांस्कृतिक परम्परालाई धर्ममूलक बनाएको छ । नेपाली लोकजीवनमा धर्मको स्थान महत्वपूर्ण छ । यथार्थमा लोकजीवनको आधार नै धर्म देखिन्छ । धार्मिक कर्मलाई नेपाली लोकजीवनले आफ्नो जीवन तथा व्यवहार सदा निर्वाह गर्न खोजेको पाइन्छ । यिनै धार्मिक भाव तथा उद्देश्य राखेर श्रवण तथा मनन गरिने व्रत, उपवास, धार्मिक विधिविधान तथा धार्मिक मूल्य र आर्दशसँग सम्बन्धित घटनाहरुको बेलीविस्तार लोककथामा गरिएको हुन्छ ।[२६] यसैले धार्मिक प्रवृत्ति पनि नेपाली लोककथाको एउटा महत्वपूर्ण विशेषता हो ।

---

२५. तुलसी दिवस, पूर्ववत्, पृ ६१

२६. ऐजन, पृ ५७

### २.४.९ अन्धविश्वास एवम् अन्धानुकरण प्रवृत्ति

नेपाली समाजले आफू के हुँ र आफू रहेको वर्तमान समाज के हो ? भन्ने कुरालाई भुलेर जीवन जगत्को वास्तविकतालाई ख्यालै नगरी ईश्वर वा अलौकिक शक्तिको विश्वासमा रहेको परम्परागत मान्यतालाई अन्धानुकरणको रुपमा आत्मसात् गरेको छ । भूतप्रेत, पिशाच, डायन, डाँकिनी, बोक्सी, धामी, झाँक्रीजस्ता अलौकिक, अवास्तविक र काल्पनिक विश्वासलाई लिएर लेखिएका तथा मौखिक परम्परामा बाँचेका लोककथाहरु यिनै अन्धानुकरण प्रवृत्तिका उपज हुन् ।

### २.४.१० भाग्यवादी प्रवृत्ति

'भाग्यं फलति सर्वत्र नविद्या नच पौरुषम्' भने झैं नेपाली लोकसमाज आफ्नो भाग्यलाई हृदयदेखि नै स्वीकार्दछ । ईश्वरलाई नै स्रष्टा, जन्मदाता, पालनकर्ता, हर्ताकर्ता आदि मान्ने नेपाली समाज सम्पन्न हुनु, असम्भव हुनु, सफल हुनु, असफल हुनु तथा रोगव्याधि लाग्नुमासमेत आदि सम्पूर्ण कुरामा भाग्यलाई जस वा अपजस दिन्छ । यही भाग्यवादी प्रवृत्तिमा आधारित लोककथाहरु ईश्वरप्रति बढी आस्थावान् रहेका हुन्छन् ।

### २.४.११ अतिशयोक्तिमूलकता

नेपाली लोककथाहरु सामान्य कुरालाई बढाइचढाई अतिशयोक्तिपूर्ण तरिकाले भनिन्छन् । यस्ता कपोलकल्पित कथा र उपकथाहरु भनेर फुर्सदको समय बिताउनु, कठिन समय र समस्याबाट निवृत्त भएको बेला मानसिक शान्ति प्राप्त गर्ने जस्ता फाइदा हुन्छन् । कथावाचकले भए नभएका फुर्का गाँसेर कथालाई सिँगारपटार गरी एक छिन भए पनि सबै श्रोतालाई मखख पारी कौतुहल सिर्जना गर्नु आदिले नेपाली लोककथामा वास्तविकता भन्दा अस्वाभाविकता बढी मात्रामा देखिन्छ । संसारमा हुनै नसक्ने वा मानिसले गर्नै नसक्ने कार्यहरु लोककथाका सामान्य पात्रले सजिलैसँग पूरा गरेको देखिन्छ ।

### २.४.१२ अज्ञात रचनाकार

सिङ्गो लोकसाहित्यको सृष्टिको कारक तत्व नै रहस्यको गर्भमा लुकेको छ भने अझ लोककथा यसबाट अछूत रहने त कुरै भएन । लोककथाको स्रष्टा कुनै एक व्यक्ति विशेष नभई पुस्तौली परम्पराको नैसर्गिक उपज हो । कुनै पनि लोकजीवनमा भोगेका, देखेका र सुनेका घटनाको बेलीविस्तार एकले अर्कोलाई भन्दै, टिप्दै र कथ्दै जाँदा अतिशयोक्तिपूर्वक

कथानक श्रृङ्खला तयार भयो । यही कथानक श्रृङ्खलालाई एक पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्ने क्रममा उसका वंशजहरुले कोसेलीका रुपमा प्राप्त गरे र लोकमा यस्ता कथाहरु एक कान, दुई कान र मैदान हुँदै जतातत्तै छरिए । अतः लोककथाको रचयिता अज्ञात रहन्छ ।

### २.४.१३ मनोरञ्जनपूर्णता

लोककथाको महत्वपूर्ण विशेषता भनेको नै श्रोताले कथा सुन्ने क्रममा मनोरञ्जन प्राप्त गर्दै जानु हो । कथा भन्ने, सुन्ने र रस लिने प्रथा लोकजीवनको अनादिकालदेखि नै प्रारम्भ भएको हो । रसरङ्ग र आनन्दानुभूति लोककथाको मुख्य उपलब्धि नै हो । बूढापाकाबाट समय-समयमा प्राप्त हुने रसिक कथाहरुले जोसुकै व्यक्तिलाई पनि सुनिरहूँ जस्तो र मन्त्रमुग्ध पारेरै छाड्छन् । धर्मराज थापा र हंसपुरे सुवेदी पनि लोककथा सुनेर मख्ख परेको प्रसङ्ग उल्लेख गर्दै लेख्छन्- “बेलुका पिंढी, मझेरी, अँगेनुको डील कतै होस्, घरका आफ्ना दाजुबहिनी वा दिदीभाइ एवम् दौतरीहरुसँग बसी बूढाबाबु अथवा बूढीआमैको थोते दाँतबाट झरेका उडन्ते रमाइला कथाहरु सुनी मख्ख भएको कुरा हाम्रो दिलमा अझै ताजै छ ।[२७] गाउँघर तथा जनवस्तीहरुमा रातको समयमा अँगेना वा मझेरीको वरिपरि बसी कथा हाल्ने, सुन्ने र मनोरञ्जन गर्ने परम्परा अद्यावधि जीवित छ । सामूहिक काम गर्दा थकाइ लागेर पट्टचाइँ मेट्न होस् वा ढिकी, जाँतो गर्दा होस् अथवा मकै केलाउँदा होस् परस्परमा तथा भनेर मनोरञ्जन गर्दै समय व्यतीत गरेको पाइन्छ ।

लोककथा सिङ्गो लोकजीवनको अनगिन्ती मार्मिक अभिव्यक्तिहरुको स्वतःस्फूर्त उद्गार हो जसमा लोकमानसका संवेद्य धारणा, हार्दिक स्पन्दन र क्रियात्मक कौशल प्रतिबिम्बित भएको हुन्छ । असाधरण परिस्थिति तथा अनुकूल क्षणमा उद्वेलित र तरंगित बनेर लोकसमाजमा प्रस्फुटन भएका यिनै मानवीय संवेद्य भाव र क्रियात्मक गतिविधिलाई कथाकारले टिपेर मौलिक जलप लगाउँदै अभिव्यक्तिको मालामा उनेर लोककथाको सृष्टि गर्दछ । यसरी कथाको संरचना तयार गर्दै जाँदा कथाकारले अलौकिक र अतिमानवीय पात्रलाई पनि सहजरुपमा आफ्नो कथानक श्रृङ्खलामा स्थान दिएको हुन्छ । यस्ता अलौकिक तथा अतिमानवीय एवम् मानवेतर पात्रहरुमा देव-दानव, भूत-प्रेत, वृक्ष-लता, पशु-पक्षी, नदीनाला, पहाड-पर्वत आदि कुनै पनि रहन सक्छन् । यिनीहरुको अतिरञ्जित

२७. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ ३१७

चरित्रको व्यापक उल्लेख लोककथामा पाइन्छ तर यस्ता कुरामा प्रायः मानवीकरण गरिएको हुन्छ । त्यस्तै लोककथामा राजा-महाराजा, रानी, राजकुमार-राजकुमारी, मन्त्री र ऐतिहासिक वीर महापुरुषहरुको पराक्रम तथा तिनका सच्चरित्र र बौद्धिक पराकाष्ठाको रोचक वर्णन आदि कथानक विषय बनेको हुन्छ । त्यसैगरी व्यापार, कृषि, उद्योग आदि व्यवसाय, वैज्ञानिक आविष्कार तथा सामरिक विषय पनि कथाका कथ्यवस्तु बनेका हुन्छन् ।

## २.५ लोककथाका तत्व (उपकरण)

लोककथा नेपाली लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । निजात्मक वैशिष्ठय निजात्मक तत्व-निष्ठाका आधारमा लोककथाले छुट्टै पहिचानगत अस्तित्व कायम गरेको छ । लोकजीवनको समग्र पक्षको चित्रण गर्ने लोककथालाई साङ्गोपाङ्ग र स्वस्थ्य तुल्याउन लोकजीवनका आन्तरिक र बाह्य हरेक पक्षहरु उत्तिकै सलबलाएर समाविष्ट हुन्छन् । लोककथाका बाह्य पक्षलाई स्थूल वा मूर्त उपकरण र आन्तरिक पक्षलाई सूक्ष्म वा अमूर्त उपकरणको रुपमा चर्चा गरेको पाइन्छ ।[२८] लोकको बोली, व्यवहार, सभ्यता, संस्कार, दृष्टिकोण, कार्यशैली, जीवनपद्धति, अन्तर्सम्बन्ध, लोकविशवास, जीवनस्तर, मूल्यमान्यता, पेसा, रहनसहन, परिवेश र चिन्तन-धारणा आदि तमाम कुराहरु लोककथामा आवश्यकता अनुरुप अन्तर्भाव भई कथा सिर्जनामा सहयोग पुऱ्याएका हुन्छन् । लोककथालाई परिपाक अवस्थामा पुऱ्याउने सम्पूर्ण उपकरण वा व्यञ्जनको आधार नै लोकजीवन हो । लोकमानसकै मनोरञ्जनको उद्देश्य पूर्तिका निम्ति कथा विभिन्न परिवेश र विषयका आधारमा रचिएका हुन्छन् ।

लोककथाका तत्वका बारेमा हेर्दा अरु तत्वका कथाभन्दा खासै भिन्नता छैन वा विधागत तत्वहरु यसमा हुन्छन् । लोककथा सिङ्गो लोकसाहित्यकै मुख्य अङ्ग भएकोले यसमा पनि लोकसाहित्यका मूलभूत केही तत्व र केही आफ्नै निजात्मक एवम् वैशिष्ठ्यगत तत्वहरु रहेका हुन्छन् । लोककथामा प्रयुक्त तत्व अथवा उपकरणलाई मुख्य रुपमा दुई वर्गमा छुट्याइएको छ । स्थूल विभाजन अन्तर्गत कथानक, चरित्र र परिवेश पर्दछन् भने सुक्ष्म अन्तर्गत विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिबिन्दु पर्दछन् ।[२९]

---

२८. मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं, ने.रा.प्र.प्र. कमलादी, २०५५ पृ ३८४
२९. ऐजन, पृ ४२२

### २.५.१ कथावस्तु/कथानक

कथानक लोककथाको मूर्त वा स्थूल तत्व हो । उत्सुकता वा संशय जगाउने गरी व्यवस्थित घटना र चरित्रको संगठनलाई कथानक भन्दछन् ।[३०] कथावस्तु लोककथाको मेरुदण्ड हो । जसरी शरीरबिना जीवनको अस्तित्व हुँदैन त्यसरी नै कथावस्तुबिना लोककथा नै बन्न सक्दैन । कथामा यो तत्व सुरुदेखि अन्तसम्म रहन्छ । सामान्यतः सबै अङ्ग अर्थात् आदि, मध्य र अन्त्य भागले युक्त भएको र सबै अवस्थामा विकसित कथानकलाई पूर्ण कथानक भनिन्छ । घटनावलीको पारस्परिक बुनोटबाट कथानक तयार हुन्छ । कार्यकारण सम्बन्धमा बाँधिएका घटनाहरुलाई नै कथानक भनिन्छ ।[३१] कथावस्तुको विषयप्रस्तुति तथा आंगिक संयोजनका क्रममा पात्र, परिवेश, शैली सहायकसिद्ध बनेर आएका हुन्छन् । विषयगत विभेदताका कारण कथावस्तु अनेक प्रकारका हुन्छन् । विश्वब्रम्हाण्डको कुनै पनि सन्दर्भ लोकथाका कथावस्तु वा विषयवस्तु हुन सक्छन् । कथावस्तुमा पुराण, मिथ, वीरता र साहासिकताको वर्णन आदि आउन सक्छन् । धर्तीमा भएका वा मानिसले कल्पना गरेका कुराहरु, लोकआस्थाका कुराहरु कथानक भित्र रहन सक्छन् ।

यसरी लोककथामा अलौकिक, काल्पनिक र भावात्मक विषय आदि सन्दर्भलाई समेत विषयका रुपमा समावेश गरी कथोपकथन गरेको पाइन्छ । यस्ता विषयवस्तुमा स्वैरकल्पनाको रङ्गरोगनद्वारा सदृश आकार दिई कथावस्तुको सिर्जना गरिएको हुन्छ । कथानक लोककथाको त्यो न्यूनतम रुप अर्थात् मानक रुप हो जसबाट कथा बन्दछ ।

### २.५.२ पात्र/चरित्र

लोककथामा पात्र वा चरित्रको दोस्रो महत्वपूर्ण स्थान रहेको हुन्छ । यो पनि कथाको स्थूल तत्व हो । कथामा कथावस्तु कतिको तन्काउने वा खुम्च्याउने भन्ने कुरा पात्रका क्रियाकलापमा निर्भर गर्दछ । पात्रहरुको कार्यव्यापार र भूमिकाबाट नै कथावस्तु अगाडि बढेको हुन्छ । कथालाई अन्तिम अवस्थामा पुऱ्याउने स्तम्भ नै पात्र हो । कथाको विषयवस्तु र आयतन अनुरुप पात्रको चयन गरिएको हुन्छ । कथामा पाइने ती व्यक्तिहरुलाई पात्र वा चरित्र भनिन्छ जो नैतिक वा अभिवृत्तीय गुणहरुले युक्त हुन्छन् । पात्रलाई कथाको सहभागी पनि भनिन्छ ।[३२] कथाको विषयवस्तु अनुरुप मानवीय, मानवेतर प्राणी र निर्जीव जुनसुकै

३०. मोहनराज शर्मा, पूर्ववत्, पृ ३८४

३१. ऐजन, पृ ३९६
३२. ऐजन, पृ ३९०

पनि पात्रहरु लोककथामा हुन सक्छन् । भूत, बोक्सी, डायनी, परी, देवी, देवता, राक्षस पात्रहरुका साथै पशु-पक्षी, जनावरका संवादहरु जस्ता कुराहरु यसमा आएका हुन्छन् । मानवीय चरित्रका रुपमा राजपरिवार, मन्त्री, वीरपुरुष, साधु-महात्मा, किसान, गरिब, टुहुरा-टुहुरी आदि पात्र आएका हुन्छन् भने मानवेतर पात्रका रुपमा बाघ, भालू, घोडा, हात्ती, स्याल, परेवा, सुगा, भ्यागुता, बिरालो आदि पशु-पक्षीहरु आएका हुन्छन् । यिनका अतिरिक्त अतिमानवीय तथा दैविक पात्रका रुपमा देवी-देवता, परी-अप्सरा, भूत-प्रेत, राक्षस र निर्जीव पात्रमा ढुंगा, माटो, नदी, पहाड, पानी, बादल आदि उल्लेख भएका हुन्छन् ।

मानवीय पात्र गतिशील एवम् समाज सापेक्ष पात्रका रुपमा कथामा देखिन्छन् । यिनीहरुको चरित्रको प्रभाव श्रोतामा पर्दछ भने अरु पात्रहरुमा चारित्रिक सुधार वा विकासको अवसर नहुने हुँदा तटस्थ एवम् स्थिर पात्रको रुपमा प्रयुक्त हुन्छन् । अलौकिक वा काल्पनिक आवरण दिएर मानवीकरण गरिने हुनाले यस्ता खालका पात्रले श्रोतालाई भ्रमित तुल्याई छुट्टै मनोलोकमा पुऱ्याइदिन्छन् । यसरी लोककथामा विभिन्न खाले पात्रहरुको लोकव्यवहार, लोकमानसिकता, लोकभाषा, लोकशैली आदिको उपस्थिति रहेको हुन्छ साथै लोकजीवनसँग सम्बन्धित लोकपात्रहरु पनि लोककथा निर्माणतत्वका आधार हुन्छन् । लोककथामा पात्र वा चरित्रलाई महत्वपूर्ण तत्वको रुपमा स्वीकार गर्नुको कारण पनि यही नै हो ।

### २.५.३ परिवेश/वातावरण

देश, काल र परिस्थितिअनुसार लोककथामा परिवर्तन आउँछ भने देश, काल र परिस्थितिको उल्लेख पनि लोककथामा हुने गर्दछ । लोककथा प्रायः ग्रामीण जनजीवनकै सेरोफेरोमा जन्मिएर हुर्केको र बढेको हुन्छ । त्यसैले सहरियाभन्दा ग्रामीण जीवनको चित्रण लोककथामा अधिक पाइन्छ । हुन त दरबारिया परिवेश र सहरको दृश्य यस्ता कथामा नपाइने होइन तर ज्यादै न्यून रुपमा उल्लेख भएको देखिन्छ । यसका साथै लोककथामा आञ्चलिक, प्रादेशिक र वैदेशिक परिवेशको झलक पनि धेरथोर मात्रामा भेट्न सकिन्छ । विषयवस्तुलाई यथार्थ र दुरुस्त एवम् चुस्त तुल्याउन कथावक्ताले घट्नासँगै वातावरणलाई पनि उत्तिकै महत्व र प्रश्रय दिएको हुन्छ । यही विशेषताले गर्दा कथावस्तु र पात्र काल्पनिक भएर पनि त्यसलाई यथार्थ हो भन्ने भ्रम श्रोताको मनमा परेको हुन्छ । फेरि कुनै पनि पात्र र उसका क्रियाकलाप कुनै विशेष परिवेशमा नै घटित हुने हुनाले लोककथामा

परिवेशलाई स्थूल तत्वको रुपमा लिइन्छ । वातावरणको जीवन्त चित्रणका कारण लोककथा बढी सुश्रव्य, कौतुकमय र रोचक बन्दछ ।

### २.५.४ कथोपकथन

लोककथामा कथोपकथन तत्व निकै कम महत्वका रुपमा लिने गरिन्छ । यसलाई कथामा सूक्ष्म तत्वका रुपमा लिइएको हुन्छ । लोककथामा पात्रहरुका बीच प्रणय-वार्तालाप, समस्याकथन, विचार-विमर्श, प्रश्नोत्तर-छलफल आदिका क्रममा सानातिना संवाद तथा कथोपकथन नआउने होइनन् तर लोककथामा प्रयुक्त कथावस्तु र त्यससँग सम्बन्धित पात्रहरुलाई बढी महत्वका साथ कथावाचकले प्रस्तुत गर्ने गरेका कारण लोककथामा कथोपकथनलाई गौण महत्वका दृष्टिले हेर्ने गरिन्छ । कथोपकथन आए पनि ती निकै कम मात्रामा आउने हुनाले लोककथामा यो क्षीण र शिथिल देखापर्छ ।

लोककथा काल्पनिक र यथार्थभन्दा टाढा हुने भएकाले यसमा मानवेतर प्राणी तथा निर्जीव वस्तु पनि आपसमा कुरा गर्ने, मित्रवत् व्यवहार गर्ने जस्ता अनौठा मानवीय प्रवृत्ति देख्न पाइन्छ । यस प्रकारका पात्र कथोपकथन अत्यन्त मीठा रहेकाले अस्वाभाविक र अयथार्थ लागे पनि श्रोतालाई लठ्ठ बनाई मन्त्रमुग्ध पार्ने तथा चकित तुल्याउने जादु यसमा लुकेको हुन्छ । यसैले अस्वाभाविक कथोपकथन पनि स्वाभाविक जस्तो अनुभव हुन्छ । कथालाई रोचक र कुतूहलमय बनाउन यस्ता कथोपकथन लोककथामा  अपेक्षित नै रहन्छन् ।

### २.५.५ शैली

लोककथाको शैली अत्यन्त सरल, सहज र स्वाभाविक हुन्छ । ग्रामीण निरक्षर तथा अनुभवी व्यक्तिको दिमागको उपज भएकोले लोककथामा व्यक्तिको आफ्नै किसिमको भषिक शैली, भाषिक स्तर र भाषिकपन स्पष्ट रुपमा देखापर्छ । वास्तवमा भन्ने हो भने लोककथा निरक्षर समाजको पारम्परिक देन हो । यसमा आधुनिक शिष्ट, परिष्कृत र सभ्य भाषाको कुनै आवश्यकता नै पर्दैन । लोकमानसलाई क्लिष्ट, घुमाउरो र जटिल भाषा र शैली भन्दा सुनेपछि सर्र  बुझिने सरल र सहज जनभाषा र सरल शैली मनपर्छ । भाषा लोकसमाजको लोकगलामा भिजेर सरल र सहस भएको छैन भने त्यस्ता लोककथालाई जनसाधारणले पचाउन सक्दैन । लोकजीवनको हृदयको उद्गार एवम् झङ्कार व्यक्त गर्ने

ग्रामीण शैली नै लोककथाको मुख्य पहिचान हो । गाउँले निरक्षर श्रोताको भाषिक क्षमता र बोधगम्यतालाई वास्ता राखी त्यस्तै प्रकारको सुबोध भाषा र सरल शैलीमा लोककथा भनिने हुनाले लोककथाको शैलीमा कतै पनि कृत्रिमताको गन्ध पाइँदैन । सरल, सहज, सम्प्रेष्य र बोधगम्य भाषा र सुमधुर शैलीका कारण लोककथा बढी रोचक र कर्णप्रिय बन्दछ । यिनै शैलीगत विशेषता वा गुण भएका कारण भाषाशैली लोककथाको सूक्ष्म तत्व भए पनि अनिवार्य तत्वका रुपमा लिइन्छ ।

### २.५.६ सारवस्तु/उद्देश्य

लोककथाको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । लोककथा सुनाउनुको पछाडि कुनै न कुनै प्रयोजन अवश्य नै हुन्छ । प्रयोजन नै उद्देश्य हुन्छ । कथा सुनेर कुनै रस, आनन्द वा मनोरञ्जन वा कुनै शिक्षा तथा सन्देश प्राप्त भएन भने कथा भन्नुको कुनै औचित्य नै रहँदैन । शिक्षाप्रद, मनोरञ्जनात्मक, अर्तीउपदेशमूलक कथाहरु हुन्छन् तापनि कथावस्तुको मुख्य निचोड वा सार भनेकै मनोरञ्जन प्राप्त गर्नु हो । आनन्दानुभूति वा रसमग्नता मुख्य प्रयोजन र अरु गौण प्रयोजन हुन् ।[३३] मनोरञ्जनका साथै अन्य सहायक प्रयोजन पनि यस सँगसँगै आउँदछन् । धार्मिक-नैतिक उपदेश तथा सन्देश दिनु र सामाजिक तथा मानवीय विकृति विरुद्ध चेतना जगाई मानव तथा समाज सुधारको दिशामा श्रोतालाई अभिप्रेरित गर्नु पनि लोककथाको अर्को उद्देश्य हो । यसका साथै सामाजिक अन्याय, मानवशोषण र मानवीय कुकृत्यका विरुद्ध घतिलो तथा चोटिलो व्यङ्ग्य प्रहार गरी चेतनाको दीप बाल्ने दिशातर्फ पनि आजकालका लोककथाको ध्यान गएको देखिन्छ । जुनसुकै लोककथामा यिनै उपलब्धिहरुमध्ये एउटा न एउटा कुनै उपलब्धि सारवस्तु वा उद्देश्यका रुपमा निहित रहेको हुन्छ ।

### २.५.७ शीर्षक

शीर्षक लोककथाको त्यो अनुहार हो जसलाई हेर्नाले कथावस्तुको पूरै झल्को आउँदछ । शीर्षकमा कथावस्तुको आकृति प्रतिबिम्बित भएको हुन्छ । शीर्षकले कथावस्तुको पूरै शरीरलाई प्रभावित पार्न सक्ने र कथावस्तुले पनि शीर्षकको सार्थकता पुष्टि गर्न सक्ने हुनाले शीर्षक र कथावस्तु बीच नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । कुनै पनि कथाको शीर्षक चयन गर्दा कथावस्तुले दिने निचोड वा सारवस्तुलाई समेत ध्यानमा

३३. मोहनराज शर्मा, पूर्ववत्, पृ ४१२

राखिन्छ । शीर्षकले कथावस्तुका पूरा वाक्यांशलाई समेत स्पर्श गरेर कथामा आफ्नो वर्चस्व जमाएको हुन्छ । कथाले शीर्षक र शीर्षकले कथालाई आलिङ्गन गर्न सकेन भने त्यस्तो शीर्षक निरर्थक र औचित्यहीन बन्दछ । 'कथा कस्तो होला' भन्ने कुरा शीर्षक हेरेर अनुमान गर्न सकिन्छ । शीर्षकको उच्चारणले मात्र पनि श्रोतालाई कथा कति बेला सुनूँ भन्ने कुतूहलता पैदा गरिदिन्छ । कथा सुन्नका निम्ति श्रोतामा प्रेरणा जगाई तत्परता प्रदान गर्नु पनि शीर्षकको एउटा विशेषता हो । यसरी शीर्षकको महत्व कथामा रहने हुनाले यसलाई सहायक तत्वका रुपमा र कथामा पूरै भूमिका खेल्न सक्ने हुनाले क्रियाशील अंगका रुपमा लिइएको हुन्छ ।

### २.५.८ लोकतत्व

लोककथामा लोकतत्व पनि अनिवार्य तत्वका रुपमा रहेको हुन्छ । लोकतत्वले नै गर्दा कथा जुनसुकै स्थानमा पनि ग्राहय बनेको हुन्छ । लोककथामा कथावस्तुले संकेत गर्ने विषयवस्तु तथा पात्र आदिमा लोकतत्व अनिवार्य रहेको हुन्छ । लोकसमाजमा परम्परादेखि प्रचलनमा रहेका रुढतत्वहरु विद्यमान छन् । यिनै रुढतत्वहरुलाई लोकवार्ताविद्हरुले लोकतत्व संज्ञा दिएका छन् । समाजमा रहेका सामूहिक अवचेतनका स्थिर तत्वहरुलाई लोकतत्व भनिन्छ ।[३४] यसभित्र अतिकल्पना, आत्मशीलता, जादु-टुनामुना, धर्म-अनुष्ठान, लोकविश्वास, लोकरीतिरिवाज र परम्परित चिन्तनहरु रहन्छन् । नेपाली लोककथामा यस्ता लोकतात्विक सामग्रीहरु प्रशस्त पाइन्छन् । कथाका संवाद, पात्र, परिवेश, भाषा आदि सबैमा नेपाली लोकसँग सम्बन्धित बनाई स्थानीकरण वा नेपालीकरण गरिएको पाइन्छ । जस्तो कि अमेरिकाको लोककथाको विषयवस्तु र पात्रको नामलाई नेपाली लोकसमाजमा जस्ताको तस्तै स्वीकार नगरी नेपालीकरण गरी लोककथा सुनाउने गरिन्छ । जसले गर्दा श्रोतालाई कथा सुन्न र बुझ्नमा कुनै जटिलता उत्पन्न हुँदैन ।

### २.५.९ अभिप्राय

लोककथाको स्वरुप निर्धारण वा निर्माण गर्ने कुनै विस्मयकारक घटक वा सन्दर्भ नै अभिप्राय हो । लोककथाका क्षेत्रमा प्रचलित केही परम्परा वा मान्यताहरु जुन पटक-पटक दोहोरिन्छन्, तिनीहरुलाई कथारुढि वा कथातन्तु भनिन्छ । अभिप्रायलाई कथातन्तु पनि भनिन्छ । कतिपय अभिप्रायहरुले स्थानीय विशेषता पनि ग्रहण गर्दछन् भने कतिपय

३४. मोतीलाल पराजुली, **सोरठी, नृत्यनाटिका (सैद्धान्तिक अध्ययन)**, काठमाडौं, दीक्षान्त पुस्तक प्रकाशन, २०६३, पृ ७३

अभिप्रायहरु सार्वभौम हुन्छन् ।[३५] अभिप्रायमूलक घटकको प्रविष्टिले लोककथा अन्य आधुनिक कथाको पंक्तिबाट पृथक बन्दछ । अभिप्रायहरु प्रायः अनौठा, अपत्यारिला र अस्वाभाविक खालका चरित्र बोकेका हुन्छन् । एकै साँचामा ढालिएका ती अभिप्रायहरु समान स्थितिमा समान मनस्थिति उत्पन्न गर्नका निम्ति कुनै एक कृति वा विभिन्न कृतिहरुमा पटक-पटक दोहोरिन्छन् । यिनको प्रयोगले लोककथा आश्चर्यको चरमचुलीमा पुग्दछ र श्रोताको मनलाई सजिलै जित्न सक्दछ । अभिप्रायकै कारण लोककथा बढी आस्वाद्य, सरस र कौतुक बन्दछ । अभिप्राय लोकसाहित्यको एउटा प्रमुख अंग भएकोले यसको अभावमा लोककथा प्रभावहीन बन्दछ । एउटै लोककथामा पनि थुप्रै अभिप्रायहरु प्रसङ्ग तथा प्रकरणवश उपस्थित भएका हुन्छन् । अभिप्रायको उपयुक्त संयोजन बिना लोककथा बन्न सक्दैन र लोककथामा प्रयोग नहुने अभिप्राय जीवन्त रहन सक्तैन ।

लोककथामा उल्लेख गरिएका कुनै विशिष्ट तथा अद्भुत कार्य, घटना, चरित्र वा विश्वास नै अभिप्राय हुन् । यसले लोककथाको संरचनामा सहयोग पुऱ्याउँछ, कथावस्तुमा उत्सुकता ल्याउँदछ, कलात्मक सौन्दर्य प्रस्तुत गर्दछ र रसात्मकता ल्याउँदछ । अन्य साहित्यिक विधाभन्दा लोककथा बढी लोकप्रिय हुनुको कारण रहस्य-रोमाञ्च र कलात्मक सौन्दर्य ल्याउने यिनै अभिप्रायको गुम्फन नै हो । यसकारण लोककथाको निर्माण वा संरचना, क्रियाशीलता तथा आकर्षणको मूल केन्द्रबिन्दु र अनिवार्य तत्वका रुपमा अभिप्राय नै रहेको छ ।[३६]

'सोनवारानी' अवधि लोककथामा प्रयुक्त अभिप्रायहरुलाई दृष्टान्तको रुपमा यहाँ प्रस्तुत गरिएको छ :

राजाका एउटा छोरा राजकुमार, राजकुमारका गरिब तीन मीत सिख, कामी र सिकर्मी, चन्दनको काठको आकाशमा उड्ने डुङ्गा, राजकुमारको हात्ती, राक्षसको सुन्दर महल, सुन जस्तै चम्किने सोनवारानीको कपाल, सुनको पिँजरामा सुगा, कटुनी बूढीको डुङ्गा आदि ।

यिनै अपत्यारिला र विस्मयकारक घटकले 'सोनवारानी' कथालाई लोककथाको रुपमा स्थापित गरेको छ ।

---

३५. चूडामणि बन्धु, पूर्ववत्, पृ ६६

३६. मोतीलाल पराजुली, **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन**, काठमाडौं, विद्यावारिधि शोधपत्र, ने.के.वि., २०५४, पृ १८

## २.६ लोककथाका प्रकार

परम्परादेखि लोकसमुदायको सामूहिक सत्यका रुपमा स्वीकार गर्दै आएका, काल्पनिक कथावस्तु भएका, मनोरञ्जनपूर्ण, शिक्षाप्रद, गद्यात्मक लोकाख्यानलाई लोककथा भनिन्छ । लोककथा श्रुति, स्मृति र कथन परम्परामा आधारित प्राचीन विधा हो । लोकजीवनका भाव-प्रवाहसँगै अनेक घुम्ती र आरोह-अवरोह पारगर्दै लोककथा अगाडि बढिरहेको हुन्छ । लोकजीवनका अनेक सम्प्रदाय तथा धार्मिक, सामाजिक र सांस्कृतिक पृष्ठभूमि र परम्परा हुँदै बढेको हुनाले यहाँ धेरै किसिमका लोककथाहरु पाइन्छन् । यस्ता अनगिन्ति लोककथाको स्वरुप र वैशिष्ठ्य ठम्याई वर्गीकरण गर्ने कार्य अत्यन्त दु:साध्य छ । लोककथाको वैज्ञानिक किसिमले अध्ययन, अनुसन्धान तथा वर्गीकरण गर्ने कार्य सुरु भए पनि अझै थुप्रै कार्य गर्न बाँकी नै छ । यति हुँदाहुँदै पनि अध्ययनका क्रममा यसको वर्गीकरण आवश्यक हुने भएकाले यहाँ पूर्वीय, पाश्चात्य तथा नेपाली केही विद्वान्हरुले गरेको लोककथाको वर्गीकरणलाई प्रस्तुत गरी त्यसैको आधारबाट प्रचलित लोककथाको मोटामोटी रुपमा विभिन्न वर्गमा समेटी वर्गीकरण गर्ने जमर्को गरिएको छ । लोककथाको वर्गीकरणका सम्बन्धमा पूर्वीय र पश्चिमेली विद्वान्हरुले निकै पहिल्यैदेखि नै रुचि लिएको पाइन्छ ।

संस्कृत साहित्यका आचार्यहरुले कथाका विशेषताको आधारमा कथा र आख्यायिका गरी विभजित गर्दा काल्पनिक कथानक भएकालाई कथा र ऐतिहासिक कथानक भएकालाई आख्यायिका भनी विभाजन गरेको पाइन्छ ।[३७]

पूर्वीय प्रसिद्ध ध्वनिशास्त्री आनन्दवर्धनले कथाका तीन भेदको उल्लेख गरेका छन्- परीकथा, सकलकथा र खण्डकथा ।[३८]

त्यस्तै कथाको वर्गीकरण गर्ने क्रममा हरिभद्र आचार्यले कथालाई चार प्रकारमा छुट्याएका छन्- क) अर्थकथा ख) कामकथा ग) धर्मकथा र घ) संकीर्णकथा ।[३९] कथाका यी विभाजनहरुले लोककथाको वर्गीकरणलाई समेट्न नसके पनि केही गोरेटो अवश्य कोरिदिएका छन् ।

---

३७.चूडामणि बन्धु, पूर्ववत्, पृ २९०
३८. तुलसी दिवस, पूर्ववत्, पृ २०
३९. तुलसी दिवस, पूर्ववत्, पृ २१

बीसौं शताब्दीमा कथाहरुको अध्ययन हुन थालेपछि यिनको वर्गीकरण गर्ने परम्परा बस्यो । लोकवार्ताको वस्तुले ऐतिहासिक तथ्य स्थापित हुन सक्छ भन्ने ग्रीमबन्धुहरुबाट प्रतिपादित सिद्धान्तका व्याख्याता पुस्तकका लेखक ख्यातिप्राप्त अंग्रेज लोकवार्ता विद् सर जर्ज लरेन्स गोमेले समस्त कथालाई चार भागमा वर्गीकृत गरेका छन्: १) शुद्ध कथा, २) वीरगाथा, ३) वीरगाथा गीतिकाव्य, ४) स्थानविशेषसँग सम्बन्धित किम्बदन्ती या जनश्रुति ।[४०]

लोककथाको क्षेत्रमा विशेष चर्चित वर्गीकरण फिनिस विद्वान् एण्टी आर्नेको छ । उनले २००० भन्दा बढी कथाहरुको संकलन गरी लोककथालाई तीन प्रकारमा छुट्याएका छन् : १) पशुपक्षी कथा, २) शुद्धकथा, ३) हँस्यौली तथा चुट्किला लघुकथा ।[४१]

लोककथाको अध्ययनका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने अर्का विद्वान् स्टिथ थम्पसन हुन् । यिनले लोककथालाई पाँच वर्गमा छुट्याएका छन् : क) परम्परागत कथाहरु, ख) परीकथाहरु, ग) पशुकथाहरु, घ) नीतिकथाहरु र ङ) पौराणिक कथाहरु ।[४२]

माथि उल्लेख गरिएका पाश्चात्य वर्गीकरणहरुमा जर्ज गोमेको वर्गीकरण अत्यन्त संक्षिप्त र संकीर्ण छ । उनले अंग्रेजी समाजमा प्रचलित कथाहरुको स्वरुपलाई मात्र ध्यान दिएका छन् । एण्टी आर्ने र स्टिथ थोमसनका वर्गीकरणहरुलाई लोकवार्ताविद्हरु आदरका दृष्टिले हेर्दछन् । यिनीहरु सबै जसोले कथाको विषयलाई भन्दा स्वरुपलाई बढ्ता महत्व दिन चाहेका छन् । उनीहरुले अपनाएको कथाको वर्गीकरण विधिले नेपाली लोककथाको वर्गीकरणमा सहयोग गरे पनि यथावत् रुपले नेपाली लोककथाको वर्गीकरण हुन भने उपयुक्त हुँदैन । यति हुँदाहुँदै पनि थोमसनको वर्गीकरणमा विशष्टिता तथा विशेषता भएको तथ्यलाई भने अस्वीकार गर्न सकिन्न ।[४३]

लोककथाको अध्ययनका क्षेत्रमा भारतीय विद्वान् डा. सत्येन्द्रले ब्रजभाषा क्षेत्रका लोककथाको वर्गीकरण गर्दा मूल रुपले तीन प्रकारले गाथा, अवदान र कथा (Folk Tales) भनेर छुट्याए तापनि नौं प्रकारले विभाजित गरेका छन् ।

---

४०. तुलसी दिवस, पूर्ववत्, पृ २३
४१. ऐजन, पृ २६
४२. चूडामणि बन्धु, पूर्ववत्, पृ २९१
४३. तुलसी दिवस, पूर्ववत्, पृ २९

ती हुन्: गाथाहरु (Myths), पञ्चतन्त्रीय कथाहरु (Fables), परीका कथाहरु (Fairy Tales), विक्रम (Adventure) कथाहरु, बुझौवलहरु, निरीक्षणगर्भित कथाहरु, साधुसन्तका कथाहरु, कारण निर्देशक कथाहरु र बालककथाहरु ।[४४]

भारतीय अर्का विद्वान् डा. कृष्णदेव उपाध्यायले आफ्नो पुस्तक 'लोकसाहित्य की भूमिका' तथा 'हिन्दी साहित्यका वृहत् इतिहास' को प्रस्तावनामा वर्ण्य विषयको दृष्टिले लोककथालाई जम्मा ६ वर्गमा विभाजित गरेका छन् :१) उपदेश कथा, २) व्रतकथा, ३) प्रेमकथा, ४) मनोरञ्जन कथा, ५) सामाजिक कथा र ६) पौराणिक कथा ।[४५]

नेपाली लोककथाको वर्गीकरण गर्ने क्रममा लोकसाहित्यका अध्येता तुलसी दिवसले नेपाली लोककथाहरुलाई मोटामोटी रुपले दस प्रकारमा विभाजन गरेका छन्: १) सांस्कृतिक-ऐतिहासिक लोककथाहरु २) अर्ती-उपदेशका लोककथाहरु ३) पशुपक्षीका लोककथाहरु ४) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरु ५) अतिमानवीय रुपका लोककथाहरु ६) दैवी लोककथाहरु ७) फल-फूलका लोककथाहरु ८) साहस तथा बहादुरीका लोककथाहरु ९) धार्मिक लोककथाहरु १०) विविध लोककथाहरु ।[४६]

नेपाली लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोककथालाई तुलसी दिवसको उपर्युक्त वर्गीकरणलाई आधार मानी निम्नानुसार वर्गीकरण गरेका छन्-[४७] १) धार्मिक तथा सांस्कृतिक ऐतिहासिक लोककथा २) मानवी तथा अतिमानवी लोककथा ३) पशुपक्षीका लोककथा ४) दैवी लोककथा ५) विविध लोककथा ।

यसरी स्वदेशी तथा विदेशी, पूर्वीय तथा पाश्चात्य लोकसाहित्यका विद्वान्हरुको लोककथाको वर्गीकरणको आधारमा सबै तथ्यलाई निरुपण गरी नेपाली लोकजीवनमा प्रचलित लोककथाहरुलाई मोटामोटी रुपमा निम्न वर्गभित्र राखेर विभाजन गर्ने प्रयास गरिएको छ ।

### २.६.१ सामाजिक लोककथा

लोककथाको आदिस्रोत नै समाज हो । समाजका विभिन्न क्रियाकलाप, रहनसहन,

४४. चूडामणि बन्धु, पूर्ववत्, पृ २९२,
४५. तुलसी दिवस, पूर्ववत्, पृ ३२
४६. ऐजन, पृ ३८
४७. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ ५२

बोलीव्यवहार, जीवनपद्धति, संस्कार आदि कुराहरुले लोककथालाई निकै प्रभाव पारेको हुन्छ । सामाजिक जनजीवनका मार्मिक कहानी, प्रणयलीला, मानवीय प्रतिष्ठा तथा विकृति आदिको भावुक चित्रणले कथालाई जीवन्त तुल्याएको हुन्छ । समाजले त्यहींकै चाहना र उद्देश्यपूर्तिका लागि कतिपय घटना र तन्तुहरुलाई आख्यानीकरण गर्दै श्रुति परम्परामा अँगालेको हुन्छ । समाज विभिन्न खाले स्वभाव भएका मानिसहरुको जमघट भएको हुँदा राम्रा-नराम्रा, सामान्य-असामान्य र विचित्र खाले अनेक घटनाहरु समाजमा बारम्बार घटित भइरहन्छन् । यिनै घटित कथानक श्रृङ्खला जोडिएका सामाजिक लोककथाहरु बूढापाका र अनुभवी तथा सिपालु व्यक्तिका मुखदेखि कथा तथा खिस्साका रुपमा अभिव्यक्त हुने गर्दछन् । सामाजिक व्यक्तित्वहरु, राजा-महाराजा, सन्त-महन्त आदिका सच्चरित्र तथा विलासी जीवनशैलीदेखि लिएर निम्न शोषित-पीडित असहायहरुले भोग्नु परेका कष्टकर संघर्ष एवम् प्राणोत्सर्गलाई यस्ता कथाहरुमा चित्रण गरिएको हुन्छ । यसकारण पनि लोककथामा लोकमानसको सिङ्गो अभिव्यक्ति पाइन्छ ।

### २.६.२ सन्देश वा अर्ती-उपदेशमूलक लोककथा

धेरैजसो लोककथाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपले जनसाधारणलाई अर्ती-उपदेश दिने उद्देश्यले कथिएका हुन्छन् । शिक्षाप्रद मनोरञ्जन लोककथाको सार्थक प्रवृत्ति हो । सभ्यताको आदिकालदेखि आजसम्म लोककथा जनसाधारणको शिक्षणको प्रभावकारी माध्यम रही आएको छ । बूढापाकाहरुले आफ्ना सन्ततिलाई अर्ती, उपदेश र समाजलाई सन्देश दिने धुनमा नै यस्ता कथा लोकमा बढी प्रचलनमा आएका देखिन्छन् । उपदेशपरक कथाहरुमा केवल मनुष्य मात्र पात्र नभएर पशुपक्षी पनि पात्र हुन सक्छन् । नेपाली लोकजीवनमा उपयुक्त र आवश्यक मानिएका जीवन सफल पार्ने मार्ग-निर्देशन र समस्या समाधानका विधिहरु अर्ती-उपदेशका कथाहरुमा पाइन्छन् । यस्ता कथामा नैतिक मूल्य र आर्दश, धार्मिक उपदेश, चारित्रिकगुण, सदाचार, सत्कर्म, उपकार, दया, सेवाभाव, सन्तोष, सहनशीलता, न्याय, त्याग, कर्तव्य-पालन आदि सद्गुणहरुको विकास गरी महान् एवम् प्रतिष्ठित व्यक्ति बन्ने मुख्य सन्देश पाइन्छ । नेपाली उपदेशका कथाहरुमा बूढाबूढीले (विशेषतः बाबुले छोरालाई) दिएको अर्ती, राजाहरुको निसाफ, व्यवहारिक शिक्षा, बालकहरुको निर्मल हृदय, सबै जसो वस्तुमा बुद्धिको प्रधानता र विशिष्टतालाई महत्व दिएर उल्लेख गरेको हुन्छ ।[४८]

४८. तुलसी दिवस, पूर्ववत्, पृ ४२

### २.६.३ प्रेममूलक लोककथा

मानवजीवनको सार्थकता नै प्रेममा अडेको हुनाले लोककथामा प्रेमविषयक रोचक कथाहरु प्रशस्तमात्रामा पाइन्छन् । प्रेमलाई कुनै अश्लील रुपमा नभई सहज, स्वाभाविक एवम् सार्थक रुपमा प्रस्तुत गरिएका परी तथा अप्सराका कथाहरु, राजकुमार-राजकुमारीका कथाहरु, सुन्दर युवा-युवतीका कथाहरु यस अन्तर्गत पर्दछन् । कैयौं राजा महाराजा तथा बादशाहहरु, साधु-सन्त र ऋषि-मुनिहरु पनि दिव्य सुन्दरीहरुको प्रणयलीलामा आवद्ध भएर आफ्नो गुरु-गाम्भीर्य डगाउन बाध्य भएका अनेक दृष्टान्तहरु लोककथामा प्रशस्त भेटिने गर्दछन् । यतिमात्र होइन, यसमा सिङ्गो लोकजीवन नै आत्मिक वा वासनात्मक प्रेममा रङमङ्गिएर बाँचेको हुन्छ । लोककथामा कहीं प्रेतकन्याहरुले रातको समयमा गोठमा आई युवकहरुलाई मोहित तुल्याएर प्रेमको कुट जालमा फसाई कहाली लाग्दो जीवन भोग्न र मृत्युको फन्दामा पारेको त्रासजनक उदाहरण देख्न पाइन्छ भने कुनै कथामा गरिब भए पनि आफ्नो पराक्रम र साहसबाट राजाकी छोरीलाई बिहे गर्न समर्थ युवकको प्रेमपरक चित्रण पाइन्छ । यसरी लोककथा सिर्जनाको मुख्य प्रेरक भाव प्रेम भएको हुनाले प्रेम प्रसङ्गमा आधारित लोककथाहरु अधिक प्रचलनमा आएका छन् ।

### २.६.४ साँस्कृतिक एवम् ऐतिहासिक लोककथा

हाम्रा साँस्कृतिक परम्पराका झिल्काझिल्कीहरु दिने साँस्कृतिक तथा ऐतिहासिक व्यक्ति, स्थान एवम् घटनाहरुको विवरण, चाडपर्व, मेल, उत्सव, देव-देवी आदिका उत्पत्तिसम्बन्धी विभिन्न किम्बदन्ती आख्यायिकाहरु साँस्कृतिक एवम् ऐतिहासिक लोककथाभित्र पर्दछन् । लोकजीवनमा प्रचलित रीतिरिवाज, मेला, चाडपर्व, परम्परागत रुढि तथा अन्धविश्वास, जन्मदेखि मृत्युपर्यन्तका विभिन्न सँस्कार आदि कुराहरु लोककथाका प्रचलित संस्कृतिहरु हुन् । यिनै संस्कृतिका मूल्यमान्यता र प्रचलन समाजमा आउनुका पछाडि सानातिना कल्पित एवम् किम्बदन्तीमूलक इतिहासहरु जोडिएका हुन्छन् । यसका साथै लोकजीवनमा समयको कालखण्डसँगै घटेका साम्प्रदायिक घटनाहरु, युद्धजनित परिणाम तथा वीरपुरुषका चामत्कारिक पराक्रम, लोकविश्वासले सत्य ठानेका सृष्टिचक्र अन्तर्गतका उत्पत्ति विषयक प्रकृति, जीव, देवी-देवता, मनुष्य र जाति विशेषका कुराहरु इतिहासका रुपमा लोकले स्वीकार गरेको पाइन्छ । यिनै साँस्कृतिक एवम् ऐतिहासिक विषयवस्तु लोकमानसको गलामा सम्बद्ध हुँदै बेला मौकामा अभिव्यक्त हुने गर्दछन् ।

इतिहास र संस्कृति एक आपसमा घनिष्ठ सम्बन्ध गाँसिएका विषय भएकाले लोककथामा यी दुवैको अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । इतिहास तथा संस्कृति मिश्रित लोककथाहरु लोकजीवनमा प्रशस्त छरिएर रहेका छन् । यस्ता कथाहरु ऐतिहासिक तथा साँस्कृतिक तथ्यमा पूर्णतः आधारित नभएर पनि लोकले सत्य ठानेको विश्वासमा आारित भएकाले कथावाचक र श्रोताहरु जहिले पनि सत्य ठानेर भन्ने र सुन्ने गर्दछन् ।

### २.६.५ धार्मिक एवम् पौराणिक लोककथा

मानिसको धर्म र रीतिरिवाज, संस्कृति आदिमा विशेष रुचि भएकोले देवी-देवताको विषयमा पनि चाख लिई त्यससम्बन्धी विधिविधानको पालना गर्दै लोकसमजमा बाँचेको हुन्छ । धर्म, कर्मकाण्ड, वेद र पुराण आदि ग्रन्थमा उल्लेखित धार्मिक कथाहरुले नेपाली लोकजीवनमा ठूलो प्रभाव पारेका छन् । कतिपय लोककथाहरु यिनै धार्मिक कथाका विषयवस्तुमा पात्र र परिवेश परिवर्तन गरी केही कल्पना मिश्रित मौलिक रुप दिएर समाजमा भन्ने, सुनाउने गरेको पाइन्छ । पौराणिक ग्रन्थहरु अठार पुराण, रामायण, महाभारत आदिका कथाहरुका एक पक्षलाई लिएर नैतिक दृष्टान्तका रुपमा लोकजीवनको आफ्नै रुपमा प्रस्तुत गरेका कथाहरु धार्मिक र पौराणिक लोककथाभित्र पर्दछन् । मानिसका संस्कार एवम् धारणामा बसेका कुराहरु, धार्मिक विश्वासका कुराहरु, व्रत उपासनाका विधिविधानहरु, विभिन्न देवीदेवताका लीलाहरु वा उनीहरुसँग सम्बन्धित कथाहरु धार्मिक एवम् पौराणिक लोककथाभित्र पर्दछन् । धर्ममा पूर्ण विश्वास राख्ने नेपालीहरु जन्मेदेखि मृत्यु पर्यन्त गरिने विभिन्न प्रकारका धार्मिक संस्कारहरुले लोकजीवन परिवेष्ठित छ । त्यस्ता संस्कार, व्रत उपासनाले नेपाली लोककथामा महत्वपूर्ण स्थान ओगटेको छ । धार्मिक लोककथालाई व्रतात्मक लोककथा पनि भनिन्छ । धन एवम् अटल सौभाग्य प्राप्ति, पति र सन्तानको मंगलकामना एवम् मानसिक इच्छापूर्ति गर्न नेपाली नारीहरु विभिन्न प्रकारका व्रत बस्ने, महात्म्य सुन्ने गर्दछन् । एकादशी महात्म्य, स्वस्थानी व्रतकथा, पुरुषोत्तम माहात्म्य, तीजको व्रतकथा आदि व्रतात्मक कथाहरु नेपाली लोककथामा नै मौलाएका छन् र नेपाली जनविश्वासले यसलाई आत्मसात् गरेको छ ।

धार्मिक कृत्यकर्म र पौराणिक आख्यान-उपाख्यानसँग नेपाली जनजीवन निकटतम रहेको हुनाले नेपाली समाजमा यस्ता लोककथाहरु प्रशस्तमात्रामा चलनमा आएको देखिन्छ । धार्मिक र पौराणिक ग्रन्थमा आधारित यस्ता कथाहरुले श्रोतालाई भक्तिभावतर्फ

उन्मुख गराउँछ भने कथामा प्रयुक्त पात्रका चरित्रले मान्छेलाई कल्पनाको भावलोकमा समेत विचरण गराउँछ । यसरी जनजीवनमा जन्म, न्वारान, पास्नी, व्रतबन्ध, विवाह आदि संस्कार-कर्म र जन्माष्टमी, तीज, दसैं आदि पर्व तथा एकादशी, पूर्णिमा, स्वस्थानी, शिवरात्रि आदि व्रतसँग सम्बन्धित धार्मिक एवम् पौराणिक लोककथाहरु नेपाली लोकजीवनमा बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

### २.६.६ मानवीय प्रवृत्तिमूलक लोककथा

मानिसको अन्तर्हृदयमा अन्तर्निहित काम, क्रोध, लोभ, मोह, मात्सर्य जस्ता प्रवृत्तिहरुलाई दमन वा शमन गरिएका घटनासँग सम्बन्धित कथाहरु यस वर्गमा पर्दछन् । कुनै मानवको निकृष्ट स्वभावको प्रदर्शन गरी हँस्यौली वा ठट्टाका रुपमा मनोरञ्जन दिनु र कुनै मानवको बुद्धिमत्तापूर्ण चलाखी कार्यहरुबाट शिक्षा दिनु यस्ता कथाको उद्देश्य हुन्छ । सज्जन तथा महान् व्यक्तिहरुको प्रशंसा, महिमागान र क्षमताको उल्लेख गरी तिनीहरुले समाजलाई दिएको योगदान र संस्कृतिको विशेष चर्चा यस्ता कथामा गरिएको हुन्छ । यस्ता कथाले समाजमा सुव्यवस्था कायम राख्ने कार्यमा सहयोग पुऱ्याएका हुन्छन् ।

लोककथामा ठग र चलाख पात्रहरुले समाजलाई कसरी दुःख कष्ट दिएर सताएका हुन्छन् भन्ने कुरा पनि प्रस्तुत गरिएको हुन्छ । केही दुष्ट प्रकृतिका मानवहृदयबाट दुनिया ठगिएका र त्यसको परिणाम स्वयम् भोग्नु परेका कथाहरुले मानवलाई त्यस्तो कार्यमा नलाग्ने सन्देश दिन्छन् भने केही चलाखी र चतुऱ्याइँको वर्णन गरिएका कथाहरुबाट सफलता मिलेको कुराले श्रोताहरुलाई प्रेरणा मिल्नु, मनोरञ्जन हुनुका साथै शिक्षा पनि दिन्छन् । त्यस्तै यस्ता लोककथाहरुमा पात्रको मूर्खतापूर्ण व्यवहारको वर्णन गरिन्छ, जसबाट स्वयम् मूर्खमात्र नभई उसका अनुयायीहरु पनि मूर्खतापूर्ण कार्य गर्छन् र उनीहरुले जीवनमा धन, मान, मर्यादा, सुख-सुविधा सर्वस्व गुमाउँछन् ।

यस्ता लोककथाहरुमा लोभ र कन्जुसीको अतिशयताबाट उत्पन्न सामाजिक तथा व्यक्तिगत चरित्रको खराबीलाई व्यङ्ग्यमिश्रित हाँसोमा उद्घाटन गरिएको हुन्छ । मानवीयताबाट विमुख कथाका यस्ता पात्रहरु धनको लोभले अन्धा हुन्छन् । ढाँटेर, छलेर, लुच्याइँ गरेर जसरी भए पनि धन प्राप्त गर्ने मूल धारणा लिएका यस्ता पात्रहरु समाजबाट उपेक्षित हुन्छन् । त्यस्तै यस्ता कथाहरुमा पात्रहरु जातिगत, वंशगत वा व्यवहारगत वैमनस्यताले अभिप्रेरित भएर आफ्ना निकटतम प्रतिद्वन्द्वी वा सम्पर्कीको विश्वासघात

गर्दछन् । रागद्वेष, छलकपट र दृष्ट व्यवहारद्वारा अरुलाई पछारेर आफू अघि बढ्ने प्रवृत्ति पनि यस्ता कथाहरुमा चित्रण भएको पाइन्छ ।

यसरी मान्छेका विशेष स्वभाव र प्रवृत्तिसँग सम्बन्धित लोककथाहरुमा मानिसको विशेष स्वभाव र विशेष प्रकृतिको परिचय उल्लेख गरी राम्रा स्वभावले समाजमा राम्रो छाप र नराम्रा स्वभावले नराम्रो छाप छोड्ने कुरा देखाइएको पाइन्छ । यसैले यस किसिमका कथाहरुमा मूर्ख, ठग, धूर्त, लोभी, विश्वासघाती जस्ता खराब प्रवृत्ति भएका मान्छेहरुको चित्रण पनि समावेश गरिएको हुन्छ ।

### २.६.७ प्रकृतिजगत्सम्बन्धी लोककथा

मानवजीवन अनादिकालदेखि वर्तमान अवस्थासम्म प्रकृतिमा नै निहित रहेको छ । मानिस प्रकृतिप्रति श्रद्धा राख्दछ वा प्रकृतिसँगको प्रेम, विस्मय वा प्रकृतिसँगको सम्बन्धले मानिसले प्रकृतिसँग सम्बन्धित विभिन्न लोककथाहरु भन्ने र सुन्ने गर्दछन् । प्रकृतिका अनेक रुप, जीव-जन्तु, पशु-पक्षी, रुख-वृक्ष, नदी-पहाड, घाम-पानी, बादल आदि विषयका लोककथाहरु लोकमानसमा प्रशस्त भिजेका हुन्छन् । यिनै प्रकृतिका विभिन्न वस्तुहरुलाई कथाको विषयवस्तु बनाएर अनादि कालदेखि मान्छेले कथा भन्दै र सुनाउँदै आएको छ । यस्ता कथाहरुमा प्राकृतिक वस्तुहरु आपसमा मान्छे जस्तै कुराकानी गर्ने, परस्परमा मित्रवत् व्यवहार गर्ने र आफ्ना मनका भावनाहरु एकअर्कोमा साटासाट गर्नेजस्ता कुराहरु पाइन्छन् । यसैगरी एकले अर्कोलाई आपत्विपतबाट पार लगाई आफ्नो कार्यसाधनामा तल्लीन रहेको पाइन्छ । पशुहरुमा गाई, घोडाको सिधा प्रवृत्ति, स्यालको घुर्त्याइँ, खरायोको बुद्धिमत्तापूर्ण व्यवहार, बाघ-भालुको विश्वासघाती प्रवृत्ति, हात्तीको बोधोपन र गधा, कुकुर-बिराला स्वामीभक्त तथा सेवकका रुपमा कथामा वर्णन गरिएको देखिन्छ । सर्प र कछुवाले मान्छेलाई संकटबाट पार लगाएको पाइन्छ । पक्षीहरुमा सुगा-मैना, भँगेराहरु बुद्धिमान तथा काग धूर्त, बकुलामा सिधापन र लाटोकोसेरोमा बुद्धि र तार्किक शक्ति रहेको रोचक वर्णन कथाहरुमा भेटिन्छ ।[४९]

समाजलाई मनोरञ्जन एवम् नैतिक उपदेश दिने उद्देश्यले ढुङ्गा-माटो, पहाड-हिमाल, नदी-समुद्र, रुख-वृक्ष, फलफूल-वनस्पति, मेघ आदिलाई पात्र बनाएर मान्छेकै रुपमा प्रस्तुत गरिएका लोककथाहरु स्वाभाविक जस्तो गरी समाजमा भनिदै र सुनिदै आएको पाइन्छ ।

४९. तुलसी दिवस, पूर्ववत्, पृ ४२- ४३

यसरी मानवेतर प्राणी मात्र नभई निर्जीव तथा वनस्पतिलाई समेत मानवीकरण गरी मानिस र उनीहरु बीचको कुराकानी र व्यवहार देखाई मान्छेलाई अर्ती-उपदेश दिने कामसमेत यस्ता कथाहरुबाट भएको पाइन्छ । यस्ता प्राकृतिक पात्रहरु क्थाको विषयवस्तु र प्रसङ्गअनुरुप आफ्नो रुप परिवर्तन गरेर अर्को रुपमा प्रकट हुने गरेको पनि लोककथाहरुमा भेटिन्छ ।

### २.६.८ देव तथा अतिमानवीय रुपका लोककथाहरु

अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा अद्‌भुत एवम् चमत्कारपूर्ण घटनाहरुको आश्चर्यजनक विवरण र घटना भएका लोककथाहरु यस वर्ग अन्तर्गत पर्दछन् । यस्ता कथामा विशेष गरी प्रकृति जगत् अर्थात् भूमण्डलभन्दा भिन्न स्वर्ग, नर्क, अन्तरिक्षलोक र यिनसँग सम्बन्धित देवी-देवता, अप्सरा, यमराज, यमदूत, भूत-प्रेत, पिशाच, किन्न र आदि दिव्य तथा अद्‌भुत रहस्य र चरित्र भएका कुराहरुको विशद् चर्चा गरिएको पाइन्छ । देवी-देवता अन्तर्गत शिव-पार्वती, लक्ष्मी-विष्णु, इन्द्र-इन्द्राणी, देवदूत, अप्सरा आदि दिव्य चरित्रहरुलाई कथाके विषयवस्तु बनाएर तिनका अलौकिक कार्य र घटनाहरुको उल्लेख गरेको कथामा भेटिन्छ । स्वर्गादि लोक र सुखको चाहना राखेर तपस्यामा लीन भएका ऋषि-मुनिहरुलाई तप कार्यबाट विचलित गराई देवताको कार्य साधन हेतु अप्सराहरु प्रायः प्रयुक्त भएको पाइन्छ । कुनै कथामा त अप्सराहरु 'यौन आकङ्क्षाको उद्वेगका कारण आफ्नो कर्तव्यबोध र उत्तरदायित्वमा चुकेर श्रापित भई स्वर्गमा फर्किएको रोचक प्रसङ्ग पनि सुन्न पाइन्छ ।[५०]

देवताको आज्ञा बमोजिम मर्त्यलोकमा सत्कर्म गर्नेहरुलाई अन्त्यमा ससम्मान स्वर्ग पुऱ्याउने तथा विभिन्न लोक र जीवहरुको यथार्थ गतिविधिका बारेमा देवतालाई जानकारी गराउने काम देवदूतको देखिन्छ भने यमराजको आज्ञा बमोजिम मर्त्यलोकका पापीहरुलाई अन्त्यमा नरक पुऱ्याउने र नारकीय दण्ड सजाय दिलाउने कार्यमा सहयोग गर्ने काम यमदूतको रहेको वर्णन यस्ता कथामा पाइन्छ ।

नेपाली लोककथाका पात्रहरु मन्त्रबलले आकासबाट खस्ने बज्र रोक्न, जीवन संचार गर्न, पशुवाक्य बुझ्न, सर्पआदि प्राणीलाई मरेको स्थानमा पुऱ्याउन, औंसीलाई पूर्णे र

---

५०. प्रेमबहादुर अधिकारी, **बाग्लुङ जिल्लामा प्रचलित नेपाली लोककथाको संङ्कलन र विश्लेषण**, नेपाली स्नातकोत्तर शोधपत्र, ने.के.वि.त्रि.वि., कीर्तिपुर, २०५८, पृ ४८

पूर्णेलाई औंसी बनाउन सफल रहेको देखिनुले अतिशयोक्ति जादुकथाहरुको विशेषता पनि यस्ता कथाहरुमा भएको पाइन्छ । धामी-झाँक्री, बोक्सी आदिले जादु, तन्त्रमन्त्रको प्रयोग गरी आफ्नो कार्य फत्ते गरेका थुप्रै कथाहरु नेपाली लोकजीवनमा प्रचलित छन् ।

नेपाली लोककथामा चित्रित भूत, प्रेत, राक्षसहरु आतंककारी, भयावह र नरभक्षी हुन्छन् । अन्तरिक्षमा रहने भूत-प्रेत, ग्रहहरुले मर्त्यलोकमा प्राणीहरुलाई अनेक रुपबाट दुःख दिने र छल्ने गरेका अनौठा कथाहरु नेपाली लोककथामा प्रचलित छन् । यस्ता खालका कथाहरु भू-प्रकति जगत्भन्दा भिन्न भएकाले देव तथा अतिमानवीय लोककथा वर्गमा राखिएको हो ।

### २.६.९ हास्यव्यङ्ग्यमूलक लोककथा

लोकजीवन नै एउटा हास्यव्यङ्ग्यात्मक रङ्गमञ्च हो । यहाँ अनेक किसिमका स्वभाव, प्रवृत्ति र कार्यशैली भएका विविध जनजातिहरु रहन्छन् । घाँस-दाउरा, वनजंगल गर्दा होस्, या मेलापात, अर्मपर्म र घरबेसी गर्दा होस् जहाँ पनि रस-रंग, हाँसो-ठट्टा, छड्के-मजाक गर्ने प्रवृत्ति लोकजीवनमा प्रचुर मात्रामा पाइन्छ । यिनै हास्यव्यङ्ग्यात्मक प्रवृत्तिहरु आख्यानका रुपमा लोककथामा भित्रिएका हुन्छन् । अस्वाभाविक र अनौठा चरित्र भएका व्यक्तिहरुका आनीबानी, गुण, स्वभाव यथार्थ अनुकरण गरी श्रोतालाई हँसाउने उद्देश्यले रचिएका लोककथाहरु यसअन्तर्गत पर्दछन् । यस्ता अनौठा र उदेक लाग्दा कथाले श्रोतावर्गलाई पेट मिचीमिची हँसाउने काम गर्दछन् भने अर्कोतिर समाजका विकृति र विसङ्गतिका विरुद्ध घतिलो व्यङ्ग्य पनि प्रहार गर्दछन् ।

### २.६.१० विविध लोककथाहरु

कथाको स्वरुप, पात्र तथा उद्देश्यअनुरुप उपर्युक्त वर्गीकरणमा समावेश हुन नसकेका तर नेपाली लोकजीवनमा प्रचलित वा लोकगीतसँग सम्बन्धित अन्य सबै लोककथाहरुलाई विविध अन्तर्गत राखिएको छ ।

लोककथाको वर्गीकरणमा सबैभन्दा महत्वपूर्ण र ध्यानदिनुपर्ने तथ्य त्यहाँको लोकजीवनको सामाजिक सांस्कृतिक पृष्ठभूमि हो । लोककथाको वर्गीकरण गर्दा स्थानीय लोकजीवनको सामाजिक, धार्मिक र साँस्कृतिक आधार, मान्यता र परम्पराको पृष्ठभूमि, कथाहरुको उपयोगिता र उपयोगको अवसर, कथाहरुको निश्चित स्वरुपको अधिकता,

कथाको विविध विशेषता, विषयवस्तुको एकरुपता र बहुविधता, विशेष पात्रहरुको स्वभाव र प्रवृत्ति तथा उद्देश्यअनुरुप गरिएको वर्गीकरण नै सार्थक र मूल्यवान हुन सक्तछ । यहाँ गरिएको वर्गीकरणले कथाको स्वरुपलाई मात्र आधार बनाइएको छैन, यहाँ नेपाली लोक, संस्कृतिका पृष्ठभूमिमा कथाका पात्रहरुको स्वभाव तथा प्रकृतिको साथै उद्देश्य एवम् पात्रलाई पनि यथोचित स्थान दिइएको छ । यसरी व्यापकता र प्रचुरताका दृष्टिले नेपाली लोककथाहरु अनन्त छन् । सहज वा प्रतीकात्मक दुवै रुपमा नेपाली जनजीवनका चित्र प्रस्तुत भएका हाम्रा लोककथाहरु अत्यन्त लोकप्रिय एवम् सम्पन्न विधाका रुपमा नेपाली जनमानसमा प्रतिष्ठित हुन पुगेका छन् ।

# तृतीय अध्याय

## ३. कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाको विश्लेषण

### ३.१ लोकतात्विक अध्ययन पद्धतिको परिचय

'लोकतत्व'शब्द लोक र तत्व दुई शब्दहरुको योगबाट निर्मित भएको हो ।'लोक'को अर्थ 'लोकसमाज' र 'तत्व' को अर्थ हो- महत्वपूर्ण सार वा अंश ।लोकसाहित्यमा लोकसमाजले सत्यका रुपमा स्वीकार गरेका महत्वपूर्ण अंश वा परम्परादेखि लोकमा प्रचलित रुढतत्वहरुलाई 'लोकतत्व' भनिन्छ । अंग्रेजीमा फोक इलमेन्टस् शब्दलाई लोकतत्वका रुपमा ग्रहण गरिएको छ ।

मनोविज्ञानका पिता मानिने सिग्मन्ड फ्रायडले कामवासनाबाट अनुष्ठान विधि, भयबाट निषेध, सपना तथा भ्रमदृश्यलाई सत्य मान्ने प्रवृत्ति, जीवित र मृतकमा अभेदता तथा जड र चेतनामा अभेद मान्ने आत्मशील भावना, पराप्राकृतिक शक्तिमाथि विश्वास आदिलाई मानवीय अवचेतनाका मूल विषयवतु हुन् भन्ने विचार प्रस्तुत गरेका छन् भने उनका शिष्य कार्ल जुङले सामूहिक अवचेतना नै लोकमानसका मूल भाव हुन् भन्ने कुरा बताएका छन् । यसरी मानव मनमा रहेका आद्यभावहरुलाई नै लोकसाहित्यमा लोकतत्व भनिन्छ ।

मानिस पूर्ण रुपमा चेतन अवस्थामा आइनसकेको अवस्थामा मानवले लिएको चिन्तन र भावनामा लोकतात्विक विषयहरु निर्मित भएका हुन् । प्रकृति र जीवनका रहस्यहरुबाट पनि मानवले धेरै काल्पनिक विश्वासहरु ग्रहण गरेको छ । मनोवैज्ञानिकहरुले परम्परागत तत्व रहने मानव मनलाई आदिममानस भनेका छन् भने तिनै आदिम मानसमा रहने भावलाई लोकसाहित्यविद्हरुले लोकतत्व भनेका छन् । प्रकृति र जीवन भोगाईबाट प्राप्त गरेका रहस्यशील र कल्पनाशील भावनाहरु आदिम मानसमा सङ्गृहीत हुन्छन् । लोकसाहित्यमा यिनै भावहरु लोकतत्वका रुपमा रहन्छन् । माजमा परम्परादेखि चलनचल्तीमा आएका रुढतत्वहरु छन् । यिनै रुढतत्वहरुलाई लोकवार्ताविद्हरुले लोकतत्वको नाम दिएका छन् ।[५१]

---

५१. मोतीलाल पराजुली, **सोरठी नृत्यनाटिका (सैद्धान्तिक अध्ययन)**, काठमाडौं, दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, २०६३, पृ ७३

प्रत्येक व्यक्तिले आफ्ना आनुवंशिकताबाट जाति संस्कृतिसँग सम्बद्ध गुणहरु प्राप्त गरेको हुन्छ । यसैलाई सामूहिक अवचेतन भनिन्छ । मन व्यक्तिगत नभएर सामूहिक हुन्छन् र मनको अचेतनामा परम्पराबाट आएका सम्बद्ध गुणहरु रहन्छन् । सामूहिक अवचेतन व्यक्तिको सामाजिक परम्परासँग सम्बद्ध हुन्छ भने व्यक्तिगत चाहिँ उसको निजी अनुभवसँग जोडिएको हुन्छ । व्यक्ति-मनको निर्माणको पृष्ठभूमिका रुपमा सामूहिक अवचेतन रहेको हुन्छ । लोककथाहरुमा व्यक्तिको सामूहिक अवचेतन आद्यरुपमा प्रकट हुन्छ । लोकवार्ताविद्हरुले समाजमा रहेका सामूहिक अवचेतनका स्थिर तत्वहरुलाई लोकतत्व भनेका छन् । यसभित्र अतिकल्पना, आत्मशीलता, जादु-टुनामुना, धर्म-अनुष्ठान, लोकविश्वास, लोकरीतिरिवाज र परम्परित चिन्तनहरु रहन्छन् । लोकसाहित्यका हरेक विधाभित्र रहेका यिनै लोकतात्विक सामग्रीहरुलाई केलाएर अध्ययन गर्ने पद्धति नै लोकतात्विक अध्ययन पद्धति हो । लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक र उखानहरुमा यस्ता लोकतात्विक सामग्रीहरु प्रशस्त पाउन सकिन्छ । यस्ता लोकतात्विक सामग्रीहरुको वैज्ञानिक ढंगबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

नेपाली लोकसाहित्यको अध्ययन गर्दा लोकतत्वलाई समेट्ने निम्नलिखित पाँच शीर्षकहरु भित्र सीमित रहेर अध्ययन गर्न सकिन्छः।

- अतिकल्पना ⁄ स्वैरकल्पनाप्रतिका विश्वासहरु
- जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरु
- धर्म र अनुष्ठानप्रतिका विश्वासहरु
- आत्मशीलताप्रतिका विश्वासहरु
- विभिन्न लोकविश्वासहरु

### ३.१.१ अतिकल्पना ⁄ स्वैरकल्पनाप्रतिका विश्वासहरु

मानिसले भौतिक जगतमा देखेको जानेको वस्तुघटनाको बारेमा सामान्यतया मानसिक बिम्ब तयार पार्न कल्पना गरेको हुन्छ । संसारमा वर्तमान समयमा घटित र घटित हुनसक्ने विभिन्न घटनाहरुका बारेमा वर्तमान अवस्थामा विकसित मानव विवेकको आधारमा कल्पना गर्नु स्वाभाविक मानिन्छ । तर आदिम मानवले विवेकपूर्वी अवस्थामा गरेको कल्पनालाई अतिकल्पना वा स्वैरकल्पनाको संज्ञा दिन सकिन्छ । मानवले आदिमकालदेखि नै सपना र कल्पनाका माध्यमद्वारा अद्धितीय लोकहरु, असाधारण शक्ति भएका देवीदेवताहरु, यक्ष किन्नरहरु, अर्द्धदैविक शक्तियुक्त राक्षस, दानव, भूतहरु, सांस्कृतिक नायकहरु, सामर्थ्य र स्वरुप भएका मानव, वस्तु आदिको कल्पना गरेको छ ।

अतिकल्पनाका माध्यमद्वारा निर्मित यी प्राणी र वस्तुहरुले लोकमानसमा स्थायी स्वरुप प्राप्त गरेका छन् । यिनै अतिकल्पनाबाट लोकमानसमा स्थापित तत्वहरु लोकतत्व हुन् । लोकतत्व बन्न पुगेका यी विश्वासहरुलाई मूल शीर्षक र उपशीर्षकमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**३.१.१.१ पृथ्वी, स्वर्ग, पाताल आदि विभिन्न लोकहरुसम्बन्धी विश्वासः**

आदिम मानवजीवन साधा र सरल थियो । उनीहरुको चिन्तन ईश्वर, जीवन - जगत् र पारमार्थिक तत्वप्राप्ति सम्बद्ध हुन्थ्यो । उनीहरुबीच सदा सहयोग र सहानुभूतिको, विश्वास र इमान्दारीताको सच्चा आदर्श कायम थियो । हिन्दु संस्कृतिका अनुयायी भएकाले नेपाली लोकमानसमा पुण्य र पाप स्वर्ग र नरकप्रति गहिरो लोकविश्वास रहेको छ ।

आदिम मानवले पृथ्वी, स्वर्ग र पातालालाई आस्था, र श्रद्धाका दृष्टिले हेर्ने गर्दथ्यो । आफ्नो सत्कर्म र पुण्यसञ्चयले गर्दा मृत्युपछि स्वर्ग पुगेका धर्मशील पुण्यात्माहरु पुण्यक्षीण पछि मर्त्यलोक अर्थात् पृथ्वीमा नै असल कुल धरानमा जन्मलिन आउँछन् भन्ने लोकविश्वास छ । स्वर्गलाई मानवजीवनको स्थूलशरीर नाशपछिको उसको सत्कर्मको परिणाम मानिन्छ । अर्थात् पुण्यात्माहरु स्वर्गमा जान पाउँछन् भन्ने लोकविश्वास रहेको छ भने पापीहरु नरक अर्थात् पातालमा जन्म लिन पुग्छन् भन्ने विश्वास रहेको पाइन्छ । हिन्दुशास्त्र ऐतिहासिक ग्रन्थ धर्मशास्त्र पुराण आदिमा पुण्यपाप र स्वर्ग-नरक आदि बारे विस्तृत रुपमा बयान गरिएको छ । धर्मकर्म प्रति अगाध आस्था राख्ने जनमानसमा पृथ्वी, स्वर्ग र पाताल आदि लोकहरु सम्बन्धी विश्वास लोकसाहित्यका विभिन्न विधाहरुमा छरपष्ट रुपमा देख्न पाइन्छ ।

**३.१.१.२ देवी, देवता, देवदूत, अप्सरा, नाग, गन्धर्व, यक्ष, किन्नर, किन्नरी आदि देवयानीसँग सम्बन्धित विश्वास**

आदिम मानवले प्रकृतिका रहस्यमय घटनालाई ईश्वरीय घटनाका रुपमा लिने गर्दथ्यो । त्यसैले ईश्वरप्रति नतमस्तक रहनु मानवीय स्वभाव बन्न पुगेको थियो । धर्मशास्त्रले स्वर्गको बारेमा बयान गरेका कुरालाई मानवले सहज स्वीकार गरेको हुन्छ । स्वर्गमा देवराज इन्द्रसहित अन्य देवगण पनि हुन्छन् आफ्नो सत्कर्म र सद्ज्ञानले गर्दा मर्त्यलोकमा शरीर नाशपछि स्वर्गमा जन्मिन पुगेका देवी, देवता, देवदूत, अप्सरा, नाग, गन्धर्व, यक्ष, किन्नर, किन्नरी आदि सबैले स्वर्गको शोभा बढाएका हुन्छन् र स्वर्गको दैनिकचर्चा राम्रोसँग बितिरहेको हुन्छ । ती सबै ईश्वरप्रति आस्थावान् रहन्छन् भन्ने लोकविश्वास छ ।

### ३.१.१.३ राक्षस, दानव, भूत आदि अर्द्धदैविक शक्तिप्रतिको विश्वास

हिन्दुधर्म र विश्वासको आधारअनुसार अगति परी भड्किएका अतृप्त योनिहरुमा राक्षस, भूतप्रेत आदि अर्धदैविक शक्तिलाई ज्योतिषशास्त्रले पनि स्वीकार गरेको छ । यी दुस्तत्वहरुले बेला - कुबेला, कुठाउँ पारी दुर्बल मानवहृदयलाई सताउँछन् । भूतलाई देवयोनिमा समेत गणना गरिएको छ । राक्षस एक प्रकारको निम्न योनि विशेष र जाति विशेष बुझिन्छ । पुराणशास्त्रमा राक्षस र दानव एकै हाराहारी शब्दको रुपमा प्रयुक्त छन् र नरभक्षीको रुपमा पनि प्रयुक्त पाइनछन् । समय समयमा यो जाति बलिष्ट र सम्पन्न भएको तथा देवताहरुलाई जिती राज्य ऐश्वर्य आदि लिएको इत्यादि घटना कथात्मक रुपमा सनिन्छन् । लोकविश्वास अनुसार राक्षसका विभिन्न प्रकार बुझिन्छन् ।

### ३.१.१.४ साँस्कृतिक नायकसँग सम्बन्धित विश्वास

मानव सभ्यताको विकासका क्रममा समाजमा आफ्नो विशेष प्रभाव पारी समाजलाई नै बदलिदिने व्यक्तिलाई संस्कृतिका उन्नायक भन्न सकिन्छ । केही राजा, महाराजा तथा बादशाहले आफ्नो शासनकालमा निकै प्रभाव जमाएकाले उनीहरुलाई जनसाधारणले आस्था र निष्ठाका रुपले हेर्ने गर्दछ । त्यस्तै मन्त्री, साधु, महात्मा, ऋषिमुनि आदि व्यक्तिहरु पनि समुदायमा आफ्नो विशेष प्रभाव देखाई समाज तथा समुदायमा सुधार ल्याउन सक्दछन्। लोकमानसमा स्थापित त्यस्ता व्यक्तिहरुलाई सांस्कृतिक नायकका रुपमा लिन सकिन्छ । राजा विक्रमादित्य आफ्नो शासनकालमा ठूलो प्रभाव राख्ने व्यक्ति थिए भने महाभारतमा वर्णित कृष्ण, युधिष्ठिर, अर्जुन आदि व्यक्तिहरु पनि आफ्नो समयमा ठूलो प्रभाव पार्ने व्यक्तिहरु थिए । त्यस्ता व्यक्तिहरुको अवसान पछि पनि समाजमा उनीहरुको ख्याति बढ्दै गएको हुन्छ । लोकसाहित्यका विभिन्न विधाहरुमा यस्ता विषयवस्तुसँग सम्बन्धित घटना प्रशस्त पाइन्छन् ।

### ३.१.१.५ अदुभुत पराक्रम भएका मानवहरुसँग सम्बन्धित विश्वास

आदिम मानव विवेक पूर्वी अवस्थामा थियो । त्यतिखेर उसले सपनामा देखेका कुरालाई पनि सत्य मान्दथ्यो । सपना र कल्पनाका माध्यमले असम्भव कार्यहरु पनि गर्न सक्ने मानवका बारेमा उसमा स्थायी धारणा बन्यो । त्यस्तै धार्मिक ग्रन्थ पुराणशास्त्र आदिमा वर्णित घाटनाका प्रसङ्गलाई जोडेर असम्भव कुरालाई पनि सम्भव हुने किसिमको सोभाइ आदिम मानवमा रहेको हुन्थ्यो । यसैले लोककथाहरुमा अदुभुत पराक्रम भएका मानवहरुमा घटनाहरु उल्लेख भएको पाइन्छ ।

### ३.१.१.६ असाधारण वा अतिकाल्पनिक ठाउँसँग सम्बन्धित विश्वास

मानवजीवन परम्परित आस्था, विश्वास र मान्यताको आधारभूमि हो । हाम्रा पुराणशास्त्रमा वर्णित अतिशयोक्तिपूर्ण लाग्ने स्थानहरुको सादृश्यमा लोकमानसले असाधारण ठाउँको कल्पना गरी आफ्नो

निष्ठा र विश्वास त्यसैमा पोखेको हुन्छ । ईश्वर तथा दानवप्रति विश्वास राख्ने हुनाले स्वाभाविक रुपमा मानिसले ईश्वरीय वा असाधारण वा अतिकाल्पनिक ठाउँका बारेमा आफ्नो विश्वास व्यक्त गरेका कुरा थुप्रै लोककथाहरुमा वर्णित अतिकाल्पनिक ठाउँहरुबाट स्पष्ट हुन्छ । स्वर्ग र नरकको कल्पना त्यसैको उपज हो ।

### ३.१.१.७ असाधारण शक्ति भएका जीवनहरुसँग सम्बन्धित विश्वास

आदिम मानवले सपनामा देखेको कुनै जीवनको अनौठो शक्तिलाई नै वास्तविक रुपमा बुझेको हुँदा उसले विपनामा पनि त्यस्ता प्रसङ्गसँग जोडेर जीवनको असाधारण शक्तिप्रति विश्वास गरेका हुन्छ । अतिकल्पना र स्वैरकल्पनाका माध्यमले सामान्य जीवनमा पनि अनौठो शक्ति भएको विश्वास लोकमानसले गरेको हुन्छ ।

### ३.१.१.८ असाधारण वस्तु वा पदार्थहरुसँग सम्बन्धित विश्वास

आदिम मानवले प्रत्येक जड वस्तुमा पनि आत्मा हुन्छ भन्ने कुरालाई विश्वास गरेको हुन्थ्यो । ढुङ्गा, माटो, पानी, आदिमा पनि आत्मा हुन्छ भन्ने विश्वास अनुसार नदीको बगरमा भेटिएको ढुङ्गालाई शालिग्राम मानेर पूजा गर्नु पनि असाधारण वस्तुसँग सम्बन्धित विश्वास हो ।

### ३.१.१.९ असाधारण मौसम र प्रकृतिसँग सम्बन्धित विश्वास

प्रकृतिमा आउने हुरी, बतास त्यस्तै नदीमा आउने बाढी समुन्द्रमा चल्ने ज्वारभाटालाई अलौकिक दृष्टिले हेर्ने आदिम मानवको मनमा असाधारण प्रकृतिप्रति गहिरो विश्वास रहेको पाइन्छ । प्रकृतिको रौद्र रुपलाई तर्करहित दङ्गले स्वीकार गर्ने लोकमानसको स्वभाव नै रहेको हुन्छ जसले गर्दा देवी देवताको अनुष्ठान गर्ने चलन चलेको विश्वास गरिन्छ ।

### ३.१.२ जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरु

हिन्दु लोकजीवनमा वर्षौ वर्ष वैदिक पद्धतिअनुसार तन्त्रमन्त्र विधान प्रयोग र प्रचलित हुँदै रहेको तथ्य स्पष्ट छ । शिव तथा देवीका गणहरु डाकिनी, शाकिनी, भूत, प्रेत, बेताल, पिशाच, योगिनी आदि छन् र यिनले आफ्नै प्रकारका लीला देखाउँछन् भन्ने परम्परागत लोकविश्वास रहेको छ ।[५२] मानिसले विभिन्न साधना र उपासनाका माध्यमद्वारा अलौकिक शक्ति आर्जन गर्न सक्छ र त्यसका माध्यमबाट विभिन्न चमत्कारहरु देखाउन सक्छ भन्ने आदिम भावनामा रहेका जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरु पनि लोकतत्व हुन् । [५३] इन्द्रजाल, जादुसिद्धि र योगसिद्धिहरु, रुपान्तरण, तान्त्रिक बन्धन र मुक्ति, सम्मोहन, वशीकरण तथा झारफुकसँग सम्बन्धित विश्वासहरु यस शीर्षकभित्र समाविष्ट हुन्छन् । नेपाली लोकसाहित्यमा प्राप्त जादु, टुनामुना र

५२. हंसपुरे सुवेदी, **नेपाली लोकजीवन : लोकविश्वास**, काठमाडौं, साझा प्रकाशन, २०५५, पृ ८७

५३. मोतीलाल पराजुली, पूर्ववत्, पृ ७६

योगसँग सम्बन्धित सामग्रीहरुलाई निम्नलिखित शीर्षहरुमा वर्गीकरण गरी वर्णन गरिन्छ ।

### ३.१.२.१ जादुगरी शक्ति (इन्द्रजाल) सँग सम्बन्धित विश्वासहरु

तन्त्रमन्त्रको उपयोगद्वारा सम्बन्धित व्यक्ति वा समुदायलाई सम्मोहित पारी अनौठा अनौठा काम गर्नु इन्द्रजाल हो । इन्द्रजाल तथा जादुलाई सुरुमा पर्याय शब्दको रुपमा उल्लेख गरिए पनि यी दुवैको कार्यविधि साधकहरुको क्रिया पद्धतिको आधारमा अलग-अलग प्रकारको अपनाइन्छ ।

जादु वा चटक इन्द्रजालकै हाराहारीको विषय हो । सामान्यत : असम्भव र आश्चर्यजनक कुरालाई सीप - गुप्तविधि र टुनामन्तर आदि समेतले सम्भव जस्तो बनाई देखाइने लगन र साधनासाथ सम्पन्न गरिने विशिष्ट कार्य हो । जुगौंजुग अघि संसारमा बहुसंख्यक मानिसहरु जादुप्रति विश्वास र जादुशक्तिप्रति श्रद्धाले हेर्ने गर्दथे ।

### .३.१.२.२ जादु र योगबाट प्राप्त सिद्धिहरु (अष्टसिद्धि)

जादु चमत्कारी कला भएकोले यसले अनौठोसँग दर्शकको दृष्टि र सोचाइलाई छक्याउँछ र भ्रम पार्छ र कौतुहल उमार्छ, विस्मित पारिदिन्छ । यही नै जादुको विशेषता हो । पहिले पहिले रोग व्याधिको औषधि उपचार, मानसिक इच्छा, कामना र सिद्धिलाभ समेतमा सिद्धहस्त जादुगरको सहयोग लिने समेत काम गरेको बुझिन्छ । चञ्चल, अस्थिर र अनियन्त्रित मनलाई वशमा राख्नु योग हो । संयम, साधना, अभ्यास र लगनशीलता आदिद्वारा मानिसले मनलाई नियन्त्रण गरी आस्था, एकाग्रता र शुद्धता उमार्नाले सिद्धि प्राप्ति हुन्छ । यहाँ आस्थाको आशय विश्वास हो, विश्वासलाई जब आदर भावले हेर्न थालिन्छ, तब त्यो श्रद्धा बन्दछ । श्रद्धा नै सिद्धिलाभको सिडी हो । यसरी योगबाट प्राप्त सिद्धिले असम्भव कार्यलाई पनि सम्भव तुल्याई दिन्छ ।

### ३.१.२.३ रुपान्तरण (मानिस मानिसमा, मानिस-पशुमा, पशु-मानिसमा, मानिस -वस्तुमा, वस्तु -विविधमा रुपान्तरण) सम्बन्धी विश्वासहरु

जादु र इन्द्रजालबाट सिद्धिप्राप्त व्यक्तिले मानिसलाई अर्को मानिसमा तथा मानिसलाई कुनै पशुमा रुपान्तरण गर्न सक्छ भने पशुलाई मानिसमा र मानिसलाई वस्तुमा त्यस्तै गरी पशुलाई मानवमा र वस्तुलाई विविध वस्तुमा रुपान्तरण गर्न सक्छ । जादु र योगबाट प्राप्त सिद्धिले यसरी रुपान्तरण गर्न सक्छ । जादु र योगबाट प्राप्त सिद्धिले यसरी रुपान्तरण गर्ने कुराप्रति आदिम मानव पूर्णत विश्वस्त थिए भने तिनै जादु र योगबाट भए गरेका कार्यहरुलाई लोककथाले आफ्नो भन्ने र सुन्ने परम्पराले अहिलेसम्म सुरक्षित राख्दै आएका छन् ।

### ३.१.२.४ जादुका वस्तुसम्बन्धी विश्वासहरु

जादुबाट अनौठा कार्यहरु हुन सक्छन् भन्ने लोकविश्वास रहेको छ । जादुले खटियालाई आकासमा उडाउन सक्ने, जादुले रथ तयार गर्न सक्ने, जादुबाट नै मोहनी लगाउने खालको स्वर निकाल्न सक्ने बाँसुरी बनाउन सकिने विश्वास लोकजीवनमा व्याप्त रहेको पाइन्छ ।

### ३.१.२.५ जादुको बन्धन र मुक्ति सम्बन्धी विश्वास

जादुगरले विशेष पद्धति अपनाई कुनै वस्तु वा मानिसलाई बन्धनमा राख्न सक्छ भने विशेष प्रक्रिया अपनाई वस्तु वा मानिसलाई पूर्वास्थामा फर्काउन सक्छ भन्ने विश्वास जनमानसमा रहेको हुन्छ । प्राचीनतम कालमा जादु शत्रुसाध्ने वा राजनीतिक विषय हासिल गर्ने कुटनीतिक साधनको रुपमा प्रयोग गरिन्थ्यो ।

### ३.१.२.६ मोहनी, वशीकरण, मारण र टुनामुना आदिसँग सम्बन्धित विश्वासहरु

लोकमा अरुलाई वशमा पार्ने, आफूप्रति आकर्षित गर्ने विशेष प्रकारको विद्यालाई मोहिनी भनिएको पाइन्छ । यो पद्धति पनि टुनामन्तर अन्तर्गतको नै अन्यतम तान्त्रिक विधान हो । आफूले चाहेको स्थितिमा कसैलाई रहन बाध्य पार्ने विधा नै वशीकरण हो भने आफ्ना वैरीलाई दुःख दिई सताउने कार्य जुन विधि विधानबाट गरिन्छ त्यो मारण हो । यी सबै टुनामुना अन्तर्गतका तान्त्रिक विधान हुन् ।

### ३.१.२.७ तन्त्रमन्त्र र झारफुक सम्बन्धी विश्वासहरु

तन्त्रमन्त्र टुनामन्तरकै रुपान्तर हो । यसको प्रयोग नेपाली लोकजीवनमा पुरानो जमानादेखि नै हुँदै आएको पाइन्छ । 'तन्त्र' र 'मन्त्र' दुई शब्द मिलेर बनेको शब्द हो तन्त्रमन्त्र । तन्त्र भनेको विशेष पद्धति हो भने मन्त्र भन्नाले एकत्वनिष्ठ भावनाले मनन गरी सांसारिक दुःख बाट त्राण पाउने साधन विशेष बुझिन्छ । यसरी तन्त्रमन्त्रगत उच्चारित शब्दात्मक ध्वनिले आफ्नो सूक्ष्म क्रियात्मकतालाई प्रत्यक्ष अप्रत्यक्ष कार्यान्वयन गरिरहेको तथ्य स्पष्ट्याइएको छ भने यस बाहेक यिनको मौलिक विधान पनि लोकविश्वासको तहमा टड्कारो देखिदै आएको छ । तन्त्रमन्त्रको प्रयोग गरी साधकले विरामीलाई झारफुक गरी निको गराउने गरेको विश्वास हाम्रो समाजमा छँदैछ ।

### ३.१.२.८ इन्द्रजालसँग सम्बन्धित अन्य विश्वासहरु

इन्द्रजाल मायावी विद्या हो । इन्द्रजालीहरुले तन्त्रमन्त्रका प्रभावले सामान्य उपचार गर्ने कार्य गर्नुका साथै चटक पनि देखाउने गरेका कारण प्राचीनकालमा यिनीहरु लोकमा निकै प्रभावी र प्रतिष्ठित हुन पुगेका थिए । तन्त्रमन्त्र एवं फाकफुक शक्तिद्वारा कुनै कर्म वा कुरालाई अर्को बनाइदिनु, देखादेखी चटकीको जस्तो कामहरु गर्नु, आँखा र मनमस्तिष्क समेतलाई भ्रम पार्नु आदि

कुराहरु इन्द्रजालभित्र पर्दछन् । लोकजीवनमा इन्द्रजाल र यससँग सम्बन्धित कार्यहरु प्रति गहिरो विश्वास रहेको पाइन्छ ।

### ३.१.३ धर्म/अनुष्ठानप्रतिका विश्वासहरु

धर्म मानवमा रहेको आस्थाहरुको पुञ्ज हो भने अनुष्ठान आस्थाको निष्ठा वा कार्यरुप हो ।[५४] परम्परादेखि चलेको लोकमर्यादा र आचारविचारलाई हानि नपुऱ्याउने, लोकविश्वासमा असल र हितकारी भनी मानिएको कर्म वा विधान नै धर्म हो, पुण्य हो भनी लोकले आफ्नो परम्परा र  कुलाचारको आधारमा धर्मको परिचय र विवेचना गरेको पाइन्छ । पुण्यकर्मबाट फलिफाप हुन्छ भन्ने लोकविश्वास छ ।[५५] मानिसले ईश्वर, देवीदेवता, पितृहरु, अतृप्त आत्मा, यज्ञ, पापपुण्य, तीर्थ पुनर्जन्म आदि लोक आवस्थालाई संवहन गर्दै आएको छ र ती भावहरुलाई विश्वास गरेर धार्मिक कृत्य पनि गर्ने गरेको छ । यिनै लोकआस्था र लोकनिष्ठालाई हामी धर्म र अनुष्ठान भन्छौं । धर्म र अनुष्ठानप्रतिका विश्वासहरु लोकतत्व हुन् र यी धार्मिक विश्वासहरु लोकसाहित्यमा प्रत्यक्ष रुपमा प्रयोग गरिएका हुन्छन् । धर्म र अनुष्ठानप्रतिका विश्वासहरुसँग सम्बन्धित सामग्रीहरुलाई निम्न लिखित शीर्षकहरुमा वर्गीकरण गरिन्छ ।

#### ३.१.३.१ धर्मप्रति विश्वास

लोकमा परम्परादेखि चलेको लोकमर्यादा र आचारविचारलाई हानि नपुऱ्याउने, लोकविश्वासमा असल र हितकारी भनी मानिएको कर्म नै धर्म हो । धर्मबाट फलिफाप हुन्छ भन्ने लोकविश्वास छ । लोकपरम्परामा अर्काको भलाई गर्नु, उपकार गर्नु, मद्दत गर्नु र अरुको हित गर्नु आदि कुरा धर्म मानिएका छन् । लोक जीवनमा धर्मप्रति अगाध अवास्था रहेको हुन्छ ।

#### ३.१.३.२ दैवीशक्ति ( ईश्वर, देवीदेवता, पितृ र कुलदेवता) प्रति विश्वास

जीव र जगतको परस्पर सम्बन्ध गराउने तत्वको रुपमा धर्मले ईश्वरलाई मानेको छ । धर्मको आधारमा नै जीवनले ईश्वरसँग सम्बन्ध राख्न सक्छ, अनि जगतसँग ऊ सम्बन्धित हुन्छ, सांसारिक भोगमा लाग्छ । देवीदेवताले धर्मात्मा मानिसलाई सहयोग पुऱ्याउँछन् भने अप्ठेरो स्थितिमा सहयोग गर्छन् भन्ने लोकविश्वास पाइन्छ । मृत्युपछि पिता, पितामाह आदि मृतात्मा जुनसुकै र जे जस्तो योनिमा भए पनि आफ्ना सन्तानहरुबाट भएको श्राद्धतर्पण आदि अन्नपानी तेज स्वरुप परमात्मा मार्फत सहज रुपमा प्राप्त गर्छन् र आत्मसन्तोष लिन्छन् । अनि आफ्ना

५४. मोतीलाल पराजुली, पूर्ववत्, पृ ७६

५५. हंसपुरे सुवेदी, पूर्ववत्, पृ ३५

सन्ततिहरुलाई उनीहरु शुभ आशीर्वाद दिन्छन् भन्ने लोक विश्वास पाइन्छ । कुलदेवता आफ्नो कुलका उन्नायक देवता हुन् । आ -आफ्ना कुलका देवता आ -आफ्ना कुलका निम्ति सम्पूज्य छन् । असल कुलका निम्ति उन्नति तथा फलिफापका निम्ति आफ्ना कुलदेवताको सादर स्मरण गर्नु, अर्चा र श्रद्धा गर्नु, भक्ति र आत्मसमर्पण गर्नु सबैको कर्तव्य हुन्छ । यसैले आ-आफ्नो कुलका देवताको पूजा गर्ने लोकप्रचलन लोकजीवनमा व्याप्त रहेको पाइन्छ ।

**३.१.३.३ अर्द्धदैविक शक्ति (भूत, राक्षस, ख्याक, लाखे, भयाम्नी, बोक्सी, बोक्सेरो) आदि ।**

हिन्दुशास्त्रले भूतलाई देवयोनि विशेष बताएको छ । शिवगण अन्तर्गत राखेको छ । लोक परम्परामा भूतका विभिन्न अर्थ छन् र क्षेत्र व्यापक पाइन्छ । लोक परम्परामा विश्वास गरिने किचकिन्नी, झाँक्रिनी आदि पनि एक किसिमको भूतका नै विशेष प्रकार मानिन्छन् । यसैले भूत लोकविश्वास अन्तर्गत पाइने दुस्तत्वहरुमध्ये शक्तिशाली तत्व बुझिन्छ । राक्षसलाई पनि देवयोनि मानिएको छ । देवपूजा, पितृपूजा आदिमा खाने अधिकार पाएका हुन्छन् भनी मानिन्छ । राक्षसले मानिस लगायतको काँचो मासु, मदिरा, नपकाएको अन्न आदि खान्छ भन्ने मानिन्छ । ख्याक नेवारी शब्द हो र यसको अर्थ 'भूत' भन्ने हो । नेवार समुदायमा ख्याकलाई देवयोनि र देवी अनुचरको रुपमा हेर्ने गरिन्छ । लाखे भनेको पनि राक्षस नै हो । भयाम्नी मानिसलाई झस्का, त्रास र आशंकाले सम्मोहित गर्ने दुस्तत्व हो । यो वायु रुपको भूत हो । यो राँगो- भैंसी, वनविरालो, तर्साउने वायुरुप आदि स्वरुप लिई मानिसको सम्मुख दृश्य अदृश्य स्थितिमा उपस्थित हुन्छ भन्ने किंवदन्ति छ । 'बोक्सी' तन्त्रमन्त्रका आधारमा कुनै अनिष्टकारी देवीदेवता उठाई खास व्यक्तिलाई ग्रसित तुल्याउने काममा सिपालु छ भनी लौकिक आधारमा विश्वास गरिएकी स्वास्नी मान्छे हो । यसका सहायक गणलाई छौंडा भनिन्छ । बोक्सेरो भनेको टुनामुना शास्त्र हो ।

**३.१.३.४ अतृप्त आत्मा (प्रेत, किचकिन्ने, मुर्कट्टो, मसान, डाइनी आदि) सम्बन्धी विश्वास**

प्रेत दुस्तत्व हो । अकालपरी मरेको र विधिविधान आदि कर्म नपाएको सूक्ष्म खालको मृत मानवको जीवात्माको सूक्ष्म छाया वा हावालाई प्रेत भनिन्छ । भूतको सहयोगी वा अनुचरका रुपमा रहने प्रेत विपन्न स्थितिको विकल क्षुद्रयोनि विशेष मानिन्छ । सुत्केरी हुन नसकेर प्रसव -पीडाले मरेका महिलाहरु, अगति परेका, राम्रो उद्धार हुन नसकेका केटी वा प्रौढा स्वास्नीमान्छेहरु किचकिन्ने हुन पुग्छन् भन्ने लोकविश्वास रहेको छ । यी दुर्गति परी उद्धार हुन नसकेका प्रेतात्मा महिला बुझिन्छन् । मुर्कट्टो अन्य दुस्तत्व सरह अगति परी तरन -तारनको गति नपाएमा टाउको काटिएर दुर्गति परेका व्यक्तिहरुद्धारा उत्पन्न हुने विशेष प्रकारको भूतप्रेत योनि हो भन्ने लोकविश्वास छ । रातसाँझको बेला, सुनसान समय, मसान आदि एकलास ठाउँमा मुर्कट्टोले मानिसलाई एक्लै सिधै

भेटिहाल्यो भने सिध्याउँछ भन्ने लोकविश्वास पाइन्छ । 'मसान' मुर्दा पोल्ने वा गाउने निश्चित थलो भन्ने बुझिन्छ । मसान सन्त्रासदायक, अपवित्र र दुस्तत्वको आवास स्थल भएको कुरामा मानवमन विश्वस्त छ । मसान भन्नाले भूतलाई मात्र पनि बुझाउँछ । लोक परम्परामा 'मसान' लागेको भनी पन्छाउने चलन छँदैछ । डाइनी भन्नाले तन्त्रमन्त्र मार्फत आफूप्रति आकर्षित गर्ने वा आफ्नो वशमा पार्न सक्ने महसुर आइमाई भन्ने बुझिन्छ । घातिनी र पिराही स्वास्नीमान्छेको रुपमा लिइने डाइनी बोक्सी तत्वभन्दा पनि बढी चर्को तन्त्रमन्त्रवाला घातिनी दुस्तत्व हो भन्ने विश्वास गरिन्छ । नेपाली लोकजीवनमा डाइनीलाई पिसाचिनीको हाराहारीमा पनि लिइएको पाइन्छ । यसरी डाइनीलाई स-सानो कुरामा पनि दुःख दिने र पीर पिराउ पार्ने दुष्ट स्वास्नीमान्छे भनिन्छ ।

**३.१.३.५ धार्मिक व्यक्तित्व ( देवदूत, पुजारी, पण्डित, योगी, सन्त, महन्त आदि) प्रति विश्वास**

स्वर्गमा रहने देवदूतहरु देवताका सहयोगी अनुचर हुन् भन्ने लोकविश्वास छ । स्वर्गको निम्ति आवश्यक व्यवस्था मिलाउने कार्यमा देवताले देवदूतहरुलाई पृथ्वीमा खटाउने गर्दटन. र उनीहरुले देवताको सन्देश एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउँछन् भन्ने विश्वास गरिन्छ । देवदूत देवयोनि अन्तर्गत पर्दछन् । पुजारी मन्दिरमा पूजा गर्दछन् । सर्वसाधारणको पुजारीप्रति आस्था रहेको हुन्छ । मर्त्यलोकमा रही धर्मकर्ममा जनसाधारणलाई प्रेरित गर्ने कार्य गर्ने हुनाले पुजारी प्रति गहिरो श्रद्धा लोकजीवनमा रहेको पाइन्छ । पण्डितले गाउँघरमा यज्ञ, होम आदिमा प्रवचन दिने  काम गर्छन् । विशेषत पुराण आदि शास्त्र वाचन गर्नेलाई पण्डित भन्ने लोकविश्वास रहेको छ । पण्डितप्रति लोकमानस विश्वस्त हुन्छ । योगीको लोकजीवनमा छुट्टै अस्तित्व रहेको छ । योगीहरु योग साधनाबाट सिद्धि प्राप्त गरी अनौठा कार्यहरु गर्दछन् भन्ने लोकविश्वास रहेको छ । सांसारिक मायामोहबाट टाढा रही प्रकृतिको अनुशरण गरी हिड्ने सन्तहरुप्रति लोकमानसमा उच्च प्रभाव रहेको पाइन्छ । धनसम्पतिप्रति कति वास्ता नराखी आफ्नो दिनचर्चा सरल ढङ्गबाट व्यतित गर्ने सन्तहरु लोकसमाजका आदरणीय पात्र ठानिन्छन् । महन्तलाई ठूला सन्त मानिन्छ । महन्तहरु विशेष गरी मठमा बसेका हुन्छन् र आफ्ना शिष्यहरुलाई अनुशासन तथा आध्यात्मिक ज्ञान दिन्छन् । उनीहरुको आचरण पवित्र हुनुको साथै अनुकरणीय हुन्छ भन्ने लोकविश्वास रहेको छ ।

**३.१.३.६ पाप र पुण्यप्रति विश्वास**

हिन्दू परम्परामा पुण्य र पापप्रति गहिरो लोकविश्वास छ । पाप कर्म गर्ने मानिस मृत्युपछि नरकमा पुग्छन् भने पुण्यकर्म गर्ने मानिस स्वर्गमा पुग्छन् भन्ने विश्वासले नेपाली समाजमा गहिरो जरा गाडेको छ । हिन्दूशास्त्रका ऐतिहासिक ग्रन्थ धर्मशास्त्र पुराण आदिमा पुण्यपाप र स्वर्गनरक आदिबारे विस्त्रृत रुपमा हृदयस्पर्शी ढंगले दृढताकासाथ बयान गरिएको छ । पापीलाई मृत्युपछि

यातनासाथ नरकलोकमा लगिएको बयान पुराणग्रन्थहरुमा गरिएको छ । यसरी पापप्रति नकारात्मक र धर्मप्रति सकारात्मक धारणा लोकसमाजको रहेको छ ।

### ३.१.३.७ यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वास

हिन्दू धर्मका अनुयायी नेपालीहरु यज्ञ, होम, दान, तप, जप, श्राद्ध, स्तुति आदि कर्म प्रति आस्थावान छन् । विशेष तिथिअवसर तथा पर्वमा व्रत वसी यथासक्य दान गर्नाले पुण्य मिल्छ भन्ने लोकविश्वासका कारण नेपालीहरु यस कार्यप्रति बढी अभिरुचि लिन्छन् । त्यस्तै दशैं, तिहार जस्ता राष्ट्रिय चाडपर्वका साथै तीज, फाग, शिवरात्रि आदि पर्वहरुमा पनि लोकसमाज आस्थावान छ । चाडपर्वमा देवी देवताको अनुष्ठान गरी पूजा गर्ने चलन छ भने हिन्दूशास्त्रले निर्देश गरे बमोजिम ठूला ठूला यज्ञ, महायज्ञको आयोजना गरी आफ्नो दानशिलताको परिचय दिन पछि लोकसमाज पछि पर्दैन ।

### ३.१.३.८ वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी विश्वास

हिन्दूहरुको महानग्रन्थ वेदका सूक्तिहरुको सम्मानपूर्वक श्रवण गरी आफूलाई धनधान्यपूर्ण भएको ठान्ने नेपाली लोकजीवनमा वेद, पुराण र धर्मशास्त्रलाई आदरपूर्वक हेरिने गरिन्छ । पूजाआजामा वेदका ऋचा पाठ गर्नुका साथै पुराण वाचन गरिन्छ । पुराणमा वर्णित घटनालाई नेपाली लोकजीवनले नजिकैबाट हेरेको महसुश हुन्छ । त्यस्तै स्वस्थानी व्रतकथाको पनि लोकजीवनमा उत्तिकै प्रभाव रहेको छ । वेद, पुराण, धर्मशास्त्र आदिबाट निर्देशित लोकजीवन ती ग्रन्थहरुप्रति गहिरो आस्था राख्ने गर्दछ ।

### ३.१.३.९ तीर्थयात्रामा विश्वास

निश्चित उमेर पूरा गरेका वृद्ध वृद्धाहरु तीर्थयात्रामा जाने गर्दछन् । नेपालभित्र र नेपालबाहिरका प्रमुख तीर्थस्थल पुगी आफूलाई पवित्र पारिएको महसुश ती तीर्थयात्रीहरुले गरेका हुन्छन् । तीर्थयात्रामा जाँदा भौगोलिक अवलोकन र अध्ययन हुनुको साथै विभिन्न देवी देवताको दर्शन पनि हुने भएकाले यस कार्यप्रति नेपाली लोकसमाजले अधिक चासो लिने गरेको पाइन्छ । नेपालका पशुपतिनाथ, मुक्तिनाथ, नेपालबाहिर भारतका काशी, गया आदि प्रसिद्ध तीर्थस्थल यात्रामा जाने लोकमानस आफूलाई गृहस्थी कार्यबाट स्वतन्त्र भएको मात्र महशुस गर्दैन तीर्थयात्रामा संलग्न हुँदा एउटा अनौठो आत्मिक अनुभूति समेत प्राप्त हुन्छ । यसैले लोकजीवनमा तीर्थयात्रा प्रति गहिरो अभिरुचि पाइन्छ ।

### ३.१.३.१० जातीय प्रथाप्रति विश्वास (बलिप्रथा, सतीप्रथा आदि)

देश, काल र परिस्थिति अनुरुप जातीय प्रथाको अन्त्य हुन्छ । हाम्रो समाजमा

राणाकालमा र त्यो भन्दा पहिले बालविवाह, बहुविवाह, सतीप्रथा कायम थियो भने प्राचीन कालदेखि चलिरहेको बालप्रथा अहिले पनि कायम छ । प्राचीन कालमा प्रचलित ती प्रथाहरुको बारेमा लोककथा तथा लोकसाहित्यका अन्य विधाहरुको अध्ययनबाट एउटा चित्र कोर्न सकिन्छ । अहिले सतीप्रथा, बालविवाह ती कायमै नभए पनि त्यस बारेमा लोकमानसमा एउटा छुट्टै किसिमको धारणा रहेको पाइन्छ ।

### ३.१.३.११ पुनर्जन्म र पुनर्जीवनसम्बन्धी विश्वास

हिन्दु धर्मशास्त्रमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी व्याख्या गरेको पाइन्छ । सती सावित्रीले आफ्ना मृत पति सत्यवानलाई जीवित तुल्याउन गरेको प्रयास एउटा उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ । मानिस मरेपछि उसको पाप र पुण्य बमोजिम उचित योनिमा प्रवेशगर्छ भनी धर्मशास्त्र पुराण आदिमा लेखिएको छ । त्यस्तै मृत व्यक्तिलाई सञ्जीवनी बूटीले जीवित तुल्याइएको प्रसङ्गले पनि पुनर्जीवनसम्बन्धी विश्वासलाई थप टेवा दिएको पाइन्छ । यसरी हाम्रो लोकजीवनमा पुनर्जन्म र पुनर्जीवनसम्बन्धी विश्वास पाइन्छ ।

### ३.१.३.१२ धर्मसँग सम्बन्धित विविध विश्वासहरु

धर्म नेपाली लोकजीवनको आधार हो । धर्मप्रति अगाध आस्था राख्ने नेपाली लोकसमाज पापकर्म देखि डराउने गर्दछ । धर्मप्रति विश्वास राख्ने मानिस स्वभावैले शान्त हुन्छ भने धर्मविमुख व्यक्ति अस्थिर, कामुक र असन्तोषी हुन्छ ।

### ३.१.४ आत्मशीलताप्रति विश्वास

मानवसभ्यताको विकासको प्राथमिक चरणमा मानवीय चिन्तन आत्मशीलताप्रति विश्वास गर्ने प्रकृतिको थियो । हरेक प्राणी र पदार्थमा चेतना हुन्छ, विवेक हुन्छ, सबै प्राणी र पदार्थको स्वभाव मानिसको जस्तै हुन्छ र यी जीव-पदार्थह मानिस झैं बोल्न र अनुभव गर्न सक्दछन् भन्ने विचारलाई आत्मशीलता भनिन्छ । फ्रेजरले यस अवस्थालाई विवेकपूर्वी अवस्था भनेका छन् । जसरी पाँचवर्ष भन्दा मुनिको शिशुले जड र चेतन छुट्टयाउन सक्दैन त्यसैगरी विवेकपूर्वी मानवले जड र चेतनलाई छुट्याउन सक्दैनथ्यो, आदिम मानव समाजमा भएको भय र अज्ञानताको कारण जड र चेतनलाई छुट्टयाउन नसकेकोले आदिम मानिसका संस्कारहरुमा जड पदार्थले मानवको जस्तै स्वभाव देखाउने गरेको विश्वास पाइन्छ । आत्मशील भावनाहरु लोकमानसका आदिम चिन्तन भएकाले लोककथा, लोकगीत, लोकगाथा आदिमा यस्ता भावनाहरुको प्रशस्त प्रयोग भेटिन्छ । मानवेतर प्राणी, वृक्ष-वनस्पति  अन्य विभिन्न पदार्थहरुमा मानवको जस्तै विवेक, वृद्धि, संवेदना र भाषाको ज्ञान हुन्छ

भन्ने भावना यसै विश्वासबाट निर्मित छ । निम्नलिखित शीर्षकहरुमा आत्मशील तत्वहरुलाई छुट्टयाउन सकिन्छ ।

### ३.१.४.१ मानवेतरप्राणीहरुमा आत्मशीलताको विश्वास

मानवसभ्यताको विकासको प्राथमिक चरणमा मानवीय चिन्तन आत्मशीलता प्रति विश्वास गर्ने प्रकृतिको थियो । उसले मानवेतर प्राणीहरुमा पनि आफूमा भएका सम्पूर्ण गुणहरु रहन्छन् भन्ने ठानेको थियो । आफूलाई जस्तै मानवेतर प्राणीलाई ठान्ने त्यस बेलाको मानवले कुकुरले पनि मानिसले जस्तै बोल्न सक्छ, चराले पनि मानिसले जस्तै आफ्नो व्यथा पोख्न सक्छ भन्ने ठानेको हुन्थ्यो । आदिम मानवका त्यस्ता धारणा र सोचाइ अवशेषका रुपमा अहिले पनि रहेकाले हाम्रा लोकसाहित्यका विभिन्न विधाहरुमा व्यक्त मानवेतर प्राणीहरुमा आत्मशीलताको विश्वास गरिएका घटना र प्रसङ्गलाई सहजै स्वीकारिएको पाइन्छ

### ३.१.४.२ वृक्ष -वनस्पतिहरुमा आत्मशीलता विश्वास

रुख विरुवाहरुले पनि मानिसले झै कुरा गर्न सक्छन्, मानिसले झैं आफ्नो व्यथा पोख्न सक्छन् भन्ने कुरा प्राचीन आदिम मानवले विश्वास गर्थ्यो । रुख विरुवाहरु मानिससँग बोल्ने गर्छ भन्ने विश्वासलाई वृक्ष वनस्पतिहरुमा आत्मशीलताको विश्वास अन्तर्गत समेट्न सकिन्छ ।

### ३.१.४.३ अन्य पदार्थहरुमा आत्मशीलताको विश्वास

ढुङ्गा, पहाड, नदी, समुन्द्र, आदि निर्जीव वस्तुहरुमा पनि आत्मा वा चेतना हुन्छ र तिनीहरुको स्वभाव मानिसको जस्तै हुन्छ भनी आदिम मानवले संझने गर्थ्यो । प्रकृतिका विद्रूप अवस्थालाई वैज्ञानिक ढङ्गले बुझ्न नसक्दा प्रकृतिका ती जड वस्तुहरुमा पनि अनौठो शक्ति देख्न र विश्वास गर्न आदिम मानव विवश थियो ।

### ३.१.४.४ आत्मशीलतासँग सम्बन्धित अन्य विश्वासहरु

मानवेतरप्राणी, पदार्थ, वनस्पति आदिसँग प्राचीन मानवको गाढा सम्बन्ध थियो । हावा, हुरी, वतास, चट्टयाङ, अन्तरिक्ष आदिसँग भयभित त्यसबेलाको मानवले सबैसँग नम्रतापूर्वक व्यवहार गर्थ्यो । ती सबै वस्तुहरु आफ्नो अनुकूल होऊन् भन्ने उसको आग्रह हुन्थ्यो ।

## ३.१.५ लोकविश्वास

विश्वास मानिसको ठूलो शक्ति हो । लोकविश्वास आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै, मानिदै आइएको चालचलन, रीतिरिवाज वा काम-कुरो आदिप्रति हुने दृढआस्था एवं पत्यार हो । यसरी लोकसमुदायले आफ्नो परम्परित पद्धति-प्रथा वा रीतिस्थिति, चालचलन र लोकसंस्कृति विशेष

आदिप्रति अन्तस्करणदेखि नै स्वीकार गरेका विश्वासहरुलाई लोकविश्वास भनिन्छ । सामान्यतया लोकविश्वासभित्र माथि नै उल्लेख गरिएका चारै विषयहरु समाविष्ट हुन्छन् तापनि ती विषयक्षेत्र बाहेकका लोकपरम्परा, रीतिरिवाज, आस्थाहरु पनि लोकविश्वासभित्र पर्न आउँछन् । भविष्यवाणी, श्राप, भाग्य, निषेध (वर्जना), परीक्षा, जाति र व्यक्तिप्रतिका लोकआस्थाहरु लोकविश्वासुका क्षेत्रभित्र पर्दछन् । लोकविश्वाससँग सम्बन्धित सामग्रीहरुलाई निम्नलिखित शीर्षक एवम् उपशीर्षकहरुमा वर्गीकरण गरिन्छ ।

### ३.१.५.१ भविष्यवाणी

#### ३.१.५.१.१ देवी देवता तथा सिद्धहरुले बताएका भविष्यवाणीहरु

भविष्यमा हुने कुनै कुरा बोल्ने कामलाई भविष्यवाणी भनिन्छ । भविष्यवाणी प्रति आदिम मानव विश्वस्त थियो । देवीदेवता तथा सिद्धहरुप्रति अगाध आस्था राख्ने लोकमानसमा उनीहरुका कुरा अकाट्य हुन्छन् भन्ने धारणा थियो । आकासवाणीलाई पनि भविष्यवाणीको एउटा प्रकारको रुपमा लिन सकिन्छ ।

#### ३.१.५.१.२ ज्योतिषशास्त्रले बताउने फल र भविष्यवाणीहरु

ज्योतिषशास्त्रप्रति लोकमानसको विश्वास अझै पनि कायमै छ । बच्चाको जन्म समयलाई आधार मानेर चिन्ह पनि बनाइने जुन प्रचलन हाम्रो समाजमा अद्यावधि कायमै छ त्यो परम्परा यसैको उपज मानिन्छ । ग्रह र नक्षँत्र तथा ग्रह र नक्षँत्रका स्वामी आदि चिन्हामा अंकित गरिएको हुन्छ र ग्रह र नक्षँत्रको गति र योग अनुसार व्यक्तिको भविष्यवाणी गर्ने परम्परा प्रति लोकजीवन विश्वस्त छ ।

#### ३.१.५.१.३ सकुन -अपसकुनका माध्यमद्वारा दिइने सङ्केतस्वरुप भविष्यवाणीहरु

लोकजीवनमा शकुनगत धारणाले ठूलो प्रभाव पारेको छ । यो परम्परित आस्थावान विधानको रुपमा व्यवस्थित छ । प्रस्तुत सन्दर्भमा यहाँ शुभ अशुभदायी, फाप-अफाप आदि भनी विश्वास गरिने घटनाहरुलाई सकुन -अपसकुन भनी चर्चा गरिने चलन छ ।

#### ३.१.५.१.४ सुस्वप्न र दु:स्वप्नका रुपमा विश्वास गरिने भविष्यवाणीहरु

राति सुतेका बेला देखिने सपनाका आधारमा भविष्यवाणी गरिने प्रचलन लोकजीवनमा गहिरो गरी बसेको छ । सुतेको बेला राम्रा र नराम्रा दुवै थरी सपना देख्न सकिन्छ । राम्रो भविष्यवाणी हुने सपनालाई सुस्वप्न र नराम्रो परिणाम भोग्न बाध्य हुनुपर्ने सपनालाई दु:स्वप्नका रुपमा बुझिन्छ ।

यी भविष्यवाणीहरुलाई सुसमाचारका निम्ति, नराम्रो समाचारका निम्ति, निषेध तथा सतर्कताका निम्ति प्रयोगमा ल्याउने लोकप्रचलन पाइन्छ ।

**३.१.५.२ श्राप**

देवीदेवता, सन्त, ऋषि, महात्मा आदिले आफ्नो प्रतिकूल व्यवहार देखाउने व्यक्ति वा अन्यलाई प्रतिशोध वापत दिइने शाब्दिक अभिव्यक्तिलाई श्राप भनिन्छ । यस्तो श्राप विशेषत आफू र आफ्नो कार्यमा नकारात्मक असर पार्न खोज्ने व्यक्ति वा अन्य कसैलाई सिद्ध व्यक्ति वा देवीदेवताले दिने गर्दछन. र व्यक्ति वा अन्य श्रापित हुन बाध्य हुनुपर्छ । लोकजीवनमा श्रापप्रति अटल विश्वास रहेको छ ।

**३.१.५.२.१ दुःख पाउने श्राप**

व्यक्तिले अरु कसैको अनिष्ट हुने काम गरेमा वा आक्षेप लगाएमा आरोपित व्यक्ति सिद्ध पुरुष वा देवीदेवता भए आरोप लगाउने वा कार्यमा अवरोध पुऱ्याउने व्यक्तिलाई दुःख पाउने गरी श्राप दिइन्छ भन्ने कुराप्रति लोकजीवनको विश्वास रही आएको छ ।

**३.१.५.२.२ योनी परिवर्तन हुने श्राप**

हाम्रो लोकजीवनमा वर्तमान जीवनमा पापकर्म गरेको व्यक्तिलाई उसको मृत्युपछि निम्नतम (क्षुद्रतम) योनीमा जन्म लियोस भनी सिद्ध महात्मा वा देवी देवताले दिएको श्राप योनी परिवर्तन हुने श्राप हो । यस्तो श्राप पाएको व्यक्ति मृत्यृपछि श्रापित भई पहिलेको भन्दा क्षुद्रतम योनीमा जन्म लिन पुग्छ भन्ने लोकविश्वास रहेको छ ।

**३.१.५.२.३ वस्तुमा परिवर्तन हुने श्राप**

कुनै खराब कार्यमा संलग्न व्यक्तिलाई आफ्नो प्रतिकूल हुँदा उसको  अपराध बमोजिम कुनै योनीमा नभई कुनै वस्तुमा परिवर्तन होस् भनी सिद्ध महात्मा वा देवीदेवताले दिएको श्रापलाई वस्तुमा परिवर्तन हुने श्रापको रुपमा लोकजीवनले विश्वास गरेको हुन्छ ।

**३.१.५.२.४ श्रापमुक्ति**

श्रापित व्यक्ति निश्चित अवधिसम्म श्रापित योनीमा रहेपछि तथा श्रापको प्रभावसमय समाप्त भएपछि वा श्रापित व्यक्तिले पश्चात्ताप गरी कुनै पुण्यकार्य सम्पन्न गरेको भए सो कार्यले श्रापको प्रभावलाई कम गरी समय भन्दा पहिले पूर्ववत योनी वा अवस्थामा आउने कार्यलाई श्रापमुक्ति भनिन्छ । हाम्रो लोकजीवनमा श्रापलाई अभिशापको रुपमा लिने गरिन्छ र कसैले आफ्नो चित्त दुखायो भने श्राप लागोस् भनेर भनिने प्रचलन अद्यापि देखिन्छ ।

### ३.१.५.३ भाग्य

#### ३.१.५.३.१ भावीसम्बन्धी लोकविश्वासहरु

हाम्रो समाजमा छोराछोरी जन्मिदा छैंटी गर्ने चलन छ । त्यस रात भावी आई बच्चाको भाग्यरेखा कोरिदिन्छन् भन्ने लोकविश्वास पनि छ । लोकजीवनमा 'भावीले लेखेको कुरा कसै गरी पनि मेटिदैन' भन्ने कथनले लोक जीवनमा भावीसम्बन्धी लोकविश्वास पाइन्छ ।

#### ३.१.५.३.२ भाग्यसम्बन्धी लोकविश्वासहरु

नेपाली लोकसमाज भाग्यमाथि विश्वास गर्दछ । भाग्य भए यस्तो हुन्थ्यो, उस्तो हुन्थ्यो भन्ने चलन अद्यँपि रहेको छ । ग्रामीण र अशिक्षित जनमानस भाग्यमाथिको आफ्नो विश्वासका कारण सुविधाभोगी बन्नबाट बञ्चित रहेका छन् ।

#### ३.१.५.३.३ कर्मसम्बन्धी लोकविश्वास

नेपाली लोकसमाज कर्मप्रति विश्वस्त छ । नेपालको धेरै जसो भूभाग पहाड नै भएकोले पहाडका ग्रामीण नरनारीहरु कर्ममाथि विश्वास राख्दै जीवन निर्वाह गर्दै आएका छन् । राम्रो कर्म गरे राम्रो फल पाइने र कुकर्म गरे दण्ड पाइने विधाताको विधानलाई स्वीकार गर्दछन् ।

#### ३.१.५.३.४ विधातासँग सम्बन्धित लोकविश्वासहरु

लोकजीवनले विधातालाई आफ्नो सर्वस्व मानेको हुन्छ । विधाताको विधान विपरीत केही कुरा हुन नसक्ने विश्वास जनमानसमा रहेको छ ।

### ३.१.५.४ निषेध (वर्जना)

लोकजीवनले के कस्तो कार्य वा व्यवहार गर्न हुन्छ के कस्तो कार्य गर्न हुँदैन भन्ने कुरालाई परम्परित व्यवहारको आधारमा स्वीकार गरेको छ । परम्पराले निषेध गरेको व्यवहार गर्न नहुने धारणा पाइन्छ ।

#### ३.१.५.४.१ धर्म र संस्कारसँग सम्बन्धित निषेधहरु

हिन्दू धर्मका अनुयायी नेपाली लोकमानस धर्मले निषेध गरेका कार्य गर्न नहुने कुराप्रति विश्वस्त छ । धार्मिक कार्यमा चोखीनीति गर्ने तथा संस्कारसम्बद्ध व्यवहार गर्ने प्रचलन छ । धर्मको जगमा अडेको लोकजीवनले धर्म र संस्कारसँग बाझिने व्यवहारलाई अस्वीकृत गरिदिन्छ ।

#### ३.१.५.४.२ पराप्रकृतिसँग सम्बन्धित निषेधहरु

प्राकृतिक व्यवहारसँग नमिल्दा व्यवहार लोकजीवनले अस्वीकार गर्छ ।

#### ३.१.५.४.३ यौनसँग सम्बन्धित निषेधहरु

नेपाली लोकजीवनमा परपुरुषसँग र परस्त्रीसँग यौनसम्बन्धलाई निषेध गरिएको छ ।

नेपाली लोकजीवनमा परपुरुषसँग र परस्त्रीसँग यौनसम्बन्धलाई निषेध गरिएको छ । परस्त्रीगमन र परपुरुषगमनलाई धर्म र संस्कारले मात्र होइन समाजिक कानुनले समेत निषेध गरेको छ ।

**३.१.५.४.४ खानपानसँग सम्बन्धित निषेधहरु**

लोकसमाजमा जीवन निर्वाहको लागि के कस्तो वस्तु वा चिज खान हुन्छ के कस्तो चिज खान हुँदैन भन्ने बारेमा लोकको आफ्नै धारणा हुन्छ तापनि हाम्रो धर्मशास्त्र तथा संस्कारले खान निषेध गरेका कुराहरु उल्लेख गरेको छ ।

**३.१.५.४.५ दृष्टिसँग सम्बन्धित निषेधहरु**

हाम्रो लोकजीवनमा यौन सम्बन्ध राख्ने उद्देश्यले कुनै नारीले कुनै पुरुष वा कुनै पुरुषले कुनै नारीलाई हेर्न नहुने प्रचलन छ । त्यस्तै आफूभन्दा माथिल्लो तहको आदरणीय व्यक्तिलाई आँखा जुधाएर हेर्न नहुने लोकपरम्परा रहेको छ ।

**३.१.५.४.६ बोलाइसँग सम्बन्धित निषेधहरु**

लोकजीवनमा बोलीको पनि अति महत्वपूर्ण स्थान छ । झुटो बोल्न नहुने, र अनावश्यक रुपमा बोल्न नहुने परम्परागत विश्वास रहेको छ ।

**३.१.५.४.७ स्पर्शसँग सम्बन्धित निषेधहरु**

युवा युवतीले सार्वजनिक रुपमा कामातुर भई स्पर्श गर्न नहुने, परस्त्रीलाई स्पर्श गर्न नहुने, रजस्वला भएकी महिलालाई निश्चित दिनसम्म तागाधारी पुरुषले छुन नहुने लोकधारणा प्रचलित छन् ।

**३.१.५.४.८ विविध निषेधहरु**

विवाहित दम्पति धेरै समयसम्म छुट्टा छुट्टै ठाउँमा बस्न नहुने, बढेकी छोरीलाई घरमा राखिरहन नहुने, दुर्जनको संगत गर्न नहुने आदि प्रचलन र विश्वास लोकजीवनमा रहेको पाइन्छ ।

**३.१.५.५ परीक्षासँग सम्बन्धित विश्वासहरु**

**३.१.५.५.१ धर्म र अधर्मको परीक्षा**

हाम्रो लोकसमाजमा व्यक्तिले धर्म गरेको वा पाप गरेको छ भने त्यसको परीक्षँ सामाजिक रुपमा मान सम्मान दिएर अपमान, असहयोग गरेर लिइन्छ । व्यक्तिले गरेको पाप र धर्मको फल उसको मृत्युपछि उसले पाउने भन्ने विश्वास पनि रहेको पाइन्छ ।

**३.१.५.५.२ कुलघरान र व्यक्तिको परिचयको परीक्षा**

हाम्रो समाजमा कुलघरानको व्यक्तिको आचरण उदात्त र अनुकरणीय हुनुपर्छ भन्ने

हाम्रो समाजमा कुलघरानको व्यक्तिको आचरण उदात्त र अनकरणीय हुनुपर्छ भन्ने आग्रह रहेको पाइन्छ । धनसम्पत्ति प्रशस्त भएको, पढे लेखेको घर परिवारको सामाजिक प्रतिष्ठा अरुको भन्दा उच्च रहन्छ भन्ने लोकविश्वास पाइन्छ

**३.१.५.५.३ विवाहका निम्ति परीक्षा**

कतिपय राजा महाराजाहरुले आफ्ना राजकुमारीको विवाहको निम्ति कुनै शर्त राख्ने गरेको र त्यो पूरा गर्नेसँग आफ्नी छोरीको विवाह गरिदिएको प्रचलन प्राचीन कालमा रहेको विश्वास गरिन्छ ।

**३.१.५.५.४ चतुर्‍याइँको परीक्षा**

लोकसमाजमा कोही व्यक्ति चलाख हुन्छन् र उनीहरुले आफ्नो असाधारण बुद्धि विवेक प्रयोग गरी असम्भव जस्तो कार्य पनि सम्पन्न गरी प्रतियोगितामा पुरस्कार हात पार्छन भन्ने लोकविश्वास रहेको छ ।

**३.१.५.५.५ सामर्थ्य र साहसको परीक्षा**

प्राचीन कालमा राजकुमार तथा अन्य साधारण व्यक्तिले आफूलाई चुनौति दिइएको कुनै समस्यालाई आफ्नो सामर्थ्य कारण सम्पन्न गरेका थुप्रै घटनाहरु लोकजीवनमा प्रचलित छन् ।

**३.१.५.६ समाजसँग सम्बन्धित लोकविश्वास**

**३.१.५.६.१ राजा, मन्त्री, कर्मचारी र ठूला व्यक्तिहरुसँग सम्बन्धित लोकविश्वासहरु**

राजाले आफ्नो कार्यमा सहयोग पुर्‍याउने व्यक्तिलाई मन्त्री बनाउने गरेको पाइन्छ । राजाको निधनपछि मौका परे मन्त्रीले आफू राजा भई शासन गर्ने गरेका उदाहरणहरु पाइन्छन् । राजाले आफ्नो गोपनीयता मन्त्रीसँग नखोल्ने, कर्मचारीहरु आफ्नो दुनो सोमयाउने काममा मात्र लाग्ने, मन्त्रीले षड्यन्त्र गरी राजालाई मारी आफू राजा हुने जस्ता व्यवहारहरुप्रति लोकविश्वास रहेको हुन्छ ।

**३.१.५.६.२ नातागोता र परिवारसँग सम्बन्धित लोकविश्वासहरु**

आफ्ना नजिकका नातागोतासँगको व्यवहार आफ्नै परिवारका सदस्यहरुसँग भन्दा भिन्न हुने परम्परागत लोकविश्वास रहेको छ ।

**३.१.५.६.३ दम्पत्तिसम्बन्धी लोकविश्वास**

लोग्ने स्वास्नीको बीचमा कहिले काही झगडा हुन्छ । लोग्ने मानिसको प्रभुत्व बढी भएको हुँदा लोग्नेको अदवमा बस्न नसक्ने स्वास्नी भित्र भित्रै कुण्ठित भई पोइला जाने समस्या देखिन्छ । स्वास्नीले घरको काम र लोग्नेले घर बाहिरको कार्य गर्छन् भन्ने लोकविश्वास पाइन्छ ।

**३.१.५.६.४ विभिन्न जातिसँग सम्बन्धित लोकविश्वासहरु**

समाजमा कार्यको आधारमा जातिको विभाजन गरिएको हुन्छ । खेती गर्ने, कपडा सिलाउने, पढाउने, व्यापार गर्ने, नोकरी गर्ने आदि विभिन्न आधारमा जातिको विभाजन गरिएकोले सबै जातजातिले आ आफ्नो पेशागत कार्य गर्छन् भन्ने विश्वास गरिन्छ ।

**३.१.५.६.५ नीति, आचरण र शिक्षासँग सम्बन्धित लोकविश्वासहरु**

लोकसमाजमा सुव्यवस्था कायम राख्न राजाले उपयुक्त नीति लागू गरेका हुन्छन् साथै चोरी गर्ने, बदमासी गर्ने व्यक्तिलाई सजाय र समाजमा राम्रो आचरण देखाई योगदान गर्ने व्यक्तिलाई सम्मान दिइएको हुन्छ भन्ने विश्वास रहेको छ ।

**३.१.५.७ पदार्थप्रतिको लोकविश्वास**

**३.१.५.७.१ वृक्ष वनस्पतिसँग सम्बन्धित लोकविश्वासहरु**

वृक्ष वनस्पति पनि मानिससँग बोल्छन् र मानिसले गरेको कुरा बुझ्दछन् साथै मानिसलाई सहयोग पनि गर्दछन् भन्ने विश्वास पाइन्छ ।

**३.१.५.७.२ पदार्थसँग सम्बन्धित लोकविश्वासहरु**

निर्जीव पदार्थमा पनि मानिसको चेतना रहन्छ भन्ने विश्वास पाइन्छ । हावा, हुरी, बतास, नदी, ढुङ्गा आदिमा चेतना हुन्छ र यिनीहरु मानिस जस्तै बोल्न सक्ने र बुद्धि विवेक भएका हुन्छन् भन्ने लोकविश्वास रहेको छ ।

**३.१.५.७.३ शरीरका विभिन्न अङ्गहरुसँग सम्बन्धित लोकविश्वासहरु**

मानिसको शरीर काटिएर दुई टुक्रा भए पनि एउटा टुक्रा शरीरको अंगबाट भगवानको कृपा भए मानिस पुनर्जीवित हुन सक्छ र चराको मासुको टुक्रा पनि बोल्न सक्ने र साथै पुन चरो बनी उड्न सक्ने विश्वास पाइन्छ ।

**३.१.५.७.४ कपडा र गहना सम्बन्धी लोकविश्वासहरु**

साधु, सन्त तथा ऋषि मुनिले धरो (कौपीन) मात्र लगाउने प्रचलन छ भने अरु सर्वसाधारणले पूरै शरीर ढाक्ने कपडा लगाएको पाइन्छ । माछाको मुखमा रहने लाललाई गहनाको रुपमा प्रयोग गरिने परम्परागत विश्वास रहेको देखिन्छ ।

## ३.२ कपिलवस्तुमा प्रचलित लोककथाको लोकतात्त्विक विश्लेषण

माथि उल्लेख गरिएका लोकतात्विक विश्वासहरुमध्ये धेरै विश्वासहरु कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथामा उपलब्ध छन. । ती निम्नानुसार छन् :

### ३.१.१ अतिकल्पना र स्वैरकल्पना प्रतिका विश्वासहरु

यस मूलशीर्षक अन्तर्गत उपशीर्षक १.१ सँग समेट्न सकिने कपिलवस्तु जिल्लाका प्रचलित अवधी लोककथाभित्रका लोकविश्वासहरु निम्न रहेका छन् ।

### ३.१.१.१ पृथ्वी, स्वर्ग, पाताल, आदि विभिन्न लोकहरुसम्बन्धी विश्वास

चारबातकय जवाफ (५) कथामा पृथ्वीभन्दा छुट्टै लोकबाट आकाशवाणी हुन सक्छ भन्ने विश्वास पाइन्छ । राजा नदीमा नुहाउन गएको बेला उनलाई चार प्रश्नको जवाफ ल्याउन भनेर आकासवाणी हुन्छ । पृथ्वीभन्दा माथि आकासमा विभिन्न लोकहरु हुन्छन् भन्ने विश्वासअनुसार कुनै लोकबाट भगवान्ले राजालाई प्रश्न सोधेको हुन सक्छ भन्ने विश्वास राजाले पनि लिन्छन् । त्यसैले ती चार प्रश्नहरुको जवाफ ल्याउनको लागि राजाले आफ्ना मन्त्रीलाई आदेश दिन्छन् । सामान्य मानिस वा अरु कसैले आकासवाणी गर्न सक्दैन भन्ने लोकविश्वास कथामा पाइन्छ । अवधी भाषी समाजमा यस्तो किसिमको विश्वास भएका थुप्रै कथाहरु प्रचलित छन् ।

पत्तालपुरी राजाकय लडकी (९) कथामा इन्द्रलोकमा पृथ्वीका सुन्दर र धर्मी युवतीलाई लगेर राख्ने इन्द्र भगवान्को प्रायः इच्छा रहेको हुन्छ भन्ने विश्वास पाइन्छ । पत्तालपुरी राजाकी छोरी धर्मी र सुन्दर भएकीले इन्द्रलोकबाट भगवान् इन्द्रले उनलाई इन्द्रलोक पुऱ्याउनको लागि आफ्ना चारदूतहरु पृथ्वीमा पठाउँछन् । ती राजकुमारीलाई इन्द्रका दूतहरुले समात्न सक्दैनन् । इन्द्रलोकमा सुन्दर र धर्मी युवतीहरु प्रशस्त हुन्छन् भन्ने विश्वास कथाबाट व्यक्त भएको देखिन्छ ।

पाँचपाण्डव (१०) कथामा युद्धमा मर्ने व्यक्ति मृत्युपछि सिधै स्वर्गमा पुग्छन् भन्ने विश्वास पाइन्छ । महाभारतको युद्धका क्रममा अभिमन्यु मारिएपछि उनको शोकमा विह्वल हुन पुगेका उनका पिता अर्जुनलाई युद्धप्रति अभिप्रेरित गर्न अभिमन्यु युद्धमा मरेकाले स्वर्गमा पुगेका छन् भन्ने कुराको विश्वास दिलाउन भगवान् कृष्णले अर्जुनलाई स्वर्गमा लगी अभिमन्युसँग भेट गराइदिन्छन् । स्वर्गमा अभिमन्यु निश्चिन्त भएर खेलिरहेको अवस्थामा अर्जुनसँग भेट गराई कुराकानी समेत भएको घटना कथामा देखाइएको छ । पृथ्वीमा रहेर आवश्यक परेको बेला युद्ध गर्नुपर्ने र युद्धमा मरे सिधै स्वर्गमा पुगिने लोकविश्वास कथामा प्रष्ट पारिएको छ । सृष्टिलाई निरन्तरता दिन आवश्यक परेको बेला युद्धमा होमिनु स्वाभाविकै हुन्छ तर युद्धबाट भागेर बाँच्न खोज्ने मानिस कर्महीन हुन्छ भन्ने

कुरा गीतामा श्रीकृष्णले अर्जुनलाई कर्मयोगको ज्ञान बताउने क्रममा भनेको कुरालाई यस कथामा देखाउन खोजिएको आभाष हुन्छ ।

बाबनकय लरिका (१२) कथामा गरिब भई भीख मागेर जीवन गुजारा गर्ने व्यक्तिले अरु माग्ने भिखारीलाई दान गरेको भीख स्वर्गलोकमा आफ्नो नाममा जम्मा भएर रहेको हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा गरिब बाहुनको घरमा मागेर ल्याएको भीख पनि बाहुनकी आमाले घरमा माग्न आएका दीन-दुःखीलाई दान दिंदा नातिलाई चित्त नबुझी आफ्नी हजुरआमालाई दान नदिई बचाएर राखे फेरि अर्को छाक खान पुग्थ्यो नि भनेर आग्रह गर्दा उसकी हजुरआमाले दान गरे जतिको अन्न हाम्रो नाममा माथि जम्मा हुन्छ भनेर जवाफ दिन्छिन् । बाहुनको नातिलाई सो कुराले भगवान् कहाँ गई हजुरआमाले भनेका कुरा जाँच्ने इच्छा जाग्छ र ऊ भगवान्को घर गई आफ्नी हजुरआमाले माग्नेलाई दिए जतिको अन्न आफ्नो नाममा जम्मा भएको ठाउँ समेत देखी घर फर्किन्छ । यसरी लोकजीवनमा दीन-दुःखी, भिखारीलाई दान गरे धर्म हुने र धर्मको प्रभावले मरेपछि स्वर्गमा आफूले दान गरे जतिको परिमाणमा त्यो दान आफैले पाउने धारणा प्रचलनमा रहेको कुरा कथामा देखाइएको छ ।

राजकुमारकय फुला (१६) कथामा इन्द्रलोक, वैकुण्ठलोक र ब्रम्हालोकको पृथ्वीलोकसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा राजाका कुनै सन्तान नभए पछि आफ्नो सम्पूर्ण धनसम्पत्ति गरिब गुरुवालाई बाँडी बाँकी रहेको सम्पत्तिमा आगो लगाउँदा आगोको धुँवाले सार पृथ्वीलाई मात्र होइन कि इन्द्रलोकलाई समेत अँध्यारो बनाएको चर्चा पाइन्छ । इन्द्रलोकबाट इन्द्र भगवान् विष्णु भगवान्सँग गुहार माग्न पुग्छन् भने विष्णु भगवान्ले इन्द्रलाई ब्रम्हाकहाँ लैजान्छन् । ब्रम्हाले पृथ्वीको हालखबर बुझी आउन विष्णु भगवान्लाई अह्राए पछि विष्णु भगवान् पृथ्वीमा गई के कारणले धुँवा निस्केको हो सो कुरा बुझी ब्रम्हालाई अवगत गराएपछि ब्रम्हाले सो समस्याबाट मुक्त हुनको लागि विष्णु भगवान्लाई रानीको गर्भमा रही उनको सन्तानको रुपमा जन्मिन आग्रह गर्छन् । पृथ्वीमा उत्पन्न समस्याले इन्द्रलोकमा समेत असर पारेको घटना कथामा देखाएर स्वर्गलोक अर्थात् इन्द्रलोक, विष्णुलोक र ब्रम्हालोक पृथ्वीदेखि धेरै टाढा नभएको र पृथ्वीसँग ती लोकको घनिष्ठ सम्बन्ध रहेको लोकविश्वास यस कथामा पाइन्छ ।

राजा विक्रमादित्य (१७) कथामा इन्द्रलोक, स्वर्गलोक र मर्त्यलोकमा दानी व्यक्तिको मात्र नाम चल्छ भन्ने विश्वास पाइन्छ । राजा विक्रमादित्यका दरबारमा आएका एकजना साधुलाई राजाले पूर्वजुनीमा आफूबाट के कस्तो काम भएकोले इन्द्रलोक, स्वर्गलोक र मर्त्यलोकमा आफ्नो खुबै राम्रो नाम चलेको हो भनी सोद्धा साधुले त्यसबारेमा राजधानीकै नजिकको गाउँको कुमालेकी बुहारीले बताउन सक्ने कुरा गरेपछि राजा कुमालेकी बुहारी कहाँ पुग्छन् । कथामा वर्णित घटनाक्रमले के देखाउँछ भने पूर्वजुनीमा चौध दिनका भोका आफ्नो घरमा आएका साधुलाई आफू सातदिनको भोको भई आठौं दिनमा केही रोटी खान बसिरहेकै बेला आफ्नो पुरै भाग साधुलाई खान दिई आफ्नो राजा हुन गएको कुरा स्पष्ट हुन्छ । यसरी घरमा आएका साधु-सन्तलाई सम्मान गरी साधु-सन्तको इच्छा बमोजिम उदार व्यवहार देखाउने मानिसको नाम पृथ्वीमा मात्र होइन स्वर्गलोक, इन्द्रलोकमा पनि सम्मानका साथ संवोधन गरिन्छ भन्ने विश्वास यस कथामा रहेको पाइन्छ ।

हंस और जवाहिर (२१) कथामा इन्द्रलोकमा रहने अप्सरा-परीहरुलाई इन्द्र भगवान्ले पृथ्वीमा कुनै काम पूरा गर्न ती परीलाई पृथ्वीमा पठाउँछन् भन्ने लोकविश्वास पाइन्छ । कथामा इन्द्र भगवान्ले स्वर्गकी परी समभ्कलाई हंसको जवाहिरसँग विवाह गरिदिने कार्यको लागि पृथ्वीमा पठाउँछन् र ती समभ्क परीले पनि हंस र जवाहिरको जोडी मिलाइदिई दुवैको विवाह गरिदिएर आफू इन्द्रलोक फर्केको कुरा देखाइएको छ ।

### ३.१.१.२ देवी, देवता, देवदूत, अप्सरा, नाग, गन्धर्व, यक्ष, किन्नर, किन्नरी आदि देवयोनीसँग सम्बन्धित विश्वास

जुलाहा अउर मुर्द्धवा (७) कथामा देवता वा भगवान्ले मुर्द्धाको पनि उचित माग पूरा गरिदिनको निम्ति उसको इच्छा वा आग्रहअनुसार निश्चित समयको लागि मान्छे बनाइदिन्छन् भन्ने विश्वास पाइन्छ । कथामा एउटा गरिब मानिसले लिएको ऋण तिर्न नभ्याउँदै मरेपछि साहूले मृतलासलाई लौराले पिटे पछि जुलाहाले त्यो मूर्द्धाले त्यो साहूलाई तिर्नुपर्ने पाँचसय रुपियाँ तिरिदिएको घटना देखाइएको छ । मूर्द्धाले आफूले तिर्नुपर्ने रुपियाँ जुलाहाले तिरिदिएको हुँदा जुलाहाको उपकारको बदला जुलाहालाई उसले तिरिदिएको पाँचसय रुपियाँ आफूले कमाएर जुलाहालाई दिनको निम्ति मात्र मूर्द्धाले भगवान्सँग आफूलाई मान्छे बनाइदिन आग्रह गर्दछ र भगवान्ले पनि मूर्दालाई मान्छे बनाइदिन्छन् साथै मूर्द्धाको आग्रह बमोजिम उसलाई लगाउनको लागि बन्डी र हापपयन्ट समेत दिन्छन् ।

कथाको घटनाक्रमले के देखाउँछ भने भगवान्‌ले मानिसको मात्र होइन उचित माग भए मूर्द्धाको पनि पूरा गरिदिन्छन्‌ भन्ने विश्वास पाइन्छ ।

पाँचपाण्डव (१०) कथामा भगवान्‌ले ऋषिमुनिहरुलाई भौतिक सुख-सम्पत्तिबाट टाढा राख्दछन्‌ साथै आफ्नो कर्तव्यप्रति निष्ठावान्‌ मानिसलाई कर्मयोगको ज्ञान दिएर आत्मोन्नतिको मार्ग देखाइदिन्छन्‌ भन्ने विश्वास पाइन्छ । यस कथामा दुर्वासा ऋषिसँग वस्त्रको नाममा एउटा मात्र कौपीन हुँदा नदीमा निर्वस्त्र नुहाउन बाध्य भएको घटना देखाइएको छ भने महभारतको युद्धमा अभिमन्यु मारिएपछि अभिमन्युको मृत्युको पीरले युद्ध गर्न पछि हटेका अर्जुनलाई ‘युद्धमा मर्नेले स्वर्ग पाउँछन्’ भन्ने कुरामा विश्वास दिलाउनको साथसाथै उनलाई युद्धमा सरिक गराउन अर्जुनलाई स्वर्गलोक लगी स्वर्गमा खेलिरहेका अभिमन्युसँग भेट गराई बातचित समेत गराइएको कुरा उल्लेख भएको छ । यसरी भगवान्‌ले एकातिर साधु-सन्त तथा ऋषि-मुनिलाई सांसारिक भोग-विलासदेखि टाढा राख्ने प्रपञ्च रचेका हुन्छन्‌ भने अर्कोतिर सृष्टिचक्रलाई निरन्तरता दिनको निम्ति अवश्यम्भावी युद्धमा सम्मिलित हुन वीर योद्धालई अभिप्रेरण दिन्छन्‌ भन्ने लोकविश्वास यस कथामा देखाइएको छ ।

भाटकय छोटकी पतोहिया (१३) कथामा धनकी अधिष्ठाता देवी लक्ष्मीलई दीपावलीको रात्ति बत्ती बालेर घरभित्र प्रवेश गराई उनको पूजा-आराधना गर्नाले त्यो घरको श्रीवृद्धि हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा भाटकी कान्छी बुहारीले नदीमा नुहाउन जाँदा भेटाएको राजकुमारीको नौलखा हार आफ्नो घरमा बाहेक सबैको घरमा दीपावलीको रात बत्ती निभाउन लगाउने सर्तमान राजालाई फिर्ता दिने कुरा उल्लेख गरिएको छ । राजाले पनि भाटको घरमा बाहेक अरु सबैको घरमा दीपावलीको रात बत्ती निभाउन लगाएपछि अन्धकारबीच एउटा भाटको घरमा मात्र उज्यालो देखिएकोले लक्ष्मीदेवी भाटकै घरमा प्रवेश गरी दीपावलीको रातमा भाटकी कान्छी बुहारीबाट गरिएको पूजा-आराधनाबाट खुसी भई त्यस घरको श्रीवृद्धि भएको कुरा कथामा देखाइएको छ । यसैले दीपावलीको राति घर-घरमा बत्ती बाली धनकी देवी लक्ष्मीलाई आह्वान गरे उनको पूजाआजा गर्नाले घर धन-धान्यले भरिपूर्ण हुन्छ भन्ने लोकविश्वास यस कथामा देखाइएको छ ।

लकडहाराकय कर्म (१८) कथामा कर्म र कुकर्म देवताका दूतको रुपमा पृथ्वीमा घुमिरहन्छन्‌ र कुकर्मको प्रेरणाबाट गरिएको काम असफल हुने र कर्मको प्रेरणाबाट

गरिएको काम सफल हुने गर्दछ भन्ने लोकविश्वास पाइन्छ । कथामा एउटा गरिब दाउरेले जंगलमा दाउरा चिर्दै गरेको अवस्थामा कर्म र कुकर्म त्यहाँ पुगी कुकर्मले दाउरेलाई पहिलो पटक गाग्रीभरि रुपियाँ, दोस्रो पटक फलाम रगडे त्यो फलामलाई सुन बनाउने सुनको ढुङ्गो र तेस्रो पटक नौलखाहार दिंदा पनि दाउरेले ती वस्तु बचाउन सक्दैन भने कर्मले दुई रुपियाँ दाउरेलाई दिएपछि भने त्यो दुई रुपियाँको प्रभावले दाउरेले पहिल्यै गुमाएका ती गाग्रीभरिका रुपियाँ, सुनको ढुंगो र नौलखाहार प्राप्त गरी आफ्नो भाग्य सुधार्न सफल भएको घटना बताइएको छ । हाम्रो समाजमा यही विश्वासका कारण खराब व्यक्तिको संगत नगरी सज्जनको संगत गर्नुपर्छ भन्ने प्रेरणा पाइन्छ र कुकर्मबाट आर्जित सम्पत्तिको केही भरोसा हुँदैन भने कर्मबाट प्राप्त परिणामाथि भरोसा राख्नुपर्छ भन्ने विश्वासले जरो गाडेको कुरा कथामा प्रष्ट देखाइएको छ ।

हंस और जवाहिर (२१) कथामा भावीले लेखिदिएको कुरा भगवान्ले पूरा गराई छोड्छन् भन्ने विश्वास पाइन्छ । चीनका बादशाहकी छोरी जवाहिरको उनैकी फुपूको छोरा दैनुरवासँग विवाह हुने तयारी पूरा भए पनि बलमबुखारीका राजाको छोरा हंससँग जवाहिरको विवाह हुने कुरा भावीले पहिले नै लेखिदिएकाले इन्द्र भगवान्ले जवाहिर र दैनुरवाको बीचमा विवाह हुन लाग्दा स्वर्गकी अप्सरा समझलाई हँस र जवाहिरको बीच भावीले लेखिदिए अनुसार विवाह हुने भएकाले सो कार्य सम्पन्न गर्न आदेश दिन्छन् । इन्द्र भगवान्को आदेश पाएपछि समझ परी पृथ्वीमा आई जवाहिर र हंसको विवाह गराएर छोड्छिन् । कथामा भावीको कुरा काट्न नसकिने विश्वास देखाइएको छ । हाम्रो समाजमा भावीले लेखिदिएको कुरा जसरी भएपनि पुरा भएरै छोड्छ भन्ने विश्वास रहेको कुरा कथाले प्रष्ट पारेको छ ।

### ३.१.१.३ राक्षस, दानव, भूत आदि अर्द्धदैविक शक्तिप्रतिको विश्वास

अहिरा और डायनिया (१) कथामा डायनीले मानिसलाई खान्छे भन्ने विश्वास पाइन्छ । कथामा अहिरा ढिक्करको रुखमा बसी ढिक्कर खाएको देखेपछि डायनीले अहिरासँग ढिक्कर माग्ने बहानामा अहिरालाई नै झम्टी बोरामा हालेर आफ्नो घरतिर लगेको घटना देखाइएको छ । पहिलोपटक अहिराले डायनीलाई झुक्काउन सफल भए पनि दोस्रो पटक भने डायनीले अहिरालाई आफ्नो घर पुऱ्याई आफ्नी छोरीलाई अहिराको मासु पकाउन भन्छे । अहिराले डायनीकी छोरीलाई झुक्काएर ढिकीले किचेर मारी त्यसैको मासु

बनाएर डायनीलाई खुवाई आफू डायनीको घरबाट भागेर आफ्नो प्राण बचाउन सफल हुन्छ । यसरी कथामा डायनीले पनि मानिसलाई आफ्नो आहरा बनाउँछे भन्ने विश्वास पाइन्छ ।

सोनवारानी (२०) कथामा राक्षसले मानिसलाई खान्छ भन्ने विश्वास पाइन्छ । कथामा सोनवारानीलाई छोरीको रुपमा लिई बचाइराखेको राक्षसले सोनवारानीका बाबुआमा लगायत सहरका सबै मानिसलाई खाएर सिध्याएको हुन्छ भने आफ्ना तीनजना मीतहरुसँग विछोडिएर त्यहाँ पुगेका राजकुमारको गन्ध पाएर राक्षसले सोनवारानीसँग मानिसको गन्ध आइरहेको बताउँछ । सोनवारानीले सिकार गरी जंगलबाट फर्किन लागेको राक्षसले आफ्नो निवासमा आएका राजकुमारलाई पनि खान्छ भन्ने ठानी राजकुमारको आग्रहानुसार राक्षसबाट राजकुमारलाई बचाउन सोनवारानीले मन्त्र पढी राजकुमारलाई जुम्रा बनाएर कपालमा लुकाउँछिन् । हाम्रो समाजमा राक्षसका भयावह क्रियाकलापबारे थुप्रै किसिमका किम्बदन्ती प्रचलित छन् र यस कथाले पनि लोकजीवनमा राक्षसप्रति रहेको जनमानसिकतालाई उजागर गरेको पाइन्छ ।

### ३.१.१.४ साँस्कृतिक नायकसँग सम्बन्धित विश्वास

पत्तालपुरी राजाकय लडकी (९) कथामा राजा विक्रमादित्य आफ्नो शक्ति र नियमनिष्ठताका कारण अरु राजाहरुको तुलनामा उनी जनमानसले सत्य ठानेको इतिहासमा श्रेष्ठ व्यक्तिको रुपमा सांस्कृतिक नायकको रुपमा संसारमा परिचित छन् भन्ने विश्वास पाइन्छ । कथामा विक्रमादित्य पछि राजा भएका भोजलाई सिंहासनवत्तीसीले राजा विक्रमादित्यमा जस्तो शक्ति तपाईमा छैन भनी भोज राजासँग राजा विक्रमादित्यका अद्‌भुत क्रियाकलापसम्बन्धी एउटा घटना बताउँछन् । राजा इन्द्रले समेत पत्तालपुरी राजाकी छोरीलाई इन्द्रलोकमा ल्याइ पुऱ्याउन खटाइएका आफ्ना चारजना दूतहरु असफल भएपछि पत्तालपुरी राजाको सर्तानुसार राजा विक्रमादित्यले ती राजकुमारीलाई तीनपटक बोल्न बाध्य पारी आफैले विवाह गरेर ल्याउन सफल भएको घटना कथामा वर्णित छ । कथामा वर्णित घटनाबाट के पुष्टि हुन्छ भने विक्रमादित्य अरु राजा झैं सामान्य थिएनन् र उनी आफ्नो मर्यादा राख्न सक्ने शक्ति र बुद्धिले निपुण राजा थिए भन्ने विश्वास लोकजीवनमा व्याप्त रहेको छ । यस्ता सांस्कृतिक नायकप्रति लोकसमाजको उच्चमूल्याङ्कन अद्यापि कायम रहेको कथाले देखाउँछ ।

पाँचपाण्डव (१०) कथामा ऋषि-मुनिहरुले कष्टपूर्ण जीवन व्यतीत गरी तपस्याबाट शक्ति प्राप्त गर्दछन् र सांसारिक भोग विलासबाट मुक्त भई आध्यात्मिक मार्गतिर उन्मुख जीवन व्यतीत गरी समाजलाई मार्गनिर्देश गर्दछन् भन्ने विश्वास पाइन्छ । कथामा नदीमा स्नान गर्न गएका दुर्वासा ऋषिसँग एउटा मात्र धरो (कौपीन) भएकोले निर्वस्त्र नदीमा नुहाइरेकी देखी नदीमा नुहाउन गएकी द्रौपदीले आफ्नो सारी च्यातेर धरो बराबरको टुक्रा ऋषिलाई दिएको कुरा उल्लेख गरिएको छ । त्यही धरो लगाएर नदीबाट बाहिर निस्केपछि मात्र द्रौपदी नदीमा नुहाउन जान्छिन् । सभ्य समाजलाई अग्रगति दिने त्यस्ता व्यक्तिलाई भगवान्ले एउटा मात्र धरो दिए पनि उनीहरु आत्म-संयमित भई समाजलाई पतनहुनबाट जोगाउने कार्यमा लागिरहेकोले लोकजीवनमा उनीहरुप्रति उच्च सम्मान व्यक्त गरिने कुरा कथाका घटनाक्रमले स्पष्ट पार्दछन् । त्यस्तै भृगु ऋषि तपस्यामा लीन भएको बेला राजा परीक्षितले उनलाई प्रणाम गरेको बेला ऋषिले ध्यानबाटै मनमनै आशीर्वाद दिए पनि राजा परीक्षितले आफूलाई अपमान गरेको ठानी मरेको सर्प ऋषिगालामा बेह्रिदिएकाले भृगु-पुत्र श्रृङ्गिऋषिले सर्पको डसाइबाट मेरो पिताजीको अपमान गर्ने व्यक्तिको मृत्यु होस् भनी श्राप दिएकाले अन्त्यमा राजा परीक्षितको सर्पको डसाइबाट मृत्यु भएको कुरा कथामा उल्लेख गरिएको छ । यसरी कथाम ऋषि-मुनिहरु कष्टपूर्ण तपस्याबाट प्राप्त तेजोबलले बाँच्ने तथा आफूप्रति सम्मान देखाउनेको आशीर्वाद दिएर भलो गर्ने र आफू प्रति कुदृष्टि राखी अपमान गर्नेहरुलाई श्राप दिएर कुभलो गर्ने हुनाले लोकजीवनले उनीहरुप्रति आस्था र श्रद्धापूर्ण दृष्टि राख्दछ भन्ने कुरा यस लोककथामा व्यक्त गरिएको छ ।

राजा विक्रमादित्य (१७) कथामा पूर्व जुनीमा आफू भोकै रहेर घरमा आएका साधुलाई भोजन दिएर तृप्त पारेको कारण यस जुनीमा तीनै लोकमा नाम चलेको प्रतापी राज बन्न सकेको विश्वास पाइन्छ । कथामा पूर्वजुनीमा एउटा गरिब परिवारको सदस्य रहेका विक्रमादित्यले आफू सात दिन भोकै रहेर भोलिपल्ट आठौं दिनका दिन चौध दिन भोकै बसेका एक जना साधुलाई आफ्नो घर आएको बेला आफूले खाने भनेर ठिक्क पारेको भोजन खुवाएर सन्तुष्ट बनाएको कारण यो जुनीमा उनको नाम तीनै लोकमा चलेको र शक्तिशाली राजा भएको रहस्य वनमान्छेबट खुलेको देखाइएको छ । हाम्रो समाजमा अतिथिलाई देवता सरह मान्ने जुन मान्यता रहिआएको छ त्यस कुरालाई यो कथामा वर्णित घटनाले थप पुष्टाइँ गरेको पाइन्छ । लोकजीवनमा विक्रमादित्यप्रति ठूलो

आस्था र श्रद्धा राखिएको कुरा कथाले प्रष्ट पारेको छ । राजा विक्रमादित्यको पदार्पणले नेपाली लोकसंस्कृति माझिएको महसूस हुन्छ ।

### ३.१.१.५ अद्भुत पराक्रम भएका मानवहरूसँग सम्बन्धित विश्वास

पाँच पाण्डव (१०) कथामा पाण्डवका भीम अद्भुत पराक्रम भएकोले उनले किचकलाई मात्र होइन दैत्यलाई समेत पछारेर मार्न सक्थे भन्ने विश्वास पाइन्छ । कथामा द्रौपदीको रुपबाट मोहित भई द्रौपदीलाई भोग गर्ने इच्छा राखेपछि द्रौपदीले उसलाई त्यो दिन कुराले छक्काई सो कुराबारे भीमसँग बताएपछि अर्को दिन बिहान भीम स्त्रीको रुप धारण गरी द्रौपदीले पूजा गर्ने मन्दिरभित्र पसेको बेला किचक पनि मन्दिरभित्र पसेपछि भीमले उसलाई पछारेर मार्छन् । त्यस्तै राजा विराटकहाँ पाण्डवहरु बसिरहेका बेला एक दिन दैत्य झ्यालबाट कोठाभित्र प्रवेश गर्न लागेको बेला पालेपहरा बसेका भीमसँग उसको लडाइँ भएपछि भीमले दैत्यलाई पछारेर मारेको घटना कथामा वर्णन गरिएको छ । भीम मानव भए पनि अद्भुत पराक्रम भएका व्यक्ति थिए । त्यसैले उनले राक्षसलाई पनि लडेर जित्न सक्थे भन्ने विश्वास कथामा पाइन्छ ।

सोनवारानी (२०) कथामा केही राजकुमार र साधारण मानिसहरुमा पनि असाधारण गुण वा शक्ति रहेको हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा एक जना राजकुमारमा आफूले लात्तीले हानेको व्यक्तिमा जहाँ लात्तीले हानेको हो त्यहाँ अमिट दाग रहने र ती राजकुमारका तीन मीतहरु क्रमशः लोहारमा कुनै खिया लागेको फलामलाई रगडेर चम्किलो बनाउने क्षमता, बढइमा चन्दनको कुनै काठबाट आकासमा पनि उड्न सक्ने डुङ्गा बनाउने क्षमता र सिखमा कुनै चीजबाट प्रहार गरेको ठाउँमा पुगी प्रहार गरेपछि पुनः उही ठाउँमा फर्केर आउन सक्ने तीर बनाउने क्षमता भएको घटना देखाइएको छ । हाम्रो समाजमा आदिम लोकजीवनमा प्रचलित यस्ता विश्वासहरु अद्यापि लोककथाहरुको माध्यमबाट व्यक्त भएको पाइन्छ ।

### ३.१.१.६ असाधारण वा अतिकाल्पनिक ठाउँसँग सम्बन्धित विश्वास

पत्तालपुरी राजाकय लडकी (९) कथामा शक्तिशाली र धर्मात्मा मानिस पत्तालपुर जस्तो पृथ्वीको गर्भमा रहेको ठाउँमा पुग्न सक्छ भन्ने विश्वास पाइन्छ । पत्तालपुरी राज्यमा जान गहिरो कुँवाभित्र पस्नु पर्ने र त्यहीबाट मात्रै त्यो असाधारण ठाउँमा पुग्न सकिने कुरा

कथामा देखाइएको छ । राजा विक्रमादित्य पत्तालपुरी राजाकी छोरीलाई समात्न भनी पछि लाग्दा उनी कुवामा फुङ्गाली पत्तालपुरी गएपछि राजा विक्रमादित्य पनि उनकै पछि लागि पत्तालपुरी राज्यमा पुग्छन् र त्यहाँका राजको सर्तानुसार राजकुमारीलाई आफूसँग तीनपटक बोल्न सक्ने गराई सर्त जितेर उनलाई आफैले विवाह गरी ल्याउँछन् । इन्द्रभगवान्का चार दूतहरुले समात्न नसकेकी राजकुमारीलाई राज विक्रमादित्यले सजिलै विवाह समेत गरेर ल्याएको कुरा कथामा पाइन्छ ।

पाँचपाण्डव (१०) कथामा युद्धमा वीरगति प्राप्त गरेको मानिस मृत्युपछि स्वर्गमा जन्मिन सक्छ भन्ने विश्वास पाइन्छ । कथामा महाभारतको युद्धका क्रममा कौरवको चक्रव्यूह तोड्न अगाडि बढेका अभिमन्युलाई कौरवले छलकपट गरी युद्धको नियम विपरित मारेको हुँदा मृत्युपछि अभिमन्यु सिधै स्वर्ग जान पाएका हुन् भन्ने कुरा देखाइएको छ । श्रीकृष्ण भगवान्का साथ अर्जुन स्वर्गमा गई हेर्दा अभिमन्यु स्वर्गमा खेलिरहेका देखिनुले हाम्रो समाजमा युद्धमा मारिने व्यक्ति स्वर्गमा जन्मिन पुग्छ भन्ने विश्वास रहेको कुरा यस कथामा व्यक्त भएको छ ।

बाबनकय लरिका (१२) कथामा निश्छल बालबालिकाहरुमा भगवान्प्रति गहिरो आस्था हुन्छ र त्यही आस्थाका कारण स्वर्गमा पुगी पृथ्वीमा फर्किन सक्छन् भन्ने विश्वास पाइन्छ । साना बालबालिकाहरुको मनमा भगवान् र भगवान्सँग सम्बन्धित कुनै शंका उत्पन्न भए शंका निवारण गर्न उनीहरु स्वर्गमा गई आफ्नो मनमा उठेको जिज्ञासा भगवान् समक्ष राख्न सक्छन् भन्ने कुरा कथाम देखाउन खोजिएको छ । कथामा बाहुनको छोराले भीख मागेर ल्याएको अन्नपात अरु भीख माग्न आउनेलाई दिएको देख्दा आफ्नी हजुरआमासँग असन्तुष्टि व्यक्त गरेको प्रसङ्गमा उसकी हजुरआमाले 'हामीले दिएको जति भगवान्कहाँ जम्मा हुन्छ' भनेको सुनेपछि सो कुरा जाँच्ने उद्देश्य लिएर ऊ भगवान्कहाँ पुगेको र त्यहाँ उसको घरबाट माग्नेहरुलाई दिएजतिका अन्नपात जम्मा भएको देखेपछि हजुरआमाले भनेको कुरामा विश्वस्त भएको घटना कथामा वर्णन गरिएको छ । बाहुनको त्यो छोरामा दान र धर्मप्रतिको विश्वास अझ बढेर आएको पाइन्छ । लोकजीवनमा गाउँघरमा माग्न आउने गरिब, भिखारी, साधु आदिलाई भीख दिने प्रचलनका पछाडि यस्ता विश्वास रहेको पाइन्छ भन्ने कुराको संकेत कथामा गरिएको छ ।

### ३.१.१.७ असाधारण शक्ति भएका जीवहरूसँग सम्बन्धित विश्वास

कानी चिरइया (२) कथामा कुनै कुनै चराहरुमा शरीरलाई टुक्रा-टुक्रा पारेपनि आत्मा अथवा प्राण शरीरबाट नगएकाले पुनः त्यही टुक्राबाट चरो जीवित हुन सक्छ भन्ने विश्वास पाइन्छ । यस कथामा एउटा कानो चरोले किसानको अन्नखाई नोक्सान पुऱ्याउँदा किसानले चरोलाई समाती घर लैजाने क्रममा बाटोमा चरोलाई मुक्त गरिदिन क्रमशः घाँसी, दाउरे, भेडा गोठाले, भैंसी गोठाले, घोडसवार र माहुतेले अनुरोध गरे पनि किसानले त्यो चरोलाई मुक्त नगरी घर लगेर काटकुट गरी पकाउँदा समेत चराको प्राण जाँदैन अर्थात् चरोले किसानसँग कुरा गरिरहेको हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । चराको मासु पकाएर तयार पारी खान लाग्दा पनि चराले कुरा गरेको मात्र छैन किसान भोलिपल्ट दिसा गर्न बस्दा अपानवायुसँगै चरो भुर्र उडेर भगेको कुरा कथामा देखाइएको छ । कथामा कुनै कुनै चराहरुमा असाधारण शक्ति रहेको हुन्छ भन्ने विश्वास देखाइएको पाइन्छ ।

मेघिया रानी (१५) कथामा भ्यागुतो भ्यागुताको खोल (कंकाल खोक्रो) बाट एउटी सुन्दर युवतीमा परिणत भई युवकलाई मोहित पार्न सक्छ र आफूलाई युवकले भोग चढाउन थालेको कुरा थाहा पाउन सक्छ भन्ने विश्वास पाइन्छ । कथामा तीन दिदी-बहिनी भ्यागुताहरुमध्ये एउटा भ्यागुताले तोरीको खली लगेर नदीको छेउँको ढुंगामाथि राखी त्यसमाथि पानी खन्याएपछि खली गलेर फिजिएपछि त्यो भ्यागुतोबाट सोह्रवर्षे तरुनी निस्केको देखी युवक बर्दियाले उसैसँग विवाह गर्ने अठोट गरेको घटना वर्णन गरिएको छ । पूर्वजुनीमा कसैको श्रापका कारण हो वा अन्य कुनै कारणले हो यस जुनीमा भ्यागुतो बन्नु परेको हुन सक्ने ती सुन्दर युवतीलाई युवक बर्दियाले नैनीतालको पोखरीमा नैनीताल देवीलाई भोग चढाएपछि उनको लासलाई पोखरीको नजिकै डिलमा गाडेपछि केही दिनमै ती युवती बाँस भएर उम्रिएको कुरा कथामा चित्रित छ । त्यो बाँसबाट बनाइएको बाँसुरी फुक्दा युवती बोल्नु र युवक बर्दियाले राती सुत्ने बेला बाँसुरी आफ्नो विस्तारमा राखेर सुत्दा पहिलेकै सुन्दर युवती बनी त्यो युवकलाई पतिको रुपमा सेवा गर्नु अनि युवकले बाँसुरी जलाएपछि भने युवती बाँसुरीभित्र पस्न नपाई सधैंको लागि युवक बर्दियाकी दुलहीका रुपमा रहिरहनुले ती युवतीमा असाधारण शक्ति भएको आभाष कथाले दिन्छ । अवधी लोकसमाजमा पनि भ्यागुतोबाट युवती निस्किने घटनाले गर्दा कुनै कुनै भ्यागुतामा असाधारण शक्ति रहेको हुन्छ भन्ने विश्वास पाइन्छ ।

### ३.१.१.८ असाधारण वस्तु वा पदार्थहरूसँग सम्बन्धित विश्वास

अहिरा और डायनिया (१) कथामा कुनै कुनै ढिक्करको पनि रुख हुने र त्यो रुखमा ढिक्कर फल्न सक्ने विश्वास पाइन्छ । कथामा अहिरा एकपटक ससुराल गएको र सासूले पकाएर खान दिएको पीठोको ढिक्कर साह्रै मीठो (स्वादिलो) भएकोले ससुरालीबाट फर्किने बेला सासूले घर लैजान भनी दिएको ढिक्कर अहिराले घर ल्याई घरपछाडि लगाइदिन्छ र त्यो ढिक्कर केही दिनमै एउटा रुख जत्रो बनी त्यो रुखमा ढिक्करै ढिक्कर फल्न थालेको चर्चा पाइन्छ । अहिरा त्यही रुखमा चढी ढिक्करका फल टिपी खाने गरेको चर्चाले के देखाउँछ भने मानिसलाई प्रिय लागेको कुनै कुनै वस्तुमा पनि जीवनी शक्ति हुँदो रहेछ र त्यो एउटा रुखमा पनि परिणत भई मानिसको इच्छानुसार रुप परिवर्तन गर्दो रहेछ भन्ने विश्वास लोकसमाजमा व्याप्त रहेको देखिन्छ ।

चल धुनकिया ठुम्मुक ठुम्मुक (३) कथामा माटाको धान, अन्न राख्ने डेहरी पनि गुड्दै आफै गन्तव्य स्थानमा पुग्दछ भन्ने विश्वास पाइन्छ । कथामा बाख्राको पाठो मामाघर गई केराउका कोसा खान्छ र घर फर्किदा बाटोमा भेटिएको बाघ, भालू र स्यालबाट बच्न मामालाई एउटा धुनकी (डेहरी) बनाइदिन भनेपछि पाठो त्यही धुनकी भित्र बसी मामाले धुनकीलाई घुचेट्दा धुनकी आफै गुड्दै गन्तव्य स्थानतिर बढेको घटना उल्लेख गरिएको छ । पाठो मामाघर आउने बेला बाटोमा भेटिएका क्रमशः बाघ, भालू र स्यालले उसलाई खान खोज्दा उसले आफू मामाघर गई केराउका कोसा खाएर मोटाएपछि घर फर्किदा आफूलाई खाने सर्तमा पाठो ती हिंस्रक जन्तुहरुबाट बँचेर मामाघर पुगेको थियो । मामाघरबाट फर्किदा तीनै जनावरहरुबाट बच्न पाठोले आफ्नो मामालाई एउटा धुनकी बनाइदिन भनेकोले पाठो त्यही धुनकी भित्र बसी घर फर्किएको थियो । त्यो धुनकीलाई एकपटक घुचेटेपछि आफै गन्तव्य स्थानतिर बढ्न सक्ने भएकाले त्यो वस्तुमा पनि असाधारण शक्ति रहेको विश्वास यस कथामा पाइन्छ ।

जुलाहा और मुर्द्धवा (७) कथामा माछोमा एक विशेष प्रकारको पदार्थ लाल रहने भएकाले त्यो लालको उज्यालोको कारण माछाले अरुलाई देख्न नसक्ने तथा त्यो लाल साथमा राख्ने मानिसको अनुहार पनि चमकिने कारणले गर्दा लालमा अनौठो शक्ति हुँदोरहेछ भन्ने विश्वास पाइन्छ । कथामा जुलाहा र मुर्द्धवा पानी जहाजमा चढी समुद्रपार जाने क्रममा अकस्मात् माछाले जहाज रोकिदिंदा जहाज कमाण्डरको जहाजलाई अवरोध

पुऱ्याउने वस्तु हटाइ जहाजलाई अघि बढाउन सकिने अवस्था सिर्जना गरिदिने व्यक्तिलाई पाँचसय रुपियाँ पुरस्कार दिने घोषणाले गर्दा मुर्द्धवा समुद्रमा हामफाली माछाको मुखबाट लाल भिकेपछि माछा जहाजछोडी टाढा गएपछि जहाज चल्न सुरु गर्छ र त्यो लाल आफ्नो साथमा भएको कारण मुर्द्धवाको अनुहारमा चमक आएको कुरा कथामा वर्णित छ । प्रकृतिमा अनौठा-अनौठा वस्तु हुन्छन् र ती वस्तुले अनुकूल समय र अवस्थामा आफ्नो प्रभाव देखाउँछन् भन्ने लोकविश्वास यस कथामा पाइन्छ ।

मेघिया रानी (१५) कथामा भ्यागुताको खोल र बाँसुरीबाट सुन्दर युवती प्रकट हुन्छिन् भन्ने विश्वास पाइन्छ । कथाम तीन दिदीबहिनी भ्यागुताहरुमध्ये एउटा भ्यागुतोले तोरीको खली नदीको किनारको ढुंगामाथि राखी त्यसमा पानी छर्किदा खली गलेपछि भ्यागुताको खोलबाट एउटी सोह्रवर्षे युवती प्रकट हुन्छिन् भने तिनै युवती मरेपछि उनको लासबाट लास गाडेको नैनीतालको पोखरीको डिलबाट उम्रेको बाँसबाट बनाएको बाँसुरीबाट राती तिनै सोह्रवर्षे युवती प्रकट भएको वर्णन कथामा पाइन्छ । युवक बर्दियाले आफूसँग सुत्ने बेला राखेको त्यो बाँसुरीबाट राती युवती निस्केपछि त्यो बाँसुरीलाई आगोमा जलाइदिएपछि भने युवती बाँसुरीमा प्रवेश गर्न नपाई सधैंको लागि युवक बर्दियाको पत्नी भएर बसेको घटनाले कथामा रोचकता भरिदिएको छ । यसरी त्यो बाँसुरीमा पनि अनौठो शक्ति रहेको विश्वास यस कथामा पाइन्छ ।

लकडहाराकय कर्म (१८) कथामा सुनको एउटा विशेष प्रकारको ढुंगोलाई फलाममा रगडे त्यो फलाम सुन हुने विश्वास पाइन्छ । कथामा एउटा गरिब दाउरेलाई जंगलमा दाउरा चिरिरहेको अवस्थामा जंगलमा घुम्दै आएका कर्म र कुकर्महरुमध्ये कुकर्मले दाउरेको दयनीय अवस्थादेखि उसको कल्याण्को लागि फलाममा रगडे त्यो फलामलाई सुनमा परिणत गर्न सक्ने सुनको ढुंगो दिएको उल्लेख गरिएको छ । दाउरेले पनि कुकर्मले भनेको कुरा जाँच्नको लागि त्यो सुनको ढुंगो एउटा कोदालोमा रगड्दा त्यो कोदालो तुरुन्तै सुन भएको देखि खुसी भएको घटनाले कथामा त्यस्तो सुनको ढुंगोको चर्चा भएको देखाइएको छ ।

सातमामा ठग भान्जा (१९) कथामा एउटा विशेष प्रकारको लौरो (अभिमन्त्रित लौरो) मा मरेको मान्छेलाई जीवित तुल्याउने शक्ति रहेको हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा आफ्ना सातजना मामाहरुलाई ठग्न एउटा भान्जाले एउटा सामान्य लौरालाई अभिमन्त्रित

लौरो नै हो भन्ने विश्वास दिलाई आफ्ना मामाहरुलाई महङ्गो दाममा त्यो लौरो बेच्ने उद्देश्यले आमालाई पहिल्यै नै अह्राइ सिकाइ त्यो लौरोको अनौठो प्रयोग गरी आफ्ना मामाहरुलाई महंगो दाममा त्यो लौरो बेचेको घटना उल्लेख गरिएको छ । भान्जाले मामाहरुलाई ठग्न आफ्नी आमालाई आफूले दिएको बनावटी निर्देशनको पालना नगरेको भनी पहिल्यै नै कुनै जन्तुको रगतलागेको आलो मासु बेरेको आमाको घाटीमा मामाहरुले देख्ने गरी छुराले रेटेपछि उसकी आमाले मरेको बहाना गर्छिन् र मामाहरुले चिन्ता गरेपछि उसले त्यही कथित अभिमन्त्रित लौरो आमाको नाकमा सुँघाएपछि आमा पहिले भैं जीवित बनेको देखि त्यो लौरामा मरेको मान्छेलाई बचाउने शक्ति रहेको ठानी ती मामाहरुले महङ्गो दाम दिएर भान्जाबाट त्यो लौरो किनेको घटना कथामा वर्णन गरिएको छ । लोकजीवनमा त्यस्तो अभिमन्त्रित लौरोमा विशेष शक्ति रहेको हुन्छ भन्ने विश्वास भएको देखाउने थुप्रै लोककथाहरु हाम्रो समाजमा भनिन्छन् । नेपाली लोककथाहरुमा प्रायः राक्षसहरुले आफूसँग राखेकी युवतीलाई आफू महलबाहिर जाँदा युवतीलाई बिहोस बनाउन र आफू शिकार गरी फर्के आउँदा युवतीलाई होसमा ल्याउन सुनको अभिमन्त्रित लौरो नाकमा सुँघाएभैं यस कथामा पनि मरेको व्यक्तिको नाकमा कथित अभिमन्त्रित लौरो सुँघाएर मृत व्यक्तिलाई जीवित बनाएको घटनाले के स्पष्ट पार्छ भने लोकसमाजमा अभिमन्त्रित लौरामा असाधारण शक्ति रहेको हुन्छ ।

सोनवारानी (२०) कथामा चन्दनको काठबाट बनेको डुङ्गा आकासमा पनि उड्न सक्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा राजकुमारका तीन मीतहरुमध्ये एउटा मीत बढई (सिकर्मी) सँग चन्दनको काठबाट आकासमा पनि उड्न सक्ने डुंगा बनाउने गुण भएको कुरा उल्लेख गरिएको छ । बढईले बनाएको त्यही डुंगामा राखी बढईले सोनवारानी, कानोराजा, कुटुनी बूढी, आफू र आफ्ना दुई मीतहरुलाई आकासमा उडाएको र आकासमा उड्दै गरेको डुंगाबाट कानो राजा र कुटुनी बूढीलाई धकेलिदिएको वर्णन कथामा गरिएको छ । यसरी चन्दनको काठबाट बनाइएको डुंगामा आकासमा पनि उड्न सक्ने असाधारण शक्ति रहेको विश्वास यस कथामा पाउन सकिन्छ । विशेष गुण भएका कारण हाम्रो धर्मशास्त्रमा चन्दनको उल्लेख भएको र पूजाआजामा चन्दनको टीका लगाउने प्रचलन अद्यावधि रहेको पाइन्छ ।

### ३.१.१.९ असाधारण मौसम र प्रकृतिसँग सम्बन्धित विश्वास

राजकुमारकय फुला (१६) कथामा राजाले आफ्नो सम्पत्तिमा लगाएको आगोबाट निस्केको धुँवाले पृथ्वीमा मात्र नभई स्वर्गलोकलाई समेत अँध्यारो बनाएको विश्वास पाइन्छ । कथामा राजाका छोराछोरी कुनै सन्तान पनि नहुँदा राजा दिक्क भई आफ्नो मृत्युपछि आफ्नो सम्पत्तिको हकदार कोही नभएकाले आफ्नो सारा सम्पत्ति गरिबगुरुवालाई बाँडी बाँकी रहेको सम्पत्तिमा आगो लगाउँदा आगोको धुँवाले पृथ्वीलाई मात्र नभई स्वर्गलोकलाई समेत अँध्यारो बनाएको घटना उल्लेख गरिएको छ । अन्धकारमय बनेको स्वर्गलोकमा इन्द्रको आसन हल्लिन पुगेपछि इन्द्र भगवान् विष्णु भगवान्लाई गुहार्दै ब्रम्हालोक पुगी ब्रम्हासँग उत्पन समस्या समाधान गरिदिन आग्रह गर्दा ब्रम्हाजीले विष्णु भगवान्लाई पृथ्वीमा गई के कारणले त्यस्तो समस्या उत्पन्न भएको हो सो कुरा बुझ्न पठाएपछि विष्णु भगवान् पृथ्वीमा आई सम्पूर्ण अवस्थाबारे जानकारी लिएर ब्रम्हासँग बेलिविस्तार लगाउन पुगेको कुरा कथामा उल्लेख गरिएको छ । ब्रम्हाजीले समस्या समाधान गर्नका लागि विष्णु भगवान्लाई पृथ्वीमा गई ती राजाकी रानीको गर्भमा रही राजारानीको पुत्रको रुपमा जन्मिन भने पछि विष्णु भगवान् रानीको गर्भमा रही ९ महिना पछि राजारानीको पुत्रको रुपमा जन्मिन पुगेको घटनाले पृथ्वीमा उत्पन्न समस्या समाधान हुन पुगेको विश्वास यस कथामा पाइन्छ । यसरी कथामा प्रतापी राजाको उत्तराधिकारी कोही नहुँदा पृथ्वीवासीहरुलाई मात्र होइन स्वर्गमा बस्ने देवताहरुलाई समेत अप्ठ्यारो परेको कुरा कथामा सुन्न पाइन्छ । राजाले आफ्नो उत्तराधिकारी कोही नहुँदा चिन्तित भएर आफ्नो सम्पत्तिमा लगाएका आगोले पृथ्वीमा मात्र नभई सारा दुनियालाई अन्धकारमय पार्ने असाधारण मौसम उत्पन्न भएको विश्वास यस लोककथामा पाइन्छ ।

## ३.१.२ जादु टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू

यस मूलशीर्षक अन्तर्गत उपशीर्षक २.१ सँग समेट्न सकिने कपिलवस्तु जिल्लाका प्रचलित केही अवधी लोककथा भित्रका लोकविश्वासहरु निम्न रहेका छन्:

### ३.१.२.१ जादुगरी शक्ति (इन्द्रजाल) सँग सम्बन्धित विश्वासहरू

दुई ठग (८) कथामा मन्त्रले सिद्ध भएको कैंचीले कपडा काट्दा कैंचीमात्र हावामा चलाएको देखिने तर कपडा नदेखिने हुन्छ भन्ने विश्वास पाइन्छ । यसो हुनुमा कैंची

जादुगरी शक्तिले सम्पन्न भएको हो भन्ने लोकविश्वास रहेको पाइन्छ । कथामा दुई ठगहरु ठग्ने उद्देश्यले अर्को राज्यमा गएको बेला त्यहाँका राजाले दुनियाको सबैभन्दा राम्रो कपडा लगाएर सहर घुम्ने कार्यक्रम बनाई जसले सबैभन्दा राम्रो कपडा सिलाउन सक्छ त्यसलाई धेरै पुरस्कार दिने भनी घोषण गरेको कुरा उल्लेख गरिएको छ । ठगहरुले राजाको त्यस्तो घोषणा सुनेपछि दरबारमा गई आफूहरु दुनियाकै सबैभन्दा सिपालु दर्जी भएको कुरा राजालाई अवगत गराएर राजाबाट कपडा सिलाउनको लागि कपडामा लगाउने सामग्रीको रुपमा धेरै सुन, चाँदी, हीरा, मोती र ज्यालाको रुपमा पैसा लिई राजाकै अतिथिगृहमा बसी सुन्दर कपडा सिलाउने बहाना गरेको घटना कथाम देखाइएको छ । उनीहरुले के कसरी सुन्दर कपडा सिलाएका छन् भनी दरबारबाट चियोचर्चो गर्ने राजाका मानिसहरु आउँदा उनीहरु कि त हावामा कैंची चलाउने गर्थे भने कि त सुनको तारलिएर हावामा सिउने गर्थे साथै दरबारका मानिस नआएको बेला कौडी तास खेल्थे । ठगहरुले ती चियोचर्चो गर्न आउनेहरुलाई जादुको कैंचीको र सियोबाट सुन्दर कपडा सिलाउन सकिन्छ भन्ने विश्वास पार्नलाई के पनि भनेका थिए भने भ्रष्टाचारीले  बाहेक अरु सबैले सुन्दर  कपडा देख्न सक्छ । जब राजालाई ती दुई ठगले सिलाएका कपडा लगाइन्छ, ठगहरुले राजालाई नांगै बनाउँदा राजा, रानी, मन्त्रीगण र अन्य सबैले आफूहरुबाट केही न केही भ्रष्टाचार भएको महसुस गरेकोले राजालाई नांगै देख्छन् र सुन्दर कपडा लगाएको देख्दैनन् । राजाले लगाएको सुन्दर कपडा नदेखी राजालाई नांगै देखेको भए पनि राजा नांगै छन् भन्दा आफू भ्रष्टाचारी ठहरिने भएकाले राजालाई नांगै सहर घुमाउन लगिन्छ तर सहर घुमाउन लगेको बेला एक जना बालकले राजा त नांगै पो छन् भनी पोल खोलिदिँदा एउटी महिलाले राजाको नांगो शरीर ढाक्न आफूले ओढ्ने च्यादर दिएर राजालाई ओढाइन्छ भने ठगहरु पहिले नै भागिसकेका हुन्छन् । यसरी जादुको कैंची र सियो तथा जादुबाट सुन्दर कपडा सिलाउन सकिन्छ भन्ने जनविश्वासका कारण ठगहरुले राजालाई ठग्न र उनलाई नांगै बनाउन सफल भएको कुरा यस कथामा उल्लेख गरिएको छ ।

सातमामा ठग भान्जा (१९) कथामा जादुको छडी मरेको मानिसको नाकमा सुँघाउँदा मृत व्यक्ति बाँच्न सक्छ भन्ने विश्वास पाइन्छ । कथामा कथित तालिमप्राप्त स्याल मामाहरुलाई बेचे पनि त्यो स्याल दिएको निर्देशन पालना गर्नुको बदला भागेर जंगल गएकाले मामाहरु रिसाइ भान्जाको घर आउँदा ठग र चलाख भान्जाले मामाहरुलाई फेरि ठग्ने उद्देश्यले आफ्नी आमाको घाँटीमा रगत लागेको जन्तुको आलो मासु बेरिदिन्छ र

आफूले मामाहरुको सामुन्ने चक्कुले घाँटी रेटिँदा मरेको बहाना गर्नू भनेर अह्राउँछ साथै लौरो नाकमा सुधाउँदा 'राम राम' भनी जीवित बन्नु भनेर पनि सिकाउँछ । जब मामाहरु रिसाउँदै आफूलाई भान्जाले तालिमप्राप्त स्याल भनी बेचेको तर त्यो स्याललाई काम अह्राई बन्धनमुक्त गरिदिँदा स्याल भागेको कुरालाई लिएर गाली गर्न थालेपछि भान्जाले आफ्नी आमालाई 'के ढंगले त्यो स्याललाई तालिम दिएकी ?' भन्दै र आमासँग रिसाउँदै घरभित्र पसी एउटा चक्कु लगाएर आमाको घाँटीमा रेट्न पुग्दा उसकी आमा मरेको वहाना गर्छिन् भने उसका मामाहरु आत्तिएर 'यो के गरेको भान्जा' भनी पीर मान्छन् । भान्जाले 'नआत्तिनुस् मामा म यो छडीले बचाउँछु' भन्दै कथित अभिमन्त्रित लौरो आमाको नाकमा सुधाउँदा आम राम ! राम ‼ भनी जीवित बन्छिन् र मामाहरुले जादुको छडी ठानी महंगो दाममा त्यो लौरा किन्छन् । कथामा वर्णित यस घटनाले लोकजीवनमा व्याप्त जादुप्रतिको विश्वासलाई देखाएको छ । जादुको छडी नभई सामान्य छडी भए पनि ठग भान्जाले चलाखीपूर्ण ढंगले त्यो छडीलाई जादुको छडी भनी मामाहरुलाई विश्वास दिलाएर बेच्न सक्नुले जनमानसमा जादुप्रतिको विश्वास अटल नै देखिन्छ ।

### ३.१.२.२ जादु र योगबाट प्राप्त सिद्धिहरू (अष्टसिद्धि) प्रतिका विश्वासहरू

सोनवारानी (२०) कथामा मन्त्र पढेर मानिसलाई जुम्रा र जुम्रालाई मानिस बनाउन सकिन्छ भन्ने विश्वास पाइन्छ । राक्षसको मृत्यु सात समुद्रपारिको खजुरीको रुखमा भएको सुनको पिंजराभित्रको सुगाको मृत्युसँगै हुने र राजकुमारको मृत्यु उनको तरवार जलाएमा हुने विश्वास पाइन्छ साथै कुटुनी बूढीले मन्त्र पढी डुङ्गालाई चाहेको दिशातिर लैजान सकिन्छ भन्ने विश्वास पनि पाइन्छ ।

कथामा एउटी सुन्दर युवतीमात्र भएको बेला एकजना राजकुमार महलमा प्रवेश गर्दा ती दुवैजना बीच बातचित पनि हुन्छ र राजकुमारलाई ती युवतीका आमा र बाबुलगायत त्यो सहरका धेरै जसो मानिसलाई त्यही महलमा बस्ने राक्षसले खाएको कुरा पनि अवगत भएको कुरा देखाइएको छ । केही बेर ती राजकुमार र एक्ली युवतीबीच कुराकानी भएपछि युवतीले शिकार गर्न गएको राक्षस फर्किन लागेको कुरा थाहा पाई राजकुमारलाई त्यहाँबाट जान अर्थात् भाग्न आग्रह गर्दा राजकुमारले ती युवतीसँग कि त आफूलाई राक्षसको आहारा बनाउने कि त कुनै तरिकाबाट आफूलाई लुकाएर राख्ने आग्रह गर्दा ती युवतीले मन्त्र पढी तुरुन्तै राजकुमारलाई जुम्रा बनाई आफ्नो कपालमा

लुकाउँछिन् । राक्षस आएपछि राजकुमारलाई नदेखे पनि मानिसको गन्ध आएको कुरा राक्षसले भन्दा युवतीले आफू मानिस नै भएकोले मानिसको गन्ध आएको हुनसक्ने कुरा गरेपछि राक्षस अरु कोही मानिस नभएको कुरामा विश्वास गर्छ । भोलिपल्ट राक्षस महलबाहिर जंगलतिर सिकारको खोजीमा गएपछि ती युवतीले मन्त्र पढी जुम्राबाट फेरि राजकुमार बनाई दुवै जना प्रेमालाप गर्दछन् । यसरी यस कथामा मन्त्रको बलले मानिसलाई जुम्रा र जुम्रालाई मानिस बनाउन सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ ।

कथामा केही दिन ती युवती र राजकुमारबीच यस्तै किसिमले समय बितेपछि एक दिन राजकुमार ती युवतीलाई राक्षसको मृत्यु के कुरामा रहेको छ सो बारे सोध्न भनेपछि युवतीले साँझ राक्षसलाई फकाई फुल्याई राक्षसकै मुखबाट उसको मृत्यु सात समुद्रपारिको एउटा खजुरीको रुखमा रहेको सुनको पिँजराभित्रको सुगामा छ भन्ने सुनेपछि युवतीले त्यो कुरा राजकुमारलाई बताएपछि राजकुमार अर्को दिन युवतीलाई त्यहीं छोडी सात समुद्रपारि गई खजुरीको रुखमा चढी सुनको पिँजराभित्रको सुगा समाती त्यो सुगालाई मार्दा राक्षसको मृत्यु हुन पुग्छ र राजकुमार फर्केर आई त्यही महलमा ती युवतीसँग विवाह गरी बसेको घटना कथामा वर्णित छ । यसरी कथामा राक्षसको मृत्यु कुनै एउटा कार्यमा रहेकोले लोकजीवनमा यस्ता योगसिद्धिसम्बन्धी विश्वास व्याप्त रहेको स्पष्ट हुन्छ ।

कथामा मन्त्रले डुंगालाई निर्देशित दिशातिर चलाउन सक्छ भन्ने विश्वास पनि पाइन्छ । ती युवती नदीमा नुहाउन जाँदा उनको कपालबाट एउटा रौं झरेपछि युवतीले त्यो रौंलाई एउटा पातको दुनो खुटेर त्यही दुनोमाथि राखी नदीमा बगाइदिन्छिन् । त्यो दुनो नदीमा बग्दै जाँदा अर्को राज्यको एउटा घाटमा पुग्छ जहाँ त्यो राज्यका कानो राजाले नुहाइरहेका हुन्छन् । ती राजाले दुनोमा बग्दै आएको त्यो रौंलाई देखी त्यो रौं जसको हो उसैसँग विवाह गर्नको लागि त्यो युवतीलाई खोजी दरबारमा ल्याउनेलाई ठूलो पुरस्कार दिने घोषणा गरेपछि त्यही राज्यकी एउटी कुटुनी बूढी दरबारमा पुगी आफूले त्यो रौं भएकी युवतीलाई खोजी ल्याउने कुरा बताउँछे । त्यो बूढीसँग त्यस्तो सिद्धि थियो कि मन्त्र पढेपछि नदी किनारमा रहेको उसको डुंगा निर्देशित दिशातिर बग्थ्यो । कुटुनी बूढीले मन्त्र पढी त्यो डुंगालाई तिनै युवती भएको राज्यतिर लगी । ती युवतीको रौं सुनजस्तै चमकिलो भएकोले उनको नाम सोनवारानी रहेको थियो । कुटुनी बूढी डुंगालाई नदीको तिरमा छोडी आफू सोनवारानी भएको महलमा पुगेर आफू सोनवारानीको फुपू भएको सोनवारानी

नजन्मिदै सानैमा विवाह गरेपछि धेरै वर्षमा आएकोले सोनवारानीले आफूलाई नचिन्ने कुरा बताएपछि कुटुनी बूढीले सजिलै सोनवारानीको मनमा विश्वास पार्न सक्छे । कुटुनी बूढीले सोनवारानीलाई विश्वासमा पारी एकदिन राजकुमारको मृत्यु के कुरामा छ सोध्नू भनेर उनलाई अह्राएपछि सोनवारानीले राजकुमारलाई पनि विश्वासमा पारी उनको मृत्यु के कुरामा छ सो बारे सोध्दा राजकुमारले सोनवारानीलाई एक लात्ती छातीमा हानेपछि आफ्नो मृत्यु आफ्नै तरवारमा भएको कुरा बताउँछन् । सोनवारानीबाट राजकुमारको मृत्युबारे कुटुनी बूढीले थाहा पाएपछि एकदिन राजकुमार आफ्नो तरवार भुलवश महलमा छोडी जंगलतिर शिकर गर्न गएको मौका पारी कुटुनी बूढीले उनको तरवार लगेर आगोमा जलाउन लाग्दा राजकुमारलाई आफ्नो मृत्युको आभाष हुन थालेपछि उनी महलतिर आउँछन् । कुटुनी बूढीले तरबार जलाएर रातो न रातो बनाउँदा राजकुमार महलनिरै मर्छन् । यसरी कथामा राजकुमारको मृत्यु पनि तरवार जलाएर हुने कुराको वर्णनले लोकजीवनमा यस्ता योगसिद्धिहरु प्रतिअगाध विश्वास रहेको पाइन्छ ।

कथामा कुटुनी बूढीले सोनवारानीलाई केही दिनपछि फकाई फुल्याई आफ्नो घर लैजाने वहानामा कानो राजाको दरबारमा लग्छे र कानो राजाले सोनवारानीसँग विवाह गर्न खोज्दा आफू बाह्रवर्षसम्म व्रतबसी दानपुण्य गर्ने कुरा बताएपछि कानो राजा बाह्रवर्षसम्म सोनवारानीलाई पर्खी बस्छ ।

कथामा वर्णित घटनाक्रमले के देखाउँछ भने राक्षसको मृत्यु सुगामा हुनु, राजकुमारको मृत्यु उनको आफ्नै तरवारमा हुनु, कुटुनी बूढीले मन्त्रपढी गन्तव्य दिशातिर डुङ्गा चलाउनु आदि जादु र योगबाट प्राप्त सिद्धिहरु यस कथामा व्याप्त छन् ।

### ३.१.२.३ रुपान्तरण (मानिस-मानिसमा, मानिस-पशुमा, पशु-मानिसमा, मानिस- वस्तुमा, वस्तु-मानिसमा, वस्तु-वस्तुमा, वस्तु-विविधमा रुपान्तरण) सम्बन्धी विश्वासहरू

जुलाहा और मुर्द्धवा (८) कथामा भगवान्ले निश्चित समय तथा उद्देश्यका लागि मूर्द्धालाई मानिसमा रुपान्तरण गर्न सक्छन् भन्ने विश्वास कथामा पाइन्छ । कथामा एउटा गरिब जुलाहा कपासको डल्लो किन्न जाने बेला नदीको बगरमा एउटा मान्छेले निर्मम ढंगले मूर्द्धालाई लौराले पिटेको देखी पिट्ने मानिसलाई जुलाहाले हप्काउँदा त्यो मानिसले आफ्नो पाँचसय रुपियाँ ऋण नतिर्दै मरेको हुँदा मूर्द्धालाई पिटेको कुरा गरेपछि जुलाहाले मूर्द्धाको निम्ति आफैले पाँचसय रुपियाँ तिरिदिन्छ र त्यो मान्छेले मूर्द्धालाई पिट्न छोडेपछि

जुलाहा फर्केर घर गई आफ्नी श्रीमतीलाई आफू कपासको डल्लो नकिनी त्यसै फर्केको कुरा बताएपछि श्रीमतीले साहूकहाँ गई ऋण काढी फेरि पाँचसय रुपैयाँ जुलाहालाई दिएर कपास किन्न पठाएको घटना उल्लेख गरिएको छ । जुलाहा अर्को दिन नदीको बगरमा आउँदा मूर्द्धा कात्रो ओढी मसानघाटबाट निस्केर भगवान्सँग आफूलाई जुलाहाको ऋण तिर्नसम्मको लागि ज्यूँदो मान्छे बनाइदिन आग्रह गरेपछि भगवान्ले त्यो मूर्द्धाको बिन्ती सुनी तुरुन्तै उसलाई मूर्द्धाबाट ज्यूँदो मान्छे बनाइदिन्छन् र त्यो मूर्द्धावाला मान्छेले जुलाहालाई नोकरी गर्न बम्बईतिर जान अनुरोध गरेपछि जुलाहा र मूर्द्धा दुवै बम्बईतिर हिँडेको घटना कथामा देखाइएको छ । यसरी मूर्द्धाले आफ्नो निम्ति आफूले पहिल्यै ऋणलिएको साहूलाई आफूले ल्याएको पाँचसय रुपियाँ तिरिदिएको जुलाहालाई आफूले पनि कमाएर जुलाहालाई पाँचसय रुपियाँ नतिर्दासम्म आफ्नो आत्मालाई सन्तोष नहुने ठानी भगवान्सँग आफूलाई मान्छे बनाइदिन गरेको आग्रह बडो विचारणीय देखिन्छ । यहाँ उचित कार्यको लागि मूर्द्धालाई निश्चित उद्देश्य परिपूर्तिको निम्ति मात्र मान्छेमा रुपान्तरण गरिएको विश्वास व्यक्त भएको पाइन्छ । त्यस्तै मूर्द्धाले जुलाहालाई कतारमा पुऱ्याई थुप्रै रुपियाँसहित माछाको लालसमेत दिलाइदिएपछि नदीको त्यही बगरमा फर्केर आई जुलाहासँग बिदा भई आफू फेरि मूर्द्धामा परिणत भएकाले कथामा मूर्द्धा मानिसमा र मानिस मूर्द्धामा रुपान्तरण भएको विश्वास पाइन्छ ।

मेघियारानी (१५) कथामा भ्यागुताबाट तथा बाँसुरीबाट सुन्दर युवती प्रकट हुने र फेरि भ्यागुतो तथा बाँसुरीमा पसी एकाकार हुने विश्वास पाइन्छ । कथामा तीन दिदीबहिनी भ्यागुताहरुमध्ये एउटा भ्यागुताले तोरी कोलमा पेल्दै गरेको अवस्थामा कोलनिर खसेको खली लगेर नदीमा गई त्यसलाई एउटा ढुंगोमाथि राखेर खलीमाथि पानी छर्केपछि त्यो खली गलेपछि भ्यागुताको खोलबाट एउटी सुन्दर युवती निस्केको कुरा देखाइएको छ । जीवबाट मानिसमा रुपान्तरण भएको विश्वास यस कथामा पाइएको छ । युवक बर्दियाले तिनै सुन्दरी युवतीसँग विवाह गरेपछि एक दिन गाईगोरु चराउन गएको बेला तिनै युवतीले गाईगोरुलाई पानी खुवाउन निषेध गरेको नैनीतालमा बर्दियाले गाईगोरुलाई पानी खुवाउँदा सबै गाईगोरु नैनीतालमा अलप भएपछि बर्दियाले नैनीतालदेवीको इच्छा मुताविक तिनै भ्यागुता रानीलाई भोग चढाई आफ्ना अलप भएका गाईगोरुको उद्धार गरेको घटना कथामा देखाइएको छ । भ्यागुता रानीको पहिल्यैकै सल्लाह र इच्छानुसार बर्दियाले भ्यागुतारानीको मृत शरीरलाई नैनीतालको डिलमा गाडिदिएपछि केही दिनमा नै त्यहाँ बाँस

उम्रिन्छ र बाटो हिँड्दै गरेको एकजना डुमलाई त्यो बाँसले फेदको र टुप्पाको भाग काटी बीचको भागबाट बाँसुरी बनाउन भनेपछि डुमले बाँसको बीचको भागबाट बाँसुरी बनाई त्यही बाँसुरी बजाउँदै भीख माग्न त्यही बर्दियाकै घरमा जान्छ । बाँसुरी फुक्दा बाँसुरीबाट भ्यागुता रानीको स्पष्ट स्वर सुनेपछि बर्दियाले डुमलाई आफ्नो दुईवटा गाई दिई त्यो बाँसुरी आफैले राख्छ । बर्दियाले त्यो बाँसुरी ओछ्यानमा राखी सुतेको बेला झमक्क साँझ परेपछि बाँसुरीबाट सुन्दर युवती भ्यागुता रानी (बर्दियाकी पत्नी) निस्केर बर्दियाको खुट्टा माड्दै कुरा गरेपछि अर्को रात बर्दियाले खटियामुनि बोर्सीमा आगो भरेर राखिदिन आमालई भन्छ । भ्यागुता रानी बिहानपख फेरि बाँसुरीमै पस्ने भएकीले बर्दियाले बिहान नहुँदै त्यो बाँसुरीलाई भ्यागुता रानी ओछ्यानमा पल्टेको बेला बोर्सीको आगोमा डढाइदिएपछि बिहानपख भ्यागुता रानीले बाँसुरीभित्र पस्न बाँसुरी खोज्दा नपाएकोले सधैंको लागि तिनी एउटी सुन्दर युवतीको रुपमा बर्दियासँगै उसकी पत्नी भएर जीवन बिताउन बाध्य भएको कुरा कथामा देखाइएको छ । यसरी भ्यागुताबाट मानिसमा र मानिसबाट भ्यागुतामा रुपान्तरण हुने बाँसुरीबाट मानिसमा र मानिसबाट बाँसुरीमा रुपान्तरण हुने विश्वास यस कथामा पाइन्छ । हाम्रो समाजमा यस्ता विश्वास भएका लोककथाहरु थुप्रै पाइन्छन् । भ्यागुतो र बाँसुरीबाट सुन्दर युवती प्रकट हुनु र युवती भ्यागुतो तथा बाँसुरीमा परिणत हुनु जादु तथा योगसिद्धिकै कारण सम्भव हुन्छ भन्ने विश्वास यस कथामा पाइन्छ ।

लकडहाराकय कर्म (१८) कथामा सुनको ढुंगो कुनै फलाममा रगडे त्यो फलाम सुनमा परिणत हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा दाउरा बेचेर जीविका चलाउने गरिब दाउरेले जंगलमा दाउरा चिर्न लागेको बेला कर्म र कुकर्म त्यहाँ पुगी उसको दीनावस्था देखि सहानुभूति स्वरुप दाउरेलाई सहयोग गर्न कुकर्मले कर्मलाई आग्रह गरे पनि कर्मले सहयोग नगरेपछि कुकर्म आफैले कुनै फलाममा रगडे त्यो फलाम सुनमा परिणत हुने एउटा सुनको ढुंगो दाउरेलाई दिएको कुरा देखाइएको छ । दाउरेले त्यही सुनको ढुंगो लगी कोदालोमा रगड्दा त्यो फलामको कोदालो सुनमा परिणत भएको कुरा कथामा वर्णित छ । यसरी वस्तु वस्तुमा रुपान्तरण हुन सक्ने विश्वास यस कथामा व्यक्त भएको देखिन्छ ।

राजकुमारकय फुला (१६) कथामा मृत व्यक्तिको शरीरलाई स्वर्गका अप्सराहरुले विशेष विधिद्वारा मानिसमा रुपान्तरण गर्न सक्छन् भन्ने विश्वास पाइन्छ । कथामा राजारानीको पुत्रका रुपमा जन्मेर बाह्रवर्षसम्म पृथ्वीमा भोग गर्ने गरी ब्रम्हाजीको

आदेशानुसार रानीको गर्भमा बसेका भगवान् विष्णु जन्मेर बाह्रवर्ष पुग्ने दिनमा नै उनको विवाह हुन लाग्दा विवाह मण्डपवरिपरि सातपटक दुलहीसँगै घुम्ने बेला दुलहीसँग पाँचौ पटक घुमिसकेपछि आफूलाई चिमोटेर संकेत गरे आफू सात पटक नघुम्ने यदि सातौं पटक सम्म घुमियो भने मण्डपबाट बाघ निस्की आफूलाई खाने कुरा बताउँछन् । जब विवाह मण्डप वरिपरि घुम्ने बेला आउँछ दुलहीले पाँचौ पटक घुमिसकेपछि राजकुमारलाई चिमोटेर संकेत गरे पनि दुलहाले वास्ता नगरी सातौं पटक पनि घुम्न लाग्दा यज्ञमण्डपबट बाघ निस्की राजकुमारलाई मार्छ । राजकुमारले दुलहीसँग पहिल्यै बताएअनुसार उनको लासलाई नुहाइदिएर खटियाको विस्तारामा सुताई कपडा ओढाएर जंगलमा लगी खटियासँगै उनको लासलाई छोडिन्छ । राति बाह्र बजे स्वर्गबाट अप्सराहरु आई राजकुमारको लासलाई उचाली खुट्टा भएतिर टाउको र टाउको भएतिर खुट्टा पारी खटियामा सुताउँदा राजकुमार जीवित हुन्छन् । जीवित भएपछि ती अप्सराहरुले स्वर्गबाट ल्याएका मीठोमीठो भोजन राजकुमारलाई खुवाउँछन् र केही बेर कुराकानी पनि गर्छन् । यसरी प्रत्येक रात अप्सराहरुले स्वर्गबाट खानेकुरा ल्याई राजकुमारलाई खुवाई जाने बेला राजकुमारको खुट्टा टाउकोतिर र टाउको खुट्टातिर पारी खटियामा सुताउँदा राजकुमार मृतवत् हुन्छन् । यसरी यस कथामा पनि मृत लासबाट मानिसमा र मानिसबाट मृत लासमा रुपान्तरण हुने विश्वास रहेको पाइन्छ ।

#### ३.१.२.४ जादुका वस्तुसम्बन्धी विश्वासहरू

अहिरा और डायनिया (१) कथामा ढिक्करको पनि रुख हुने र त्यो रुखमा ढिक्कर फल्न सक्छन् भन्ने विश्वास पाइन्छ । कथामा अहिरा आफ्नो ससुरालीमा जाँदा सासूले ढिक्कर खान दिएको र ढिक्कर खूब मीठो भएकोले अहिरा घर फर्किदा सासूसँग ढिक्कर मागेर ल्याई आफ्नो घर पछाडिको जमिनमा लगाई दिएको कुरा कथामा वर्णित छ । त्यो ढिक्कर केही दिनमा रुख बनी रुखमा ढिक्कर फलेपछि अहिरा रुखमा चढी ढिक्कर टिप्दै खाने गरेको घटना वर्णन गरिएको छ । गहुँ वा चामलको पीठोबाट बनाइने ढिक्कर विरुवाको रुपमा हुर्की रुखमा परिणत भई ढिक्करका फलहरु फल्न सक्छन् भन्ने लोकविश्वासका कारण जादुका वस्तुसम्बन्धी विश्वास भएका यस्ता कथाहरु लोकसमाजमा प्रशस्त पाइन्छन् ।

चल धुनकिया ठुम्मुक ठुम्मुक (३) कथामा अभिमन्त्रित धुनकी (डेहरी) लाई धकेलिदिंदा निर्देशित स्थानतिर आफै पल्टिदै जान्छ भन्ने विश्वास पाइन्छ । कथामा आफ्नो मामाघर केराउका कोसा खान गएको बाख्राका पाठाले आफू घर फर्किदा मामालाई एउटा धुनकी बनाइदिन लगाई त्यही धुनकी भित्र आफू बसी मामाले धुनकीलाई 'हिंड धुनकी ठुम्मुक ठुम्मुक' भनी धुनकीलाई धकेलिदिंदा धुनकी गुड्दै गुडदै पाठाको घरतिर लाग्छ । पाठाले आफू मामाघर आउँदा बाटोमा भेटिएका बाघ, भालू र स्यालले खान खोज्दा आफू मामाघर गई केराउका कोसा खाएर मोटाएर आएपछि खाउला भन्ने सर्तमा बाघ, भालू र स्यालबाट बचेर आएको हुन्छ र अहिले घर फर्किदा ती जन्तुहरुबाट बच्नको लागि मामासँग धुनकी बनाउन लगाई त्यही धुनकी भित्र लुकेर घरतिर फर्किन लागेको घटना कथामा देखाइएको छ । धुनकी निर्जीव वस्तु भए पनि निर्देशनको पालना गर्दै एउटा सजीव प्राणी जस्तै गुड्दै गुड्दै निर्देशित स्थानतिर जानुले पक्कै पनि त्यस धुनकीमा जादु वा अन्य त्यस्तै प्रकारको शक्ति निहित छ भन्ने कुरालाई लोकसमाजले स्वीकार गरेको कुरा कथामा वर्णित घटनाक्रमले देखाउँछ ।

जुलाहा और मूर्द्धवा (७) कथामा माछाको मुखमा रहने लालको उज्यालोको कारण माछाले आफ्नो अगाडिको वस्तु देख्न नसक्ने र त्यो लाल समातेको मान्छेको अनुहार चम्किलो देखिन्छ भन्ने विश्वास पाइन्छ । कथामा समुद्रमा तैरिदै गरेको जहाजलाई माछाले रोकिदिएपछि जहाजका कमाण्डरको प्रलोभनका कारण मुर्द्धा समुद्रमा फुङ्गाली माछाको मुखबाट लाल झिकेपछि जहाज अगाडि बढेको घटना उल्लेख गरिएको छ । माछाको मुखमा रहेको उज्यालोको कारण माछाले मुर्द्धालाई देख्न सक्दैन र लाल झिकेपछि त्यो माछो अन्यत्र गएकाले जहाज अगाडि बढेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । त्यो लाल आफूले हातमा लिएकै कारण मूर्द्धाको अनुहार साह्रै नै चम्किएकाले अरबका राजाले मूर्द्धासँगबाट किनेर लाल लैजान्छन् । लाल समुद्री माछाको मुखमा मात्र हुने र त्यो भएको मानिसको अनुहार पनि चम्किलो हुने भन्ने कुरा पनि जादुका वस्तुसम्बन्धी विश्वास नै हो जुन कुरा यस कथामा पाइन्छ ।

मेघियारानी (१५) कथामा भ्यागुताको खोलबाट निस्केकी युवतीलाई युवक बर्दियाले भोग चढाई पोखरीको डिलमा गाडिएको ती युवतीको लासबाट उम्रेको बाँसमा युवतीको प्राण रहनु र त्यही बाँसबाट बनाइएको बाँसुरीबाट युवती प्रकट भएको विश्वास पाइन्छ ।

कथामा युवक बर्दियाले नैनीताल देवीलाई भोग चढाएकी युवती बाँसको रुपमा उम्रिन्छिन् र त्यस बाँसबाट बनाएको बाँसुरी बजाउँदा तिनै युवती बोल्ने गरेकी मात्र छैनिन् डुमबाट त्यो बाँसुरी लिई बर्दियाले सुत्ने बेला राति बिछ्यौनामा राखेको अवस्थामा त्यही बाँसुरीबाट तिनै सुन्दर भ्यागुता रानी प्रकट भई बर्दियाको खुट्टा माड्दै प्रेमालाप समेत गर्छिन् । यसरी बाँसुरीबाट र भ्यागुताबाट एउटी सुन्दर युवती प्रकट हुनु पनि जादुगरी शक्तिकै कारण सम्भव हुन्छ भन्ने विश्वास यस कथामा पाइन्छ ।

लकडहाराकय कर्म (१८) कथामा सुनको ढुङ्गो फलाममा रगडे त्यो फलाम सुनमा परिणत हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा गरिब दाउरेलाई उसको दयनीय अवस्था देखेर कुकर्मले दिएको एउटा सुनको ढुङ्गो फलाममा रगडे त्यो फलाम सुन नै हुन्छ भनी कुकर्मले भनेको हुँदा दाउरेले जंगलबट घर फर्किन लाग्दा गाउँको नजिकै चौपारीनिर राखिएको एउटा कोदालोमा त्यो सुनको ढुङ्गो रगड्दा त्यो फलामको कोदालो तुरुन्तै सुन भएको उल्लेख गरिएको छ । सामान्य सुनको ढुंगो फलाममा रगडेर त्यो फलाम सुनमा परिणत नहुने तर कुकर्मले दाउरेलाई दिएको त्यो सुनको ढुङ्गो फलाममा रगड्दा त्यो फलाम सुन हुन पुग्नु पनि त्यसमा जादुगरी शक्ति भएको हुन सक्ने लोकविश्वास यस कथामा पाइन्छ ।

सातमामा ठग भान्जा (१९) कथामा जादुको छडी (सौंठा) मरेको मानिसको नाकमा सुँघाए त्यो मृत व्यक्ति जीवित हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा मामाहरुलाई ठग्ने भान्जाले यस्तै एउटा जादुको छडीको कल्पना गरी कथित मृत आफ्नी आमालाई जादुको छडी सुँघाए पछि आमा बाँचेको घटनालाई उसका सातैजना मामाहरुले पूरा विश्वास गरी भान्जासँग भएको कथित जादुको छडीलाई वास्तविक जादुको छडी ठानी महङ्गो दाम दिएर किन्छन् । ती मामाहरुमा जादुको छडी मृत व्यक्तिको नाकम सुँघाए मृत व्यक्ति जीवित हुन्छ भन्ने विश्वास भएको कारण ठग भान्जाले मामाहरुलाई ठग्न एउटा सामान्य छडी ( लौरो) लाई जादुको छडीको रंग दिएको हुन्छ । समाजमा जादुको छडी हुन्छ र त्यसले मृत व्यक्तिलाई बचाउन सक्छ भन्ने विश्वासले गहिरो जरा गाडेको कुरा यस कथामा व्यक्त भएको छ ।

सोनवारानी (२०) कथामा जादुको प्रभावले चन्दनको काठबाट बनाइएको डुङ्गा आकासमा उड्न सक्ने तथा जादुमन्त्रको प्रभावले सामान्य डुँगा पनि निर्देशित स्थानतिर

आफै जाने र जादुमन्त्र प्रयोग गरी बनाइएको तीर कसैलाई प्रहार गरेमा सम्बन्धित व्यक्ति वा वस्तुलाई प्रहार गरी पुनः उही ठाउँमा फर्किन्छ भन्ने विश्वास पाइन्छ । कथामा राजकुमारका एउटा मीतले चन्दनको काठबाट बनाएको डुंगामा कानो राजा, कुटुनी बूढी, सोनवारानी, आफू र आफ्ना दुईजना मीतहरुलाई राखी आकासमा उडाएको कुरा कथामा उल्लेख गरिएको छ । त्यस्तै कानो राजाले नदीमा नुहाउँदा नदीमा दुनोमाथि बग्दै आएको सुनजस्तै चम्किलो कपालको एउटा रौं देखेपछि त्यही रौं भएकी सुन्दर स्त्रीलाई आफूले विवाह गर्नको लागि ती स्त्रीलाई दरबारमा ल्याइ पुऱ्याउनेलाई पुरस्कार दिने घोषणा गरेपछि त्यही राज्यमा बस्ने एउटी कुटुनी बूढीले ती स्त्रीलाई खोज्न आफ्नो नदी छेउ रहेको डुंगालाई मन्त्र पढी निर्देशित स्थानतिर चलाउँछे । मन्त्र पढेपछि नदीमा भएको त्यो डुंगा ती सुन्दर केश भएकी युवती भएको राज्यतिर चल्दछ र कुटुनीबूढीको भेट ती युवतीसँग भएको घटना कथामा उल्लेख गरिएको छ । त्यस्तै राजकुमारका तीन मीतहरुमध्ये एकजना सिखसँग यस्तो गुण हुन्छ कि उसले बनाएको तीर प्रहार गरिसकेपछि फर्केर उही ठाउँमा आउन सक्ने हुन्छ । यसरी कथामा जादुको शक्तिबाट नै यस्ता असामान्य कार्य हुनसक्छन् भन्ने विश्वास पाइन्छ ।

### ३.१.२.५ जादुको बन्धन र मुक्तिसम्बन्धी विश्वासहरू

मेघियारानी (१५) कथामा भ्यागुतोबाट सुन्दर युवती निस्केपछि त्यो भ्यागुताको कंकाल आगोमा जलाउँदा युवती भ्यागुतोको कंकालभित्र पस्न नपाएकोले मानिसकै रुपमा रहन बाध्य हुन्छिन् भने उनलाई युवक बर्दियाले नैनीतालदेवीलाई भोग चढाई उनको लासलाई नैनीतालको पोखरीको डिलमा गाडिदिँदा ती मृत भ्यागुतो रानी पुनः बाँसको रुपमा प्रकट हुन्छिन् र त्यही बाँसबाट बनाइएको बाँसुरीबाट बोल्नुको साथै युवक बर्दियाले ओछ्यानमा राखेको त्यही बाँसुरीबाट राति युवती प्रकट भई बर्दियाकै पत्नीका रुपमा बर्दियाको सेवा गरेको विश्वास पाइन्छ । कथामा तेल पेल्दै गरेको अवस्थामा कोल वरिपरि खसेको खलीमध्ये केही खली लिएर भ्यागुतो नदी किनारमा गई खलीलाई ढुंगामाथि राखी त्यस खलीमा पानी छर्किदा खली भिजेर फैलिन थालेपछि भ्यागुतोबाट एउटी सुन्दर युवती प्रकट भएपछि बर्दियाले तिनै युवतीसँग विवाह गर्छ भने तिनै युवतीले बर्दियालाई गाईगोरु नैनीतालको पोखरीमा पानी नखुवाउन भने पनि बर्दियाले पानी खुवाउँदा के पो होला भन्ने ठानी गाईगोरुलाई पानी खुवाउन लग्दा सबै गाईगोरु अलप भएपछि बर्दियाले ती गाईगोरुको उद्धार गर्न तिनै युवतीलाई नैनीतालमा भोग चढाएपछि ती युवती बाँसको

रुपमा उम्रिन पुग्छिन् भने त्यही बाँसले डुमलाई बाँसुरी बनाउन भनेपछि ती युवती बाँसुरीबाट प्रकट भई पुनः बर्दियाकै हातमा पुग्छिन् । बर्दियाले बाँसुरीबाट युवती बाहिर निस्केको मौका पारी बाँसुरी आगोमा जलाइदिंदा ती युवती सधैंको लागि बर्दियाकी पत्नीको रुपमा मानिसको रुपमा रहन थालेको घटना कथामा उल्लेख गरिएको छ । यसरी यस कथामा जादुको बन्धनले गर्दा ती युवती कहिले भ्यागुतोमा र कहिले बाँस तथा बाँसुरीमा पस्न बाध्य भएकी छिन् भने भ्यागुतोको कंकाल र रित्तो बाँसुरी जलाए पछि भने ती युवती भ्यागुतो तथा बाँसुरीमा पस्नु पर्ने बन्धनबाट मुक्त भएको विश्वास यस कथामा पाइन्छ ।

सोनवारानी (२०) कथामा राजकुमारलाई जुम्रा र जुम्रालाई मानिसमा बदल्न मन्त्र पढिएकोले जादुको बन्धन र मुक्तिसम्बन्धी विश्वास पाइन्छ । राजकुमारका तीन मीतहरु अलग बाटो लागेपछि राजकुमार हिँड्दा हिँड्दै एउटी सुन्दर युवती मात्र भएको सुनसान महलमा पुग्दा जंगलबाट शिकार गरी फर्किन लागेको राक्षसबाट राजकुमारलाई बचाउन युवतीले मन्त्र पढी ती राजकुमारलाई जुम्रा बनाई आफ्नो कपालमा लुकाउँछिन् भने भोलिपख राक्षस शिकार खोज्न बाहिर जाँदा युवतीले मन्त्र पढी जुम्राबाट राजकुमार बनाएको घटना कथामा उल्लेख गरिएको छ । यसरी राजकुमारलाई जुम्रा र जुम्रालाई राजकुमार बनाउनु पनि जादुकै खेलहो जसलाई जादुको बन्धन र जादुबाट मुक्ति पाइएको अवस्थाको रुपमा लिन सकिन्छ । यसरी कथामा लोकजीवनमा जादुबाट कसैलाई बन्धनमा पार्न सकिन्छ र जादुबाट नै त्यसलाई बन्धनमुक्त गर्न सकिन्छ भन्ने विश्वास छरिएर रहेको पाइन्छ ।

### ३.१.२.६ मोहनी, वशीकरण, मरण, टुनामुना आदिसँग सम्बन्धित विश्वासहरू

सोनवारानी (२०) कथामा मन्त्रबाट मानिसलाई जुम्रा र जुम्रालाई मानिस बनाउन सकिन्छ भने मन्त्र पढेर डुङ्गालाई निर्देशित दिशातिर लैजान सकिन्छ भन्ने विश्वास पाइन्छ । कथामा राक्षस महल बाहिर गएको अवस्थामा एउटी सुन्दर युवती भएको बेला सुनसान महलमा राजकुमार पुगेपछि युवतीसँग कुराकानी भएको केही बेरमै राक्षस महलमा फर्किन लागेको आवाज सुने पछि युवतीले राजकुमारलाई त्यहाँबाट भाग्न भन्दा राजकुमारले कि राक्षसबाट मराउने कि त आफूलाई कही लुकाउने इच्छा व्यक्त गरेपछि युवतीले मन्त्र पढी राजकुमारलाई जुम्रा बनाएर कपालमा लुकाएको कुरा उल्लेख गरिएको छ । साथै अर्को दिन राक्षस शिकार खोज्न महलबाहिर गएको बेला सुन्दर युवतीले मन्त्र पढी कपालमा

लुकाइएको जुम्रालाई राजकुमार बनाएको कुरा पनि उल्लेख गरिएको छ । उपर्युक्त घटना टुनामुनासँग सम्बन्धित भएकाले कथामा टुनामुनासँग लोकजीवन भिजेको कुरा स्पष्ट देखिन्छ ।

त्यस्तै ती युवती र राजकुमारको दाम्पत्य जीवन सुरु भए पछि एक दिन ती युवती नुहाउन नदीमा गएको बेला उनको कपालबाट खसेको रौं बग्दै जाँदा अर्को राज्यको नदीमा नुहाइरहेको कानो राजाले देखेपछि सुनजस्तै चमकिने रौंवाला ती युवतीसँग विवाह गर्ने उद्देश्यले ती स्त्रीलाई दरबारमा ल्याइ पुऱ्याउने व्यक्तिलाई पुरस्कार दिने घोषणा गरेकाले एउटी कुटुनी बूढी तिनै युवतीलाई खोज्न नदीमा पुगी आफ्नो डुंगालाई तिनै युवती रहेको दिशातिर लैजान मन्त्र पढेको कुरा पनि कथामा उल्लेख गरिएको छ । कुटुनी बूढीले मन्त्र पढेपछि त्यो डुङ्गा उल्टो दिशातिर बढ्दै गएर अन्तिममा ती युवतीले नुहाउने घाटमा पुगे पछि कुटुनी बूढीले डुङ्गालाई त्यहीं छोडी आफू हिंड्दै महलमा पुगी राजकुमार शिकार गर्न गएको बेला ती युवतीलाई भेटेको घटना कथामा उल्लेख छ । यसरी यस कथामा मन्त्रद्वारा यस्ता अचम्म लाग्दा असम्भव कार्यहरु पनि गर्न सकिन्छ भन्ने मोहनी, वशीकरण, टुनामुना आदिसँग सम्बन्धित विश्वास पाइन्छ ।

### ३.१.३ धर्म र अनुष्ठानप्रतिका विश्वासहरू

यस मूलशीर्षक अन्तर्गत ३.१ सँग समेट्न सकिने कपिलवस्तु जिल्लाका प्रचलित केही अवधी लोककथाभित्रका लोकविश्वासहरु निम्न रहेका छन् :

#### ३.१.३.१. धर्मप्रति विश्वास

पत्तालपुरी राजाकय लरकी (१०) कथामा प्रतिदिन भगवान्को मन्दिरमा पूजा गर्ने मानिसको अस्तित्वलाई देवताका दूतहरु र शक्तिशाली राजा-महाराजाले पनि जवर्जस्ती मिच्न दबाउन सक्दैनन् भन्ने विश्वास पाइन्छ । पत्तालपुरी राजाकी छोरीले नुहाएर सधैं मन्दिरमा पूजा गर्थिन् र उनी साह्रै धर्मी स्त्री भएको कुरा इन्द्र भगवानले समेत बताएको कुरा कथामा उल्लेख गरिएको छ । इन्द्र भगवान्ले ती युवतीलाई स्वर्गमा लैजानको निम्ति आफ्ना चार जना दूतहरुलाई अह्राएका र साथै मन्दिरमा पूजा गर्दासम्म उनको शरीरलाई नछुने, उनको धर्म नबिगार्ने तर युवतीले पूजा गरेर सिध्याएपछि मात्र उनलाई समाती इन्द्रलोक ल्याउने भनी आदेश दिएको कुरा कथामा वर्णित छ । स्वर्गका राजा इन्द्रको

आदेशानुसार दूतहरुले ती युवतीलाई समात्न खोजे पनि उनीहरु समात्न सक्दैनन् । युवतीको धर्मप्रतिको अगाध आस्थाका कारण दूतहरु उनलाई समात्न असफल हुनु, स्वर्गका राजा इन्द्रले धर्मी व्यक्तिलाई स्वर्ग लैजान चाहनु, पूजा गरिरहेको बेला पूजा गर्ने व्यक्तिलाई अवरोध पुऱ्याउनु हुन्न भन्ने कुरा इन्द्रले गर्नु र अर्काको धर्म विगार्नु नै पाप गर्नु हो भन्ने इन्द्रको अभिव्यक्तिले पनि धर्मप्रति मानिसको मात्र होइन देवताको पनि ठूलो आस्था र विश्वास रहेको हुन्छ भन्ने कुरा कथामा देखाइएको छ । यसैले हाम्रो लोकजीवनमा धार्मिक व्यक्तित्वप्रति उच्च सम्मान रहेको विश्वास यस कथामा पाइन्छ ।

बाबनकय लरिका (१२) कथामा दान गर्नाले धर्म हुन्छ र धर्मले व्यक्ति धनधान्यपूर्ण हुन सक्छ भन्ने विश्वास पाइन्छ । कथामा भीख मागेर छाक टार्ने व्यक्तिले पनि आफ्नो घरमा आएका माग्ने भीखारीलाई रित्तो हात नपठाई केही न केही दिएर पठाए त्यसरी दिएको दान फलानाले दिएको भनेर दिने व्यक्तिको नाममा भगवान्कहाँ जम्मा भइरहेको हुन्छ भन्ने विश्वास पाइन्छ । घरमा आएका भिखारी तथा साधु, सन्तलाई दान गर्नाले धर्म हुन्छ भन्ने हाम्रो लोकविश्वास रहेको छ । कथामा गरिब बाहुनको घरमा भीख मागेर ल्याएको अन्न पकाइन्छ भने मागेकै भीखबाट बचेको अन्न अरु भीख माग्न आउनेलाई दिइएको कुरा उल्लेख गरिएको छ । बाहुनको छोराले आफ्नी हजुरआमालाई मागेर ल्याएको भीख पनि बँचेको जति जम्मा गरेर नराखी किन अरु माग्न आएकालई दिनहुन्छ भनी सोध्दा उसकी हजुरआमाले 'हामीले दिएको भीख हाम्रो नाममा भगवान्कहाँ जम्मा भएको हुन्छ' भनी नातिलाई भन्दा नातिले त्यस कुराका विश्वास गर्न नसकी सत्य झुठो बुझ्न हिम्मतका साथ भगवानकहाँ गएको कुरा कथामा देखाइएको छ । बाहुनको छोरो भगवान्कहाँ पुगी आफ्नो घरबाट भिखारी तथा अन्यलाई दिएको दान छुट्टाछुट्टै कोठामा जम्मा भएको देखेपछि उसलाई धर्मप्रति अझ विश्वास हुन्छ । कथामा वर्णित घटनो के देखाउँछ भने दान जस्तो धर्म अरु केही हुँदैन । कथामा बाहुनको छोरो भगवान्कहाँ पुगी घर फर्किदा संयोगले रुखमुनि गाडिएको थुप्रै धन पाउँछ भने कछुवाको मुखमा हुने लाल समेत पाउँछ । यसरी कथामा धर्मी व्यक्तिलाई कतै न कतैबाट फलिफाप हुने तथा दान गरे पुण्य मिल्ने हाम्रो लोकजीवनमा प्रचलित धर्मप्रतिको विश्वासलाई देखाइएको छ ।

भाटकय पतोहिया (१३) कथामा परम्परादेखि चल्दै आएको चाडपर्वमा परम्परागत विधि-विधानानुसार देवी-देवताको अनुष्ठान गरी पूजा गर्नाले फलिफाप हुन्छ भन्ने विश्वास

पाइन्छ । भाटकी कान्छी बुहारीले दीपावलीको राति धनकी देवी लक्ष्मीलाई आफ्नो घरभित्र डाकी उनको पूजा गर्नाले लक्ष्मीले उनको घरलाई धनधान्यपूर्ण बनाएको घटना कथामा वर्णन गरिएको छ । भाटकी कान्छी बुहारी नदीमा नुहाउन गएको बेला राजाकी छोरीले भुलेर छोडेको नौलखा हार भेटाएपछि घरमा ल्याएर राख्छिन् । राजाकी छोरीले आफू नुहाउन नदीमा गएको बेला भुलवश नौलखा हार नदीमै छोडेकाले त्यही नदीमा पछि नुहाउन गएकी भाटकी कान्छी बुहारीले त्यो हार भेट्टाएको हुन सक्ने शंका गरी राजाका मानिसले भाटकी कान्छी बुहारीलाई त्यो हारबारे सोध्दा उनले हार आफूले भेट्टाएको तर राजा आफै माग्न आए दिने कुरा बताउँछिन् । राजा हार माग्न आए पछि भाटकी कान्छी बुहारीले दीपावलीको राति आफ्नो बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाएमा मात्र हार दिने कुरा गरेपछि राजाले पनि वाचानअनुसार भाटको घरमाबाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाउँछन् । दीपावलीको राति बाह्र बजे भाटको घरमा मात्र बत्ती बलेको कारण धनकी देवी लक्ष्मी त्यही घरमा प्रवेश गरी भाटकी देवीको अनुरोधअनुसार घरभित्र देवी-देवताको पूजा गर्ने ठाउँमा बस्छिन् । भाटकी बुहारीले तिनै लक्ष्मी देवीको पूजा गर्छिन् । लक्ष्मीबास बसेको कारण भोलि बिहानसम्म घरको सबै अवस्था सुध्रेर फुसको घरको ठाउँमा पक्की घर तयार हुनुका साथै अन्नपात र अन्य सबै चीजले भरिभराउ भएपछि गाउँका सारा मानिस त्यहाँ जम्मा भई आश्चर्य चकित हुन्छन् । यसरी भाटकी कान्छी बुहारीको धर्मप्रतिको आस्थाका कारण दीपावलीको रातलक्ष्मी देवीलाई घरभित्र प्रवेश गराई पूजा गरेकीले रातभरिमै घर धनधान्यले पूर्ण भएको विश्वास यस कथामा पाइन्छ ।

राजा विक्रमादित्य (१७) कथामा धर्मप्रतिको आस्थाका कारण पूर्व जुनीमा घरमा आएका धेरै दिनका भोका साधुलाई आफू भोकै बसी भोजन गराएकोले पुण्य प्राप्त भई यस जुनीमा विक्रमादित्य राजा भएको विश्वास पाइन्छ । पूर्वजन्ममा एउटा गरिब चारजनाको परिवारले सातदिनसम्म केही खान पाएका हुँदैनन् भने आठौं दिनमा संयोगवश केही पीठो पाएकाले त्यसैके रोटी बनाई चारैजनाले भाग लगाएर खान थालेको बेला चौध दिन भोकै रहेका साधु आई आफूलाई भोजन गराउन अनुरोध गर्छन् । ती चार जनामध्ये एकजनाले आफ्नो भागको आधा रोटी दिएकाले ऊ गरिबकै घरमा जन्मिनु परेको, अर्काले केही पनि नदिएकोले ऊ सुँगुर भई जन्मिनु परेको, अर्कोले बाल्न थालेको आगो साधुलाई खान भनेकोले ऊ वनमान्छे भई जन्मिनु परेको र अर्को एक जनाले आफ्नो पूरै भाग साधुलाई खान दिएकोले ऊ राजाको दरबारमा जन्म लिई पछि राजा विक्रमादित्यको नामले तीनै

लोकमा प्रसिद्धि पाएको कुरा कथामा उल्लेख गरिएको छ । कथामा दान गर्नाले धर्म हुन्छ र धर्मको प्रभावले पुनर्जन्ममा राम्रो कुल र योनीमा जन्मिन पाइन्छ भन्ने विश्वास रहेको देखाइएको छ । मानव जीवनमा मोक्ष प्राप्त नहुँदासम्म निरन्तर जन्मिनु पर्दछ भन्ने धार्मिक विश्वास हाम्रो लोकसमाजमा व्याप्त रहेको कुरालाई यस कथामा देखाइएको छ ।

सोनवारानी (२०) कथामा दानपुण्य गरी व्रतउपासना गर्नाले आफ्नो गुमेको पतिसँग मिलन हुन सक्छ भन्ने धार्मिक विश्वास पाइन्छ । कथामा सोनवारानीका पति राजकुमारको कुटुनी बूढीको षड्यन्त्रबाट मृत्यु भएपछि त्यही कुटुनी बूढीद्वारा कानो राजाको दरबारमा पुऱ्याइएकी सोनवारानीलाई कानो राजाले पत्नी बनाउन खोज्दा सोनवारानीले आफू बाह्र वर्षसम्म दानपुण्य गरी व्रत बस्ने र बाह्र वर्ष पछिमात्र विवाह गर्ने शर्त राख्दा कानो राजाले सो शर्त स्वीकार गरेको घटना देखाइएको छ । सोनवारानीको बाह्र वर्षको व्रत पूरा हुने दिन सोनवारानीद्वारा दानपुण्य गरिरहेके खबर पाई सोनवारानीका मृत पतिका तीन मीतहरु दरबारमा आई उनीसँग परिचय भएपछि सोनवारानीको उद्धार गर्ने मनसायले कानो राजाबाट चन्दनको काठ मगाउन सोनवारानीलाई भन्छन् । सोनवारानीले कानो राजालाई भनी चन्दनको काठ मगाए पछि तीन मीतमध्ये एउटा बढईले त्यो काठबाट डुङ्गा बनाई आफू तीनै मीत, सोनवारानी, कानो राजा र कुटुनी बूढीलाई डुङ्गामाथि राखी आकासमा उडाउँदा आफ्नो मीतलाई छलकपट गरी मार्ने कुटुनी बूढी र मीतकी पत्नीलाई कु-दृष्टिले हेरी उनलाई पत्नी बनाउन खोज्ने कानो राजालाई आकासमाथि उडेको डुङ्गाबाट धकेली दिन्छन् भने आफूहरु र सोनवारानी सहित त्यो डुंगालाई सोनवारानी रहेको पहिलेको महलमा पुऱ्याउँछन् । सोनवारानीका मृत पतिको वाकसमा राखिएको लाससँगै रहेको राजकुमारको तरवार झिकी राजकुमारका ती तीन मीतमध्ये लोहारवाला मीतले जडिबुटी मरमसलाले तरवार माझ्दा तरवार चम्किन गई मृत लास राखिएको बाकसबाट राजकुमार जीवित हुन्छन् । राजकुमारका ती तीनजना मीतहरुमध्ये बढईमा चन्दनको काठबाट आकासमा उड्न सक्ने डुंगा बनाउने गुण वा शक्ति थियो भने अर्को मीत लोहारमा खिया लागेको फलामलाई टल्काउन सक्ने शक्ति थियो । राजकुमारको मृत्यु उनको तरवार जलाएमा हुने कुरा सोनवारानीबाट पत्ता लगाई कुटुनीबूढीले राजकुमार शिकार गर्न गएको बेला आफ्नो तरवार भुलेर गएकाले कुटुनीबूढीले त्यो तरवार आगोमा जलाउँदा उनको मृत्यु भएको थियो । राजकुमारले आफू मर्नु भन्दा पहिल्यै सोनवारानीलाई आफ्नो मृत्यु भएमा आफ्नो लासलाई नजलाई लाससँगै आफ्नो तरवार राखी एउटा

बाकसमा राखिदिनु भन्ने कुरा गरेकोले राजकुमारको मृत्यु पछि उनको लासलाई वाकसमा राखी त्योसँगै उनको तरवार राख्न लगाएकी थिइन् भने सोनवारानी नदीमा जुहाउन गएको बेला खसेको कपालको रौंलाई उनले दुनोमा राखी नदीमा बगाइदिंदा त्यो रौं बग्दै-बग्दै कानो राजाले नुहाउन थालेको घाटमा पुगेको थियो । त्यो सुनजस्तै चम्किने रौं देखेपछि त्यही रौं भएकी स्त्रीसँग आफूले विवाह गर्ने मनसायले कानो राजाले तिनै स्त्री खोजी ल्याउनेलाई पुरस्कार दिने घोषण सुनी त्यही राज्यकी कुटुनी बूढी जादुको डुंगाको सहाराले सोनवारानीको महलमा पुगी आफू उनकी फुपू भएको बहाना गरी सोनवारानीसँगै केही दिन बिताउँछे भने सोनवारानीलाई विश्वासमा पारी उनका पतिको मृत्यु के कुरामा छ सो बारे सोध्न लगाइ उनको मृत्यु उनकै तरवारमा भएको कुरा थाहा भएपछि राजकुमार आफ्नो तरवार महलमै छोडी सिकार गर्न गएको बेला कुटुनी बूढीले त्यो तरवारलाई सोनवारानीले नदेख्ने गरी आगोमा जलाउँदा सिकार गरी फर्कको बेला राजकुमार महलनिर पुग्दा पुग्दै मर्न पुग्छन् । यसरी यस कथामा सोनवारानीले बाह्र वर्षसम्म पतिव्रता धर्म जोगाउन व्रत बस्दा त्यही व्रत र दानका प्रभावले उनी आफ्ना मृत पतिसँग पुन भेट हुन सक्छिन् भन्ने कुरालाई देखाइएको छ । पापको मनसाय राखेकोले कुटुनी बूढी र कानो राजा आकासमा उड्दै गरेको डुंगाबाट खसालिन्छन् भने धर्मप्रतिको विश्वास र व्यवहारका कारण सोनवारानीको आफ्ना पतिसँग मिलन भएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.३.२ दैवी शक्ति (ईश्वर, देवीदेवता, पितृ र कुलदेवता) प्रति विश्वास

बाबनकय लरिका (१२) कथामा दान गरेको अन्नपात तथा रुपियाँ पैसा दान गर्नेको नाममा भगवान्ले स्वर्गमा सुरक्षित राखिदिएका हुन्छन् भन्ने विश्वास पाइन्छ । कथामा भीख मागेर गुजारा गर्ने एउटा बाहुन परिवारको केटाले आफ्नी हजुरआमाले मागेकै भीखबाट घरमा माग्न आउने भिखारीलाई भीख दिएको देखेपछि हजुरआमासँग त्यो भीख बचाएर राखे अर्को दिनलाई खान पुग्थ्यो भनेर भन्दा उसकी हजुरआमाले भिखारीलाई दिएको भीख त हाम्रो नाममा भगवान्कहाँ जम्मा हुन्छ भनी जवाफ दिँदा त्यो कुरा सत्य हो कि होइन भनी जाँच्ने मनसाय लिएर केटो भगवानकहाँ पुग्छ र त्यहाँ उसले आफ्नो घरबाट भिखारीलाई दिएको जति अन्न उनीहरुकै नाममा राखेको पाए पछि केटो भगवान्को व्यवहारदेखि प्रसन्न भई भगवान्को शक्तिप्रति पूर्ण विश्वास राखेर घर फर्किदा संयोगले रुखमुनि गाडिएको सुन, चाँदी, हीरा, मोती र रुपियाँ पैसा पाई मख्ख परेको कुरा कथामा उल्लेख गरिएको छ । भगवान्ले दान पुण्य गर्ने व्यक्तिको सम्मान गरी उसको फलिफाप

गराउने भएकाले भगवान्‌को शक्तिप्रति लोकजीवनको अगाध आस्था र विश्वास रहेको कुरा यस कथामा पाइन्छ ।

पाँच पाण्डव (१०) कथामा भगवान्‌को पूजा गर्ने र साधुसन्तलाई सम्मान गर्ने मानिसको दैवी शक्तिले रक्षा गर्दछ भन्ने विश्वास पाइन्छ । कथामा द्रौपदीले सधैं मन्दिरमा गई पूजा गर्ने हुनाले किचकले उनीप्रति कुदृष्टि राखी उनलाई भोग गर्ने इच्छा राखेकोले भीमद्वारा मारिनु पऱ्यो भने एउटा मात्र कौपीन भएका दुर्वासा मुनि निर्वस्त्र नदीमा नुहाउँदा द्रौपदीले आफ्नो साडी च्यातेर दुईटा कौपीन बराबरको टुक्रा (चिथडा) मुनिलाई दिई सहयोग गरेकीले मुनिको आर्शीवादको समेत प्रभावले कौरवले जुवामा जिती द्रौपदीको चीरहरण गर्न खोज्दा कौरवहरु असफल भई द्रौपदीको अस्तित्व रक्षित हुन पुगेको घटना कथामा देखाइएको छ । यसरी धर्मकर्म गर्ने व्यक्तिलाई दैवीशक्तिले सधैं रक्षा गर्छ भन्ने विश्वास कथामा पाइन्छ ।

भाटकय पतोहिया (१३) कथामा धनकी देवी लक्ष्मीको प्रवेशले घर धनधान्यले भरिपूर्ण हुन्छ भन्ने दैवीशक्तिप्रतिको विश्वास पाइन्छ । भाटकी कान्छी बुहारीले राजालाई दीपावलीको राति आफ्नो बाहेक सबैको घरमा बत्ती निभाउन लगाउने शर्तमा नदीमा स्नान गर्दा भेट्टाएको राजाकी छोरीको नौलखा हार दिन मन्जुर गरेपछि राजाले दीपावलीको रात उनको बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाएकोले धनकी देवीलक्ष्मी भाटको घरभित्र पस्दा भाटकी कान्छी बुहारीले देवीको पूजा गरी देवीलाई खुसी पारेकोले रातभरिमै त्यो घर धनधान्यले भरिपूर्ण भएको कुरा कथामा देखाइएको छ । हाम्रो समाजमा चाडपर्वमा विशेष गरी देवीदेवतालाई आह्वान गरेर पूजा गर्ने चलन चल्नुको पछाडि दैवीशक्तिको प्रभावले लोकजीवन लाभान्वित पनि हुनु हो भन्ने विश्वास पाइन्छ ।

राजकुमारकय फुला (१६) कथामा दैवीशक्तिको प्रभावले निसन्तान राजाको पनि सन्तान हुन सक्छन् भन्ने विश्वास पाइन्छ । कथामा राजाका छोराछोरी कोही नभएपछि राजाले आफ्नो सबै सम्पत्ति गाउँका दीन दुःखीलाई बाँडेर बाँकी रहेको जतिमा आगो लगाउँदा आगोको धुँवाले सारा पृथ्वीमात्र नभई स्वर्गमा समेत अँध्यारो छाउँदा इन्द्र भगवान त्यो विषम परिस्थितिबाट पार पाउन विष्णु भगवानकहाँ पुग्छन् भने विष्णु भगवान्‌ले उनलाई ब्रम्हाजीकहा भेट गराएपछि ब्रम्हाजीले विष्णु भगवान्‌लाइ पृथ्वीबाट उत्पन्न समस्याको कारण बुझ्न पृथ्वीमै पठाउँदा विष्णु भगवान्‌ले सत्यतथ्य बुझी ब्रम्हाजीलाई

अवगत गराउँदा ब्रम्हाजीले समस्या निराकरणको लागि विष्णु भगवान्लाई राजाकी रानीको गर्भमा रही जन्मेर बाह्र वर्ष पृथ्वीमा मानिसको रुपमा भोग गर्न अह्राएको कुरा उल्लेख गरिएको छ । दैवीशक्तिका कारण रानीको गर्भरही नौ महिनापछि रानीबाट पुत्र जन्मेपछि पृथ्वीमा उत्पन्न समस्या सामान्य बन्छ ।

हंस और जवाहिर (२१) कथामा भावीले लेखेको कुरा भगवानले जसरी भए पनि सिद्ध गरेरै छोड्छन् भन्ने दैवीशक्ति प्रतिको विश्वास पाइन्छ । राजाको मृत्यु भएपछि मन्त्रीको षड्यन्त्रबाट बच्न खजान्चीले भगाएर रोमको राज्यमा पुऱ्याइएका हंसको विवाह चीनका बादशाहकी छोरी जवाहिरसँग लेखिएको कुरा इन्द्र भगवान्ले आफ्नी अप्सरालाई बताएपछि इन्द्र भगवान्को आदेशानुसार स्वर्गकी परीले जवाहिरकी फुपूको छोरो दैनुरवासँग जवाहिरको हुन लागेको विवाह असफल पारी हंससँग जवाहिरको विवाह गराइदिएको कुरा कथामा देखाइएको छ । दैनुरवा र जवाहिर विवाहको मण्डपमा बसेको बेला इन्द्र भगवानको आदेशानुसार स्वर्गकी परीले रोमको दरबारमा रहेका हंसलाई आफ्नो पखेटामा राखी चीनको दरबारमा उडाएर ल्याइपुऱ्याउँदा बत्ती निभाई दैनुरवालाई उठाएर उसको ठाउँमा हंसलाई बसाली दैनुरवालाई उडाएर सुमेरु पहाडमा छोडी आफू फर्केर आई बत्ती बाल्छिन र त्यसैबेला हंसले जवाहिरलाई र जवाहिरले हंसलाई औंठी लगाइदिएपछि अर्थात् विवाह समाप्त भएपछि परीले पुनः बत्ती निभाई हंसलाई रोमको दरबारमा पुऱ्याएर सुमेरु पहाडमा गई दैनुरवालाई ल्याएर विवाह मण्डपमा राखेपछि बत्ती बालेको कुरा कथामा देखाइएको छ । कथाको घटनाक्रमानुसार दैनुरवासँग हुन लागेको जवाहिरको विवाह भावीले लेखेअनुसार हंससित भएको देखाइएको यस घटनाले दैवीशक्तिको अगाडि राजा बादशाहको पनि केही उपाय नलाग्ने विश्वास कथामा पाइन्छ । यसरी हाम्रो लोकसमाजमा दैवीशक्ति प्रतिको विश्वास अटल रहेको कुरा कथाले देखाएको छ ।

### ३.१.३.३ अर्द्धदैविक शक्ति (भूत, राक्षस, ख्याक, लाखे, भयाम्नी, बोक्सी, बोक्सेरो आदि) प्रति विश्वास

सोनवारानी (२०) कथामा राक्षसले मानिसलाई खान्छ, डरलाग्दो हुन्छ र प्रायः आफ्नो निवास स्थानमा एउटी सुन्दर युवतीलाई छोरी बनाएर राख्छ भन्ने विश्वास पाइन्छ । कथामा सोनवारानीका बाबुआमा र त्यो सहरका सबै मानिसहरुलाई खाई सोनवारानीलाई मात्र जीवित राखी छोरी सरह बनाएको पाइन्छ । राक्षसको मृत्यु प्रायः कुनै

कार्य पूरा गर्नाले हुन्छ भन्ने विश्वास पनि यस कथामा पाइन्छ । कथामा आफ्ना तीनजना मीतहरुसँग बिछोडिए पनि राजकुमार सुनसान सहरको एउटा महलमा पुग्दा त्यहाँ उनले एउटी सुन्दर युवतीलाई देखेको र तिनै युवतीसित कुराकानी गरिरहेको बेला शिकार गर्न गएको राक्षस महलमा आउन थालेको बेला डरलाग्दो आवाज आएको रुख हल्लिएको शब्द सुनिएको उल्लेख गरिएको छ । राक्षस आएको आभाष पाउने वित्तिकै ती युवतीले राजकुमारलाई त्यहाँबाट भाग्न भन्दा राजकुमारले कि आफूलाई राक्षसको आहारा बनाउन दिने कि त कही लुकाउन युवतीलाई भनेपछि ती सोनवारानी नाम गरेकी युवतीले मन्त्र पढी राजकुमारलाई जुम्रा बनाएर आफ्नो कपालमा लुकाउछिन् । अर्कोदिन राक्षस जंगल शिकारको खोजमा गएपछि सोनवारानीले मन्त्री पढी जुम्राबाट राजकुमार बनाएपछि राजकुमारले राक्षसको मृत्यु के कुरामा छ सो कुरा सोध्न सोनवारानीलाई भने पछि सोनवारानीले पनि बहाना गरी राक्षस आएपछि उसको प्राण के कुरामा छ सो सोधेपछि राक्षसले आफ्नो प्राणसात समुद्र पारिको खजुरीको रुखमा रहेको सुनको पिंजराभित्रको सुगामा रहेको बताए पछि सोनवारानीले त्यही कुरा राक्षसको अनुपस्थितिमा राजकुमारलाई बताए पछि राजकुमार त्यहाँबाट प्रस्थान गरी सातसमुन्द्र पारि पुगी खजुरीको रुखमा चढेर सुनको पिंजरा खोली सुगा झिकेर पहिले दुवै खुट्टा भाचिदिन्छन् भने पछि मन्टो बटारेर सुगालाई मार्दा जंगलबाट फर्किरहेको राक्षस महलनिर पुग्दापुग्दै मर्न पुगेको घटना कथामा उल्लेख गरिएको छ । यसरी राक्षसले मानिसलाई आहारा बनाउने र डरलाग्दो हुने हुनाले हाम्रो समाजमा राक्षसलाई अर्द्धदैविक शक्तिको रुपमा लिइएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.३.४ अतृप्त आत्मा (प्रेत, किचकिन्ने, मुर्कट्टो, मसान, डाइनी आदि) सम्बन्धी विश्वास

अहिरा अडर डायनिया (१) कथामा डायनीले पनि मानिसलाई खान्छे भन्ने विश्वास पाइन्छ । कथामा डायनीले अहिरा ढिक्करले रुखमा बसी ढिक्कर खाँदै गरेको अवस्थामा आफूलाई ढिक्कर माग्ने बहाना गर्दै अहिरालाई समातेर बोरामा कोची घर लैजान्छे र आफ्नी छोरीलाई अहिराको मासु पकाउन भनेको कुरा उल्लेख गरिएको छ । अहिरा एक पटक ससुरालीमा जाँदा उसकी सासूले ढिक्कर बनाएर खान दिन्छे र घर फर्किदा ढिक्कर मीठो भएकोले सासूसँग ढिक्कर मागेर ल्याई घर पछाडि करेसोमा लगाइदिन्छ । केही दिनमा ढिक्करको रुख भई लटरम्म ढिक्कर फलेको देखेपछि अहिरा त्यही रुखमा चढी ढिक्कर खाँदै गरेको बेला डाइनीले अहिरालाई देख्छे । डायनीले अहिराको सुन्दर अनुहार

देखी उसलाई समातेर घर लैजाने उद्देश्यले अहिरासँग ढिक्कर माग्ने बहाना गर्छे । अहिराले डाइनीको भनाइप्रति विश्वास गरी ढिक्कर टिपेर दिंदा डायनीले अहिरालाई झम्टेर समाती बोरामा कोची घर लैजान्छे । पहिलो पटक अहिराले बाटोमा डाइनी पिसाव फेर्न बोरा राखी गएकीले अहिरा भाग्न सफल हुन्छ तर दोस्रो पटक भने अहिरालाई पहिले झैं झुक्काई समातेर घर लगी छोरीलाई उसको मासु पकाउन भनी आफू अर्को शिकारको खोजीमा घरबाहिर जान्छे । अहिराले डाइनीको छोरीलाई झुक्काई उसको टाउको ढिकीमा कुटी डाइनीको छोरीको कपडा लगाई डाइनीकी छोरीकै अभिनय गरेर डाइनीलाई आफ्नै छोरीको मासु खुवाई त्यहाँबाट भाग्न सफल भएको घटना कथामा उल्लेख गरिएको छ । यसरी हाम्रो समाजमा डाइनीको पनि असाधारण शक्ति हुने र बलियो मानिसलाई समातेर आफ्नो आहारा बनाउन सक्छन् भन्ने विश्वासलाई यस कथाले देखाएको पाइन्छ ।

जुलाहा अउर मुर्द्धवा (७) कथामा कसैको ऋण खाएपछि ऋण तिर्ने मनसाय भए पनि ऋण तिर्न नपाउँदै उसको मृत्यु भएमा त्यो मानिसको आत्माभटकिरहन्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा जुलाहा कपास किन्न जाँदा नदीको बगरमा एउटा मान्छेले लौराले मुर्द्धालाई निर्दयी भई पिटेको देखी त्यो मानिसलाई किन मुर्द्धालाई पिटेको हो भनी सोध्दा त्यो मानिसले आफ्नो ऋण खाई त्यो ऋण नतिर्दै मरेको हुँदा पिटेको कुरा बताएपछि जुलाहाले मुर्द्धाले तिर्नुपर्ने पाँचसय रुपियाँ आफैले तिरिदिएको कुरा उल्लेख गरिएको छ । अर्कोदिन जुलाहा त्यही बगर हुँदै बजार जान थालेको बेला मुर्द्धाले भगवानसँग आफूलाई जुलाहाको ऋण नतिर्दासम्मको लागि जीवित मान्छे बनाइदिन अनुरोध गर्दै गरेको देखेपछि जुलाहा छक्क पर्छ । भगवानले मुर्द्धाको माग बमोजिम उसलाई मान्छे बनाई एउटा जाँघे र बन्डी दिए पछि मुर्द्धाले जुलाहालाई बम्बई नोकरी खोज्न जाऔं भनी अनुरोध गरेपछि जुलाहा र मुर्द्धा त्यहाँबाट हिड्छन् । पानी जहाजमा चढेको बेला माछाले जहाज रोक्दा मुर्द्धाले माछाको मुखबाट लाल झिकी माछो अर्को छेउ लाग्दा जहाज चलेकाले उसलाई पुरस्कार स्वरुप पाँचसय रुपियाँ दिइन्छ भने अरबको बादशाहलाई जोडी लाल दिएर थुप्रै धन पैसा दुवै जनाले बराबर बाँडी घर आउँदा त्यही बगरमा मुर्द्धाले आफ्नो भागको रुपियाँको पोको पनि जुलाहालाई दिएर आफू जुलाहाको ऋणबाट मुक्त भई पुन मुर्द्धामा परिणत भएको घटना कथामा वर्णित छ । यसरी यस कथामा कसैको ऋण खाएर तिर्दै नतिरी मरेको मानिसको आत्माले शान्ति नपाई प्रेत वा मुर्कट्टाको रुपमा भौंतारिइ रहनु पर्दछ भन्ने लोकविश्वासलाई देखाइएको पाइन्छ ।

### ३.१.३.५ धार्मिक व्यक्तित्व (देवदूत, पुजारी, पण्डित, योगी, सन्त, महन्त आदि) प्रति विश्वास)

चारबातकय जवाफ (५) कथामा साधु-सन्तहरु पृथ्वीमा विपन्न देखिए पनि स्वर्गम उनीहरु सम्पन्न र सम्मानित हुन्छन् भन्ने विश्वास पाइन्छ । कथामा राजालाई आकाशवाणीबाट सोधिएका चार प्रश्नहरुको जवाफ दिने क्रममा मन्त्रीकी बुहारीले एउटा साधुको उदाहरण पेश गर्दै साधुको यहाँ अर्थात् यो लोकमा केही नहुने तर उहाँ अर्थात् परलोकमा भने सबै चीज हुने भनी साधुको आदर्शमय जीवनको उच्च मूल्याङ्कन प्रस्तुत गरिएको छ । साधुको जीवन पृथ्वीमा कष्टकर हुने, उनीहरु धन, सम्पत्तिको पछि नलागी वैराग्य जीवन बिताउँछन्, भीक्षा मागेर जीवन निर्वाह गरे पनि कहिल्यै झुटो नबोल्ने र कुदृष्टिले कसैलाई नहेर्ने साधुहरु मृत्यु पछि स्वर्गमा आवश्यक सम्पूर्ण वस्तुहरु पाउने र सम्मानित हुने विश्वासलाई कथामा प्रस्तुत गरिएको छ ।

पाँच पाण्डव (१०) कथामा ऋषिमुनिहरुको जीवन कष्टकर हुने भएता पनि उनीहरु पूजनीय हुन्छन् र उनीहरुले दिएको श्रापले व्यक्तिलाई श्रापित हुनु पर्ने र उनीहरुले दिएको आर्शीवादले व्यक्तिको कल्याण हुने गर्दछ भन्ने विश्वास पाइन्छ । कथामा दुर्वासा ऋषिसँग वस्त्रको नाममा एउटा मात्र धरो भएकोले त्यो एउटा धरो धोएर सुकाई नदीमा नाङ्गै नुहाउन बाध्य हुनु र भगवानले उनलाई एउटा मात्र धरो दिएकोले उनी बनावटीपन र सांसारिक जीवनमा विश्वास नगरी कठिन तपस्यामा बढी ध्यान दिन्छन् भन्ने कुरा देखाइएको छ । दुर्वासा मुनि नुहाउन थालेको घाटमा द्रौपदी पुगेपछि द्रौपदीले आफ्नो साडी च्यातेर दुईटा धरा बराबरको टुक्रा दिए पछि मुनि त्यसै टुक्राको धरो लगाई द्रौपदीलाई घाट छोडिदिन्छन् भने द्रौपदीको आफूप्रतिको सहयोगको बदलामा मुनिले उनलाई उनको धर्म कसैले नविगार्ने भनी आशीर्वाद दिन्छन् । मुनिले दिएको आर्शीवादको प्रभावले गर्दा कौरवहरुको पाण्डवलाई जुवामा हराई दुर्योधन लगायतका कौरवले द्रौपदीलाई निर्वस्त्र पारी उनको धर्म डगाउन खोज्दा द्रौपदीको अगाडि दुर्योधनको तानेको द्रौपदीको साडीको थुप्रो लाग्छ तर द्रौपदीलाई निर्वस्त्र पार्न नसकेको कुरा पनि कथामा उल्लेख गरिएको छ । यसरी ऋषि-मुनिहरु प्रति लोकसमाजको आदरणीय दृष्टि रहेकोले उनीहरु लोकजीवनमा सम्मानित भएर बाँचेका हुन्छन् भन्ने विश्वास यस कथामा पाइन्छ ।

त्यस्तै भृगु ऋषि तपस्या गरेको बेला राजा परीक्षितले उनलाई अभिवादन गर्दा ऋषिले मनमनै आशीर्वाद दिएपनि देखावटी रुपमा टाउकोसम्म नहल्लाएको आरोप लगाई आफ्नो अपमान भएको ठानी मरेको सर्प ऋषिको घाँटीमा बेह्रि-दिएकाले ऋषिका छोरा श्रृङ्गऋषिले दिएको श्रापका कारण राजा परीक्षितको सर्पले टोकेर मृत्यु भएको कुरा कथामा देखाइएको छ । भृगु ऋषि पछि ध्यानबाट जाग्दा राजा परीक्षितको ताजमा कलि सवार भएकाले राजाले आफू प्रति त्यस्तो व्यवहार गरेकोले राजाको दोष नभएकोले आफ्नो छोरा श्रृङ्गलाई राजाको मृत्यु सर्पको डसाइबाट भएपछि प्रेतात्माभावमा परिणत हुने भएकाले शुकदेव पण्डित बोलाइ सातदिनसम्म श्रीमद्भागवत पुराण सुनाउन लगाउने आदेश दिन्छन् र श्रृङ्गऋषिले पनि राजा परीक्षितलाई तुरुन्तै गएर आफ्ना पिताले दिएको सल्लाह सुनाउँछन् । राजा परीक्षितले पनि ब्राम्हण शुकदेवलाई बोलाई सात दिनसम्म श्रीमद्भागवत पुराण सुनेपछि बल्ल उनको सर्पको डसाइबाट मृत्यु हुन पुगेको कुरा कथामा उल्लेख भएको छ । यसरी ऋषिमुनिहरुको वचन सत्य हुने र उनीहरुले दिएको श्राप लाग्ने कुराले गर्दा उनीहरु समाजमा सम्मानित हुनुको साथै उनीहरुको जीवन तडकभडकरहित साधा र प्राकृतिक हुन्छ भन्ने विश्वास यस कथामा पाइन्छ ।

राजा विक्रमादित्य (१७) कथामा मानिसहरुमा सबैभन्दा ठूला साधु नै हुन्छन् भन्ने विश्वास पाइन्छ । राजा विक्रमादित्यले आफ्नो दरबारमा आएका एक जना साधुलाई उच्च सम्मान दिँदै साधु सबैभन्दा ठूलो हुन्छन् भनी व्यक्त गरेको कुराले साधुप्रति सबैको सम्मानित दृष्टि रहन्छ भन्ने कुरा कथामा व्यक्त गरेको पाइन्छ । कथामा राजाले साधुहरुले भूत र भविष्य बताउन सक्ने भनी दरबारमा आएका ती साधुसँग आफूले पूर्वजुनीमा के कस्तो उल्लेखनीय काम गरेकोले आज तीनै लोक स्वर्ग, मर्त्य र इन्द्रलोकमा आफ्नो नाम चलेको र चक्रको निशान दाहिने हातमा भएको कुरा व्यक्त गर्दा साधुले त्यो कुरा आफूले नजानेको तर त्यही राज्यको एउटा गाउँमा बस्ने कुम्हालेकी बुहारीले बताउन सक्ने भनी बाटो बताइदिएको कुरा उल्लेख गरिएको छ । कुम्हालेकी बुहारीसँग राजाले सोध्दा उसले सार्कीको सुँगुरसँग सोध्न भन्छे भने सार्कीको सुँगुरले वनमान्छेसँग सोध्न भनेपछि राजाले वनमान्छेसँग सोध्छन् । वनमान्छेले पहिलेको जुनीमा घरमा आएको भोको साधुलाई आफ्नो भोजनको पूरै भाग खान दिई साधुको आत्मा सन्तुष्ट पारेको कारण यो जुनीमा राजा भएको र तीनैलोकमा नाम चलेको भनी राजालाई  बताए पछि राजा विक्रमादित्य आश्वस्त हुन्छन् । कथामा साधुले सिधै आफैले नबताई घुमाईफिराई राजाको जिज्ञासा पूरा गराएको

देखिन्छ । यसैले राजामहाराजाहरुले साधु-सन्तको मान-मर्यादा राख्ने गरेको विश्वास यस कथामा पाइन्छ ।

लकडहाराकय कर्म (१८) कथामा देवदूतले भगवानद्वारा स्थापित विधिविधानानुसार मानिसहरुको कर्म र कुकर्मको निरीक्षण गर्दै कर्मद्वारा प्राप्त उपलब्धिले मानिसको हित हुन्छ भन्ने विश्वास देखाइएको छ । कथामा देवदूतका रुपमा कर्म र कुकर्म जंगल घुम्दै गरेको बेला कुकर्मले एउटा गरिब दाउरेको उद्धार गर्ने मनसायले कर्मलाई दाउरेको निम्ति केही वस्तु दिन आग्रह गरे पनि कर्मले वास्ता नगरेपछि कुकर्म आफैले दाउरेलाई चार गाग्री रुपियाँ, सुनको ढुङ्गा र एउटा नौलखा हार दिए पनि कुकर्मले दिएको कारण दाउरेले ती वस्तुहरुलाई जोगाउन नसकेको कुरा देखाइएको छ । अन्त्यमा कुकर्मले कर्मलाई बाध्य पारी दाउरेको निम्ति केही दिन आग्रह गर्दा कर्मले दिएको दुई रुपियाँले गर्दा दाउरेले पहिल्यै गुमाएको चारगाग्री रुपियाँ, सुनको ढुङ्गो र नौलखा हार प्राप्त गर्न सकेको कुरा कथामा देखाइएको छ । कथामा वर्णित घटनानुसार मानिसले कर्म गरी फल प्राप्त गर्न सक्छ भने कुकर्मबाट फल प्राप्त हुन सक्दैन भन्ने विश्वास पाइन्छ । कुकर्मबाट प्राप्त उपलब्धि जोगाउन नसकिने र कर्मबाट प्राप्त थोरै उपलब्धिले धेरै काम गर्न सकिने भन्ने विश्वास कथामा देखाइएको छ ।

हंस अउर जवाहिर (२१) कथामा साधुको आशीर्वादले निसन्तान राजारानीका सन्तान हुन सक्छन् भन्ने विश्वास पाइन्छ । कथाका राजा विरहन शाह निसन्तान हुँदा चिन्तित भएको अवस्थामा उनको दरबारमा आएका साधुले दिएको आशीर्वादले गर्दा उनकी रानी गर्भवती भई समय पुगेपछि छोरो जन्माएको घटना उल्लेख गरिएको छ । राजाले दरबारमा आएका साधुलाई देखेपछि उन्साठी वर्षसम्म पनि निःसन्तान भई बाँचेका ती राजाले साधुको जयजयकार मनाउँदै साधुको खुबै राम्रो सेवा सत्कार गर्दै लत्ताकपडा, खानपान सबै चीजको व्यवस्था गरी दरबारको एउटा कोठामा बस्ने व्यवस्था समेत मिलाउँछन् । साधुले राजाको मलिनो अनुहार देखेपछि साधुले त्यसको कारण सोध्दा बादशाहले आफू उन्साठी वर्षको सम्म हुँदा पनि सन्तान नभएको कुरा व्यक्त गरेपछि साधुले चिन्ता नगर्न भन्दै आफ्नो आशीर्वादले उनलाई एउटा छोरो जन्मिने कुरा बताउँछन् । जब बादशाह साठी वर्षमा लाग्छन्, तब उनकी रानी गर्भवती हुन्छिन् र समय पुगेपछि छोरो जन्मिन्छ जसको नाम हंस राखिएको हुन्छ । यसरी साधुको आशीर्वाद पाएर बादशाहले सन्तानको मुख देख्न

पाएको घटना कथामा वर्णन गरिएको छ । साधु-सन्तहरुमा त्यस्तो सिद्धि हुन्छ जसले असम्भव जस्तो कार्यलाई पनि संभव हुने पारिदिन्छन् भन्ने लोकविश्वास यस कथामा पाइन्छ । यसैगरी हाम्रो लोकसमाजमा देवदूत, पूजारी, पण्डित, योगी, सन्त, महन्त आदि प्रति श्रद्धा र आस्था राख्ने गरिन्छ ।

### ३.१.३.६ पाप र पुण्यप्रति विश्वास

चारबातकय जावफ (५) कथामा घरमा आएका पाहुनालाई सेवा सत्कार गर्ने र उनीहरुलाई नखुवाई आफूले भोजन नगर्ने गर्नाले पुण्य हुन्छ भने अर्काको भलाइको लागि कमाएको रुपियाँ पैसा खर्च नगरी आफैले मोजमस्तीमा मात्रै सबै रुपियाँ खर्च गर्नाले पाप हुन्छ भन्ने विश्वास पाइन्छ । नदीमा नुहाउन गएका राजालाई चार प्रश्नहरुको जवाफ ल्याउन भनी आकासवाणी भएको हुन्छ । ती चार प्रश्नहरू यहाँ छ तर त्यहाँ छैन, यहाँ छैन तर त्यहाँ छ, यहाँ छैन त्यहाँ पछि छैन, यहाँ छ त्यहाँ पनि छ ती के के हुन् भनी सोधिएको हुन्छ । राजाले यी प्रश्नको जवाफ ल्याउन शर्त सहित आफ्ना मन्त्रीलाई अह्राउँछन् भने मन्त्रीकी बुहारीले यी प्रश्नको जवाफ दिन्छिन् । मन्त्रीकी बुहारीले राजालाई यी चार प्रश्नको जवाफ दिई चित्त बुझाउन राजाका अगाडि उनले क्रमशः एउटा कन्जुस सेठ, एउटा साधु, एउटी नर्तकी र एउटा दानी सेठलाई उभ्याउन लगाउँछिन् । मन्त्रीकी बुहारीले राजाका चार प्रश्नको जवाफमा ती चारै जना व्यक्तिलाई उदाहरणको रुपमा प्रस्तुत गर्दै कन्जुस सेठको यस धर्तीमा राम्रो चहलपहल र सम्पत्तिको व्यवस्था भए पनि दान नगर्ने भएकाले उसको यहा छ तर त्यहाँ छैन भनी पहिलो प्रश्नको उत्तर दिन्छिन् भने साधुलाई प्रस्तुत गर्दै यिनको यहाँ केही नभए पनि मृत्यु पछि स्वर्गमा सम्पन्न हुने भनी यहा छैन तर त्यहाँ छ भनी अर्को प्रश्नको उत्तर दिन्छिन् । त्यस्तै नर्तकीले नाचेर पैसा कमाए पनि सबै पैसा खानपान र मोजमस्तीमा सिध्याउने हुनाले उनको यहाँ पनि कमाएको पैसा बचत नहुने र मृत्युपछि पनि उपकार नगरेकेले स्वर्ग प्राप्ति नहुने भएकाले उनको यहाँ पनि छैन र त्यहाँ पनि छैन भनी पाप गर्ने व्यक्तिको रुपमा नर्तकीलाई प्रस्तुत गर्छिन् । त्यस्तै धनी सेठले आफ्नो घरमा आएका पाहुनाको सेवा सत्कार गरी उनीहरुलाई नखुवाउँदासम्म आफूले भोजन नगर्ने उनको नियम भएको हुँदा त्यस्ता मानिसको यहाँ अर्थात् धर्तीमा पनि धन-सम्पत्ति भरिभराउ रहेको र मृत्यु पछि पनि दानी र उपकारी भएकाले स्वर्गमा राम्रो हुने भएकाले उनको यहाँ पनि छ र उहाँ पनि छ भनी राजालाई चारै प्रश्नको जवाफ दिएर मन्त्रीकी बुहारीले चित्त बुझाएके कुरा कथामा देखाइएको छ ।

पत्तालपुरी राजाकय लरकी (९) कथामा प्रतिदिन मन्दिरमा पूजा गर्नाले धर्म हुन्छ र धर्मका प्रभावले आफ्नो इज्जत बचाउन सकिन्छ भन्ने विश्वास पाइन्छ । कथामा पत्तालपुरी राजाकी छोरीले दिनदिनै नुहाएर पूजा गर्थिन् र उनी साह्रै राम्री भएकीले स्वर्गका राजा इन्द्रले उनलाई इन्द्रलोक लैजान आफ्ना चारजना दूतहरु खटाएको कुरा उल्लेख गरिएको छ । इन्द्रले आफ्ना दूतहरुसँग ती राजकुमारीले पूजा गरिरहेको अवस्थामा उनलाई नछुन तथा उनको धर्म नबिर्गान भनेकाले दूतहरुले पनि इन्द्रको आज्ञानुसार राजकुमारीले पूजा गरिसकेर हिड्न थाल्दा उनलाई समात्न खोजे पनि राजकुमारी दूतहरुबाट सजिलै बचेर पत्तालपुर पुगेको कुरा कथामा वर्णन गरिएको छ । दूतहरुले कति नै प्रयास गरेपनि ती राजकुमारीलाई समात्न सक्दैनन् । कथामा इन्द्र भगवानले धर्मको प्रशंसा गर्नु, पूजा गरिरहेको अवस्थामा शरीर छुन निषेध गर्नु र ती चार जना दूतहरुले राजकुमारीलाई समात्न नसक्नुले धर्मको बलियो प्रभाव हुन्छ भन्ने कुरालाई देखाइएको छ । कथामा धर्मप्रति सर्वसाधारणको मात्र होइन भगवानको समेत ठूलो विश्वास रहेको कुरा देखाइएको छ ।

पाँच पाण्डव (१०) कथामा धर्मकर्म गर्नेलाई दैवी शक्तिले सहयोग गर्छ भने पाप गर्न खोज्नेको विनास हुन्छ भन्ने विश्वास पाइन्छ । द्रौपदी दिनदिनै बिहान नुहाएर मन्दिरमा पूजा गर्न जान्थिन् । एकदिन राजा विराटको साला किचकले सुन्दर द्रौपदीलाई पूजा गर्न थालेको बेला उनलाई समाती भोग गर्ने विचार लिदा द्रौपदीले अरु कुनै उपाय नदेखि भोलि भोग गर्नू तर आज छोडिदेऊ भनेपछि किचकले त्यो दिनलाई मात्र द्रौपदीलाई छोडिदिन्छ । द्रौपदीले किचकले भने गरेका हर्कतबारे भीमसँग भनेपछि अर्को दिन बिहान द्रौपदीको सट्टा भीम स्त्रीको भेषमा पूजा गर्न मन्दिरमा गएको बेला किचक मन्दिरमा प्रवेश गर्दा भीमले उसलाई पछारी त्यहीं मारेको घटना कथामा देखाइएको छ । अर्काको इज्जत हरण गर्न खोज्ने किचकको मृत्यु भई दिनदिनै मन्दिरमा पूजा गर्ने द्रौपदीको इज्जत बच्नुमा धर्मको ठूलो प्रभाव रहेको विश्वास यस कथामा पाइन्छ ।

त्यस्तै एउटा मात्र धरो भएका दुर्वासा मुनि त्यो धरो धोएर नदी बाहिर सुकाई आफू नाङ्गै नदीमा नुहाउन थालेको बेला द्रौपदी पनि नुहाउन नदीमा गई दुर्वासा मुनिलाई घाट छोडिदिन आग्रह गर्छिन् । दुर्वासा मुनिले आफूसँग एउटै मात्र धरो भएकोले त्यो धोएर सुकाएकोले आफू नांगै नदी बाहिर आउन नसकेको विवशता प्रकट गर्दा द्रौपदीले आफ्नो सारी च्यातेर दुईटा धरा बराबरको टुक्रा मुनिलाई दिए पछि मुनि त्यही एउटा धरो लगाएर

नदी बाहिर निस्कदै द्रौपदीको उदार चरित्रको प्रशंसा गर्दै उनलाई संसारमा सत्य भई उनको धर्म कसैले पनि डगाउन सक्दैन भनी आशीर्वाद दिएको प्रसङ्ग कथामा व्यक्त भएको छ । तिनै दुर्वासा मुनिको आशीर्वादका प्रभावले र साथै द्रौपदीको धर्मी चरित्रका प्रभावले पाण्डवलाई कौरवले जुवामा हराएपछि कौरवले द्रौपदीको सत्य डगाउन उनलाई निर्वस्त्र बनाउने चाहना पूर्ण हुन सक्दैन । कौरवका दु:शासनले द्रौपदीको साडी तानेर उनलाई नङ्ग्याउन चाहे पनि साडीको थुप्रो लाग्छ तर द्रौपदीको सत्य डगाउन सक्दैनन् । कथामा वर्णित यस घटनाबाट पनि धर्मी स्त्रीको सत्य डगाउन कसैले सक्दैन भन्ने विश्वास पाइन्छ ।

बाबनकय लरिका (१२) कथामा आफू जतिसुकै गरिब भएपनि घरम भीख माग्न आएकालाई भीख दिएमा धर्म हुन्छ भन्ने विश्वास पाइन्छ । बाहुनको गरिब परिवारले भीख मागेर छाक टार्ने भए पनि घरमा भीख माग्न आएकालाई मागेर ल्याएको भीख भए पनि भीक्षाको रुपमा दिने गरेको कुरा कथामा उल्लेख गरिएको छ । उनीहरुले त्यस कार्यबाट धर्म हुने ठानेको पाइन्छ । बाहुनको सानो छोराले माग्नेलाई नदिई बचाएर राखे अर्को दिनलाई खान पुग्थ्यो नि भनेर आफ्नी हजुरआमासँग कुरा राख्दा उसकी हजुरआमाले हामीले माग्नेलाई दिएको जति भीख भगवानकहाँ जम हुन्छ भनेर भन्दा त्यस कुरामा चित्त नबुझी बाहुनको छोरो भगवान्कहा गई आफ्नो घरबाट भाग्नेलाई दिए जतिको भीख जम्मा भए नभएको हेर्छ । भगवानले बाहुनको छोरालाई उनीहरुले माग्नेलाई दिएको भीख जम्मा भएको देखाए पछि बाहुनको छोरो आश्वस्त भई घर फर्केको घटना कथामा उल्लेख गरिएको छ । हाम्रो समाजमा घरमा आएका जोगी, भिखारीलाई रित्तो हात नफकाई केही न केही भिक्षा आफू सक्दो दिएर पठाउने चलन यही धर्मप्रतिको विश्वासको एउटा उदाहरण यस कथामा प्रस्तुत गरिएको छ ।

भाटकय पतोहिया (१३) कथामा देवी-देवताको पूजा गर्नाले धर्म हुन्छ र धर्मका प्रभावले धन-सम्पत्ति बढ्छ भन्ने विश्वास पाइन्छ । भाटकी कान्छी बुहारी पढेलेखेकी लच्छिनकी गृहिणी भएकीले घर आँगन सफा राख्नेदेखि लिएर चाडपर्वमा विधि विधानानुसार पूजाआजा गर्ने उनको बानी भएको कुरा कथामा उल्लेख गरिएको छ । गरिब परिवारकी भए पनि धर्मकर्मप्रति अगाध आस्था र श्रद्धा भएकोले एक दिन आफूले नदीमा भेट्टाएको राजकुमारीको नौलखा हार दीपावलीको अवसरमा आफ्नो अनुकूल अवस्था

सिर्जना गर्ने गरी राजालाई फिर्ता दिएको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । उनले दीपावलीको राति आफ्नो बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाउने शर्तमा आफूले नुहाउन जाँदा राजकुमारीले भूलवश छोडेको नौलखा हार राजालाई फिर्ता दिने कुरा बताएपछि राजाले पनि भाटको घरमा बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाएका हुन्छन् भने रातको बाह्र बजे धनकी देवी लक्ष्मी बत्ती बलेको भाटको घरमा प्रवेश गरी भाटकी बुहारीद्वारा पूजिएको घटना कथामा उल्लेख गरिएको छ । घरभित्र लक्ष्मीको वास भएको र भाटकी बुहारीद्वारा विधिविधानानुसार लक्ष्मीको पूजा गरिएकोले रातभरिमै भाटको फुसको घर पक्की घरमा परिणत हुनुका साथै धनधान्यले भरिपूर्ण भएको चर्चा कथामा गरिएको छ । यसरी यस कथामा परम्परादेखि चल्दै आएको चाडपर्वमा विधिविधानानुसार देवी-देवताको पूजा गर्नाले धर्म हुने र त्यही धर्मका कारण घरपरिवारमा फलिफाप हुने विश्वास पनि पाइन्छ ।

राजा विक्रमादित्य (१७) कथामा पूर्व जुनीमा धर्म गरेको व्यक्ति यस जुनीमा तीनैलोकमा नाम चलको राजा हुन सक्छ भन्ने विश्वास पाइन्छ । राजा विक्रमादित्यले पूर्वजुनीमा एउटा गरिब परिवारको सदस्य रही आफू भोकै रहेर पनि घरमा आएका साधुलाई आफूले खान थालेको रोटीको पूरै भाग खान दिएर सन्तुष्ट बनाई धर्म कमाएका कारण यो जुनीमा राजा विक्रमादित्य भएर जन्मेको कुरा यस कथामा देखाइएको छ । त्यस्तै पूर्वजुनीमा घरमा आएका चौध दिनका भोका साधुलाई आफ्नो भागको रोटी नदिई चुल्हामा बलेको अगुल्टो खान भनेर दिएको कारण यो जुनीमा वनमान्छे वनी कन्दमूल खोज्दै हिडनु परेको र आफ्नो जीउबाट आगाको लप्का खस्नाले साह्रै पीडित भएको कुरा कथामा देखाइएको छ । यसरी लोकजीवनमा धर्मले फलिफाप हुने र पापकर्मले कष्टपूर्ण जीवन बाँच्न पर्ने विश्वास भएको कुरालाई यस कथामा देखाइएको छ ।

हंस अडर जवाहिर (२१) कथामा ध्यान र पूजा गर्नाले धर्म हुन्छ र धर्मका प्रभावले कठिन काम पनि गर्न सकिन्छ भन्ने विश्वास पाइन्छ । कथामा बीरनाथ बाबा सुमेरु पहाडमा बसी बाह्र वर्ष ध्यान गरेका र उनको ध्यान पूरा हुने बेला हंससँग पानी जहाजमा गएकी जवाहिरलाई फर्काइदिन सहयोग माग्ने उद्देश्यले दैनुरवाले ध्यानमग्न बीरनाथ बाबाको सेवासुश्रुष गरी बाबालाई खुसी पारेपछि ध्यानबाट छुटेपछि बाबाले दैनुरवालाई दिएको वाचाअनुसार पूजा गरी चारजना बीरहरुलाई बोलाएर जहाजमा जाँदै गरेका हंस र

जवाहिरमध्ये जवाहिरलाई सुमेरु पहाडमा ल्याउन भने अनुसार ती बीरहरुले जवाहिरलाई सुमैर पहाडमा ल्याई दैनुरवाको जिम्मा लगाइदिएको घटना उल्लेख गरिएको छ । यसरी बाबा बाह्रवर्ष तपस्यामा लीन हुनु र पूजा गरेपछि पूजाका प्रभावले चारजना बीरहरु बाबाको निर्देशन पालना गर्न उपस्थित भई दिइएको निर्देशन पालना गर्नु आदि प्रति लोकको विश्वास रहेको कुरा यस कथामा पाइन्छ । त्यसैले कथामा तपस्या गर्नाले पूजा गर्नाले धर्म हुने र धर्मका प्रभावले कठिन र असम्भव काम पनि गर्न र गराउन सकिन्छ भन्ने विश्वास पाइन्छ ।

### ३.१.३.७ यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वास

बाबनकय लरिका (१२) कथामा दान गरेको चीज दान गरेको व्यक्तिले पाउने गरी भगवानकहाँ जम्मा भएको हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा बाहुनको छोरालाई आफ्नी हजुरआमाले मागेर घरमा ल्याएको भीख पनि नबचाई घरमा माग्न आउने भिखारीलाई दान दिएकाले सो कुरामा चित्त नबुझी हजुरआमासँग सोध्दा उनले हामीले दिएको भीख भगवानकहाँ जम्मा हुन्छ भनी बताएकीले सो कुरा सत्य हो कि होइन भनी जाँच्न बाहुनको छोरो भगवानकहाँ पुगेको र भगवानकहाँ आफ्नो घरबाट माग्न आएका भिखारीलाई दिएको भीख जम्मा भएको देखेपछि दानप्रतिको विश्वास उसमा अझै बढेको देखाइएको छ । भगवानकहाँबाट घर फर्किदा बाटोकिनारको रुखले आफ्नो जरामुनि खनेर त्यहा भएका सुन, चाँदी, रुपियाँ लैजान भनेपछि उसले खनेर ती चीजहरु निकाली घर लिएर आउँछ । यसरी दानकर्म प्रति लोकसमाजमा श्रद्धा र आस्था रहेको विश्वास यस कथामा पाइन्छ । कथामा दानको उच्च महिमालाई उजागर गरिएको छ ।

भाटकय पतोहिया (१३) कथामा दीपावलीको पर्वमा धनकी देवी लक्ष्मीलाई घरभित्र प्रवेश गराई पूजा गर्नाले फलिफाप हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा दीपावलीको राति भाटकी कान्छी बुहारीले घरमा धनकी देवी लक्ष्मीको पूजा गर्दा लक्ष्मीको आशीर्वादले रातभरिमै घरको कायापलट गरी धनसम्पत्तिको थुप्रो लगाइदिएको घटना कथामा उल्लेख गरिएको छ । चाडपर्वको परम्परा हाम्रो समाजमा चल्नुको पछाडि यस्ता लोकविश्वासको महत्वपूर्ण स्थान रहेका कुरालाई यस कथामा राम्ररी स्पष्ट पारिएको छ ।

राजा विक्रमादित्य (१७) कथामा दानको प्रभावले व्यक्ति पुनर्जन्ममा राम्रो योनीमा जीवन पाउँछ भन्ने विश्वास पाइन्छ । कथामा राजा विक्रमादित्यले आफू तीनै लोकमा

प्रख्यात भएको कारण बारे घरमा आएका साधुलाई सोध्दा साधुले त्यो कुरा आफूले बताउन नसक्ने भनी त्यही राज्यको एउटा गाउँका कुम्हालेकी बुहारीले बताउन सक्छिन् भनी राजालाई जवाफ दिएको प्रसङ्ग उल्लेख गरिएको छ । राजा विक्रमादित्य कुम्हालेकी बुहारी, सार्कीको सुँगुर र वनको वनमान्छेसँग क्रमशः सोध्दै जाँदा वनमान्छेले राजाले सोधेको जिज्ञासा बारे बताउँछ । उसको भनाइ अनुसार पूर्वजुनीमा राजा विक्रमादित्य एउटा गरिब परिवारको सदस्य भए पनि र आफू सात दिनको भोको भई आठौं दिनका दिन भोजनको रुपमा केही रोटीको व्यवस्था भए पनि चौध दिनका भोका साधुले आफूले खान भनेर ठिक्क पारेको भोजन खान माग्दा सहर्ष साधुलाई खान दिई आफू भोकै बसेको कारण यस जुनीमा प्रतापी राजा भएको र उनको नाम तीनैलोकमा चलेको रहस्य यस कथामा खोलिएको पाइन्छ । दानी व्यक्तिले अर्को जन्ममा त्यसको फल पाउँछ भन्ने विश्वास यस कथामा पाइन्छ ।

सोनवारानी (२०) कथामा व्रत बसी दानपुण्य गर्नाले बाञ्चित फल प्राप्त हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा सोनवारानीलाई कुटुनी बूढीले छलकपट गरी उनका पतिलाई मारी विधवा सोनवारानीलाई लगेर कानो राजको दरबारमा पुऱ्याई अलपत्र पारेको घटना देखाइएको छ । कानो राजाले सोनवारानीलाई पत्नी बनाउन खोज्दा सोनवारानी पतिव्रता स्त्री भएकीले बाह्र वर्षसम्म व्रत बसी त्यस पछि मात्र कानो राजासँग विवाह गर्ने कुरा गर्दा कानो राजा मन्जुर भई उनलाई दान गर्न चाहिने अन्नपात, रुपियाँ पैसा, सुनचाँदी सबैको कुराको व्यवस्था गरिदिन्छ । सोनवारानीको व्रतको अवधि बाह्र वर्ष पुग्ने बेला दानधर्मको प्रभावले सोनवारानीका पतिका तीजना मीतसँग सोनवारानीको भेटभई परिचय समेत भएपछि मीतहरुको सल्लाह बमोजिम सोनरावानीले कानो राजालाई भनी चन्दनको काठ मगाएपछि एउटा मीत बढईले चन्दनको काठबाट आकासमा उड्न सक्ने डुङ्गा बनाई त्यसमाथि आफू तीनै जना मीतहरु, सोनरावानी, कानो राजा र कुटुनी बूढीलाई राखी आकासमा उडाउँदा कानो राजा र कुटुनी बूढीलाई डुङ्गाबाट धकेली आफूहरु सोनवरानीका पतिको लास राखिएको पहिलेको महलमा पुग्छन् र लाससँगै राखिएको सोनवारानीका मृत पतिको तरवारमा लोहारले जडीबुटी मरमसलाले माझ्दा त्यो तरवार टल्किन गई राजकुमार जीवित भएको घटना कथामा देखाइएको छ । कथामा दान र व्रतको प्रभावले सोनवारानीको मृत पति जीवित भई सोनवारानीसँग मिलन भएको विश्वास देखाइएको छ ।

### ३.१.३.८ वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी विश्वास

पाँच पाण्डव (१०) कथामा सर्पले टोकेको, मोटरले किचेर मरेको मानिस मरेपछि प्रेत बन्ने भएकाले त्यस्ता व्यक्तिले मर्नुभन्दा पहिले श्रीमद्‌भागवत पुराण सुनेपछि प्रेताभावबाट मुक्ति पाउँछ भन्ने विश्वास पाइन्छ । कथामा भृगुऋषि तपस्यामा लीन भएको बेला राजा परीक्षितले उनलाई प्रणाम गरेपनि ऋषिले मनमनै आशीर्वाद दिई प्रत्यक्ष रुपमा टाउको हल्लाई अभिवादन नफर्काएकोले आफ्नो अपमान भएको ठानी राजा परीक्षितले क्रोधवश त्यही नजिकै मरेको सर्प उठाएर भृगु ऋषिले घाँटीमा बेह्रि दिएको कुरा उल्लेख गरिएको छ । भृगु ऋषिका छोरा श्रृङग ऋषिले राजा परीक्षित गए पछि आफ्नो पिताको घाँटीमा मरेको सर्प बेरिएको देखी आफ्नो पिताको घाटीमा सर्प बेह्रिदिने व्यक्तिको मृत्यु सर्पले डसेर होओस् भनी श्राप दिएको केही बेरमै भृगु ऋषि तपस्याबाट उठेपछि आफ्नो छोरा श्रृङ्गलाई राजा परीक्षितको ताजमा कलि सवार भएकोले उनी निर्दोष भएको कुरा बताई मृत्यु पछि प्रेतात्माभावबाट मुक्ति पाउन राजा परीक्षितलाई शुकदेव ब्राह्मण बोलाई सातदिनसम्म श्रीमद्‌भागवत पुराण सुन्न लगाउने आदेश दिएको कुरा कथामा उल्लेख गरिएको छ । हाम्रा धर्मशास्त्र र पुराणमा विशेष शक्ति भएको विश्वास लोकजीवनमा व्याप्त रहेको कुरालाई यस कथाले स्पष्ट पारेको देखिन्छ । जन्मेपछि कुनै कारणबाट मर्नु स्वाभाविकै भए पनि पुराण सुनेकै कारण सर्पले डसी मरेका राजा परीक्षित प्रेताभावबाट मुक्ति पाएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.३.११ पुनर्जन्म र पुनर्जीवनसम्बन्धी विश्वास

राजा विक्रमादित्य (१७) कथामा मानिसले आफ्नो जीवनमा गरेको दान धर्म अनुसार मृत्युपछि उसले विभिन्न योनीमा पुनर्जन्म पाउँछ र पूर्वजन्मको कामकर्तव्य अनुसार पुनर्जन्म भई फलभोग गर्न पाउँछ भन्ने विश्वास पाइन्छ । कथामा एउटै परिवारका सदस्य रहेका चार जना व्यक्तिहरुले चौध दिनका भोका घरमा आएको साधुले भोजनको निम्ति आग्रह गर्दा साधुको आग्रहलाई बेवास्ता गरी भोजन नदिने परिवारको एकजना सदस्य पुनर्जन्ममा सुँगुर भएको, साधुलाई आगाको अगुल्टो खान दिएको सदस्य वनमान्छे भएर जन्मिएको, साधुलाई आफ्नो खान थालेको भागको आधा भाग खान दिएको सदस्य गरिब पविारमा जन्मिएको र साधुको उचित सेवा-सत्कार गरी आफ्नो भागको पूरै भाग भोजन साधुलाई खान दिई साधुलाई सन्तुष्ट पारेको सदस्य पुनर्जन्ममा राजा विक्रमादित्य भई तीनै लोकमा प्रसिद्धि पाएको घटना उल्लेख गरिएको छ । यसरी यस कथामा पनि दानधर्मका प्रभावले तथा पूर्वजन्मको कामकर्तव्य तथा दानधर्मानुसार विभिन्न योनीमा पुनर्जन्म पाउँछ भन्ने विश्वास देखाइएको पाइन्छ ।

### ३.१.४. आत्मशीलताप्रति विश्वास

यस मूलशीर्षक अन्तर्गत उपशीर्षक ४.१ सँग समेट्न सकिने कपिलवस्तु जिल्लाका प्रचलित केही अवधि लोककथाभित्रका लोकविश्वासहरू निम्न रहेका छन् :

#### ३.१.४.१ मानवेतर प्राणीहरूमा आत्मशीलताको विश्वास

कानी चिरइयाँ (२) कथामा चरो मानिसहरुसँग कुरा गरेको पाइन्छ । चरोले किसानको खेती खाएर सताएकोले किसानले त्यो चरोलाई जालमा पारी घर लैजादा बाटोमा चराले क्रमशः दाउरे, गोठालो, भैंसी गोठाले, माहुते, घोडा चढ्ने मानिससँग आफूलाई किसानदेखि बचाउन अनुरोध गरे पनि किसानले चरोलाई घर लगी काटकुट पारी उसको मासु पकाएर खाएको घटना कथामा उल्लेख गरिएको छ । चराले विभिन्न पेशाका मानिसहरुसँग आफूलाई किसानदेखि बचाउन मानिसकै भाषामा बोलेकाले कथामा मानवेतर प्राणी चरमा आत्मशीलताको विश्वास पाइन्छ ।

चल धुनक्रिया ठुम्मुक ठुम्मुक (३) कथामा बाख्रो, बाख्रोको पाठो, बाघ, भालु र स्यालले मानिसले झैं कुरा गर्नुको साथै बाख्राको पाठाले बाघ, भालु र स्याल तथा बाख्रोसँग मानिसले झैं व्यवहार गरेको आत्मशीलवादी विश्वास पाइन्छ । पाठाले मामाघर जान आफ्नी आमा बाख्रोसँग सोध्नु, आमा बाख्रोले पाठोलाई अहिले सानो भएकाले ठूलो भएपछि जान भन्नु, पाठो जिद्दी गरी बाटो खर्च लिएर मामाघर जाँदा बाटोमा भेटिएका बाघ, भालु र स्यालसँग चलाखीपूर्ण व्यवहारले गर्दा आफ्नो ज्यान बचाई मामाघर पुग्नु, मामाघरबाट फर्किदा बाटोमा भेटिने बाघ, भालु र स्यालसँग बच्न मामालाई एउटा धुनकी बनाउन लगाई त्यही धुनकीभित्र बसी धुनकीसँग गुडिदै-गुडिदै आफ्नो घर आउँदा बाघ र भालुले धुनकीभित्रको पाठोलाई देख्न नसक्नु तथा स्यालले पाठोको चलाखीपूर्ण व्यवहार थाहा पाई धुनकीलाई एउटा किलामा ठक्कर लगाएर फुटाई पाठोलाई समात्नु, पाठोले आफू अहिले फोहोर भएकोले नदीमा गई नुहाएर आएपछि आफूलाई खान भन्नु, पाठो नदीमा गई आफ्नो गुदद्वारभरि बालुवा भरी स्याल भएको ठाउँमा आउनु र स्यालले पाठोलाई गुदद्वारतिरबाट खान थाल्दा पाठोले अपानवायु छोड्दा गुदद्वारमा भरिएको बालुवा उडेर स्यालको आँखामा पर्दा पाठो त्यहाँबाट कुलेलम ठोकी घर पुग्नु आदि घटनाहरुको श्रृङ्खला कथामा उनिएको छ । कथामा वर्णित यी घटनाहरुले पनि बाख्रो, पाठो, बाघ, भालु र स्यालमा आत्मशीलवादी धारणा पाइन्छ भन्ने कुरालाई देखाइएको छ ।

बाबनकय लरिका (१२) कथामा कछुवा र गोरुले मानिससँग आफ्नो व्यथा तथा समस्याको बारेमा कुरा गर्न सक्छन् भन्ने विश्वास पाइन्छ । कथामा बाहुनको छोरो आफ्नो घरबाट भीखारीलाई दिएको भीख भगवानको घरमा राखिएको छ कि छैन भनी जाँच्न भगवानको घरमा जाने क्रममा बाटोको क्रमशः गोरु, रुख र कछुवालाई भेटाउँछ र तिनीहरुले बाहुनको छोराले आफू भगवानको घरमा जाने कुरा बताए पछि बाहुनको छोरासँग आ-आफ्ना व्यथाको बारेमा भगवानलाई जानकारी गराई समस्याबाट मुक्ति दिलाइदिन भगवानसँग आग्रह गरिदिन समेत भनेकोले बाहुनको छोराले आफू भगवानकहाँ गएको बेला आफ्नो समस्या समाधान भएपछि उनीहरुको समस्याबारे भगवानलाई अवगत गराइ फर्केको घटना उल्लेख गरिएको छ । भगवानले पनि उनीहरुको समस्याबारे सुनी समाधानको उपाय बताएकोले त्यही कुरा बाहुनको छोराले गोरु र कछुवालाई सुनाएको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । कथामा मानिसले झैं गोरु, रुख र कछुवाले बाहुनको छोरासँग कुरा गरेको विश्वास पाइन्छ ।

मेघियारानी (१५) कथामा भ्यागुतो मानिस जस्तै मात्र बोल्ने होइन कि भ्यागुतोको खोलबाट समेत सुन्दर युवती प्रकट हुन्छिन् भन्ने विश्वास पाइन्छ । कथामा एउटा घर छेउ तीन दिदीबहिनी भ्यागुताहरु क्रमशः एउटा रुखनिर, एउटा खेतमा र अर्को घरको बलेनीतिर बस्ने गरेको प्रसङ्ग उल्लेख छ । त्यो घरको एक जना सदस्यले खेत जोत्दा हलोको फालीले खेतवाला भ्यागुतो चिरिइ मरेपछि नास्ता लिएर खेतमा पुगेकी हलो जोत्ने मानिसको स्वास्नीसँग एटा भ्यागुतोले ‘खेतकी दिदी मरेको, रुखमा बस्ने दिदीले नुहाइसकेको र बलेनीमा बस्ने दिदीलाई नुहाउन भनिदिए भनी मानिसले जस्तै बोले पछि नास्ता लिएर जाने हलो जोत्ने व्यक्तिको स्वास्नीले आफ्नो लोग्नेसँग कसैले आफूसँग यस्तो कुरा गरेको तर आफूले बोल्ने व्यक्तिलाई नदेखेको भनी अचम्म मानेको कुरा व्यक्त गरेको घटना उल्लेख गरिएको छ । वास्तवमा ती स्वास्नी मानिससँग भ्यागुताले कुरा गरेको भए पनि उनलाई भ्यागुताले कुरा गरेको भन्ने ज्ञान भएको हुँदैन र उनको लोग्नेले पनि त्यस कुरालाई गम्भीरतापूर्वक लिँदैनन् । त्यही दिन त्यो घरपरिवारको तेल पेल्ने कार्यक्रम रहेको र तेल पेल्ने क्रममा कोलबाट खली बाहिर उछिट्टिएर भूइमा खसेको बेला एउटा भ्यागुतोले खली बोकेर उफ्रिदै नदीतिर गएको देखी कोल पेल्दै गरेका बर्दियाका भाउजुहरुले सो बारे बर्दियालाई जानकारी गराएपछि बर्दिया त्यो खली लिएर गएको भ्यागुतोसँग पछि पछि गए पछि भ्यागुतो नदीको किनारमा पुगी खलीलाई एउटा ढुङ्गामा राखी त्यसमाथि पानी छर्किदा खली गलेर फैलिन पुग्दा तुरुन्तै भ्यागुतोबाट एउटी सुन्दर युवती प्रकट भएको घटना कथामा उल्लेख गरिएको छ । तिनै भ्यागुतोबाट निस्केकी युवतीलाई बर्दियाले पछि विवाह समेत गरेको घटना कथामा देखाइएको छ ।

यसरी कथामा भ्यागुताले मानिससँग कुरा गरेको र भ्यागुतोबाट नै सुन्दर युवती प्रकट भएको विश्वास प्रस्तुत भएकाले लोकजीवनमा मानवेतर प्राणीहरुमा आत्मशीलताको विश्वास पाइने कुरा कथामा देखाइएको छ ।

राजा विक्रमादित्य (१७) कथामा सुँगुर र वनमान्छेले मानिससँग मानिसले जस्तै बोलेको विश्वास पाइन्छ । कथामा राजा विक्रमादित्यले आफ्नो तीनै लोकमा नाम चल्नुको कारणबारे घरमा आएका एक जना साधुसँग सोध्दा साधुले आफूलाई त्यसबारे थाहा नभएको तर त्यही राज्यको एउटा गाउँमा बस्ने कुम्हालेकी बुहारीले सो बारे बताउन सक्ने कुराको जानकारी गराए पछि राजा विक्रमादित्य त्यहाँ पुगी कुम्हालेकी बुहारीसँग सोद्धा उनले पनि आफूले सो बारे बताउन नसक्ने तर सार्कीको सुँगुरले बताउन सक्ने भनी जानकारी गराएपछि राजा विक्रमादित्य फेरि चउरमा चर्दै गरेको सार्कीको सुँगुरसँग सोध्न पुग्दा सुँगुरले पनि मानिसले जस्तै गरी आफूले त्यसबारे बताउन नसक्ने तर सो बारे जंगलका कन्दमूल खाँदै हिँडेको वनमान्छेले बताउन सक्ने भनी जानकारी दिएपछि राजा विक्रमादित्य जङ्गलमा गई वनमान्छेसँग भेट गरी आफ्नो पूर्वजुनीको कामबारे जानकारी लिएको कुरा कथामा उल्लेख गरिएको छ । कथामा सुँगुर र वनमान्छेले राजा विक्रमादित्यसँग मान्छेले झैं कुरा गरेको देखाइएको छ ।

### ३.१.४.२ वृक्ष-वनस्पतिहरूमा आत्मशीलताको विश्वास

अहिरा अउर डायनिया (१) कथामा ढिक्करको पनि रुख हुने र रुखमा ढिक्कर फल्ने विश्वास पाइन्छ । कथामा अहिरा ससुराल गएको बेला सासूले बनाएर खान दिएको ढिक्कर साह्रै स्वादिलो भएकोले सासूलाई आफू घर फर्किने बेला ढिक्कर बनाइदिन भनी ढिक्कर लिएर आउँछ र त्यसलाई घर पछाडिको करेसोमा लगाइदिएपछि केही दिनमा ढिक्करको रुख हुर्केर त्यसमा ढिक्कर फलेकाले अहिरा रुखमा चढी ढिक्कर टिप्दै खाँदै गरेको कुरा उल्लेख गरिएको छ । यसरी पीठोबाट बनाइने ढिक्कर पनि जमिनमा राखिदिएपछि त्यसबाट विरुवा उम्री ठूलो रुख भएपछि त्यसमा ढिक्कर फल्ने विश्वास यस कथामा पाइन्छ ।

बाबनकय लरिका (१२) कथामा रुखले मानिससँग मानिसले जस्तै कुरा गर्न सक्छ भन्ने विश्वास पाइन्छ । बाहुनको छोरो भगवानकहाँ जाने क्रममा बाटोमा एउटा रुख भेटिए पछि त्यो रुखले बाहुनको छोरालाई कहाँ जान थालेको भनी सोध्दा बाहुनको छोराले आफू केही कुरा बुझ्न भगवान् कहाँ जान थालेको कुरा बताउँदा रुखले पनि आफ्नो जीउमा धेरै फूल फुले पनि के कारणले

गर्दा फल लाग्न नसकेको हो सो बारे भगवानसँग सोधिदिन बाहुनको छोरालाई आग्रह गरेको कुरा कथामा चर्चा गरिएको छ । बाहुनको छोरो पनि भगवानकहाँ पुगी आफ्नो जिज्ञासा पूरा गरेपछि रुखको समस्याबारे भगवानसँग कुरा गरेपछि घर फर्किदा रुखलाई भगवानले बताइदिएको उसको समस्या समाधान गर्ने तरिका रुखसँग बताएको कुरा कथामा वर्णित छ । यसरी कथामा रुखले मानिससँग मानिसले झैं कुरा गर्ने गरेको र मानिसले रुखसँग आफ्नो भाषामा कुरा गर्दा रुखले बुझेको विश्वास देखाइएको छ ।

मेघियारानी (१५) कथामा बाँसको रुख र त्यही बाँसबाट बनाइएको बाँसुरीले मानिसले झैं बोल्ने र बाँसुरीबाट सुन्दर युवती प्रकट हुन्छिन् भन्ने विश्वास पाइन्छ । कथामा बर्दियाले नैनीतालको पोखरीमा अलप भएका आफ्ना गाईवस्तुलाई पुनर्जीवित तुल्याउन नैनीतालदेवीको माग बमोजिम आफ्नी पत्नी भ्यागुतारानीलाई भोग चढाए पछि भ्यागुतारानीको लासलाई नैनीतालको पोखरीको डिलमा गाडिएको केही दिनमा नै भ्यागुताराखीको लासबाट बाँस उम्री ठूलो भएको र त्यो बाँसले एकदिन त्यही बाटो हिँड्दै गरेको एउटा डुमलाई बोलाई त्यही बाँसको बीचको भागबाट बाँसुरी बनाउन अनुरोध गरेबमोजिम डुमले बाँसरी बनाई त्यही बाँसुरी बजाई भीख माग्न जाँदा त्यो बाँसुरीबाट भ्यागुता रानीको मानिसको झैं आवाज आएको घटना उल्लेख गरिएको छ । डुमले भीख माग्दै हिँड्ने क्रममा बर्दियाकै घरमा पुगी डुमले बाँसुरी बजाउँदा बाँसुरीबाट भ्यागुता रानी बोलेको र उनले आफ्नो परिचय बर्दियाकी पत्नीको रुपमा दिएको कुरा कथामा देखाइएको छ । बर्दियाको घर-परिवारका सबै सदस्यहरुलाई बाँसुरीबाटै सम्बोधन गरी आफ्नो परिचय दिएकोले लोकजीवनमा पनि एक विशेष प्रकारको बाँसबाट बनाइएको बाँसुरीमा मानिसको आत्मा पसी बाँसुरीबाट त्यो मानिसले बोल्ने मात्र होइन निर्धारित समयमा बाँसुरीबाट मानिसै पनि प्रकट हुन सक्छ भन्ने विश्वास यस कथामा पाइन्छ । यस कथामा पनि बर्दियाले डुमसँगबाट त्यो बाँसुरी लिई घर लगेर बिछ्यौनामा राख्दा रातिपख बाँसुरीबाट तिनै सुन्दर भ्यागुता रानी प्रकट भई बर्दियासँग मीठा कुरा गरेको र एकदिन बर्दियाले भ्यागुतारानी बाँसुरीबाट निस्केर बाहिर आएको मौकामा त्यो बाँसुरी आगोमा जलाउँदा भ्यागुता रानी बाँसुरीभित्र पस्न नपाई सधैको लागि एउटी सुन्दर युवतीको रुपमा बर्दियाकी पत्नी भएर रहेको चर्चा यस कथामा पाइन्छ ।

### ३.१.४.३ अन्य पदार्थहरूमा आत्मशीलताको विश्वास

कानी चिरइया (२) कथामा चराको मासुले पनि मानिससँग कुरा गर्छ र मानिसलाई छक्काएर चरो बनी उडेर भाग्न सक्छ भन्ने विश्वास पाइन्छ । कथामा किसानको खेती खाने

चरालाई किसानले जालमा फँसाएर घर लगी काटकुट पारेर कराहीमा भुट्दा पनि त्यो चरो बोल्ने गरेको तथा चराको मासु पकाएर थालमा राख्दा पनि उसको प्राण नगएको चर्चा गरिएको छ । किसानले चरालाई जालमा फसाएर घर लग्दा चराले बाटोमा भेटिएका भेडा गोठाले, भैसी गोठाले, घोडसवार, माहुते आदिसँग आफूलाई जालबाट मुक्त पार्न किसानसँग भनिदिन अनुरोध गर्दा तिनीहरुले किसानसँग चुरालाई मुक्त गरिदिन अनुरोध गरेपनि किसानले कसैको सिफारिस नसुनी चरोलाई घरमा लगेरै काटकुट पारी तरकारी पकाउन लगाएको घटना कथामा उल्लेख गरिएको छ । त्यो चरोलाई किसानले लिएर हिँडेदेखि चरालाई काटकुट गरी पकाएर खान थाल्दासम्म चरो बोलिरहने अनौठो घटना कथामा वर्णित छ भने भोलिपल्ट किसान दिशा गर्न बस्दा गुदद्वारबाट दिसा निस्कनुको साटो चरो भुर्र उडेर भुर्र उडेर गएको घटना पनि कथामा उल्लेख गरिएको छ । कथामा अपत्यारिलो जस्तो लाग्ने पकाइएको मासु पनि बोल्न सक्ने र खाएर पेटमा पुगे पनि दिसा गर्दा गुदद्वारबाट निस्केर जिउँदो चरो बनी उड्न सक्ने विश्वास यस कथामा पाइन्छ ।

पत्तालपुरी राजाकय लरकी (९) कथामा रानीको पान राख्ने भाँडो, गाजल राख्ने भाँडो र हार पनि मानिसले जस्तै मानिससँग बोल्न सक्छन् भन्ने विश्वास पाइन्छ । कथामा पत्तालपुर राजाकी छोरीलाई तीन पटक आफूले बोलाउँदा बोल्ने गराउन राजा विक्रमादित्यले इन्द्र भगवानका तीन दूतहरुमध्ये एउटालाई गाजल राख्ने भाँडो, अर्कोलाई पान राख्ने भाँडो र एउटालाई हार बन्न अह्राई आफूले कथा भन्ने र कथा सिद्ध्याउने बेला आफूले कुनै प्रश्न उनीहरुमध्ये कुने एउटालाई सोद्दा गलत जवाफ दिनु भनेर अह्राउँछन र राजाले कथा भनेको प्रसङ्ग जोडिएको छ । राजाले कथा भनेर सिद्ध्याए पनि पानको डिम्बालाई एउटा प्रश्नको जवाफ माग्दा पान डिब्बा बनेको इन्द्रको दूतले गलत उत्तर दिँदा तत्कालै राजकुमारीलाई चित्त नबुझी आफैले उत्तर दिएकोले ती राजकुमारीलाई एक पटक बोल्न सक्ने गराएकोले राजा विक्रमादित्य खुसी भएको कुरा कथामा उल्लेख गरिएको छ एवं रीतले गाजल राख्ने भाँडो र हारलाई राजा विक्रमादित्यले कथा भनेपछि प्रश्न सोद्धा उनीहरुले पनि क्रमैसँग गलत जवाफ दिँदा राजकुमारीलाई उनीहरुले दिएको उत्तर चित्त नबुझी आफैले उत्तर दिन्छिन् । यसरी तीनै पटक राजकुमारीलाई बोल्न लगाउन सकेकाले राजा विक्रमादित्यले पत्तालपुरका राजाले राखेको शर्तनियमानुसार बाजी जिती राजकुमारीसँग विवाह गरेको कुरा कथामा उल्लेख गरिएको छ । कथामा राजकुमारीका दैनिक प्रयोगमा आउने पानडिब्बा, कजरौटा (गाजल राख्ने भाँडो) र हार निर्जीव वस्तु भएर पनि मानिस झैं मानिससँग बोल्न सक्छन् भन्ने विश्वास कथामा देखाउन खोजिएको आभाष हुन्छ । यसैले निर्जीव वस्तुले पनि मानिसले झैं बोल्न सक्छन् भन्ने विश्वास यस कथामा पाइन्छ ।

मेघिया रानी (१५) कथामा बाँसुरी मानिस जस्तै बोल्न सक्छ र बाँसुरीमा युवतीको प्राण भएकोले निश्चित समयमा युवती सदेह बाँसुरीबाट प्रकट हुन सक्छिन् भन्ने विश्वास पाइन्छ । कथामा बर्दियाले आफ्ना दुईटा गाईसँग साटेको बाँसुरी बर्दिया सुतेको बेला राती युवतीको रुपमा प्रकट भई बर्दियालाई पतिको रुपमा स्वीकार गरी उसको खुट्टामा तेल लगाई खुट्टा माडिदिने र उससँग हाँसोमजाक गर्ने गरेको घटना उल्लेख गरिएको छ । त्यो बाँसुरी बर्दियाको हातमा पर्नुभन्दा पहिले डुमको हातमा छँदा डुमले बजाउँदा त्यही बाँसुरीबाट स्पष्टसँग बर्दियाले विवाह गरेकी भ्यागुतो रानीको आवाज निस्कन्थ्यो । यसरी कथामा मानिस जस्तै बोल्ने र आफ्नो र पराइ मानिस छुट्टाउन सक्ने क्षमता निर्जी बाँसुरीमा हुँदो रहेछ भन्ने विश्वास पाइन्छ ।

## ३.१.५. लोकविश्वास

यस मूल शीर्षक अन्तर्गत उपशीर्षक ५.१ सँग समेट्न सकिने कपिलवस्तु जिल्लाका प्रचलित केही अवधी लोककथाभित्रका लोकविश्वासहरु निम्न रहेका छन् ।

### ३.१.५.१ भविष्यवाणी

यी भविष्यवाणीहरुलाई सुसमाचारका निम्ति, नराम्रो समाचारका निम्ति निषेध तथा सतर्कताका निम्ति प्रयोगमा ल्याउने लोकप्रचलन पाइन्छ ।

चारबातकय जवाफ (५) कथामा आकासवाणीबाट चार प्रश्नको जवाफ दिन भनेकाले ती प्रश्नको जवाफ नदिएमा कुनै अशुभ हुने संकेत पाएकाले राजाले ती प्रश्नहरुको जवाफ ल्याउन मन्त्रीलाई बाध्य बनाएको विश्वास पाइन्छ । ती चार प्रश्नहरुको जवाफ नदिए आफ्नो अनिष्ट हुने संदेहले गर्दा राजाले आफ्ना मन्त्रीसँग ती प्रश्नहरुको जवाफ जसरी भए पनि खोजेर ल्याउन भनेको कुरा कथामा उल्लेख गरिएको छ । मन्त्रीले ती चार प्रश्नहरुको जवाफ नपाए पछि राजासँगको शर्तानुसार राजाले कचहरीमा रहेको आलमारीमा आफ्नो शिर काटेर राखिदिने कुरा मन्त्रीले आफ्नो छोरासँग भने पछि मन्त्रीका छोराले ससुराल गई आफ्नी श्रीमतीसँग सो कुरा बारे जानकारी गराउँदा मन्त्रीकी बुहारीले ती प्रश्नहरुको जवाफ अर्को दिन राजदरबारको सभामा दिएपछि राजासँगको शर्तानुसार मन्त्रीले आधा राज्य र आधा कचहरी पाएको कुरा कथामा देखाइएको छ । यसरी आकासवाणीबाट सोधिएका प्रश्नहरुको उत्तर दिन सक्ने र नसक्ने आधारमा भविष्यमा अनिष्ट टर्ने तथा अनिष्ट हुन सक्ने भविष्यवाणीको संकेत भएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.१.१ देवीदेवता तथा सिद्धहरूले बताएका भविष्यवाणीहरू सम्बन्धी लोकविश्वास

पाँचपाण्डव (१०) कथामा दुर्वासा ऋषिले द्रौपदीलाई उनको सत्य रहिरहने र कसैले पनि उनको धर्म डगाउन नसक्ने भविष्यवाणी गरेको विश्वास पाइन्छ । नदीमा नुहाइरहेका दुर्वासा ऋषि धेरैबेरसम्म पनि घाट नछोडिदिँदा नुहाउन गएकी द्रौपदीले घाट छोडिदिन अनुरोध गर्दा ऋषिले आफूसँग एउटै धरो भएकोले त्यो धरो धोएर सुकाई आफू नांगै नदीको जलमा भएकोले धरो नसुक्दै घाटबाहिर आउन नसक्ने कुरा गरेपछि द्रौपदीले आफ्नो साडी च्यातेर दुईटा धरा बराबरको टुक्रा दिएपनि ऋषिले उक्त साडीको टुक्राको धरो लगाई नदीबाट बाहिर आउँदै आफूप्रति सहानुभूति देखाएकोले द्रौपदीलाई उनको सत्य रहिरहने र कसैले पनि उनको धर्म डगाउन नसक्ने भनी आर्शीवाद दिएको कुरा कथामा उल्लेख गरिएको छ । कौरवले पाण्डवलाई जुवामा हराउँदा कौरवका दुशासनले जुवामा हारिएकी द्रौपदीको बेइज्जत गरी उनको सत्य डगाउन उनको साडी फुकाउँदा त्यहाँ साडीको थुप्रो लागेको तर द्रौपदीलाई निर्वस्त्र बनाउन नसकिएको घटनाले ऋषिले दिएको आर्शीवाद भविष्यवाणी झैं ठ्याक्कै मिल्न गएको कुरा कथामा उल्लेख गरिएको छ । ऋषिमुनिले दिएको आशीर्वादलाई भविष्यवाणीको रुपमा लिन सकिने विश्वास यस कथामा पाइन्छ ।

हंस अउर जवाहिर (२१) कथामा बादशाह बिरहन शाहको दरबारमा आएका साधुले निःसन्तान बिरहन शाहलाई एउटा छोरो जन्मिने छ भनी आशीर्वाद दिएकोले भविष्यवाणीको रुपमा साधुले दिएको आशीर्वाद पूरा भएको विश्वास पाइन्छ । उन्साठी वर्ष पुगेका बिरहन शाहका कुनै सन्तान नहुँदा दुःखी भएका बेला उनको दरबारमा पुगेका एक जना साधुलाई बिरहन शाहले जयजयकार गरी सम्मानपूर्वक दरबारको एउटा कोठामा साधुलाई खाने र बस्ने व्यवस्था मिलाइदिएको बेला राजाको मलिनो अनुहार देखी साधुले उनलाई त्यसको कारण सोद्धा राजाले आफू निःसन्तान भएको कुरा व्यक्त गरेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । साधुले राजालाई दुःख मान्नु पर्दैन, तपाईलाई मेरो आशीर्वादले एउटा छोरो हुनेछ भनी भविष्यवाणी गरेकाले साधुले आशीर्वाद दिएको केही समयपछि रानीको गर्भबाट छोरो जन्मेको र उसको नाम हंस राखिएको कुरा कथामा उल्लेख गरिएको छ । यसरी कथामा साधुको आशीर्वादले विरहन शाहलाई छोरो जन्मिएकाले साधुले दिएको आशीर्वादलाई भविष्यवाणीका रुपमा लिइएको विश्वास पाइन्छ ।

### ३.१.५.१.२ ज्योतिषशास्त्रले बताउने फल र भविष्यवाणीहरू

राजा विक्रमादित्य (१७) कथामा मानिसको दाहिने हातमा चक्रको निशान हुनुले त्यो

राजा विक्रमादित्य (१७) कथामा मानिसको दाहिने हातमा चक्रको निशान हुनुले त्यो मानिस कुनै ठूलो पदमा आसीन भई संसारमा प्रसिद्धि आउँछ भन्ने ज्योतिषशास्त्रीय विश्वास पाइन्छ । राजा विक्रमादित्यको दरबारमा आएका एक जना साधुलाई राजाले स्वागत सत्कार गरी राखेको एक दुई दिनपछि राजाले साधुसँग आफूले पूर्व जुनीमा के कस्तो कर्म गरेकाले अहिले आफ्नो नाम तीनै लोकमा चलेको र आफ्नो दाहिने हातमा चक्रको निशान भएको कुरा जान्न चाहेको कुरामा कथामा उल्लेख गरिएको छ । साधुको सल्लाह बमोजिम राजा विक्रमादित्यले वनमान्छेसँग सोधी उनी पूर्वजुनीको के कस्तो कार्यले गर्दा अहिले तीनै लोकमा प्रसिद्धि पाउन सकेका हुन् भन्ने बारे आफ्नो जिज्ञासा मेटेको कुरा कथामा देखाइएका छ । राजाको दाहिने हातमा भएका चक्रको निशानले उनी तीनै लोकमा प्रसिद्धि पाएका ठूला राजा हुन् भन्ने संकेत मिल्ने विश्वास यस कथामा पाइन्छ ।

#### ३.१.५.१.३ सकुन-अपसकुनका माध्यमद्वारा दिइने संकेतस्वरुप भविष्यवाणीहरू

लकडहाराकय कर्म (१८) कथामा कुकर्मले दिएको वस्तु फलिफाप नहुने तर कर्मले दिएको सानो वस्तुले पनि फलिफाप हुने भविष्यवाणी प्रतिको लोकविश्वास पाइन्छ । कथामा गरिब दाउरेले वनमा दाउरा चिरिरहेको बेला कर्म र कुकर्मले देखेपछि कुकर्मले दाउरेलाई सहयोग गर्न कर्मलाई आग्रह गर्दा कर्मले बेवास्ता गरेकोले कुकर्म आफैले दाउरेलाई पहिले चार गाग्री रुपिया पछि सुनको ढुङ्गा र नौलखा हार दिँदा पनि दाउरेले ती वस्तु बचाउन नसकी पहिलेकै अवस्थामा पुगेकाले अन्तमा कर्मले दिएको दुई रुपियाँले गर्दा उसले पहिल्यै गुमाएका चार गाग्री रुपिया, सुनको ढुङ्गो र नौलखा हार प्राप्त गरेको घटना देखाइएको छ । यसरी कुकर्मले दिएका वस्तु अपसकुन र कर्मले दिएको दुई रुपियाँ सकुनका रुपमा यस कथामा उल्लेख भएको पाइन्छ ।

### ३.१.५.२ श्राप

#### ३.१.५.२.१ दुःख पाउने श्राप

पाँच पाण्डव (१०) कथामा निर्दोष ऋषि भृगुको घाँटीमा मरेको सर्प बेह्रिदिई उनको अपमान गरेको कारण भृगु ऋषिका छोरा श्रृङ्ग ऋषिले राजा परीक्षितलाई सर्पले टोकी मृत्यु होस् भनी श्राप दिएका कारण राजा परीक्षितको सर्पको टोकाइबाट मृत्यु भएको विश्वास पाइन्छ । कथामा भृगु ऋषि ध्यानमा बसेकोले राजा परीक्षितले गरेको अभिवादनको प्रत्युत्तरमा टाउको नहल्लाई मनमनै आशीर्वाद दिए पनि राजाले मैले प्रणाम गर्दा बेवास्ता गरी मेरो अपमान गरेको भनी भृगु ऋषिको

घाँटीमा मरेको सर्प बेह्रिदिएको कुरा उल्लेख गरिएको छ । राजा परीक्षितको शिरमा कलि बसेको कारण राजाले क्रोधवश त्यस्तो कार्य गरेको भए पनि भृगु ऋषिका छोरा श्रृङ्ग ऋषिले त्यो कुरा थाहा नपाएकाले आफ्नो पिताको घाँटीमा मरेको सर्प बेह्रिदिने मानिसको सर्पले टोकेर मृत्यु होस् भनी श्राप दिएकोले राजा परीक्षितको सर्पले टोकी मृत्यु भएको कुरा कथामा उल्लेख गरिएको छ । लोकजीवनमा ऋषिमुनिहरुले दिएको श्राप लाग्ने विश्वास यस कथामा पाइन्छ ।

राजा विक्रमादित्य (१७) कथामा पूर्व जुनीमा घरमा आएका चौध दिनका भोका साधुलाई भोजन नगराएको कारण साधुको श्रापका कारण पुनर्जन्ममा मानिस सुँगुर र वनमान्छे भएर जन्मिन परेको विश्वास पाइन्छ । कथामा राजा विक्रमादित्य आफू तीनै लोकमा प्रसिद्धि पाएको कुरा पूर्वजुनीको कुन कार्यले हो भनी आफ्नो दरबारमा आएका साधुसँग सोद्धा ती साधुले त्यो कुराको रहस्य आफैले नबताई एउटी कुम्हामलेकी बुहारीलाई सोध्न भन्छन् भने राजाले कुम्हालेकी बुहारीलाई सोद्धा उसले सार्कीको सँगुरसँग सोध्न भन्छे भने सुँगुरले राजालाई वनमान्छेसँग सोध्न भनेको कुरा उल्लेख गरिएको छ । राजा विक्रमादित्यले वनमान्छेलाई भेटी सो बारे सोद्धा उसले पूर्व जुनीमा आफ्नो घर आएका चौध दिनका भोका साधुले खानेकुरा माग्दा साधुलाई आफ्नो आधा भाग भोजन दिएकाले साधुको श्रापको कारण यो जुनीमा गरिब घरमा जन्मिन पुगेकी कुम्हालेकी बुहारीको उदाहरण दिन्छ भने साधुलाई केही पनि खानेकुरा नदिएकाले उनको श्रापका कारण यो जुनीमा सुँगुर भई जन्मिन पुगेको सार्कीको सुँगुरको उदाहरण दिन्छ साथै साधुले भोजन माग्दा आगोको अगुल्टो दिएकोले यस जुनीमा वनमान्छे भई आगोको लप्का छोड्दै हिड्न परेको आफ्नो उदाहरण दिनुका साथै पूर्वजुनीमा ती साधुलाई भागको पूरै भोजन खुवाएको कारण यो जुनीमा तीनै लोकमा प्रसिद्धि पाउन सफल राजा भएको भनी राजा विक्रमादित्यको उदाहरण दिएको कुरा कथामा उल्लेख गरिएको छ । यसरी घरमा आएका साधुसन्तको उचित सेवा-सत्कार नगर्नाले साधु-सन्त रिसाई श्राप दिने गरेको र त्यस्तो श्राप लाग्ने गरेको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.२.२ योनी परिवर्तन हुने श्राप

राजा विक्रमादित्य (१७) कथामा साधुको श्रापका कारण अर्को जुनीमा सुँगुर र वनमान्छेको योनीमा जन्म भएको विश्वास पाइन्छ । एउटा गरिब परिवारका चार जना सदस्यहरु खान नपाई सात दिन भोकै बसेको बेला केही पीठो पाएपछि आठौं दिनका दिन रोटी बनाएर बराबर भाग लगाई खान थालेको बेला चौध दिनका भोका एक जना साधु आई खान माग्दा एउटा सदस्यले केही पनि नदिएको र अर्कोले आगोको अगुल्टो खान दिएकोले साधुको श्रापका कारण ती सदस्यहरु

क्रमशः अर्को जुनीमा सुगुर र वनमान्छेको योनीमा जन्म भएको रहस्य वनमान्छेले राजा विक्रमादित्यलाई बताएको कुरा कथामा उल्लेख गरिएको छ । यसरी साधुको श्रापले अर्को जुनीमा ती गरिब परिवारका सदस्यहरु एउटा सुँगुर र अर्को वनमान्छे भएर जन्मिएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.२.३ वस्तुमा परिवर्तन हुने श्राप

मेघिया रानी (१५) कथामा एउटी युवती बाँसुरीबाट प्रकट हुने र बाँसुरीमै प्रवेश गर्ने गरेको विशस पाइन्छ । बर्दियाले आफ्नी पत्नी भ्यागुता रानीलाई नैनीताल देवीलाई भोग चढाई नैनीतालको पोखरीको डिलमा गाडेपछि केही दिनमा त्यहाँ बाँस उम्रेको र बाँसको अनुरोध बमोजिम डुमले त्यो बाँसको बीच भागबाट बनाएको बाँसुरीबाट राति बर्दियाको विस्तारमा बर्दियाकै पत्नी भ्यागुतो रानी प्रकट भएको कुरा कथामा उल्लेख गरिएको छ । ती भ्यागुता रानी पहिलो भ्यागुताको खोलबाट प्रकट हुँदा बर्दियाले भ्यागुताको खोल जलाएपछि भ्यागुता रानी खोलभित्र पस्न नपाई बर्दियाकै पत्नीको रुपमा एउटी सुन्दर युवती भएर रहेको र बर्दियाले आफ्ना हराएका गाईवस्तुलाई फर्काउने उद्देश्यले नैनीताल देवीलाई आफ्नी पत्नी बनेकी भ्यागुता रानीलाई भोग चढाए पछि नैनीतालको डिलतिर गाडिएको भ्यागुता रानीको लासबाट उम्रेको बाँसमा भ्यागुता रानीको आत्मा पसेकोले पछि त्यही बाँसबाट बनाइएको बाँसुरीमा ती युवती रहेकोकुरा कथामा चर्चा गरिएको छ । कसैको श्रापका कारण ती युवती कहिले भ्यागुताको योनी र कहिले बाँसुरीको योनीमा रहन पर्ने बाध्यता भएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.३ भाग्य

### ३.१.५.३.१ भावीसम्बन्धी लोकविश्वासहरू

हंस अउर जवाहिर (२१) कथामा जवाहिरको विवाह हंससँग भावीले लेखिदिएकोले जवाहिरको दैनुरवासँगको विवाह असफल भई हंससँग भएको भावीसम्बन्धी लोकविश्वास पाइन्छ । जवाहिरकी फुपूले आफ्नो छोरा दैनुखाको विवाह जवाहिरसँग गरिदिन लागेको बेला स्वर्गका राजा इन्द्र भगवानले आफ्नो परीसँग जवाहिरको जोडी दैनुरवासँग नलेखिई जवाहिरको निधारमा हंस लेखिएकोले जवाहिरको विवाह हंससँग नै गराइदिन भनेको कुरा कथामा उल्लेख गरिएको छ । इन्द्र भगवानको आदेशानुसार स्वर्गकी परीले दैनुखासँग हुन लागेको जवाहिरको विवाह असफल पारी

जवाहिरको हंससँग विवाह गराइदिएको घटना कथामा उल्लेख भएकोले भावीले लेखेको कुरा कसैले पनि मेट्न सक्दैन भन्ने विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.३.३ कर्मसम्बन्धी लोकविश्वासहरू

जुलाहा अउर मुर्द्धवा (७) कथामा दु:ख अप्ठ्यारोमा परेकोलाई आफूसक्दो सहयोग गर्नाले सो कर्मको प्रभावले उसको फलिफाप हुने विश्वास पाइन्छ । साहूबाट ऋण खोजी ल्याएको पाँचसय रुपियाँ नतिर्दै मरेको मुर्द्दालाई साहूले लौराले पिटेको देखी साहूबाट ऋण खोजी आफ्नो व्यवसाय चलाउन भनी जुलाहाले ल्याएको पाँच सय रुपियाा मुर्द्धाको लागि मर्द्धालाई पिट्ने साहूलाई तिरिदिएको हुँदा मुर्द्धाले जुलाहालाई थुप्रै रुपिया र माछाको लाल दिलाइदिएको कुरा कथामा उल्लेख गरिएको छ । कथामा सहयोगी भावना भएको जुलाहालाई उसले मुर्द्धालाई गरेको गुनको बदला मुर्द्धाले गुन लगाएर ठूलो कल्याण गरेको कुरा देखाइएको छ ।

राजा विक्रमादित्य (१७) कथामा दानपुण्य कर्म गरेकोले यस जुनीमा राजा विक्रमादित्य बन्न पुगेको र दानपुण्य नगरेकै कारण पहिलेको जुनीमा मानिस भएर जन्मिएकाहरु यस जुनीमा सुँगुर र वनमान्छे भई जन्मिन परेको विश्वास पाइन्छ । पूर्व जुनीमा आफ्नो घरमा आएका चौध दिनका भोका साधुलाई आफूले खान ठिक्क पारेको भोजन पुरै साधुलाई खान दिएका कारण यस जुनीमा राजा भई तीनै लोकका प्रसिद्धि कमाउन राजा विक्रमादित्य सफल भएको चर्चा कथामा गरिएको छ भने घरमा आएका तिनै साधुलाई भोज नदिनेवाला सुँगुर र साधुलाई आगाको अगुल्टो खान दिएको व्यक्ति यस जुनीमा आगाको लप्का छोड्दै बाँच्न विवश हुने वनमान्छे भएर जन्मिन परेको चर्चा पाइन्छ । यसरी कथामा राम्रो कर्मको फल राम्रो र नराम्रो कर्मको फल नराम्रो मिल्ने विश्वास पाइन्छ ।

## ३.१.५.४ निषेध (वर्जना)

### ३.१.५.४.१ धर्म र संस्कारसँग सम्बन्धित निषेधहरू

चारबातकय जवाफ (५) कथामा हाम्रो समाजमा विवाह भए पनि दुरान नफर्काउनदा सम्म दुलहीले घर नगर्ने र ज्वाइँ ससुराल जान नहुने भन्ने विश्वास पाइन्छ । कथामा मन्त्रीको छोराले विवाह भए पनि दुरान (गौना) नभएको कारण बुहारी माइतमा नै बसेकी र मन्त्रीको छोरो ससुरालीमा जाँदा घरमा नबसी गोठमा बसेको कुरा कथामा देखाइएको छ । राजाद्वारा सोधिएका

चार प्रश्नहरुको जवाफ दिन नसकी आफ्नो अनिष्ट हुने कुरा मन्त्रीले आफ्नो छोरोलाई भन्दा तिनै प्रश्नहरुको उत्तर जानेकी छिन् कि भनी मन्त्रीको छोरा आफ्नी दुलहीलाई भेट्न ससुराल जाँदा ऊ मूल घरमा नबसी गोठमा बसेको र त्यही आफ्नी पत्नीलाई भेटी आफू विशेष काम परेकोले दुरान नफर्काइकनै यहाँ आएको कुरा गरेपछि आफू आउनुको कारणबारे पनि दुलहीलाई अवगत गराएको यस कथामा उल्लेख गरिएको छ । मन्त्रीको छोरा दुरान नफर्काइ ससुराल जाँदा गाउँलेहरु अचम्म मान्दै एक-आपसमा कुरा गरेको तथा मन्त्रीका सम्धीले दुरान नफर्काइ ज्वाइँ आफ्नो घर आएकोले आफ्नी छोरीसँग चिन्ता व्यक्त गरेको कुराले पनि लोकजीवनमा विवाह पछिको दुरान फर्काउने संस्कारको आफ्नै किसिमको महत्व रहेको विश्वास यस कथामा पाइन्छ । दुरान नफर्काउँदा सम्म ज्वाई ससुरालीकहाँ जान निषेध गरिएको विश्वास पनि कथामा पाइन्छ ।

पाँच पाण्डव (१०) कथामा अर्काकी श्रीमतीसँग यौन दुराचार गर्ने प्रयास गरेकोले किचक महाबलि भीमद्वारा मारिएको विश्वास पाइन्छ । हाम्रो लोकसमाजमा परस्त्री गमन गर्ने कुरालाई हाम्रो लोकसंस्कार र धर्मले निषेध गरेको विश्वास यस कथामा पाइन्छ । पाण्डवकी पत्नी द्रौपदीको सुन्दरतासँग लोभिए विराट राजाको सालो किचकले द्रौपदीको हात समाई जवर्जस्ती भोग गर्ने इच्छा राख्दा द्रौपदीले तत्काल अन्य विकल्प केही नदेखी आफूलाई भोलि भोग गरौला भनी बचन दिएपछि किचकले द्रौपदीलाई त्यसबेला छोडिदिएकाले द्रौपदी निवास स्थानमा पुगी भीमसँग आफूलाई किचकले हात समाई यौनदुराचार गर्ने प्रयास गरेको कुरा बताएपछि अर्को दिन बिहान भीम स्त्रीको भेषमा शंकर भगवानको मन्दिरमा गई पूजा गर्ने अभिनय गर्दा गर्दै किचक आएकोले भीमले तत्कालै किचकलाई जमिनमा पछारेर मारेको उल्लेख कथामा गरिएको छ । यसरी लोकधर्म र संस्कारले निषेध गरेको कुराप्रति बेवास्ता गरी यौन तिर्खा मेटाउन खोज्ने किचकको भीमले वध गरेकोले यस कथामा धर्म र संस्कारले निषेध गरेका कुरा मान्नु पर्दछ भन्ने विश्वास पाइन्छ ।

### ३.१.५.४.२ पराप्रकृतिसँग सम्बन्धित निषेधहरू

मेघियारानी (१५) कथामा जलदेवी रहने पोखरी, तलाउ आदिमा पशुहरुलाई पानी खुवाउन निषेध गरिएको विश्वास पाइन्छ । कथामा भ्यागुता रानीले आफ्नो पति बनिसकेको बर्दियालाई नैनीतालको पोखरीमा आफ्ना गाईवस्तुलाई पानी नखुवाउनु होला भनी निवेदन गर्दा पनि बर्दियाले वेवास्ता गरी पानी खुवाउँदा के हुँदो रहेछ भनी विचार गर्न आफूले चराउन लगेका गाईवस्तुलाई नैनीतालको पोखरीमा पानी खुवाउन लग्दा ती

गाईवस्तु सबै नैनीतालमा अलप भएको चर्चा गरिएको छ । लोकसमाजमा कुनै ठाउँ विशेषमा देवी-देवताको विशेष प्रभाव रहेको हुँदा त्यस्तो ठाउँमा जान र कुनै कार्य गर्न गराउन हुँदैन भन्ने विश्वास रहेकोले त्यस्तो ठाउँमा जानलाई निषेध गरिएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.४.३ यौनसँग सम्बन्धित निषेधहरू

जुलाहा अउर मुर्द्धावा (७) कथामा परपुरुषसँग यौन सम्पर्क राख्ने कुरालाई लोकसमाजले निषेध गरेको विश्वास पाइन्छ । कथामा जुलाहाकी स्वास्नीले आफ्नो लोग्नेलाई सुतधरी किन्न बजार पठाउनको लागि सेठसँग पाँचसय रुपियाँ ऋण माग्दा सेठले आफूले पाँचसयको बदला एक हजार रुपियाँ दिने तर एक रात आफूसँग सुत्नुपर्ने शर्त राखेपछि जुलाहाकी स्वास्नी सेठको शर्त अस्वीकार गरी घर फर्किएको कुरा देखाइएको छ । जुलाहासँग सेठले भनेको कुरा उसकी पत्नीले सुनाएपछि जुलाहाले आफूले मजुरी गरेर आफ्नी स्वास्नीलाई पाल्ने तर सेठसँग पैसाको लोभमा परी सुत्न नपठाउने कुरा बताएकोले लोकसमाजमा विवाहित महिला आफ्नो पतिबाहेक परपुरुषसँग यौन सम्पर्क राख्ने कुरालाई निषेध गरेको विश्वास यस कथामा पाइन्छ

पाँच पाण्डव (१०) कथामा द्रौपदीलाई भोग गर्ने इच्छा राखी द्रौपदीको हात जवर्जस्ती समातेको किचकलाई द्रौपदीले आफूलाई उसको यौन सम्पर्कबाट बचाउन भोलि भोग गरौला भनी उसलाई विश्वस्त पारी त्यो दिन आफ्नो सतीत्व बचाए पछि अर्को दिन भीमले किचकको वध गरेकोले परस्त्री गमन गर्न निषेध गरेको विश्वास पाइन्छ । लोकसमाजमा स्त्रीले परपुरुषसँग र पुरुषले परस्त्रीसँग यौनसम्बन्ध राख्ने कुरालाई निषेध गरिएको विश्वास यस कथामा पाइन्छ ।

सोनरावानी (२०) कथामा आफ्नो पतिको मृत्यु भएको बाह्र वर्षसम्म परपुरुषसँग विवाह गर्न हुँदैन भन्ने विश्वास पाइन्छ । कथामा सोनवारानीको कपालको सुन्दर रौं देखी उनीसँग विवाह गर्न आतुर कानो राजाले कुटुनी बूढीको सहयोगले सोनवारानीको पति राजकुमारलाई मराई सोनवारानीलाई छलकपटद्वारा दरबारमा ल्याएर कानो राजालाई सुम्पे पछि कानो राजाले सोनवारानीसँग विवाह गर्ने कुरो राख्दा उनले आफ्नो धर्म र संस्कारको हेक्का राखी आफूले बाह्र वर्ष दानपुण्य गर्ने र त्यसपछि मात्र विवाह गर्ने कुरो गर्दा कानो राजाले त्यो कुरालाई स्वीकार गरेको उल्लेख गरिएको छ । सोनवारानीले आफ्नो पति

मरेको लगत्तै परपुरुषसँग विवाह गर्ने कुरालाई अस्वीकार गरी बाह्र वर्षको समयदिनु धर्म र संस्कारकै प्रभाव हो भन्ने विश्वास कथामा देखाइएको छ ।

३.१.५.४.५ दृष्टिसँग सम्बन्धित निषेधहरू

पाँच पाण्डव (१०) कथामा स्त्री र पुरुषसँगै नदीमा नुहाउन हुँदैन तथा स्त्रीले नुहाउन थालेको बेला पुरुषले हेर्न हुँदैन भन्ने विश्वास पाइन्छ । दुर्वासा ऋषिले नदीमा नुहाउँदा धेरै ढिलो गरेकाले द्रौपदीले आफूलाई नुहाउन घाट छोडिदिन ऋषिलाई आग्रह गरेपछि ऋषिले आफू नाङ्गै भएकोले द्रौपदीले आफ्नो साडी च्यातेर दुईटुक्रा धरा बराबरको टुक्रा दिए पछि ऋषिले घाट छोडिदिएको चर्चा कथामा गरिएको छ । ऋषिले नुहाइरहेको बेला द्रौपदीले नुहाउन अप्ठ्यारो मान्नुको कारण स्त्रीले नुहाउन थाल्दा स्त्रीको केही अंग निर्वस्त्र हुने र पुरुषले वा परपुरुषले त्यस्तो अङ्ग हेर्न निषेध गरेको हुनाले हो भन्ने विश्वास कथामा पाइन्छ । लोकसमाजमा स्त्रीले स्नान गर्दा उनीहरुको निर्वस्त्र अंगदेखि परपुरुषको मनमा कामवासनाको इच्छा जागी स्त्रीसँग अनैतिक सम्बन्ध हुन सक्ने सम्भावना भएकाले पनि त्यस्तो बेला स्त्रीले स्नान गरेको हेर्न परपुरुषलाई निषेध गरिएको विश्वास यस कथामा देखाइएको छ ।

**३.१.५.४.७ स्पर्शसँग सम्बन्धित निषेधहरू**

पत्तालपुरी राजाकय लरकी (९) कथामा पूजा गर्दै गरेकी महिलालाई परपुरुषले स्पर्श गर्न निषेध गरिएको विश्वास पाइन्छ । कथामा पत्तालपुरी राजाकी छोरीको धर्मी चरित्रका कारण इन्द्रभगवानले उनलाई स्वर्गलोक ल्याउन चाहेकाले आफ्ना चारजना दूतहरु पठाई राजाकी छोरीले पूजा गरिरहेको बेला उनलाई नछुने तथा उनको धर्म बिगार्नाले पाप हुने भएकाले उनले पूजा गरेर सिध्याएपछि मात्र उनलाई समाती ल्याउन निर्देशन दिएको चर्चा गरिएको छ । इन्द्र भगवानले पनि आफ्नो धर्म र संस्कारप्रति श्रद्धा राख्दै पूजा गरिरहेको बेला पूजा गर्ने स्त्रीलाई छुन नहुने र त्यसरी छुँदा पूजा गर्ने स्त्रीको धर्म बिग्रने कुरा गरेको विश्वासलाई कथामा देखाइएको छ ।

**३.१.५.५ परीक्षासँग सम्बन्धित विश्वासहरू**

**३.१.५.५.२ कुलधरान र व्यक्तिको परिचय परीक्षा**

चारबातकय जवाफ (५) कथामा मन्त्रीकी बुहारीले राजालाई आकाशवाणीबाट

चारबातकय जवाफ (५) कथामा मन्त्रीकी बुहारीले राजालाई आकासवाणीबाट सोधिएका चारप्रश्नहरुको जवाफ दिएर आफ्नो बुद्धिमत्ताको परिचय दिएको विश्वास पाइन्छ । राजाले मन्त्रीलाई आकसवाणीबाट सोधिएका चार प्रश्नको जवाफ दिएमा आधाराज्य र आधा कचहरी दिने तथा जवाफ दिन नसकेमा मन्त्रीको टाउको काटी आलमारीमा राखिदिने शर्त राखेकोमा मन्त्रीले ती प्रश्नहरुको जवाफ दिन नसकी आफ्नो छोरासँग राजासँग भएको शर्त सुनाएपछि मन्त्रीको छोराले पनि ती प्रश्नहरुको जवाफ खोज्दा केही नपाएकाले अन्त्यमा हत्तुहैरान भई आफ्नी श्रीमतीसँग सो बारे कुरा राख्दा श्रीमतीले अर्को दिन राजदरबारमा राजालाई ती चार प्रश्नहरुको उदाहरण सहित उचित जवाफ दिएपछि राजाबाट आधाराज्य र आधा कचहरी दिइएको घटना कथामा उल्लेख गरिएको छ ।

भाटकय छोटकी पतोहिया (१३) कथामा भाटकी कान्छी बुहारीले बुद्धिमत्तापूर्वक दीपावलीको रात धनकी देवी लक्ष्मीलाई आफ्नो घरभित्र प्रवेश गराई उनको आशीर्वादका कारण रातभरिमै घरलाई धनधान्यले भरिपूर्ण बनाउन सफल रहेको विश्वास देखाइएको छ । राजाकी छोरीको हार भेटाइ राजासँग दीपावलीको रात आफ्नो बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाउने शर्तमा राजालाई हार फिर्ता गर्ने कुरा गरे पछि राजाले सो शर्तानुसार उर्दी दिएपछि राति भाटको घरमा धनकी देवी लक्ष्मी प्रवेश गरेपछि भाटकी बुहारीले उनको पूजा गर्दा रातभरिमै लक्ष्मीले त्यो घरलाई धनधान्यले भरिपूर्ण बनाइदिएको कुरा कथामा उल्लेख गरिएको छ । भोलि बिहान गाउँलेहरु जम्मा भई भाटको घरको ढाँचा बदलिएको देखी दंग परेको चर्चा कथामा गरिएको छ । यसरी भाटकी कान्छी बुहारीको धर्म र संस्कारप्रतिको अगाध आस्था र आफू पनि कुलधरानकी शिक्षित छोरी भएकीले बेलामौकामा चातुर्यता देखाई आफ्नो घरपरिवारलाई धनधान्यले भरिपूर्ण बनाउन सफल भएको विश्वास यस कथामा देखाइएको छ ।

सोनरावानी (२०) कथामा राजकुमारले आफ्नो साहस, क्षमता र पराक्रमले गर्दा सात समुद्र तरी खजुरीको रुखमा रहेको सुनको पिंजराभित्रको सुगालाई मार्दा सहरको महलमा रहेको राक्षसको मृत्यु भएकाले राक्षसले छोरी बनाई पालेकी सुन्दर युवती सोनवारानीलाई विवाह गरेर पत्नी बनाउन सफल भएको विश्वास पाइन्छ । सुनसान सहरको एउटा महलमा रहेकी सुन्दर युवतीसँग भेट भएपछि तिनै युवतीबाट राक्षसको मृत्यु

बारे थाहा पाएका राजकुमारले राक्षसको मृत्यु गराउन पुगेको र पछि ती युवतीसँग विवाह गरेको चर्चा कथामा पाइन्छ । कथामा राजकुमारको पराक्रमी व्यक्तित्व पाइएको छ जसको कारण उनी राक्षसबाट मात्र बच्दैनन् कि राक्षसलाई मृत्युको मुखमा पुऱ्याई सुन्दर युवतीलाई समेत पाउन सफल भएको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.५.३ विवाहका निम्ति परीक्षा

पत्तालपुरी राजाकय लरकी (९) कथामा राजकुमारीलाई तीनपटक बोलाउँदा तीनै पटक बोलिन भने बोलाउने व्यक्तिसँग उनको विवाह गरिदिई आधा राज्य पनि दिने राजाको शर्तानुसार राजा विक्रमादित्यले आफ्नो बुद्धि, विवेक र चातुर्यले राजकुमारीलाई तीनै पटक बोलाउँदा राजकुमारी बोलेकीले राजकुमारीसँग विवाह गरी आधा राज्य समेत पाउन सफल भएको विश्वास पाइन्छ । कथामा राजा विक्रमादित्य सिकार गर्न जंगल गएको बेला सिकार नपाएपछि जंगलमै बास बसेको बेला इन्द्रलोकबाट चारदूत आई इन्द्रको आदेशानुसार पत्तालपुर राजाकी छोरीलाई समातेर इन्द्रलोक लान खोजेपनि ती दूतहरुले उनलाई समात्न नसकेको कुरा कथामा उल्लेख गरिएको छ । ती दूतहरुसँग जंगलमै वास बसेका विक्रमादित्यको परिचय भएपछि तथा ती दूतहरुले राजकुमारीलाई समातेर इन्द्रलोक लान नसकेको कुरा गर्दा राजा विक्रमादित्यले आफूले उनलाई नसमाती नछोड्ने कुरा गरी राजकुमारीकै पछि पछि पत्तालपुर पुगेको कुरा कथामा उल्लेख गरिएको छ । पत्तालपुर राज्यमा पुगिसके पछि त्यहाँका राजाको आफ्नी छोरीलाई तीनपटक बोलाउदा उनी बोलेमा उसैसँग छोरीको विवाह गरी आधा राज्य समेत दिने तथा नबोलेमा त्यही अन्य राजा झैं बन्दी जीवन बिताउनु पर्ने शर्तानुसार राजा विक्रमादित्यले इन्द्र भगवानका तीन दूतहरुको सहयोग लिई चतुरता पूर्वक ती राजकुमारीलाई बोल्न लगाएकोले ती राजकुमारीलाई विवाह गर्नुका साथै आधा राज्य पनि प्राप्त गर्न सकेको विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.५.४ चतुऱ्याइँको परीक्षा

चारबातकय जवाफ (५) कथामा मन्त्रीको बुहारीले आकासवाणीबाट राजालाई सोधिएका चार प्रश्नको उदाहरणसहित उचित जवाफ दिएर मन्त्रीको ज्यान बचाएको विश्वास पाइन्छ । राजालाई आकाशवाणीबाट सोधिएका चार प्रश्नहरुको जवाफ राजा स्वयम्ले दिन नसके पछि ती प्रश्नको जवाफ दिए आधा राज्य र आधा कचहरी मन्त्रीलाई

दिने तथा जवाफ दिन नसके मन्त्रीको टाउको काटी कचहरीको आलमारिमा राखिदिने भनी मन्त्रीसँग भएको शर्तानुसार मन्त्रीले जवाफ दिन नसकेपछि मन्त्रीकी बुहारीले ती प्रश्नहरुको जवाफ दिएर मन्त्रीको ज्यान बचाउनुको साथै आधाराज्य र आधा कचहरी पाउन सकेको उल्लेख कथामा गरिएको छ । मन्त्रीकी बुहारीले चातुर्यपूर्वक एउटा कन्जुस सेठ, साधु, नर्तकी र दानी सेठ गरी चारजना व्यक्तिहरुलाई सँगै लगी राजालाई आकाशवाणीबाट सोधिएका प्रश्नहरुको उदाहरणसहित चित्तबुझ्दो उत्तर दिएकाले मन्त्रीको ज्यान बच्नुका साथै आधा राज्य र आधा कचहरी पाएकोले सबैले मन्त्रीको बुहारीको प्रशंसा गरेको कुरा कथामा देखाइएको छ ।

भाटकय छोटकी पतोहिया (१३) कथामा भाटकी कान्छी बुहारीले धनकी देवी लक्ष्मीलाई चतुऱ्याइँपूर्वक आफ्नो घरभित्र प्रवेश गराई उनको पूजा गरी लक्ष्मीको आशीर्वाद तथा वरप्रसादले आफ्नो घरलाई धनधान्यले भरिपूर्ण सम्पन्नशाली बनाउन सकेको विश्वास पाइन्छ । कथामा भाटकी कान्छी बुहारीले नदीमा नुहाउन जाँदा आफूले भेटाएको राजकुमारीको हार घरमा ल्याएर राखेको र त्यो हार राजाले माग्दा उनले आफ्नो बाहेक अरु सबैको घरमा दीपावलीको रात बत्ती निभाउन लगाउने शर्तमा त्यो हार राजालाई दिने शर्त राखे पछि राजाले पनि दीपावलीको रात भाटको घरमा बाहेक अरु सबैको घरमा बत्ती निभाउन लगाएको कुरा उल्लेख गरिएको छ । भाटकी कान्छी बुहारी शिक्षिता र चलाख भएकीले आफ्नो घरमा मात्र बत्ती बाल्ने व्यवस्था मिलाई रातको बाह्र बजे धनकी देवी लक्ष्मी उज्यालो भएको भाटको घरभित्र पस्दा भाटकी बुहारीले देवीको पूजा गरी उनलाई खुसी बनाएकोले रातभरिमै देवीले त्यो घरको कायापलट गरी धनधान्यले भरिपूर्ण बनाएको विश्वास यस कथामा पाइन्छ । यसरी भाटकी बुहारीले गरिब भए पनि चतुऱ्याईपूर्वक लक्ष्मीदेवीलाई दीपावलीको रात घरभित्र प्रवेश गराउन सफल भएको कुरा कथामा उल्लेख गरिएको छ ।

### ३.१.५.५.५ सामर्थ्य र साहसको परीक्षा

चारबातकय जवाफ (५) कथामा मन्त्रीकी बुहारीले आफ्नो सामर्थ्य र साहासले राजाले आफ्ना ससुरालाई सोधेका चारप्रश्नहरुको उचित प्रकारले जवाफ दिएर ससुराको ज्यान बचाउनुको साथै आधा राज्य र आधा कचहरी प्राप्त गर्न सकेको विश्वास पाइन्छ । कथामा राजा नदीमा नुहाउन गएको बेला राजालाई आकाशवाणीबाट सोधिएका चार

प्रश्नको जवाफ दिन भनिएकोले राजाले जवाफ दिन नसकी मन्त्रीलाई ती प्रश्नको जवाफ दिन लगाएको उल्लेख छ । मन्त्रीले ती प्रश्नको जवाफ दिए आधा राज्य र आधा कचहरी पाउने र जवाफ दिन नसके उनको टाउको काटी कचहरीको ठूलो आलमारीमा राखिदिने शर्त राजाले सुनाएपछि ती प्रश्नको जवाफ मन्त्रीले र मन्त्रीको छोराले दिन नसके पछि मन्त्रीकी बुहारीले उचित जवाफ दिएको कुरा कथामा उल्लेख गरिएको छ । मन्त्रीकी बुहारीले आफ्नो सामर्थ्य र साहसको सहारामा एकजना कन्जुस सेठ, एक जना साधु, एउटी नर्तकी र एकजना दानी सेठलाई आफूसँगै दरबारमा लगी आफू मर्दाना भेषमा प्रस्तुत भई राजाले सोधेको पहिलो प्रश्न यहा छ, उहाँ छैन को जवाफमा कन्जुस सेठलाई उदाहरणको रुपमा पेश गरिन् भने अर्को प्रश्न यहाँ छैन, उहाँ छ को उत्तरको रुपमा साधुलाई, अर्को प्रश्न यहाँ पनि छैन, त्यहाँ पनि छैन को उत्तरमा नर्तकीलाई र यहाँ पनि छ, उहाँ पनि छ को उत्तरको रुपमा दानी सेठलाई उदाहरणको रुपमा पेश गर्न सकेकोले राजाको चित्त बुझाई शर्त जितेकोले उनलाई आधा कचहरी र आधा राज्य पुरस्कार स्वरुप दिएको कुरा कथामा उल्लेख गरिएको छ ।

पत्तालपुरी राजाकय लरकी (९) कथामा इन्द्र भगवानका चार दूतहरुले समात्न नसकेकी तथा थुप्रै राजाहरुले चाहेर पनि शर्तपूरा गर्न नसकी विवाह गर्न असफल राजकुमारीलाई राजाको शर्त पूरा गरी विक्रमदित्यले आधा राज्य सहित ती राजकुमारीलाई विवाह गर्न सफल भएको विश्वास पाइन्छ । कथामा राजा विक्रमादित्यको सामर्थ्य र साहसको परीक्षा भएको देखाइएको छ । राजको शर्तानुसार कसैले राजकुमारीलाई तीन पकटसम्म आफूसँग बोल्ने गराउन सकेको खण्डमा त्यो व्यक्तिसँग राजकुमारीको विवाह गरिदिई आधा राज्य समेत दिने वचन दिएकोले कुनै राजाहरुले पनि राजकुमारीलाई तीनपटक बोल्ने गराउन नसकेकोमा राजा विक्रमादित्यले आफ्नो सामर्थ्य र साहसले राजकुमारीलाई आफूसँग तीनै पटक बोल्ने गराएकोले राजाको शर्त पूरा गरी राजकुमारीसँग विवाह गर्नुका साथै आधा राज्य पनि पुरस्कार स्वरुप प्राप्त गरेको कुरा कथामा उल्लेख गरिएको छ ।

सोनवारानी (२०) कथामा राजकुमारले राक्षसलाई मराई राजकुमारीसँग विवाह गर्न सफल भएको विश्वास पाइन्छ । आफ्ना बाटोमा छुटेका तीन मीतहरुलाई भेट्टाउन हिंडेका राजकुमार एउटा सुनसान सहरको एउटा महलमा पुग्दा एउटी सुन्दर युवतीसँग भेट भई बातचित हुँदा ती युवतीले एउटा राक्षसले उनका बाबुआमा र सहरका थुप्रै मानिसलाई

खाई उनलाई मात्र छोरीको रुपमा राखेको कुरा गरेपछि राजकुमारले युवतीसँग राक्षसको मृत्यु के कुरामा छ सो सोध्न भनेकाले युवतीले राक्षसलाई प्रसन्न पारी उसको मृत्युको बारेमा राक्षसबाट थाहा पाई त्यो कुरा युवतीले राक्षसको अनुपस्थितिमा राजकुमारलाई भनेपछि राजकुमार पनि आफ्नो सामर्थ्य र साहसले सात समुद्र तरी एउटा खजुरको रुखमा रहेको सुनको पिंजराभित्रको सुगालाई मारी राक्षसको मृत्यु गराउन समर्थ भएको उल्लेख कथामा गरिएको छ । राजकुमारले सामर्थ्य र साहसले राक्षसलाई मराई राजकुमारीसँग विवाह गरी त्यही महलमा बसेको घटना कथामा देखाइएको छ ।

### ३.१.५.६ समाजसँग सम्बन्धित लोकविश्वास

### ३.१.५.६.१ राजा, मन्त्री, कर्मचारी र ठूला व्यक्तिहरूसँग सम्बन्धित लोकविश्वासहरू

सोनवारानी (२०) कथामा कानो राजाले नदीमा दुनोमाथि बग्दै आएको कपालको सुन जस्तै टल्किने रौं देखेपछि त्यही रौं भएकी स्त्रीसँग विवाह नगरी नछोड्ने धृष्टता देखाई उक्त रौं भएकी स्त्रीलाई दरबारमा ल्याउनेलाई ठूलो पुरस्कार दिने घोषणा गरेको उल्लेख गरिएकोले राजाहरुले अर्काकी श्रीमतीलाई पनि आफ्नी रानी बनाउन चाहन्छन् भन्ने विश्वास पाइन्छ । कथामा पुरस्कार पाउने लोभमा परी कुटुनी बूढीले सुनजस्तै टल्किने राजाले देखेको रौं भएकी सोनवारानीलाई जालजेल गरी उनका पतिलाई मराई सोनवारानीलाई कानो राजाको दरबारमा ल्याई बुझाएको उल्लेख कथामा गरिएको छ । सुन्दर तर विवाहित स्त्रीलाई आफ्नी रानी बनाउन खोज्ने राजाको व्यवहारलाई यस कथामा प्रस्तुत गरी कानो राजाको स्त्रीलम्पट चरित्र भएको विश्वास कथामा पाइन्छ ।

राजकुमारकय फुला (१६) कथामा पृथ्वीको कुनै राज्यका राजाले आफू निःसन्तान भएपछि आफू पछि आफ्नो उत्तराधिकारी आफ्नै सन्तान बन्न नपाउने निश्चय भएपछि दिक्क मानी आफ्नो सम्पत्ति गरिब गुरुवालाई बाँडेको र बाँकी रहेको सारा सम्पत्तिमा आगो लगाई स्वर्गलोकमा समेत अप्ठ्यारो परिस्थिति उत्पन्न गरिदिएको विश्वास पाइन्छ । राजाले आफ्नो सम्पत्तिमा लगाएको आगोले पृथ्वीमा मत्र नभई स्वर्गमा समेत अँध्यारो भएपछि स्वर्गका राजा इन्द्र त्यो विषम परिस्थितिबाट पार पाउन भगवान विष्णुलाई गुहार्न पुग्छन् भने विष्णुले उनलाई ब्रम्हाकहाँ लगी स्वर्गमा अँध्यारो छाएको कुरा गर्दा ब्रम्हाले विष्णुलाई पृथ्वीमा गई सत्यतथ्य बुझी आउन भनेकोले विष्णु पृथ्वीमा गई यथार्थ कुरा बुझी ब्रम्हालाई जानकारी गराउँदा ब्रम्हाले विष्णु भगवानलाई पृथ्वीका ती राजाकी रानीको गर्भमा रही पुत्रका रुपमा जन्मी बाह्र वर्ष पृथ्वीमा भोग गर्ने गरी रानीको गर्भमा रहन

अह्राएको कुरा कथामा उल्लेख गरिएको छ । राजाको सन्तान भएमा राजाको मन शान्त भई त्यस्तो केही उपद्रव नगरुन् भन्ने मनसाय ब्रम्हाको रहेको पनि विश्वास पाइन्छ ।

हंस अउर जवाहिर (२१) कथामा बादशाह विरहन शाहको मृत्यु पछि उनका नाबालक तीनवर्षका छोरा हंसलाई षडयन्त्रपूर्वक भराई उनका मन्त्री आफैले शासन चलाउन खोजेको विश्वास पाइन्छ । साठी वर्षको उमेरमा मात्र साधुको आशीवार्दले विरहन शाहको एउटा छोरो जन्मेको तीनवर्षपछि विरहन शाहको मृत्यु भएपछि मन्त्रीले षड्यन्त्रपूर्वक विरहन शाहको छोरा हंसलाई मारी आफू शासक बन्न खोजेको कुरा बादशाहका खजान्चीले थाहा पाएपछि हंस र उसकी आमालाई खजान्चीले राति दरबारबाट भगाई रोमको दरबारमा पुऱ्याएको कुरा कथामा उल्लेख गरिएको छ । पछि हंस ठूलो भए पछि आफ्नी आमासँग आफ्नो पुर्ख्यौलीबारे जानकारी लिई पुरानै राज्यमा आई त्यो मन्त्रीलाई मारी आफैले राज्य चलाएको कुरा कथामा उल्लेख गरिएको छ । यसरी कथामा मन्त्रीले पनि बादशाहको मृत्यु पछि आफू शासक बन्ने महत्वाकांक्षाका कारण नाबालक बादशाहका छोरालाई षडयन्त्र गरी मराउन सक्छन् भन्ने विश्वास देखाएको पाइन्छ ।

### ५.६.२ नातागोता र परिवारसँग सम्बन्धित लोकविश्वासहरू

पाँच पाण्डव (१०) कथामा कौरव र पाण्डवहरु दाजुभाइ भए पनि राज्यको विषयलाई लिएर दुवै पक्ष बीच युद्ध भएको तथा कौरवले जालजेल र षड्यन्त्रको सहारामा युद्ध जित्ने कार्यमा विश्वास गरेको तथा पाण्डवले नैतिकता र सत्यको आडमा युद्ध जित्न सकिन्छ भन्ने कुरामा विश्वास गरेको कुरालाई देखाई अन्त्यमा सत्य र नैतिकताके आडमा नै युद्ध जित्न सकिन्छ भन्ने विश्वासलाई देखाउन खोजिएको छ । कौरव पक्षले पाण्डवहरुलाई राज्य नदिने मनसायले उनीहरुलाई राज्यबाट पाखा लगाउने हेतुले जुवाको आयोजना गरी जुवामा कपटतापूर्वक पाण्डवहरुलाई हराइएको छ भने पाण्डवपत्नी द्रौपदीलाई पनि जुवामा जितेर उनको धर्म नष्ट गरेमा उनीहरु नैतिक रुपमा कमजोर हुन्छन् भनी द्रौपदीलाई समेत जुवामा जितेर उनलाई नाङ्गै बनाई उनको धर्म नष्ट गर्ने प्रयास गरिए पनि न त द्रौपदीलाई नाङ्गै बनाउन सक्छन् न त युद्धमा पाण्डवहरुलाई नै जित्न सक्छन् बरु महाभारतको युद्धमा पराजित कौरव पक्षको ठूलो नोक्सान भएको कुरा कथामा उल्लेख गरिएको छ । राज्य प्राप्तिको निम्ति नातागोता कमजोर आधार हुने विश्वास पनि कथामा पाइन्छ ।

### ३.१.५.६.५ नीति, आचरण र शिक्षासँग सम्बन्धित लोकविश्वास

चारबातकय जवाफ (५) कथामा राजाले आफूलाई परेको समस्या समाधान गर्न आफूले नसके त्यो समस्या समाधानको लागि मन्त्रीलाई बाध्य पार्ने नीति लिएको विश्वास पाइन्छ । कथामा राज नुहाउन नदीमा जाउँदा आकाशवाणीबाट सोधिएका चार प्रश्नको जवाफ आफूले नजाने पछि मन्त्रीलाई ती प्रश्नको जवाफ जसरी भएपनि खोजेर ल्याउन कडा शर्त राखेको उल्लेख पाइन्छ । मन्त्रीलाई खाना खर्च दिई ती प्रश्नको जवाफ ६ महिनासम्म ल्याए आधा राज्य र आधा कचहरी राजाले दिने र जवाफ दिन नसके कचहरीमा राखिएको ठूलो दराजमा मन्त्रीको टाउको काटी राखिदिने शर्त समेत तेस्याईएपछि मन्त्रीले ती प्रश्नको जवाफ दिन नसकेपछि अन्तिममा उनकी बुहारीले ती प्रश्नको जवाफ दिएर मन्त्रीको ज्यान बचाउनुको साथ साथै आधा राज्य र आधा कचहरी दिलाएको घटना कथामा उल्लेख गरिएको छ । राजाले आफ्नो काम लिनको लागि मन्त्रीसँग आफ्नो अनुकूल शर्त राखी कार्य सम्पन्न गराउने नीति लिएको विश्वास यस कथामा पाइन्छ ।

कथामा चार प्रश्नहरुको जवाफ खोज्ने क्रममा मन्त्रीकी बुहारी एउटा दानी सेठको महलमा जाँदा सेठले आफ्नो घरमा आएका पाहुनाको सेवा सत्कार नगरी आफूले केही नखाने उनको नित्य आचरणबाट प्रभावित भई राजालाई 'यहाँ पनि छ त्यहा पनि छ' को उत्तरको रुपमा मन्त्रीकी बुहारीले ती सेठलाई उदाहरणको रुपमा प्रस्तुत गरेको प्रसंग उल्लेख गरिएको छ । सेठको त्यो किसिमको नीति र आचरणका कारण उनी जीवित छँदासम्म पृथ्वीमा र मरेपछि स्वर्गमा उनको स्थान महत्वपूर्ण हुने कुरालाई कथाले स्पष्ट पारेको छ । कथामा ती सेठ जीवित छँदा यसै लोकमा कुनै कुराको अभावबिना बाँच्ने र मरेपछि स्वर्गमा वाञ्छित फल प्राप्त हुन्छ भन्ने मन्त्रीकी बुहारीको धारणासँग लोकसमाज सहमत भएको कुरा देखाइएकोले शुद्ध आचरणमा रही नियमको पालना गर्ने व्यक्तिको लोकसमाजमा उच्च मूल्याङ्कन हुने विश्वास यस कथामा पाइन्छ ।

पत्तालपुरी राजाकय लरकी (९) कथामा राजा विक्रमादित्य नियमको कडाइका साथ पालना गर्ने उनको आचरणका कारण इन्द्रका दूतहरुले गर्न नसकेको काम पनि उनी सम्पन्न गर्न सक्थे भन्ने विश्वास पाइन्छ । राजा विक्रमादित्य शिकार गर्न जंगल पसेपछि शिकार नगरी दरबारमा नफर्किने उनको नियम भएकोले एक पटक जंगलमा शिकार गर्न

जाँदा शिकार नपाइएकोले उनी जंगलमै बास बस्दा उनी बास बसेको नजिकै रातिको बाह्र बजे इन्द्रका दूतहरु आई त्यहीको मन्दिरमा पूजा गरी फर्किन थालेकी पत्तालपुर राजाकी छोरीलाई समात्न खोज्दा समात्न नसकेपछि राजा विक्रमादित्यले आफूले उनलाई नसमाती दरबार नफर्किने उद्देश्य लिई पत्तालपुर राजाकी छोरीको पछि पछि पत्तालपुर गई ती राजकुमारीलाई राजाले राखेको शर्तानुसार तीन पटक आफूसँग बोल्ने गराई शर्त जिते पछि राजकुमारीलाई विवाह गर्न सफल भएको चर्चा कथामा गरिएको छ । राजा विक्रमादित्यको नियमको कडाइका साथ पालना गर्ने उनको नीति र आचरणका कारण उनी कठिन कार्यमा पनि सफल हुन्थे भन्ने विश्वास यस कथामा पाइन्छ ।

### ३.१.५.७ पदार्थप्रतिको लोकविश्वास

#### ३.१.५.७.१ वृक्ष-वनस्पतिसँग सम्बन्धित लोकविश्वासहरू

अहिरा अउर डायनिया (१) कथामा गहुँको पीठाको बनाइने ढिक्करको पनि रुख हुने र रुखमा ढिक्कर फल्छ भन्ने विश्वास पाइन्छ । अहिरा एक पटक ससुराल जाँदा सासूले ढिक्कर बनाई खान दिंदा ढिक्कर खुब मीठो भएकोले आफू घर फर्किने बेला सासूलाई ढिक्कर बनाउन लगाई घर ल्याएर करेसोमा राखेपछि त्यो ढिक्कर रुखको विरुवा भई केही दिनमा हुर्केर ठूलो भएपछि अहिरा त्यही रुखमा बसी त्यहाँ फलेको ढिक्करका फलहरु खान थालेको चर्चा कथामा गरिएको छ । अहिराले ढिक्कर खान थालेको देखि एउटा डायनीले अहिरालाई नै खाने मनसायले अहिरासँग ढिक्कर माग्ने बहाना गरी अहिरालाई झम्टेर समाती आफ्नो घर लगेको उल्लेख पनि कथामा गरिएको छ । कथामा ढिक्करको रुख भएको र रुखमा ढिक्कर नै ढिक्कर फलेको विश्वास पाइन्छ ।

बाबनकय लरिका (१२) कथामा रुखले मानिससँग कुराकानी गरेको तथा रुखमुनि रुपियापैसा गाडिएकोले त्यसको असरले त्यो रुखमा थुप्रै फूल फुले पनि फल नलाग्ने गरेको विश्वास पाइन्छ । बाहुनको छोरो भगवानकहाँ जाँदा बाटोमा भेटिएको रुखले आफ्नो जीउमा थुप्रै फूल फुले पनि फल नलाग्ने गरेको के कारणले हो सो कुरा सोधिदिन त्यो केटोसँग अनुरोध गरेकोले केटाले के कारणले हो सो कुरा पनि भगवानकहाँ गई आफ्नो उद्देश्यका कार्य गर्नुका साथ साथै रुखले सोध्न भनेको कुरा सोध्दा भगवानले त्यो रुखको जरामुनि गाडिएका सुनचाँदी, रुपियापैसाको कारणले रुखमा फल नलागेको कुरा बताएको उल्लेख कथामा गरिएको छ । बाहुनको छोरो भगवानकहाँबाट फर्के पछि भगवानले

बताएको कुरा रुखसँग गरेपछि रुखले आफ्नो जरामुनि गाडिएका सुनचाँदी, रुपियाँ पैसा बाहुनको छोरालाई खनेर लैजान भनेको चर्चा कथामा उल्लेख गरिएको छ । यसरी कथामा रुखले मानिससँग मानिसले बोले झैं कुरा गरेको छ र मानिसले गरे झैं व्यवहार पनि गरेको देखाइएकोले वृक्षसम्बन्धी लोकविश्वास व्यक्त भएको पाइन्छ ।

### ३.१.५.७.२ पदार्थसँग सम्बन्धित लोकविश्वासहरू

मेघिया रानी (१५) कथामा भ्यागुताको खोलबाट सुन्दर युवती निस्किनु र ती युवतीको मृत्युपछि उनको लास गाडिएको ठाउँबाट उम्रेको बाँसबाट बनाइएको बाँसरीबाट तिनै युवती बोल्नु र भौतिकरुपमा सशरीर प्रकट हुनुले पदार्थमा पनि जीवन हुन्छ भन्ने विश्वास पाइन्छ । कथामा तीन बहिनी भ्यागुतामध्ये एउटा भ्यागुताले कोलमा पेल्दै गरेको तोरीको खली लगी नदी छेउको एउटा ढुङ्गामा राखेर त्यसमाथि पानी छर्किदा त्यो खली गले पछि त्यही भ्यागुतो आफ्नो भ्यागुते खोल भित्रबाट एउटी सुन्दर युवती बनी प्रकट भएको देखाइएको छ । बर्दियाले तिनै भ्यागुते युवतीसँग विवाह गरी पछि नैनीतालदेवीलाई भोग चढाउँदा ती युवतीको लास गाडिएको ठाउँबाट उम्रेको बाँसको अनुरोध बमोजिम डुमले बनाएको त्यही बाँसको बाँसुरीबाट तिनै भ्यागुते युवती बोल्नुका साथै बर्दियाले आफ्नो विस्तारामा राखेको त्यही बाँसुरीबाट रातिपख भ्यागुता युवती प्रकट भएको उल्लेख पनि कथामा गरिएको छ । बर्दियाले एक दिन बिहान नहुँदै बाँसुरीबाट युवती बाहिर निस्केको मौका पारी त्यो बाँसुरी आगोमा जलाउँदा ती युवती बाँसुरीभित्र पस्न नपाई सधैको निम्ति मानवशरीरमै रहन बाध्य भएको घटनो गर्दा यस कथामा मानिसको शरीर पदार्थमा पनि रहेको हुन्छ भन्ने लोकविश्वास पाइन्छ ।

जुलाहा अउर मुर्द्धवा (७) कथामा माछाको मुखमा हुने एक प्रकारको वस्तु लाल मानिसको हातमा पर्दा मानिसको अनुहार पनि चम्किन्छ भन्ने विश्वास पाइन्छ । कथामा समुद्रमा तैरिदै गरेको जहाजलाई माछाले रोक्दा मुर्द्धवा समुद्रमा गई माछाको मुखबाट लाल झिकेपछि त्यो माछो अर्को दिशा लाग्दा पानी जहाज चल्न सुरु गरेको र अरबमा पुगेको मुर्द्धवाको चम्किलो अनुहार देखेपछि त्यहाँका राजाले के कारणले अनुहार यसरी चम्केको छ भनी सोध्दा मुर्द्धाले आफूसँग लाल भएकोले अनुहारमा चमक आएको बताए पछि राजाले मुर्द्धासँगबाट त्यो लाल किनेको उल्लेख गरिएको छ ।

लकडहारायक कर्म (१८) कथामा सुनको ढुङ्गो कुनै फलाममा रगडे त्यो फलाम सुनमा परिणत हुन्छ भन्ने विश्वास पाइन्छ। कुकर्मले दाउरेलाई दिएको सुनको ढुङ्गो दाउरेले एउटा कोदालोमा रगड्दा त्यो फलामको कोदालो तुरुन्तै सुनमा परिणत भएको उल्लेख कथामा गरिएको छ । कथामा सुनको ढुङ्गो अरु सुन जस्तो साधारण वस्तु नभई त्यसमा अनौठो शक्ति भएको पदार्थका रुपमा देखाइएको छ।

सोनवारानी (२०) कथामा चन्दनको काठबाट बनाइएको डुङ्गा आकासमा पनि उड्न सक्छ भन्ने विश्वास पाइन्छ । कथामा एउटा राजकुमारका तीन मीतमध्ये एउटा मीतले चन्दनको काठबाट बनाएको डुङ्गा आकासमा उडाएको उल्लेख गरिएको छ। त्यही डुङ्गामा कानोराजा र कुटुनी बुढीलाई राखी आकासमा उडाउँदा बढईले आफ्ना मीतकी पत्नी सोनवामाथि विश्वासघात गरेको भनी ती दुवैलाई धकेली मारेको चर्चा कथामा पाइन्छ । कथामा चन्दन जातको काठ र त्यसबाट बनेको डुङ्गामा अनौठो शक्ति रहेको हुन्छ भन्ने विश्वास पाइन्छ।

### ३.१.५.७.३ शरीरका विभिन्न अङ्गहरुसँग सम्बन्धित लोकविश्वासहरू

कानी चिरइयाँ (२) कथामा चराले मानिससँग मानिसले झैं कुरा गर्छ भने चराको काटिएको मासुको टुक्रा र पकाइएको मासुले पनि मानिससँग कुरा गर्नुका साथै चराको खाइएको मासुबाट अर्को दिन दिसा गर्न बस्दा गुदद्वारबाट जिउदो चरो उडेको विश्वास पाइन्छ । कानो चराले किसानको खेती खाई दिंदा किसान दिक्क भई चरालाई जालमा फँसाएर घर ल्याई चरालाई काटकुट गर्दा समेत चरो मानिसको भाषामा बोलिरहेको कुरा कथामा उल्लेख गरिएको छ । चरोलाई ल्याउँदै गर्दा चराले आफूलाई किसानबाट छोडाउनको निम्ति बाटोमा भेटिएका भैंसी गोठाले, बाखा गोठाले, भेडा गोठाले, घोडसवार, माहुते आदिसँग पनि मानिसको बोलीमा अनुरोध गरेको हुन्छ भने घर ल्याई चरोलाई काटेर टुक्रा पार्दा समेत चरो जिउँदो प्राणी झैं बोलिरहेको कुरा कथामा चर्चा गरिएको छ । चराको पकाइएको मासु थालमा राख्दा समेत चरो बोलिरहेको हुन्छ भने भोलि बिहान किसान दिसा गर्न बस्दा समेत चरो अपानवायुसँगै गुदद्वारबाट निस्केर भुर्र उडी भागेको घटना कथामा उल्लेख गरिएको छ। कथामा चराका प्राणहीन विभिन्न टुक्रा र मासु मानिस झैं बोल्ने गरेको विश्वास पाइन्छ।

### ३.१.५.७.४ कपडा र गहनासम्बन्धी लोकविश्वासहरु

भाटकय छोटकी पतोहिया (१३) कथामा राजकुमारीहरुले गहनाको रुपमा नौलखा हार लगाउँछन् र नौलखा हार शुभमंगलको प्रतीक मानिएको विश्वास पाइन्छ । राजकुमारी नदीमा नुहाउन जाँदा भुलवश छोडिएको नौलखा हार भाटकी कान्छी बुहारीले भेटाएको थाहा पाएपछि भाटकी बुहारीले राखेको 'आफ्नो बाहेक सबैको घरमा दीपावलीको राति बत्ती निभाउन लगाउने' शर्तमा त्यो हार राजालाई दिने कुरा कथामा उल्लेख गरिएको छ । राजाले त्यो रात भाटको बाहेक सबैको घरमा बत्ती निभाउन लगाएपछि धनकी देवी लक्ष्मी बत्ती बलेको भाटको घरमा मात्र प्रवेश गरी भाटको घरलाई धनधान्यले भरिपूर्ण पारिदिएको चर्चा कथामा गरिएको छ । यसरी नौलखा हारको माध्यमबाट भाटकी बुहारीले लक्ष्मी देवीलाई घरभित्र प्रवेश गराई श्रीसम्पत्तिको वृद्धि गरेकोले नौलखा हारलाई शुभमंगलको प्रतीकको गहनाका रुपमा विश्वास गरिएको कुरा कथामा देखाउन खोजिएको छ ।

यसरी हेर्दा के देखिन्छ भने नेपाली लोककथामा पाइने लोकतात्त्विक विश्वासहरुमध्ये धेरै जसो लोकतत्त्व अवधी लोककथामा पनि पाइन्छन् । लोकव्यवहार, लोकधारणा, लोकआस्था र विश्वासलाई लोककथाले उद्धृत गर्ने हुनाले लोककथाको लोकतात्त्विक विश्लेषणको महत्त्व सर्वोपरि रहेको कुरा सिद्ध हुन्छ । लोकसाहित्यका विविध विधाहरुको लोकतात्त्विक अध्ययनले लोकसमाजको अध्ययन गर्न पनि सघाउ पुऱ्याउने हुँदा कुनै पनि समाजको वस्तुस्थितिको अध्ययनको लागि लोकसाहित्यका विभिन्न विधाहरुको लोकतात्त्विक अध्ययन र विश्लेषण महत्त्वपूर्ण हुन्छ ।

माथि प्रस्तुत गरिएका तथ्यहरुल नेपाली लोकसंस्कृतिका विविध पक्षहरू तथा सामाजिक रीतिरिवाजलाई प्रस्तुत गरेका छन् । अवधी लोककथा भए पनि नेपालको जातीय रीतिरिवाज, शिक्षा, ज्ञान, मनोरञ्जन, संस्कृति र संस्कारको समष्टिगत रुप झल्किएको पाइन्छ । खास गरी समाज, सामाजिक क्रियाकलाप, संस्कृति, राजनीतिक, धार्मिक आस्था र निष्ठा यी लोककथाहरूमा चित्रण गरिएको छ । साथै नेपालीहरूको आध्यात्मिक संस्कृति, योग, तन्त्र, जादु, टुनामुना आदि प्रतिका विश्वास पनि प्रतिबिम्बित भएका छन् ।

यसैले नेपाली लोकतात्त्विक अध्ययनका दृष्टिले पनि अवधी लोककथा महत्वपूर्ण रहेको छ । सरल र सुबोध लोकभाषा प्रयोग गरेर आदिम नेपाली समाजको झाँकी प्रस्तुत गर्न अवधी लोककथा सफल देखिएको छ ।

# चौथो अध्याय

## ४. उपसंहार

### ४.१ सारांश

युगौंदेखि परम्परित हुँदै आएका व्यक्तिगत तथा सामाजिक विविध प्रकारका लोकचलन, व्यवहारलाई हाम्रा धुकधुकीले आत्मसात् गरेका छन् । यिनले पहिलेदेखि नै सामाजिक विधिव्यवहार अन्तर्गत लोकमानसमा गहिरो प्रभाव र प्रगाढ छाप पारेको कुरा अविस्मरणीय छ । यस्ता लोकचलन र विधिविधानको अभिव्यक्ति लोकसाहित्यका विभिन्न विधाहरूबाट भइरहेको पाइन्छ । लोकसाहित्यको एक महत्वपूर्ण विधा लोककथामा नेपाली समाजको आदिम मनोवृत्तिलाई स्पष्ट देखाइएको पाइन्छ । नेपाली लोककथाले नेपाली लोकजीवनका चालचलन, आहारविहार, भेषभूषा, सोचाइ र विश्वासलाई झल्काउने हुनाले नेपाली लोककथा नेपाली लोकजीवनमा प्रचलित लोकसाहित्यका अन्य विधाहरु भन्दा सर्वाधिक लोकप्रिय विधाको रुपमा स्थापित भएको छ ।

नेपाली जनजीवनका आस्था, विश्वास, रहनसहनको झाँकी प्रस्तुत गर्ने सन्दर्भमा लोककथा सफल रहेको देखिन्छ । यस्तै गरी कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथा पनि नेपाली लोककथाको एक महत्वपूर्ण अंग भएकाले यसले कपिलवस्तु जिल्लाका नेपाली लोकजीवनका रहनसहन, आस्था, विश्वासलाई उजागर गरेको देखिन्छ ।

प्रस्तुत शोधपत्र चार अध्याय र परिशिष्ट भागमा विभाजित छ । पहिलो अध्याय शोध परिचयका रुपमा रहेको छ । यसमा शोधसमस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, शोधको सिमाङ्कन, शोध विधि, शोधको रुपरेखा आदि विषयहरूको परिचय दिइएको छ । दोस्रो अध्याय लोककथाको सैद्धान्तिक परिचयमा आधारित छ । यसमा नेपाली लोककथाको परिचय, परिभाषा, स्वरुप, विशेषता, तत्व, प्रकार आदि शीर्षकहरु राखिएका छन् । तेस्रो अध्यायमा लोकसाहित्यका सिद्धान्तका आधारमा कपिलवस्तु जिल्लामा प्रचलित सोह्र अवधी लोककथाको विश्लेषण गरिएको छ । यसमा लोकतात्त्विक अध्ययन पद्धतिका आधारमा कथाको विश्लेषण गरिएको छ । चौथो अध्याय उपसंहारका रुपमा रहेको छ । यसमा अवधी लोककथाको समग्र मूल्याङ्कन गरिएको छ । परिशिष्ट खण्डमा कपिलवस्तु जिल्लामा प्रचलित सोह्र अवधी लोककथाहरुको नेपालीमा रुपान्तरसहित स्थापना गरिएको छ । साथै कथामा

प्रयुक्त महत्वपूर्ण शब्दार्थको सूचीका साथै कथावाचकहरुको विवरण तालिका पनि दिइएको छ र अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

## ४.२ लोकसाहित्यमा अवधी लोककथाको स्थान

लोकसाहित्यमा लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथा यी ६ वटा मूल विधाहरू रहेका छन् । यी विधाहरूमध्ये प्रथम तीन विधाहरु विषयगत महत्व र फराकिलो क्षेत्र ओगट्ने विशाल विधा हुन् । यी हरेक विधाका आफ्ना निजी वैशिष्टयहरू छन् । लोकगीत लोकलयमा लोकभावनाको संवहन गर्ने संगीतयुक्त कोमल विधा हो । लिखित साहित्यको कविता विधाका सम्पूर्ण पक्षलाई यसले समेटेको छ । लोकगाथा पनि गीति तत्त्व र आख्यान तत्त्वको संयोजन भएकोले लोकसाहित्यको मूल विधाभित्र पर्दछ । लोककथा आख्यानयुक्त गद्य विधा हो । यसमा अतिरिञ्जत एवम् रोमाञ्चक आख्यानहरू समाविष्ट हुन्छन् । लिखित साहित्यका कथा र उपन्यास समकक्षी लोकाख्यानका रुपमा यसको अस्तित्व स्थापित छ । लोकजीवनका सुखदुःख, हर्ष-विस्मात्, आरोह-अवरोह, धर्म-संस्कार, आस्था-विश्वास, रीतिरिवाजलाई सरल र सुबोध ढंगबाट अभिव्यक्त गर्ने माध्यम लोककथा भएकोले नेपाली लोकसाहित्यमा लोककथाको विशिष्ट स्थान रहेभैंm अवधी लोककथाको पनि नेपाली लोकसाहित्यमा विशिष्ट स्थान रहन जाने कुरा निश्चित छ । अवधी लोककथाले नेपाली लोककथाको विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## ४.३ अवधी लोककथा र लोककथागत मूल्य

लोककथामा लोकजीवनका कथा र व्यथा अभिव्यक्त गरिन्छन् । प्रत्येक समाजमा लोककथा भन्ने र सुन्ने परम्परा पाइन्छ । भाषा तथा क्षेत्रगत विभेदका कारण स्थाननाम र पात्रनाम फरक-फरक भए पनि प्रत्येक देश, समुदाय र भाषा-भाषीका समुदायमा प्रचलित लोककथामा त्यस समाजका मूल्य-मान्यताहरु प्रतिबिम्बित भएको पाइन्छ । नेपाल तथा नेपालको कपिलवस्तु जिल्लामा प्रचलित अवधी लोककथाले पनि अवधी भाषी समाजका रीतिरिवाज, धर्म, संस्कार, व्रत, उपासना, ईश्वर भक्ति तथा हर्ष-विस्मात्, सुख र दुःखलाई समेटेको पाइन्छ । लिखित रुपमा पाइने कथामा व्यक्तिको कल्पनाको प्रचुरता पाइन्छ भने लोककथामा सामूहिक संस्कार तथा सामाजिक मूल्य-मान्यता टड्कारो ढङ्गले अभिव्यक्त भएको पाइन्छ । अवधी भाषामा लिखित कथा नपाइने र पाइए पनि नगण्य मात्रामा

भएकाले अवधी लोककथा नै त्यो समाजको मनोरञ्जन तथा शिक्षाको प्रमुख माध्यम बनेको पाइन्छ ।

## ४.४ अवधी लोककथा र साँस्कृतिक मूल्य

लोकजीवनका विचार, विश्वास, चिन्तन र व्यवहारको दृश्यरुप लोकसंस्कृति हो । संस्कृति जातीय समाजको आस्था, निष्ठा र जनजीवनको चित्रण गरिएको जीवन्त लोकसम्पदाका रुपमा रहेको छ । नेपालीको जातीय रीतिरिवाज, शिक्षा, ज्ञान, मनोरञ्जन, संस्कृति र संस्कारको समष्टि रुप नेपाली लोककथामा अभिव्यक्त भएझैं नेपालका अवधी भाषी समुदायका रीतिरिवाज, शिक्षा, ज्ञान, मनोरञ्जन, संस्कृति र संस्कारको समष्टि रुप अवधी लोककथामा अभिव्यक्त भएको पाइन्छ । यसरी नेपाली लोककथाले झैं अवधी लोककथाले पनि आफ्नो जातिको निजी पहिचान दिने काम गरेको हुन्छ । आर्य सभ्यताका अनुयायी नेपालीहरूको आध्यात्मिक संस्कृति, योग, तन्त्र, जादु, टुनामुना आदिप्रतिका विश्वास अवधी लोककथामा पनि प्रतिबिम्बित भएका छन् । अवधी लोककथाको अध्ययन गर्दा यसभित्र नेपाली लोकसंस्कृतिका निम्नलिखित भावहरू भेटिन्छन् :

१) आध्यात्मिक दर्शन, दृष्टिकोण र जीवनशैलीको उयोग

२) पूर्वजहरूको सम्मान र वर्तमान समाजलाई नैतिक शिक्षा दिने प्रवृत्ति

३) कलाप्रियता तथा जातीय पहिचानप्रतिको मोह

४) लोकधारणा र लोकपरम्पराप्रतिको विश्वास

यिनै साँकृतिक मूल्य र मान्यताहरु बहन गर्ने हुँदा अवधी लोककथा नेपाली साँस्कृतिक निधिका रुपमा रहेको छ भन्न सकिन्छ ।

## ४.५ अवधी लोककथाः साहित्यिक मूल्य

लोककथा लोकसाहित्यको कथ्य विधा हो । यसमा काव्यतत्वका साथै आयानबद्ध घटनाहरु समावेश गरिएको हुन्छ । यस्ता कथाहरु लिखित साहित्यको कथा विधा समकक्षी आकृतिमा निर्मित हुन्छन् । लोककथाहरु साहित्यशास्त्रको ज्ञानको अभावमा असचेत अवस्थामा नै रचना गरिएका हुन् तापनि लोककथावाचकद्वारा व्यक्त अभिव्यक्तिहरू प्राकृतिक उद्गारका रुपमा प्रस्तुत हुन्छन् । लौकिक तथा अलौकिक परिवेशको चित्रण, चरित्र प्रतिनिधिको चयन, संयोगान्त पुष्ट एवम् आख्यानको प्रयोगबाट यी लोककथाहरू

सशक्त एवम् पूर्ण हुन्छन् । अवधी लोककथामा पनि माथि उल्लेख गरिएका वाचनगत शिल्प र शैली आदि मूल्य पनि भेटिने हुनाले यसलाई साहित्यिक मूल्य र मान्यताले युक्त लोकसाहित्यका रुपमा लिन सकिन्छ ।

## ४.६ अवधी लोककथाः समाजशास्त्रीय मूल्य

साहित्य समाजको दर्पण हो । साहित्यको अध्ययनबाट समकालीन समाजका सबै पक्षहरुको अध्ययन गर्न सकिन्छ । साहित्यमा नागरिक समाजको प्रतिबिम्ब भेटिए झैं लोककथामा पनि आदिम लोकजीवनको प्रतिबिम्ब देख्न सकिन्छ । खासगरी समाज, सामाजिक क्रियाकलाप, संस्कृति, सभ्यता, राजनीतिक, धार्मिक आस्था र निष्ठाहरू लोककथामा चित्रण गरिएको हुन्छ । समाजको गतिविधि बुझ्न, लोकव्यवहार र आस्था एवम् विश्वासको अध्ययन गर्न, लोकसम्पदाको अध्ययन-निरीक्षण गर्न लोककथा आवश्यक हुन्छ । यही कुरालाई हृदयङ्गम गरी समाजशास्त्रीहरू लोकसम्पदाको अध्ययनतिर आकर्षित हुन्छन् । अवधी लोककथामा पनि आदिम नेपाली समाज, जातीय सभ्यता, रहनसहन, आस्था र निष्ठा, राजनीति, धर्म, लोकरीतिरिवाज आदिको यथार्थ बिम्ब, प्रतिबिम्ब पाइन्छ । त्यसैले अवधी लोककथा समाजशास्त्रीय मूल्य र मान्यताका दृष्टिले महत्वपूर्ण भएकाले अध्ययनीय छ र यसमा समाजशास्त्रीय मूल्य पनि रहेको छ ।

## ४.७ निष्कर्ष

नेपाली लोककथा जस्तै अवधी लोककथा नेपाली लोकजीवनको आस्था, मनोरञ्जनको साधन र लोकसाहित्यको मेरुदण्डका रुपमा रहेको छ । लिखित साहित्यको कथा विधाका हाराहारीमा यसको स्वरुप जीवन्त बनेको छ । साहित्यका विभिन्न तत्त्वहरुको स्वाभाविक प्रयोगले अवधी लोककथामा पनि साहित्यिक मूल्य र मान्यता कायम भएको देखिन्छ । नेपाली समाजको प्राचीन जनजीवन, राजनीति, लोकआस्था, लोकव्यवहार र सामाजिक विषयवस्तुको चित्रण यसमा पाइन्छ । नेपाली समाजको लोकतात्विक अध्ययनका दृष्टिले पनि अवधी लोककथा महत्वपूर्ण छ । सरल र सुबोध लोकभाषा प्रयोग गरेर आदिम नेपाली समाजको झाँकी प्रस्तुत गर्न अवधी लोककथा सफल देखिएको पाइन्छ । ग्रामीण समाजको यो सांस्कृतिक सम्पदा पुरानो पुस्तामा लोकव्यवहारमा प्रचुरमात्रामा देखिए पनि नयाँ पुस्तामा भने यसको प्रयोग क्षीण हुँदै गएको अनुभव हुन्छ । समाजमा मनोरञ्जनका नयाँ साधनहरु प्रयोगमा आउनु, लिखित कथाहरूको प्रचलन व्यापक हुँदै जानु तथा

मानिसको व्यस्तताका कारण लोककथा भन्ने र सुन्ने परम्परामा कमी आए पनि यसको अध्ययन र विश्लेषणले समकालीन समाजको प्रवृत्ति, मूल्य र मान्यता ठम्याउन सकिने हुनाले नेपाली जनता, सरकार र समाजशास्त्री एवं लोकसाहित्यविद्हरूको यसप्रति दृष्टि जानु अपेक्षित छ ।

# परिशिष्ट

## १. अहिरा अउर डायनिया

एक ठू रहा अहिर, एक ठू अहिराइन् । तो अहिरा गय ससुरारी तो ओकर ससुइया फारा ( ढिक्कर) बनाइस् । अहिरा खाइस् तो खुब निक लागा । फारा दाल भरिकय बनायरही । अहिरा आपन ससुइयासे कहिस्, “सास ! जाय लागव तो फिर बनायकय दिहउ तो लइजायक जमाय दिहव, पेड होइजाई ।” ससुइया कहिस्, “ठीक है ।” जब अहिरा आपन घर जाय लागिस् तो ससुइया फारा दिइस् । वय फारा लइकय घरकय पिछवाडे धइ दिइस् । ऊ फाराकय पेड होइगय । पिछवाडे जाय तो पेडवापय बइढजाय । तुड् तुड्कय फारा खाय । एक ठू डायन पेडावाकाथीं जात रही । देखिस् अहिराकय । अहिरा खुब सुन्दरकय रहा । डायनयिा कहिस्, अहिराकय, “हँम्हुँ देँइदोँवँ खाँइँलीं” अहिरा डायनियाकय फारा देय लागिस तो डायनिया कहिस्, “तुँ लपक्कय देओ हम झपक्कय खायी ।” पहिले अहिरा नाइ मानिस् तब डायनिया बहुत चिरौरी करिस् तव अहिरा कहिस् “अच्छा लेओ लप्को ।” अहिरा फारा तुड्कय दिहिस । डायनियो झपट्कय लयलिहिस् । तब दुसरे मरतवा डायनिया अहिराकय पकडकय हिच्लिहिस् । हिचकय ोका एक ठू बोरामय भरिलिहिस् । अहिराकय बइठायलिहिस् औ लइकय जाय लागिस् घरे । तो जातै-जात रस्तवामय ओका उतारदिहिस् गरहुँवायजाय जब । डायनिया कहिस्, “यही बोरवाा धइदी औ जाइ झाडा फिरी आई । “अहिरा चुप्पय सय निकरकय औ इंटा, पाथर औ काटा बोखामय भरदिहिस् । पानी भर दिहिस् । गगरीमय कइकय औ बोखा बान्ह दिहिस् । अहिरा भागगय । भागत्-भागत् वही पेडेपय फिर जायकय बैठा । डायनिया उठायकय बोरा अपनय पिठिमय लादिस् औ चलय लागिस् तो काव होत रहा कि पनिया छल्कय तो ओकर धोतिया भिंजय तब कहय, “चेलो देंहिंजँराँयँकँयँ पुँत आँज तोँ तुँह्य् खाँवँयँ कँरँव् । मुँतो देँहिँजँराँकयँ पुँत मुँतो ।” फिर कुछ दुर जाय तो इटवा गडय् तो डायिनया कहिस्, “रँहोँ देँहिँजराँकँय पुँत रहँहोँ यीँ जौँन ठेँहिँनिँया (गोलीगाँठो) गँडाँवतँहँव ओँजँ तोँ तँह्य खाँबो करव ।” फिर कुछ दुर जाय तो कटवा गडय लागय तो फिर कहिस्, “रहव देहिजँराकँय पुँन काँटँव चिँडोटी आज तो तुहयँ खाँवो कँरव ।” डायनिया अहिराकय लइकय गइस, तो घरे पहुँचिस् ।

तो ओकरे एक ठू बिटिया रहिस् तो ओका धइदिहिस् औ अपनय बिटियावसय कहिस्, “ऐ बहिनी येका धोयधायकय बनाय दाँरेओ, हँम जाँइथन दुँसरे सिकारेप । बिटियावा कहिस्, “अच्छा ठीक हय ।” डयनिया चली गई तो विटियवा बोरवा खोलिस तो देखत ही कि बोखामय पानी, काँटा औ पाथर भरा हय । डयनिया फिर पहुँच गइस् वही । अहिरा बइठकय फासरा खाय तो डयनिया

देखिस् औ अहिराकय कहिस्, “हैं दैंख्व देहिँजराँकय पुँत यी कइसय चलाआय ।” अहिरा पेडेपय बइठकय फारा खाय तो डयनिया फिर कहिस्, “हैं बाँबु ! हँमहुकय देइदोव खायली ।” अहिरा कहिस्, “इच्छा लेव खायलेव ।” तो डयनिया कहिस्, “अँइसन हँम नाँइ लेव, तुँ लपक्कय देव हम झपक्कय खाव ।” जब अहिरा देय लागिस् तब फिर डयनिया ओका घिच लिहिस् । अहिराकय डयनिया बोरामय भरिस् औ लइकय चलदिहिस् । डयनिया कहिस्, “दैंहिँजराँकयँ पुँत अब हम तुहय कब्बो नाइ उतारव, घरहीं चलिकय उतारव ।” अब लइकय चलीस तो घरे पहुचिस ।

अहिरा खुब सुन्दरकय रहा । गोलकय मुड रहा । डायनियाकय बिटियवा देखिस् तो ललचाय गई । डायनिया बोरवा धइकय चलदिहिस् औ अपन बिटियवाकय कहिस्, “बहिनी ! आज एका तु बनाय दिहअ ।” डायनियाकय बिटियवा अहिरासे कहिस् “हे भैया ! हे भैया !! तु तो बडा सुन्नर हव । कइसे तोहार माई तुहय बनाएरहिन ।” तो अहिरा कहिस कि “हमार माई हम्मय ढेकीमय हमार मुडिया खुन दिहिन् औ खुनकय गोलियाय दिहिन । तब हम खुब सुन्नरकय बन गयन् ।” तब डायनियाकय बिटियवा कहिस्, “हे बाबु ! तब हमहुकेय एइसे कइ देव ।” अहिरा कहिस्, “ठीक है, ठीक है ।” औ ऊ एकदम चलाख रहा । वहनाते ऊ कहिस्, “हे बहिनी ! ढेकीमय मुडिया धरो औ हम ढेकिया गिरायदेव तो सुन्नर होइ जाब्यु ।” जब डायनियाकय बिटियवा ढेकीमय मुडिया धरिस् तो हाली-हाली खबर-खबर अहिरा खुब खुन दिहिस् तो डायनियाकय विटियवाकय मुडिया कुचीगय औ ऊ मरि गई । अहिरा वहिकय मास बनाइस् औ भात बनाइस् औ ओकरे बिटियवाकय कपडा पहिन लिहिस् । जब संझाकय डायनिया घर पहुँचिस तो पुछिस्, “ऐ बहिनी बनाय ?” तो बिटियवा कहिस्, “हाँ माई बहुतँ बढिया है । अहिराकय मास बहुत बढिया हय ।” बिलारिया देखत रही । बिलारिया दौडकय आवै । जब डायनिया खाय बैठी तो ओका कहिस्, “हे बहिनी आओ तुहुँ खायलेओ । तो ऊ कहिस्, “नाइ माई तु खाव, अब्बे हम खायलिहितहन् ।” तब बिलरिया कहिस्, “बिटियवाकय मास बडा निक लागत हय, बिटियवाकय मास बडा नि लागत हय” । डायनिया बिलरियाकय खदेरय । जब तिसरे खेवामय बिलरिया जब आय तो डायनिया ओका बहरेतक खदेरिस् । तब अहिरा आपन कपडवा काढ दिहिस् औ आपन कपडा तो पहिने रहा । उपरका कपडा काढ दिहिस आव भागिस् दुसरे रास्ता से । तब डायनिया जब भितर आय तब देखिस कि न तो अहिरा रहा न विटियवा रही । तब डायनिया रोवै लागिस् । तब खिस्सा खत्तम पैसा हजम ।

**नेपाली रुपान्तर**

एउटा अहिर थियो, एउटी अहिरकी स्वास्नी थिई । एक दिन अहिर ससुराल गयो । अहिरकी सासुले ढिक्कर बनाई । अहिरले ढिक्कर खाये, उसलाई ढिक्कर खुब राम्रो लाग्यो । ढिक्कर दाल भरेर

बनाएकी थिइन् । अहिरले आफ्नी सासुसँग भन्यो, “सासु ! म घर फर्किन लाग्दा फेरि ढिक्कर बनाएर दिनुहोला मैले त्यसलाई घर लगेर रोपिदिन्छु अनि त्यसको रुख हुन्छ ।” सासुले भनी, “ठीकै छ ।” जब अहिर घर जान थाल्यो तब उसकी सासुले ढिक्कर दिइन् । त्यो ढिक्कर अहिराले लगेर घरको पछिल्तिर राखिदियो । त्यो ढिक्करको रुख भयो । ऊ घरको पछिल्तिर गएर रुखमाथि चढ्यो । ढिक्कर टिप्दै खान थाल्यो । एउटी राक्षसनी त्यही रुख भएतिरबाटै जाँदै थिई । उसले अहिरालाई देखी । अहिर खुब सुन्दर थियो । राक्षसनीले अहिरलाई भनी, “मलाई पनि खान देऊ न ।” अहिरले राक्षसनीलाई ढिक्कर दिन थाल्दा राक्षसनीले भनी, “तिमीले झुकेर देऊ मैले झम्टेर खान्छु ।” पहिले अहिराले त्यसो गर्न मानेन जब राक्षसनीले साह्रै ढिपी गरी तब अहिरले भन्छ, “ठीकै छ त्यसो भए झुक ।” अहिरले ढिक्कर टिपेर दिन्छ । राक्षसनीले झम्टेर लिन्छे । अर्कोपटक राक्षसनीले अहिरलाई समातेर आफूतिर तानी । अहिरलाई तानेर लगी राक्षसनीले उसलाई एउटा बोरामा कोची । त्यो अहिरलाई त्यही बोराभित्र राखी लिएर आफ्नो घरतिर लागी । जाँदा-जाँदै जब बाटोमा गह्रुङ्गो भयो तब बाटोमा उसलाई भुइमा राखिदिई । राक्षसनीले भनी, “यही बोरा राख्छु र दिशा गर्न जान्छु ।” अहिर विस्तारै बोराबाट निस्केर इटा, ढुंगा र काँडा त्यही बोरामा भरिदियो । गाग्रीमा पानी भरिदियो । त्यो बोरालाई गाग्रीसँगै बाँध्यो र अहिर आफू भाग्यो । भाग्दै-भाग्दै उही रुखमा गएर फेरि चढ्यो । राक्षसनीले बोरा उठाएर आफ्नो पिठ्युमा बोकी र हिड्न थाली । जब हिड्न लागी गाग्रीको पानी छल्केर उसको धोती भिज्यो तब भनी, “हिंड तँलाई हरामी आज त तँलाई खाने नै हो, मुत तँलाई हरामी ।” फेरि केही टाढा जाँदा उसको पिठ्युमा इटा गढ्यो तब राक्षसनीले भनी तँलाई हरामी, मेरो पिठ्युमा जुन आफ्नो खुट्टाको गोलीगाँठो गाढेको छस् आज त तँलाई खाने नै हो । “फेरि केही अगाडि गएपछि काँडा गठ्न थाल्यो तब फेरि भनी “तँलाई हरामी मलाई खुब चिमोट्दै छस्, आज त तँलाई खाने नै हो ।” राक्षसनीले त्यो बोरा उठाएर घर गई । राक्षसनीकी एउटी छोरी थिई । त्यो बोरालाई भुइमा राखेर आफ्नी छोरीसँग भनी, “ए छोरी यसलाई धोइधोई राम्ररी बनाए म अर्को सिकार गर्न जान्छु ।” राक्षसनीको छोरीले भनी, “ठीकै छ म बनाउला ।” राक्षसनी गएपछि उसकी छोरीले बोरा खोलेर हेर्छे त बोरामा पानी, काँडा र ढुंगा भरिएका थिए । राक्षसनी फेरि अहिरको रुखनेर पुगी । अहिर रुखमा बसेर ढिक्कर खाँदै थियो राक्षसनीले देखी अहिरले ढिक्कर खाएको अनि भनी “ए हरामी तँ कसरी यहाँ आइपुगिस् ।” अहिर रुखमा बसेर ढुक्कसँग ढिक्कर खाँदै गर्दा राक्षसनीले भनी, “ए बाबु मलाई पनि देऊ म पनि खाउँली ।” अहिरले भन्यो, “ठीकै छ लौ खाऊ ।” फेरि राक्षसनीले भन्छे, “यसरी दिएको मैले खान्न, तिमीले झुकेर देऊ मैले झम्टेर लिन्छ ।” तब अहिरले राक्षसनीलाई ढिक्कर दिन लाग्दा राक्षसनीले अहिरलाई तानी । अहिरलाई

राक्षसनीले बोराभित्र कोची अनि लिएर जान थाली । राक्षसनीले भनी तँलाई हरामी अब मैले तँलाई कहिल्यै बिसाउन्न । घरै गएर मात्र तँलाई बिसाउँछु ।" त्यसपछि राक्षसनीले अहिरलाई बोकेर हिडेपछि घर पुगी ।

अहिरा खुब सुन्दर थियो । बाटुलो टाउको थियो । राक्षसनीकी छोरीले अहिरलाई देखेपछि ऊ लोभिई । राक्षसनीले बोरा त्यही बिसाएर हिंडी र छोरीलाई भनी "छोरी आज तिमीले यसलाई राम्ररी बनाए है ।" राक्षसनीकी छोरीले अहिरसँग भनी "ए दाइ । ए दाइ तिमी त धेरै राम्रा छौ । कसरी तिम्री आमाले तिमीलाई यति राम्रो बनाएकी होलान् ।" त्यसपछि अहिराले भन्छ, "मेरी आमाले ढिकीले मेरो टाउको फलिदिएकी थिइन र फलेर गोलो बनाइदिएकी हुन् । तब म खुब राम्रो बनेको हुँ ।" तब राक्षसनीकी छोरीले भनी, "हे बाबु त्यसो भए मलाई पनि यस्तै बनाइदेऊन ।" अहिरले भन्यो "ठीक छ ठीक छ ।" अहिर एकदमै चलाख थियो । त्यसकारण उसले राक्षसनीकी छोरीलाई भन्यो, "ए बहिनी ढिकीमा टाउको राख म ढिकी उठाएर छोड्छु अनि तिमी राम्री भइहाल्छयौं ।" त्यति भनेपछि राक्षसनीकी छोरीले जब ढिकीमा आफ्नो टाउको राखी तब अहिरले छिटो छिटो ढिकी उठाउदै छोड्दै उठाउँदै छोड्दै गर्दा राक्षसनीकी छोरीको टाउको किचियो र ऊ मरी ।

अहिराले त्यसैको मासु पकायो र भात पनि पकायो त्यसपछि राक्षसनीको छोरीका कपडा लगायो । जब साँझ पर्‍यो राक्षसनी घर पुगी र सोधी, "ए छोरी खाना सिकार बनाएकी छयौं ?" त्यसपछि छोरीकै स्वरमा अहिरले भन्यो, "अँ ! आमा खुब राम्रो छ । अहिरको मासु खुबै राम्रो छ ।" बिरालोले हेरेको थियो । बिरालो दौडेर आयो । जब राक्षसनी खान बसी तब उसले आफ्नी छोरीलाई भन्छे, "ए छोरी आऊ तिमी पनि खाऊ ।" छोरीको स्वरमा अहिरले भन्छ, "होइन आमा तिमी खाऊ म अहिले पछि खान्छु ।" तब बिरालोले भन्यो, "छोरीको मासु निकै राम्रो लाग्छ, छोरीको मासु निकै राम्रो लाग्छ ।" राक्षसनीले बिरालोलाई लखेटी । जब तेस्रो पटक पनि बिरालो भित्र आयो तब राक्षसनीले उसलाई बाहिरसम्म पुर्‍याएर लखेटी । तब अहिरले आफ्नो कपडा छोडायो । आफ्नो कपडा त लगाएकै थियो, त्यसमाथि लगाएका कपडा छोडायो अनि अर्को बाटोबाट भाग्यो । जब राक्षसनी फर्केर भित्र आई न उसले छोरीलाई देखी न त्यहाँ अहिर नै थियो । तब राक्षसनी रुन लागी । कथा समाप्त ।

## २. कानी चिरइया

एक रहा भाट । ऊ बडा गुस्सइल रहा । भटवा खेती किसानी कइकय आपन दुई परानीकय पेट पालय । असाढेकय महिना रहां । भटवा आपन खेत जोत गोडकय धानकय बिया बोइस् औ घरे चलागय । दुसरे दिन घुमत घामत जब अपने खेते पहुँचा तो, ओ का देख्तहय कि ओकरे खेतमय एक्को दाना बिया नाही । फिर घरसे बिया लायकय बोइस् औ पेडेक किनारसय लुकाइकय देखिस् तो का देखतहय कि एकठू कानी चिरइ आयकय ओकरे खेतकय बिया चुनत ही जब अइसन देखिस् तो आपन कुदरा उठाइकय भटवा चिरइयाकय देह मारिस् । बकिर कुदरवा गिरेस् पहिले चिरइया भुर्रसे उडगय औ कुदरव टुटगय । कानी चिरइया भटवाकय बिरायकय कहिस् "भटवा सारेक कुदखा टुटगय । भटवा सारेक कुदरवा टुटुगय ।" दुसरे दिन भटवा खेतमय जाल बिछाय दिहिस् औ पेडेक किनारे लुकायगय । कानी चिरइया जब आइस् औ बिया चुनेलाग् तो जालिम फँसगय (गई) । अब भटवा आयकय ओका पकर लिहिस् औ कहिस्, "अब तोका काट बनायकय खाबय ।" चिरइयाकय पकरकय ऊ घरे चल दिहिस् । जातय-जात, जातय-जात ओन्हनकय घँसियारा मिले । तब चिरइया घँसियरवनसय गुहार किहिस्, "ए ! घँसियारे, ए ‼ घँसियारे देखो भटवा हम्मय पकरकय लैजातहय ।" घँसियरवय कहिन्, "ए भाट ! एक बोझा घाँस लइलेव बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही, अब एन्हयँ काट बनायकय खाबय ।"

जातय-जात, जातय-जात ओन्हनकय लकडहारा मिलिन । चिरइया गुहार किहिस्, "ए लकडहोर ! ए लकडहारे ‼ देखो भटवा हम्मय पकरिकय लैजातहय ।" लकडहरवयँ कहिन्, "ए भाट ! ए भाट ‼ एक बोझा लकडी लइलेओ बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही अब एन्हयँ काट बनायकय खाबय ।" जातय-जात, जातय-जात ओन्हनकय गडेरियय़ँ भेटान । चिरइया गुहार किहिस्, "ए गडेरिये ! ए गडेरिये ‼ देखो भटवा हम्मय पकरिकय लैजात हय ।" गडेरियय़ँ कहिन्, "ए भाट ! ए भाट ‼ एकठु छगडी लइलेओ बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही अब एन्हयँ काट बनायकय खाबय ।" जातय-जात, जातय-जात ओन्हनकय भइँसवार भेटान । चिरइया गुहार किहिस्, "ए भइँसवारे ! ए भइँसवारे ‼ देखो भटवा हम्मय पकरिकय लइजातहय ।" भइँसरवयँ कहिन्, "ए भाट ! ए भाट ‼ एक ठू भइँस लइलेओ बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही अब एन्हयँ काट-बनायकय खाबय ।"

जातय-जात, जातय-जात ओन्हनकय घोडसवार भेटोन । चिरइया गुहार किहिस्, "ए घोडसबारे ! ए घोडसवारे ‼ देखो भटवा हम्मय पकरिकय लइजातहय ।" घोडसवरवयँ कहिन्, "ए

भाट ! ए भाट ‼ एक ठू घोंडा लइलेओ बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही अब एन्हयँ काट-बनायकय खाबय ।" जातय-जात, जातय-जात ओन्हनकय पिलवान भेटाने । चिरइया गुहार किहिस्, ए पिलवनवय ! ए पिलवनवय ‼ देखो भटवा हम्मय पकरिकय लइजातहय ।" पिलवनवयँ कहिन्, "ए भाट ! ए भाट ‼ एक ठू हाथी लइलेओ बकिर चिरइयाकय छोडिदेओ ।" भटवा कहिस्, "नाही अब एन्हयँ काट-बनायकय खाबय ।"

जातय-जात, जातय-जात भटवा अपने घर पहुँचा । चिरइयाकय हँसियासे काटेलाग तब चिरइया कहिस्, "अब हम काटत-कुटत जाइतहन ।" जब भटवा चिरइयाकय मसुइया (गोसवा) धोवयलाग तब चिरइयाकय गोसवा कहिस्, "अब हम तो धोवल-धुवल जाइतहन ।" जब भटवा चिरइयाकय गोसवा कराहीमय छउकय लाग तब चिरइयाकय गोसवा कहिस्, "अब हम तो छउकी-छउकल जाइतहन ।" गोसवा छउँककय जब भुजय लाग तब गोसवा कहिस्, "अब हम तो कलल बलल होइतहन ।" जब गोस तइयार होइगय तब भटवा ओका थरिथामय परोसिस् औ खायलाग । फिर गोसवा कहिस्, "अब हम तो खावल-खुवल जाइतहन ।" भिन्नही भटवा उठा औ अपने दुलहिनिया (मेहररुवा) सय कहस्, "ए भलिभय ! हम जाइतहन भाडा फिरय । तयँ बन्चरी लइकय बइठ ।" भटवाकय दुलहिनिया बन्चरी लइकय बैठिस, औ भटवा भाडा फिरयलाग । जइसय भटवा पादिस, चिरइया भुँसे उडगयी औ भटवाकय मेहररुवा बन्चरीसे मारिस । चिरइया तो उड्गयी बकिर भटवाकय गँडिया कटगय । कानी चिरइया फिर बिराइस्, "भटवक गँडिया कटगय, भटवक, गँडिया कटगय ।" खिस्सा (किस्सा) खतम पइसा हजम ।

**नेपाली रुपान्तर**

एउटा भाट थियो । ऊ बडो रिसाहा स्वभावको थियो । भाटले खेती किसानी काम गरेर दुईजना परिवारलाई पालेको थियो । असारको महिना थियो । भाटले आफ्नो खेत जोतेर भारपात गोडेर धानकी बीउ छ्यो त्यसपछि ऊ घरतिर हिंड्यो । अर्को दिन घुम्दै-घुम्दै जब आफ्नो खेतमा पुग्यो उसले देख्यो कि उसको खेतमा एउटा दाना धानको बीउ थिएन । फेरि घरबाट धानको बीउ ल्याएर छ्यो र आफू एउटा रुखको किनारमा लुकेर हेऱ्यो । उसले के देख्यो कि एउटा कानो चरो आएर उसले खेतमा छरेको बीउका दाना खाइरहेको थियो । जब उसले चराले आफ्नो खेतको बीउ खाइरहेको देख्यो अनि आफ्नो कोदालो उठाएर चरालाई हान्यो । तर कोदालो भुइमा खस्नुभन्दा पहिले नै चरो भुर्र उडेर गयो अनि कोदालो भाचियो । कानो चरोले भाटलाई गिज्याएर भन्यो, "भाट सालाको कोदालो भाँचियो । भाटे सालाको कोदालो भाँचियो ।" अर्को दिन भाटले आफ्नो खेतमा

जाल विछ्यायो र आफू रुखको छेउमा लुकेर बस्यो । कानो चरो जब खेतमा आयो तब खेतमा छरेको धानको बीउको दाना खान थाल्यो । बीउको दाना खाँदा खाँदै अपराधी चरो जालमा फँस्यो । त्यसपछि भाट आएर त्यस चरोलाई समात्यो र भन्यो, “अब तँलाई काटेर तरकारी बनाइ खान्छु ।” चरालाई समातेर ऊ घर गयो । जाँदा-जाँदै, जाँदा-जाँदै बाटोमा उसले घाँसीलाई भेट्यो । तब चराले घाँसीहरुसँग गुहार माग्यो, “ए घाँसी ए घाँसी हेरत मलाई भाटले समातेर लैजाँदैछ ।” घाँसीहरुले भाटसँग भने, “ए भाट ! एक भारी घाँस हामी तिमीलाई दिन्छौ तिमीले त्यो चराई छोडिदेऊ है ।” भाटले जवाफ दियो, “होइन, मैले यो चरो तिमीहरुलाई दिन्न । मैले यसलाई घर लगेर यसलाई काटेर बनाइ खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै भाटले दाउरेलाई भेट्यो । चराले दाउरेसँग गुहार माग्यो, “ए दाउरे दाइ ! ए दाउरे दाइ ‼ हेरत यो भाटले मलाई समातेर लैजाँदै छ ।” दाउरेले भाटसँग भन्यो, “ए भाट एक भारी दाउरा लैजाऊ तर यस चरालाई छोडिदेऊ ।” भाटले भन्यो, “होइन, म यो चरो दिन्न । म त यसलाई घर लगेर यसलाई काटेर तरकारी बनाएर खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै उनीहरुले बाखा गोठालेलाई भेटे । कानो चराले ती बाखो गोठालाहरुसँग गुहार माग्यो, “ए बाखे गोठालाहरु हो ! ए बाखे गोठालाहरु हो ‼ हेरत यस भाटले मलाई समातेर आफ्नो घर लाँदै छ ।” बाखे गोठालाहरुले भाटसँग अनुरोध गरे, “ए भाट ! ए भाट ‼ हामीले तिमीलाई एउटा बाखो दिन्छौ तिमीले यस चरालाई छोडिदेऊ ।” भाटले तिनीहरुलाई जवाफ दियो, “होइन, म यसलाई छोड्दिन । म यसलाई घर लगेर यसलाई काटेर यसको मासु खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै भाटले भैंसी गोठालेलाई बाटोमा भेटायो । चराले तिनै भैंसी गोठालेसँग गुहार गर्‍यो, “ए भैंसी गोठालो ! ए भैंसी गोठाले ‼ भाटले मलाई समातेर आफ्नो घर लाँदैछ । भैंसी गोठालेले भाटसँग अनुरोध गरे, “ए भाट ! ए भाट ‼ बरु तिमीलाई हामीले एउटा भैंसी दिन्छौं तिमीले यस चरोलाई मुक्त गरिदेऊ ।” भाटले तिनीहरुसँग भन्यो, “होइन, म यसलाई मुक्त गर्दिन म त यसलाई घर लगेर काटेर यसको मासु बनाएर खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै भाटले बाटोमा घोडसवारलाई भेट्यो । घोडसवारलाई देख्ने बित्तिकै कानो चरोले गुहार माग्यो, “ए घोडसवार ! ए घोडसवार ‼ हेरत यो भाटले मलाई समातेर आफ्नो घर लाँदै छ ।” घोडसवारले भाटसँग बिन्ती गरे, “ए भाट ! ए भाट ‼ यस चरोलाई छोडिदेउ त्यसको बदलामा हामी तिमीलाई एउटा घोडा दिन्छौ ।” भाटले घोडसवारको कुरा सुन्दै सुनेन उसले

भन्यो, “होइन म यसलाई छोड्दैछोड्दिन म त यसलाई घर लगेर यसलाई काटेर राम्रोसँग बनाइ यसको मासु खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै भाटले बाटोमा माहुतेलाई भेट्यो । माहुतेलाई देखेपछि चराले गुनासो व्यक्त गऱ्यो, “ए माहुते ! ए माहुते ‼ हेरत भाटले मलाई समातेर आफ्नो घरतिर लैजाँदै छ ।” माहुतेले भाटसँग बिन्ती गरे, “ए भाट ! ए भाट ‼ तिमीले यस चरालाई छोडिदेऊ त्यसको बदलामा हामी तिमीलाई एउटा हात्ती दिन्छौ ।” भाटले उनीहरुको बिन्ती सुनेन । उसले भन्यो, “होइन म यस चरोलाई छोड्दिन, म त यसलाई घर लगेर काटकुट पारी राम्रोसँग बनाएर यसको मासु खान्छु ।”

जाँदा-जाँदै, जाँदा-जाँदै भाट आफ्नो घर पुग्यो । भाटले चरालाई हँसियाले जब काट्न थाल्यो । तब चराले भन्यो, “अब म काटिन जाँदैछु ।” जब भाटले चराको मासु धुन थाल्यो तब चराको मासुले भन्यो, “अब म त धोइन जाँदैछु ।” जब भाटले चराको मासु कराहीमा खन्याउन थाल्यो तब चराको मासुले भन्यो, “अब म त कराहीमा खन्याइदै छु ।” भाटले चराको मासु कराहीमा खन्याएर जब भुट्न थाल्यो तब चराको मासुले भन्यो, “अब त म कलल-बलल हुँदैछु ।” जब मासु तयार भयो तब भाटले त्यो मासुलाई थालमा पस्केर खान लाग्यो । फेरि मासुले भन्यो, “अब म त खान खाइन जाँदैछु ।”

बिहानै भाट उठ्यो र आफ्नी स्वास्नीसँग भन्यो, “ए भलिभय ! म दिसा गर्न जाँदैछु तिमी बन्चरो लिएर बस ।” भाटकी स्वास्नी बन्चरो समातेर बसी भने भाट दिसा गर्न बस्यो । जतिखेर भाटले पाद्यो त्यतिखेर चरा चुर्र गरेर उड्यो । भाटकी स्वास्नीले बन्चरोले चरालाई हानी । चरा त भुर्र उडेर गयो तर भाटको चाक बन्चरोद्वारा काटियो । कानो चरोले फेरि गिज्याउँदै भन्यो, “भाटको चाक काटियो, भाटको चाक काटियो ।” कथा समाप्त भयो ।

## ३. चल धुनकिया ठुम्मुक ठुम्मुक

एक रहा छगडी । ओकरे एकठू बच्चा रहा । बच्चवा बडा चञ्चल रहा । एक दिन छगडियाकय बच्चवा कहिस्, “ए माई ! ए माई !! हम मामा किहाँ जाब ।” छगडिया पुछिस्, “काहे बचवा” बच्चवा कहिस्, “माई यह साइत बहुत गुदुरी (केराउको कोसा) फरत हय । हम मामा किहाँ जायकय खोब गुदुरी खायकय मोटायकय आइब ।” छ्गडिया बडा चिन्तित भइ । कहिस् “नाही बचवा, मामा किहाँ ना जाव । राहिनमा बाघ-भालु भेटइहँय तो तुहै नाही छोडिहयँ ।” बच्चा कहिस्, “नाही माई, हम बाघन-भालुनसे नाही डेराइत हन ।” छगडिया कहिस्, “बचवा जब बडा होइजायो, तो जायो हम तुहँय नाही रोकब । तु बहुत छोट हो । तुहँय सियरय एक्कय कवरमा (गाँस) खायलिहँय ।” छगडियाकय बच्चवा अपने माईकय बात नाही माना । ऊ बडा जिद्ध किहिस् । अन्तमा छगडिया अपने बच्चावाकय ओकरे ननिअउरे (मावलीघर) भेज दिहिस् । छगडियाकय नइहर (माइत) एक ठु पहाडेपय रहा । छगडियाकय बच्चवा सिधा-पानी लइकय मामा किहाँ चल दिहिस् ।

जातै-जात, जातै-जात छगडियाकय बच्चवाकय एकठु सियार मिला । सियरा बोला, “भल भेटान्यो मिता ! (भेट भयो राम्रै भयो) बडा दिनसे सिकार नाही मिला रहा, आज पेटभरकय खाब ।” छगडियाकय बच्चवा बोला, “नाही चाचा ! हम्य अबहिन ना खाव । अबहिन हम बहुत छोट हन । हम मामा किहाँ जाइतहन । वहँसय खाय-मोटायकय जब आइब, तब हम्मय खायो । सियरा बोला, “ठीक है, आज तुहयँ छोडदिहित हन । बकिर (तर) जब मोटायकय आयो तो हमसे हुसियारी ( चलाखी) ना देखाये ।” छगडियाकय बच्चवा आगे बढा ।

जातै-जात, जातै-जात छगडियाकय बच्चावाकय एकठु बाघ मिला । बघवा बोला, “भल भेटोन्यो मीता ! बडा दिनसे शिकार नाही मिलारहा । आज पेट भरकय खाब ।” छगडियाकय बचवा बोला, “नाही चाचा ! हम्मय अबहिन नाखाव अबहिन हम बहुत छोटहन । हम मामाकिहाँ जाइतहन वहँसय खायमोटाय कय जब आइब तब हम्मय खायो । बघवा बोला, “ठीक है, आज तुहँय छोडदिहित हन । बकिर जब मोटायकय आयो तो हमसे हुसियारी ना देखायो ।” छगडियाकय बच्चवा आगे बढा ।

जातै-जात, जातै-जात छगडियाकय बच्चवाकय एकठु भालु मिला । भलुवा बोला, “भल भेटान्यो मीता । बडा दिनसे शिकार नाही मिला रहा । आज पेट भरकय खाब ।” छगडियाकय बच्चवा बोला, “नाही चाचा ! हम्मय अबहिन ना खाव । अबहिन हम बहुत छोट हन । हम मामा किहाँ जाइत हन । वहाँसय खाय-मोटायकय जब आइब, तब हम्मय खायो । भलुवा बोला, “ठीक

हय । आज तुहयँ छोडदिहित हन । बकिर जब मोटायकय आयो तो हमसे हुसियारी ना देखायो ।" छगडियाकय बच्चवा आगे बढा ।

जातै-जातै, जातै-जात छगडियाकय बच्चवा अपने ननिअउरे पहुँचा । मामा किहाँ ऊ बहुत दिनतक रहा औ गुदुरी खायकय खोब मोटान । एकदिन ओका अपने माईकय याद आय । मामासे कहिस्, "मामा-मामा ! अब हम घरे जाब । हमरे खात्तिन एकठु धुनकी बनाइदेओ ।" छगडियाकय बच्चवाकय मामा एकठु धुनकी बनाइकय बच्चवाकय उहिमा बइठाय दिहिस, औ गुदुरी भुजकय उहिम भर दिहिस् । फिन धुनकियाकय ढकेलकय कहिस्, "चल धुनकिया ठुम्मुक-ठुम्मुक चल धुनकिया ठुम्मुक-ठुम्मुक ।" धुनकिया दुरत-दुरत आगे बडा ।

ढुरते-ढुरत, ढुरते-ढुरत ऊ बीच जङ्गलमा पहुँचगय । वहँ ओका भलुवा भेटान । भलुवा पुछिस्, "ए धुनकी तु कहुँ एक्लो छगडिकय बच्चा देखे हव ?" धुनकिया कहिस्, "नाही चाचा ! नाही देखेहन ।" भलुवा धुनकियाकय ढकेलकय कहिस्," "चल धुनकिया ठुम्मुक-ठुम्मुक, चल धुनकिया ठुम्मुक-ठुम्मुक ।" धुनकिया दुरत-दुरत आगे बढा ।

धुनकियाकय भितरा छगडियाकय बच्चवा भुजल गुदुरी खायकय ढुरत-ढुरत जात रहा । रहियामय ओका बघवा मिला । बघवा पुछिस्, "ए धुनकी ! तु कहुँ एक्को छगडिकय बच्चा देखे हव ?" धुनकिया कहिस्, "नाही चाचा ! नाही देखेहन ।" बघवा धुनकियाकये ढकेलकय कहिस् "चल धुनकिया ठुम्मुक-ठुम्मुक, चल धुनकिया ठुम्मुक-ठुम्मुक ।" धुनकिया ढुरत-ढुरत आगे बढा ।

ढुरते-ढुरत, ढुरते-ढुरत रहियामय ओका सियरा मिला । सियरा बडा हुसियार रहा । ऊ धुनकियाकय रहियामय एकठु खुँटा गाडदिहिस् । धुनकिया ढुरत-ढुरत आय औ खुटवामय लडकय फुट गय । सियरा लार चुवायकय कहिस्, "खुब मोटान्यो मीता । अब चलो तुहयँ खाई । छगडियाकय बच्चवा कहिस्, "नाही चाचा अबहिन हम्मय ना खाव । हम बहुत दिनसे नाइ नहायहन, जायकय नदीमय नहाय आई तब खायो ।" छगडियाकय बच्चवा जायकय नदीमय नहाइस् औ मुहमय औ गाँडीमय बालु भरलिहिस् । फिन आयकय बोला, "मुहँसय खाबो कि गँडियासय ?" सियरा बोला, "गँडियासय खाबै ।" जब सियरा बच्चवाकय गँडियाकय ओरसे खाय खत्तिन मुह बाइस् तो छगडियाकय बच्चवा भर्रसय पाददिहिस् । कुल बालु सियराकय अँखियामय भरगय । औ छगडियाकय बच्चवा वहाँसय भागकय अपने घरे पहुँचा । खिस्सा खतम पइसा हजम ।

**नेपाली रुपान्तर**

एउटा बाखो थियो । उसको एउटा पाठो थियो । पाठो बडो चञ्चल थियो । एक दिन बाखाको पाठाले भन्यो, “ए आमा ! ए आमा !! म मामाघर जान्छु ।” बाखाले सोध्यो, “किन छोरा ?” पाठाले भन्यो, “ए आम यस बेला खेतमा धेरै केराउ फल्छन् । म मामाघर गएर खुब केराउका कोसा खाई मोटाएर आउँछु ।” बाखो निकै चिन्तित भयो । बच्चा पाठोसित भन्यो- “छोरा न जाऊ मामाघर नजाऊ बाटोमा बाघभालुले भेट्टाए भने तिमीलाई छोड्दैनन् ।” पाठाले भन्यो, “होइन आमा म बाघभालु देखि डराउन्न ।” तब बाखाले भन्यो, “छोरा तिमी जब ठूलो हौला तब जाउला मैले तिमीलाई रोक्दैन । तिमी धेरै सानो छौ । तिमीलाई स्यालले एक्कै गासमा खान्छन् । बाखाको पाठाले आफ्नी आमाको कुरा मानेन । उसले धेरै ढिपी गऱ्यो । आखिरमा बाखाले आफ्नो छोरालाई उसको मामाको घर पठाइदियो । बाखाको माइत एउटा पहाडमा थियो । बाखाको बच्चा पाठो सामल लिएर मामाको घर गयो ।

जाँदा-जाँदै, जाँदा-जाँदै बाखाको छोरा पाठाले एउटा स्याल भेट्यो । स्यालले भन्यो, “भेट भयो बडो राम्रो भयो, धेरै दिन देखि खानेकुरा पाएको थिइन । आज पेट भरि भरि खान्छु ।” बाखाको छोरो पाठाले भन्यो, “होइन काका मलाई अहिले नखाऊ । अझै म धेरै सानो छु । म मामाको घर जाँदैछु । वहादेखि जब खाएर मोटाएर आउँछु तब मलाई खानू ।” स्यालले भन्यो, “ठीकै छ, आज तँलाई छोडिदिएँ । तर जब मामको घरबाट मोटाएर आउँछस तब मसित तर्केर नहिडेस् ।” बाखाको पाठो अगाडि बढ्यो ।

जाँदा-जाँदै, जाँदा-जाँदै बाखाको पाठाले एउटा बाघ भेट्यो बाटोमा । बाघले भन्यो, “भेट भयो बडो राम्रै भयो, धेरै दिनदेखि खानेकुरा भेटिएको थिएन । आज पेट भरि भरि खान्छु ।” बाखाको पाठाले भन्यो, “होइन काक, मलाई अहिले नखाऊ, अहिले म धेरै सानो छु । म मामाको घर जाँदै छु । मामाको घरदेखि खाएर मोटाएर जब आउँछु तब मलाई खानू ।” बाघले भन्यो, “ठीकै छ, आज म तँलाई छोडिदिन्छु, तर जब मामाको घरबाट मोटाएर आउँछौ तब मलाई नछकाउनु नि ।” बाखाको पाठो बाटैबाट अगाडि बढ्यो ।

जाँदा-जाँदै, जाँदा-जाँदै बाखाको पाठाले एउटा भालु भेट्यो । भालुले भन्यो, भेट भयो बडो राम्रै भयो, धेरै दिनदेखि खानेकुरा पाएको थिएन । आज पेट भरि भरि खान्छु । बाखाको पाठोले भन्यो, “होइन काका, अहिले मलाई नखाऊ, अझै म सानै छु । म मामाको घर जाँदै छु । मामाको घरदेखि खाएर मोटाएर जब आउँछु तब मलाई खानू ।” भालुले भन्यो, “ठीकै छ, आज तलाई

छोड्दिन्छु तर जब मामाको घरबाट मोटाएर आउँछस्, तब मलाई नछक्याएस् ।" बाखाको पाठो बाटैबाट अगाडि बढ्यो ।

जाँदा-जाँदै, जाँदा-जाँदै बाखाको पाठो आफ्नो मामाघर पुग्यो । मामाघर ऊ धेरै दिन सम्म बस्यो र केराउका कोसा खाएर खुबै मोटायो । एक दिन उसलाई आमाको धेरै सम्झना भयो । उसले मामासँग भन्यो, "मामा ! मामा !!" म अब घर जान्छु मेरो लागि एउटा धुनकी बनाइदिनुहोस् । बाखाको पाठाको निम्ति पाठाको मामाले एउटा धुनकी बनाइ दिए र उसैमा बसाली दिएर केराउका कोसा भुटेर त्यसैमा भरिदिए । फेरि धुनकीलाई धकेलिदिएर उसलाई भने, "हिड धुनकिया ठुम्मुक ठुम्मुक, हिंड धुनकिया ठुम्मुक ठुम्मुक ।" धुनकी पल्टिदै पल्टै अगाडि गयो ।

पल्टिदै-पल्टिदै, पल्टिदै-पल्टिदै ऊ बीच जंगलमा पुग्यो । वहाँ उसलाई भालुले भेट्टायो । भालुले धुनकीलाई सोध्यो, ए धुनकी तैंले कुनै एउटा बाखाको पाठालाई देखेको थिइस ?" धुनकीले जवाफ दियो, "नाही काका, देखिन" भालुले धुनकीलाई ढकल्दै भन्यो, "हिंड धुनकी ठुम्मुक-ठुम्मुक, हिंड धुनकी ठुम्मुक ठुम्मुक ।" धुनकी पल्टिदै-पल्टिदै अगाडि गयो ।

धुनकीको भित्र बाखाको पाठाले भुटेको केराउको कोसा खाएर पल्टिदै पल्टिदै जाँदै थियो । बाटोमा उसलाई बाघले भेट्टायो । बाघले त्यो धुनकीलाई सोध्यो, "ए धुनकी तैंले कुनै एउटा बाखाको पाठालाई देखेको थिइस ।" धुनकीले जवाफ दियो, "देखिन काका मैले बाखाको पाठोलाई देखिन ।" बाघले धुनकीलाई ढकेल्दै भन्यो, "हिंड धुनकी ठुम्मुक-ठुम्मुक, हिंड धुनकी ठुम्मुक-ठुम्मुक ।" धुनकी पल्टिदै-पल्टिदै आफ्नो बाटो लाग्यो ।

पल्टिदै-पल्टिदै ऊ अगाडि बढ्दा उसलाई स्यालले भेट्यो । स्याल बडो चलाख थियो । उसले धुनकी पल्टिदै जाने बाटोमा एउटा किलो गाडिदियो । धुनकी पल्टिदै-पल्टिदै आयो र किलोमा अल्झेर फुटयो । स्यालले र्‍याल चुहाउँदै भन्यो, "खुबै मोटाएछस्, अब हिंड म तँलाई खान्छु ।" बाखाको पाठाले भन्यो, "होइन काका अहिले मलाई न खानुहोस् । मैले धेरै दिन देखि नुहाएको छैन । गएर म नदीमा नुहाएर आउँछु अनि खानुहोला ।" बाखाको पाठो नदीमा गएर नुहायो र मुखमा र चाकमा बालु भर्‍यो । फेरि स्यालको सामुन्ने आएर भन्यो, "मुखतिरबाट खानहुन्छ कि गुदद्वारतिरबाट ।" स्यालले भन्यो, गुदद्वारतिरैबाट खान्छु ।" जब स्यालले बाखाको पाठोलाई गुदद्वारतिरबाट खान भनेर मुख बायो बाखाको पाठाले तब भर्र गरेर पाद्यो । सबै बालु स्यालको आँखामा भरियो । त्यसपछि बाखाको पाठो त्यहाँबाट भागेर आफ्नो घर पुग्यो । कथा सिद्धियो ।

## ४. चारबातकय जवाफ

एक राजा रहयँ । राजा साहेब सबेरा नदीमय गयँ स्नान करय । स्नान जब करचुकय तो आकासवाणी भय कि यहाँ हय तो वहाँ नाही, वहा हय तो यहा नाही, ओ यहाँभी नाही वहाँ भी नाही औ यहा भी हय वहाँ भी हय । हे राजा साहेव यी चारबातकय हम्मय जवाफ चाहि ।" राजा चलाआयँ अपन दरबारमय । भोजन कइकय तब प्रधानमन्त्री सामनय बैठयरहयँ उनसय प्रश्न करिन कि आज नदीमय नहायगयँ तो यी चार बातकय जवाफ बतायक हय । कौनो आकासवाणी भयहय कि "यहा हय तो वहाँ नाही, वहा हय तो यहा नाही, वहाभी नाही हय यहाँ भी नाही हय और वहाभी हय यहाँ भी हय ।" हे वजिर यी चारबातकय जवाफ बताओ और नबतायपाइवो तो खाना लइलेओ खरच लइलेओ चारबातकय जवाफ यी संसारसय हिचकय लइआओ । "वजिर कहिन कि हम्मय खाना खरच दइदेओ और छह महिनाकय समय दइदेओ । हम चारबातकय जवाफ लइकय आइव ।" राजा कहिन कि हमरय और तोहरय बीचमय सर्तहय आधा राज और आधा कचहरी तुहयँ देव चारबातकय जवाफ लइआओ । और चारबातकय जवाफ नाही लइआय पाइवो तो कचहरीकय जौन हय बडा आलमारी वही आलमारीमय तोहार सर कटायदेवय । यहीपर कागज होइगय ।" छह महिनाकय खरचपरच वजिर लइकय और घोडा लइकय लाग संसारमय चार बातकय जवाफ ढुढय । कहुँ चारबातकय जवाफ नाही मिलपाय । वजिर सोचिन कि अब काव करी ? मजबुर होइकय वजिर घर लौट आइन । पाँचदिन बाँकी रहिगय राजाकय सर्त पुरा होवयक । आयकय चारपाइपय वजिर सुतय । जब खानाकय समय भय तो वजिरकय लरिका आय उन्हय बोलाय कि पिताजी जावाजय भोजन करय ।" वजिर अपन लरिकासय कहिन कि चारबात हम राजासय हारेहन । कबुल भयहय कि चारबातकय जवाफ नाही बताय पाइब तो कचहरीकय जौन बडा आलमारीहय बहिमय हमार सर काटकय रखदिहयँ राजा । जो बताय पाइव तो आधाराजापाट और आधा कचहरी पाइव ।" तो लरिक ाकहिस कि पिताजी चारबातकय जवाफ हम खोजय जाइव चारबात काव काव हय ?" तब वजिर कहिस कि "चारबात यह हय कि यहाँ हय तो वहा नाही हय..... । हम चारबातकय जवाफ लइकय छोडव । आप काहय चिन्ता करतहओ ।" तब लरिका और वजिर भोजन किहिन ।

वजिरकय लरिकाकय सादी भयरहा । बिदाइउदाइ दुलहिनकय नाही भयरहा । लरिका सोचिस कि पहिले यी चारबातकय जवाफ खोजी तब दुलहिनकय बिदाइकइकय घर लइआइ । तब ऊ घोडा लिहिस और चलदिहिस । लाख संसारमय चारबातकय जवाफ खोजिस कहुँ पता लागय नाही । तब

ऊ काव सोचिस कि अब चलाजाइ ससुरालिय । के जाने हमार औरतिया जानयहोइ ।" ऊ ससुरालमय गय । बिना गौन करय मेहरारुकय नैनिहारय मर्दवा नाही जातहयँ । ओकर चिन्ता रहा चारबातकय । ऊ गय ससुरालमय जहाँ गाई भैंस बाँधय रहयँ वही घारीमय जायकय घोडा बाँध दिहिस । तो गावमय मनइ हल्ला करयँ कि वजिरकय बेटौवा अपन ससुरालीमय आयहयँ । दामाद जायकय घारीमय बैठयहयँ । बडी गजबकय बात होयलाग । नोकरचाकर उन्हय उठावय गयँ कि चलो घरमय काहय घारीमय रहाजावाजातहय । वजिरकय बेटौवा उठवय नाही करयँ । तब् उनकय सासससुर गयँ उठावय । लेकिन वय उठवय नाही करय । तब उनकय सासससुर अपन बेटियाकय कहिन कि "बेटी जाओ उनसय तोहार सादी भयहय तोहार जिन्दगी उन्हीसय कटयक हय । जाओ तुँही उठायक बैठाओ उन्हय कौनो लाज नाही हय ।" तव लरकी वहासय गई तव अपन मर्दकय हात पकडकय उठाइस । तब लरकी कहिस "तुँ काव हमार मातापिताकय बेइज्जती करत हवो ? बिना गौनकय तुँ आयो ।" तो उनकय मर्दवा कहिस कि हम घारीमय नाही बैठित तो तुँसय कइसय भेट हो त ।" तो लरकी कहिस "तो कहो काव बातहय ।" तो मर्दवा कहिस कि "हमार पिताजी कहयहयँ कि चारबातकय जवाफ खोज लाओ और आधा राजपाट और आधा कचहरी पाइवयँ । बिहान नाही परौ तक चारबातकय जवाफ दियकहय और चारबातकय जवाफ नाही बताय पाइहयँ तो सर कटायकय कचहरीवालय बडी आलमारीमय रखदिहयँ राजा ।" तब उनकय मेहरारु कहिन कि कौन बातकय जवाफ दियकहय ।" तब वजिरकय बेटौवा कहतहय कि चारबात यह हय यहाँ हय वहाँ नाहीहय और वहाँहय यहाँ नाही हय, और वहा भी नाही हय यहाभी नाहीहय और वहाभी हय और यहा भी हय ।" तब ओका औरतिया कहिस कि "जाओ चिन्ता नाकरो । हम मर्दाना रुप धइकय और कारपर बैठकय हम आइवय । और चार बातकय जवाफ लइआइव । जाओ तु राजासय कइदिओ परसो जवाफ दियवाला आदमी आइहयँ ।" रातभर वजिरकय बेटौवा आरामसय सुतिस । जब सबेरा भय तब घोडापय बैठकय चलपडा । जायकय दरबारमय बादशाहसय कहिन कि "सरकार चारबातकय जवाफ दियवाला आदमी परसो आइ ।" इतना कहिकय वजिरकय बेटवा चलाआयँ घरय, खानाउना खायन जब बिहान भय तब लरकी वहाँ अपन नहायधोयकय मुडियम एक कुडा धइकय मर्दाना रुपमय और कारपर बैठगई । कारमय बैठकय कुछ दुर चली तो एक सेठकय दुकानपर पहुँची । उन्हय पियास लागयरहा तब सेठजीसय कहिन "सेठ जी हम्मय पानी पिलायदेव ।" सेठकय दोकानमय सबकुछ रहय । बढिया बढिया भेली रह्य । लेकिन सेठजी अपन नोकरसय कहिन कि जौन करिक्काहय वय भेली दइदेओ और एक लोटा पानी दइदेओ । "पानी पिइन तब कहिन सेठजी राजा साहेवकय चारबातकय जवाफ दियवाला आदमी दरबारमय आवतहय

चलो देखती ।" सेठजी बोलिन कइसय जाइ तो उन कहिन काव सोचत हओ यही कारमय बैठो खालीहय और वहासय आवयपर यही छोडदेव । तो सेठ कारमय बैठिस और वे कुछ दुर गयँ ।

जात-जात एक साधुकय भेटान रहियामय । तब साधुसय कहिन वजिरकय पतोहिया चारबातकय जवाफ दियवाला आदमी आज दरबारमय आवतहय आओ चली देखय । साधु कहिन कि बच्चा हम महांत्मा होइ कइसय जाव उतना दुर ? "तब कहिन कि कार खालीहय बैठ जाओ ओहरसय लौटव तो तुँहय यही छोड देवय ।" साधु ओ कारमय बैठिन । तो वे कुछ दुर गयँ तो वहाँ एक पतुरिया नाचय गावय । तो वजिरकय पतोहिया कहिन पतुरियासय कि चारबातकय जवाफ दियवाला आदमी आज दरबारमय आवतहय चलो तुँ हो देखय । "तो ऊ कहिस उतना दुर कइ सय जाव तो उन कहिन हमरय चार मनइहयँ कारमय सिट खालीहय यही कारमय बैठो ।" तो पतुरिया कारमय बैठिस तब कारवाा आघे बढा । वे कुछ दुर गयँ तो एक सेठकय मंजिलापर पहुचय । ओ सेठकय एक नियम रहा जो घरमय आवय तो उनकय पानी पिलायकय तब अपने पिय ओकरय भोजनकरायकय बादमय अपने भोजन करय । यह सब सेठजीकय मंजिलापर पहुचय तो सेठ जी उन सबकय सेवा सत्कार किहिन औरु कहिन कि हमार नियम हय हमार दरवाजापर जे आवय तेका हम खवाइकय बादमय हम खाइतहन तो उन्हरय कहिन कि सेठजी हम नाही कुछ खाइव हम भुखा नाही हयँ । तो सेठ कहिन तुँहय खायकहय बिना खाय हम जायक नाही देव । "तव सेठजी दूध और मिठाइ मगाइन तब सब जनय खाय लागयँ । खायक बाद वजिरकय पतोहिया कहिन सेठ चलो आज राजाकय दरबारमय चारबातकय जवाफ दियवाला आदमी आवतहय देखकय आइ ।" चलो बैठो कार खाली हय वहासय आवयपर यही छोडदेव । तब सेठओ बैठिन कारमय । उन्हरय सब पहुँचगयँ दरबारमय ।

दरबारमय धेरकुल मनइ जुटयरहयँ । तो लरकी पहुचिस कारसय । वहाँ धेरकुल कुर्ची लगायरहय तो लरकी एक कुर्चीमय बैठिस । तब वजिरकय बेटौवा राजा सय कहिन कि आपकय चारबातकय जवाफ दियवाला यिन्ही होवयं । तब राजा पुछिन् लरकीसय जौन मर्दामा भेषमय रही कि "बताओ जवाफ ।" तब लरकी कहय लागय । कहिन कि सरकार सुनो यहाँ हय तो वहाँ नाही । यीहय होवयँ सेठ । यिनकय दोकानिम अनेक प्रकारकय सामानहय । खायकय पियकय सबकुछ हय । बढियासय बढिया भेली रख्खयहयँ । हम पानी मागेन यिनसय तो एक लोटा पानी मगाइन और एक करिक्का भेली । यह दान कुछ करयक नाही चाहतहयँ । यिनकय यहाँ हय और वहाँ नाही । "फिर साधुकय बतायकय कहिन कि वहा हय तो यहा नाही । यह साधुलोग होवयँ । यी हय दिनभर इधर

उधर घुमतहयँ जौन एक दुई खुराक पाइन बनायकय खायलिहिन । यिनकय न शुद्ध घरहय न दुवारहय । यिनकय यहाँ नाही हय और वहा हय ।” फिर कहिन “यहा भी नाही उहाँ भी नाही ।” तव पनुरियाकय बतायकय कहिन “यिह दिनभर कमात ही रुपमा पैसा उतना संझाक दारु-मास खायकय सब उडायदित । यिनकय नयहाँ हय नवहाहय ।” फिन कहिन यहाँ भी हय और वहाँभी हय । तब दुसर सेठजीकय बताय लागिन यह सेठ जी हयँ । यिनकय नियमहय दुसरयक पानी पिलाय तब अपने पियेँ, दुसरयकय भोजन करायँ तब अपने भोजन करयँ । जब हमरय यिनकय किहा पहुचेन बढिया मिठाइ मिला और दुध मिला, हम्मय भोजन करायकय बादमय अपने खायँ । यिनकय वहाभी हय और यहाँ भी हय । “यी चारबातकय जवाफ यही हय ।” राजा चारबातकय जवाफ सुनकय प्रसन्न भयँ । ओकरय बाद राजा आधा राजपाट और आधा कचहरी दिहिन । तब लरकी अपन पुरुषसय कहिन कि चलाजाओ हम्मय बिदाइ कइकय अपन घर लइजायक व्यवस्था करो । ऊ अपन भेद नाही खोलिन । तो लरकीकय गौनीकय दिन तय भय । लरकीकय बिदाइ कइकय अपन घर लेआइन, वजिरकय बेटौवा और आधा राजपाट और आधा कचहरी राजा दिहिन । वे सुखपूर्वक रहयलागयँ । खिस्सा खतम ।

**नेपाली रुपान्तर**

एउटा राजा थिए । राजा सबेरै बिहान स्नान गर्न नदीमा गए । जब उनले नुहाएर सिध्याए तब त्यहाँ आकासवाणी भयो कि, “यहाँ छ त त्यहाँ छैन, त्यहाँ छ त यहाँ छैन, त्यहाँ पनि छैन यहाँ पनि छैन, अनि यहाँ पनि छ त्यहाँ पनि छ । हे राजा साहेब ! यी चार प्रश्नको मलाई उत्तर चाहिन्छ ।” राजाले अचम्म मानेर चारैतिर हेर्छन् तर कही कतै कसैलाई नदेखेपछि उनी दरबारमा आए । भोजन गरिसकेपछि प्रधानमन्त्री सामुन्नेमा नै बसेका थिए, उनैसँग सोध्न थाले कि, “आज नदीमा म नुहाउन जाँदा यी चार प्रश्नको उत्तर खोजेर ल्याउने आकासवाणी भएको छ मलाई । कस्तो आकासवाणी भयो भने “यहाँ छ त त्यहाँ छैन, त्यहाँ छ त यहाँ छैन, त्यहाँ पनि छैन यहाँ पनि छैन, अनि यहाँ पनि छ त्यहाँ पनि छ ।” हे प्रधानमन्त्री यी चार प्रश्नको जवाफ तिमीले बताऊ अनि बताउन सक्दैनौ अहिले यदि भने खानाखर्च लैजाऊ, यी चार प्रश्नको जवाफ यो संसार डुलेर भएपनि लिएर आऊ ।” “प्रधानमन्त्रीले भने कि “मलाई खानाखर्च दिनुस् र ६ महिनाको समय दिनुस् । मैले चार प्रश्नको उत्तर खोजेर ल्याउने छु ।” राजाले भने कि, “मैले तिमीलाई आधा राज्य र आधा कचहरी दिनेछु यी चार प्रश्नको जवाफ लिएर आएमा । यदि चार प्रश्नको जवाफ ल्याउन

सकेनौ भने कचहरीमा जुन ठूलो आलमारी छ, त्यही आलमारीमा तिम्रो शिर काटेर राखिदिनेछु ।" यही सर्तमाथि दुवैको सहमति भयो ।

६ महिनाको खर्चपर्च लिएर प्रधानमन्त्री राजदरबारबाट बाहिर निस्के । अनि घोडा चढेर ती चार प्रश्नको जवाफ खोज्न हिँडे । कहीपनि चारवटा कुराको उत्तर पाइएन । प्रधामन्त्रीले सोचे कि "अब के गर्ने होला ?" केही उपाय नलागेपछि बाध्य भएर उनी आफ्नो घर फर्के । राजा र आफूबीच भएको सर्तअनुसारको समय पुरा हुन जम्मा पाँच दिन बाँकी थियो । प्रधानमन्त्री घर आएर खटियामा पल्टे । जब साँझ पर्‍यो खाना खाने बेला भयो, उनको छोराले उनलाई खाना खान बोलाउन आए त्यसै बेला प्रधानमन्त्रीले भने कि "चार कुरा म राजासँग हारेको छु । मैले कबुल गरेको छु कि चारप्रश्नको जवाफ दिन सकिन राजालाई भने कचहरीको जुन ठूलो आलमारी छ त्यसैमा मेरो शिर काटेर राजाले राखिदिने छन्, यदि बताउन सकें भने आधा राजपाट र आधा कचहरी पाउने छु ।" अनि मन्त्रीको छोराले भन्यो कि "बुबा त्यो चारप्रश्नको जवाफ खोज्न म जान्छु । बरु भन्नुस ती चार प्रश्न के-के हुन् ?" अनि मन्त्रीले भन्यो कि "चारप्रश्न यी हुन् कि यहाँ छ तर त्यहाँ छैन, यहाँ छैन तर त्यहाँ छ, यहाँ पनि छैन, त्यहाँ पनि छैन अनि यहाँ पनि छ, त्यहाँ पनि छ ।" अनि छोराले भन्यो कि, "मैले चारप्रश्नको जवाफ खोजेरै आउँछु । तपाई किन चिन्ता गर्नुहुन्छ ? हिड्नुस भात खान ।" अनि बुबा छोरा खाना खान भान्सातिर लागे ।

मन्त्रीको छोराको विवाह भएको थियो । सासुससुराले दुलहीको बिदाइ गरिदिएका थिएनन् । मन्त्रीको छोराले सोच्यो कि "पहिले यी चारप्रश्नको जवाफ खोजेर ल्याउनु पर्‍यो तब मात्र ससुराल गएर बिदाइ गरी दुलहीलाई घर ल्याउँला ।" त्यसपछि ऊ घोडामा चढेर प्रश्नको जवाफ खोज्न हिंड्यो । थुप्रै ठाउँ ऊ गयो तर लाख प्रयत्न गर्दा पनि ती चार प्रश्नको जवाफ पाउन सकेन । तब ऊ के सोच्यो भने "अब ससुराल नै जानुपर्ला । के थाहा मेरै दुलहीले पो जानेकी छे कि ।" ऊ त्यहाँबाट सिधै ससुराल गयो । माइतीले छोरीको बिदाइ नगर्दासम्म ज्वाइँ ससुराल नजाने चलन भए पनि उसलाई तिनै चारप्रश्नको चिन्ता थियो । त्यसैले ऊ ससुराल नजाने चलन भए पनि उसलाई तिनै चारप्रश्नको चिन्ता थियो । त्यसैले ऊ ससुराल गएर गोठमा बस्ने मनसाय लियो । ऊ ससुराल पुगेपछि गोठको नजिकै घोडा बाँध्यो अनि आफू गोठको कटेरोमा गएर एउटा खाटमा पल्ट्यो । गाउँमा हल्ला भइसकेको थियो कि मन्त्रीको छोरा ससुराल आएका छन् । ससुरालीले देखे कि ज्वाइँ आएर गोठमा बसेका छन् । बडो गजवको घटना भयो । ससुरालीका नोकरचाकर उनलाई बोलाएर घरमा ल्याउन गए र भने "किन यहाँ बस्नुहुन्छ ? घरमै हिड्नुस ।" तर ती ज्वाइँ भने बसेको

ठाउँबाट उठ्दै उठ्नेनन् । अनि सासुससुरा उनलाई उठाउन गए तर पनि उठ्दै उठ्नेनन् । त्यसपछि सासुससुराले आफ्नी छोरीसँग भने, "छोरी जाऊ छोरी उनीसित तिम्रो विवाह भएको हो, उनैसित तिम्रो जीवन बित्ने हो, हामीले उठाएर ल्याउन खोज्दा उठेनन्, तिमीनै गएर उठाएर ल्याऊ, उनलाई कुनै लाज धक मान्नु पर्दैन भनेर सम्झाएर ल्याऊ ।" अनि छोरी त्यहाँबाट गई र गोठमा खटियामा बसेको आफ्नो लोग्नेको हात समातेर उठाइ । अनि त्यो युवतीले भन्छिन्, "तिमीले किन मेरा आमाबुबाको बेइज्जत गर्न खोज्छौ ? किन बिदाइ नगरीकनै तिमी आयौ ?" अनि उनको लोग्नेले भन्यो कि, "म गोठमा नबसेको भए तिमीसँग कसरी भेट हुन सक्थ्यो ।" अनि उसकी स्वास्नीले भनी, "भन्नुस् के कुरा भन्न थियो ?" अनि लोग्नेले भन्यो, "मेरो बुबाले भन्नु भएको छ कि चार प्रश्नको जवाफ खोजेर ल्याऊ अनि आधा राजपाट र आधा कचहरी पाइन्छ । भोलि होइन पर्सिसम्म चार प्रश्नको जवाफ लैजानु पर्छ यदि चार प्रश्नको जवाफ बताउन सकिएन भने राजाले मेरो बुबाको शिर काटेर कचहरीमा भएको ठूलो आलमारीमा राखिदिने छन् । अनि उसकी स्वास्नीले सोधी, "कुन प्रश्नको जवाफ दिनु पर्ने हो राजालाई ?" तब उसको लोग्नेले भन्छ कि, "चार प्रश्न यी हुन् यहा छ उहाँ छैन, यहाँ पनि छैन उहाँ पनि छैन, यहाँ छैन उहाँ छ, अनि यहाँ पनि छैन उहाँ पनि छैन ।" अनि उसकी स्वास्नीले भनी कि "तिमी चिन्ता नगर । म पुरुषको भेष गरेर अनि कारमा बसेर म आउने छु । अनि चारप्रश्नको जवाफ ल्याउने छु । जाऊ तिमीले गएर राजासँग भनिदेऊ कि पर्सि यी चार प्रश्नको जवाफ दिनेवाला मानिस आउँछ भनेर ।" मन्त्रीको छोरो रातभरि आरामसित सुत्यो । भोलि बिहान घोडामा चढेर ऊ गयो । ऊ दरबारमा गएर बादशाहसित भन्यो कि, "सरकार चार प्रश्नको जवाफ दिनेवाला मानिस पर्सि आउँछ ।" यति भनेर मन्त्रीको छोरो आफ्नो घर फर्कियो ।

भोलि बिहान मन्त्रीको छोराकी स्वास्नी नुहाइधुवाइ गरेर टाउकोमा एउटा फेटा बाँधेर पुरुषको भेषमा कारमा बसी । कारमा बसेर कार चलाई । केही पर कार पुगेपछि एउटा सेठको दुकानमा पुगी । उसलाई तिर्खा लागेको थियो अनि सेठसित भनी "सेठ जी ! मलाई पानी पिउन दिनुसन् ।" सेठको दोकानमा सबै चीजबीज थिए । तर सेठले आफ्नो नोकरसित भने कि जुन कालो भेली छ त्यही अलिकति दे र एक लोटा पानी ल्याएर देख । "पानी पिइसकेपछि त्यो कारवालाले भनी कि सेठ जी राजा साहेबको चार प्रश्नको जवाफ दिनेवाला मानिस दरबारमा आउँदैछ, हिड्नुस हेर्न जाऔं ।" सेठले भने कि कसरी जाने ? अनि कारवालाले भन्यो कि "तपाईले के सोच्दै हुनुहुन्छ ? कार खाली नै छ, यही कारमा बस्नुस्, आउने बेला तपाईलाई यही छोडिदिउँला ।" अनि सेठ कारमा बसेपछि कार अगाडि बढ्यो ।

जाँदा-जाँदै, जाँदा-जाँदै अगाडि एक जना साधुबाबा भेटिए । त्यसपछि ती साधुलाई मन्त्रीकी बुहारीले भनिन्, “चार प्रश्नको जवाफ दिनेवाला मानिस आज दरबारमा आउँदैछन्, हिड्नुस साधुबाबा हेर्न ।” साधुले के जवाफ दिए भने “हे बाबु ! म महात्मा हुँ फेरि त्यति टाढा कसरी जाने ?” त्यसपछि मन्त्रीकी बुहारीले भनिन्, “कार खाली छ, बस्नुस्, उताबाट आउने बेला तपाईलाई यही छोडिदिउँला ।” साधु बाबा पनि कारमा बसे । तिनीहरु केही टाढा गए पछि उनीहरुले एउटा नतर्की वेश्या गीत गाउँदै नाचिरहेको देखे । अनि त्यसलाई पनि मन्त्रीकी बुहारीले दरबारमा लैजाने विचार गरेर भनिन्, “चार प्रश्नको जवाफ दिनेवाला मानिस आज दरबारमा आउँदै छ, हिंड तिमी पनि ।” त्यो नर्तकी बेश्याले त्यति टाढा के जानु मात्र के भनेकी थिई, मन्त्रीकी बुहारीले भनिन्, “हामी चारजना मानिसमात्र छौं कारमा, सिट खाली छ, यही कारमा बस ।” त्यो बेश्या कारमा बसेपछि कार अगाडि बढ्यो । उनीहरु केही टाढा पुगेपछि एउटा सेठको महलनिर पुगे । बाटोको छेउमा भएको त्यो महलको सामुन्ने कार रोकियो । ती सेठको के नियम थियो भने जुन पाहुना घरमा आउँथे, सेठले पहिले तिनलाई पानी खुवाएर मात्र पछि आफू खान्थे, पहिले उसलाई भोजन गराएर मात्र आफूले पछि भोजन गर्थे । जब मन्त्रीकी बुहारीको कार सेठको महल सामुन्ने रोकिएको थियो, सेठ त्यही थिए, उनले तिनीहरुको भव्य स्वागत सत्कार गरे अनि सेठले उनीहरुसित भने, “मेरो महलको ढोकामा जो आउँछ, उसलाई खुवाएर पठाउने मेरो नियम छ, मैले मेरा पाहुनाहरुलाई नखुवाइ पठाउँदिन ।” उनीहरुले सेठसित भने, “सेठ जी ! हामीलाई भोक लागेको छैन, हामी केही खाँदैनौ ।” अनि सेठले भने कि, “म तपाईहरुलाई नुखवाइकन पठाउँदिन ।” अनि सेठले दूध र मिठाइ लिन पठाए । अनि तिनीहरु सबैले दूध र मिठाइ खाए । खाएपछि मन्त्रीकी बुहारीले भनिन्, “सेठ जी ! हिड्नुस दरबारमा, आज राजाको चार प्रश्नको जवाफ दिनेवाला मानिस आउँछन्, हेरेर आउँला । बस्नुस कारमा, उताबाट फर्किदा तपाईलाई यही छोडिदिउँला ।” अनि सेठ पनि कारमा बसे । ती सबै जना केही बेरपछि राजाके दरबारमा पुगे ।

दरबारको सभाकक्षमा धेरै मानिस जम्मा भएका थिए । त्यो मन्त्रीकी बुहारी कारबाट त्यहाँ पुगिसकेकी थिइन् । त्यहाँ केही कुर्सीहरु खाली थिए, तिनै कुर्सीमध्ये एउटा खाली कुर्सीमा तिनी बसिन् । अनि त्यसैबेला मन्त्रीको छोराले सबैको ध्यान आकर्षित गरी राजासँग भने, “सरकार ! हजुरका चार प्रश्नको जवाफ दिने मानिस यिनै हुन् ।” मन्त्रीको छोराले आफ्नी दुलहीलाई बताएर भने । अनि राजाले मन्त्रीको छोराले बताएको मानिससँग सोधे जो पुरुष भेषमा थिइन कि “प्रश्नको जवाफ देऊ ।” तब मन्त्रीकी बुहारीले प्रश्नको जवाफ दिन थालिन्, “सरकार सुन्नुहोस्, ‘यहाँ छ तर उहाँ छैन’ भन्ने प्रश्नको जवाफ यिनै सेठ हुन् ।” उनले कारमा आउँदा पहिलो पटक भेट भएको

सेठलाई बताउँदै भनिन्, “यिनको दोकानमा अनेक प्रकारका सामान छन् । खानेदेखि लिएर पिउनेसम्मका हरेक चीजबीज टन्न छन् । राम्रो भन्दा राम्रा भेली पनि राखेका छन् । जब मैले प्यास लागेर यिनीसँग पानी मागें, यिनले एक लोटा पानी र कालो न कालो पशुलाई खुवाउने भेली मगाएर खान दिए । यिनले केही पनि दान गर्न चाहन्नन् । यिनको यहा छ तर उहाँ छैन ।” अनि फेरि उनले साधुलाई बताएर भनिन्, “तपाईको अर्को प्रश्न हो- यहाँ छैन तर उहा छ भने । यिनी साधु हुन्, यिनीहरु दिनभरि यताउति घुम्छन्, जुन एक दुई खुराक अन्न पाउँछन्, त्यी बनाएर खान्छन् । यिनको न त एउटा बस्ने घर छ न गोठ । यिनको यहाँ छैन तर वहा छ ।” फेरि वेश्यालाई बाएर भनिन्, “यिनले दिनभरि जति कमाउँछिन्, त्यति साँझ रक्सी र मासु खाएर उडाउँछिन् । यिनको न यहाँ छ न उहाँ छ ।” फेरि भनिन् “यहाँ पनि छ अनि उहाँ पनि छ ।” अर्को सेठलाई देखाउँदै भनिन्, “यिनी सेठ हुन् । यिनको के नियम छ भने अर्कालाई पानी खुवाएर मात्र आफूले खाने, अर्कालाई भोजन गराएपछि मात्र आफूले भोजन गर्ने । जब हामीहरु यिनको महलको सामुन्ने पुग्यौं, राम्रो मिठाइ पाइयो अनि दुध पनि पिइयो । हामीले भोजन गरेपछि मात्र आफूले भोजन गरे । यिनको यहाँ पनि छ अनि उहाँ पनि छ । हजुरका चार प्रश्नका जवाफ यिनै हुन् ।” राज ती चार प्रश्नको जवाफ सुनेर प्रसन्न भए । त्यसपछि राजाले आधा राजपाट र आधा कचहरी दिने भए त्यसपछि मन्त्रीकी बुहारीले आफ्नो लोग्नेसँग भनिन्, “तपाईले अब मलाई माइतबाट बिदाइ गरेर घर लैजाने व्यवस्था गर्नुस् ।” लोग्नेलाई थाहा थियो, तर अरुलाई उनले आफ्नो भेद खोलिनन् ।

केही दिनपछि केटीको गौनाको दिन तय गरियो । मन्त्रीको छोराले दुलहीलाई माइतबाट बिदाइ गरी आफ्नो घर ल्याए । राजाले उनीहरुलाई आफ्नो कबुल अनुसार आधा राजपाट र आधा कचहरी दिए । उनीहरु सुख पूर्वक रहन लागे । कथा समाप्त ।

## ५. जुलाहा अउर मुर्द्धवा

एक रहय जुलाहा ऊ बहुत गरिब रहय । जुलाहाकय सादी भय रहा और औरत घरमय आयरही । औरतिया जुलाहाकय पुछिस कि कौन पेसा तुँ करत हओ । “तो जुलाहा कहय मजुरी करकय खाइतहन ।” तब औरतिया ओका कहिस कि मजुरी नाकरो तुँ सुतधरी लाओ हमरय बिनयक ढंग हय बिनी और तुँ बेचो । “और वहीमयसय नाफा खावाजायी । और रुपया जमारही धिरय धिरय मालिककय दिन जायी ।” तो जुलाहा कहिस पैसा कुछ नाहीहय । “तो औरतिया बोलिस कहो तो लेआयी ।” तो जुलाहा कहिस ठीकहय लइआओ । तब औरतिया गावमय गई । गावमय एक ठु धनी मनइया रहय । उसकय किहा गई और कहिन सेठजी हम्मय पाँचसय रुपया कर्जा दइदेओ । “सेठवा कहिस “पाँचसय नाही एक हजार कर्जा देव बकिर रातभर हमसय सोयक परी ।” तो औरत पैसा लिय बिना घरय चल गई और अपन मर्दसय कहिस कि सेठवा अइसय अइसय कहतहय । हम पैसा लिय बिना चलि आयन् । जुलाहा कहिस “हमरय एक ठु रोटीकय ठिकाना बिगाड दिहिन सेठवा । हम मजुरिया करव तुँहय ओकयसाथ सोयक नाही देव ।” तब औरतिया कहिस “मजुरी नकरो हम दुसर सेठ किहा जाइव कर्जा मागय ।” तब औरतिया दुसरय सेठकिहा गई और सेठ कहिस “बहिन कहा चलत हइयू ?” तब औरतिया कहिस “सेठजी आपकय पास आयहन कौनो काम रहय ।” तब सेठ कहिन “काव बातहय कहो ।” तो औरत कहिस “सेठजी पाँचसय रुपया हम्मय कर्जा दइदेओ हमरय जब होइ तब दइदेव ।” सेठ कहिन “पाँचसय रुपया नाही एक हजार लइजाओ हम मागय नाही आइव ।” तो सेठजी पाँचसयकय नम्बरी नोट दिहिन तो लइकय औरतिया घरय आइस् और अपन मर्दसय कहिस कि “देखो रोटी बनायदिहित हन और तिना और सबयरय तुँ जहाँ पाइबो वहासय सुतधरी लाओ हम बिनी तुँ बेचो । वहिमयसय नाफा खावाजायी और मालिककय दियाजायी ।”

तो जुलाहा सबेरय उठा और सुतधरी खरिदय चलदिहिस । जात-जात जब ऊ नदीकय किनारमय पहुँचिस तो काव देखतहय कि एक मनइ मरिगयरहा । ओका एक मनइ लाठीसय मारय । जब जुलाहा ओका देखिस कि मरल मनइक लाहासियाक लाठीसय मारतहय तब ओका कहिस “ए मुर्ख जबतक ऊ (तुँ) जिन्दा रह्य (रह्यो) तुँ कुछ नाही करपायो आज आदमी मरिगय तो लाहासियाक मारकय काव पावतहओ ?” तो ऊ मनइ जुलाहासय कहिस कि “तुँ बडे भारी मुरखहओ । पाँच सय रुपया हमार कर्जा खायकय मरिगय और मागत-मागत हम परेसान होइगयँ तो कर्जा हमार नाही दिहिन । यह नातय मारकय यह लासकय एकक्ट्ठा कइदेव ।” तव जुलाहा

कहिस “लाठी छोडो न । हम पाँचसय रुपया ओका शान्ति देइतहन । मुर्द्धाक मारय काव पावतहओ । जबतक बोलत रहा तौनो टुटगय ।” और कहिस “लेओ पाँचसय रुपया ।” पाँचसय रुपया दइदिहिस ओका नदीकय किनारयमय तब जुलाहा अपन घर तरफ गय । जब जुलाहा घर पहुचय तब ओकर औरतिया पुछिस “काव भय ? सुतधरी लायो ?” जुलाहा कहिस “अरे गयरहेन नदीकय किनारय एक मनइ मरिगयरहा ओका एक जनय लाठीसय मारतरहय पाँचसय रुपयाक सान्ति । हम ओका पाँच सौ रुपया कर्जा दियन ।” फिर वही औरतिया चटरियाकिहा गई । ओ पुछिस काव बातहय बहिन ? “तब औरतिया कहिस पाँच सौ रुपया और कर्जा देओ ।” चटरिया कहिस “पाँचसय नाही एक हजार लयजाओ । जब तोहार होइ तब दइदेओ । मागय नाही जाव ।” पाँच सौ कय नम्बरी नोट निकारकय दिहिस और औरतिया लइकय आय । संझाक खाइनपिइन और औरतिया कहिस कि “बिहान सबेरय कहीसय खरिदकय सुतधरी लइआओ ।” उनकय एक हजार रुपया कर्जा होइचुका । ओ रुपया दियबिना छुट्टी नाही हय । जुलाहा सबेरय उठिस और झोरा उठायकय जायलाग । जब पहुँचा कुछ दुर नदीकय किनारय तब ऊ सोचिस कि दतिवन कयलियाजाय पानीहय । तब लाग दतिवन करय तब काव देखिस कि जहाँ मुर्द्धा रहय वही मुर्द्धवा कपन ओढय निकला । ऊ मुर्द्धवा भगवानसय विनती करय कि हे भगवान मनइ हम्मय मरेपर मारिनहय अओ विचारा जुलाहा कर्जा काटकय लायहय तो हमार सान्ति दइदिहिन तो हम्मय मनइ बनायदिओ तो जायकय हम ओका कर्जा दिई । “भगवानसय मन्जुरी होइगय । भगवान कहिन ठीक हय उसकय कर्जा पहुचायकय आओ ।” तव कफन पहिरा मुर्द्धवा देखय जुलाहाक तो तवलुग डराय कि “बाबा सैतान ।” तब जुलाहाक कहिस कि तँय भलय सैतान नाही मुसिबतकय मरय इन्सान हओ । यह हमार कफनियाक गाँड छोडदेओ । “जुलाहा मुर्द्धवाकय कफनकय गाँठ छोड दिहिस तो मुर्द्धवा कहतहय दुसरा कुछ पहिनयक दइदेओ ।” भगवान मुर्द्धवाक पहिनय जँधिया और बन्डी दइदिहिन । तो मुर्द्धवा पहिनिस जधिया और बन्डी । जुलाहा अपन पहिनयरहा । तब मुर्द्धवा जुलाहासय कहिस “दोस कहा जातहओ ?” जुलाहा कहिस “जाइतहन सुन खरिदय ।” तब मुर्द्धवा कहतहय “सुत काहय खरिदबो आओ चली बम्बई ।” बम्बइमय बडे बडे सेठ हयँ । कौनो सेठकिहा निक काम लगजाइ तो पैसा कमावाजायी और लइकय आवाजायी । “तो दोनो मिला जातहयँ बम्बई । जब वे बम्बई पहुचयँ तो मुर्द्धवा कहिस कि हे मीता बम्बइमय अइसय सेठ हयँ कि चारहजार पाँच हजार कहिहयँ पगाह दियकहयतो दुई हजार देहि हयँ । उनहु बेइमान हयँ जौन बात करतहयँ तौनो सही नाही करिहय ।” तब मुर्द्धवा कहिस कि “आओ तब चली अरब । अरबमय जौन कहतहय तौन करतहयँ । वहाँ आदमीकय बडाभारी अतापता हय ।” तो दोनोमिला अरब जातहयँ

तब चलत-चलावत, चलत-चलावत जहाज बीच समुन्दरमय जब पहुँचा मछली जहाजकय रोकदिहिस । जब जहाज रुक गय तो वहमय ऐलान भय कि जे जहाजकय चलायदिइ तेका पाँच सौ रुपया इनाम मिली और उहरकय किराया माफ कयदियाजायी । "तब मुर्द्धवा कहिस हम चलाइव ।" तो जुलाहा कहिस "समुन्दरमय पानी अथाह हय उहिमयँ तुँ कहतहओ हम चलायलेव ।" मुर्द्धवा कहिस "नाही देखो हम जहाज चलायदेव ।" फिन कहिस "सरकार हम चलाइव ।" जहाज चलावयक ओका आदेश भय तो ऊ कुदगय पानीमय भगवानकय नाम लइकय । मछलीकय मुहमय एक लालरहय । ओही लालकय अजोरियासय मछलीकय कुछ बिलगाय नाही । बस मुर्द्धवा गइस मछलीकय मुहमयसय लालवा निकालिस और मछली एकओर गय तो ऊ जहाजपर आइस । उसकय एक लालमिलगय और जहाजकय तरफसय पाँचसय रुपया मिलगय और उहरकय किराया माफ होइगय । चलत-चलावत, चलत-चलावत जब दोनो मिला अरबकय देशमय पहुचय । लालवासय उनकय चेहरा चमचम चमकय लाग । तो वहाकय मनइ कहयँ कि दुई मुसाफिर आयहयँ परदेससय पतानाही उनकय चेहरा कइसय चमकत हय । "तो यी खबर बादशाह किहा पहुचाइन और बादशाहसय कहिन कि "सरकार विदेशसय दुई मुसाफिर आयहयँ । उनकय चेहरा चमचम चमकतहय । पतानाही काव लायहयँ काव नाही ।" तब बादशाह उनहनकय पुलिसद्वारा पकडाइन । जब उनहनकय दरबारमय पहुचाइन तब बादशाह पुछिन कि "मुसाफिर काव लियहओ ? कहय तोहार चेहरा चमकतहय ?" वे कहिन "सरकार झूठ नाही बोलव । हम्मनकय पास एक लालहय । वही लालकय अजोरसय हमार चेहरा चमकतहय ।" बादशाह कहिन कि "लाओ हम्मय दइदेओ आखिर तुहयँ यह लाल बेचयक पडी । जेतना पैसा चाहिँ खजानासय बाँटकय लयजाओ ।" चादीकय रुपया रहय । वे कहिन "ठीक हय ।" तब मुर्द्धवा कहिस जुलाहासय कि "ए मीता घुमाजाय । रुपायक गठरी मिलगय । अरब देश घुमघामकय ओकरयबाद घरय चलाजाव ।" वे अरब देशकय राजधानी सहर घुमय निकलय । ऊ लाल बादशाह अपन रानीकय दिहिन । रानीकय लडकी रही । ऊ देखिस लाल चमकय तो अपन मातारीसय कहिस कि माताजी हम सखी सहेलियाकय सँगरी जाइतहन कुछ चन्द टहरय और लाल हम्मय दइदेओ पहिनली । "माताजी कहिन ठीकहय पहिनलो ।" तो लडकी लाल पहिनकय सखी सहेलीकय साथ घुमय निकली तब सखी कहिन कि "यी लालकय जोडा होवत तो गलेमय बहुत सुहावत ।" राजाकय लरकी घुमकय आइस तो अपन मातासय कहिस कि "माताजी सखी सहेली ताना मारयहय कि यह लालकय जोडा लगाओ । हम लालकय जोडा लगाइव तब्बय हम भोजन करव ।" रानी राजासय कहिन कि "लरकी कहतहय कि उसकय सहेलिया कहतहयँ कि लालकय जोडा लगाओ ।" तो दोनो मुसाफिर वही

सहरमय टहरतरहयँ । बादशाह फिन पुलिसद्वारा उन्हनकय पकडाइन । जब वे दरबारमय हाजिरभय तब बादशाह कहिन कि “लालकय जोडा लइआओ तब्बय तोहनकय छुट्टी मिली ।” तब जुलाहा कहतहय “कहो दोस तबकि लाल मछलीकय मुहयम पायो अबकि कहाँ पाइबो ?” तब मुर्द्धवा कहिस “सरकार हम लालकय दुसरा जोडा लानदेवय ।” गयँ दोनो मिली समुन्दरकय किनारय पहुचिन । वे दोनो विशाल समुन्दरकय किनारय सुतय । मुर्द्धवा जुलाहासय कहिस कि रातमय एक लाल जरुर आइ । और लालवा उठायलाइव । “रातमय जब समुन्दरमय लहरभय यतना लाल, लालय लालभय । मुर्द्धवा सारा लाल फेकाइदिय और दुइय लाल लइलिहिस । लाल लइकय दोनो मिला आयँ दरबारमय और एक ठु लाल बादशाहकय दिहिन । दुसर अपने रख्खिवन बादशाह लालकय जोडा रानीकय दिहिन । रानी अपने लरकीकय दिहिन । लरकी दोनो लाल पहिनकय गइ सखी सहेलीकय सँगरी बगैचामय टहरय । सखीलोगन हाँस किहिन कि “हँ लालकय जोडा लाइ ।” यी दोनो मिली जुलाहा और मुर्द्धवा सोचिन कि ए दोस घुमघाम होइगय और सरकारसय हुकुम मागलेइ कि जौन रुपया लइजाय पाइ तो लइलिई । “चाँदीकय रुपया केतना आइ ?” गठरी दोनो मिला बाँधिन । गठरीमय रुपया धइकय गठरी बाँधिन तब आय जहाजपर बैठय पानीवाले जहाजपर । चलत-चलावत, चलत-चलावत बम्बइ पहुचय । बम्बइसय जव वे अपन घर गावकय नदीकय किनारपर आइगयँ तो मुर्द्धवा कहतहय कि “ए दोस दोनो गठरिया एक्कयम करो ।” जुलाहा कहिस “काहय ?” मुर्द्धवा कहिस लालवा तुँ लइलेओ, गठरीकय रुपया भी तुँ लइलेओ । हम्मय गठरी देओ । तब जुलाहा कहिस “तोहार नातय कमाय भयहय ।” मुर्द्धवा कहिस “नाही दोनो गठरिया एक्कयम बाँधो ।” जुलाहा कहिस “काव बातहय ?” ऊ कहिस कि देखो हमार कफन आयचुकाहय हम भगवानसय विनती करयरहेन कि तुँ पाँचसय रुपया कर्जा काटकय हम्मय दिएरहयो हमार शान्ति दान । तो भगवानकय विन्ती मन्जुर होइगय तोहार रुपया कमायकय पूरा कइदियहन । “दोनो गठरिया कइसय जाइ ? जौन कफन आयरहय ऊ गठरिया मुर्द्धवाक पहिनाय दिहिन दुसरा तौन जुलाहाक रहय जुलाहा उसमय रुपया रखलिहिस और गठरी बाँधिस । मुर्द्धवा जइसय पहिले रहय उइसय गायव होइगय । जुलाहा अपन गठरी मुर्द्धवाक सायाँ लगय उठायलिहिस और चलदिहिस ।

जब जुलाहा अपन घरय पहुचिस तब औरतकय सामनय गठरिया पटक दिहिस और कहिस ले यी रुपया पैसा और लाल तुँ कहतरही हम बहुत गरिब हन बहुत गरिब छन् । “ओकर मेहसरुवा कहिस कि तोहार वापकय धन होवय काहय यतना शब्द कहयो ?” जुलाहा कहिस “अरे हम उइसय कयदियना ।” तो मेहरारु कहिस “केकर रुपयासय कमाइ भयहय । उही सेठवा न दियहोवत तो यह रुपया कमाय होतय ? सेठकय रुपयासय तो यतना कमाइ भय । अब यी सारा रुपया उठायकय

लइचलो सेठकिहा । सेठकय रुपयासाथ कमाइ भय ।" जुलाहा रुपयाक गठरी उठाय खोजिस तो मेहरुवा कहिस "कइसय लायो रुपया ?" जुलाहा कहिस "उहय मुर्द्धवा कमाइस" और जुलाहा सारा खिस्सा अपन औरतियाक सुनाइस । तब जुलाहा रुपयाक गठरी उठायकय सेठकय घरय गय तो सेठ कहिन "काव बातहय ?" जुलाहा कहिस "सेठजी आपकय रुपयासय यतना कमाइ भयहय यी सब रुपया लइलेओ ।" सेठवा कहिस कि भगवान हम्मय कौनो कमी नाही दियहयँ । हम्मय यतना कुल रुपया पैसा नाही चाहिँ । हम्मय एक हजार रुपया गिनकय दइदेओ और बाकी अपने लइलेओ । "तो जुलाहा एक हजार रुपया गिनकय सेठवाक दइदिहिन बाँकी रुपया उठायकय घरय लइआय । वे रुपयासय जुलाहा खेत खरिदिन, घर बनायलिहिन । वे धनी होइगय और मजदुरी करयक नाही जायक परय । दोनो औरत मर्द आरामसय रहयलागयँ । खिस्सा खतम ।

**नेपाली रुपान्तर**

एउटा जुलाहा थियो, ऊ धेरै गरिब थियो । उसको विवाह पनि भएको थियो भर्खर भर्खर अनि स्वास्नी पनि घर आएकी थिई । जुलाहाकी स्वास्नी घर आएको दुई चारदिन पछि उसले आफ्नो लोग्नेलाई सोधी, "तपाईले के पेशा गर्नु भएको छ ?" जुलाहाले भन्यो कि, "मैले मजुरी गरेर पेट पालेको छु ।" त्यसपछि उसकी स्वास्नीले उसलाई भनी कि "मजुरी नगर्नुस, तपाईले कपासको पोको ल्याउनुस्, मलाई धागो काट्न आउँछ अनि त्यही बेच्नु होला । अनि त्यही बेचेको नाफाबाट खाऔंला पिऔंला । अनि रुपिया विस्तारै-विस्तारै जम्मा हुँदै जान्छ अनि मालिकको पैसा तिरौंला ।" अनि जुलाहाले भन्यो कि "कपासको डल्लो किन्नलाई पनि पैसा छैन, के गर्ने ?" स्वास्नीले भनी, "तपाईले हुन्छ भने पैसा मैले खोजूँला ।" जुलाहाले भन्यो कि, "ठीकै छ लिएर आऊ पैसा ।" अनि उसकी स्वास्नी गाउँमा गई । गाउँमा एउटा धनी मान्छे थिए । त्यही धनी सेठ कहाँ गएर भनी, "सेठ जी ! मलाई पाँच सय रुपिया ऋण दिनुस् न ।" सेठको मनमा पाप उब्ज्यो, भर्खर विवाह गरेर ल्याएकी जुलाहाकी स्वास्नी पनि सुन्दर थिई । सेठले जुलाहाकी स्वास्नीलई अक्करमा पार्ने नियतले भन्यो, "पाँचसय मात्र होइन एक हजार दिन्छु तिमीलाई तर तिमी मसित रातभरि सुत्नुपर्छ ।" अनि ऊ पैसा नलिइकन घर गई र आफ्नो लोग्नेसँग सेठले भनेको सबै कुरा सुनाए पछि भनी, "त्यसैले म पैसा नलिइकन आएँ ।" जुलाहाले भन्यो, "हाम्रो एउटा रोटीको बाटो पनि सेठले बिर्गान खोजे । मैले मजुरी गरेरै भएपनि तिमीलाई पाल्छु तर ऊसँग सुत्न दिँदैन ।" तब स्वास्नीले भन्छे, "तपाईले मजुरी नगर्नुस्, म अर्को सेठसँग पैसा माग्न जान्छु ।" अनि त्यो आइमाई अर्को एउटा धनी सेठकहाँ ऋणमा पैसा काढ्न गई । जुलाहाकी स्वास्नीलाई देख्ने बित्तिकै अर्को सेठले सोध्यो, "बहिनी कहाँ

आइछौं ?" उसले भनी, "सेठ जी ! म तपाईलाई भेट्न आएकी हुँ । तपाईसँग काम थियो ।" अनि सेठले के काम कुरो हो बताऊ भनेर भन्यो । उसले भनी कि "सेठ जी मलाई पाँच सय रुपिया ऋण दिनुस्, मसँग जहिले होला तहिले व्याजसित दिउँला ।" अनि सेठले भने कि "पाँचसय रुपिया मात्र होइन, काम पऱ्यो भने एक हजार लैजाऊ, म माग्न आउँदिन् ।" आइमाई केही नबोलेपछि सेठले पाँचसयको नम्बरी नोट दियो । अनि त्यो रुपिया लिएर जुलाहाकी स्वास्नी घर आई । अनि आफ्नो लोग्नेलाई भनी, "हेर्नुस्, रोटी बनाइदिन्छु अनि तरकारी बनाइदिन्छु खानुस् । भोलि तपाई कपासको डल्लो जहाँ पाइन्छ त्यहीबाट किनेर ल्यानुस्, मैले धागो काट्छु, तपाईले बेच्नुहोला । त्यहींबाट नाफा खाउँला र बचेको मालिकको ऋण तिरौंला ।" जुलाहा सबेरै बिहान उठ्यो अनि खानासाना खाएर कपासको डल्लो किन्न घरबाट बाहिर हिंड्यो । जाँदा-जाँदै, जाँदा-जाँदै जब ऊ नदीको किनारमा पुग्यो, उसले त्यहाँ एउटा मरेको मान्छे पल्टिएको देख्यो । त्यो मुर्द्धालाई एउटा मान्छेले लौराले हान्दै थियो । जब जुलाहाले मुर्द्धालाई हानेको देख्यो तब उसले हान्ने मान्छेलाई भन्यो, "ए मूर्ख ! तँ जबसम्म यो मान्छे जिउँदै थियो, तैले केही गर्न सकिनस्, आज यो मरेको लासलाई हानेर के पाउँछस् ?" त्यसपछि मुर्द्धालाई हान्ने मान्छेले जुलाहासँग भन्यो, "तिमी साह्रै मूर्ख छौ, कुरा नबुझी प्याच्च बोल्छौं, यसले मेरो पाँचसय रुपिया ऋण खाएर आजसम्म दिएको छैन । माग्दा-माग्दा म हैरान भएँ तर यसले रुपिया दिएन । आज यो मऱ्यो । यसलाई पिटेर धुलो पार्छु ।" अनि जुलाहाले त्यो मान्छेसँग भन्यो, "हातको लौरा फाल, मैले उसको बदला तिमीलाई पाँचसय रुपिया दिन्छु, मुर्द्धालाई पिटेर के पाउछौं ? जुन यो बोल्थ्यो त्यही पनि बन्द भइसक्यो ।" फेरि जुलाहाले भन्यो, "यी समात पाँच सय रुपियाँ ।" जुलाहाले त्यो मान्छेलाई पाँचसय रुपिया दियो त्यही नदीको किनारमा अनि आफ्नो घरतिर आयो । जब जुलाहा घर पुग्यो तब उसकी स्वास्नीले उसलाई सोधी, "के भयो ? कपास ल्यायौं ?" जुलाहाले भन्यो, "अरे म कपास किन्नको लागि जाँदै थिएँ, नदीको किनारमा पुगेको त एउटा मान्छेले मरेको मान्छेलाई आफ्नो पाँच सय रुपिया ऋण नतिरेको झोकमा लौराले पिट्दै थियो; मैले मुर्द्धाको लागि त्यो मान्छेलाई पाँच सय रुपिया दिएँ ।" फेरि उसकी स्वास्नी ऋण काढ्न उही सेठ कहाँ गई । सेठले उसलाई देख्ने बित्तिकै सोधिहाल्यो, "के भयो ? किन आयौ ?" तब जुलाहाकी स्वास्नीले भनी, "पाँच सय रुपिया अरु ऋण दिन पऱ्यो सेठ जी ।" सेठले भन्यो, "पाँचसय मात्र होइन, आवश्यक परे एक हजार रुपिया लैजाऊ, जब तिमीसँग होला दिनू, म माग्न आउँदिन ।" सेठले पाँचसयको नम्बरी नोट निकालेर दियो । अनि जुलाहाकी स्वास्नी त्यो रुपिया लिएर घर आई । साँझ भयो, खाना पकाइन, लोग्नेलाई खुवाइन् आफूले पनि खाइन् अनि आफ्नो लोग्नेलाई भनी, "बिहान सबेरै कहीबाट कपास किनेर ल्याऊ ।"

उनको एक हजार रुपिया ऋण भइसकेको थियो । त्यो रुपिया नतिरी उनीहरुलाई सुख थिएन । जुलाहा बिहान सबेरै उठ्यो अनि आफ्नो झोलो बोकेर कपास किन्न घरबाहिर हिड्यो । जब ऊ जाँदा-जाँदै केही टाढा नदीको किनारमा पुग्यो, उसले सोच्यो नदीमा पानी पनि छ, दत्तिवन गर्नु पर्‍यो । अनि उसले दाँत माझ्न थाल्यो । त्यसैबेला उसले के देख्यो भने जहाँ मानिस मरेको थियो, त्यहीबाट त्यो मुर्दा कात्रो ओढेर निस्क्यो । अनि त्यो मुर्दाले हात जोडेर भगवानसँग बिन्ति गर्न लाग्यो, "हे भगवान ! मान्छेले मलाई मरेपछि पनि पिट्यो, विचारा जुलाहाले ऋण काढेर ल्याएको रुपिया मेरो निम्ति मलाई पिट्ने मानिसलाई दिएका छन्; त्यसैले मलाई जिउँदो मानिस बनाइदिनुस् ताकि म जुलाहाको ऋण तिर्न सकूँ ।" भगवानले उसको बिन्ती सुन्नुभयो । अनि भगवानले भन्नुभयो, "ठीकै छ त्यसो भए उसको ऋण तिरेर आऊ ।" त्यसैबेला कात्रो ओढेको मुर्दाले जुलाहालाई के हेर्न भ्याएको थियो, जुलाहा डरले थुरथुर काम्दै चिच्यायो, "ओहो सैतान ! प्रेत ।" तब त्यो मुर्दाले जुलाहालाई भन्यो, "तिमी भलै सैतान होइनौ, अप्ठ्यारोमा परेका सज्जन व्यक्ति हौ । यो मेरो कात्रोको गाँठो फुकाइदेउ ।" जुलाहाले मुर्दालाई बाँधेको कात्रोको गाँठो फुकाइदियो । अनि मुर्दाले भन्यो, "अर्को कुनै कपडा लगाउन देऊ न ।" भगवानले मुर्दालाई लगाउनको लागि एउटा हाप पयन्ट र बन्डी दिए । अनि मुर्दाले हाप पयन्ट र बन्डी लगायो । जुलाहाले आफ्नै कपडा लगाएकै थियो । तब मुर्दाले जुलाहासित भन्यो, "मित्र बन्धु ! तिमी कहाँ जाँदै छौं ?" जुलाहाले जवाफ दियो, "जाँदै छु म कपास किन्न ।" अनि मुर्दाले भन्छ, "कपास किन किन्छौ ? बरु जाऔं बम्बईतिर, बम्बईमा ठूला ठूला सेठहरु छन्, कुनै सेठको घरमा राम्रो काम पाइयो भने पैसा कमाउँला अनि लिएर घर आउँला ।" जुलाहाले पनि मुर्दाको कुरामा सहमति जनायो । अनि जुलाहा र मुर्दा दुवै जना बम्बई जाने निधो गरेर त्यहाँबाट हिंडे । जब उनीहरु बम्बईमा पुगे तब मुर्दाले भन्यो, "ए मित्र बन्धु ! बम्बईमा यस्ता-यस्ता सेठहरु छन् कि पहिले त चारहजार पाँचहजार दिन्छु तलब भन्छन् तर दिने बेलामा दुई हजार हातमा थमाई दिन्छन्; उनीहरु पनि बेइमान छन् जुन कुरा मुखले गर्छन्, त्यो व्यवहारमा पटक्कै उतार्दैनन् ।" अनि फेरि मुर्दाले भन्यो, "जाऔं हामी अरब देशमा, अरबमा जुन मुखले भन्छन्, उनीहरुले व्यवहारमा पनि त्यही गर्छन्, त्यहाँ मानिसको इज्जत पनि हुन्छ ।" जुलाहा मुर्दाकै कुरामा सहमत भयो । अनि ती दुवैजा अरबतिर जान भनेर हिंड्छन् । जब उनीहरु अरब जान भनेर पानी जहाजमा बसे जहाज हिड्दा-हिड्दा, चलाउँदा-चलाउँदै जब जहाज बीच समुन्द्रमा पुग्यो त्यसैबेला माछाले जहाजलाई रोकिदियो । जब जहाज समुद्रमा रोकियो तब जहाजको कप्तानबाट घोषणा भयो कि जसले जहाज अगाडि बढाउन सक्छ, त्यसलाई पाँचसय रुपिया इनाम पनि मिल्छ अनि आउँदाको भारा पनि छुट

हुन्छ । अनि मुर्द्धाले भन्यो "जहाजलाई मैले अगाडि बढाउँछु ।" जुलाहाले भन्यो मुर्द्धासँग कि समुन्द्रमा पानी धेरै छ, त्यसैमा पनि तिमीले जहाज अगाडि बढाउँछु भन्छौ ? यस्तो नचाहिदो कुरा नगर ।" मुर्द्धाले भन्यो, "होइन म जहाजलाई चलाइदिन्छु ।" फेरि जहाजको कप्तानसँग भन्यो, "सरकार जहाजलाई मैले अगाडि बढाइदिन्छु ।" जहाजअगाडि बढाउन मुर्द्धालाई आदेश भएपछि ऊ भगवानको नाम जप्दै समुन्द्रको पानीम फुङ्गाल्यो । माछाको मुखमा एउटा रातो वस्तु थियो लाल । त्यही लालको उज्यालोको कारणले गर्दा माछाले उसलाई देख्न सकेन । अनि मुर्द्धा गएर माछाको मुखबाट त्यो लाल निकाल्यो । माछाको मुखबाट लाल निकालेपछि माछा एकातिर गयो अनि मुर्द्धा जहाजमा चढ्यो । उसलाई एउटा लाल प्राप्त भयो अनि जहाजको तर्फबाट पाँचसय रुपिया प्राप्त भयो अनि एकापट्टिको भारा पनि छुट भयो ।

जहाजबाट उनीहरु अरब देशमा पुगे । माछाको लाल भएको कारणले उनीहरुको अनुहार चमचम चम्किन्थ्यो । अरब देशका मानिसहरुले उनीहरुको चम्किदो अनुहार देखेपछि एक आपसमा कुरा गर्न थाले "यी परदेशबाट आएका मानिसहरुको अनुहार कसरी चम्किएको होला ?" अनि यो खबर तिनीहरुले बादशाहकहाँ पुऱ्याउने विचार गरेर दरबारमा गई बादशाहलाई भने कि "सरकार ! विदेशबाट दुईजना यात्री आएका छन्, उनीहरुको अनुहार चमचम चम्किएको देखिन्छ, कुन्नि के ल्याएका छन् के छैनन् ।" तब बादशाहले पुलिसद्वारा मुर्द्धा र जुलाहा दुवै जनालई समात्न लगाए । जब पुलिसले तिनीहरुलाई समातेर दरबारमा पुऱ्याए तब बादशाहले तिनीहरुलाई सोधे कि "ए यात्रीहरु तिमीहरुले के ल्याएका छौ ? किन तिमीहरुको अनुहार चम्किलो देखिन्छ ?" त्यसपछि तिनीहरुले भने, "सरकार हामी झूठो बोल्दैनौ, हामीसँग एउटा लाल छ, त्यही लालको प्रकासले गर्दा हाम्रो अनुहार चम्केको हो ।" बादशाहले भने, "देऊ मलाई त्यो लाल, आखिर त्यो लाल तिमीहरुले बेच्नै पर्छ । जति रुपियाँ चाहिन्छ खजानाबाट बाँडेर लैजाओ ।" खजानामा चाँदीका रुपिया थिए । उनीहरुले भने "ठीकै छ ।" तब मुर्द्धाले भन्यो जुलाहासँग कि "ए मीत अब घुमौं, रुपियाको पोको मिलीहाल्यो, अरब देश घुमौं त्यसपछि घर जाउँला ।" उनीहरु अरब देशको राजधानीको भ्रमण गर्न निस्के ।

मुर्द्धाले दिएको लाल बादशाहले रानीलाई दिए । रानीकी छोरी थिई । रानीकी छोरीले आमाको हातमा रहेको चमकिदो त्यो लाल देखेपछि आफ्नी आमासँग भनी कि "हे आमा ! म साथी सखेलीसँ केही बेर घुम्न जाँदै छु, त्यो लाल मलाई दिनुस मैले लगाउँछु ।" आमाले पनि ठीकै छ भनी त्यो लाल छोरीलाई दिइन् । अनि राजकुमारीले त्यो लाल लगाएर साथी सखेलीहरुसँग घुम्न निस्किन् ।

राजकुमारीले लगाएको एउटा मात्र लाल देखेपछि उनका साथीहरुले भने “यो लालको जोडा भए गलामा कति राम्रो सुहाउँथ्यो ।” राजकुमारी साथीसँग घुमेर आइन् अनि आमासँग भनिन् कि “हे आमा ! साथी-सखेलीहरुले मैले एउटा मात्र लाल लगाएकीले खिजाएका छन्, यसको जोडा भए राम्रो हुन्थ्यो, सुहाउथ्यो, जोडा लगाऊ भनेका छन्, मलाई यसको जोडा चाहिन्छ, जहिले म लालको जोडा लगाउन पाउँछु तहिले मात्र भोजन गर्छु, नत्र गर्दिन ।” रानीले राजासँग भनिन् कि “छोरीका साथीहरुले उसलाई लालको जोडा लगाउन भनेका छन् ।” ती दुवै मुर्द्धा र जुलाहा त्यही सहरमा घुम्दै थिए । बादशाहले फेरि पुलिसद्वारा तिनीहरुलाई समात्न लगाए । जब पुलिसले तिनीहरुलाई समातेर दरबारमा बुझाए, बादशाहले तिनीहरुलाई भने, “लालको जोडा लिएर आऊ तबमात्र तिमीहरुलाई छुट्टि मिल्छ ।” तब जुलाहाले मुर्द्धासँग भन्छ, “भित्र बन्धु । त्यसबेला त लाल माछाको मुखमा भेट्टायौ, अब त्यसको जोडा अर्को लाल कहाँबाट लिएर आउँछौ ?” मुर्द्धाले जुलाहाको कुरामा खासै चाख नदेखाई बादशाहसँग भन्यो, “सरकार ! मैले लालको अर्को जोडा ल्याइदिन्छु ।” अनि दुवै मुर्द्धा र जुलाहा समुन्द्रको किनारमा गए । उनीहरु त्यही विशाल समुन्द्रको किनारमा राति सुते । मुर्द्धाले जुलाहासँग भनेको थियो कि “रातमा एउटा लाल निश्चित रुपमा आउँछ अनि त्यो लाल उठाएर ल्याउँछु ।” रातमा जब समुन्द्रमा तरङ्ग उठ्न थाल्यो, त्यसबेला त्यहाँ थुप्रै लालैलाल देखिए । मुर्द्धाले साराका सारा लाल छोडेर दुईटा मात्र लाल उठायो । लाल लिएर दुवैजना दरबारमा आए । अनि एउटा लाल बादशाहलाई दिए अर्को आफैले राखे । बादशाहले त्यो लालको जोडा रानीलाई दिए, रानीले आफ्नी छोरीलाई दिइन । राजकुमारीले दुवै लाल घाँटीमा लगाएर साथी सहेलीको साथमा घुमन बगंचातिर लागिन् । उनका साथी-सखेलीहरुले हाँसो गर्दै भने, “हँ लालको जोडा लगाएर आइ ?” यी दुवै जना जुलाहा र मुर्द्धाले सोचे कि “घुमघाम गर्ने काम सिद्धियो, अब सरकारसँग आदेश मागेर जुन रुपिया लान पाइन्छ, त्यही रीपया लिएर घर जाने, चाँदीको रुपिया कति पो लैजान सकिन्छ र ।” दुवै जनाले अलग-अलग रुपियाको पोको पारे । अनि एउटा रुमालमा पैसाको पोको राखेर कुम्लो पारे । अनि रुपियाको पोको लिएर आए पानी जहाजमा । जहाज केही बेरमै हिड्नेवाला थियो ।

जहाज समुन्द्रमा तैरिदा-तैरिदै बम्बइ बन्दरगाहमा पुगेर रोकियो । बम्बईबाट तिनीहरु आफ्नो घर तिर हिड्दा आउँदा जब गाउँको किनारमा जहाँ नदी थियो, त्यहाँ आइपुगे अनि मुर्द्धाले जुलाहालाई भन्छ कि “ए मित्र बन्धु ! दुईटा यी पोकाहरुलाई एउटै पोको बनाऊ ।” जुलाहाले कुरा नबुझेर मुर्द्धासँग सोध्यो, “किन ?” मुर्द्धाले भन्यो कि “यो लाल तिमीले लैजाऊ, पोकाको रुपिया पनि तिमीले नै लैजाऊ । मलाई खाली पोको मात्र देऊ ।” अनि जुलाहाले भन्यो, “तिमीले गर्दा कमाइ

भएको हो ।" मुर्द्धाले भन्यो, "होइन, दुवै पोकालाई एउटैमा राखेर बाँध ।" जुलाहा अचम्म परे भन्यो, "किन ? के कुरा हो ? मैले बुझिन ।" मुर्द्धाले भन्यो, "हेर्नुस् मेरो कात्रो आइसकेको छ, मैले भगवानसँग विन्ती गरेको थिए कि तिमीले ऋण काढेर ल्याएको पाँचसय मेरो निम्ति मलाई पिट्ने मान्छेलाई जुन दिएका थियौं, त्यो रुपिया चुक्ता गर्नको लागि भगवानसँग समय मागेको थिए । आज त्यो काम पुरा गराइदिए भगवानले ।" जुलाहाले सोच्यो कि "दुवै रुपियाको पोको कसरी लैजान सकिएला ।" जुलाहाले हिम्मत गर्‍यो अनि जुन कात्रोको पोको थियो त्यो पोकोको गाँठो खोलेर त्यो कात्रा मुद्धालाई ओढाइदियो, अर्को पोको पारेको कपडा जुलाहाकै थियो, त्यो पोकाको गाँठो फुकाएर त्यसमा मुर्द्धाको भागको रुपिया राखेर पोको पार्‍यो । मुर्द्धा जसरी पहिले अदृश्य भएको थियो, त्यसैगरी अहिले अदृश्य भयो । जुलाहाले आफ्नो पोको मुर्द्धाको छाया नजिकैबाट उठायो अनि घरतिर हिंड्यो ।

जब जुलाहा आफ्नो घर पुग्यो, तब आफ्नी स्वास्नी सामुन्ने रुपियाको गह्रौं पोका पछारिदियो र भन्यो, "यी समात रुपिया र लाल, तिमीले खुब भन्थ्यो नि हामी साह्रै गरिब छौं भनेर ।" उसकी स्वास्नीले भनी, "यो के तिम्रा बाबुको धन हो र मलाई यति साह्रो हेपेर बोल्छौं ?" जुलाहाले भन्यो, "ए यो त रिसाएकी पो रहिछ यो त मैले त्यसै ख्यालठट्टामा पो भनेको ?" उसकी दुलहीले भनी, "कस्को रुपियाले यो कमाइ भएको हो ? उनै सेठले रुपिया नदिएका भए के यिनी रुपिया कमाउन सक्थ्यौ ? सेठको रुपियाले त हो नि यति कमाइ भएको । अब यी सारा रुपिया उठाएर सेठ कहाँ लैजाऊ । सेठको रुपियाले कमाइ भएको हो ।" जुलाहाले रुपियाको पोको उठाउन खोज्दा उसकी स्वास्नीले भनी "कसरी ल्यायौं रुपिया ?" जुलाहाले भन्यो "मुर्द्धाले कमाएको हो ।" अनि जुलाहाले सार कहानी आफ्नी स्वास्नीलाई बताये । अनि जुलाहाले रुपियाको पोको उठाएर सेठको घर गयो । सेठले जुलाहालाई देखेपछि सोध्यो, "के काम कुरा पर्‍यो ?" जुलाहाले भन्यो, "सेठ जी तपाईकै रुपियाले यतिका कमाइ भएको हो यी सबै रुपिया लिनुस् ।" सेठले भन्यो कि "भगवान्‌ले मलाई कुनै चीजको अभाव रहन दिएका छैनन् । मलाई यतिका सबै रुपिया-पैसा चाहिँदैन । मलाई एक हजार रुपिया गनेर देऊ, बाँकी अरु सबै तिमी आफै लैजाऊ ।" अनि जुलाहाले एक हजार रुपिया गनेर सेठलाई दियो र बाँकी रुपिया लिएर ऊ आफ्नो घर आयो । तिनै रुपियाले जुलाहाले खेत किन्यो, घर बनायो । ऊ तिनै रुपियाले धनी भयो, अब उसलाई मजदुरी गर्न जान परेन । दुवै लोग्ने-स्वास्नी आरामले बस्न थाले । कथा समाप्त ।

## ६. पत्तालपुरी राजाकय लडकी

राजा विक्रमादित्यकय जब राज खतम होइगय तब राजा भोज गद्दीपर चलबैठय । सिंहासन बत्तीसी भोजराजासय कहिस् कि राजा विक्रमादित्यकय जइसय शक्ति तोहरयमय नाही हय । तो भोज राजा पुछिन् कि कौन शक्ति उनमय रहा और हम्मनमय नाही हय ? तब सिंहासन बत्तीसी कहिस् कि सुनो एक समयकय बात हय राजा विक्रमादित्य जंगलमय सिकार खेलय गयँ । राजा विक्रमादित्यकय एक नियम रहा जबतक सिकार नाही करय तबतब घरमय (महलमय) वापस आवय नाही एक दिन लागय चाहे दुई दिन जंगलमय रह्य । तब राजा विक्रमादित्य जंगलमय गयँ सिकार खोजय लागयँ । भगवानकय मायासय कहु सिकार जंगलमय मिलय नाही । तब राजा अपन वजिरसय कहिन कि जंगलमय कहुँ अइसन रहयक जगह खोजो ता कि रहमय गुजारलियजाय । तब वजिर जंगलमय का देखतहयँ कि चारोओरसय जंगलहय ओर वह्य एक पोखरा हय एक । तब राजा विक्रमादित्य कहिन कि बजिर ! इससय बढिया जगह कहुँ नाही मिली और आज यही रात गुजारलिया जाय । घोडा बाँध दिहिन दुनो जनय और खानवा वे कुल लियलयरह्यँ । खानाउना खाइन और विस्तारा लगायकय आराम किहिन । जब रातकय बारह बजा तब इन्द्र भगवानकहासय चारदूत आयँ अपने वहाँ कुवासय पात्तालपुरीकय राजाकय लडकी रही । पोखरामय नहाकय मन्दिरमय पूजा करतरही । और इन्द्रभगवानकय कहाव रहा कि “ए दूतलोग उहय लडकीकय पकडकय यहाँ लइआओ । बढी सत्यवान, बढी धर्मी स्त्री हई लेकिन जबतक पूजा लडकी करी तबतब बदन नछुवो ओकर धरम बिगारेक पापहय । जब लडकी पूजा करकय जायलागी तब पकडकय हमरय इन्द्रलोकमय लइआओ ।” ओ दूत बहुत दिनसय आवत रह्य लडकीकय पकडय लेकिन लिखा रहत तो काम होला बिना लिखा काम नाही होला । दूतलोग लडकीकय पकडनाही पावय तँय राजा विक्रमादित्य चारोदूतकय देखिन् तास खेलत तव वयँ बजिरसय कहिन कि “कहो तो हमहु तास खेली ।” तब बजिर कहिस् “ठीक हय सरकार आपकय इच्छाहय तो तास खेलाजाय ।” तब राजा विक्रमादित्य इन्द्रभगवानकय चारो दूतकय बीचमय तास खेलय बैठय । तासकय पत्ती बटिगय । तास पाँच जगहय बाटयलाग तो एक दूत कहिस कि “पाचवे काहे बाँटतहवो गिनो तो ।” तब एब दूत गनिस तो पाँचो मिली । तब चारो दूतो एकओर होइकय कहय लागयँ “तुँ कौन हवो ?” राजा विक्रमादित्य धर्मी राजा रह्यँ । उन् कहिन “तुम कौन हवो ?” वे कहिन “तुँ कौन ?” तो राजा विक्रमादित्य कहिन् “हम राजा विक्रमादित्य होईं ।” तवलुग चारोओरसय गुडत भागा तब एक दूत कहिस कि महाराज आपकय नाम तो जइसय कि लोकमय

चलतहय कि संसारमय अइसय विक्रमादित्य राजा बहुत धर्मी, बहुत प्रेमी और बहुत सत्यवान निकला तो आप हवो ? तो राजा कहिन कि हँ । तव वे कहिन कि महाराज हम आपसय बिन्ती करित हन कि हम्मय वरदान देवो कि अइसय धर्मी पुरुषकय दर्शन मिलय । तीन त्रिवाचा कइकय राजा विक्रमादित्य वरदान दिहिन और कहिन “ठीकहय कहुँ हमरय काम लागय तो बोलाइवय ।” फिन राजा उन्हनकय पुछिन कि “तोहरय कहाँ आयो ?” वे दूत लोग कहिन कि “हमरय आयहन कि पत्तालपुरी राजाकय एक लडकी हई । एका बहुत दिनसय पकडय आइतहन लेकिन पकड नाही पायन ।” और इन्द्रभगवानकय कहाव हय कि जब लडकी नहायकय पूजा करय लागी तबतक बदन नाही छुवय, केहुक धरम विगारव नाही जब पूजा कइकय जाय लागि तब पकडकय लायो ।” तब राजा विक्रमादित्य कहिन कि “हे दूतलोग आज तुँ लोग लडकीकय नाही पकड पाइवो तो लडकीकय हम पकडव और लडकीकय नाही पकड पाइव तो  हम पत्तालपुरी लड्कीकय साथ जावय ।” तब राजा विक्रमादित्य गयँ वजिरसय कहयलागयँ कि “हे वजिर जावो जौन सहरकय हम राजा होइ हमरय रइतिनकय और हमरय कौनो आदमीकय दुःखनहोय तुँ बढियासय राज चलायो । आज हम पत्तालपुरी राजाकय लडकीकय पकडय जाव । उनहय पकड पायन तो पकड पायन नाही पकड पाइव तो लडकीकय साथ पत्तालपुरी जावय ।” लडकी जब नहायधोयकय पूजा करय बैठी तब इन्द्रभगवानकय चारो दूतो झपटय और राजा विक्रमादित्यवो झपटय । लेकिन लडकीकय नाही पकड पायँ । लडकी चलीगई पात्तालपुरी । वहिक पिछे राजा विक्रमादित्य कुद पडय । जायक राजा पत्तालपुरी पहुँचिन । केतनो राजा जेल काटतरहयँ पत्तालपुरीमय काव नियमरहा रहय कि जे लडकीकय तीन मर्तवा रातमय बोलाइ तेकरलगय सादीहय आधा राजहय । जबतक लडकीकय तीन मर्तवा नाही बोलाय पाई जबतक लडकीकय स्वयंवर नाही होई तब तो बहुतसय राजा बोलाय आयँ लडकीकय लेकिन नाही बोलायपायँ । राजा विक्रमादित्य डंका उठायकय बजाइन् और कहिन कि “लडकीकय आज रात हम तीन मर्तवा बोलाइबय ।”

विस्तरा लगगय । एक किनारय लडकी और दुसर किनारय राजा विक्रमादित्य सुतय । राजा विक्रमादित्य जब लडकी लगय सोयँ तो लडकीसय कहिन “हे रानी ! चार प्रहरकय रात होतहया कौनो अइसन खिस्सा कहानी कहो ता कि विश्राम होइजाय ।” रनिया बोलवय नाही करती तो चारो दूतवनकय गोहराइन राजा विक्रमादित्य । जब दूतो आयँ तव राजा कहिन “हे दूत ।” दूतो कहिन “काव ?” तब राजा कहिन कि “एक जनय रानीकय कजरौटापर बैठो और एक जनय रानीकय पनडब्बापर बैठो और एक जनय रानीकय हारपर बैठो । जब हम कहवय तुँहय कि कहानी कहो तो तोहरे का कहवो ?’ हम खराब बात कौनो कहव तो बोलदिया करो ।

तब राजा विक्रमादित्य कहिन 'हे रानीकय पनडब्बा खिस्सा कहो ?" तब रानीकय पनडब्बा कहिस "राजा साहब हम खिस्साउस्सा नाही जानितहन । हुँकारभर करितहन तुँ कहो खिस्सा ।" तब राजा विक्रमादित्य खिस्सा कहयलागयँ । 'हे रानीकय पनडब्बा चार चोर रह्यँ तो चोरलोग सराव खायलयँ मासु खायलयँ और जँडियालयँ । तो वे चारो चोर लोग दारु और मासु खाय लागयँ । खायकबाद हिसाब जोरय तो धेर रुपिया होइगय । तब चोरलोग कहिन् कि चलो फलनवा गावमयँ चोरी कयढारी । तव वे चोर चोरी करयँ गयँ तो कौनो दाउ  नाही मिलय दिनकय दुई तीन बजगय । तो वे कहिन 'काव होई ?" तब कहिन "चलो एक ठु मुसावानकय घरय । ओकर परिवार नाही हयँ मरिगयहयँ ।  ऊ अकेलय खेतीबारी करतहय ।" तव वे ओकर घरय गयँ तो वे उससय पैसा मागयँ तो ऊ कहिस कि पैसा तो हय लेकिन हम यहाँ नाही रख्खितहन । जेकर घर बनयहय वहीं रख्खितहन ।" बस वे औरतकय खटिया उठायँ । खटिया उठायकय नदीकय किनारय लइगयँ तो एक मिला कहतहय मुड काटलेओ तो एक मिला कहतहए गोड काटलेवो और दुसरा कहतहय हात काटलेओ तो एक मिला कहतहय हमार बिहा नाही भयहय, हम्मय एक ठू मेहरारु मिलत तो हमरय एक ठू रोटीकय ठिकाना होइजात ।" तो राजा कहिन 'हे रानीकय पनडब्बा यह मेहरारु के का पावेक चाहि ?" तव रानीकय पनडब्बा कहिस 'जौन मुडवा काटेक कहतहय ओका पावेक चाहि ।" तब रानी (पत्तालपुरी राजाकय लडकी) बोलिन कि "तोरे भतरकाटी जौन मुडवा काटेक कहतहय ओ कइसय पाई ? जौन कहतहय 'एक ठू रोटीकय ठिकाना होइजात' वही पायी । अगलेवगले पहरेदार खडा रह्यँ । डंका बजा पूरे सहरमय कि 'रानी एक बार बोल चुकिन ।' तब राजा विक्रमादित्य कहिन रानीसय कि "ए रानी ! चार प्रहरकय रात होत हय, एक प्रहर बित चुका अभिन तीन प्रहर बाँकी हय कौनो खिस्सा कहो तो हम हु एक ठू कही ।" रानी कुछ नाही बोलिन तो राजा विक्रमादित्य कहिन कि "हे रानीकय कजरौटा अब कि तुँ कहो ।" वहींपरसय दूतवा बोलतहय "का कही राजा साहेब जबसय रानीकय पाला पडेन तबसय हाँसेकय, बोलेकय बन्द होइगयहय ।" तब राजा कहिन कि 'कब्बो नाही बोलत रहयँ रानीकय पनडब्बा कजरौटा आज बोलतहय, भगवान आयँहयँ काव ।" तब फिन कहिन राजा कि "ए रानीकय कजरौटा ! एक ठू खिस्सा कहो ।" रानीकय कज रौटा कहिस "राजा साहेब खिस्सा हम नाही जानित हन । हम हुँकाख ।" राजा कहिन्, "हे रानीकय कजरौटा ! एक गाँवमय चार मनइ रहयँ । एक दर्जी रहय, एक बढइ, एक सुनार और एक क्षेत्री रहयँ । वे चारो लोफरलफंगाकय केवल घुमत रहयँ । गाँवकय मनइ कहत रहयँ कि ये लोफर हँय दिनभर घुमतहयँ तब बे चारो एक आपसमय सल्लाह किहिन और कहिन कि, दोस्त हमार नाउ लोफरमय गिनतहयँ और हम्मनकय धनमाल सबय हय और अब लेओ अपन-अपन हथियार और

पैसा आओ चली सफर करय।" तब कुल जनय अपन-अपन सामान लिहिन और चलयलागयँ। एक जंगल रहय भगवानकय माया परय जंगलमय गयँ जब वहाँ पहुँचय तव वे एक आपसमय पुछिन कि केकरमय काव गुणहय केकरमय कौन गुण हय ?" तब बढइ कहिस कि "हम्मय लकडीकय कौनो चीज बनाय कहो तो बनायदेव ।" तव वे कहिन बढइसय कि "लकडीकय एक ठू बढिया औरत बनाओ ।" तो बढइ लकडीकय एक ठू बढिया औरत तयार किहिस। तव वे दर्जीसय कहिन कि 'तोहरयमय कौन गुण हय ?" तो र्जी कहिस् 'हम सिकय कपडा तयार कइदेव ।" तो ऊ लकडीकय औरतकय कपडा सिकय पहिनाइदिहिस्। और वे सुनारसय पुछिन, 'तोहरयमय कौन गुण हय ?" तो सुनार कहिस् "हम सुनार होइ, बढिया बढिया गहना बनायलेव ।" तो सुनार बढिया गहना बनायक पहिनाइदिहिस। क्षेत्री लडकीकय माथेम सैनुर लगायदिहिस्। येतना कुल किहिन चारो मिला लेकिन उ बोलत नाही रही लकडीकय लडकी।

येतने भय। भगवान शंकर और पार्वती सयर करय जात रहयँ। तव पार्वती माता कहिन कि "हे प्रभु मनइयामय येतना गुण हय कि निक फूल बनायदिहयँ कि जौन बोलतनाहीहय तोहरयमय गुण हय प्राण पहिनायकय ।" शंकर भगवान कहिन, "दुनियाहय केहु रोवतहय, केहु गावतहय ।" तब पार्वती कहिन कि 'हम्मय ओ औरत नसंझो जबतक यह लकडीकय औरतमय प्राण नाही पहिनावो तबतक हम जावय नाही ।" तब भगवान शंकर सत्यसय लकडीकय लडकीकय मुहमय अमृत छोडदिहिन। और लडकीमय प्राण भरिगय। सोहृ अठार बरसकय लडकी बनी। तब राजा विक्रमादित्य कहिन कि 'हे रानीकय कजरौटा यह मेहरारु के का पावेक चाहि ?" तब रानीकय कजरौटा बोलिस्, "के का पावेक चाहि ? जे बनाइन उनकय पावेक चाहि ।" तब रानिहवा बोलिन, "तोरे भतरकाटी जे बनाइस ऊ तो भगवान होइगय, जौन मनइ माथेम सैनुर लगाइस ओकर पावेक चाहिं ।" दुई मर्तवा रानी बोल चुकिन। आधासय ज्यादा रात बितगय। राजा कहिन, "रानी ! चार प्रहरकय रात होत हय, दुई प्रहर बित चुका, दुई प्रहर बाँकी हय, कौनो खिस्सा कहानी कहो, ताकि विश्राम होइजाय ।" रानी कुछनाही बोलिन। तब राजा विक्रमादित्य कहिन्, "हे रानीकय हार ! अब तुँ कहो भाइ, दुई ठू खिस्सा तो हम केहन अब एक ठू तुँ कहो ।" ते रानिहवा कुछ नाही बोलिन। रानी सोचिन "कब्बो नाही हमार हार बोलत रहय, यहर उहर के भगवान आयँ ? हार बोलतहय ।" तब राजा फिर रानीकय हारकय कहिन्, "रानीक हार अब तुँ कहो ?" तब रानीकय हार कहिस्, "नाही राजा साहेव हम खिस्सा नाही जातितहन, आप कहो हम हुँकारव ।" तो राजा खिस्सा कहय लागय, "हे रानीकय हार खिस्सा सुनो। एक ठू बनिया रहय। ओकर तीन ठू बेटवें रहयँ और एक ठू लडकी रही। लडकिया बिहाकय बालिग होइचुकी तो बनिहवा अपन बेटौवनसय कहिस" कहुँ

जायकय अच्छा जगह खोजो कहुँ अच्छा वर मिलजाय तो लडकियाकय सादी कइ देवाजायी । "और तीनो बेटौवे और बुढवा चारो जनय दुलाहा खोजेय चारोओर गयँ । जगह सादीकय तय किहिन और तिथिमिति चारोजनयकय एककय दिन परा । तो चारो जनय अलग-अलग चार जगह सादीकय तय कइकय चारो मिला घरय आयँ । तब यी भय कि सबय मिला पुछिन एक आपसमय कि सादी बैठायो ? तो सबजनय कहिन, "हँ सादीकय तिथिमिति तय होइगय ।" तब वे कहिन्, "बरात आवयदेव ।" तो वेमय पुछ भय कि बिहा करय तो चारो जनय आयँ, लडकी हय एककय घर मने चारो जनय चारो घरसय आयँ, बिहा करेकहय एककय घर तो सादी कइसय होइ ।" तो जे सादी करय आयरहयँ उनमयसय एक जनय कहय, "सुनो बिहा हम करब, बिहा कइकय हम कतार चलाजावय जब कतारसय कमायकय आव तब लडकीकय लइजाव ।" दुसर जनय कहय, "सुनो हम बम्बई जाव, बम्बईसय कमायकय जब आइब तब लडकीकय लइजाव ।" तो तिसरा जनय कहिस्, "हम नानानानीकिहाँ नेवासा पायहन हम मामाकिहा रहिकय नानानानीकय सेवा करव । जब नानानानी मरजाइहय तब हम उनकय धनसम्पत्ति पाइजाव तब लडकीकय लइजाव ।" और एक जनयकय पुछिन्, "तुँ का करवो ?" तो ऊ कहिस्, "हमार जौन जमिनहय लडकीकय सादी कइकय वही लइजाव । हम्मय जौन दुःख या सुख परय हम दुलहिनकय साथ वहीं रुकव ।" तब राजा विक्रमादित्य रानीकय हारसय पुछिन्, "ए रानीकय हार ! यी मेहरारु केकर पावेक चाहिं ?" तो रानीकय हारवा कहिस् कि, "जौन कतार जातहय ओहिक पावेक चाहिं ।" तो रानिहवा कहिन, "तोरय भतरकाकाटी जे कतार जातहय ऊ कइसय पाई अरे जे कहतहय चाहे दुःख परय चाहे सुख परय अपन मेहरारुकय साथ छोडकय कही नाही जाव कहतहय ओही मेहररुवा पाई ।" बस तीन मर्तवा रानी बोलिन । सबेरा होइगय । जतने जेलमय बन्दी भयरहयँ वे सब छुटिन । वे लोगसब राजा विक्रमादित्यकय गोडेमय भवरायपडय । वे कहिन, "कौनो देशकय धर्मी पुरुष हम्मनकय छोडायदिओ ।" वो लडकिया राजा विक्रमादित्यकय लिखा रहा । राजा विक्रमादित्यकय वही लडकीकय साथ बिहा भय । राजा विक्रमादित्य आधा राजपाठ पाइन । कुछ दिन वही पत्तालपुरी राजमय रहय । फिर वहासय सत्यतासय लडकीकय मातापिता पत्तालपुरीकय राजा रानी बिदाइ किहिन और राजा विक्रमादित्य अपन रानीकय साथ अपन जौन सहर रहा वहाँ आइकय अपन राजपाठ चलाय लागय । तो सिंहासन बत्तीसी राजा भोजसय कहतहय कि "राजा विक्रमादित्यकय जइसय धर्म तोहरेम नाही हय ।" खिस्सा खतम पैसा हजम ।

**नेपाली रुपान्तर**

राजा विक्रमादित्यको जब शासन समाप्त भयो तब राजा भोज गद्दीमा बसे । सिंहासन बत्तीसीले राजा भोजलाई भने कि 'राजा विक्रमादित्यमा जस्तो शक्ति तपाईमा छैन ।' तब राजा भोजले उसलाई सोध्छन कि "कस्तो शक्ति उनमा थियो जुन मसँग छैन ?" तब सिंहासन बत्तीसीले राजा भोजलाई भन्छन् कि "सुन्नुहोस् एक समयको कुरा हो जब राजा विक्रमादित्य सिकार खेल्न जंगलमा गएका थिए । राजा विक्रमादित्यको एउटा यस्तो नियम थियो कि जबसम्म सिकार गर्दैनथिए तब सम्म उनी घर फर्किदैनथिए, चाहे एकदिन लागोस, चाहे दुईदिन लागोस् उनी जंगलमै बस्थे । राजा विक्रमादित्य जंगलमा सिकार गर्न गए र सिकार खोज्न थाले । तर जंगलमा कही सिकार पाएनन् । तब राजाले आफ्ना मुख्य मन्त्रीलाई आदेश दिए कि जंगलमा कही बस्नलाई राम्रो ठाउँ खोजुन् । तब मन्त्रीले चारैतिर जंगलैजंगल भएको देख्छन् र त्यसको बीचमा एउटा पोखरी थियो ।

तब राजाले मन्त्री सित भने कि "यस भन्दा राम्रो ठाउँ अन्त कहीं पाइँदैन होला । आज यही नै रात बिताउनु पर्‍यो ।" दुवै जनाले घोडा बाँधे । खाना उनीहरुले ल्याएका नै थिए । उनीहरुले खाना खाए त्यसपछि विस्तारा लगाएर आराम गर्न थाले । जब रातको बाह्र बज्यो तब इन्द्रभगवान कहाँबाट चार दूत आए । त्यही नजिकै कुवामा पत्तालपुरी राजाकी छोरी थिइन् । उनले पोखरीमा नुहाएर मन्दिरमा पूजा गर्दथिन । इन्द्र भगवानको आदेश थियो ती दूतहरुलाई कि त्यो युवतीलाई समातेर इन्द्रलोक ल्याऊन । ती युवती बढी सत्यवादी र धर्मी थिइन । तर इन्द्रले दूतहरुलाई भनेका थिए कि ती युवतीले जबसम्म पूजा गर्दछिन् तब सम्म उनको शरीर नछुनु उनको धर्म विगार्नु पाप हो ।" तर जब युवतीले पूजा गरेर सिध्याछिन् अनि घरतिर जान थाल्छिन् तब उनलाई समातेर इन्द्रलोकमा ल्याउनू ।" ती दूतहरु धेरै दिन देखि ती युवतीलाई समात्न आए तर भावीले लेखेको भए त काम हुन्थ्यो नलेखेको कुरा कसरी हुनु ? दूतहरुले युवतीलाई समात्न सकेनन् ।

त्यही विक्रमादित्यले ती दूतहरुलाई तास खेलिरहेको देखे पछि आफ्नो मन्त्रीलाई भने कि, "भन्छौ भने म पनि तास खेलूँ ।" तब मन्त्रीले भने "ठीकै छ सरकार ! हजुरको इच्छा छ भने तास खेल्नुहोस् ।" तब विक्रमादित्य इन्द्रभगवानका ती चारैजना दूतको बीचमा तास खेल्न बसे । तासको पत्ती बाँडियो । तास पाँच ठाँउमा बाड्न थालेपछि एउटा दूतले भन्यो कि "किन पाँच ठाउँमा तास बाडेका छौ गन तो ।  तब एउटा दूतले गन्दा पाँच ठाउँमा बाँडेको ठहर भयो । तब चारैजना दूतहरु एकातिर भएर भन्न थाले विक्रमादित्यलाई "तिमी को हौ ?" विक्रमादित्यले भने "म राजा विक्रमदित्य हुँ ।"

तब एक दूतले भन्यो कि महाराज तपाईको नाम लोकमा चलेको छ कि संसारमा यस्ता विक्रमादित्य राजा धेरै धर्मी, प्रेमी र धेरै सत्यवान निक्लेका छन् जुन तपाई नै हुनुहुन्छ ? राजाले हो भने । तब उनीहरुले भने कि महाराज हामी तपाईबाट यस्तो अनुग्रह पाउने इच्छा गर्छौं कि हामीलाई यस्ता धर्मी पुरुषको दर्शन मिलोस् । तीन त्रिवाचा गरेर राजा विक्रमादित्यले उनीहरुलाई वरदान दिए र भने “ठीक छ कही मलाई काम पर्‍यो भने बोलाउने छु ।” फेरि राजाले उनीहरुलाई सोधे कि “तिमीहरु कहा आएका हौ ?” ती दूतहरुले भने कि “हामीहरु आएका छौं कि यहाँ पत्तालपुरी राजाकी छोरीलाई समात्न । उनलाई धेरै दिनदेखि समात्न आएका छौ तर समात्न सकेका छैनौ ।” अनि इन्द्रभगवानको आदेश छ कि जब युवती नुहाएर पूजा गर्न थाल्छिन् तबतक उनको शरीरलाई नछुने, कसैको धर्म विगार्ने होइन । जब पूजा गरेर जान थाल्छिन् तब मात्र समातेर ल्याउने । तब राजा विक्रमादित्यले भने “हे दूतहरु आज तिमीहरुले ती युवतीलाई समात्न सक्दैनौ भने ती युवतीलाई मैले समात्छु । यदि समात्न सकिन भने म पत्तालपुरी युवतीको साथमै जान्छु ।”

तब राजा विक्रमादित्य गएर मन्त्रीलाई भन्न थाले “हे मन्त्री म जुन राज्यको राजा हुँ त्यहाँ गएर मेरा रैती र मेरा कुनै मानिसलाई दुःख नदिई राम्रोसँग शासन चलाऊ । आज म पत्तालपुरी राजाकी छोरीलाई समात्न जान्छु । उनलाई समात्न सके भने सकें यदि सकिन भने ती युवतीको साथमा पत्तालपुरीमै जान्छु ।” यति भनेर राजा विक्रमादित्य ती युवतीलाई समात्ने ध्याउन्नमा लागे । ती युवती नुहाएर जब पूजा गर्न बसिन तब इन्द्रभगवानका चारै दूतले युवतीलाई समात्न खोजे र विक्रमादित्यले पनि समात्न खोजे । तर युवतीलाई कसैले पनि समात्न सकेनन् । युवती पत्तालपुरी गइन् । उनैको पछि लागेर राजा विक्रमादित्य पनि दगुरे । गएर राजा पत्तालपुरी पुगे । त्यहाँ थुप्रै राजाहरुले जेल जीवन बिताइरहेका थिए । पत्तालपुरीमा के नियम थियो भने जसले ती युवतीलाई तीनपटक रातमा बोलाउन सक्थ्यो र युवती बोल्थिन तिनीसँग उसको बिहा गरिने र आधा राज्य दिने भन्ने शर्त राखेका थिए । जबसम्म युवतीलाई तीन पटक बोलान सक्दैन जबसम्म युवतीको स्वयंवर हुँदैन ।

धेरै जसो राजा युवतीलाई बोलाउन आए तर युवतीलाई बोलाउन हाल्न सकेनन् । तर राजा विक्रमादित्यले डंका उठाएर बजाए अनि भने कि “युवतीलाई आज राति म तीन पटक बोलाउँछु ।” विस्तारा लगाइयो । एक किनारमा ती युवती र अर्को किनारमा राजा विक्रमादित्य सुते । राजा विक्रमादित्य जब युवतीको नजिकै सुते अनि उनले युवतीसित भने “हे रानी चार प्रहरको रात हुन्छ । कुनै यस्तो कथा कहानी भन ताकि रात सजिलै बिताउन सकियोस ।” ती युवती बोल्दै

बोलिनन् । अनि इन्द्रभगवानका चारैदूतलाई राजाले बोलाए । जब दूतहरु आए तब राजाले भने “हे दूत !” दूतहरुले “के भन्नु भयो ?” भनेर भने । तब राजाले भने एकजना रानीको कजरौटामा बस अनि एक जना रानीको पानडब्बामाथि बस अनि एकजना रानीको हारमा गएर बस । जब म तिमीहरुलाई कथा भन्न भन्छु त तिमीहरुले के भन्छौ ? मैले खराब कुरा कुनै भन्छु अनि तिमीहरु बोलिदिए ।

तब राजा विक्रमादित्यले भने “हे रानीको पानडब्वा ! कथा कहानी भन ।” तब रानीको पानडब्बाले भन्यो, “राजा साहेव मैले कथाकहानी जान्दिन ! मैले हँ भनिदिउँला कहानी तपाईले नै भन्नुहोस् ।” तब राजा विक्रमादित्यले कहानी भन्न सुरु गरे । “हे रानीको पानडब्बा चारैतिर चोर थिए । ती चोरहरुले रक्सी पिउँथे, मासु खान्थे अनि धतङ्गाउथे । तब ती चारैजना चोरहरु रक्सी र मासु खान थाले खाइसकेपछि हिसाव गर्दा रक्सी र मासु खाएको पैसा धेरै भयो । तब ती चोरहरुले भने कि जाऔं फलाना गाउँमा चोरी गर्न । त्यसपछि तिनीहरु चोरी गर्न गए तर चोर्नलाई मौका कुनै परेन । दिनको दुई तीन बज्दासम्म पनि चोर्न सकेनन् । तब उनीहरुले भने “के गर्ने ?” त्यसपछि चोरमध्येको एक जनाले भन्यो जाऔ मुसहनकहा चोर्न । उसको परिवार छैनन् मरिसके । ऊ एक्लै खेतीपाती गर्छ । त्यसपछि चोरहरु उसको घरमा गए र पैसा माग्न थाले । उसले के भन्यो भने पैसा त छ तर मैले यहाँ नराखेर अर्कैको घरमा राख्न दिएको छु । त्यसपछि उनीहरुले एउटी आइमाईलाई खटियासहित उठाएर लिएर गए । त्यो आइमाईलाई नदीको किनारमा पुऱ्याएपछि एक जनाले भन्छ “यसको टाउको काटिदिऔं । अर्कोले खुट्टा काटिदिऔ भनेर भन्छ भने अर्को चोरले हात काटिदिन भन्छ । अनि अर्को चोरले मेरो बिहा भएको छैन, मलाई एउटी स्वास्नी भए मेरो गासबासको व्यवस्था हुन्थ्यो भनेर भन्छ ।” अनि राजा विक्रमादित्यले भन्छन् “ए रानीको पानडब्बा यो आइमाई कसले पाउनुपर्छ ?” तब रानीको पानडब्बाले भन्छ जसले टाउको काट्ने भनेर भन्छ उसले पाउनु पर्छ । तब पत्तालपुरी राजाकी छोरी रानीले भनिन् “तँलाई साँइद्वा ! जसले टाउको काट्ने भनेर भनेको छ उसले कसरी पाउँछ ? जसले स्वास्नीभए गासबासको व्यवस्था हुन्थ्यो भनेर भन्छ उसैले पाउनु पर्छ । त्यहाँ छेउछाउमा पहरेदार सब थिए । पूरा सहरमा हल्ला फैलियो कि रानी एक पटक बोलिसकिन । तब राजा विक्रमादित्यले भने “हे रानी चार प्रहरको रात हुन्छ, एक प्रहर बित्यो, अझै तीन प्रहर बाँकी छ तिमीले कुनै कथा कहानी भने मैले पनि एउटा कहानी भन्थे ।” रानी केही पनि बोलिनन् । अनि राजा ले भने “हे रानीको कजरौटा अब तिमीले नै भन ।” त्यसपछि रानीको कजरौटामा बस्ने दूतले भन्यो “के भनूँ राजा साहेब जहिलेदेखि रानीको फन्दामा परेको छु तहिलेदेखि हाँस्न बोल्न बन्द भयो ।” तब राजाले भने “कहिले पनि रानीको पानडब्बा र कजरौटा

बोल्दैनथे आज बोलेका छन् । भगवान आएछन् कि कसो ?" फेरि राजाले भने, "हे रानीको कजरौटा एउटा कहानी भन ।" रानीको कजरौटाले भन्यो, "राजा साहेव मैले कहानी जान्दिन, मैले हँ भन्छु हजुरले नै कहानी भन्नुहोस् ।" तब राजाले कहानी भन्न थाले, "हे रानीको कजरौटा ! एउटा गाउँमा चारजना मान्छे थिए । एउटा दमाई थियो, एउटा सिकर्मी, एउटा सुनार र अर्को एक क्षेत्री थिए । ती चारैजना लफंगाएर हिड्थे । गाउँका मानिसले तिनीहरुलाई लोफर छन् कामधाम नगरी दिनभरि घुम्छन् भनेर आरोप लगाउँथे । तब ती चारजनाले एकआपसमा सल्लाह गरे र भने "साथीहरु हाम्रो नाम लोफरमा गनिएको छ, हाम्रो धनमाल सबै छ अब हामी आ-आफ्नो हतियार र पैसा लिएर घुम्न जाऔं ।" त्यसपछि त सबैजना आ-आफ्ना सामान लिएर हिंडे । एउटा जंगल थियो । उनीहरु जंगलमा पुगे अनि एकआपसमा सोध खोज गर्न थाले कि कसमा के कस्तो गुण छ त्यहाँ बताउने । तब सिकर्मीले भन्यो कि "मलाई काठको कुनै चीज बनाउन भने मैले बनाइदिन्छु ।" तब उनीहरुले सिकर्मीसँग भने कि "काठको एउटी सुन्दर स्त्री बनाऊ ।" सिकर्मीले काठको एउटी सुन्दर आइमाई मान्छे तयार गऱ्यो । त्यसपछि तिनीहरुले दमाईसँग भने कि "तिमीसँग के गुण छ ?" दमाईले भन्यो कि "मैले सिलाएरु लगाउने कपडा तयार गर्नसक्छु ।" अनि दमाईले कपडा सिलाएर त्यो आइमाईलाई लगाइदियो । अनि उनीहरुले सुनारसँग सोधे कि "तिमीमा के गुण छ ?" सुनारले जवाफ दियो कि "म सुनार हुँ । राम्रो राम्रो गहना बनाउन सक्छु ।" अनि सुनारले सुनका राम्रा राम्रा गहना बनाएर त्यो स्वास्नीमान्छेलाई लगाइदियो । क्षेत्रीले त्यो आइमाईको सिउँदोमा सिन्दुर लगाइदियो । चारैजनाले यति सबै काम पूरा गरे तर काठकी ती स्वास्नीमान्छे बोल्नसक्ने भएकी थिइनन् ।

यति काम सम्पन्न भयो । यस्तैमा भगवान शंकर र पार्वती घुम्न निस्केका थिए कैलास पर्वतबाट । अनि पार्वतीले शंकर भगवानसँग भन्छिन् कि "हे प्रभु ! मान्छेमा यस्तो गुण वा सीप छ कि उनीहरु सुन्दर फूल बनाइदिन्छन् कि जुन बोल्न सक्दैन । तपाईमा गुण छ प्राणी हालिदिने ।" शंकर भगवानले भने "यो संसारमा कोही रुन्छन् त कोही गाउँछन् ।" तब पार्वतीले भन्छिन् कि "मलाई श्रीमती नसम्झिनु जब सम्म यस काठको आइमाईमा हजुरले प्राण हालिदिनुहुन्न तबसम्म म जाँदै जान्न ।" तब शंकर भगवानले सत्यको सहाराले काठको आइमाईको मुखमा अमृत हालिदिए । अनि त्यो आइमाईमा प्राण भरियो । सोह्र अठार वर्षकी युवती बनी । तब राजा विक्रमादित्यले भने "ए रानीको कजरौटा यस युवतीलाई कसले पाउन ठीक पर्ला ?" तब रानीको कजरौटाले भन्यो "कसले पाउने ? जसले बनाये त्यसले नै पाउनु पर्छ ।" तब पत्तालपुरी राजाकी छोरी बोलिन् "साइद्वा ! जसले बनाये त्यो त भगवान नै भयो । जुन मानिसले सिउँदोमा सिन्दुर

हाल्यो त्यही मानिसले पाउनुपर्छ ।" दुईपटक ती युवती (स्त्री) बोलिसकिन् । आधाभन्दा धेरै रात बितिसक्यो राजाले भने "रानी चार प्रहरको रात हुन्छ, दुई प्रहर बित्यो अब दुई प्रहर रात मात्र बाँकी छ । कुनै कथा कहानी भन ताकि रात बिताउन सजिलो होस् ।" ती युवती केही बोलिनन् ।

तब राजा विक्रमादित्यले भने, "ए रानीको हार ! तिमीले भन अब कहानी । दुईटा त मैले भनिसके अब तिमीले एउटा भन ।" रानी केही बोलिन्; उनले सोचिन् कहिल्यै पनि मेरो हार बोल्दैनथ्यो, उताउताबाट भगवान् आएछन् कि क्या हे आज हार बोल्दैछ । "राजाले फेरि रानीको हारसँग भने "ए रानीको हार अब तिमीले भन ।" तब रानीको हारले भन्यो, "होइन राजा साहेव मैले कथा जान्दिन, तपाईले भन्नुस् मैले हँ हँ भनिदिउँला ।" तब राजाले कहानी भन्न थाले, "ए रानीको हार कथा सुन । एउटा बनिया थियो । उसका तीनजना छोरा थिए अनि एउटी छोरी थिईन् । छोरी विवाह गर्ने उमेरमा पुगेकी थिई अनि बनियाले आफ्नो छोरोसँग भन्यो कि "कही गएर राम्रो ठाउँ खोज कहीं राम्रो दुलाहा मिल्यो भने छोरीको विवाह गरिदिउँला ।" अनि तीनैजना छोराहरु र आफू पनि चारैजना वर खोज्न चारैजना चारैतिर गए । विवाह गर्ने ठाउँ पनि किटान गरे । विवाहको तिथिमिति दुवै जनाको एउटै दिन पर्‍यो । ती चारैजना बाबु र छोराहरु फरक-फरक चारै ठाउँमा गई विवाहको दिन तय गरी सबैजना घर आए । अनि ती चारैजनाले एक आपसमा सोधपुछ गरे कि विवाहको तिथिमिति तय गरियो । सबैले भने, "अँ तिथिमिति तय भयो ।" तब उनीहरुले सबैले "जन्तीलाई आउन देऔं भनेर भने । अनि फेरि चारै घरबाट जन्ती आए तर विवाह गर्नलाई एउटै मात्र वर चाहिएको थियो । जब चारै ठाउँबाट जन्ती आए अनि छोरी तर्फकाले भने कि "चारै घरबाट वर र जन्ती आएका छन् तर विहा एउटै गर्नुपर्ने छ कसरी बिहा हुन्छ ?" अनि बिहा गर्न आएकाहरुमध्येबाट एक जनाले भन्यो, "सुन्नुहोस्, बिहा मैले गर्छु । बिहा गरेर म कतार गइहाल्छु । जब कतारबाट कमाएर आउँछु अनि दुलहीलाई लैजान्छु ।" अनि अर्को बिहा गर्न आएको वरले भन्यो, "सुन्नुहोस्, म बम्बई जान्छु । बम्बईबाट कमाएर जब आउँछु अनि दुलहीलाई लैजान्छु ।" अनि तेस्रो वरले भन्यो, "मैले मावलको हजुरबुबा र हजुरआमाबाट निम्तो पाएको छु । म मामाको घरमा बसेर हजुरबुबा र हजुरआमाको सेवा गर्छु । जब उनीहरु मर्छन् तब उनीहरुको धनसम्पत्ति मैले पाउँछु अनि दुलहीलाई लैजान्छु ।" अनि अर्कोलाई सोधियो, "तिमी के गर्छौ ?" अनि बिहा गर्न आएको अर्को वरले भन्यो, "मेरो जुन खेत जग्गा छ, दुलहीलाई बिहा गरेर मैले त्यहीं लैजान्छु । मलाई दुःख या सुख जे परेपनि म दुलहीकै साथसँगै बस्छु ।" तब राजा विक्रमादित्यले रानीको हारसँग सोधे, "ए रानीको हार यी युवतीलाई कसले बिहा गर्दा ठीक होला ?" अनि रानीको हारले भन्यो, "जुन वरले कतार जान्छु भन्छ उसैले यी युवतीलाई बिहा गर्न ठीक हुन्छ ।" अनि रानीले

भनि, “तँलाई साइद्वा । जो कतार जान्छु भन्छ उसले कसरी यी युवतीलाई बिहा गर्न मिल्छ । जसले जे-जस्तो सुख र दुःख परेपनि आफ्नी स्वास्नीलाई छोडेर कही पनि जान्न भन्छ उसलै बिहान गर्न ठीक हुन्छ ।”

यसरी तीनपटक रानी बोलिन् । बिहान भयो । जति जेलमा बन्दी जीवन बिताइरहेका राजा थिए ती सबै छुटे । ती सबै राजा विक्रमादित्यको खुट्टा समातेर आभार प्रकट गरे । उनीहरुले भने, “कुन देशका धर्मात्मा पुरुषले हामीलाई जेलबाट छुटाइदिनु भयो । ती युवतीलाई राजा विक्रमादित्यको लागि लेखिएको रहेछ । राजा विक्रमादित्यको तिनै युवतीसँग बिहा भयो । उनले आधा राजपाठ पनि पाए । केही दिन राजा विक्रमादित्य पत्तालपुरी राज्यमा नै बसे । त्यसपछि ती युवतीका आमाबुबाले छोरीको बिदाइ गरे । अनि विक्रमादित्य आफ्नी दुलहीका साथ आफ्नो राज्यमा आएर राजपाठ चलाउन थाले । अनि सिंहासन बत्तीसीले राजा भोजसँग भन्यो कि, “राजा विक्रमादित्यको जस्तो धर्म तिमीमा छैन ।” कहान समाप्त ।

## ७. पाँच पाण्डव

दुर्वासा मुनिकय भगवान एक्कय लँगौटी दियरहयँ । जब वे नदियाम नहायकय लंगौटिया भिचकय फैलायदिहिन अपने तौन जलमय खडा रहयँ । पानीमय नंगय नाही नहायक चाहिँ लेकिन हइय नाही तो करयकाव । तो वही समयमय द्रौपदी माता गइन नदीकय किनारय तो देखय कि दुर्वासा नदीकय बीचमय खडा रहयँ । तव कहिन कि ए महात्मा जी आप घाट छोडदेवाजाय । हमहु स्नान करी । तब दुर्वासा मुनि कहिन कि “बच्चा कइसय हम घाट छोडदिई ? भगवान हम्मय एककय लँगौटी दियहयँ जौन हम भिचकय फैलायदियहन और हम यतना जलमय खडा हन तो हम मजबुर हन । कइसय घाट छोडदिई ।” तब द्रौपदी माता कहिन कि महाराज आप सन्त महात्मा हओ तो तुँहय परमात्मा एक्कय लँगौटी दिहिन ? “मुनि कहिन “हँ” ।” तो द्रौपदी माता अपन साडी फाटकय दुई लँगौटी भरकय चिथडा दिहिन और एक लँगौटी झुरात हय । “द्रौपदी माता कहिन लइलेओ यी हय और जाओ हम बगलमय होइजाइ ।” द्रौपदी बगलाइन तव दुर्वासा मुनि नहायकय निकलय । एक लँगौटी पहिनिन दुई लँगौटी लइलिहिन और चुप्पयसय नदियाक बाहर निकलिन । तब मुनि कहिन “जाओ द्रौपदी तोहार यी दान कर्‌योहो तो तोहार संसारमय सत्य होइ तोहार धर्म केहु नाही लयपाइ ।” बाबा दुर्वासा मुनि उन्हय आर्शीवाद दिहिन । और द्रौपदी माता नहायधोयकय चली गई ।

पाँचो पँडवा जब जुवा खेलिन जब दशाघडी आवला तब नाही गुन लागयला सकुनिकय आगय । जुवा खेलत-खेलत पँडवा सोनाचाँदी हीरामोती धन दौलत खरखजाना सब हारगयँ । आखिरी दाउमय द्रौपदीकय लगाइन तो द्रौपदीकय भी हारलिहिन । सकुनि सब जितगय । तब सोचिस दुशासन कि धन उनका खतम होइ चुकाहय खाली धरम बाँकी हय तो सोचिस कि द्रौपदीकय नंगय कइदेइ संसारमय उनकय धरम भी चलाजाइ । तो दुशासन चिर खिचय लागय कि चिर खिचय खिचय पहाड लगगय । ईश्वरकय मनमय द्रौपदीकय यह सब होवयक लिख्खारहय । तब कहिन दुशासन और दुर्योधन पँडवासय कि हमार राज छोडकय जाओ । तब पाँचौ भाइ पाँडव राज छोडकय चलिन ।

तो वे पाण्डव चलागयँ राजा विराटकिहा । जब पण्डवा राजदरबारमय पहुँचिन तो राजा विराटसय कहिन कि हमरय नोकरीमय रखलो । राजा विराट कहिन कि हमरयकिहा नोकरकय काम नाहीहय । हँ एक काम हय । हमरय राजमय एक दैत्य पलकाहय । दैत्यकय तुँ जौन मारपायो तो

यहीं नोकरी पाँचो जनयक मिली । "तो पण्डवा कहिन ठीक हय । तब पाँचो भाइकय रखवाली रखिन और उनकय साथ द्रौपदी भी रही । द्रौपदी माताकय नियम रहा सबेरा नहायकय शंकर भगवानकय मन्दिरमय रोज पूजा करय । पूजा कइकय आवय तब ही भोजन बनावय और पाँचय भाइ खायँ । अइसय-अइसय करत करावत राजा विराटकिहा धेर दिन बितगय । एक दिन दैत्य खिड्कीकय राही कमरयमय हलयक चाहिस । देहुडीमय और खिड्कीपय ड्युटी महाराज भीमकय रहय । जब दैत्य हलय लाग तब महाराज दैत्यसय लडगयँ । महाराज भीम बलवान आदमी रहयँ पटकिन दैत्यकय और मारढारिन । दैत्य मरिगय और पाँचौ भाइकय सहास और बढिगय । ओकरयबादमय राजा विराटकय सार राजा किचक विराटकिहा आय । द्रौपदी बडी सुन्दर रही । जब किचक द्रौपदीकय देखिन कि बडी सुन्दर और शोभायमान रही उनकय दिलमय पाप आयचुका । द्रौपदी नहायधोयकय सबेरा जब शंकर भगवानकय मन्दिरमय पूजा करय गई तो पिछे पिछे किचक गय । जब द्रौपदी मन्दिरसय पूजा कइचुकिन किचक मन्दिरमय हलकय उनकय हात पकडिस । द्रौपदी कहिन यी काव हरकत करतहओ ?" किचक राजा विराटकय सार रहा और ऊ हो राजा रहय । किचक कहिस कि "द्रौपदी तोहरय सँगमय हम भोग करव ।" तब द्रौपदी कहिन ठीकहय आप आज नाही बिहान भोग कर्‍यो । "किचक मानिस । जब द्रौपदी भोजनउजन बनायभइ खाय लागय सब मिला तब महाराजभीमसय कहिन कि आज शंकर भगवानकय मन्दिरमय जब पूजा करय गयँ और राजा विराटकय सार किचक हमार हात पकडकय भोग करय कहिस ।" तो भीम महाराज कहिन कि "सुनो द्रौपदी बिहान हम पूजा करयक जाव ।"

बिहानकय प्रहर शंकर भगवानकय मन्दिरमय पूजा करयक जावतहयँ भीम महाराज । मेहरारुकय साडी पहिनकय सक्कल मेहरारुकय बनाइकय और जल लइकय मन्दिरमय गयँ पूजा करय । जब वे पूजा करतरहयँ तो किचक मन्दिरमय हलिस । तब महाराज भीम किचककय अइसन उठायकय पटकिन किचक वयँ मरिगय । किचक जब मरिगय तब राजा विराट कहिन कि ए भाइ आज हमरय सारकय पटकदियो ऊ मरिगय तोहरय बलवान मनइ हओ हमुहुक पटकदेवो हमुह मरिजाइ । यहनातय तोहरय सब यहासय खिसक जाओ ।" वारह वरष राजा विराटकिहा पाँचो भाइ पाण्डव रहयँ । तब वहासय पाँचो भइ पाण्डव चलय और आयँ आपन राज हस्तिनापुरमय ।

जब पाँच पाण्डव हस्तिनापुर गयँ वे एक गावँ अपन लइकय रहय लागिन । तब द्वारिकापुरीसय कृष्णभगवान जी आयँ और अर्जुनसय कहिन "हे मित्र अर्जुन ।" अर्जुन कहिन ह । "कहिन कि चलयक हय कुरुक्षेत्रकय लडाइमय । वाण चलायमय आप सबसय बडा बली हओ और

हमार रथपय बैठो । आओ चली ।" तब अर्जुन कृष्ण भगवानकय रथपर बैठकय चलागयँ कुरुक्षेत्रकय लडाइमय । जब कुरुक्षेत्रमय पहुचय वहाँ अर्जुन देखतहय जयद्रथ, करण, दुर्योधन सब एक सय एक रहयँ । कुछ देरबाद गान्धारी गइन । उन कहिन कि चक्रव्यूह उठा लायँ ? अर्जुनकय आगय लडाइमा केहु नाही रहय । तो चक्रव्यूहकय डंका बजावय लागयँ । तो अभिमन्यु कहिन भीम और युधिष्ठिरसय कि "पिताजी चक्रव्यूहकय लडाइ हम जानितहन ।" तव वे कहिन " कइसय जान्या हवो ?" तव अभिमन्यु कहिन "माताकय गर्भमय जव रहयँ तब पिताजी मातासय प्रण करय रहयँ । तो हम छह फाटक तुडयक जानगयन । तब भीम कहिन "सतवाँ फाटक तो हम अपन गदासय तुडदेव ।" तो कौरव और पाण्डवकय बीच लडाइ चलय लाग । लडाइकय बाजा बजयलाग । दोनो ओरसय लडाइ चलयलाग । वे लडय लागयँ । लडतय-लडतय एक फाटक दुई फाटक करतय करतय अभिमन्यु छह फाटक छुडदिहिन । जब छह फाटक छुड दिहिस सतवा फाटकमय धोका भय । तब दुर्योधन बोलय कि बेटा देखो भाइकय बेटा हओ चचेरा । तुँ लड्यो तो तोहार जितहय । धइदेओ तरवार हमहु तुँ छातीमय छाती मिलायलिइ और सुलह होइजाइ । "और दुर्योधनकय अगलय बगलय मनइ छिपा रहयँ । तरवार धइकय अभिमन्यु दुर्योधनकय छातीमय अपन छाती जब मिलावय लागय अगलय बगलयसय दुर्योधनकय आदमी निकलय और अभिमन्युकय पकडय लागयँ । तो अभिमन्युक कहिन दुर्योधन कि बेटा प्राणदान मागयक हो तो मागो नाही तो तुँहय जिन्दा नाही छोडव ।" तो अभिमन्यु कहिन कि हमार हातमय तरवारहय प्राणदान मागव तो ऊ क्षत्रिक धरम नाही होय । "अभिमन्यु प्राणदान नाही मागिन तो अन्तिममय अभिमन्युक वे लोग मारढारिन ।

जब अभिमन्यु मरिगय वही समयमय कुरुक्षेत्रकय लडाइमयसय कृष्णभगवान अर्जुनकय साथ आयँ । पुत्रकय मरा देखकय अर्जुन बहुत दुःखी भयँ । वे प्राण किहिन कि कल सुरज निकलजायकय डुब जानेसय पहिले जयद्रथकय हम मारयनढारव तो हम चिताकय अग्मिनय मरढारव ।" बिहान भय । सुरज निकलय भगवानकय मायासय बादल छाय । बादल छातय-छातय करिव पाँच छह बजिगय यी भय कि दिन आखिरीमय पहुचय । तब यह दुर्योधन आय । जतनय रहय उनकय भाइलोग वे कहय लागय अर्जुनसय और धिक्कारिन कि हे अर्जुन दिन आखिरी हय । अब यतना टायम होइचुका दिन नाही दिखान तो अब चिता जोरकय जलोन तुँ । "अर्जुन महाराज चिताउता जोरकय कहिन कि ईश्वरकय महिमा तब कृष्ण भगवान भी आयपहुचय । आखिरी दिन बाँकी रहा । अर्जुन ताकयभर रहयँ तब कृष्ण कहिन अर्जुनसय कि काव ताकत हवो अपन प्रण तो पूरा करो ।" तब अर्जुन वाण चलाइन । एक वाण जयद्रथकय लागिस तो जयद्रथ वही ढेरहोइगय । जब जयद्रथ मरिगयँ तो अर्जुनकय पुत्रशोक और उभरा । तब कृष्ण भगवान कहिन कि सुनो अर्जुन यी मृत्युलोक

होवय । अमर होइकय केहु नाही आयहय । तोहार बेटवा युद्धमय मरयहयँ । रणस्थलमय मरा आदमी बैकुण्ठलोकमय पहुचतहयँ । वे बैकुण्ठमय हय । “अर्जुन कहिन कि नाही हम्मय बहुत चिन्ता हय ।” अर्जुन जी बहुत शोक किहिन तो कृष्ण भगवान कहिन कि “हे अर्जुन बैठो हमार रथपर । तुँहय हम स्वर्गलोक लइचलव ।” तो भगवान कृष्णकय रथपय बैठकय अर्जुन महाराज स्वर्गलोक जापहुचयँ । जब बैकुण्ठलोक पहुचिन तब कृष्ण भगवान अर्जुनसय कहतहयँ कि देखो अभिमन्यु खेलतहयँ । “तब अर्जुन अभिमन्युकय गोहराइन कि बेटा अभिमन्यु ।” अभिमन्यु कहतहयँ “कौन हवो अर्जुन ।” अर्जुन कहिन “बेटा तोहरय शोकमय हम्मय कुछ बिलगात नाही ।” तब अभिमन्यु कि “जाओ पिताजी वहाँ हम आपकय बेटा रहेन । आप हमार बाप रहयो यहाँ कोही किसकय नाही । हम रणस्थलमय मरयहन । हमार बैकुण्ठवास होइचुका ।” अभिमन्युक बात सुनिन अर्जुन तब वहीसय लौट आयँ तब महाभारत भय । एकसय एक भाइकय मार ढारिन अर्जुन । जब एक सौ एक कौरवपुत्र मरिगय तब पाँचो भाइ पाण्डव हस्तिनापुरकय एक सौ एक गावमय राज किहिन । जब राज करतय-करतय बहुत दिन बितगय तो यही हिमालय पहाडपय जायकय पाँचो भाइ बरफमय गलिकय मरिगयँ ।

अभिमन्युकय स्त्रीकय नाम उत्तरा रहय । उत्तराकय एक लरिका पैदा भयरहा जेकर नाम राजा परीक्षित रहय । तब राजा परीक्षित जब लागय राज चलावय तो एक दिन जंगलमय गय सिकार खेलय । जंगलमय सिकार खेलतहय तो काव देखतहयँ कि महात्मा वही जंगलमय रहयँ । उनकय नाम भृगु ऋषि रहा । वे जंगलमय भगवानकय पूजा करतरहय । फिर राजा परीक्षित काव देखतहय कि एक गायकय एक साँढ ताडत रहय । तब परीक्षित राजा बोलय “दुष्ट साँढ ।” गइया बढी दुर्वल रहय । राजा परीक्षित बोलिन “रुक दुष्ट कौन हय ? कौन हय यतना दुर्बल गायकय तुँ परेसान करतहय ?” साँढ रुकिस और गइयावो रुकिस । तब गइया कहिस कि महाराज हम त्रेता होइ । “तो राजा साँढकय पुछिन तुँ के हो ?” तो साँढवा कहिस “हम कलियुग होइ ।” तब राजा कहिन कि “जबतक हमार राजरही तबतक त्रेतय रही ।” तब कलियुग कहय कि “महाराज हम्मय रहयक लिय कौनो जगह दइदेओ ।” तो राजा साढकय कहिन कि “तुँ जाओ सराबीकिहा रह्यो, जुवाडीकिहा रहयो, रण्डीबाजीकिहा रहयो और सोनामय रह्यो ।” राजा परीक्षित मुडवामय ताज बाँधिन । वहीमय सोना रहय वहीमय कलियुग रहय । जब परीक्षित राजाकय सिरपर कलियुग सवारहोइगय तब राजा गयँ जहाँ भृगु मुनि तपस्या करतरहयँ । वहा जायकय मुनिकय हातजोडकय प्रणाम किहिन । तो बाबा तपस्या करतरहयँ तो उन मनसय राजा परीक्षितकय आर्शीवाद दिहिन । राजा सोचिन कि हम यतना धर्मी राजा परीक्षित भयँ और महात्मा मुडितक नाही हिलाय । बस वही लग्गय केहु जिउकिया साँप मुहायकय रख्खयरहा । राजा परीक्षितकय क्रोध चढिस तब वे उही

साँप उठायकय भृगु मुनिकय गटइयाम लपेटदिहिन और वहासय चलाआयँ घरय । जब राजा घरय पहुचिन और शिरसय ताज उतारिन तब उनकय बुद्धि आय कि एक मुनिकय गटइयाम हम साँप लपटदिहेहन, बडा भारी पाप किहेहन ।

भृगु मुनिकय लरिका श्रृङ्गी मुनि जब आयँ पिताकय गटइयाम लपेटा साप जब देखिन तब कहिन कि जे हमार पिताकय गटइयाम साँप लपटयहय ओहय साँप आयकय उहिहय काटय । फिर ऋषिकय वही समयमय तपस्या पूरा होइगय । तब अपन बेटौवासय पुछगय कि “राजा परीक्षित कय शिरपर कलियुग सवार था ।” राजा परीक्षितओ निर्दोष आदमी रहयँ । तब भृगु ऋषि अपन बेटौवासय कहिन कि “जाओ राजा परीक्षितकय लिय एक  काम करो ।” तो ऋङ्गि ऋषि  कहिन काव ?” तब भृगु मुनि कहिन कि श्रीभदभागवत ब्राम्हण  बोलायकय सातदिन सातरात सुनयक कहो । साँप काटय लेकिन प्रेताभावसय छुट्टी मिली ।”  साँपकय काटल, मोटरकय किचल यी प्रेताभाव होवतहय । राजा परीक्षित शुकदेव ब्राम्हणकय बोलायन और श्रीमदभागवत सुनिन सातदिन सात रात । ओकरयबाद सतवे दिन जायकय साँप काटिस राजा परीक्षित मरिगयँ । खिस्सा खतम ।

**नेपाली रुपान्तर**

दुर्वासा ऋषिलाई भगवान्ले एउटा मात्र धरो दिएका थिए । जब उनी नदीमा नुहाएर धरो मिचमाच पारेर सुकाइदिए आफू चाहिँ पानीमै उभिए । पानीमा नांगै नुहाउन हुँदैनथ्यो तर उनीसँग बस्त्रको नाममा त्यही एउटा धरोमात्र थियो, ननुहाएर के गरुन् ? त्यही समयमा पाण्डकी पत्नी द्रौपदी नदीको किनारमा गइन र उनले के देख्छिन् भने दुर्वासा नदीको बीचमा उभिरहेका थिए । त्यसपछि द्रौपदीले दुर्वासा ऋषिलाई भनिन् कि “ए महात्मा जी तपाईले घाट छोडिदिनुस् । मैले पनि स्नान गर्छु ।” तब दुर्वासा ऋषिले भन्छन् कि “बच्चा कसरी मैले घाट छोडूँ ? भगवान्ले मलाई एउटा मात्र धरो दिएका छन्, त्यही पनि मिचेर सुकाइदिएको छु । म नदीको बीचमा यसरी उभिन बाध्य भएको छु । कसरी घाट छोडिदिऊँ ?” त्यसपछि द्रौपदी माताले भनिन् कि “महाराज तपाई सन्त महात्मा हुनुहुन्छ । तपाई जस्ता महात्मालई पनि भगवान्ले एउटै मात्र धरो दिए ?” ऋषिले “अँ” भने । अनि द्रौपदी मातो आफ्नो सारी च्यातेर दुईटा धरो बनाउन पुग्ने टुक्रा दिइन्, एउटा धरो सुकाएका छँदै थिए । द्रौपदी माताले भनिन् “यी लिनुस् लगाउनलाई वस्त्र, म अलिपर जान्छु, तपाईले धरो लगाउनुस् ।” यति भनेर उनी अलिपर गइन् तब दुर्वासा मुनि नुहाएर नदीबाट निस्के अनि एउटा धरो लगाए, दुईटा बाँकी धरा समातेर विस्तारै नदीबाट बाहिर निस्के । त्यसपछि ऋषिले भने, “जाऊ द्रौपदी नुहाउन अब । तिमीले मलाई यी दुईटा धरा जुन दान गऱ्यौ, संसारमा तिम्रो

सत्य होस्, तिम्रो धर्म कसैले लुट्न नपाओस् ।" दुर्वासा ऋषिले उनलाई आशीर्वाद दिएर आफ्नो आश्रमतिर लागे भने द्रोपदी माता पनि नुहाएर आफ्नो निवास स्थानतिर हिडिन् । पाँचै जना पाण्डवहरु जब जुवा खेलेका थिए, सकुनिको अगाडि उनीह्रुको केही सीप लागेन । जब दशाको घडी आउँछ तब कुनै गुन काम लाग्दैन । उनीहरु जुवा खेल्दा-खेल्दै सुनचाँदी, हीरा-मोती, धन-दौलत, खर-खजाना सबै हार्दै गए । अन्तिम दाउमा द्रौपदीलाई नै चाके थापे तापनि द्रौपदीलाई समेत कौरवले जुवामा जिते । तब दुशासनले सोच्यो कि "पाण्डवको धन-दौलत सबै सिद्धियो, मात्र अब धर्म बाँकी छ, त्यही धर्म लुट्न द्रौपदीलाई नांगै बनाइ दिन पर्‍यो ।" अनि दुशासनले द्रौपदीको सारीको फेर समातेर द्रौपदीलाई नांगै बनाउन खोज्यो । सारीको फेर तान्दा-तान्दै त्यहाँ पहाड जत्रो सारीको थुप्रो भयो तर द्रौपदीलाई नांगै पार्न सकेनन् । ईश्वरको मनमा द्रौपदीलाई यी सब खप्न र बेहोर्न लेखिएको थियो । आफूहरुको द्रौपदीलाई नांगै पार्ने योजना असफल भएपछि दुशासन र दुर्योधनले पाण्डवहरुलाई आफ्नो राज्य छोडेर जान भने । अनि पाँचै भाइ पाण्डव र द्रौपदी राज्य छोडेर हिंडेका थिए ।

ती पाण्डवहरु राजा विराटकहाँ गए । जब पाण्डवहरु राजा विराटको दरबारमा पुगे अनि पाण्डवहरुले राजा विराटसँग आफूहरुलाई नोकरी दिन अनुरोध गरे । राजा विराटले भने कि "मेरो दरबारमा नोकरको कमी छैन बरु एउटा काम छ भने । त्यो काम के रहेछ भने" राजा विराटको राज्यमा एउटा दैत्य पल्केको रहेछ । त्यो दैत्यलाई पाण्डवहरुले मार्नसके उनीहरुलाई नोकरी मिल्न सक्ने कुरो राजा विराटले भने । पाण्डवहरुले विराटको कुरालाई (शर्त) स्वीकार गरे पछि राजा विराटले पाण्डवहरुलाई नोकरी दिए । साथै द्रौपदीलाई पनि राखे । द्रौपदी माताके के नियम थियो भने दिनदिनै नुहाएर पूजा गर्न शंकर भगवानको मन्दिरमा जान्थिन् । उनी पूजा गरेर आएपछि मात्र उनले भोजन बनाउथिन् र पाँचै भाइ पाण्डवहरुलाई भोजन गराउँथिन् । यस्तै-यस्तै गर्दै उनीहरुले राजा विराटको दरबारमा धेरै दिन बिताए । एकदिन दैत्य भयालको बाटोबाट कोठामा पस्न खोज्यो । त्यो बेला महाराज भीम पहरादिइरहेका थिए । जब दैत्य कोठामा पस्न थाल्यो त्यसैबेला भीम दैत्यसँग लड्न थाले । महाराज भीम पनि बलिया थिए । उनले दैत्यलाई भूइमा पछारेर मारिहाले । दैत्य मरेपछि पाँचै भाइ पाण्डवको साहास अझ बढ्यो । त्यसपछि राजा विराटका साला किचक विराटको दरबारमा आयो । द्रौपदी बहुतै  सुन्दर थिइन् । जब एकदिन किचकले द्रौपदीलाई देख्यो द्रौपदीको सुन्दर र शोभायमान रुप देखेर किचक लोभियो र उसको मनमा पाप उठ्यो । द्रौपदी नुहाइवरी जब शंकर भगवान्को मन्दिरमा पूजा गर्न सबेरै गइन् त्यसैबेला किचक पनि द्रौपदीको पछि-पछि गयो । जब द्रौपदीले पूजा गरेर सिध्याइन तब किचक मन्दिरभित्र पसेर द्रौपदीको हात

समात्न लाग्यो । द्रौपदीले भनिन् "यो तिमीले के गरेको ?" किचक राजा विराटको साला थियो र ऊ पनि अर्कै राज्यको राजा थियो । किचकले द्रौपदीसँग भन्यो, "द्रौपदी तिमीलाई म भोग गर्छु ।" द्रौपदीले त्यस्तो आपतको बेला तुरुन्तै जुक्ति निकालेर किचकसँग भनिन् कि "ठीकै छ तपाइले आज होइन भोलि भोग गर्नुहोला ।" किचकले मान्यो र द्रौपदीको हात छोडदियो । द्रौपदी गइन मन्दिरबाट अनि भोजन बनाएर जब सबैलाई खुवाइन् र आफूले पनि खाइन् त्यसपछि महाराज भीमसँग उनले भनिन् कि "आज बिहान शंकर भगवान्को मन्दिरमा म पूजा गर्न गएको बेला किचकले जवर्जस्ती मेरो हात समातेर मलाई भोग गर्छु भनेर भन्यो ।" द्रौपदीको कुरा सुनेपछि महाराज भीमले भने कि, "सुन द्रौपदी ! भोलि तिमी यही बस्नु, पूजा गर्न मन्दिरमा म जानेछु ।"

भोलि बिहान शंकर भगवानको मन्दिरमा पूजा गर्न भनेर महारज भीम जाने तयारीमा जुटे । उनी आइमाईको कपडा लगाएर, अनुहार पनि आइमाइको जस्तो बनाएर, हातमा जलपात्र लिई शंकर भगवान्को मन्दिरमा पूजा गर्न हिँडे । जब उनी पूजा गर्दै थिए, त्यसैबेला किचक मन्दिरभित्र प्रवेश गऱ्यो । त्यसपछि भीमले किचकलाई ठम्याएर हेरे अनि उसलाई समातेर त्यही मन्दिरभित्र पछारे । किचक त्यही मऱ्यो । किचक मरेको खबर राजा विराटले थाहा पाएपछि राजा विराट आएर पाँच पाण्डवलाई भन्यो कि "आज तिमीहरुले मेरो सालालाई पछारेर मारिदियौ, ऊ मर्‌यो । तिमीहरु बलिया छौ, मलाई पनि पछारेर मार्न सक्छौ यसकारण तिमीहरु सबै जना अब यहाँबाट अन्यत्र जाओ । मेरो दरबारमा तिमीहरुको काम छैन ।" वाह्र वर्षसम्म पाँचै भाइ पाण्डव राजा विराटकहाँ बसेका थिए । राजा विराटले त्यहाँ बस्न नदिएपछि ती पाण्डवहरु आफ्नो एउटा राज्य हस्तिनापुरमा आए । जब पाँचै भाइ पाण्डवहरु हस्तिनापुर आए, उनीहरुले त्यहाँ एउटा गाउँ राजेर त्यही बस्न थाले । त्यसपछि द्वारिकापुरबाट कृष्ण भगवान आउनुभयो । अनि भगवान् कृष्णले अर्जुनसित भन्नु भयो, "हे मित्र अर्जुन ।" अर्जुनले हजुर भने अनि भगवान् कृष्णले भन्नुभयो कि "अब जानुपर्छ कुरुक्षेत्रको लडाइमा ।" वाँण चलाउनमा तपाई सबैभन्दा सिपालु हुनुहुन्छ, आउनुस् मेरो रथमा बस्नुस् अब युद्ध मोर्चातिर जाऔं । "तब अर्जुन कृष्ण भगवानको रथमा बसेर गए कुरुक्षेत्रको लडाइमा । जब कुरुक्षेत्रमा पुगे त्यहाँ अर्जुनले देख्छन् कि जयद्रथ, कर्ण, दुर्योधन सब एक से एक लडाकु वीरहरु थिए । केही बेर पछि गान्धारी आइन् । गान्धारीले सोधिन कि ""चक्रव्यूह ल्यायौं ?" अर्जुनको अगाडि लड्ने सिपालु योद्धा कोही थिएनन् । कौरव पक्षले चक्रव्यूहको हल्ला फैलाउन थाले । अनि अभिमन्युले भीम र युधिष्ठिरसँग भने कि, "पिताजी चक्रव्यूहको लडाइ लड्न मैले जानेको छु ।" तब उनीहरुले सोधे कि "तिमीले कसरी जानेका छौं ?" अभिमन्युले तोड्न जानेको छु ।" अनि भीमले भने कि "सातौं व्यूह त म आफ्नै गदाले फुटाल्न सक्छु ।" अनि कौरव र

पाण्डवका बीच लडाइ सुरु भयो । लडाइको बाजा बज्न लाग्यो । दुवैतिरबाट लडाइ सुरुभयो । उनीहरु सबै लड्न लागे । लड्दै-लड्दै एउटा व्यूह, दुई व्यूह गर्दै अभिमन्युले ६ ओटा व्यूह तोडे । जब उनले ६ व्यूहसम्म तोडे सातौ व्यूह तोड्ने बेला धोका भयो । दुर्योधनले अभिमन्युलाई भन्यो कि “छोरा हेर तँ भाइको छोरो होस् चचेरा, तँ लडे तेरै जित हुन्छ । त्यसैले तरवार नउठाऊ बरु तरवार राख तिमी र मैले छाती मिलाऔं । अनि समस्या समाधान भइहाल्छ ।” दुर्योधनको अगाडि-पछाडि, छेउ-छाउमा दुर्योधनका आफ्ना मान्छे लुकेका थिए । अभिमन्युले तरवार भूइँमा राखेर जब दुर्योधनसँग छाती मिलाउन थाले तब छेउछाउबाट दुर्योधनका लुकेर बसेका मानिसहरु निस्केर अभिमन्युलाई समात्न थाले । अनि अभिमन्युलाई दुर्योधनले भन्यो कि “छोरा ! प्राणदान माग्ने भए माग, नत्र तँलाई जिउँदो छोडिन्न ।” अभिमन्युले भन्यो कि “हातमा तरवार लिएर लड्नेले प्राणदान माग्न हुँदैन, त्यो क्षेत्रीयको धर्म होइन ।” अभिमन्युले प्राणदान नमागेपछि अन्त्यमा कौरवले उनलाई मारे । जब अभिमन्यु मरेको थाहा पाए त्यही समयमा कुरुक्षेत्रको लडाइबाट कृष्ण भगवान् अर्जुनसँग आए । आफ्नो छोराको मृत्यु देखेर अर्जुन धेरै दुःखी भए । अर्जुनले प्रतिज्ञा गरे कि “भोलि सूर्य निस्केर अस्ताउने बेला भन्दा पहिल्यै जयद्रथलाई मार्न सकिन भने म चिताको आगोमा जलेर मर्नेछु ।” भोलि बिहान भयो । सूर्य उदाए तर भगवान्को मायाले आकासमा बादल छायो । बादल लाग्दा-लाग्दै अपरान्हको करिब पाँच छ, बज्यो । अब दिन अन्तिममा पुग्यो । सूर्य अस्ताउने बेला हुन थाल्यो । त्यसैबेला दुर्योधन आए । जति थिए दुर्योधनका भाइहरु सबैले अर्जुनलाई धिक्कार्दै भन्न लागे कि “हे अर्जुन दिनको आखिरी घडी बाँकी छ । यति समय भइसक्यो, सूर्य देखिन छोडिसके, अब चिता तयार गरर आगो सल्काइ चितामा हाम फाली जलेर मर ।” अर्जुन महाराजले चिता तयार गरेका थिए । चिता नजिकै गएर हात जोडेर भने “हे ईश्वर हजुरको महिमा अपरम्पार छ ।” त्यसैबेला कृष्ण भगवान् पनि त्यही आउनु भयो । अब सूर्य अस्ताउन अन्तिम केही घडी बाँकी थियो । अर्जुनले चितातिर हेरिरहेका थिए । त्यसैबेला कृष्ण भगवानले भन्नुभयो अर्जुनसँग कि “के हेर्दैछौ अर्जुन ? आफ्नो प्रतिज्ञा त पूरा गर ।” भगवान् कृष्णको आदेश पाएपछि अर्जुनले वाण चलाए । एउटा वाण जयद्रथलाई लाग्यो अनि जयद्रथ त्यही जमिनमा पल्टे । जब जयद्रथ मरे तब अर्जुनलाई पुत्रशोकले द्रवित बनाये । त्यसपछि कृष्ण भगवान्ले भन्नुभयो कि, “सुन अर्जुन ! यो मृत्युलोक हो । अमर भएर कोही पनि यहाँ आएको छैन । तिम्रो छोरो युद्धमा मरेका छन् । रणभूमिमा मरेको मानिस बैकुण्ठलोकमा सिधै पुग्छन् ।” अर्जुनले भने कि “होइन भगवान् ! मलाई साह्रै चिन्ता भएको छ ।” अर्जुनले धेरै शोक गरेपछ कृष्ण भगवान्ले भन्नुभयो, “हे अर्जुन ! बस मेरो रथमा । तिमीलाई मैले स्वर्गलोक लैजान्छु ।”

भगवान् कृष्णको रथमा अर्जुन बसे । अनि रथ स्वर्गलोकतिर गयो । जब अर्जुन बैकुण्ठलोक पुगे अनि कृष्ण भगवान्ले अर्जुनलाई भन्नु भयो कि “हेर अर्जुन ! अभिमन्यु खेल्दैछन् ।” अर्जुनले अभिमन्युलाई त्यहाँ खेल्दै गरेको देखेपछि अर्जुनले अभिमन्युलाई बोलाएर भने, “ए छोरा अभिमन्यु !” अभिमन्युले अर्जुनतिर हेर्दै भने, “तपाई को हुनुहुन्छ ? अर्जुन ?” अनि अर्जुनले भने कि, “छोरा तिम्रो शोकले गर्दा मैले केही पनि देख्दिन ।” अनि अभिमन्युले भने कि, “फर्किनुस् पिताजी ! उहाँ म तपाईको छोरो थिएँ, तपाई मेरा पिता हुनुहुन्थ्यो । यहा कोही कसैको हुँदैन, म रणभूमिमा मरेको हुँ । मेरो बैकुण्ठवास भइसकेको छ ।” अभिमन्युको कुरा सुनेपछि अर्जुन बैकुण्ठलोकबाट फर्केर आए । त्यसपछि मात्र महाभारतको युद्ध सुरु भयो । कौरवतिरका एकसयएक भाइहरुलाई अर्जुनले रणभूमिमा मारे । जब दुर्योधन लगायत एकसयएक भाइलाई मारे पाण्डवहरुले त्यसपछि ती पाँचै भाइ पाण्डवहरुले हस्तिनापुरको एकसयएक गाउँमा राज्य गरे । जब राज्य गर्दा गर्दै धेरै वर्ष बित्यो त्यसपछि ती पाँचै भाइ पाण्डवहरु यही हिमालय पहाडमा गए । अनि त्यही हिउँमा गलेर मरे ।

अभिमन्युकी पत्नीको नाम उत्तरा थियो । उत्तराको एउटा छोरो जन्मेको थियो, जसको नाम राजा परीक्षित थियो । राज परीक्षितले जब राज्य चलाउन लागेको थिए, त्यसैबेला एक दिन सिकार खेल्न उनी जंगल गए । जंगलमा सिकार खेल्न गएका परीक्षितले सिकार खेल्दा-खेल्दै के देखे भने जंगलको बीचमा एउटा महात्मा बसेर पूजा गरिरहेका थिए । ती महात्मा अरु कोही थिएनन्, भृगु ऋषि थिए । उनी जंगलमा बसेर भगवान्को पूजा गर्दै थिए । त्यसैबेला राजा परीक्षितले पूजा गर्दै गरेको ठाउँदेखि अलिपर एउटा साँढेले एउटा गाईलाई सताइरहेको देखे । त्यो देखेर राजा परीक्षितले हकारे कि, “दुष्ट साँढे ! रोक, तँ को होस्, यति कमजोर गाईलाई तैँले दुःख दिँदै छस् ।” गाई धेरै कमजोर थियो । साँढेले गाईलाई लखेट्न छोडेपछि गाईपनि अडियो । राजा परीक्षितले गाईलाई, “तिमी को हौं” भनेर सोधे पछि गाईले “म त्रेता हुँ” भनेर जवाफ दियो । अनि राजा परीक्षितले साँढेलाई, “तँ को होस्” भनेर सोध्दा, साँढेले “म कलि हुँ” भनेर जवाफ दियो । अनि राजा परीक्षितले भने कि, “जब सम्म मेरो शासन हुन्छ, तबसम्म त्रेतायुग नै रहनेछ ।” राजाको कुरा सुनेपछि कलियुगले भन्यो कि, “महाराज ! मलाई बस्नको लागि कुनै ठाउँ बताइदिनुस् ।” तब राजाले साँढेलाई भने कि, “तँ गएर जड्याहाकहाँ बसेस्,, जुवाडीकहाँ बसेस्, रण्डबाजीकहा बसेस्, अनि सुनमा बसेस् ।” राजा परीक्षितले शिरमा मुकुट लगाए । त्यो मुकुटमा सुन भएकाले त्यसैमा कलियुग बस्यो । जब परीक्षित राजाको शिरमा कलियुग बस्यो, त्यसैबेला राजा अलिपर जंगलमा गए जहाँ भृगु ऋषि तपस्या गर्दै थिए । त्यहाँ गएर परीक्षित राजाले ऋषिलाई हात जोडेर प्रणाम गरे । भृगु ऋषिले तपस्या गर्दै थिए, उनले मनमनै राजा परीक्षितलाई आशीर्वाद दिए । राजा परीक्षितले

त्यो कुरा थाहा पाएनन् उनले सोचे कि म यति धर्मात्मा राजा परीक्षित भएँ, मैले ऋषिलाई प्रणाम गर्दा ऋषिले टाउको सम्म पनि हल्लाएनन् । "राजा परीक्षितलाई रिस उठ्यो अनि त्यहीं नजिकै कसैले सर्प मारेर फालेको थियो भूइँमा, अनि क्रोधवश त्यही मरेको सर्प उठाएर भृगु ऋषिको घाँटीमा बेरिदिए । त्यसपछि राजा परीक्षित जंगलबाट आफ्नो दरबारमा आए । जब राजा दरबारमा पुगे अनि शिरबाट मुकुट उतारे तब उनलाई होस् आयो कि एउटा ऋषिको घाँटीमा मैले मरेको सर्प बेरिदिएको छु । धेरै ठूलो पाप गरे ।"

भृगु ऋषिका छोरा श्रृङ्गि ऋषि जब त्यहाँ आए, आफ्ना पिताको घाँटीमा बेरिएको सर्प देखेपछि उनलाई पनि रिस उठ्या, अनि उनले के श्राप दिए भने जसले मेरा पिताको घाँटीमा सर्प बेरिदिएको हो, उसलाई त्यही सर्पले टोकोस् । "त्यसैबेला भृगु ऋषिको तपस्या पूरा भयो । अनि भृगु ऋषिले आफ्नो छोरा ऋङ्गि ऋषिलाई भने कि "राजा परीक्षितको शिरमा कलियुग बसेको थियो ।" राजा परीक्षित पनि निर्दोष थिए । तब भृगु ऋषिले आफ्नो छोरासँग भने कि, "जाऊ राजा परीक्षितको लागि एउटा काम गर ।" श्रृङ्गि ऋषिले के काम गर्ने भनेर सोध्दा भृगु ऋषिले भने कि, "ब्राम्हण बोलाएर सात दिन, सात रात श्रीभद्भागवत सुन्न लगाऊ । सर्पले राजा परीक्षितलाई टोकेर मारेपनि श्रीभद्भागवत महापुराण सुनेपछि उनी प्रेतभावबाट मुक्त हुनेछन् ।" सर्पले टोकेर मरेको, मोटरगाडीले किचेर मरेको मानिस प्रेत बन्दछन् । श्रृङ्गि ऋषिले राजा परीक्षितलाई आफ्ना पिताले भनेका कुराहरु सुनाए पछि राज परीक्षितले शुकदेव ब्राम्हणलाई बोलाउन पठाए । अनि शुकदेव ब्राम्हणबाट सातदिन सातरात श्रीभद्भागवत सुने । त्यो श्रीभद्भागवत भनेको सातौं दिनमा आएर सर्पले राजा परीक्षितलाई टोक्यो अनि राजा परीक्षित मरे । कथा समाप्त ।

## ८. बाबनकय लरिका

एक ठु बावनकय परिवार रहाँ । तो बाबनकय परिवारमय तीन लोग रह्य । एक ठु बाबन रहा, उनकय मातारी रहिन् और उनकय एक ठु बेटवा रहा । तो वे बडा गरिव रह्यँ कुल । जौन बाबनरह्यँ वे रोजय पछिल्हरा उठकय अपन झोराझण्डी लइकय जाय भिख मागय । दिनभर भिख मागयँ और संझाक लावयँ और बनायक खायँ और जौन बचय तो केहु उनकय घरय भिख मागय आइजाय तो उन्हय दइदें । अइसय-अइसय उनहनकय दिन बितत रह्य । जब बेटौवा उनकय कुछ बडा भय कुछ जानउने लाग तो काव देखतहय कि बाबा हमार रोज भिन्नही-भिन्नही जातहयँ भिख मागय और जौन कुछ लावतहयँ घोडा बहुत बनायक खायलियाजातहय जौन बचतहय तौन जे मागय आवतहय उन्हय दइदेहतहयँ । तो ओका यी अच्छा नाही लाग । तब ऊ लरिका पुछिस् अपन दादीसय कि हे दादी बाप हमार रोजाना जातहयँ भिख मागय और लइकय आवतहयँ और हमरय खाना बनायकय खावा जातहय और जौन भिखकय चाउर जौन कुछ बचतहय भिख मागय जे आवतहय दइदेहतहओ काह्य ?" तो ओकर दादी कहिस सुन बाबु ! हमरय जौन भिक्षा देवाजातहय ओ हम्मन परलोकमय रख्खाहय भगवान किहा । तो लरिका नाही मानिस । ऊ कहिस आप लोग अइसन कहाजातहय कि परलोकमय रख्खाहय अगर उह्य चउरा अन्न जौन हमार बाबा मागकय लावतहयँ और उह्य जौन रहतहय हम्मय खायलियाजाय जौन बचिजाय और ऊ दुसरय दिन कामेम आयजाइ कि नाही आइ । अइसय हम्मय रख्खेक चाहिँ, बिटोरकय रख्खेक चाहिँ । तो तोहरय सब ओका दइदेहतहओ ।" तो ओकर दादी संझाइस कि ना बाबु ! अइसन नाही हय, जौन हमरय भिक्ष दइदेवाजातहय ऊ हम्मनकय परलोकमय रख्खाहय । हमरय मरकय जब जावाजायी तब ऊ हम्मनकय मिली । तो बेटौवा कहिस कि हम नाही मानव तो उन कहिन् कि मानो बेटौवा फिन कहिस कि हम नाही मानव ।" तब ऊ लरिका अपन दादीसय कहिस कि हम जाइव भगवानकय घरय देखय कि हमार चाउर अन्न जौन भिख दइेवाजातहय भगवान किहा जमा हय कि नाही देखय जाइव ।" तो बुढिया संझाइस् कि भगवानकय घर बहुत दुरहय नाही जाय पाइवो तो लरिका कहिस हम जाइवय, लरिका जिद करिस । तब बुढिया कहिस जा । तब बुढिया गठरिम सीधा पानी बाँध दिहिन् और ओका भेजदिहिन् ।

अब लडकवा जात-जात, जात-जात बडे दुरय निकरगय । तो ऊ काव देखतहय कि एक ठु गोरु चरतरहा, रहियाकय लग्गय मैदानमय बर्दवा चरत रहय । तो बर्द देखिस लरिकाकय तो पुछेलाल "तुँ कहा जावतहओ ?" तो लरिकवा कहिस् कि हम जाइतहन भगवान किहाँ ? ऊ पुछिस्

“काह्य ?” तो मने लरिका अपन खिस्सा सुनाइस् । अइसन-अइसन रहा । जाइतहन भगवानसय पुछ्य कि हमरय जौन दिइतहन दान केहुक वहाँ रख्खाहय कि नाही ।” तो बर्द कहिस ए बाबु एक ठु हमरो काम कइदेओ ? पुछिस “काव ?” कहिस भगवानसय पुछ आयो कि हमरय दिनभर चरितहन तब्बो हमार पेट नाही भरतहय, ऊ भगवान हमरय उपरका दतवा नाही दियहयँ ।” लरिका कहिस ठीकहय हम पुछ आइ ।

तो लडकवा फिर आगय बढा । जातय-जात, जातय-जात रहियाम एक ठु पेंड भेटान । आँपकय पेडवा रहा बैठकय सुस्तायकरहा, खुब बढियासय बहुर उर लगारहा लेकिन एक्को टिकोरा उहयमा नाही फरयरहा । तो अमवाक पेडवा लरिकासय पुछिस ए बाबु यहाँ कौनो मानुष नाहीहय काहय एइसय जातहओ । लरिकवा कहिस कि हम भगवान किहाँ जाइतहन । पेडवा कहिस “काह्य ?” लरिक वा कहिस कि अइसय-अइसय हय, भगवान किहा देखय जाइतहन कि जौन दिनहितहन दान पुण्य करितहन वहाँ रख्खाहय कि नाही रख्खाहय ।” तो पेडवा कहिस “ए बाबु हमरओ एक काम कहिदेओ । लरिकवा कहिस “काव ?” कहिस कि “भगवानसय पुछदेओ कि हमरय पेडमय बहुत बहुर लगतहयँ लेकिन एक्को टिकोरा नाही फरतहय, काव बातहय पुछआयो ।” यहमय काव रख्खाहय पुछदेवय” लरिकवा कहिस । तब सुस्तान सन्थान ओकरयबाद लरिकवा जायलाग ।

जातय-जात, जातय-जात समुन्दरकय किनारमय पहुचिस । लरिकवा वही समुन्दरकय किनारयमय एक ठु खेचुही भेटान । तो खेचुहिया पुछिस लरिकाकय तव कहिस भगवानकिहा जाइतहन । कहिस काव काम हय काहय जात हओ ? “लरिकवा बताइस, अइसन-अइसन काम हय, हम देखय जाइत हन् कि हम जौन दानपुण्य करतहन वहाँ रख्खाहय कि नाही रख्खाहय ।” तब खेचुहिया कहिस कि हमरओ एक ठु काम कइदिओ । ऊ कहिस काव ? कहिस देखो बाबु हमार जौन गलफरवाहय बहुत लालहय, हम्मय बहुत गर्मी होतहय, हम्मय बहुत कष्ट होवतहय, हम सुत नाही सकतहन, बोल नाही जातहय, खाय नाही जातहय काव करी ? तो लरिकवा कहिस भगवानसय यिहो पुछदेवय । तब लरिका वहासय जायलाग ।

तो अइसय पहुचत-पहुचत, जातय-जात, जातय-जात लरिकवा भगवानकिहा जाय पहुँचा । भगवान किहा जब पहुँचा तो भगवान अपन आसनमय बैठा रहयँ । लरिकवा जायकय भगवानकय पाय लागिस् । भगवान् उन्हय आशीर्वाद दिहिन । फिन भगवान पुछिन “कइसय आयो, काव काम रहा ?” तो ऊ कहिस, “कहिदिओ भगवान, हमरय बहुत गरिब हन । हमार बाबा पछिल्हारय उठकय जातहय रोज-रोज भिख मागय । और भिख मागकय जौन चाउरअउर लावतहयँ तो दादी

हमार कुछ बनायलेहत ही और हमरय खायलेअतही जौन उसमयसय चाउरअउर बचतहय तो केहु भिख मागय आवतहय तो उन्हय दान दइदेहतहिन ।" जब हम देखेन तो दादीसय हम पुछेन येका बचायकय धइलेओ त अगलय दिन कामय आइ । तो दादी कहिन नाही बाबु ! जौन हमरय दान दइदेहतहन दानपुण्य कइदिहतहन ऊ परलोकमय जातहय भगवानकिहा रख्खा रहतहय कि जब हमरय उहाँ जावाजइ हम्मनकय मिली, तो यी काव फुरय हो भगवान ? हम्मनकय दादी जौन दान दिहत ही काव यहाँ धरयहय ?" भगवान कहिन "हँ यहाँ धराहय बाबु ।" तो कहिस "अच्छा भगवान हम्मय दिखाओ ।" कहिन "तो चलो देखलेओ ।" भगवान लइगयँ अपन साथय और महल खोलिन तो तमाम कमरय कमरा बहुत बडा महल रहय । कुल कमरा देखाइन । कमराक पल्ला खोल-खोल देखावयँ । भगवान कहिन देखो बाबु । यी कमरा मय जौन डेहरीहय यहमय साबाकय चाउरहय, यी देखो बासमतीकय धान होवय, यी देखो फलाना दाल रख्खाहय, यी अडहरकय दाल होवय । हथी देखो केरा होवय, यी आलु होवय, देखो तोहार बाबा जो दान दिहिन तोहार दादी जौन दान दिहिन देखो यी रख्खाहय । लरिकवा देखिस तो सन्तुष्ट भय । तो लरिकवा कहिस "हाँ भगवान हमार दादी अइसय ही कहतरहीन्" तो भगवान कहिन अच्छा बाबु ? तो लरिका कहिस "अच्छा भगवान हम जाइतहन, हम्मय बिदा देओ लेकिन एक बातहय । भगवान पुछिन् काव ?" कहिस कि हम जब रहियाम आवतरहेन तीन ठु हम्मय अइसन-अइसन मिलयहय । एक ठु गोरु मिला, एक ठु पेड मिला और एक ठु खेचुही मिला । तो उन्हरय अइसन-अइसन बात रख्खिन । बताओ काव बातहय ?" लरिकवा उन्हन सबकय बात भगवानकय सामनय रख्खिस तो भगवान सबकय बातकय समस्या समाधान किहिन । तब भगवान लरिकाकय बिदा किहिन ।

तब लरिकवा अपन घरय लौटय लाग । जातय-जात, जातय-जात, लरिकवाक पहिले खेचुहिया मिला । तो खेचुहिया पुछिस् लरिकवासय कि भगवान् सय हमार बात कइदियरह्यो ? लरिकवा कहिस हँ पुछ्यरहेन । कहिस काव कहिन भगवान ? हमार जौन गलफरवाम लाल-लालहय काव होइ ? हम्मय बहुत कष्ट होवतहय ? तो लरिकवा कहिस कि भगवान कहिन ही कि तोहार जौन गलफरवा जौनहय काटकय निकाल देवाजायी तो तुँहय आराम मिली । "लरिकवा उतना बतायकय बिदा होयलाग तो खेचुहिया कहिस कि बाबु हम केका भेटाव हमार गलफरवाक लाल तुँही काटकय निकालदेओ ।" तो लरिकवा कहिस "ठीक हय भाइ ! यहमा काव लागतहय ।" तो लरिकवा एक ठु चक्कु लइकय गलफरवा काटदिहिस् । गलफरवा काटकय अपन झोराम धइलिहिस । खेचुहिया तब राहतकय साँस लिहिस । खेचुहिया लरिकाक आशीर्वाद दिहिस कि "तुँ जुगजुग जियो ।" तब लरिकवा वहासय जायलाग ।

जातय-जात, जातय-जात रहियामय पेडवा भेटन अमवाकय । तो पेडवा पुछिस, लरिकासय कि पुछ्यरह्यो भगवानसय हमार बात । “लरिका कहिस “ह” । ऊ कहिस काव बातहय । लरिका कहिस कि “देखो तोहरय पेडकय नीचय माया भराहय, माया गाडकय रख्खाहय, वहिम सुना-चाँदी, हीरा-मोती, धन रख्खाहय । ऊ माया अगर केहु निकारलय तब तोहरय बहुरमय टिगोरा लागी तब तमाम फर फरयलागी ।” तो लरिका यतना कहिकय जायलाग तो पेडवा रोकिस लरिकाकय और कहिस यी हमार नीचय जौन माया हय खनकय निकारलेओ । “कहिस “ठीकहय ।” लरिकवा पेडकय नीचय खनिस और जेतना कुल माया रह्य सब उठायकय गठरिम बानिस मुडिप लादलिहिस तब लइकय जायलाग ।

जातय-जात, जातय-जात राहिमय बर्दवा भेटान । बर्दवा पुछिस् कि बाबु पुछ्यरह्यो ? लरिका कहिस हँ । ऊ कहिस काव कहिन तव ?” ऊ कहिस् कि भगवान कहिन कि पशुक जौन जात होवतहय ऊ होतहयँ बहुत दलिददर । दिनभर चरिहय तब्बो उनकय पेट नाही भरी यहिनातय भगवान उनकय उपरवाला दाँत नाही दिहिन । तोहार जब मुक्ति होइ तब यी कष्टसय तुहय छुट्टी मिली, जब तुँ दुसररय कुलमय जनम लेवो तवय तोहार पेट भरी ।” तो बर्दवा कहिस अच्छा ।” तब लरिकवा आगय चलिस् । चलत-चलत लरिकवा घरय पहुँचा । गरिब रहवय करय लेकिन ओकरय पास धन जायजाथ आइगय । माया लाइवयकरयरहा लरिका । तवसय उन्हरय धनी होइगय । वे अपन सुखसय रह्य लागयँ । खिस्सा खतम पैसा हजम ।

**नेपाली रुपान्तर**

एउटा गरिब परिवारमा तीन जना सदस्यहरु थिए । एक जना बाहुन थिए, उनकी एउटी आमा र एउटा छोरो थिए । त्यो बाहुन दिनभरि भिक्षा माग्न गाउँघर चहार्थे । दिनभरि भिक्षा माग्दा बल्लतल्ल एक दुई माना जति चामल पाउथे । त्यही चामल ल्याएर भात पकाइ उनीहरुको छाक टर्दथ्यो । एकदिन त्यही मागेको चामल पकाएर भात खान्थे बचेको चामल भिक्षा माग्न आउनेलाई दिने गर्थे । त्यो बाहुनको छोरो जान्ने बुझ्ने भइसकेको थियो । त्यसले आफ्नी हजुरआमासँग सोध्यो कि हजुरआमा हामीलाई नै खान पुग्दैन भने तपाईले किन बचेको चामल जम्मा गरी नराखेर अरु माग्न आउनेलाई दिनुहुन्छ । नातिको त्यस्तो कुरा सुनेर हजुरआमाले भनिन्, “हेर नाति हामीले माग्नेलाई जे जति चामल अन्न दिएका छौं त्यो त भगवानको घरमा राखिएको छ त्यो अन्न, चामल जुन हाम्रो हो त्यो वहाँ जम्मा भएको छ ।” नातिलाई हजुरआमाको त्यस्तो कुराप्रति विश्वास लागेन । उसले भन्यो, “नभएको कुरा गर्नुहुन्छ हजुरआमाले पनि । यहाँ हामीलाई खान नपुगेर बुबा

दिनदिनै गाउँघरमा माग्न जानुहुन्छ, बाहुन तथा अन्य माग्नेलाई नदिएर यहीं घरमा जम्मा गरेर राखे त अर्को दिनलाई खान हुन्थ्यो नि । माग्नेलाई दिएको अन्न, चामल त माग्नेले लग्यो नि कहाँ भगवानकहाँ जम्मा हुन्छ ।" नातिले यो झूठो कुरा हो कि माग्नेलाई दिएको अन्न, चामल भगवानकँहा जम्मा हुन्छ भनेर भने पछि हजुरआमाले नातिलाई ईश्वरप्रति विश्वास गर अनि मात्र तिमीले थाहा पाउछौँ कि माग्नेलाई दिएको अन्न, चामल हाम्रै नाममा भगवानको घरमा जम्मा हुन्छ भनेर सम्झाइन । नातिले हजुरआमाले भनेको कुरा सही हो कि गलत हो भन्ने कुरा बुझ्न चाह्यो । अनि ऊ भगवान कहाँ जाने निधो गर्छ । अनि उसले हजुरआमासँग भन्यो कि म भगवानको घर जान्छु । हजुरआमाले किन जान्छस् जान पर्दैन भनेर सम्झउँदा पनि उसले मानेन । उसले म भगवानकहाँ नगई छोड्दिन भनी जान तयार भयो । उसले हजुरआमालाई बाटो खर्च बाँधिदिन पनि भन्यो । नातिको ढिपीको अगाडि आफ्नो जोर नचल्ने देखि हजुरआमाले पनि नातिलाई बाटो खर्च पोका पारिदिइन् ।

त्यो बाहुनको छोरो हिड्यो । जाँदा-जाँदै, जाँदा-जाँदै उसले बाटोको छेउमा एउटा ठूलो चउर देख्यो । त्यो चउरमा एउटा गोरु चरिरहेको थियो । गोरुले त्यो केटालाई देखेपछि रोकेर सोध्यो कि तिमी कहाँ जाँदैछौ ? त्यो ठिटाले आफू भगवानको घरमा जान थालेको कुरा गोरुलाई बतायो । अनि गोरुले भन्यो, "तिमी भगवानको घरमा जाँदैछौ भने ठीकै छ मेरो पनि एउटा खबर भगवान कहाँ पुऱ्याइदेऊ ।" ठिटाले तिम्रो के खबर पुऱ्याइदिने हो त भनेर सोध्दा गोरुले भन्छ, "हेर भाइ म गोरु हुँ तर दिनभरि घाँस खाएर पनि मेरो पेट भरिदैन, मेरो मुखको माथिपट्टिका दाँत पनि छैनन्, के गर्ने होला, यही खबर नभुलीकन भगवानसँग भनिदेऊ है ।" त्यो बाहुनको छोराले ठीकै छ तिम्रो यो खबर मैले भगवानसँग भनिदिउँला भनी भन्यो ।

त्यो ठिटो आफ्नो बाटो अगाडि बढ्न थाल्यो । हिड्दा-हिड्दै, हिंड्दा-हिड्दै अगाडि बाटोको सामुन्ने एउटा रुखलाई भेट्यो । त्यो आँपको रुख थियो । त्यो आँपको रुखमा धेरै फूल फुलेको थियो । त्यो रुखको जरामुनि धेरै माया थियो । सुन, चाँदी, हिरामोती गाडिएको थियो । त्यो रुखमा फूल फुल्थ्यो तर फल लाग्दैनथ्यो । रुखलाई आफू फल्न नसकेकोमा चिन्ता थियो, त्यसैले त्यो रुखले त्यो ठिटोसँग भन्यो, "ए भाइ ! तिमी कहाँ जाँदैछौ ?" ठिटाले म भगवानको घर जाँदैछु भन्यो । अनि रुखले भन्यो, "त्यसो भए मेरो पनि एउटा खबर भगवानकहाँ पुऱ्याइदेऊन त ।" ठिटाले कस्तो खबर पुऱ्याउने हो भनेर सोध्दा रुखले भन्यो, "म यति धेरै फुलेको छु । यति फुल्दा-फुल्दै पनि फल लाग्न सकेको छैन । मेरो फल कसैले खान पाएको छैन । म बाँचेको धिक्कार भयो मैले के गर्ने हो । यही

खबर भगवानसँग बताइदेऊ ।" ठिटाले ठीकै छ तिम्रो यो खबर पनि मैले भगवानकहाँ पुऱ्याइदिउँला भनी भन्यो । अनि ऊ रुखबाट बिदा भई त्यहाँबाट सरासर अघि बढ्यो ।

हिड्दा-हिड्दै, हिड्दा-हिड्दै ऊ समुन्द्रमा पुग्यो । समुन्द्रको किनारमा एउटा ठूलो कछुवा बसेको थियो । त्यो कछुवाको दुवै गालामा रातो भएको थियो । उसको गाला रातो भएको कारणले उसलाई साह्रै पीडा हुन्थ्यो । त्यो पीडाको कारण कहिले यता र कहिले उता पल्टिन्थ्यो, कोल्टे फेर्दथ्यो । त्यो बाहुनको छोरो त्यहाँ पुगेपछि कछुवाले उसलाई सोध्यो, "ए भाइ ! तिमी कहाँ जाँदैछौ ?" त्यो ठिटाले म भगवानको घर जाँदैछु भनी जवाफ दियो । कछुवाले तिमीलाई के त्यस्तो अप्ठ्यारो पऱ्यो र भगवानको घर जाँदैछौ भनि सोध्दा ठिटाले केही अप्ठ्यारै परेर जाँदैछु भन्यो । अनि कछुवाले भन्यो, "ठीकै छ तिमी भगवानको घर जाँदैछौ भने मेरो पनि एउटा खबर पुऱ्याइदेऊन त ।" ठिटाले हुन्छ भनिदिउँला तर के खबर छ तिम्रो भनी ठिटाले सोध्दा कछुवाले भन्यो, "हेर भाइ, मेरो शरीरमा यस्तो गर्मी छ कि मलाई शान्ति हुँदैन । के गरेमा मेरो शरीर शीतल हुन्छ ? भगवानसँग त्यही कुरा सोधिदेऊ ।" ठिटाले हुन्छ म तिम्रो यो खबर पनि पुऱ्याइदिउँला भनी आफ्नो बाटो हिड्न सुरु गऱ्यो ।

हिड्दा-हिड्दै, हिड्दा-हिड्दै बाहुनको त्यो छोरो भगवानको घर पुग्यो । भगवानले उसलाई देखेपछि सोधे, "कहाँ आएका छौ ?" उसले भन्यो, "हामी साह्रै गरिब छौ । त्यसैले हामीले दिनदिनै भीक्षा मागेर आफ्नो पेट पालेका छौ । मेरी हजुरआमाले मागेको चामल, अन्न पकाएर हामीलाई खान दिनुहुन्छ तर कोही माग्ने मानिस आयो भने त्यही पकाएर बाँकी बचेको चामल, अन्न माग्नेलाई दिएर पठाउनुहुन्छ । मैले हजुरआमालाई बचेको चामल, अन्न बचत गरेर राखेमा अर्को दिन पकाएर खान हुन्थ्यो नि । तपाईले किन त्यो अन्न बचाएर नराखी माग्नेलाई दिनुहुन्छ भनेर सोध्दा हजुरआमाले के भन्नु भयो भने हामीले माग्नेलाई दिएको अन्न, चामल भगवानको घरमा जम्मा हुन्छ । मलाई विश्वास नलागेर भगवानको घरमा हाम्रो चामल, अन्न जम्मा भएको छ कि छैन भनेर हेर्न आएको हुँ ।" भगवानको घरमा त्यो ठिटो दुईचार दिन बस्यो अनि एकदिन भगवानले उसलाई जम्मा भए नभएको अन्न, चामल हेर्न जाऔं भने । भगवानसँगसँगै ऊ आफ्नी हजुरआमाले माग्नेलाई दिएको अन्न, चामल, जम्मा गरेको कोठामा गयो । त्यहाँ थुप्रै कोठाहरु थिए । कोठा-कोठामा थुप्रै डेहेरी थिए । डेहेरीमा धान, चामल र अन्य अन्न टनाटन भरिएको थियो । भगवानले उसलाई भन्नु भयो, "हेर यो डेहेरीमा भएको चामल तिमीहरुकै हो ।" भगवानले उसलाई अर्को डेहेरी देखाउँदै भने, "यो डेहेरीको धान पनि तिमीहरुकै हो ।" भगवानले उसलाई सोध्नु भयो कि

तिमी यति हेर्न आएका हौ कि अरु पनि काम छ । उसले भगवानसँग भन्यो कि हो भगवान म यति हेर्नकै लागि आएको हुँ । हामी धेरै गरिब छौ । गरिब भएकाले हामी भीक्षा माग्छौ । त्यो पन नबचाएर माग्नेलाई भीक्षा दिंदा मनले नमानेर यहाँ आएको हुँ ।" भगवानले भने, "हेर यो कालानिमकको चामल पनि तिमीहरुकै हो । यो बासमतीको धान, त्यो मोटा चामल पनि तिमीहरुकै हो ।" भगवानले उसलाई चित्त बुझाए । उसले पनि चित्त बुझायो । अनि बाटोमा आउँदा भेट भएका गोरु, रुख र कछुवाको खबर पनि भगवानलाई बताएपछि भगवानसँग बिदा लिएर ऊ आफ्नो घरतिर फर्कियो ।

आउँदा-आउँदै, आँउदा-आउँदै उ समुन्द्रतिर आयो । त्यसलाई देखे पछि कछुवाले सोध्यो कि तिमी भगवानको घर पुगेर फर्क्यौ भाइ ? ठिटाले पनि म भगवानको घर पुगेर फर्किदै छु भन्यो । तब कछुवाले मेरो खबर भगवानको सामुन्ने पुऱ्यायौ कि पुऱ्याएनौ भनेर सोध्दा ठिटाले पुऱ्याएँ भनेर भन्यो । अनि कछुवाले सोध्यो कि भगवानले के भन्नु भयो त । ठिटाले भन्यो, "हेर तिम्रो दुवै गालामा जुन रातो छ त्यसले गर्दा तिमीलाई गर्मी भएको छ कसैले तिम्रा राता गाला निकाल्यो भने मात्र तिमीलाई शान्ति हुन्छ ।" कछुवाले सोंच्यो कि अब मेरा  दुवै राता गाला निकाल्न कसलाई भनूँ । त्यसपछि कछुवाले त्यही ठिटालाई भन्यो कि तिमीले नै यी मेरा दुवै राता गाला निकाल अरु कसलाई भनूँ । ठिटाले पनि कछुवाको आदेशानुसार कछुवाका दुवै राता गाला चक्कुले चिरेर निकाल्यो अनि कछुवालाई शान्ति भयो । त्यो ठिटाले कछुवाका दुवै राता गालाको मासु लिएर घरतिर हिंड्यो ।

वाहुनको त्यो छोरो त्यहाँबाट हिड्दा-हिड्दै, हिड्दा-हिड्दै रुखनिर आयो । रुखले उसलाई देखेपछि सोध्यो कि तिमी फर्केर आयौ । ठिटाले म भगवानकहाँ पुगेर फर्केर आउँदैछु भन्यो । रुखले मेरो खबर भगवानसित भनिदियौ त भनी सोध्दा ठिटाले भने भनेर भन्छ । भगवानले के भन्नु भयो त भनी रुखले सोध्दा ठिटाले भन्यो, "भगवानले भने कि तिम्रो जरामुनि माया छ, त्यो माया कसैले त्यहाँबाट निकाल्यो भने मात्र तिमी फुल्ने र फल्ने हुन्छौ अरे ।" रुखले मनमनै सोच्यो कि "अब म के गरुँ । मैले खनेर जरामुनिको माया निकाल्न सक्दिन ।" उसले त्यो वाहुनको छोरोलाई रुखमुनिको माया खनेर निकाल्न भन्यो । त्यो ठिटाले पनि रुखको तलको जमिन खन्यो र रुखको जरामुनि रहेका सुनचाँदी हिरामोती भेट्टायो । उसले ती सबै सामान बटुली लिएर आफ्नो घरतिर हिड्यो ।

हिड्दा-हिड्दै, हिड्दा-हिड्दै ठिटो ठूलो चउरमा पुग्यो । त्यहाँ गोरु चरिरहेको थियो । त्यो गोरुले ठिटालाई सोध्यो कि तिमी भगवान कहाँ गएर फर्कियौ ? ठिटाले फर्के भनेर भनेपछि गोरुले

सोध्यो कि भगवानसँग मेरो खबर पुऱ्याइदियौं । त भनी सोध्दा ठिटाले पुऱ्याएँ भनेर भन्यो । अनि गोरुले सोध्यो कि भगवानले के भन्नु भयो त । ठिटाले भन्यो कि “भगवानले भन्नु भयो तिमी पशु हौ, पशुको पेट कहिल्यै भरिन्न । पशुहरु भनेका दरिद्र हुन् त्यसैले उनीहरुलाई माथिपट्टिका दाँत दिदैनौ ।” ठिटाले गोरुलाई भगवानले भनेका कुराहरु सुनाएपछि त्यो ठिटो त्यहाँबाट घरतरि हिड्यो । आफूले ल्याएका सामान जतनगरी राख्यो । तिनै सामानहरु बेचेर ऊ धनी पनि भयो । अनि उसलाई भीक्षा माग्न पनि परेन । इच्छा गरे पछि भगवानले जुटाइदिंदा रहेछन् । कथा समाप्त ।

## ९. भाटकय छोट्की पतोहिया

एक ठू रहा भाट । ओकरे छह बेटोवें रहें । छह बेटोवें रहें तो वे कुल बहुत गरिब रहें । छह बेटोवेनभयसे पाँच बेटोवेन्कय सादी होइगय । एक ठू छोटकाक नही भयरहा सादी । पाँच पतोहियो जब आइन् बहुत मलिच्छिन्की रहिन् कुल । घरकय इज्जत कुछ नही करत रही । कौनो सरसफाइँ नही । तब पाँच मिलाकय भेजे पतोहिया कि जा भिक्षा माग लाओ । भिक्षा जब मागेजाय कुल तब कहे कि केहमय ले आइवय । तब यहमय कि झोलाओरा सिइकय दिहिन् एक ठू दुई ठू । तब कहिन् कि जौन पायो तौन यहिमय धइदेओ । तौन उनहनकय धान, चावर, गहुँ और कौनो उइसन सामान पाव बस एक्कयम् धइलेव । एक्कयम धइलेकय आयँ ौ उइसे कुल बनायढोर पाँचो मिली । तो छोट्का खाये बैठे और बुढवा खाये बैठे तब कहे कौन मेरका खाना बनायहय कि मुहयम् गढतहय । कैसे कैसे कुल बनायरहे । तब पुछे तब देखे जब बुढवाक बिलगाय नही ।

पुछे जब कहे ददै एइसन् बनायहय खनवा कि  एक्को कोडे चलते नही बा, अन्दर जाते नही । कइसे खायजाइ यी । एकरबाद दोचार कौडो-कौडो खायजाय । ओकरबाद बहायवहाय जाय औरो । जब छोटका बेटवा खाय बैठे तब ओ बोले भउजइनकय । कुल कहे रे जात् तो दुसर सादी आपन कइलेवजाय पतोहिया कहिन् । तो अपन सादी कइलेबो तो तोहार दुलहिन् जब, आइजाइहय तब बढिहनसे बनाइहय खियाइहय, हम्मनकय जौन आवतहय तौन हम्मनकय करितहय । कहे अच्छा ठीक है छोटका बेटवा कहिस् तो ओकर सादी लगा । सादी ओकर होइगय । जब सादी होइगय तो ओकर दुलहिनिया जब आइन् तो ओकर दुलहिनिया जब देखे ए कुल चलुहिया तो ओसे बरदास्त नाही होइगय । एतना मलिच्छिन् ओ अच्छे घरकय रही ओवय गरिबे घरकय लेकिन, बुद्धि दिमाग रहे । पढेलिखी रही । तब कुल चिजे अपेन सफाइसय ओ करे । तब कहे कि देखो सब जने कि भिक्षा मागे पठइत हो तु कि जइ जने हव तइ ठू झोरा देव औ वहा परसे कइदेव । तब अपने ही कहिस् कि सब जाने जाओत् हो मागे, जेतना सामान पायो सब अलग-अलग ल्यायो । एक्कयम् न रखयो । तब अलगे-अलगे कुल लेइकय आवें । तो वो पिस् फटक्कय बढिया से अपन बनवाय तव खायबैठे जब, तब कहे हे अनबुल्ला महाराज चारमय पाँच मिली एइसन खाना बनावय कि तनिकओ धस्बय नही करे औ आज यह खनवा के बनाइसहय कि एतना बढिया लागतहय खाय्जायत्हय । तव ऊ सफाइसय बनावे मने तो रोज खायपिये ।

तव एमदफे दिपावली पडा । तो दिपावलीकय दिने जात रहिन् कुल मने फर्माइस् कि किसी जेठिनियानसय । कुल लिपिन्पोतिन् । बिस्तराउस्तरा कुल साफ् किहिन । कपडा लत्ता कुल साफ

कइकय अपने कुल मिली गइन् नहाय छओ मिली नदी परे । तो राजाक् लडकी गइरहिन नहाय । राजाक् लड्कीकय नौलखा हार वही नदियापय भुलायगय । अपन  नहायधोइकय चलिगइन् अपने घरे । बस् यी का किहिस् छोटकी पतोहिया हारवा उठायलाय धइलिहिस् अपने घरेमय ।

जब संझा भइल् पहिरेक् टायम् तो ते ये बत्तिकय तव खोजे लाग् घरमय नही पाइस् तव कहत्हि कि भाटवाक् जौन छोटका बेटौवा बा उहिक् औरतवा पाछे आइस् नहाकय वही पायहोइस् शंका किहिस् । तव ओ का किहिस् आयकय-राजा जव् सुनिन् राजा आइन गावमय । एक ठू पासी रहल्रह्य तो वहीसे कहिन् तुँ जाव ढिटओर पिट्दो गावँमय कि जे राजाकय बिटिहवाकय हार पावेहय नौलखा हार तो देइदेय और जे नाही देइहय राजसय निकलवा देव तेकय । तव पिटिन् वो गोहराइस् अपन कहिस् । तव एकर छोटकीक् पतोहिया कहिस् कि जाओ राजाकय भेजदेओ, हम पायहयन, जाओ राजाकय भेजदेओ । तब गयैं तव राजा कहिन् कि हम ओकर द्वारेपय जाइ भटवाकय ? हम भाट जातकय भाट नीच् जातिन्कय द्वारपय ? राजा कहिन् हम नही जावे । तव कहिन् कि जव नाही वन् जाइहँय तवतक्लय हम उनकय हार नही देवे पतोहिया कहिस् । तव का किहिन् जायकपरा अव झक् मारकय, अब वे तो नौलखा हार रहे । तव राजा आइन् । राजासय कहिस् कि तीन त्रिवाचा आंप हारदिहलजाय तो आपकय हार मिली, अव नही हारजाय तो नाही मिली । तव कहिन् कि कौन बात् । कहे मानल् जाइ हमार् बात, हमार वचत पुरा होइ कि नाही ? कहे कि पुरा होयलाक् रही तो पुरा करब् नाही पुरा करेक्लाक होइ तो नाही करब् । तव कहिस् कि कल तो दीपावली हो लेकिन् हम यही चाहित हय कि दीपावलीक् दिने बत्ती केहुक् घरमय नही बरेक्हय, अगर बलजाई तो हम हार नही देंव, चाहे जौन होइजाइ हमे, भले गाँव छोड्कय जायक् परी लेकिन हम हार देव नही । तव फिन् ढिटओर पिटवायन दिहिन् राजा । कहिन् कि जाव ढिट्ओर पिट्देओ कहिदेओ कि केहुक् घरे अंजओर जो देख मिली तव गाँव हम फुकवादेवे सब्कय घर । केहुक घरे बिहाने दीपावलीकय बत्ती नाही बरेक् चाँहि । गय अवो कहिस् पासिया । अव केहुक् घरे नाही बत्ती बरा सब अन्धारे-अन्धार । सबक्य घरे बत्ती नही बरा ।

कितना आदमी रहे गाँवमय सब्कय अन्धार । जब यिनकय घरे खानावना बन्गय, सब् खाइस् पिहिस् अओ दिया बरे यिनकय । अपने घरेमय छोटकी पतोहिंया दिया बारिस् । अओर् बाहरे नही रख्खिस, दरवाजेपय बत्ती रख्खिस् । अव बुढवाकय खाना दिहिस्, जतना बुढवा खाये ओ दिन ओतना आशीर्वाद देवे छोट्कीक् पतोहियांकय । बुढवा खायबैठा तव कहत्हय ए बच्चा आज हमार रोंमा यह जोड होइगय अओ आज हमार पेट भरगय खानोस अब बहुत् निक् लागत्, हम बहुत

अच्छासय खायलीहय आज । जहाँ रहो तुँ तहाँ तहुँ लक्ष्मी माता बढन्ती करय, दूधभात कब्बो न घटय बुढवा कहिस् । तव ओ कहिस् कि बाबाकय बिस्तारा बिछाइदेय, भिचभाच दिहिस् अओ वही सुतायदिहिस्, दरवाजेपय एक ठू डण्डा धइदिहिस् । कहिस् बाबा वहीं सुतारह्यो- केहु जो आइ तो बिना तीनत्रिवाचा हरार्यालय अन्दर नाही घुसे दियो । कहिन् यी काव कहे चाहे जे आइ लेकिन अन्दर जायनाही दियो । डण्डा लियकय बुढवा सुतिन् । तव बाह्र बजा रातकय जेठानिया कुल खायकय गइन सुतिन् । जेठवे कुल गय सुते ओ ओकर परिवरे गये सुता । अब कुल पल्ला फाटक सब बन्द करकय घरमय दीपक जलाकय अओ पूजा करेक बैठिस् बाह्र बजे राति छोटकी पतोहिया ।

बाह्र बजे रातकय जब् पूजा करेक् बैठिन् तव ओहर लक्ष्मीजी चलिन् । तव जव सबकय घरमय देखिन् यी कि कुल खानावना होइगय । तव बुढवासय कहिन् जायलागिन् दरवाजाओर । तव कहतहय बुढवा के हो जात हय यी के हो यी ? तव कहिन, हम, कहिन् तनि नाम बताओ ? तव कहिन्-अच्छा बाबा बताइव । तव कहतहय-कहाँ जात्हिउ, तव  कहतहिन् जाइतहय हम वही घरमय । तव कहतहय घरमय जाइतहिउ तो एइसय नही हलतहय जवतक हार नाही जाविउ, जाओ तो फिन निकरेक् नाहीहय । तव कहतहय् जव  अन्दर घुस जाव्यु तव फिन निकरेक नाही हय । कवतक ? जवतक चारपाँच पुस्ततक निकरेक नाही हय । तोहार मन रही तो जिन्दगी भर अपन रहयो सबसय मिलकय । कहिन् कि अच्छा । लेकिन पहिले बताइदेओ तो अन्दर हलो । तव सोचे लागेन अपन मनमय । कहिन् कि अच्छा । वन गइन् अन्दर तव छोटकी पतोहिया बैठी रही सोचत ध्यानमय । तव कहिन् हम कहा बैठी तो छोटकी पतोहिया कुछ नाही बोलतही । माताजी केहो आप ? तव कहिन् कि हम लक्ष्मी । तव कहिन् कि आपकय जहाँ खुसी हो तहाँ रहल्जाय । हमार घर यही होय झुपडीवाला । कहिन् हम कुल ठीक कइदेव, लेकिन हमे रहेकय बैठेकय जग्गा बताइदेव । तव जहाँ देवताक् बाबाकय स्थान रहा वही गइन् तो वही बैठ गइन् । तब वहीं बैठ गइन् तो उनकय रतिया भरमय सब बदलगय । रात भरमय उनकय घरद्वार कुल गिरकय पस्त होइगय अओर बनगय पक्का । ओढ्ना, बिछौना, चादर, दाल, चीज कपडा लत्ता हरेक चीज सब । अओर बिहान अओर नौलखा हार राजाकय बुलायक देइदिहिन । लेकेजाये घरे अपने । तव बिहान भर सब हल्ला होइगय गाँवमय कि भाटवाकय घर जौन रहल तौने पहिलेक् रातभरमय एइसन् होइगय कि ओकरे घरमय लक्ष्मीमाता निवासिन् भइ तो ओकर घरमय कौनो चिजकय परेसानी नाही बा । पतोहिया कुल छह निकरलिन । तो उनहु देखिन् कि कौन उइसन, मन्तर मारे ही यिन् छोटकी पतोहिया कि एइसन् कुल होइगयहय । हम्मनकय रहतमय नाही एइसन् कब्बो भइलहय, एतना दुःख एतना परेसानी सय हम्मनकय रह लीहय । अओ यिनकय ऊ देखो कइसन होइगयहय

बदरगयहय सब चीज । ओकर बादमय गाँवकय आदमी सब देखे आवे सबरे कि चली देखे फलानेकय घर बनगय । चलो कुल चीज देखे, जो देखे तेमने बहुत तराख खाय । तव् छोटकिक् पतोहियाकय बहुत पैसा इनाम दिहिन् राजा । जे आजे देख्त ते सुन आशीर्वाद देव । बडा जे रहे छोट् जे रहे सब् । अपन राजपाठ कुल खेवे लागवे छोटकी पतोहिया औ ससुरा ओकरे उहा बहुत तरक्की करय । जहाँ हो तहाँ बतुवाय । बढियासय कपडा लत्ता कुल पहिरायदेय । नवा नवा कुल बढियासय आरामसय अपन रहे लागय । खाय पिये कुल चिजकय आरामसय होइगय । आपन फिन राज्उज् चलाय लागय । खिस्सा खतम् ।

**नेपाली रुपान्तर**

एउटा भाट थियो । उसका ६ जना छोराहरु थिए । ती सबै गरिब थिए । ६ छोराहरुमध्ये पाँच छोराहरुको विवाह भइसकेको थियो । एउटा कान्छो छोराको विवाह भएको थिएन । पाँचवटी बुहारीहरु आए तर तिनीहरु धेरै फोहोरी थिए । घरको इज्जत मान मर्यादा केही राख्दैनथे । कुनै सरसफाइ पनि गर्दैनथे । ससुराले ती पाँचैजना बुहारीहरुलाई भीख माग्न पठाए । भिख माग्न ती सबै जना जान तयार भए तर के मा ल्याउने भनेर सोधे । तब ससुराले एक दुईटा झोलासोला सियाएर दिए । त्यसपछि ससुराले भने कि जे पाउँछौ यही झोलामा राखे । जब उनीहरु माग्न हिंडे माग्दा उनीहरुलाई कसैले धान, कसैले चामल कसैले गहुँ दिए कुनैले अरु कुनै सामान दिए पनि उनीहरुले सबैलाई एउटै झोलामा राखे । खाना बनाउँदा पनि पाँचै जनाले सबै भिसाएको अन्नको खाना बनाए । जब कान्छो छोरो र ती बुहारीहरुका ससुरा खाना खान बसे पछि बुढाले भन्यो, “कस्तो खाना बनाएका होलान् यिनीहरुले कि खाना मुखबाट पेटभित्र छिर्दै छिर्दैन । कसरी यिनीहरुले खाना बनाएका होलान् ।” जब बुढाले बुहारीहरुलाई सोध्छन् बुहारीहरु कोही पनि बुढाको अघि देखिन्नन् ।

जब बुढाले भने बाबै यस्तो खाना बनाएका छन् कि यी बुहारीहरुले एक गास पनि भित्र जाँदैन । कसरी खाने हो । केही गास मुखमा राख्यो भित्र नपसेपछि त्यसलाई फ्याकिदिए । जब कान्छो छोरो खान बस्यो उसले भाउजुहरुलाई के यस्तो खाना बनाएको भनेर गुनासो गऱ्यो । तब उसका भाउजुहरुले उसलाई गएर तिमीले विवाह गरन भनेर भने । विवाह गरेर ल्याएपछि तिम्री स्वास्नीले राम्रोसँग राम्रो खाना बनाएर खुवाउलिन् । हामीलाई त जस्तो बनाउन आउँछ त्यस्तै बनाउँछौ नि । कान्छो अर्थात् कान्छो देवरले ठीकै छ भन्यो । त्यसपछि उसको विवाहको कुरोकानी भयो । उसको विवाह पनि भयो उसको विवाह भएपछि उसकी स्वास्नी आइन । उसकी स्वास्नीले

आफ्ना जेठानीदिदीहरुको चतुऱ्याइ देखेपछि उसले सहन सकिन । उनीहरु धेरै फोहोरी र अलिच्छिनी थिए । ऊ राम्रो घरकी थिई । गरिव घरकी भएपनि बुद्धि दिमाग थियो । पढेकी थिई । उसले घरको काम बडो सफाइसँग गर्दथी । उसले ससुरालाई के भनी भने तपाईंले बुहारीहरुलाई भीख माग्न पठाउँदा जति जना भीख माग्न जान्छन् त्यतिवटा झोला दिनुहोस् र उनीहरुलाई अलग-अलग भीख ल्याउन भन्नुहोस् भनेर भनी । तर आफैले जो भनी कि सबै जना भीख माग्न जान्छौ, जति पाउँछौ सबैले छुट्टाछुट्टै ल्याए, एउटै झोलामा नराखे । तब उनीहरुले आफूहरुले मागेको चीज अलग-अलग ल्याए । उनीहरुले ल्याएको अन्नलाई देवरानीले सुपामा राम्रोसँग केलाएर, पिसेर अनि मात्र खाना बनाउन थाली ।

जब ससुरा खाना खान बस्छन त उनी दंग पर्दै भन्छन् कि हे भगवान पाँचवटी बुहारीहरुले खाना पकाउँदा उनीहरुले पकाएको खाना अलिकति पनि पेटभित्र छिर्दैनथ्यो तर आज कसले यस्तो खाना बनायो कि यति मीठो र सफा छ खाँदा खुबै आनन्द आउँछ । कान्छी बुहारीले यसरी सफासँग राम्ररी खाना पकाउँदा मिठो हुने हुनाले दिनदिनै उसैले नै खाना पकाउन थाली । एक पटक तिहारको समय आयो । घर लिप्ने पोत्ने काम भयो । घर आँगनको सफाइ गरियो । बिस्तराउस्तरा सफा गरे, मिलाए । कपडालत्ता सबै सफा गरेपछि ती ६ जना जेठानी देवरानीहरु सबै नदीमा नुहाउन गए । राजाकी छोरी राजकुमारीले आफ्नो नौलाख हार त्यही नदीमा नुहाउँदा बिर्सेर गएकी थिइन । आफू नुहाइवरि घर गएकी थिइन् । त्यो हारलाई कान्छी देवरानीले देखेकी थिई । उसले के गरी भने त्यो हार उठाइ आफूले राखी घरमा ।

जब साँझ पऱ्यो । राजाकी छोरी राजकुमारीले हार लगाउन खोजी तब बत्ती बालेर हार खोज्न थाली । जब हार मेट्टिएन तब उसलाई भाटकी कान्छी बुहारी नदीबाट नुहाएर पछि आएको देखेकीले उसैले हार भेटाइ होली भन्ने शंका गरी । तब उसले आफ्नो बुबासँग आफ्नो हार नदीमा भुलेको र त्यो हार भाटकी कान्छी बुहारीले भेट्टाएको शंका गरेको कुरा सुनाई । राजा गाउँमा आए जहाँ भाटको घर थियो । राजाले एउटा पासीलाई बोलाएर गाउँमा हाक हाल्न लगाए कि जसले राजाकी छोरीको नौलखा हार भेट्टाएको छ उसले त्यो हार दरबारमा गई बुझाउने यदि नबुझाएमा उसलाई त्यो राज्यबाट राजाले निकाल्ने छन् । तब पासीले ढयाङग्रो ठटायो र राजाको आदेश सबैले सुन्ने गरी गाउँभरि भन्दै हिड्यो । तब भाटकी कान्छी बुहारीले राजालाई आफ्नो घर आउन पर्छ भनेर खबर पठाई । जब राजाले भाटकी कान्छी बुहारीको यो खबर सुने उनी रिसाएर भन्छन्, “म के भाटको ढोकामा जाऊ ? म राजा भएर जातिले भाट भएको नीच जातिको घरमा म जाने ?”

उनले म भाटको ढोकामा जान्न भने । तब भाटकी कान्छी बुहारीले राजा हाम्रो घरमा आउँदैनन् भने म पनि हार दिन्न भनेर अड्डी कसी । भाटकी बुहारीको खबर सुनेपछि राजाले लाज पचाएर भएपनि जानु पर्‍यो भने । किनभने त्यो त नौलखा हार थियो चानचुने थिएन । राजा भाटको घरमा गएर भाटकी कान्छी बुहारीलाई भेटी आफू आउनुको कारण बताए । तब भाटकी कान्छी बुहारीले राजालाई भनी कि तपाईले तीनत्रिवाचा गरेमा हार मिल्छ नत्र भने हार मिल्दैन । तब राजाले भने कस्तो वाचा गर्ने ? उसले भनी मेरो वाचा मान्नु हुन्छ कि हुँदैन । मेरो  बाचा पूरा गर्नुहुन्छ कि हुँदैन ? तब राजाले भने तिम्रो वाचा मान्न लायक भए मान्छु नत्र वाचा पूरा गर्न लायक नभए मान्दिन । तब त्यो भाटकी कान्छी बुहारीले राजासँग भनी कि भोलि तिहारको लक्ष्मी पूजाको दिन हो । त्यो दिन साँझ कसैको घरमा बत्ती बल्नु हुँदैन । यदि कसैको घरमा बत्ती बल्यो भने मैले हार दिन्न चाहे जे होस, चाहे मलाई गाउँ छोडेर नै किन जान नपरोस् मैले हार दिन्न । राजाले उसको बाचा स्वीकार गरेर उनले गाउँभरि पासीलाई ढयाङ्ग्रो ठटाउन लगाई हाक हाल्न लगाए कि भोलि तिहारको लक्ष्मीपूजाको दिन साँझ कसैको घरमा पनि बत्ती बाल्न हुँदैन जसले अटेर गरी बत्ती बाल्छ त्यसको घरमा राजाले आगो लगाउने आदेश दिएका छन् । तब राजाको हुकुम बमोजिम पासीले गाउँभरि सबैलाई राजाको उर्दी सुनायो । त्यसपछि लक्ष्मीपूजाको साँझ कसैको घरमा पनि बत्ती बलेन, चारैतिर अन्धकार छायो ।

जति पनि मानिस थिए गाउँमा सबैको घरमा अँध्यारो थियो । जब भाटको घरमा खानाउना तयार भयो सबैले खानपिन गरे । यिनको घरमा बत्ती बल्यो । आफ्नो घरमा भाटकी कान्छी बुहारीले बत्ती बाली । बत्ती बालेर उसले बाहिर राखिन ढोकानिर राखी । त्यसपछि ससुरालाई खाना खान दिई । बुढाले जति खाना खाँदै गए उति उति आर्शीवाद पनि त्यो कान्छी बुहारीलाई दिंदै गए । जब बुढाले खाना खाए तब भन्छन् आज मेरो शरीरको रौंमा यस्तो जोड पर्‍यो कि खानाले मेरो पेट भरियो । आज निकै राम्रो भयो, मैले आज राम्ररी खाना खाएँ । जहाँ तिमी बस्छयौ त्यहाँ लक्ष्मी माताले तिम्रो उन्नति गरुन, दूध भात कहिल्यै नघटोस् ससुराले आशीर्वाद दिदै भने । त्यसपछि बुहारीले ससुराको सुत्ने बिस्तारा मिलाइ दिई र त्यही सुताइदिई । ढोकानेर एउटा लौरो राखिदिई । त्यसपछि ससुरालाई भनी ससुरा तपाईं यही ढोकानेर सुत्नुहोस् । कोही आयो र भित्र पस्न खोज्यो भने उसलाई तीनत्रिवाचामा हराएर मात्र भित्र आउन दिनुहोला नत्र भने नदिनुहोला । बुढाले सोध्यो यो के हो ? त्यसपछि बुहारीले भनी जो आए पनि भित्र पस्न नदिनुहोला । लौरो समातेर बुढा सुते । बाह्र बजे राती सबै बुहारीहरु खाना खाएर सुत्न गए । जेठाजुहरु पनि सुत्न गए र उनीहरुका परिवारहरु सबै सुते । त्यसपछि कान्छी बुहारीले सबै झ्याल ढोका बन्द गरेर, बत्ती बालेर बाह्र बजे

राती पूजा गर्न सुरु गरी । जब कान्छी बुहारीले बाह्र बजे राती पूजा गर्न बसी तब उता लक्ष्मीदेवी हिड्न थालिन् । सबैको घरमा खानपिन गरेर सबै सुत्न गएको देखे पछि लक्ष्मीदेवी त्यो भाटको घरमा आइन् र घरको ढोकानिर पुगेपछि बुढालाई आवाज दिइन् । तब बुढाले को हो भित्र जान खोज्ने ? तब लक्ष्मीले म हुँ भनेर भन्छिन् । बुढाले नाम सोद्धा लक्ष्मीले हुन्छ बाबा म आफ्नो नाम पनि बताउँछु भनी लक्ष्मीले आफ्नो नाम बताइन् । तब बुढाले तिमी कहाँ जाँदैछ्यौ भनेर सोद्धा लक्ष्मीले यही घरमा जाँदैछु भनेर बताउँछिन् । तब बुढाले भन्छ तिमी घरभित्र जाँदैछ्यौ त यसरी जाने होइन जब सम्म तिमी तीन त्रिवाचामा हार्दिनौ । तिमी भित्र गयौ भने बाहिर आउन पाउँदैनयौ । लक्ष्मीले कहिले सम्म म बाहिर निस्कन पाउन्न भनेर सोध्छिन् । जब सम्म चारपाँच पुस्ता बित्दैन तबसम्म निस्कन पाउँदैन्थ्यौ । तिम्रो मन भए जिन्दगी भर भित्रै रहनसक्छयौ सबै सँग मिलेर । लक्ष्मीले भनीन् ठीकै छ । बुढाले भने पहिले बताइदेउ मैले भनेको वाचा मान्छयौ कि मान्दिनौ तब मात्र घरभित्र पस्न पाइन्छ । तब लक्ष्मीले केही बेर मनमा सोचिरहिन् त्यसपछि भनिन् ठीकै छ । अनि लक्ष्मी घरभित्र पसिन् । जब लक्ष्मी भित्र गइन् भाटकी कान्छी बुहारी ध्यानमा मग्न थिइन् । लक्ष्मीले उनी सित म कहाँ बसूँ भनेर सोद्धा कान्छी बुहारी केही बोलिन । कान्छी बुहारीले आमा तपाईको हो भनेर सोद्धा लक्ष्मीले म लक्ष्मी हुँ भन्छिन् । तब ती बुहारीले भनिन् तपाईलाई जहाँ मन लाग्छ तपाई त्यहाँ बस्न सक्नुहुन्छ, हाम्रो घरमा । हाम्रो घर यही हो झुपडीको । लक्ष्मीले भनिन् मैले सबै ठीक गरिदिन्छु तर मलाई बस्ने ठाउँ बताइदेऊ । त्यसपछि जहाँ देवताको स्थान थियो त्यही गएर लक्ष्मी देवी बस्न थालिन् । जब उनी बसिन् तब रातभरिमै सबै कुरा बदलियो । रातभरिमै उनको घरद्वार सब झरेर नष्ट भयो र पक्की घर बन्यो । घरमा ओढ्ने ओछयाउने, चामल दाल, कपडा लत्ता हरेक चीजले घर भरियो । जब बिहान भयो कान्छी बुहारीले राजाकी छोरीको नौलखा हार राजालाई बोलाएर दिइन् । राजाले त्यो हार लिएर घर गए । तब बिहान-भरिमा सबैतिर हल्ला भयो कि गाउँमा भाटको जुन पहिलेको घर थियो रात भरिमा यस्तो भयो कि घरमा लक्ष्मीदेवी बसिन् र उनको घरमा कुनै चीजको अभाव भएन । ६ वटी बुहारीहरु सबै घरबाट बाहिर निस्के । ती बुहारीहरु मध्ये पाँचवटीले के देखे की यो कान्छी देवरानीले कस्तो जादु मन्तर गरी कि रातभरिमै यति ठूलो परिवर्तन भयो घरमा । हामी यस घरमा अहिलेसम्म रहँदा यस्तो कहिल्यै भएन । यति धेरै दुःख कष्टसँग हामी रह्यौ यो घरमा । अहिले ऊ उसलाई हेर्दा कति बदलिएकी छे सबैचीज बदलिएको छ । यसपछि गाउँभरिका सबै मानिस हेर्न आए कि फलानाको घर बदलिएको छ सबै चीज बदलिएको छ भनेर । सबै मानिसले जाऔं हेर्न सबै कुरा भनेर हेर्न आए जतिले देखे त्यतिले अचम्म माने । त्यसपछि कान्छी बुहारीलाई राजाले पनि धेरै पैसा इनाम दिए । जसले कान्छी

बुहारीलाई त्यो दिन हेरे ती सबैले उसलाई आशीर्वाद दिए । ठूला साना सबैले । आफ्नो घरव्यवहार सबै कान्छी बुहारीले चलाउन थालिन् र उसका ससुरा ढुक्क सँग बसे । जहाँ गए उनी त्यही घरको प्रगतिको बारेमा बताउन थाले । ती ससुरालाई राम्रोसँग कपडा लगाइदिइन् कान्छी बुहारीले । नयाँ नयाँ घर अरु सबै थोक भएपछि आरामसँग बस्न थाले । खानपिन सबै कुराको सुविस्ता भयो । आफ्नो घरको व्यवहार राम्रोसँग चल्न थाल्यो । कथा समाप्त भयो ।

## १०. मेघिया रानी

कौनो पुरान जमानामय एक कौनो गावमय रहतरहयँ तीन बहिन मेघिया । वे तीन मेघियामयसय एक जनय घरकय दाँतीतर रहतरही, एक जनय खेतमय रहतरही और दुसर तौन घरकय लग्गय जौन पेड रह्य उह्यक निचवा रहतरही । तीनो मेघिया बहिन एक घरकय आसपास रहतरह्यँ । ऊ घरमय नौ जनय परिवार रहतरहयँ । ऊ परिवारमय एक बूढा रह्यँ, एक बूढी और उनकय चार ठु बेटौवे रह्यँ । तीन ठु बेटौवाक सादी भयरहा । पतोहिया घरमय आइगयरहयँ । उस घरमय एक दिन तेल पेरेक कार्यक्रम रह्य । पहिले-पहिले काठिक कोल्हुमय तेल पेराजातरहा । ऊ घरकय ससुहिया अपन पतोहिनकय तेल पेरेक कहिस । जौन दिन तेल पेरेक रह्य तौने दिन एक ठु पतोहिया खेतमय नहारी लइकय गई अपन  मर्द और देवर लोगनकय लिय जौन वे खेत जोतत रहयँ । जब वे लोग खेत जोतत रह्यँ तो एक ठु बेटौवाक हरकय फार खेतकय मेघियाक देहिम धसिगय । जब फारवा मेघियाक देहिम धसिगय तो मेघिया मरिगई । तबलुक बुढियाक पतोहिया नहारी लइकय खेतमय पहुँची तो जौन पेडवाक नीचय रहतरही तौने मेघिया बोलिस, “ए भन्सरिया दिदी ! खेत दिदी मरिगइन, पेडकय दिदी नहायभइ पाखो दिदीकय नहायक कहिदियो ।” नहारी लइकय जौन पतोहिया जातरही और खेतकय लग्गय पहुचतरही ऊ सुनिस अइसन अवजिया तब ऊ अचरजमय पडिगई और यहरउहर ताकत ही लेकिन केहुक नाही देखपाई । तब ऊ कहिस मनमय “के हो हम्मय दिदी कहत ही ?” ऊ अपन मर्द और देवरलोगनकय नहारी खियाइ पियाइकय तब कहिस उनहनसय कि, “कौन लरकी हम्मय दिदी कहत ही ?” तब ओकर मर्दवा कहिस, “केहु कह्य होई, काव भय, छोडदेओ अइसन बतिया ।” तब ऊ पतोहिया नहारी खियाइकय घरय आइस । जब ऊ घरय पहुँची तो घरकय परिवारसय बतायलाग कि, “के हो आज जब हम नहारी लइकय खेतेम पहुचेन तो हम्मय दिदी कहिकय पुकारिस, कौन घरकय लरकी हो नाही चिन पाएन हम्मय ऊ भन्सरिया दिदी कहिस, और काव कहिस कि ऊ कहिस कि खेत दिदी मरिगई, पेडवाक दिदी नहाय भइ, पाखो दिदीकय नहायक कहिदियो । हमरय तो यहाँ तीन मिली बहिन हयी, एक ठु तौन मरिगयरही ।” जब अइसन बात सुनिन तब सब अचरजमय पडय । तब ससुर जी कहिन कि, “छोडदेओ अइसन बतिया करय ।”

उह्य दिन घरकय तेल पेरेक कार रह्य । ससुहिया कहिन कि अरे हो पतोहियो जल्दी-जल्दी खाना खाओ और जल्दीसय जल्दी तेल पेरकय लाओ । तेल पेरेकबाद दुसर कार करेक होइ । तब सबय पतोहिन तेल पेरेक ओर लागिन । तोरीकय ढिकायकय कोल्हुमय अनाय दिहिन तेल पेरत-

पेरतमय थोडा खरि भुइयाम गिरयलाग । वहीँ लग्गय मेघिया कुदकय आइस । मेहरारुलोग सब कोल्हुकय धुरा पकडकय घुमावय लागयँ और अपनो घुमय लागय धुरा पकडकय । जब वे देखिन कि जहाँ खरि गिरय रहय उही मेघिया आयरही । तब एक मेहरारु कहिस कि, “मेघिया काह्य आय ही । हमार पयरकय नीचवा पडि तो मारयजाइ ।” तब एक मेहरारु अपन पयरसय मेघियाक एक ओर बगलियाइन । फिन ओही मेघिया जहाँ खरि गिरय रह्य उही जमिनियाम कुद्कय आइस् । एक पतोहिया अपन हातसय कोल्हुकय भितर खरि चलायलागिस, तो एक ठु खरिकय छोट ढेला भुइयम गिरतहय । जौन खरिक टुकडा भुइयाम गिरयरहय तौनय टुकडा लइकय मेघिया कुदिस और तनिक दुर चलय गइस । उही समयम गाव बर्द चरायवाला छोटका बेटौवा भात खायक घरय आइस । ओकर भाइलोग खेतमय जोतत रह्यँ । तब कोल्हुक डण्डी पकडकय जौन घुमावत रह्य तौनय भउजियन कह्यलागय कि, “यी मेघिया खरिया लइकय कहाँ जातहय ?” अपन भउजियाक अवजिया सुनकय छोटका देवर बर्दिहवा मेघियाक पाछे-पाछे चलदिहिस् । “मेघियाक खरिक कौन काम लागत होइ” अइसन विचार कइकय बर्दिहवा चेक करय मेघियाक पाछे पडिस । मेघिया खरिया लइकय कुदत-कुदत नदीमय जायलाग । बर्दिहवा भी ओकर पाछे-पाछें ताकत-ताकत गय । बर्दिहवा दुरसय ताकतय रह्य कि मेघिया जान नपावय । नदीमय एक ठु चिपटा पत्थर रह्य । मेघिया खरिया लइकय वहीं पत्थरपय रख्खिस । खरि धरकय ओकर उपर थोडा पानी अनायदिहिस । पानीमय खरिया जब गलियाय तब मेघिया खोखर कौनो चीज निकारकय वहाँ रख्खिस । ओही खोक्राइलमयसय एक ठु बहुत सुन्दर लरकी निकरआइ । बर्दिया तनिक दुरसय सुन्दर लरकीकय मुह देखिस । सुन्दर लरकीकय रुप और जवानीसय बर्दिहवा मोहित भय । ऊ अपन मनमय सोचिस कि, “लरकी बहुत सुन्दर हई, अब हम इससय सादी करब ।” येका सादी करय बिना छोडव नाही ।

कुछ देरबाद लरकी नदीमय नहायलागी । जब नदीमय नहाय लागी तब ऊ अपन शिरकय बाल भिचय लागी तो एक ठु बार मुडिसय निकरिस । लरकी अपन बार नदीमय बहाय दिइस । लरकीक मुडिमकय ऊ बारबा चमचम चमकय लाग नदीयाम । बर्दिहवा जब देखिस चमकत बारवाा तब ऊ कहिस, “अरे कइसन सुन्दर बारवाा हय येकर और लरकी और कितना सुन्दर होई ? हम येका सादी कइलय बिना छोडव नाही । जब बर्दिहवाक दिमाग लरकीक उपर रह्यलाग तब ऊ मेघियाक ताकत-ताकत अपन घरय आय ।

बर्दिहवा घरय आइस् तब नहारी खाइकय गाय गोरु चरावय चलदिहिस । दिनभर बर्दिहवा मेघिया रानीकय बात सोचिस । दिनभर गाय-गोरु चराइस तब सन्भाक घरय आय । गायगोरुक

घारीम करियायकय खटियाम सुतिस । खटियाम सुतत-सुतत मेघिया रानीक याद किहिस । मेघिया रानीकय ख्वावमय ऊ खटियाम निदाइस । पुरा संझा अभिन नाही भयरहा । तब्बो बर्दिहवाक खटियाम सुतत देखकय उनकय भउजियन आयकय गोहराइन । जब बर्दिहवा भउजियनकय अवजिया नाही सुन पाइस तब एक ठु भउजिया कहत ही, "काह्य यतना सबेरे सन्झाकं सुतय हो, उठ्जाओ खाना खायलेओ तब सुत्यो ।" बर्दिहवा सुनिस बकि उठेक नाही मानिस । भउजियन उइसय लौटकय गइ । ओकरबाद बर्दिहवाक उठायक ओकर माइ आइन । बर्दिहवाक मातारी कहत ही, "उठ् जा बेटौवा, खायक टायमवा होइगय, खाना खायले ।" बर्दिया कहतहय, "हम खानाउना नाही खाव ।" तब मातारी पुछिन्, "काहय नाही खावय ?" तो बर्दिहवा कहतहय, "हमार कहा मानलेवो तो खाव नाही तो नाही खाव । हमार बात नाही मानवो तो पानी पिय छोडदेव ।" तब ओकर मातारी कहिस, "तोहार मनमय काव हय काव नाही हम्मय कइसय मालुम होइ ? कुछ बतायदेओ तब मालुम होइ ? तुँह्य काव भयहय, काव विचार करयहस, कौन दुःख हय बतायदे ।" तब बर्दिहवा कहतहय, "हमार कहा मानवो तो कहव नाही तो नाही कहव ।" तब ओकर मातारी कहिन, "मानव ।" तब बर्दिहवा अपन मातारीकय तीनत्रिवाचामय हरायलिहिस । तीनबार तक ओकर मातारी कबूल करिन कि तोहार बात मानवय । तव जायकय बर्दिहवा कहिस कि हमार सादी मेघिया रानीसय कइदेओ । बर्दिहवाक बात सुनकय ओकर बाबा, मातारी, भाइ, भउजी सबलोग कह्य लागयँ कि मेघियासय सादी कइकय काव मिली । मनइयासय सादी कइलेवो तो बढिया होइजाइ । कौनो धनी सेठ महाजनकय लरकी मागय पठाइवय, हमार कहा मानवो तो धेरकुल देहजवा मिली । मेघियासय सादी करकय काव करवो ?" उनहरय सबलोग बर्दिहवाक सम्झाइन । लेकिन बर्दिहवा नाही मानिस । ऊ मेघियासय सादी करकय जिद किहिस । ओकर पता रह्य मेघियाकय पाछे कौन कौन बात रह्य और केहुक मालुक नाही रह्य । जब बर्दिहवा अपन परिवारकय बात नाही मानिस तो सबलोग कहिन कि "जव तुं मेघियासय सादी करयक चाहतहओ तो करो, हमार काव होइ ?" जब सबय लोग बर्दियाक बातमय मन्जुर भयँ तब बर्दिहवा भातउत खाय खटियासय उठखडाभय ।

बर्दिहवा भात खाइस । भात खायकबाद अपन मातारीसय कहिस कि, "हे भाई हम्मय आज जाडा लागतहय, देहिया पिरातहय, देहिया सेकेक खातिर बोर्सीमय आगी रखदियो ।" तब ओकर माइ अपन पतोहिनसय कहिन कि बर्दिहवाकय लिय बोर्सीमय आगी रखदिह्य । तब बर्दिहवाक भउजइया कहिन कि, "मेघियासय सादी करतहय हमार देवर तो काह्य नाही मेघियासय कहत हयँ कि बोर्सीमय आगीक कोयला जरायदेओ । मेघिया रखदिइ उन्हय खातिर बोर्सीमय आगीक

कोयला ।" अपन पतोहियाकय बात सुनकय बर्दिहवाक मातारी कहिन कि, "मेघिया जौन कार करय नाही सकत ही तो कइसय मेघिया करी ?" जब पतोहिया बोर्सीमय आगी नाही रख्खिस तो बर्दिहवाक मातारी अपने जायकय बोर्सीमय आगीकय कोयला भरदिहिस । तब जायकय बर्दिहवा मेघिया रानीकय याद करकय खटियाम लेटय-लेटय निदाइगय ।

बिहान भय जब बर्दिहवा गाय-बर्द छोडिस और चरावय जंगलओर लयगइस । दिनभर गाय-बर्द चराइस । सन्झाक बर्दिहवा जंगलसय गाय-बर्द लइकय आय । और घारीमय करियाय दिहिस । ओकरबाद खानाउना खायकय सुतय गय । ओकर मातारी बोर्सीयाम आगीकय कोयला भरिकय बर्दिहवाक खटिया नीचय रखदिहिन । रातकय बारह बजय मेघिया रानी अपन खोक्राइलमयसय निकरकय गय बर्दिहवा लग्गय सुतय एक्कय खटियाम । मेघिया रानी बर्दिहवाक गोडमय तेल लगाइस् । ओकरबाद मालिस कयदिहिस । दोनो मिला एक-दुसरयसय बढिया-बढिया बात बताय लागय । हस्सी मजाक करय । तब दोनो मिला एक्कय खटियाम सुतय । जब सबेरा भय मेघिया रानी अपन खोक्राइलमय पइठी फिर ऊ मेघिया बनजायाकरतरही और बर्दिहवा गाय-बर्द लइकय जंगल ओर चरावय जाय । अइसय-अइसय करतय-करतय दुई तीन दिन बिते लाग ।

एक दिन काव भय कि रातमय जब बर्दिहवा खटियाम सुता रह्य, ओकर कुछ देरबाद मेघिया रानी अपन खोक्राइलमयसय निकरकय गइ बर्दिहवासय सुतय । ऊ बर्दिहवाक गोडवामय तेलउल लगाइस्, बढिया-बढिया बात दोनो जनय करयँ, हस्सी मजाक करयँ अइसय करत-करत सुतय दोनो जनय । बर्दिहवा सबेरे भिन्नही उठिस तव ऊ काव किहिस कि जौन खोक्राइलमय मेघिया रानी रहतरही ओही खोक्राइल बोर्सीकय आगीमय रख्खिस फिर गय सुतय । खोक्राइल जलकय राखी भय । जब सबेरा भय कुछ देरबाद मेघिया रानी जागिस तब ऊ अपन खोक्राइल ढुँडय लागिस यहरउहर । बर्दिहवाओ उठिस और ऊ अपन गाय-बर्द लइकय चरावय जंगलओर गय । मेघिया रानी ढुडत-ढुडत जब अपन खोक्राइल नाही पाय तब ऊ काव किहिस कि एक ठु च्यादर पाइस् तब ओही ओढकय खटियाम सुतिस । सबेरा जब घाम लागय वाला भय तो खटियामय बर्दिहवा सुतयक भरम भय । घरकय सब परिवार लोग बर्दिहवाकय कह्य लागयँ कि, "उठो बर्दिहवा गाय-बर्द छोडो । हम्मय गोबरउबर फालेक ढिला होवतहय । बर्दिहवा नाही उठिस तो ओकर भउजिनिया कहिस, "उठो देवर जी, गाय-बर्द छोडो, गोबरउबर फेकेक अबेरहोइगय । तब्बो खटियामयसय नाही हिलय । तब भउजिनिया चादर खिचय लागीन तो देखत ही एक ठु बहुत सुन्नर लरकी । तब भउजिनिया बोलिस कि, "देखो यहा तो औरत सुतिहय ।" तब ओकर ससुहिया

कहिस, “काव भय तोहनकय अपन देवरकय नाही चिन पावतहियू । वहाँ और के सुती ?” तब बर्दिहवाक मातारी गई और बर्दिहवासय कह्य लागी कि, “उठ् जा बेटौवा ढिला होवतहय गाय-बर्द छोडदे ।” तब्बो खटियामयसय नाही हिलय तब मातारी अपने हातसय चादर खिचिस तो एक ठु सुन्नर लरकीकय खटियाम सुता देखत ही । जब लरकीक देखत ही तो लरकीकय चमकत चेहरासय बर्दिहवाक मातारी चकराइगइ और खटियाम बल्भिगइ और भुइयम गिरपडी । उनकय एक ठु दाँतवा निकलिस तब कहिन, “हम तो सोचयरहेन कि हमार बेटौवा सुतयहय, कहा बेटौवा सुतयहय सुन्नर रानी सुतयहइ । पतोहिन कहततो रही मेघिया रानी हइ । बेटौवा ठीकय कह्यरहा तब्बय तो येका बिहा करयबिना नाही छोडव कहतरहय ।” मातारी बर्दिहवाक नाही देखिन । ऊ पहिलय चलागयरहा गाइ-बर्द चरावय । मातारी अपन मेघिया रानी पतोहियाकय बढिया-बढिया बस्त्र पहिनायकय घरकय भितर लयगइन । दिनभर बितगय जब सन्झा भय बर्दिहवा जंगलसय गाय-बर्द लयआइस, और घारिमय करियायदिहिस । तब घरकय सबय परिवारसय ऊ कहिस कि अब हम मेघिया रानीसय सादी करव । तब ऊ मेघिया रानीसय सादी करिस । जब बिहा होइगय तो दुई चार दिन और बितगय । तब एक दिन मेघिया रानी बर्दिहवासय कहिस कि, “आप सबेरे जावतहओ गाय-बर्द चरावय । जब गाय-बर्द चरावय जावतहओ उन्हय पानी पियक होइ तो जहाँ मन लागय उहाँ पानी पिलायो लेकिन जंगलकय बीचमय जौन हय नैनीताल वहाँ पानी नाही पिलायो ।” बर्दिहवा कौनो जावफ दियबिना गाय-बर्द लइकय चरावय चलदिहिस । जब ऊ जंगलकय बीचमय जौन नैनीताल रह्य ओकर लग्गय पहुचिस तो अपन मेघिया रानीकय बात याद किहिस तब ऊ सोचिस कि, “काह्य रनिहवा नैनीतालमय गाय-बर्दनकय पानी नाही पिलायक कहतरही, यहमा कौनो रहस्य होइ । काव होइ देखव, गाय-बर्दनकय नैनीतालमय पानी पियक छोडदेव ।” तब ऊ गाय-बर्दनकय नैनीतालमय खदेडिस ।

जब गाय-बर्द नैनीतालकय गाडाहाम गय और पानी पिय लागयँ सब तब सबय गाय-बर्दन वही दलदलमय फसगयँ । तब बर्दिहवाक ज्ञान भय । गइया बर्द कुल बुडकय मरिगयँ । तब बर्दिहवा पछताय लाग ओकरबाद रोयलाग । जब ऊ रोयलाग तब गडाहासय जलदेवी निकरिन । कहिन काह्य रोवतहओ ? ऊ कहिस कि हमार मेहरारु अइसन अइसन कहतरही हम नाही मानेन । गाय-बर्दहनकय पानी पिवावय यी तलवामय छोडदिहन तो सब गाय-बर्द मरिगय अब काव करी ? ऊ जलदेवीकय लग्गय दोनो हाथ जोडकय गिडगिडाय लाग, “हे देवी हम कंगाल होइगयन आप हमार उद्धार कइदियो ।” तो जलदेवी कहिन कि, “तुँ हम्मय कोही आदमीकय भोग चढायदेओ तो हम उद्धार कइदेवय ।” तब बर्दिहवा कहिस् कि हे देवी हमार जितना गाय-बर्द डुबकय मरिगयहयँ

उतना सब जियायदेवो तो हम अपन मेहरारुकय यही भोग चढाइव । “तब जलदेवी खुस भइन और ओकर सब गाय-बर्दनकय जियाय दिहिन । सबकय सब गाय-बर्द गडाहासय निकरआयँ । तब बर्दिहवा गाय-बर्द लइकय घरय आय ।

घरय आय पहुचिस और गाय-बर्दनकय घारीमय करियाय दिहिस । ऊ अब सोचयलाग कि कइसय अपन मेहरारुसय कह्य कि तुँह्य हम जलदेवीकय लिय नैनीताल गडाहाम भोग चढायक बाचा करयहन । ऊ चिन्ता करयलाग । ओकर मेहरारु मेघिया रानीकय पता होइचुका कि हमार मर्द हम्मय भोग चढावयक वाचा करयहयँ । जब बर्दिहवा खुव चिन्ता करयलाग, सोंचयलाग तब ओकर मेहरारु मेघिया रानी बर्दिहवासय कह्यलागी कि हम पहिलय आपको बतायरहेन कि नैनीतालकय गडाहाम गाय-बर्दकय न लयजाओ, आप नाही मान्यो । जब गाय-बर्द डुबकय मरिगयँ तो आप हम्मय भोग चढावयक बाचा करकय आयो । अब काव कियाजाय ? ठीक हय आप चिन्ता न करो, आप खाना खायलेओ तब हमहु चलब आपकय साथ नैनी तालकय गडाहाम । और वही हम्मय भोग चढायो ।” बर्दिहवा सरमकय मारय कुछ नाही बोलिस । मेघिया रानी तब सोरह श्रृंगार करय लागी और लत्ताकपडा गहना सब पहिनिस तब मर्द-मेहरारु होइकय दोनो जनय चलय लागयँ गडाहाक ओर । रहियाम मेघिया रानी बर्दियासय कहिस कि जब हमार भोग चढी तब हम मरिजाइव । आप हमार लाहासकय गड्डाक किनारय गाड्दियो । चलतय-चलतय जब वे नैनीतालकय गड्डा लग्गय पहुँचय तब मेघिया रानी जलदेवीसय कहिस कि, “हे नैनीतालकय देवी हमार मर्द हम्मय आपकय खातिर भोग चढायक वाचा करयहयँ आप हमार भोग स्वीकार करो ।” मेघिया रानी जब यतना बोलिन तो तुरुन्तय मरिगइन् । तब बर्दिहवा मेघिया रानीकय लाहास गड्डाक किनारय जमिन खोदकय गाडदिहिस । तब बर्दिहवा अकेलय अपन घर लौट आइस ।

कुछ्दिन बात जहाँ गाडगयरहा मेघिया रानीकय लाहास वहाँ बाँस जामिगय । कुछ दिनमय बाँस खुब मजासय बढ्यलाग । बाँस बढकय ढेंग होइगयरहा और बढियो रहा । तब कुछ दिनबाद उही रस्तवासय एक ठु डुम जातरहा भीख मागय । जब ऊ नैनीतालकय किनारय पहुचिस तो जौन बाँस गड्डाक किनारय जामिगयरहा ओही कहिस डुमवासय कि, “एक रहिया चलत डुम हमार नीचयक भाग छोडकय और उपरकय भाग बहाइकय बीचकय तनाकय लइकय बासुरी बनायदेओ तो बहुत बढिया गीत गाइ अवजिया देइ ।” डुमवा सुनिस मनइक लेखा अवजिया तब ऊ यहरउहर ताकतहय लेकिन केहुक नाही देखपाइस । तब फिर ऊ बाँसवा बोलयलाग तब डुमवा जेहर सय आवाज आवतहय उहर ताकिस तो उह्य बासलग्गयसय आवाज जौन आवतरहा ऊ जान पाइस् कि

बाँस बोलतहय । तब ऊ बास काटेक खोजिस तो हँसियाउसिया नाही रह्य ऊ हातेस तुडेक विचार कइकय बासय लग्गय गय । जब ऊ बास पकडकय तुडयलाग तो बास बीचवासय टुटगय । डुमवा उपरवाला भाग फिन तुडकय बहाइस और बीचवाक बासुरी बनाइस् । तब ऊ रह्य बजातय बजातय भीख मागय चलिस ।

चलत-चलत, चलतय-चलत डुम उह्य बर्दिहवाक घरय आय पहुचिस । घरमय बर्दिहवाक बाबाभर रह्य । घारीकय सामनय अगनवामय बैठकय ऊ हर ताछत रह्य । जब डुमवा वह्यँ पहुचिस तब ऊ "जयजयकार बाबा" कहिस । ओकरयबाद अपन झोराडण्डा भुइयम रखकय बासुरी बजायलाग । तब बासुरी अपने आपन बजय लाग । तब बाँसुरी बोलतहय, "अरे हो हर ताछत हमार ससुर । तोहार बेटौवा हम्मय नैनी तालकय गड्डाम भोग चढायरहयँ तब हम गड्डाक किनारय बास होइकय जामेन कुछदिनबाद जब हम बडा होइगयन तो यही डुमवाक हातेम चलपडेन । तिरिरिरी तिरिरिरी ।" बर्दिहवाक बाबा बासुरीक अवजिया सुनकय अचरजमय पडय । बूढा डुमवाक फिरसय बासुरी बजायक कहिन तो डुमवा फिरसय बासुरी बजाइस । तब बर्दिहवाक बाबा कहिस कि, "हम तुँहय काव देई । हम हर ताछतहन । तुँ जाओ बीचवाक अँगनामय हमार मेहरारु धान सुकातहई उहीं जायकय मागो उह्य देइ तुँहय कुछ धानउन ।" तब डुमवा बुढवाक जयजयकार करिस और जब जायलाग तब कहिस कि, "हम तो सौ अँगनामय भीख मागकय जिइतहन, एक्कय जगह रहिकय नाही गुजारा चली, हम जाइतहन ।" तब डुमवा बीचवाक अँगनाओर गय ।

अगनामय चरवाहाक मातारी बैठयरही घामेल फैलावल धानवा देखय । डुमवा उहाँ पहुचकय जयजयकार करिस उन्हय । झोराडण्ड भुइयम रखकय बासुरी बजायलाग । तब बाँसुरी बोलतहय, "अरे हे हमार ससुइया धान देखय बैठइ हो अगनामय । तोहार बेटौवा हम्मय नैनीतालकय गड्डाम भोग चढायरह्य । तबलुग हम गड्डाक किनारय बास होइकय जामेन तब डुमवाक हातेम पडेन । बासवाक बीचवाक तनयक बासुरी बनाइस । तिरिरिरी तिरिरिरी ।" बुढिया सुनिस बासुरीकय अवजिया तब बुढिया बासुरीकय तारिफ करय लागी । डुमवा कहतहय, "हे माइ हम्य दइदेओ भीख । हम्मय सौ घर भीख मागयक पडतहय । एक्कय घरकय भीखसय हमार गुजारा नाही चली ।" तब बुढिया कहिस कि, "जाओ, हमर बड्की पतोहिया चावर विचारत ही उह्य दिइ तुह्य भीख ।" डुमवा कहिस, हम्मय बहुत झन्झटमय फँसायो माइ । "तब बुढिया कहत ही कि,

“हम तुँह्य धानवा दइदेव तो कहा कुटाइवो, हमार पतोहिक लग्गय जाइवो तो ऊ तुह्य चाउर देइ तुह्य कुटवायक नाही पडी ।” बुढिया सम्झाइस तो डुमवा वहासय चलयगय ।

डुमवा बर्दिहवाक बड्की भउजिकिहा जातहय । जब उहाँ पहुचिस तब डुमवा जयजयकार दिदी कहतहय । तब अपन झोराडण्डा भुइयम रखकय मुह्यम बासुरी जोडतहय । तब बासुरी बोलतहय, “चाउर विचारत जेठनिया हमार, तोहार देवरजी हम्मय नैनीतालकय गड्डाम भोग चढायरह्य । तवलुग हम बाँस होइकय जोमन । तब डुमवा हम्मय पाइस तो बीचवाक तनेक बासुरी बनाइस । तिरिरिरी-तिरिरिरी ।” तब बर्दिहवाक भउजिया कहिस, “हँ हमार देवर जी भोग चढायरह्य अपन मेहरारुकय ।” तब डुमवा कहिस, “हम्मय भीख देओ हम जाई ।” तो उन कहिन, “हम चाउर बनाइतहन, हम यी चाउर अपन मर्दसय पुछ्यबिना तुह्य दइदेव तो हम्मय गरियायीहयँ कहिहय कि हमरय पसिना बगावतहय और तुँ चाउर बाटतहिऊ ? यही नातय तुँ खेतेम जाओ ऊ हर जोततहयँ खेतेम, उनसय जायक कहो तब्बय हम देसकव ।” तब एक पसर भरिक चाउरकय लिय डुमवा खेतेम पहुचिस ।

जब डुमवा खेतेम पहुचिस तो चरवाहवक बडे भाइ खेत जोततरहयँ । डुमवा उनकय जयजयकार कहिस तब झोराडण्डा भुइयम रखकय बाँसुरी बजायलाग । बासुरी बोलतहय कि, “अरे हे जेठ हमार, तोहार भइया हम्मय नैनीतालकय गड्डवाम भोग चढायरह्य । तबलुग हम गड्डाक किनारय बाँस होइकय जामेन । तब फिन राहि चलत डुमवा हम्मय देखिस तो बीचवाक तनयक बासुरी बनाइस । तिरिरिरी-तिरिरिरी ।” हर जोतत चरवाहक भइया अचरजमय पडिस तब कहतहय तोहार बँसिया बहुत बढिया हय एक फेरा फिर बजाओ तो । “डुमवा कहिस कि हे दरबारी बाबु काह्य हम्मय परेसान करतहओ ? जौन दियकहय तौन दइदेओ काह्य परेसान करतहओ ?” तब ऊ कहिस कि, “अरे हे डुम हमार भाइ तनिक दुरे गाय-बर्द चरावतहय, उही जायकय वहसे (ओसे) मागले । जौन दियक होइ उह्य देइ, यहाँ हमार पास कुछ नाही हय ।” तब डुमवा उहासय हैरान होइकय चलपडिस ।

डुमवा तनिक दुर गइस तो मैदानमय चरवाह गाय-बर्द चरावतरहय । गाय-बर्द चरतरहयँ । बर्दिहवा एक ठु डाँडेम सुता रह्य । जब डुमवा उहाँ पहुचिस तो बर्दिहवाक जयजयकार करिस लेकिन बर्दिहवा उठिस नाही । डुमवा झोराडण्डा भुइयम रखिकय बासुरी बजाय लाग । बाँसुरी बोलतहय, “अरे हे हमार स्वामी जी गाय-बर्द चरावतहओ । तुँ हम्मय नैनीतालकय गड्डाम भोग चढायरह्यो । तबलुग हम गड्डाक किनारय बाँसहोइकय जामेन । तब डुमवा हम्मय देखिस तो

बासुरी बनाइस । तिरिरिरी-तिरिरिरी ।" बासुरीकय अवजिया सुनकय बर्दिहवा उठिस और पुछिस, "के हो यी बोलतहय ?" तब फिन नगचरय जौन डुमवा बैठय रहा ओका पुछिस, "के बजाइस् डुम ?" तब डुमवा बासुरीकय देखाइस् तब कहिस कि "यिह्य हो बोलतहय ।" बर्दिहवा कहिस कि एक मर्तवा और बजाओ ।" तो डुमवा फिन बजाइस । बासुरीकय अवजिया सुनकय बर्दिहवा कहतहय कि, "ए डुम ऊ बासुरी हम्मय दइदेओ, तुँ काव लेवो बताओ ? गाय लेवो कि बर्द लेवो, बछ्वा लेवो कि बछिया हम दइदेव लेकिन यी बासुरी हम रखव ।" डुमवा कहतहय कि, "बछ्वा और बछिया लइकय हम काव करव, कहाँ-कहाँ घुमतय रहव, गाय लइकय काव करव, बर्दवा लइकय काव करव ?" बर्दिहवा कहतहय कि, "तुँह्य यी बासुरी हम्मय दियक पडी चाह्य जइसय होइ बकि तुँ दुह्यवाला गाय लेओ चाह्य बर्द ।" बर्दिहवा जब धेर जिद करिस तब डुमवा बर्दिहवाक बासुरी दइदिहिस और डुमवा दुइ ठु गाय लइकय चलिस । तब डुमवा दुइ ठु गाइअन जोरकय अपन घर चलयगय । बर्दिहवा बासुरीकय अपन पेटुवाकय झोरामय धइदिहिस । बासुरी धरकय परिवारकय नाही देखायरह्य । दिनभर बर्दिहवा बासुरी लइकय घुमिस जब सन्झा भय खानाउना खायकय सुतय गय । रातमय बासुरीमय निकरकय मेघिया रानी बर्दिहवाक गोडेम तेल लगाइस् और मालिस करिस । दोनो जनय बढिया बढिया बातय करिन, हस्सी मजाक करिन । अइसय-अइसन करतय धरतय दुइ चार दिन बितगय । तब एक दिन बर्दिहवा अपन मातारीसय कहिस कि, "हे माई बोर्सीमय आगी रखदिह्य का जाने अइसन गर्मीमय हम्मय जाड लागतहय ।" बर्दिहवाक माइ अपन पतोहियाकय कहिन कि बर्दिहवाक बोर्सीमय आगी भरदिय । तो पतोहिया बोर्सीमय आगी भरदिहिन । जब सन्झा भय बर्दिहवा गाय-बर्दन चरायकय लइआइस । खानाउना खायकय सुतय गय । पहिले जइसय मेघिया रानी बर्दिहवाक सेवा करयलागी । जब सबेरा होय लाग उससे पहिले बर्दिहवा उठिस और बोर्सीकय आगीमय बासुरी रखदिहिस । मेघिया रानी बर्दिहवाक खटियामय सुतयरही । बासुरी जलकय राखी भय । जब सवेरा भय मेघिया रानी उठिन । तब बासुरीमय जायक खातिर बासुरी ढुँडिन । मेघिया रानी अपन बासुरी ढुडय लागिन यहरउहर । जब कहु नाही पाइन बासुरी तब ऊ हरहमेसाकय लिय बर्दिहवाक मेहरारु होइकय रह्यलागिन । दोनो मर्द-मेहरारु होइकय आरामसय रह्य लागयँ । खिस्सा खतम पैसा हजम ।

**नेपाली रुपान्तर**

तीन बहिनी भ्यागुता थिए । ती तीन जना भ्यागुताहरुमध्ये एक जना भित्र दाँतीनिर थिई, एउटी खेतमा थिई अर्की रुखमा बस्थी । त्यो घरमा केही जनाको परिवार थियो-सासु, ससुरा, छोरा र

बुहारी । कान्छो छोराको विवाह भएको थिएन अरु भाइको विवाह भइसकेको थियो । त्यो घरमा एकदिन तेल पेल्ने कार्यक्रम थियो । पहिले-पहिले काठको कोल हुन्थ्यो तेल पेल्ने । घरकी सासुले बुहारीलाई आज तेल पेल्ने हो भनेर भनी । जुन दिन तेल पेल्नु पर्ने थियो त्यही दिन एउटी बुहारीले खेत जोत्दै गरेका आफ्नो लोग्ने, जेठाजु र देवरलाई बिहानको नास्ता दिन भनेर नास्ता लिएर खेततिर गई । एउटा छोरो खेत जोत्दा-जोत्दै अकस्मात् हलोको फालीले एउटा भ्यागुतालाई चिऱ्यो । त्यसैले त्यो भ्यागुतो मऱ्यो । जब नास्ता लिएर बुढाकी बुहारी खेतमा पुगी त्यसैबेला त्यो भ्यागुताले भन्छ, " ए भात पकाउने दिदी ! खेत दिदी मरिन्, पेरालो दिदीले नुहाइन पाखो दिदीलाई नुहाउन भनिदिए । नास्ता लिएर जाने बुहारीले भ्यागुताको आवाज सुनेपछि अचम्म पर्दै यताउति हेर्छे तर कसैलाई पनि देख्दिन । तब उसले भन्छे, "कुन केटी हो जसले मलाई दिदी भन्छे । त्यहाँ हलो जोत्ने आफ्ना जेठाजु र देवरलाई नास्ता खुवाएर त्यो बुहारीले भनी, "कुन केटी हो जसले आज मलाई दिदी भनी ।" अनि हलो जोत्ने उसको लोग्नेले भन्यो, "कसैले भन्यो होला, त्यसको पछि लागेर के हुन्छ छोडिदेऊ त्यो कुरा ।" लोग्ने, जेठाजु र देवरलाई जनास्ता खुवाइ त्यो बुहारी घर आई । त्यो बुहारी घर आए पछि घरका अरु परिवारसँग उसले भनी, "आज खोई कसले हो मलाई खेतमा नास्ता खुवाउन लागेको बेला दिदी भनेर बोलाई । कुन घरकी केटी हो कुन्नि त्यसले मलाई ए भात पकाउने दिदी ! खेत दिदी मरिन्, पेरालो दिदीले नुहाइसकिन, पाखो दिदीलाई नुहाउन भनिदिए भनेर भनी । हामी त तीन दिदी बहिनी थियौं । एउटी दिदी मरेकी हो ।" त्यहाँ भएका सबै अचम्म परे । ससुराले भने, "छोडिदेऊ यस्ता कुरा ।"

त्यही दिन त्यो घरको तेल पेल्ने काम थियो । घरकी सासूले भनी, "ए बुहारी हो छिटो-छिटो भात खाऊ अनि चाँडै नै तेल पेलेर आउनुपर्छ । छिट्टै तेल पेलेर ल्याएपछि अर्को काम गरौला ।" त्यसपछि सबै बुहारीहरु तेल पेल्ने काममा लागे । तोरीलाई तताए अनि कोलमा राखेर पेल्न थाले । तेल पेल्दा-पेल्दै अलिकति खली भुईमा खस्यो त्यही नजिकैबाट भ्यागुता उफ्रेर आयो । आइमाईहरु कोलको बलो घुचेट्दै वरिपरि घुम्न लागे । उनीहरुले पनि खली खसेको ठाउँमा भ्यागुतो आएको देखेपछि भने, "यो भ्यागुतो किन यहाँ आएको होला । हाम्रो खुट्टा निर आउँछ, खुट्टाले किचिएर मर्ला ।" त्यो भ्यागुतोलाई एउटी बुहारीले खुट्टाले पन्छाएर एकातिर गरिदिई । फेरि त्यो भ्यागुतो खली खसेको ठाउँतिर उफ्रेर आयो । एउटी बुहारीले हातले कोल भित्रको खली चलाउँदा खलीको एउटा सानो चपेरो भुइमा खसेछ । भुइमा खसेको खलीको त्यही चपरो लिएर भ्यागुतो उफ्रदै अलिपर गयो । त्यति नै बेला कान्छो छोरो बर्दिया बिहानको भात खान घर आएको थियो किन भने उसले गाई गोरु पनि चराउनु पर्थ्यो । उसका दाजु खेतमा खन्दै थिए । कोल ठेल्दै गरेका भाउजुहरुले भने,

"यो भ्यागुतो खली लिएर जाँदैछ, खली लिएर कहाँ जान्छ होला ।" भाउजुहरुको आवाज सुनेपछि त्यो बर्दिया भ्यागुताको पछि-पछि लाग्न थाल्यो । भ्यागुतालाई खलीको के काम पर्‍यो होला भन्दै उसले भ्यागुताको चियो चर्चो गर्न थाल्यो । त्यो भ्यागुतो खली लिएर उफ्रिदै-उफ्रिदै नदीमा जान थाल्यो । बर्दिया पनि उसको पछि-पछि बाहिर हेर्दै पछि लाग्यो । बर्दियाले टाढैबाट भ्यागुतालाई हेर्दै जाँदै थियो । नदीमा एउटा चाक्लो ढुंगा थियो । भ्यागुताले त्यही चाक्लो ढुंगो हेरेर त्यो आफूले लगेको खली राख्यो । खली राखेपछि भ्यागुताले त्यी खली माथि थोरै पानी खन्यायो । पानीले खली भिजेपछि भ्यागुताले एउटा खोक्रो वस्तु निकालेर त्यहाँ राख्यो । त्यो खोक्रो वस्तुबाट एउटी सुन्दर युवती प्रकट भई । बर्दियाले अलि टाढैबाट त्यो दृश्य हेरिरहेको थियो लुकेर । त्यो सुन्दर युवतीलाई देखेपछि बर्दिया मोहित भयो । बर्दियाले मनमनै भन्यो, "कति धेरै राम्री युवती हो यो, अब मैले यसैसँग बिहा गर्छु । यसलाई विवाह नगरी छोड्दिन ।" अनि त्यो युवती नदीमा नुहाउन थाली । नदीमा नुहाएर कपाल मिच्दा कपालको एउटा रौं उखेलियो । उसले त्यो रौंलाई नदीमा बगाइदिई । खुब टल्किदै त्यो रौं नदीमा बग्दै गयो । बर्दियाले त्यो देखेपछि भन्यो, "आहा ! कति राम्रो हो यो रौं । रौं त यति राम्रो छ भने युवती किन राम्री नहोस् । अब म यसलाई विवाह नगरी छोड्दिन ।" जब बर्दियाको मन त्यस सुन्दर युवतीमा घोप्टियो अनि उसले त्यो भ्यागुतोलाई हेर्दै आयो ।

त्यो बर्दिया घर आएर नास्ता खाएपछि गोरु चराउन हिड्यो । उसले मनमा भ्यागुतोसँग विवाह गर्ने कुरा नै सोचिरहेको थियो । दिनभरि त्यही भ्यागुता रानी (युवती) को कल्पना गर्‍यो । दिनभरि गोरु चराएपछि बर्दिया साँझ घर आयो । गाईगोरु गोठमा बाँधेपछि खटियामा पल्टियो । खटियामा पल्टेको पल्टै भ्यागुतो रानीको कल्पना गर्दा-गर्दै निदायो । त्यति सबेरै साँझमा खटियामा सुतेको थाहा पाएपछि बर्दियाका भाउजुहरु आएर उसलाई जगाउँछन् । उनीहरु भन्छन् कि किन दिउसै सुतेको ? उठ्नुस, भात खाने बेला भयो । बर्दिया उठ्न मान्दैन । भाउजुहरु त्यसै फर्केर गए । त्यसपछि उसलाई उठाउन उसकी आमा आउँछिन् । आमाले भन्छिन्, "उठ छोरा भात खाने बेला भयो, उठेर भात खा ।" बर्दियाले म भात खान्न भनेर भन्छ । आमाले किन खादैनस् भनेर सोध्दा उसले मैले भनेको कुरा माने खान्छु नत्र म भात खान्न मेरो कुरा नमाने भात मात्र होइन पानी पनि खान छोडिदिन्छु भनेर भन्यो । आमाले उसलाई सोदिछन्, "तेरो मनमा के छ हामीलाई के थाहा भने पो मात्र थाहा हुन्छ भन के छ विचार मनमा ? तेरो दिलमा के पीर छ ?" अनि बर्दियाले भन्छ, "मैले भनेको कुरा मान्नुहुन्छ भने भन्छु नत्र भन्दिन ।" आमाले हुन्छ मानौंला भनेपछि उसले आमा तीन त्रिवाचा गरायो । आमाले तीन पटकसम्म वाचा कबूल गराइसकेपछि बल्ल उसले भन्यो कि मेरो विवाह भ्यागुतोसँग गरिदेओ । बर्दियाको कुरा सुनेपछि उसको बुबा, माता दाइ, भाउजु सबैले

भ्यागुतासँग विवाह गरेर के गर्छौ ? मान्छेको जातिलाई विवाह गऱ्यौ भने पो राम्रो हुन्थ्यो । बरु धनी खानदानकी छोरी माग्न पठाउँछौ हामीले भनेको मान्छौ भने धेरै दाइजो पाइन्छ । भ्यागुतालाई विवाह गरेर के गर्छौ ? भनेर बर्दियालाई सम्झाए । तर बर्दियाले “होइन, म भ्यागुतैसँग विवाह गर्छु” भन्यो । उसले भ्यागुताको पछाडिको रहस्य जानेको थियो त्यसैले भ्यागुतैसँग विवाह गर्ने ढिपी गऱ्यो । बर्दियाले उनीहरुको कुरा नमाने पछि सबैले “हुन्छ त तिमीले भ्यागुतैसँग विवाह गर्छु भन्छौ भने हाम्रो के लाग्छ” भनेर भने । घर परिवारका सबै मानिसहरु उसले भ्यागुतासँग विवाह गर्ने कुरामा मन्जुर भएपछि उसले पनि भात खायो । भात खाएर सिध्याएपछि उसले आमासँग भन्यो, “आमा आज मेरो जीउ दुखेको छ सेक्नलाई बोर्सीमा आगो राखिदिनुहोला है ।” आमाले आफ्नी बुहारीलाई बर्दियाको लागि बोर्सीमा आगो भरेर राखिदिन अह्राइन् । बर्दियाकी भाउजुले भनिन्, “भ्यागुतासँग विवाह गर्नेले भ्यागुतोलाई नै बोलाएर बोर्सीमा आगोमा कोइला भर्न भने त हुन्थ्यो नि । भ्यागुताले नै बोर्सी भरिदिन्छ ।” बुहारीले भनेको कुरा सुनेपछि सासुले भन्छिन्, भ्यागुतो त्यो काम गर्न लायक नै छैन भने कसरी भ्यागुताले गर्छ त । अनि बुहारीले बोर्सीमा आगो नराखिदिएपछि सासू बुढीले आफैले नै बोर्सीमा आगो भरिदिई । त्यो रात बर्दिया भ्यागुताको कल्पना गर्दै सुत्यो ।

बिहान भयो । बर्दिया गाई गोरु फुकाएर चराउन जंगलतिर गयो । दिनभरि गाईगोरु चरायो साँझपख गाईगोरु लिएर घर आयो, गाईगोरु गोठमा बाँध्यो । अनि खानासाना खाएर सुत्न गयो । उसकी आमाले बोर्सीमा आगो भरेर ऊ सुत्ने खटियामुनि बोर्सी राखिदिई । रातको बाह्र बेतिर भ्यागुतो रानी खोक्रो वस्तुबाट निस्केर बर्दिया सुतेको खटियामा गएर बसी । उसले बर्दियाको खुट्टामा, जीउमा तेल घसिदिई । दुवै जनाले मीठा-मीठा कुरा गरे । हाँसो मजाक गरे र दुवै जना एउटै खटियामा सुते । भोलिपल्ट बिहानै त्यो भ्यागुतो रानी खोक्रो वस्तुमा पस्थी र फेरि भ्यागुतो बन्थी भने बर्दिया गोरु चराउन वनतिर जान्थ्यो । एवम् रीतले दुईतीन दिन बिते । त्यस्तैमा एक दिन बर्दिया खटियामा सुतेको थियो भने पछिबाट भ्यागुतो रानी खोक्रोबाट निस्केर बर्दिया सुतेको खाटमा गई । उसले तेल घसिदिई अनि दुवै जना मीठामीठा गफ गर्दै सुते । बर्दिया बिहान चाँडै उठेर त्यो भ्यागुताको खोक्रो वस्तु छिटो छिटो बोर्सीको आगोमा हालिदियो । त्यो खोक्रो आगोमा जलेर खरानी भयो । जब भ्यागुतो रानी जागिन् उनले खोक्रो वस्तु यताउति खोजन् तर कतै भेटाइनन् । बर्दिया जाग्यो अनि गाईगोरु फुकाएर चराउन वनतिर लग्यो । भ्यागुतो रानीले खोक्रो वस्तु खोज्दा सम्म खोजिन तर नभेटिएपछि उनी एउटा च्यादर खोजेर त्यही ओढेर खटियामा पल्टिन । बिहान अबेलासम्म पनि खटियाबाट सुतेको मान्छे नउठेको ठानी घरका मान्छेले भने, “उठ

बर्दिया गाईगोरु फुकाउने बेला भयो, हामीलाई गोबर फाल्न ढिला भयो उठ ।" तर च्यादर ओढेर सुतेको बर्दिया उठेन भनी बर्दियाकी भाउजुले भनिन्, "उठ्नुहोस् देवर जी, गाईगोरु फुकाउनुस् गोबर फाल्न ढिला भयो ।" तर खटियाबाट टसकोमस नगरेपछि बर्दियाकी भाउजुले यसो च्यादर उघारिन् त देख्छिन् एउटी सुन्दर युवती । अनि भाउजुले भनिन्, "कहाँको देवर हुने, कुन्नि कहाँबाट आएर यहाँ त एउटी युवती सुतेकी छे ।" उसकी सासूले भनिन्, "तिमीहरुको आँखा पनि के भएको होला, कस्तो न चिनेको, बर्दिया त हो, त्यहाँ अरु को सुत्छ ?" त्यसपछि बर्दियाकी आमा गएर खटियामा सुतेकोलाई भनिन्, "उठ छोरा अबेला भयो छिटोछिटो गाईगोरु फुका ।" त्यति भन्दा पनि खटियामा सुतेकोले कुनै चाल नगरेपछि उनी आफैले यसो ओढेको च्यादर उघारेर हेर्छिन् त साँच्चिकै एउटी एकदमै सुन्दर युवतीलाई देख्छिन् । ती युवतीलाई देखेपछि युवतीको टलक्क टल्किदो बल्दो अनुहारले गर्दा बर्दियाकी आमाको आँखा तिरमिरायो र उनी खटियामा अल्झेर भूइमा लड्दा उनको एउटा दाँतै फुक्लियो । दाँतै फुक्लिए पछि उनले थलबले बोलीमा भनिन्, "मैले त छोरो सुतेको होला भनेको त सुन्दर रानी पो रहिछ । बुहारीहरुले साँच्चै भनेका रहेछन् । यो त भ्यागुतो रानी नै होलिन् । छोराले ठीकै भनेको रहेछ र त यसलाई विवाह नगरी छोड्दिन भनेको रहेछ ।" बर्दियाकी आमाले बर्दियालाई देखिन, ऊ अघि नै गाईगोरु चराउन हिंडिसकेको थियो । अनि बर्दियाकी आमाले ती सुन्दर युवतीलाई राम्रा-राम्रा कपडा लगाइदिएर घरभित्र लगिन् ।

दिनभरि त्यसै गरी बित्यो जब साँझ पर्‍यो बर्दियाले वनबाट गाईगोरु लिएर आयो । अनि घरका सबै परिवारलाई भनी तिनै सुन्दर युवतीसँग विवाह गर्न थाल्यो । विवाह गरेर पनि सिध्याए । दुईचार दिन बिते । तब एक दिन ती सुन्दर युवती भ्यागुता रानीले बर्दियालाई भन्छिन् कि "तपाईले गाईगोरु चराउन लैजादा जहाँ-जहाँ लगेपनि जहाँ-जहाँ पानी खुवाए पनि जंगलको बीचमा भएको एउटा नैनीताल पोखरीमा गाईगोरुलाई पानी नखुवाउनुहोला ।" बर्दियाले हल्का तवरले कुरा बुझेको थियो त्यसैले कुरा नखोतली हुन्छ हुन्छ मात्र भन्यो । यसैगरी दुई चार दिन बिते । एकदिन उसले गाईगोरु चराउन जंगलतिर लैजाँदा भ्यागुता रानीले भनेको कुरा सम्झयो कि "नैनीतालमा गाईगोरुलाई पानी नखुवाउनुहोला ।" उसले सोच्यो कि "किन नैनीतालमा पानी खुवाउन नहुने रहेछ । यसमा केही न केही रहस्य होला भनेर त्यो कुरा बुझ्न जाँच्नको लागि गाईगोरुलाई लागेर त्यही नैनीतालको पोखरीमा पानी खुवाउने निधो गरी गाईगोरु उतैतिर खेद्यो ।" जब गाईगोरु नैनीतालको पोखरीमा गएर पानी खान थाले, पानी खादा-खाँदै सबै गाईगोरु त्यही भास्सिए । बल्ल उसलाई होस आयो । उसले दुःख मार्‍यो पछुतायो । तर अब पछुताएर के गर्ने । तर पनि उसले सोच्यो कतै जलदेवीलाई खुसी पार्न सकियो भने गाईगोरु तालबाट बाहिर निस्किन्छन्

कि । अनि उसले नैनीतालसँग भन्यो, “हे नैनीतालकी जलदेवी मेरा जति गाईगोरु यहाँ भास्सिएका छन् ती सबै तालबाट सबुतै निस्किए भने मैले मेरी स्वास्नीलाई यही भोग चढाउँछु ।” बर्दियाले नैनीतालको जलदेवीसँग आफ्नी पत्नी भ्यागुता रानीलाई भोग चढाउने वाचा गऱ्यो । अनि त तुरुन्तै उसका गाईगोरु, बाच्छा-बाच्छी सबै तालबाट बाहिर निस्किए । त्यसपछि ऊ गाईगोरु लिएर घर आयो । अनि उसलाई बडो फसाद पऱ्यो । आफूले गरेको वाचा अनुसार आफ्नी सुन्दर पत्नी भ्यागुता रानीलाई भोग दिनु थियो । ऊ गहिरो सोचमा डुब्यो । उसकी पत्नीलाई उसले वाचा गरेको कुरा थाहा थियो । बर्दियाले रानीलाई कसरी भोग दिने होला भन्ने कुरा सोँचिरहेको बेला उसकी पत्नी भ्यागुता रानीले भनिन्, “तपाईले मैले भनेको कुरा मान्नु भएन । नैनीतालको पोखरीमा गाईगोरुलाई पानी खुवाउन नलैजानुहोला भनेर भनेको कुरा मान्नु भएन । अब मलाई नै भोगदिने वाचा गरी आउनु भएको रहेछ । तर ठीकै छ, तपाईले चिन्ता लिनु पर्दैन । बरु खानपिन गर्नुस् र जाऔं त्यही नैनीतालको पोखरीतिर ।” त्यसपछि भ्यागुता रानीले सोह्र श्रृंगार गरी जे जस्ता गहना थिए सबै लगाई कपडा लत्ता मिलाएर लगाईन् । त्यसपछि दुवै लोग्ने स्वास्नी सँगसँगै नैनीतालको पोखरी तिर गए । त्यहाँ पुगेपछि भ्यागुता रानीले भनिन्, “हेर नैनीताल देवी ! मेरा स्वामीले मलाई यहाँ भोगदिने वाचा दिइसक्नुभएको रहेछ, म यहाँ आएकी छु । मेरो भोग स्वीकार गर्नुस् ।” रानीले यति भनेपछि भ्यागुता रानी त्यही मरिन् । रानी मरेपछि बर्दियाले रानीको लासलाई त्यही नैनीतालको पोखरीको डिलमा गाड्यो । अनि ऊ घर फर्कियो ।

भ्यागुता रानीको लास गाडिएको केही दिनमा नै त्यही नैनीतालको डिलमा एउटा लहलहाउँदो बाँस हलक्क बढेर आयो । त्यो बढेर अग्लो भइसकेको थियो । धेरै राम्रो बाँस थियो त्यो । एक दिन त्यही बाटो हुँदै एउटा डुम भीख माग्न आउँदै थियो । गाउँ गाउँमा भीख माग्दै हिड्थ्यो । जब ऊ नैनीताल पोखरी निर पुग्यो तालको डिलमा उम्रेको त्यो बाँसले उसलाई रोकेर भन्यो, “ए बाटो हिड्दै गरेका डुम ! तिमीले तलको भाग छोडेर माथिको भाग काटेर फाली बीचको बाँसको भाग लगेर त्यसको बासुरी बनाइ बजाऊ खुवै राम्रो बज्छ ।” त्यो आवाज सुनी डुमले यताउता चारैतिर हेर्छ तर त्यहाँ कुनै मानिसलाई देख्दैन । ऊ को होला मलाई बाँसुरी बनाएर बजाऊ भन्ने भनेर अचम्म परेर मनमा सोंच्छ, “अरे मैले त कसैलाई पनि देख्दिन, यहाँ मान्छे झैं बोल्छ को बोलेको होला ।” त्यसैबेला तालको डिलको बाँसले भन्यो, “ए बाटो हिड्ने डुम ! यो बाँसको तलको भाग छोडी माथिको भाग फालेर बीचको भागको बाँसुरी बनाइ बजाऊ खुबै राम्रो बज्छ ।” तब डुमले आवाज आएतिर हेर्दा उसले बाँसबाट आवाज आएको देख्यो । अनि उसले सोच्यो कि यसले ठीकै भनेको होला भनेर । अनि बाँस काटेर त्यसको बाँसुरी बनाउने निधो गऱ्यो

तर बाँस काट्ने साधन हँसिया ऊ सँग थिएन । अनि भाँचिन्छ कि भनेर बास भाँच्न गयो । नभन्दै उसले बाँस भाँच्न के समातेको थियो बाँस आफै भाँचियो । बाँस बीचबाटै भाँचिएपछि माथिको भाग फेरि उसले भाँचेर त्यही कतै फाल्यो त्यसपछि बीचको भाग बाँसको बाँसुरी बनायो । अनि त्यही बाँसुरी लिएर भीख माग्न हिड्यो ।

जाँदा-जाँदै, जाँदा-जाँदै ऊ त्यही बर्दियाको घर आयो । त्यसबेला घरमा बर्दियाका बुबा मात्रै थिए । गोठको अगाडि आँगनमा बसेर उनले हलोको काठ ताछ्दै थिए । जब डुम त्यहाँ पुग्यो तब डुमले जयजयकार बाबा, जयजयकार बाबा भनेर बोलायो । त्यसपछि आफ्नो झोलासोला त्यहीं भूइमा राख्यो । अनि उसले बाँसुरी मुखमा जोर्‍यो । त्यसपछि त बाँसुरी आफै बोल्न थाल्यो । बाँसुरीले भन्यो, “हलो बनाउन काठ ताछ्दै हुनुहुन्छ मेरा ससुरा तपाईका छोराले मलाई नैनीतालमा भोग चढाएका थिए तब म तालको डिलमा बाँस भएर उम्रे केही दिनमा ठूलो भएपछि म यही डुमको हातमा परे ।” अनि तिरिरिरी-तिरिरिरी बाँसुरी बज्यो । बाँसुरी बोलेको सुन्दा ती बर्दियाका बुबा अचम्म परेर भने, “यस्तो त मैले कहिल्यै सुनिन बाँसुरी आफै बोलेको ।” त्यसपछि बुढाले डुमलाई फेरि बाँसुरी बजाउन भने । डुमले पनि फेरि बजायो । अनि बुढाले भने, “मैले तिमीलाई के दिऊँ । मैले त काठ ताछ्दै छु । तिमी जाऊ बीचको आँगनमा मेरी पत्नीले बिस्कुन सुकाउन थालेकी छे । उसैसँग गएर माग्यौ भने उसले तिमीलाई धान दिनेछे ।” अनि डुमले बुढाको जयजयकार गर्दै भन्यो, म त सय आँगन भीख मागेर ज्यान पाल्ने मान्छे एकै ठाउँमा बसेर भएन, त्यसैले म जान्छु ।” अनि डुम बीचको आँगनतिर बढ्यो ।

आँगनमा बर्दियाकी आमाले धानको विस्नुन हेरेर बसेकी थिई । डुम त्यहाँ पुगेर भन्यो, “जयजयकार आमा ! जयजयकार आमा !” अनि डुम आँगनमा बस्यो । त्यसपछि झोला भूइमा राख्यो र झोलाबाट बासुरी झिकेर बजाउन थाल्यो । तब बाँसुरी बज्न थाल्छ । बाँसुरीले भन्यो, “ए मेरी सासू बिस्कुन सुकाउँदै हुनुहुन्छ तपाईको लाहुरे छोराले मलाई नैनीतालमा भोग चढाए । अनि म तालको डिलमा बाँस भएर उम्रे । ठूलो भएपछि म डुमको हातमा परें । उसले नै बाँसको बीचको भागबाट मलाई बाँसुरी बनाये ।” अनि बाँसुरी बज्छ, “तिरिरिरी-तिरिरिरी ।” त्यो बुढी पनि अचम्म परी । बुढीले कति राम्रो बजेको होला यो बाँसुरी भनी । त्यसपछि डुमले भन्छ, ए आमा ! मलाई भिक्षा दिनुस् । तपाईले दिएको भिक्षाले मात्र मलाई पुग्दैन, सय घरमा धाउनुपर्छ । कसैले एक मुठी दिन्छन् त कसैले एक छटाक दिन्छन् । यसै गरी सबैले दिएको भिक्षा जम्मा गरेपछि मात्र मलाई खान पुग्छ । एउटैले दिएको भीखले त मेरो छाक टर्दैन ।” त्यसपछि बुढीले भनी, “तिमी जाऊ मेरी

ठूली बुहारीले चामल केलाउँदै छे त्यही जाऊ । उसले तिमीलाई चामल दिन्छे ।" डुमले साह्रै फसादमा पार्नुभयो आमा भन्दा बुढीले भन्छे, "जाऊ, मैले धान दिउँला, एक माना दिउँला, तिमीले कहाँ कुटाउँछौ । त्यसैले त्यहाँ जाऊ । त्यहाँ गएपछि तिमीलाई चामलै मिल्छ । धान कुटाउने समस्यम नै पर्दैन । बुढीले त्यति भने पछि डुम गयो ।

डुम बर्दियाकी जेठी भाउजु छेउ जान्छ । अनि उसले जयजयकार छ दिदी तपाईलाई भन्छ । त्यसपछि झोलासोला भूइमा राख्यो अनि बाँसुरी मुखमा जोरेपछि बाँसुरी बोल्छ, "चामल केलाउँदै हुनुहुन्छ जेठानी मेरी तपाईको देवरले मलाई नैनीतालमा भोग दिए । त्यसैबेला म बाँस भएर तालको डिलमा हुर्के बढे । बाटो हिड्दै गरेका डुमले त्यो बाँसको बीचको भागबाट मलाई बाँसुरी बनाए तिरिरिरी-तिरिरिरी ।" बाँसुरी बजेको सुनेपछि बर्दियाकी जेठी भाउजु पनि छक्क परी तर पनि आफ्ना देवरले गरेको काम नढाँटी बाँसुरीले बोलेको हुँदा अस्वाभाविक ठानिन । उसले मनमनै भनी, "हुन त हो नि देवरले आफ्नी पत्नीलाई भोग चढाएका थिए । अनि डुमसित भन्छे, "हेर डुम ! मैले चामल त केलाइरहेकी छु । मैले चामल दिएँ भने मेरा लोग्नेले हामीले पसिना बगाएर कमाउने उसले मनपरी माग्नेलाई चामल दिएर पठाउने भनी गाली गर्छन् मलाई । तिमी खेतमा जाऊ त्यहाँ उनी खेत जोत्दै छन् । तिनैसँग गएर भन ।" आफ्नो केही नलागेपछि त्यो डुम एक मुठी भीखको लागि खेतमा पुग्यो । उनी खेत जोत्दै थिए । डुमले जयजयकार गऱ्यो अनि झोला भूइमा राखी झोलाबाट बाँसुरी झिकेर फुक्न थाल्यो । अनि बाँसुरी बोल्छ, "हलो जोत्दै छौ जेठाजु मेरा तपाईका भाइले मलाई नैनीतालमा भोग दिए अनि म केही दिनपछि तालको डिलमा बाँस भएर हुर्के बढे । अनि बाटो हिड्दै गरेको डुमले बाँसको तलको भाग छोडी माथिको भाग फाली बाँसको बीचको भागको बाँसुरी बनाये तिरिरिरी-तिरिरिरी ।" त्यो हलो जोत्नेले अचम्म मान्दै भन्छ, "अरे तिम्रो बाँसुरी त खुबै राम्रो बज्छ । एकपटक फेरि बजाऊ त ।" डुमले भन्छ, "हे दरबारी बाबु किन मलाई दु:ख दिनुहुन्छ ? जे दिनु छ त्यो दिए त भइहाल्छ नि किन बेकारमा दु:ख दिनुहुन्छ ?" तब त्यो हलो जोत्नेले भन्छ, "हेर डुम ! बर्दिया मेरो भाइ अलिपर चौरमा गाईगोरु चराउँदै छ । उसैसँग गएर माग । जे दिनु छ त्यसले दिन्छ । मसँग यहाँ केही छैन ।" अनि डुम दिक्क मान्छे त्यहाँबाट उठ्छ ।

डुम अलिपरको चौरतिर हिड्यो । त्यहाँ बर्दियाले गोरु चराउँदै थियो । बर्दिया एउटा ढिस्को जस्तोमा पल्टेको थियो । डुमरा त्यहाँ पुगेर जयजयकार बाबु, जयजयकार बाबु भन्न थाल्यो । आफ्नो झोला भूइमा राखेर झोलाबाट बाँसुरी झिकी बजाउन थाल्यो । बाँसुरीले भन्यो, "गाईगोरु चराउँदै हुनुहुन्छ स्वामी मेरा । तपाईले नैनीतालमा मलाई भोग दिनुभयो । केही दिनपछि म बाँस

भएर तालको डिलमा उम्रे बढे । अनि डुमले त्यही बाँसबाट बाँसुरी बनाये । ए दाजु बाँसुरी बजा ... तिरिरिरी-तिरिरिरी ।" त्यो बाँसुरीको मीठो धुन र बोली सुनेपछि बर्दिया उठ्यो र सोध्यो, "यो बोल्ने के हो ?" अनि बर्दियाले नजिकै बसेको डुमलाई देखे पछि सोध्यो, "के बजाइस डुम ।" अनि डुमले बाँसुरीलाई देखाएर यही बाँसुरी बालेको हो भन्यो । बर्दियाले फेरि एक पटक बजाउन भन्यो । डुमले पनि फेरि बाँसुरी बजायो । बाँसुरीको बोली र आवाज सुनेपछि बर्दियाले भन्छ, "ए डुम त्यो बाँसुरी मलाई देऊ । तिमीले के लिन्छौ ? गाई लिन्छौ कि गोरु लिन्छौ, बाच्छोबाच्छी लिन्छौ जे चाहन्छौ म दिन्छु तर यो बाँसुरी मैले राख्छु ।" डुमले भन्छ, "मैले बाछाबाछी लगेर के गर्ने कहाँ कहाँ बाच्छाबाच्छी लिएर घुम्ने, गाई लिएर कहाँ जाने ? गोरु लगेर मैले के गर्ने ?" बर्दियाले भन्छ, "होइन, तिमीले यो बाँसुरी मलाई दिनै पर्छ बरु तिमीले चाहे दुहुनो गाई लैजाऊ चाहे गोरु लैजाऊ म दिन्छु । गाई लगे दुध दुहुन पाउँछौ बाच्छो लगे बेचेर पैसा कमाउन सक्छौ ।" बर्दियाले निकै जोड गरेपछि डुमको केही लागेन । अनि बर्दियाले डुमसँग  बाँसुरी लियो र डुमलाई दुईटा गाई दियो । अनि डुमले दुई्र गाईलाई जोल्टेर आफ्नो घरतिर लान खेद्यो । डुम गाई लिएर गयो ।

बर्दियाले त्यो बाँसुरीलाई आफ्नो सनपाटको झोलामा राख्यो । त्यो बाँसुरी घरका मान्छेलाई देखाएको थिएन । दिनभरि बर्दियाले त्यो बाँसुरी लिएर घुम्यो जब साँझ पर्‍यो खाना खाएपछि बर्दिया सुत्न गयो । अनि केही बेरपछि त्यही बाँसुरीबाट निस्केर भ्यागुता रानीले बर्दियाको खुट्टा र जीउमा तेल घसिदिई । दुवैले मीठामीठा कुरा गरे, हाँसोमजाक गरे । यस्तै गर्दा-गर्दै दुईचार दिन बिते । अनि एक दिन बर्दियाले आफ्नी आमालाई भन्यो, "ए आमा ! आज बोर्सीमा आगो राखिदिनुहोला । यस्तो गर्मीको महिना भएपनि मलाई जाडो लागेको छ ।" बर्दियाकी आमाले आफ्नी बुहारीलाई बोलाएर भनिन्, "ए बुहारी यो छोरालाई आजकाल पनि जाडो लाग्यो भन्छ, बोर्सीमा आगो राखिदिए ।" बुहारीले बोर्सीमा आगो भरिदिईन् । साँझ पर्न थालेपछि बर्दिया पनि गोरु चराएर आयो । भातसात खाएर राती सुत्यो । सदाझैं भ्यागुता रानीले उसको सेवा गरिन् । बिहान नहुँदै बर्दिया उठेर बोर्सीको आगोमा त्यो बाँसुरी राखिदियो । भ्यागुता रानी बर्दिया सुतेकै विस्तारामा सुतेकी थिइन् । बाँसुरी जलेर खरानी भयो । बिहान झिसमिसेमा भ्यागुता रानी उठेर बाँसुरीमा पस्न खोज्दा त बाँसुरी छैन । उनले यताउता चारैतिर हेरिन् कते पनि बाँसुरी नदेखेपछि अब उनी रानी भएर बर्दियासँगै बस्न थालिन् । दुवै लोग्ने स्वास्नी भएर रहन थाले । कथा समाप्त ।

## ११. राजकुमारकय फुला

एक रहयँ राजा बहुत धनी रह्यँ । लेकिन उनकय लरिकय नाही रह्यँ । तो राजा-रानी चिन्तित भयँ । धन तो हम्नकय धेर हय लेकिन धनसे होइ काव, जब अपने नाही रहाजायी तो धना के देखी ? तो दोनो राजा-रानी सल्लाह किहिन कि अइसन हय जौन धन हम्मनकय हय व धन राज्यमय गरिबकय बाँटदियाजाय । और कुल धन बाँटेक बाद जौन बची ओका आगी लगायकय फुकदियाजाय और का कियाजाय रख्खयकय । हम्मनकय लरिकयपरिकय नाही हयँ के देखी ओका हमरेक बाद ? यही नाते ओका जौनहय पूरा धन आपन राजकय गावँमय दीन दुखिनकय बाटय और जौन बचगय तौन फुकदिहिन् । ओतना बडा महल येनतेन पूरा धन यतना कुल रहा कि कितना कुल फुकयँ । मने एक ओरसय फुकय सुरु किहिन् । जब आग फुके लागिन् तो यतना धुवाँ निकरा कि पूरा दुनिया अँधियार होइगय । जहाँ इन्द्र भगवान रहतरह्यँ इन्द्रासन हिले लाग । इन्द्र भगवान गुहार मचाइन । जब इन्द्रकय गुहार सुनिन् तो विष्णु भगवान वहाँ पहुँच गयँ । फिन ब्रम्हाजीकय लगय पहुचय । इन्द्र ब्रम्हाजीसय कहिन भगवान देखागय-कइसन अँधियार हय, कुल इन्द्रासन हिले लाग दुनिया अँधियार होइगय का बात हय । तो ब्रम्हाजी विष्णुजीसय कहिन विष्णुजी जाओ नीचे पृथ्वीमय का बातहय पता करकय आओ । विष्णु भगवान नीचे धर्तीमय आइन् तो देखतहँय राजारानी हयँ और उनकय लरिकय नाही रह्यँ । उनकय जौन धन जायजात हय वह कुल जलावतहयँ, कुल वहाँ धुँवासय, दुनिया अँधियार होइगयहय और इन्द्रासन हिले लाग । विष्णु भगवान मने यी कुल तमासा देखिन् और जायकय ब्रम्हाजीसय यी सबकुछ बताइन । तो ब्रम्हाजी कहिन् अच्छा विष्णु भगवान तुँ उन् राजाकय रानीकय गर्भमय रहिजाओ और उनकय लरिका होइजाओ । बारह वरषतक रह्यो । ओकरे बाद वापस आयक परी । तो विष्णु भगवान कहिन् ठीक हय । और विष्णु भगवान गयँ मर्त्यलोकमय और रानीकय गर्भमय रहिगयँ । राजा बैद्यकय बोलाइन् । बैद्य रानीकय देखिनउखिन् तो बताइन् हँ रानीकय गर्भ रहिगयहय । और राजा डुग्गी पिटवाइन् पूरे गाँवसहरमय । पूरे गाँवसहरमय खुसीयाली मनाइन्, मिठाइउठाइ बाँटिन् । जब समय पूरा होइगय नौ महिनाक बाद महलमय राजकुमार जनम लिहिन् । जवानउमान बोलाइन् नलउल् काटिन् । राजकुमारकय पालय लगयँ । राजकुमारकय नाम नीलकण्ठ रख्खय रह्यँ । यिन् बडा होइगयँ । जब राजकुमार बारह वरषकय भय, राजा सोचिन हम बुढाइगयँहयँ राजकुमारकय बिहा देखलेवाजाय मने दुसरे राजमय राजकुमारकय बिहाहक बात करिन् । बिहाकय बात तय होइगय । बराँत लइकय बिहा करयगयँ ।

राजकुमार राजकुमारीकय बोलवाइन् । एक ठु अलग कमरामय राजकुमार और राजकुमारी बैठयँ । दोनोक बीचमय बातचीत होयलाग् । राजकुमार राजकुमारीसय कहिन् कि बिहा मण्डपमय हमहुनकय जौन सात फेरा घुमेक पडतहय ओ सातो फेरा नाही होयकदेयकहय, अगर सात फेरा होइ तो विहा मण्डपकय कहुँ किनारसय बाघ आयकय हम्मय खाइ और हम मरिजावयँ यहि नाते जब पाँच फेरा होइ हम्मय धक्का दइदियो हम जानजाव तो हम रुक जावयँ । ठीक हय अगर मानलेओ भगवान ना चाहें अगर मरिगयन् तो हम्मय जरियायो न, न कह्यो जरियाइ न गाड्य । हम्मय एक ठु पलङपय सुतायकय बढियास ओढायकय बस लइजायकय जंगलमे छोडआयो मने छोडआयक कह्यो । राजकुमारी कहिन् ठीक हय । मने दोनोकय बीचमय अइसन अइसन बातभय । बातचीतकय समय पूरा होइगय तो राजकुमारी गइन् अपन जनमवासिमय । बिहाक खानाउना खाइन् । खाना खायकय विहा मण्डपमय बैठिन् । सब चारो तरफसय बैठिन् । पण्डित मन्त्र पढे लाग । धिरे-धिरे बिबाहक कारय करम चलेलाग । जब फेरावाला कार्यकरम आय राजकुमार राजकुमारीकय उठाइन् । और राजकुमारकय अँगोछा राजकुमारीकय चुनरीसय बाँधिन् और तब मण्डपकय चारोओर फेरे करय लागय । जब पाँच फेरा पहुचय तब राजकुमारी धक्का दइकय कहे लागिन धीरेसय राजकुमारकय रुक जाओ रुक जाओ । लेकिन राजकुमार नाही रुकयँ । राजकुमार जाने रह्यँ कि आज हम्मय मरेकहय, समय पूरा होइगयहय यह नाते यह जानजानकय दुई फेरा और पूरा कइदिईन् । जइसय राजकुमार दुई फेरा पूरा किहिन् तइसय बिवाहक मण्डपकय किनारेसय बाघ निकलकय राजकुमारकय खाइलिहिस् । राजकुमार मरिगयँ । वहाँ सब रोयलागयँ । सब् रोइन् गाइन् । यी भय कि अब राजकुमारकय लासकय जलायदेओ । राजकुमारी कहिन् कि नाही हमसय अइसन अइसन बातभयरहा यिनकय जलायक दफनायक नाहीहय । यिनकय नहुवायक धउवायक बढियासय कपडा पहिनायकय पलङपय सुताइकय ओढायकय लइजायक जंगलमे छोडआवेकहय । राजकुमारीकय बात सबकय मानेक परा, का करयँ उनकय बिहा होइचुका रहा खाली फेरा होयक रहा । राजकुमारीक बात सब मानि, कहिन सब जने ठीक हय । और राजकुमारकय लासकय नहुवायकय धउवायकय औ बढियासय कपडा पहिनायकय पलङपय सुतायकय और ओढायकय तब पलङिया उठायकय लइजायक जंगलमय रखदिहिन् और वे चलाआय । ओकरेबाद राजारानी जौन रह्यँ अपन महलमय रह्यँ । उनकय जौन पतोहिया रही ऊ अपन नइहरे रहे लागिन् राजकुमारी रोइन् कवतक रोइहयँ ।

जब रातभय तो रातमय इन्द्रलोकसय परीलोग आइन् जहा राजकुमारकय लास रखयरहा तहाँ नाचिन् गाइन् और राजकुमारकय उठायकय गोउवा मुडवारी कइदिहिन् मुडवा गोडवारी

कइदिहिन् और ये जिन्दा होइगय राम ! राम !! कहिकय उठिन् । परीलोग जौन बारह व्यञ्जन लइकय आयरहिन् इन्द्रलोकसय राजकुमारकय खाइन् पियाइन् । राजकुमार खाइन्पिइन् और आराम किहिन् । जब भिन्नही भय परीलोग राजकुमारकय मुडवा गोडवारी ओर-कइदिहिन् गोडवा मुडवारीओर कइदिहिन् । राजकुमार फिर सुतगयँ और परीलोग चलिगयँ आसमानमय । अइसन अइसन रोजेभय । ये का करे कि जब रातभय रातमय स्वर्गलोकसय आवय परीलोग नाचय गावयँ, खवावयँ पिवावयँ फिर भिन्नही चलिजावयँ । राजकुमारकय लास अइसन रह्य कि एक्को माखीतक वहाँ नाजायँ नाखायँ । तो गाँवमय एक ठु मेहरारु रही ऊ जातरही जंगलमय लकडी काटय । तो लकडी काटकय जब देखिस् का होय ओ तो पलङ होय राजकुमारवाला । और कौनो लास होवत् तो मने कीराउरा लगजातय जो मने कीराउरा खायजातय चराचिरङ्गी खायलेतय । यी लास उइसन नाही बिलगातहय का बात हय । यह मेहरारु जायकय यी राजकुमारकय दुलहिन मने राजकुमारीसय कहिन् कि अइसन अइसन बातहय मने राजकुमारयक लासकय कौनो कीराउरा नाही खावतहयँ लास जइसन नाही बिलगातहय । राजकुमारी कहिन् अच्छा । तो वही दिन राजकुमारी अपनी माइसय कहिन् कि ए माई हम जाइतहन राजकुमारकय देखय । राजकुमारीकय माई कहिन् कि तुँ नाजाव डरायजावियु जब भिन्नही होइ तब जाय । राजकुमारीकय मन नाही मानिस् । ऊ राजकुमारकय भेटय जाय खोजिन् । जब रातभय राजकुमारी जायकय राजकुमारवाला पलङकय नीचे लुकिन् । थोडी देरबाद उपर आसमानसय परीलोग आइन् और आयकय राजकुमारकय जौन गोडवा रहा मुडवारी कइदिहिन् मुडिया जौन रहा गोडवारी कइदिहिन् तो राजकुमार जागय तो परीलोग बारह व्यञ्जन खवाइन् । राजकुमार थोरेक खाइन् यह जातन रह्यँ कि पलङकय नीचे राजकुमारी लुकायहिन् बाँकी खाना पलङकय नीचे डालदिहिन् । नीचवा राजकुमारी खाइन् । जब भिन्नही परीलोग चलिगइन् । राजकुमारी पलङकय नीचेसय उठिन् और राजकुमारसय कहिन् हम आइगयहन् । तो राजकुमार कहिन् ठीकहय अइसय आयाकरो और का करवो । तो कुछ दिन बाद जब रानीकय पेटमय गर्भ रहिगय तो राजकुमार कहिन् कि तुँ अपने माइकय घरमय रहो और जब लरिका पैदा होइ तो यहाँ लइकय आयो । हम अइसय सहवयँ । भगवान आसमानसय आइहयँ तो फुला लइकय जाइहयँ । जब भगवान फुला लइकय जायलगिहयँ तो तुँ पलङ्कय नीचेसय लरिकाक चिंगुटी काटिदियो तो लरिका रोयलागी । तो भगवान पुछिहयँ का बातहय काहे लरिका रोवतहय तो तुँ कह्यो कि लरिकवा फुलवा मागतहय तो भगवान दइदिह्यँ तो अच्छा होइ बढिया होइ । तो राजकुमार राजकुमारीकय अइसय बतुवायक बाद राजकुमारी अपने नइहरे आइन् । और आयकय रह्यलागिन् और जब समय पूरा होइगय नौ महिनाक बाद राजकुमारीकय लरिका पैदा भइस् । तो

कुछ दिन बितगय । उसके बाद राजकुमारी लरिकाक लइकय जंगलमय गइन् जहाँ राजकुमार पलङपय सुतयरह्यँ । और यिन् आपन लरिकाक पलङकय नीचे रखिखन । जब रातभय, रातकय आसमानसय भगवान आइन तब राजकुमारकय फुला लइकय जाय लागयँ तो राजकुमारी लरिकाकय चिंगुटी काटिदिहिन् तो बच्चा रोयलाग । भगवान पुछिन् लरिकवा काहे रोवतहय तो राजकुमारी कहिन् ये फुला मागतहय । तो भगवान कहिन् तो अच्छा लेओ । भगवान लरिकाकय फुला दइदिहिन् । तब राजकुमार हमेसाकय लिय जिन्दा होइगय तो अपन राजकुमारीकय और लरिकाकय अपन राजमय लइकय आयँ । और वे सुखपूर्वक रह्यलागयँ । खिस्सा खतम पइसा हजम ।

### नेपाली रुपान्तर

एउटा राजा थिए । उनी धेरै धनी थिए । तर उनका छोराछोरी कोही पनि थिएनन् । छोरा-छोरी नहुँदा राजा-रानी चिन्तित भए । उनीहरुले आपसमा भने कि धन त हाम्रो धेरै छ तर धनले के हुन्छ जब हामी मरेर जान्छौ तब त्यो धन कसले हेर्छ ? अनि दुवै राजा-रानीले के सल्लाह गरे कि "जुन धन हामीहरुसँग छ त्यो धन राज्यका गरिबलाई बाडिदिनु पर्‍यो । गरिबलाई बाँडिदिएर जुन बच्छ त्यसलाई आगो सल्काएर जलाइदिनु पर्‍यो अरु के गर्ने धन राखेर ? हाम्रा केटाकेटी छैनन् । हामी मरेपछि कसले त्यो धनको उपयोग गर्छ ?" यही कारण उनीहरुले आफ्नो भए भरको धन राज्यका दीनदुःखीलाई बाँडिदिएर अनि जति बच्यो त्यसमा आगो लगाइदिए । त्यत्रो ठूलो महल थियो, धन पनि धेरै थियो । अनि राजाले एक किनारबाट आगो लगाउन सुरु गरे । जब आगो फुक्न लागे धुँवा निस्कन लाग्यो । यति धेरै धुवा आकासमा उड्न थाल्यो कि इन्द्र भगवानले गुहार मागे । जब इन्द्रको गुहार सुने विष्णु भगवानले तब विणु भगवान आफै त्यहाँ पुगे । अनि इन्द्र र विष्णु भगवान ब्रम्हाजी कहाँ पुगे । इन्द्रभगवानले ब्रम्हाजीसँग भने "हेर्नु भयो भगवान कस्तो अँध्यारो भयो धुँवाले, इन्द्रासन पुरै डग्मगाउन थाल्यो, संसारै अँध्यारो भयो, के कारण यस्तो भयो ?" अनि ब्रम्हाजीले विष्णु भगवानसँग भने कि "विष्णु जी तपाई तल पृथ्वीमा गएर पत्ता लगाउनुस् कि के कारणले यस्तो भएको हो ?" विष्णु भगवान तल धर्तीमा आएर हेर्छन् त राजारानी छन् तर उनीहरुका छोराछोरी थिएनन् । ती राजाको जति धन, जायज्यथा थियो त्यो पूरै राजाले जलाउँदै थिए, त्यहाँ पूरै धुँवाले सारा संसार अँध्यारो भएको थियो  त्यसैले गर्दा इन्द्रासन हल्लिन लागेको थियो । विष्णु भगवानले यो सबै तमासा देखे र गएर ब्रम्हाजीसँग सबै कुरा बताए । अनि ब्रम्हाजीले विष्णु भगवानलाई भने, "विष्णु जी तपाई राजाको गर्भमा रहनुस् र उनको छोरा भएर जन्मिनुस् ।

बाह्र वर्षसम्म रहनुहोला । त्यसपछि तपाई फेरि यही फर्केर आउनु पर्छ ।" अनि विष्णु भगवानले ठीकै छ भने । विष्णु भगवान मर्त्यलोकमा गए र त्यहाँ उनी रानीको गर्भमा बसे । रानीलाई गर्भ रहेको शंका लागेपछि राजाले वैद्यलाई बोलाए । वैद्यले रानीलाई जाँचे । अनि वैद्यले रानीलाई गर्भ रहेको कुरा बताए पछि राजाले पूरा गाउँ  सहरमा रानीलाई गर्भ रहेको कुराको हल्ला पिटाउन लगाए । पूरा गाउँ सहरमा खुसीयाली मनाइयो, मिठाइसिठाइ बाँडे । जब समय पूरा भयो नौं महिनापछि महलमा राजकुमारको जन्म भयो । सुडेनीलाई बोलाइयो, बालकको सालनाल कटाइयो । अनि राजाले राजकुमारलाई राम्ररी पाल्न लागे । राजकुमारको नाम नीलकण्ठ राखियो । राजकुमार ठूला भए । जब राजकुमार बाह्र वर्षका भए राजाले पनि सोचें कि "म बुढो भएँ राजकुमारको विवाह गरिदिन पाए हुन्थ्यो ।" अनि अर्को राज्यमा गएर राजकुमारको विवाहको कुरा पनि गरे । विवाहको कुरा पनि छिनियो । जन्ती लिएर विवाह गर्न गए । राजकुमारले राजकुमारीलाई बोलाए । एउटा छुट्टै कोठामा राजकुमार र राजकुमारी बसे । दुवै जनाको बीचमा कुराकानी हुन थाल्यो । राजकुमारले राजकुमारीसित भने कि "विवाह मण्डपमा हामीलाई जुन सात पटक विवाह मण्डप वरिपरि घुम्नु पर्दछ त्यो सात पटक घम्नु हुँदैन । यदि सात पटक हामी घुम्यौं भने विवाह मण्डपको कुनै एउटा किनारबाट बाघ आएर मलाई खाने छ र म मर्नेछु । यसकारण सातपटक घुम्नु हुँदैन । हाम्रो घुमाइ पाँच पटक भयो भने तिमीले मलाई यसो धक्का दिए अनि मलाई थाहा हुन्छ र म रोकिन्छु । यदि म कुनै कारणवश मरे भने मेरो लासलाई जलाउन नदिए न त गाड्न नै । बरु मेरो लासलाई एउटा पलङमा सुताएर राम्रोसँग ओढ्नेले ओढाएर लगेर जंगलमा छोड्न लगाए ।" राजकुमारीले ठीकै छ भनिन् । दुवैको बीचमा यस्तै-यस्तै कुरा भए । उनीहरुको कुराकानी सिद्धिएपछि राजकुमारी आफ्नो कोठीमा गइन् । विवाहको निम्ति खनासाना खाइन् । खानाखाएपछि आएर विवाह मण्डपमा बसिन् । राजकुमार पनि बसे, सबैजना विवाह मण्डप वरिपरि बसे । पण्डितले वेदका ऋचा पढ्न थाले । विस्तारै-विस्तारै विवाहको कार्यक्रम अगाडि बढ्दै गयो । जब यज्ञवरिपरि घुम्ने कार्यक्रम सुरु हुन थाल्यो राजकुमारले राजकुमारीलाई उठाए । अनि राजकुमारको रुमाल राजकुमारीको मजत्रोसित बाँधेर मण्डपको वरिपरि घुम्न लागे । घुम्दा-घुम्दै जब पाँच पटक घुमिसके तब राजकुमारीले राजकुमारलाई हल्का धक्का दिँदै विस्तारै भनिन्, "राजकुमार रोकिनुस् रोकिनुस् ।" तर राजकुमार रोकिएनन् । राजकुमारलाई थाहा थियो कि आज मलाई जसरी भए पनि मर्नु छ त्यसैले उनी जानी जानी बाँकी दुई पटक पनि यज्ञवरिपरि घुमे । जतिबेला राजकुमारले दुई पटक अरु घुमाइ (प्रदक्षिणा) गरे त्यतिबेला मण्डपको एउटा किनारबाट बाघ निस्केर राजकुमारलाई खायो । राजकुमार मरे । राजकुमारी रोइन । त्यहाँ भएका सबैजना रोए । सबै जना रुँदै गाउँदै गए । आखिरमा अब

राजकुमारको लासलाई जलाइदिने कुरो उठ्यो । अनि राजकुमारीले भनिन् कि "मसँग राजकुमारको कुरा भएको थियो कि यिनको लासलाई जलाउनु पनि हुँदैन गाड्नु पनि हुँदैन । यो लासलाई नुहाइदिएर राम्रोसँग कपडा लगाइदिएर पलङमा सुताइ ओढ्ने बस्त्र ओढाएर लगी जंगलमा छोडेर आउनु पर्छ ।" राजकुमारीको कुरा सबैले मान्नु पऱ्यो किनभने उनको विवाह राजकुमारसँग भइसकेको थियो मात्र यज्ञ मण्डप वरिपरि घुम्ने काम बाँकी थियो, त्यो पनि लगभग पूरा नै भइसकेको थियो । राजकुमारीको कुरा सबैले माने । अनि राजकुमारको लासलाई नुहाइदिएर अनि राम्रोसँग कपडा लगाइदिएर पलङमा सुताइ अनि ओढ्ने बस्त्रले ओढाइदिएर अनि पलङ बोकेर लगी जंगलमा राखिदिए पछि उनीहरु फर्के । त्यसपछि राजा-रानी आफ्नै नजलेको महलमा रहन थाले भने उनीहरुकी बुहारी अर्थात् राजकुमारी आफ्नो माइतमा बस्न थालिन् । राजकुमारी खुब रोइन पीरले, तर कहिले सम्म रुने । विस्तारै-विस्तारै राजकुमारलाई भुल्ने प्रयास गरिन् ।

जब रात पऱ्यो तब रातमा इन्द्रलोकबाट अप्सराहरु आएर जहाँ राजकुमारको लास राखिएको थियो त्यहाँ नाचे अनि राजकुमारलाई उठाएर खुट्टा टाउको भएतिर र टाउको खुट्टा भएतिर गराइदिएर त्यसपछि राजकुमार जिउँदो भएर राम राम भन्दै उठे । अप्सराहरुले जुन बाह्न व्यञ्जन भोजन ल्याएका थिए त्यो राजकुमारलाई खुवाए पियाए । राजकुमारले खाना खाए पिए अनि आराम गरे । जब बिहान भयो तब अप्सराहरुले राजकुमारलाई टाउको खुट्टातिर खुट्टा चाहि टाउको तिर पारिदिए अनि राजकुमार फेरि सुते : आफूहरु आकासतिर उडेर गए । यस्तै किसिमले दिन बित्दै थियो अप्सराहरु रातिमा स्वर्गलोकबाट आउथे त्यहाँ आएर राजकुमारलाई जगाएर खुवाउथे पियाउथे अनि नाचगान गरी जब बिहान हुन थाल्थ्यथ्यो तब अप्सराहरु जान्थे । राजकुमारको लासलाई एउटा माखोतकले खादैनथ्यो । गाउँमा एउटी आइमाई थिई । ऊ सधैं जंगलमा दाउरा काट्न जान्थी । एक दिन जब दाउरा काट्दै थिई जंगलमा उसले पलङमा राजकुमार सुतेको देखी । कुनै अरुको लास हुन्थ्यो भने किंरासीरा लाग्थे होलान् चरासराले खान्थे होलान् तर त्यो राजकुमारको लास त्यस्तो देखिएन । अनि त्यो आइमाईले आफूले जंगलमा देखेको राजकुमारको लासको कुरा गएर राजकुमारीलाई भनी । उसले के भनी भने राजकुमारको लास जंगलमा खटियामा जस्ताको तस्तै छ । कुनै कीरासीरा पनि लागेका छैनन्, झिंगासिंगा भन्केका छैनन् ।" राजकुमारीले त्यो कुरा थाहा पाए पछि त्यही दिन साँझ आफ्नी आमासँग भनिन् कि, "आमा म राजकुमारलाई हेर्न जंगलमा जान्छु ।" राजकुमारीकी आमाले भनिन्, "तिमी अहिले न जाऊ, तिमी डराउली एक्लै जंगलमा जाँदा यस्तो रातिमा । भोलि बिहन भएपछि जाउली ।" राजकुमारीको मनले मानेन । उनी राजकुमारलाई भेट्न जान खोजिन् । जब रात पऱ्यो, राजकुमारी जंगलमा गइन् एक्लै । उनी

राजकुमारको पलङको तल लुकेर बसिन् । थोरै समयपछि आकासबाट अप्सराहरु आएर राजकुमारलाई खुट्टा भएतिर टाउको र टाउको भएतिर खुट्टा गराइदिए । त्यसपछि राजकुमार जागे । अप्सराहरुले उनलाई बाह्र व्यञ्जन भोजन गराएपछि नाचगान गरे । राजकुमारले थोरै भोजन गरे किनभने उनले थाहा पाइसकेका थिए कि राजकुमारी पलङमुनि लुकेकी छिन् । त्यसैले आफूले थोरै खाई बाँकी सुटुक्क पलङमुनि राखिदिए । पलङमुनि राजकुमारीले खाइन । जब बिहान हुन थाल्यो तब अप्सराहरु आकासतिर गए । अनि पलङ मुनिबाट राजकुमारी उठिन् र राजकुमारलाई भनिन् कि म यहीं आएकी छु । राजकुमारले पनि हुन्छ यस्तै गरी आइ राखे भनेर भने । अनि सधै जसो राजकुमारी आएर राजकुमारसँग बस्ने गर्न थालिन् यस्तै अप्सराहरुको आँखा छलेर । केही दिनपछि जब राजकुमारीको पेटमा गर्भ रह्यो राजकुमारीले राजकुमारलाई गर्भ रहेको कुरा सुनाइन् । अनि राजकुमारले राजकुमारीलाई भने कि, "तिमी आफ्नी आमाको घरमा नै बसे । जब छोरा जन्मिन्छ यहा लिएर आए । म यस्तै रहनेछु । भगवान आकासबाट आएर फुला लिएर जान्छन् । जब भगवान फुला लिएर जान लाग्छन् तब तिमीले पलङमुनिबाट छोरालाई चिंमोटे अनि बच्चा रुन थाल्छ । त्यसपछि भगवानले यो बच्चा किन रोएको छ भनेर सोध्ने छन् त्यसैबेला तिमीले बच्चाले फुला मागेको छ भनेर भन्नु । अनि भगवानले फुला दिए भने राम्रो हुन्छ ।"

राजकुमारले राजकुमारीलाई अह्राएपछि राजकुमारी आफ्नो माइत आएर बस्न थालिन् । जब समय पूरा भयो नौ महिनापछि राजकुमारीलाई छोरो जन्म्यो । केही दिन बिते पछि राजकुमारीले आफ्नो छोरालाई लिएर जंगलमा गइन् जहाँ राजकुमार पलङमा सुतेका थिए । राजकुमारीले आफ्नो छोरालाई पलङको मुनि लुकाइन् । जब रात पऱ्यो तब आकासबाट भगवान आए अनि राजकुमारको फुला लिएर जान थाले; त्यसैबेला राजकुमारीले आफ्नो छोरालाई चिमोटिन् । अनि बच्चा रुन लाग्यो । त्यसैबेला भगवानले सोध्नु भयो, "यो बच्चा किन रोएको हो ।" अनि राजकुमारीले भनिन् कि बच्चाले फुला मागेको छ । अनि भगवानले ठीकै छ यो फुला देऊ बच्चालाई भनी राजकुमारको फुला राजकुमारीलाई दिए । अनि भगवान आकासतिर गए भने यता राजकुमार सधैको लागि जिउँदो बने । अनि राजकुमारले राजकुमारीका साथै छोरालाई आफ्नो राज्यमा लिएर आए । त्यसपछि उनीहरु सुखपूर्वक रहन लागे । राजकुमारका बुबाआमा पनि खुसी भए । कथा समाप्त ।

## १२. राजा विक्रमादित्य

विक्रमादित्यकेहाँ एक ठु साधु आयँ । साधु महाराजजी रम्ता जोगी बहता पानी एक्कय रात दुईरात रहतहयँ । साधु महाराजजी विक्रमादित्यकय राजमहलमय एक दुई रात रह्यँ । जब साधु जाय लागयँ तब विक्रमादित्य साधुसय कहिन् कि महाराज एक बात बतायदेव । सन्त सबसे बडा मानुष होतहयँ । आप सन्त हो, आप बताओ कि पुरव जुनीमय हमार कौन अइसन कमाइ रहा कि तीनो लोक इन्द्रलोक, स्वर्गलोक और मर्त्यलोकमय हमार नाम चलतहय और चक्रकय निसान हमार दाहिना हातमय हय । तब सन्त महाराज जी कहिन् कि यह बात हम नाही बताय पाइव । तब विक्रमादित्य महाराज कहिन कि तब का कियाजाय तो सन्त महाराज कहिन् कि तोहार राजमय एक गावँमय एक ठु कोहार हय । उसकय द्वारीपय ओकर पतोही आइ पानी भरय तब ओहीसे पुछो ।" राजा विक्रमादित्य सन्त महाराजकय बिदा कइकय चलाआय कोहारकय घरे ।

जब कोहारकय पतोहिया कुवाकय पानी भरय आय तब राजा विक्रमादित्य उससय पुछिन्, “ए दुलहिनिया ! एक बात बतायदेव ।” तो कोहारकय पतोहिया राजासय पुछिन् कि का बात हय ।” तो राजा विक्रमादित्य कहतहयँ, “पुरव जुनकीय हमार कौन अइसन कमाइ रहा कि मृत्युलोक, इन्द्रलोक और स्वर्गलोक यी तीनो लोकमय हमार नाम चलतहय और चक्रकय निसान हमार दाहिना हातमय हय ।” तब कोहारकय पतोहिया कहिन् कि “राजा साहेब हम नाही बताय पाइव ।” तब विक्रमादित्य महाराज जी कहिन् “का करी तब ?” तो ओ कहारकय पतोहिया कहत ही कि “जाओ महाराज चमारकेंहा, ओकर सुँअर चरत ही ओही सुँअरसय पुछो ।” द्वापरयुगमय सुँअर वो चरत रह्यँ । द्वापर युगमय ही राजा विक्रमादित्य रह्यँ । कोहारकय पतोहियाक बात सुनकय राजा चलाआयँ घरय । बिहानकय पाँच बजे उठय और हातमुख धोइकय, नहायकय तब चलय लागयँ जहाँ चमारकय सुँअर चरत रह्य । तब राजा विक्रमादित्य सुँअरसय पुछिन् कि “सुअर महाराज एक बात बतायदेव” तो सुँअर पुछिस् कि “का बात बताइ महाराज जी ?” तब विक्रमादित्य महाराज कहिन् कि पुरव जुनीकय हमार कौन अइसन कमाइ रहा कि तीनो लोक मृत्युलोक, इन्द्रलोक और स्वर्गलोकमय हमार नाम चलतहय और चक्रकय निसान हमार दाहिना हातमय हय ।” तो सुँअर कहिस् कि “राजा साहेब यह बात हम नाही बताय पाइब ।” तब राजा विक्रमादित्य कहिन् “का करी तव ?” तो सुअर कहतहय कि “राजा साहेब जाओ जंगलमय एक ठु वनमानुष जंगलमय भुमतहय वय वनमानुष बताय पाइ ।”

राजा आइन् घरे । खायपियकय सुतय । और जब सबेरा भय हातमुख धोइकय, नहायकय भोजन कइकय घोडापय सवार होइकय चलागयँ जंगलमय । राजा जंगलमय गयँ तो वय देखिन् कि वनमानुष फलफूल ढूढत रहा । तब राजा ओका आवाज दिहिन् और कहिन् कि "वनमानुष रुक जाओ, तुँसय एक बातकय प्रश्न पुछेक हय ।" वनमानुष राजासय कहतहय कि हम रुकित हन तो आगिक लौर गिरतहय यह नाते हम्मय रुकेक नाहीहय । हमसय भेट करेक हय तो घोडाकय चाबुक मारो और हमार किनारे आओ हम्मय जीवनभर चलेहिक हय । "राजा फिर कहिन रुको ।" फिर वनमानुष कहिस् "रुकव नाही तो रुकितहन तो आगिकय लौर गिरतहय ।" राजा विक्रमादित्य घोडाकय चाबुक मारिन् और वयँ वनमानुषकय किनारे पहुँचिन । तब राजा कहिन कि "वनमानुष एक बात बताओ ।" तो वनमानुष कहिस् कि "हम कौन बात बतायदेइ का बात हय ?" तब राजा विक्रमादित्य कहिन् कि "पुरव जुनीमय हमार कौन अइसन कमाइ रहा कि तीनो लोक मृत्युलोक, इन्द्रलोक और स्वर्गलोकमय हमार  नाम चलतहय और चक्रकय निसान हमार  दाहिना हातमय हय ।"

राजा विक्रमादित्यकय बात सुनिस, वनमानुष तव ओ कहतहय कि "राजा साहेव सुनो हमहु, सुअर, कोहारकय पतोहिया और तुँ यी चारो जनय पुरव जुनीमय एकय घरकय परिवार रह्यँ । दुःखसुख जीवनकय साथ जौन भगवान दिहिन उनकय साथ आयँ । दुःखदुखसय जीवन काटाजात रहा । तो ओकर बीचमय कौनो समय कुछ अइसन घटना घटा कि चारो आदमी तुँ, हम, सुअर और कोहारकय पतोहिया उही जनममय सातय जुन कौनो चीज खायक नाही मिला । आठवे जुन कुछ आँटा पाइन् और गुइँठा सुलगायकय और आँटाकय भौरी लगाइन् । और नुन, मरचा, लहसुनकय चटनी बनाइन् । जब भौरी तयार होइगय और लहसुन, नुन, मरचाकय चटनी तयार होइगय तब भगवान जी साधुरुप लइकय अपने आयँ वहा परीक्षा लिय तो साधुरुप भगवान कहिन् कि 'बच्चा जयजयकार हो, चौध जुन बितगय हम कुछ खायन नाही' तव वनमानुष आगी सुलगात रहा तो कहिस् यही आगी खायलेव । हम आठवे जुन यह जौन पायहन भौरी और चटनी तुँह्य काहे दिई ।" यह नाते हम वनमानुष होइगय हम्मर यहाँ आगिकय लौर गिरत हय । कोहारकय पतोहिया साधुकय कहिस् कि महाराज चौध जुन बितगय खायपिय बिना आपकय प्राण नाही निकला और हमार सास हय तो आप आधा खायलेव हम आधा खाइव । यह नाते कोहारकय पतोहिया गरिवकय घरमय जायकय जनम पाइस । मनइकय देही । तो सुअर कहिस् कि 'यह जुनिया जौन यह भौरी और चटनी पायहन् तुँह्य काहे दिई हम खाइव । बस यी भइस् सुँअर' तो तुँ कह्यो कि साधु महाराज तुँ चौध जुन भुखा रह्यो तो तोहार कुछ नाही भय हम तो आठवे जुन भुखा हन तो महाराज यी हमार

सब भौरी और चटनी खायलेव ।' तो भगवान परीक्षा लिय आयरहयँ तो भगवान विक्रमादित्यकय राजाकय महलमय जनम दिइन । तो जौन भुखारुखाहय ओका दान दइदेव तो वही धर्म हय ।" वनमानुषकय बात सुनकय राजा विक्रमादित्य सन्तुष्ट भयँ और वनमानुषकय धन्यवाद दइकय अपन महलमय चलागयँ । खिस्सा खतम पैसा हजम ।

## नेपाली रुपान्तर

राजा विक्रमादित्यको दरबारमा एउटा साधु आए । साधु महाराज डुलुवा जोगी बग्दो पानी एक दुई रात बस्थे । ती साधु महाराज पनि विक्रमादित्यको दरबारमा एक दुई रात बसे । जब साधु त्यहाँबाट बिदा भइ जान लागे तब विक्रमादित्यले साधुसँग भने कि "महाराज एउटा कुरा मलाई बताइदिए हुन्थ्यो । सन्त सबैभन्दा ठूला मानिस हुन्छन् । तपाई सन्त हुनुहुन्छ । तपाईले बताइदिनुस कि पूर्वजुनीमा मैले के त्यस्तो काम गरें कि तीन लोक इन्द्रलोक, स्वर्गलोक र मृत्युलोकमा मेरो नाम चलेको छ र चक्रको निसान मेरो दाहिने हातमा छ ।" तब सन्त महाराजले भने कि "यो कुरो मैले बताउन सक्दिन ।" तब राजा विक्रमादित्यले भने कि "अब के गरौं त ?" अनि सन्त महाराजले भने कि तपाईको राज्यको एउटा गाउँमा एउटा कुमाल छन् । उसको आगनमा उसकी बुहारी पानी लिन आउँछिन् तब उनैसँग सोध्नुहोस् ।" राजा विक्रमादित्य सन्त महाराजलाई बिदा गरेर कुमालको घरतिर हिंडे ।

जब कुमालकी बुहारीले कुवाको पानी भर्न आइन् तब राजा विक्रमादित्यले उनीसँग सोधे, "ए दुलही नानी एउटा कुरा बताइदेऊ न ।" अनि कुमालकी बुहारीले राजा विक्रमादित्यसँग सोधिन् कि "के कुरा बताइदिने हो ?" अनि राजा विक्रमादित्यले भन्छन्, "पूर्व जनममा मेरो के त्यस्तो कमाइ थियो कि मृत्युलोक, इन्द्रलोक र स्वर्गलोक यी तीन लोकमा मेरो नाम चलेको छ अनि चक्रको निसान मेरो दाहिने हातमा छ ?" त्यसपछि कुमालकी बुहारीले राजा साहेब मैले यस कुराको रहस्य बताउन सक्दिन भनेर भनिन् । तब राजा  विक्रमादित्यले भन्छन् कि 'अब म के गरुँ त ?'त्यसपछि कुमालकी बुहारीले भन्छिन्"जानुहोस्महाराज सार्कीको घरमा, सार्कीका सुँगुरहरु त्यही वरिपरी चर्दै होला त्यही सुगुरले यस कुराको रहस्य बताउन सक्छ, उसैलाई सोध्नुहोस् ।" द्वापर युगमा सुँगुरहरु हुन्थे र चर्थे पनि । त्यही द्वापर युगमै राजा विक्रमादित्य पनि रहेका थिए । कुमालकी बुहारीको कुरा सुनिसकेपछि राजा आफ्नो दरबारमा आए । अर्को दिन बिहान पाँच बजे नै उठेर हातमुख धोएर, नुहाएर अनि सार्कीको घरतिर प्रस्थान गरे जहाँ सार्कीको सुँगुर चरिरहेको थियो । राजा त्यहाँ पुगेपछि सुगुरलाई सोध्छन्, "सुँगुर महाराज एउटा कुरा बताइदिनु पर्‍यो मलाई ।" अनि

सुँगुरले राजासँग मैले हजुरलाई के कुरा बताइदिनु पर्‍यो भनेर सोध्यो । तब विक्रमादित्य महाराजले भने कि "पूर्व जनममा मैले के त्यस्तो काम गरे कि तीनै लोक मृत्युलोक, इन्द्रलोक र स्वर्गलोकमा अहिले मेरो नाम चलेको छ र चक्रको निसान मेरो दाहिने हातमा छ ।" तब सुँगुरले भन्छ कि "राजा साहेब यस कुराको रहस्य मैले बताउन सक्दिन ।" अनि राजा विक्रमादित्यले अप्ठ्यारो मान्दै भने, "अब के गर्ने त उसोभए ?" अनि त्यो सुँगुरले भन्छ कि "राजा साहेब तपाई जङ्गलमा जानुहोस् त्यहाँ एउटा वनमान्छे घुम्दै छ । हजुरले सोधेको प्रश्नको जवाफ उसैले मात्र दिन सक्छ ।"

राजा घर आए । खाना खाइवरि विस्तारामा सुते । जब बिहान भयो उनी उठे दिसापिसाव गरी हातमुख धोएर नुहाई खानासाना खाएर घोडामा चढी जंगलतिर वनमानुषको खोजीमा हिंडे । जब राजा जंगलमा पुगे उनले आफ्नो आहाराको लागि फलफूल खोज्दै हिंडिरहेको वनमान्छेलाई देखे । अनि राजाले आफू आएको जानकारी दिन वनमान्छेले सुन्नेगरी आवाज निकाले । अनि राजालाई वनमान्छेले देखेपछि राजाले भने, "रोकिऊ वनमान्छे महाराज मैले तिमीसँग एउटा प्रश्नको उत्तर थाहा पाउनु छ ।" त्यो सुने पछि वनमान्छेले भन्यो कि "म रोकिएँ भने आगाको ज्वाल खस्छ यसकारण म रोकिनु हुँदैन । मसँग भेट गर्ने हो भने घोडालाई लौराले हान्नुहोस् र मेरो नजिक आउनुहोस् । मलाई जीवनभर यस्तै गरी हिडिरहनु पर्छ ।" राजाले भने, "रोकिऊन वनमान्छे ।" वनमान्छेले भन्छ कि "म रोकिन्न रोकिएँ भने आगाको लप्का झर्छ ।" अनि राजाले घोडालाई लौडाले हाने अनि घोडा वनमान्छेको किनारमा पुग्यो । अनि राजाले वनमान्छेलाई सोधे कि मलाई एउटा प्रश्नको उत्तर देऊ । वनमान्छेले कस्तो प्रश्ने होला भनेर राजालाई भन्यो । राजा विक्रमादित्यले भने, "पूर्व जनममा मैले के त्यस्तो काम गरेको थिएँ कि आज तीनै लोक मृत्युलोक, इन्द्रलोक र स्वर्गलोकमा मेरो नाम चलेको छ अनि चक्रको निसान मेरो दाहिने हातमा छ ।"

वनमान्छेले राजा विक्रमादित्यको कुरा सुनेपछि भन्यो कि "राजा साहेव सुन्नुहोस् मेरो कुरा म, सुँगुर, कुमालकी बुहारी र तपाई पहिलेको जुनीमा हामी चार जना एउटै परिवारका सदस्य थियौं । दुःख र सुखको जीवन साथ जुन भगवानले दिनुभयो त्यसैको साथ हामी धर्तीमा जन्मियौ । दुःखसुखसँग जेनतेन जीवन काट्दै थियौ । त्यसै क्रममा एक पटक एउटा यस्तो घटना घट्यो कि तपाई, म सुँगुर र कुमालकी बुहारी त्यो जुनीमा सात दिन सम्म केही खानेकुरा नपाएर भोक भोकै पर्‍यौ । आठौं दिनमा केही पीठो पाइयो र गुइठा सल्काएर त्यही पीठाको भक्को रोटी बनायौं अनि खुर्सानी, नुन र लसुनको चटनी पनि तयार गरियो । जब त्यो भक्को रोटी र चटनी तयार भयो त्यसैबेला हाम्रो परीक्षा लिन भगवान एउटा साधुको रुपमा धारण गरी आउनु

भयो र हामीलाई भन्नु भयो, “बच्चा जययकार होस् । चौध दिन बिते मैले केही खान पाएको छैन ।” त्यो साधुको कुरा सुनी आगो सल्काउन थालेको मैले भने, “यही आगो खाऊ सात दिनसम्म भोकै परियो आठौं दिनमा बल्ल खानलाई यति चीज मिलेको छ तिमीलाई किन दिने । यसकारण म यस जुनीमा वनमान्छे भएर जन्मे मेरो शरीरमा आगाको लप्का छुट्छ ।” कुमालकी बुहारीले भनेकी थिई “महाराज चौध दिन सम्म भोकै पर्नु भयो तर पनि हजुरको प्राण रहेको छ र मेरो श्वास पनि चलेकै छ हजुरले आधा खानुस् मैले आधा खान्छु ।” यसकारण कुमालकी बुहारी गरिवको घरमा जन्मिन गई मान्छेको रुपमा । अनि सुँगुरले भन्यो “यस बेला जुन यो भक्कु रोटी र चटनी पाएको छु । तिमीलाई दिए मैले के खाने ?” भनेकोले त्यो मानिस यस जनममा सुँगुर भएर जन्म्यो । तपाईले भन्नु भएथ्यो कि साधु महाराज तपाई चौध दिन भोकै रहेर पनि केही भएन भने म त जम्मा आठ दिन भोकै रहेको छु केही भएको छेन हजुरले सबै भक्कु रोटी र चटनी खानुहोस् भनेर भनेकाले तपाईलाई राजदरवारमा जन्म दिनुभयो भगवानले । यसरी भगवानले ती चारैजनाको परीक्षा लिनु भयो । जो भोकै बसेको छ र केही खानेकुरा माग्दछ त्यस्तोलाई दान दिएमा धर्म हुन्छ ।” वनमान्छेको कुरा सुनेपछि राजा विक्रमादित्य सन्तुष्ट भए र वनमान्छेलाई धन्यवाद दिएर आफ्नो दरबारमा फर्के । कथा समाप्त ।

## १३. लकडहाराकय कर्म

एक ठु लकडहारा रहय । जंगलसय लकडी लायकय बेच ढारय । सस्ता जमाना रहय बीसआनामय बेच ढारय । बीसआनामय चावर दाल तरकारी मसला सब मिलजात रहय । यह ओकर पेशा रहय । अइसय कुछ दिन बिता उही जंगलमय भगवानकय मायासय कर्म और कुकर्म दोनो घुमत रहय । कुकर्म कहतहय कर्मसय कि "मीता कौन मनइ हय कि इस जंगलमय ठाहा-ठाहा लकडी काटत हय तो आओ देखाजाय ।" तब कर्म कह्तहय कि संसारकय कर्म होइ, कहाँ केहुक पाछे घुमय पाइव । फिर कुकर्म कहिस "आओ चली देखाजाय कौन मनइ लकडी काटतहय ।" तब दोनो कर्म और कुकर्म जायकय देखतहयँ तो लकडहारा । कुकर्म कहिस कर्मसय कि हे मीता लकडहारा लागतहय बहुत गरिबहय बिचारा कुछ दइदेओ । "तो कर्म कुछ नाही बोलिस । तब कुकर्मकय रिस लागय तो उही पेडकय नीचय चार गागरा रुपया पैसा रहय तो लकडहाराकय कहिस कि हे लकडहारा पेडकय नीचय गागरामय रुपया हय खनकय लइजाओ ।" क्रोधवश कुकर्म बतायदिहिस । और लकडहारा पेडकय नीचय खोदिस तो चार गागरा रुपया पैसा पायगय । ऊ गागरासय रुपया निकारकय एक ठु गठरिमय बाँधिस । तब लकडहारा गठरी लइकय अपन घरय चलदिहिस । जब ऊ गावकय किनारय आय तो सोचिस कि अपन औरतियाकय बोलय लाइ । जब लकडहारा रुपयाक गठरी वही छोडकय अपन औरतकय बोलाय घरय आय तो गावकय एक ठु चलाख मेहरारु देखिस । जब लकडहारा कुछ दुर पहुचिस तव ओ मेहरारु गठरिया उठायकय चलदिहिस । जब लकडहारा अपन मेहरारुकय साथ आय तो रुपयाक गठरिया हइयनाही । तब मेहरारु कहिस कि रुपया कहाँ हय लाओ । "तो ऊ कहतहय सत्यवात हय हम रुपयाक गठरी लाय रहेन और यही रख्खय रहेन । नजाने केहु उठायकय लयगयहोइ । तब वे दोनोमिला घरय आयँ । गावमय हल्ला भय कि लकडहारा धेरकुल रुपया लायरहय खोयदिहिस । फिन लकडहारा कर्जा लइकय चावलदाँल खरिदिसि और मेहरारुकय खानाउना खियाइस ।

बिहानभय । लकडहारा फिन जंगल गय और लकडी चिरय । बस जौन कर्म और कुकर्म उस जंगलमय घुमत रहयँ वे ठाहा-ठाहा लकडी चिर त अवजिया सुनय । तब कुकर्म कर्मसय कहिस कि चलो मीता आज कौन आदमी लकडी चिरतहय देख आइ ।" कर्म कहिस कुकर्मसय कि मीता ना परेसान करो केहु अपन कर्म करत होइ । "कुकर्म कर्मसय जिद करिस कि ना चलो देख आइ ।" फिन दोनो कर्म औरु कुकर्म गयँ कुछ दुर तो देखय कि वोही मनइया लकडी चिरतरहय । तो कुकर्म लकडहारासय कहिस कि कलियाँ हमनय चार गागरा रुपया दिय रहेन तो काव भय ?

काहय यहाँ लकडी चिरय आयो ?" जबतक आदमीकय तकदीर साथ नाही दिहतहय तवतक उसय परेसान होयक पडतहय । लकडहारा कहिस कि साहेब रुपयाक गठरी गावकय किनारय रख्खय रहेन नजाने केहु चुप्पयसय उठायलिहिस । "तब कुकर्म कर्मसय कहिस कि दोस लकडहाराकय कुछ दइदेओ ।" कर्म कुछ नाही बोलिस तो कुकर्मकय क्रोध आय तब कुकर्म लकडहाराकय एक ठु पत्थर दियक सोचिस । कर्मसय रिसियायकय तव लकडहाराकय कहिस "हम एक ठु पत्थर दिहित हन, इस पत्थर जौनय लोहामय रगडदेवो ओ लोहा सोना बनजाइ । तुँहय कमी  नाही होइ कितनो पुस्त खायो ।" पत्थर लइकय लकडहारा अपन घरय चलय । जब ऊ गावकय किनारय पहुचिस तो ओका शंका भय कि पत्थर लोहामय रगडयसय सोना बनजाय । तब झुठहय होवय कि सत्यबात होवय जाचयकय विचार करिस । वही एक ठु कुदरा रहय वहिमय ऊ पत्थर रगडिस । बस ऊ कोदार सोना होइगय । वही कुल और मनइया रहयँ सब देखिन कि लकडहारा आनेकय कोदार पकडय रहय तब सबजनय कहय लागय काहय आनेकय कोदार पकडतहय यी लकडहारा चोरायनजाय । इसय पकडो कहिकय जब सब जनय पकडय लागयँ तो लकडहारा कोदार लइकय भागगय । वे लोग तौन उसय पकडय दौडय तो लकडहारा दौडत-दौडत नदीकय, किनारय पहुचिस तो ऊ कोदारकय नदीमय बहायदिहिस और अपने भागय लाग । बस ऊ कोदारकय मछली निलिस । फिन लकडहारा अपन घर आय । बिना लकडी लइकयं जब लकडहारा घर पहुचिस तो ओकर औरतिया कहिस कि रोज खाली हात आवत हओ और रोज उधार लइकय खियावत हओ  कबतक कर्जा लेवो ? तो लकडहारा कहिस आज हम एक ठु पत्थर लायरहेन सहीबात होवय लेकिन ओका हम मजबुरी सय नदीमय बहायदियन ।" फिर ऊ उधार लइकय चावर दाल तरकारी सब खरिदिस् और अपने और औरतियाक खियाइस पियाइस ।

फिर जब भिन्नही भय लकडहारा उही जंगलमय लकडी चिरय गय । कर्म और कुकर्म दोनो दोस घुमतरहयँ । जब ऊ लकडी चिरत रहय तब वे दोनो दोसकय सुनाय देवय । तब कुकर्म कर्मसय कहिस कि दोस चलो देखी आज कौन मनइया लकडी चिरतहय । कर्म कहिस ना परेसान करो ।" कुकर्म कहिस नाही मीता चलो देख आइ कौन मनइया होवय । दोनो जनय देखय आयँ तो देखन हय वही लकडहारा लकडी चिरतहय । तब कुकर्म कहिस मीता कुछ दइदेओ तुँ । कर्म कुह नाही बोलय । तब कुकर्मकय क्रोध लागगय । भुइयाम झोलवामय जौन धरयरहय नौलखा हार कुकर्म लकडहाराकय देखाइस और कहिस "देखो यी नौलखा हार लइकय आरामसय रहो । यह हार लइजाओ और बेचकय रुपया पैसा केतनो मिली ।" तो लकडहारा हार लइकय अपन घरय तरफ चलय लाग । जब ऊ गावकय किनारय पहुचिस तो ओकर मैदान लगगय । हार वही धइकय ऊ

मैदान चलागय । बस चिलौरिया ऊ हार उठायलइगइस । लकडहारा झाडा फिरकय लौटिस तो वहा हार नाही रहय । तब ऊ दुःखी भय और घर आय । औरतिया पुछिस काव भय आज हो कौनो लकडीपकडी नाही लायो । तब ऊ कहिस हार लाय रहेन । हार वही धइकय मैदान चलागय और हारवा चिलौरिया उठायलइगय । औरतिया कहिस काव भय कइसय हम्मय जियाइवो ? कहासय उधार लाय-लाय खियाइवो । फिन ऊ उधार लायकय अपन औरतियाक खियाइस पियाइस् ।

बिहान फिन लकडहारा वही जंगलमय लकडी चिरय गय । कर्म और कुकर्म वही जंगलमय घुमत रहयँ । कुकर्म कहिस कर्मसय कि मीता चलो देखी आज कौन हय । यतना यतना हम माया दइचुकेन कहा चलागय । “कर्म कहिस काहय परेसान करतहओ । कुकर्म कहिस नाही दोस चलो । आय दोनो जनय तो देखतहयँ वही लकडहारा लकडी चिरतरहय । तब कुकर्म कहिस लकडहारासय कि लकडहारा तुँहय चार गागरा रुपया पैसा दियन, एक ठु पत्थर दियन कि जौन लोहामय रगडय वही सोना बनजाय और एक ठु हार दियन यी कुल काव किहो ?” तो लकडहारा कहिस कि किस्मत साथ नाही दिइस तो काव करी ? “तब कुकर्म कर्मसय कहिस ए मीता ।” तब कर्म बोलिस हा । कुकर्म कहिस “तुँ कुछ दइदेओ नाही तो हमार तोहार मिताइ नाही रही ।” तब मजबुरन कर्म दुई रुपया लकडहाराकय दिहिस । और कहिस “लकडीओ लइकय जाओ घरय ।” लकडहारा दुई रुपया पकडिस और जंगलसय लकडी लइकय आइस । दुई पैसाकय दाल चावर कुल लइलिहिस । दुई पैसांक मछली लिहिस । घरय आयकय औरतियाक कहिस “तुँ मछली बनाओ हम जाइ सेमरकय लकडी चिर लाइ । जब ऊ सेमरकय लकडी चिरय गय तो सेमरमय चिलौरिया ठाँट लगायरहा । जब ऊ लकडी तुडतहय और चिलौरिया वहीमय धरयरहय नौलखा हार और लकडहाराकय उपर गिरय । तब लकडहारा नौलखा हार पकडकय जेवियाम धरिस और लकडी लइकय घरय आय । घरमय जौन औरतिया मछली बनायक खातिर पेट चिरतरही वहीसय सोनाकय पत्थर निकरय । भगवान आपन हातसय कर्म दिहिन तो लकडहारा पाइस । गावकंय जौन चलाख मेहरारुवा रही जौन रुपायक गठरी लयगय रही ऊ सोचिस कि इमान नाही छोडेक हय । इमान इतना संसारमय अमूल्य धन हो तव वह औरत गई लकडहाराकय घर जितना रुपयाकय गठरी लायरही इमान्दारीसय उतना रुपया दइदिहिस । लकडहारा रुपवा पायगय, नौलखा हारवा पाइगय पत्थरवा पाइगय । वही दिनसय खेतवारी सब जिमिदारी ओकर होइगय । उनकय हरवा चरवा होइगय । पक्का मकान बनुवाइन और अपन परिवार सुखपूर्वक पालय लागयँ । खिस्सा खतम ।

## नेपाली रुपान्तर

एउटा दाउरे थियो । उसले जंगलबाट दाउरा ल्याएर बेच्थ्यो । त्यतिखेरको सस्तो जमानामा एक भारी दाउरा बीसआनामा बेच्थ्यो । बीसआनामा चामल, तरकारी, दाल, तेल र मसला किन्थ्यो । त्यसैले उसको छाक टर्दथ्यो । उसको पेशा नै त्यही थियो । यस्तै गरी केही दिन बित्यो, यस्तैमा त्यो जंगलमा भगवानको मायाले कर्म र कुकर्म दुवैजना घुम्दै थिए । तिनीहरुले दाउरा चिरेको आवाज सुनेपछि कुकर्मले कर्मसित भन्यो कि "मीत कसले हो यस जंगलमा दाउरा काटे जस्तो छ, जाऔं हेर्न ।" कर्मले भन्यो कि, "संसारकै कर्म होला, कहा कसैको पछाडि कसले के गर्दैछ भनेर हेर्न जानभ्याइन्छ र ?" फेरि कुकर्मले भन्यो, "आउनुस्, जाऔं हेरौं, कुन मान्छेले दाउरा काट्दै छ ?" अनि दुवै कर्म र कुकर्म दाउरा चिरेको आवाज आएतिर जान्छन् त उनीहरुले एउटा दाउरेलाई दाउरा चिरिरहेको देख्छन् । अनि कुकर्मले कर्मसित भन्यो कि, "मीता यो दाउरे साह्रै गरिबजस्तो देखिन्छ, यसलाई तपाईले केही दिनुस्, यसको उद्धार होला ।" कुकर्मको जवाफ कर्मले फर्काएन, कर्म केही बोलेन । आफ्नो अनुरोध कर्मले नसुनेपछि कुकर्मलाई रिस उठ्यो अनि त्यही एउटा रुखको मुनि चार गाग्री रुपियापैसा गाडिएको थियो, कुकर्मले रिसको झोकमा दाउरेलाई भन्यो, "यो रुखको मुनि गाग्रामा रुपिया पैसा छ, खनेर लिएर जाऊ ।" क्रोधवश कुकर्मले जमिन मा गाडेको धन दाउरेलाई बताइदियो । त्यसपछि कुकर्म र कर्म त्यहाँबाट घुम्न हिंडे । दाउरेले रुखको फेदनिर जमिनमा खनेर हेर्दा त चार गाग्रा रुपिया-पैसा त्यहा गाडिएको थियो । उसले ती गाग्राबाट रुपिया निकालेर एउटा कपडामा पोको पाऱ्यो । अनि दाउरे कुम्लो लिएर आफ्नो घरतिर हिड्यो । जब ऊ आफ्नो गाउँको किनारमा पुग्यो अनि उसले सोच्यो कि "स्वास्नीलाई बोलाएर ल्याऊँ अनि दुवै जनाले घर लैजाउँला ।" जब दाउरेले रुपियाको पोको त्यही छोडेर घर स्वास्नीलाई बोलाउन गयो त्यसैबेला त्यही गाउँकी एउटी चलाख महिलाले दाउरेले त्यहीं छोडेर गएको पोको देखिरहेकी थिई, दाउरे घरतिर गएपछि त्यो महिलाले रुपियाको त्यो पोको उठाइ । जब दाउरे अलिपर पुगेर ओझेल पऱ्यो तब त्यो महिलाले त्यो पोको लिएर हिँडी । जब दाउरे घर पुगेर स्वास्नीलाई लिएर गाउँको किनारमा आयो जहाँ उसले रुपियाको पोको छोडेको थियो, त्यहाँ आउँदा त्यो पोको थिएन । उसकी स्वास्नीले रुपिया कहाँ छ देऊ भन्दा उसले सत्य सत्य धरोधर्म मैले रुपियाको पोको यही राखेको थिएँ, कसैले उठाएर लग्यो होला ।" अनि दुवै जना रित्तै हात घर आए । गाउँमा हल्ला भयो कि "दाउरेले थुप्रै रुपिया भेटाएको थियो तर हरायो ।" फेरि दाउरेले ऋण खोजेर चामल, दाल किन्यो अनि आफू र आफ्नी स्वास्नीलाई खुवायो ।

भोलि बिहान भयो । दाउरे सदाको झैं जंगलमा दाउरा खोज्न गयो । ठीक त्यसैबेला जंगलमा कर्म र कुकर्म घुम्दै थिए, तिनीहरुले जंगलमा दाउरा काटेको आवाज सुने । अनि कुकर्मले कर्मसित भन्यो कि "हिड्नुस मीत ! आज फेरि कसले जंगलमा दाउरा काट्दै छ ? हेरेर आउँला ।" कर्मले कुकर्मसँग भन्यो कि, होइन मीत ! बोझ नउठाउनुस्, कसैले आफ्नो काम गर्दै होला, बेकारमा किन दुःख झेल्ने ?" "कुकर्मले कर्मसित जिद्दि गरेर भन्यो, "होइन मीत ! हेरेर आऔ ।" फेरि दुवैजना कर्म र कुकर्म दाउरा काट्ने को रहेछ भनेर हेर्न गए । उनीहरुले टाढैबाट के देखे भने दाउरा काट्ने मानिस त उही हिजो कै रहेछ । अनि उनीहरु उसको नजिक गए । त्यसपछि कुकर्मले दाउरेसँग भन्यो, "हिजो मैले चार गाग्रा रुपिया दिएको के भयो ? किन फेरि यहा दाउरा काट्न आएका छौ ?" जबसम्म मानिसलाई   भाग्यले साथ दिँदैन तबसम्म उसले दुःख झेल्नु पर्दोरहेछ । दाउरेले भन्यो कि "साहेव रुपियाको पोको गाउँको किनारमा राखेको थिएँ, कुन्नि कसले सुटुक्क उठाएर लगेछ, थाहै भएन ।" अनि कुकर्मले कर्मसित अनुरोध गऱ्यो कि "मीत ज्यू यसलाई तपाईले केही दिनुस् ।" कर्मले नसुनेझै गरी केही बोलेन । कर्मले आफ्नो अनुरोधको वास्ता नगर्दा कुकर्मलाई रिस आयो अनि कुकर्मले दाउरेलाई एउटा ढुंगो (शिला) दिने विचार गऱ्यो । कर्मसित रिसाएको कुकर्मले दाउरेसँग भन्यो, "मैले तिमीलाई एउटा ढुंगो दिन्छु, यो ढुंगो जुन फलाममा रगड्छौ, त्यो फलाम सुन बन्छ । तिमीलाई कहिल्यै केही चिजको कमी हुने छैन, कैयौं पुस्तासम्म पुग्नेछ ।" त्यो ढुंगो लिएर दाउरे आफ्नो घरतिर हिंड्यो । जब ऊ गाउँको किनारमा पुग्यो । त्यहाँ एउटा कोदालो राखिएको थियो । दाउरेलाई शंका भयो कि यो ढुंगो फलाममा रगडे फलाम नै सुन हुन्छ भन्ने कुरामा । त्यसैले जाँच्नको लागि उसले त्यहीं राखिएको एउटा कोदालोमा त्यो ढुंगा रगड्यो । उत्तिखेर नै त्यो फलामको कोदालो सुन बन्यो । त्यहीं अरु मानिसहरु पनि थिए । तिनीहरुले दाउरेले कोदालो समातेको देखेपछि के सोचे भने "दाउरेले किन अर्काको कोदालो समातेको होला ? कहीं चोर्ने विचार त गरेको छैन ।" अनि तीमध्ये एक जनाले हल्ला गर्दै भन्यो कि, "ए दाउरे ! किन अर्काको कोदालो समातेको छस् । कही चोरेर भाग्ने सुर त गरिनस् ।" अनि भने, "समात ! समात !! कोदालो चोर्न थाल्यो ।" ती मानिसहरुले उसलाई चोरको शंका गरेपछि उसलाई त्यो सुनको कोदालो छोडन् मन लागेन । अनि ऊ त्यो कोदालो लिएर भाग्यो । गाउँका अरु मानिसहरुले उसलाई खेदे । ऊ नदीको किनारसम्म दौडेर आइपुग्दा पनि अरु मानिसहरु लखेट्दै आइरहेको देखेपछि उसले त्यो कोदालो नदीमा फाल्यो र आफू भाग्यो । फेरि त्यो कोदालोलाई माछाले निल्यो । दाउरे आफ्नो घर आयो । खालीहात घर आएको देखेर दाउरेकी स्वास्नीले भनी, "दिन-दिनै रित्तै फर्किन्छौ जगलबाट, कहिलेसम्म ऋण काढेर घरबाट चलाउँछौ ।" अनि दाउरेले

भन्यो, आज मैले एउटा ढुंगो ल्याएको थिएँ, सही कुरा हो । तर त्यसलाई मैले बाध्यतावश नदीमा फालिदिएँ ।" उसले सबै कुरा आफ्नी स्वास्नीलाई सुनायो । फेरि उसले ऋण काढेर चामल, दाल किनेर ल्यायो अनि आफ्नी स्वास्नीलाई पकाउन दियो । भात पाकेपछि दुवै लोग्ने स्वास्नी खाना खाएर सुते ।

भोलि बिहान भयो । दाउरे फेरि सदाको झैं दाउरा खोज्न जंगलतिर लाग्यो । दाउरे जंगलमा गएर दाउरा चिर्न थाल्यो । ठीक त्यसैबेला जंगलमा घुम्दै गरेका कर्म र कुकर्मले दाउरा चिरेको आवाज सुने । अनि कुकर्मले कर्मसित भन्यो कि "मीत ज्यू ! फेरि आज कसले जंगलमा दाउरा काट्दै छ ? जाऔं हेर्न ।" कर्मले कुकर्मसँग भन्यो कि "कसैले आफ्नो काम गर्दैहोला, हामी बेकाममा किन त्यहाँ जाने ? कुकर्मले कर्मसित जिद्दी गरेर भन्यो कि "जाऔं न जाऔं हेर्दैमा के बिग्रन्छ र ?" फेरि दुवै जना केही टाढा गएर हेर्छन् त उही दाउरेले दाउरा काटेको देखे । तब कुकर्मले कर्मसँग भन्यो "केही दिनुस् मीतज्यू तपाईले यो दाउरेलाई ।" कर्म केही पनि बोलेने । तब कुकर्मलाई रिस लाग्यो । भुइमा आफ्नो झोलामा जुन नौलाखे हार राखिएको थियो त्यही हार दाउरेलाई देखाउँदै कुकर्मले भन्यो, "हेर, यो नौलाखे हार लगेर आरामले बस । यो हार लैजाऊ, यसलाई बेचेर थुप्रै पैसा पाउने छौ ।" अनि दाउरे त्यो हार लिएर आफ्नो घरतिर हिड्न लाग्यो । जब ऊ गाउँको किनारमा पुग्यो, उसलाई दिसा लाग्यो । हार त्यहीं भुइँमा राखेर ऊ अलिपर दिसा गर्न गयो । त्यसैबेला एउटा चील आएर त्यो हार टिपेर उड्यो । दाउरे दिसा गरेर आउँदा त हार राखेको ठाउँमा थिएन । अनि ऊ पछुताउँदै घर आयो । उसकी स्वास्नीले उसलाई झपार्दै भनी, "के भयो आज फेरि ? रित्तै फर्क्यौ ? किन दाउरासाउरा पनि केही ल्याएनौ ?" उसले भन्यो कि "आज एउटा नौलाखे हार ल्याएको थिएँ । हार भुइँमा राखेर दिसा गर्न गएको त त्यो हारलाई चीलले उठाएर लिएर गयो ।" उसकी स्वास्नीले भनी, "के भयो ? कसरी मलाई पाल्छौ तिमीले ? कहाँबाट उधारो ल्याइ-ल्याइ खुवाउँछौ ?" फेरि उसले उधारो ल्याएर स्वास्नीलाई खुवाउने पियाउने गऱ्यो ।

"भोलि बिहानै दाउरे फेरि त्यही जंगलमा दाउरा काट्न गयो । कर्म र कुकर्म त्यही जंगलमा घुम्दै थिए । कुकर्मले कर्मसित भन्यो कि "मीत ज्यू फेरि आजको आयो दाउरा, काट्न, त्यही दाउर हो कि अरु कुनै हो ? हेर्न जाऔं । यति धेरै मैले त्यो दाउरेलाई दया गरेर थुप्रै चीज दिएँ, त्यो त्यसले के गऱ्यो ?" कर्मले कुकर्मसँग दिक्क भएर भन्यो कि "किन बेकार दुःख दिन्छौ ?" कुकर्मले ढिपी गऱ्यो "होइन मीत ज्यू जाऔं ।" अनि दुवै जना कर्म र कुकर्म आए । उनीहरुले उही हिजो अस्ति आएकै दाउरेलाई दाउरा चिर्न लागेको थियो । तब कुकर्मले दाउरेसँग भन्यो कि, "हे दाउरे !

तिमीलाई चार गाग्रा रुपिया दिएँ, एउटा ढुंगो दिएँ, एउटा हार दिएँ, यी सबै के गऱ्यौ र फेरि दाउरा काट्न जंगल आयौ ?" दाउरेले भन्यो कि "भाग्यले साथ नदिएपछि के गरुँ ।" तब कुकर्म कर्मसित भन्छ, "ए मीत ज्यू !" कर्म बोल्यो, "हजुर ! कुकर्मले कर्मसित अनुरोध गऱ्यो तपाईले दाउरेलाई केही त दिनुस, नत्रभने तपाई र मेरो बीचको मित्रताको डोरी टुट्ने छ ।" तब बाध्य भएर कर्मले दाउरेलाई दुई रुपिया दियो । अनि कर्मले दाउरेलाई भन्यो, "काटेको दाउरा पनि लैजाऊ ।" दाउरेले दुई रुपिया समात्यो अनि आफूले काटेको दाउरा पनि लिएर घर गयो । दुई पैसाको चामल, दाल सबै चीज किन्यो । दुई पैसाको माछा पनि किन्यो । अनि घरमा ल्याएर स्वास्नीलाई दिएर भन्यो, "तिमीले माछा तयार गर्दै गर, म सिमलको दाउरा काट्न जान्छु ।" जब ऊ सिमलको दाउरा काट्न गयो, सिमलको हाँगामा चीलले गुँड बनाएको थियो । दाउरेले जब रुख मुनि सुकेको सिमलको हाँगो के काट्न थालेको थियो, चीलले आफ्नो गुँडमा राखिरहेको नौलाखे हार दाउरेको टाउको माथि खस्यो । अनि दाउरेले त्यो नौलाखे हार समातेर गोजामा राख्यो अनि दाउरा लिएर घर आयो ।

घरमा दाउरेकी स्वास्नीले माछा तयार गर्नलाई माछाको पेट जब चिर्न थालिन्, त्यही माछाको पेटबाट सुनको ढुंगो निस्क्यो । भगवान्ले आफ्नै हातले दाउरेलाई कर्म दिएकाले दाउरेले त्यो पाउन सक्यो । गाउँमा जुन चलाख आइमाईले गाउँको किनारमा दाउरेले राखेको रुपियाको पोको लगेकी थिई, उसले मनमा सोची कि "इमान छोड्न हुँदैन, इमान नै संसारको अमूल्य धन हो ।" त्यो आइमाईको मनमा त्यस्तो विचार आएपछि ऊ घर गएर दाउरेको रुपियाको पोको जुन लुकाएर राखेकी थिइ, त्यो उठाई र सरासर दाउरेको घरमा आएर जति रुपियाँ पोकोमा थियो त्यति सबै दाउरेलाई दिई । दाउरेले चार गाग्री रुपिया पायो, सुनको ढुंगो पनि पायो अनि नौलाखे हार पनि पायो । कर्मले उसलाई दिएको दुई रुपियाको प्रभावले उसको भाग्य सप्रियो । उसले खेतबारी किन्यो, घर बनायो, हरवाचरवा राख्न थाल्यो । एउटा धनी जिमिदार बनेर सुखपूर्वक आफ्नो परिवारको पालनपोषण गर्न थाल्यो । कथा समाप्त ।

## १४. सात मामा ठग भान्जा

एक ठू रहा लरिका । ओकर बाप मरिगयँ । एक दिन ऊ अपने माईसे पुछिस्, “ए माई ! ए माई ‼ बताओ हमार दादा का करत रहे ? अब हमहु उह्य काम करब । अब हमहु कमाबय । बताओ माई दादा हमार का करत रहयँ ?” लरिकवक माई कहिस्, “ए बाबु ! दादा तोर ठगइ करत रहयँ । वयँ बहुत बडा ठग रहयँ । यी जवन घर दुआर खेतबारी देखत हव, तोर दादा ठगकय जोरे हयँ ।” सुनकय लरिकवा कहिस्, “अच्छा माई । अब हमहु ठगइ करन ।” लरिकवक माई कहिस्, “ए बाबु तँय अबहिन छोट हस् । तँय ठगइ नाहि कयपइवे ।” लरिकवा कहिस्, “अरे माई तँय सीधा पानी तो बान्ह, धबडा ना, सबसे पहिले हम अपने सातो मामाकय ठगब ।”

वहँसे चलकय ऊ जङ्गले गय औ दुइठु सियार पकरिलाय । एक ठू ऊ घरा बान्ह दिहिस् औ माइसे कहिस्, “ए माई बिहान हम सातो मामनकय लइकय आइव । तँय भात बनायकय तयार रहे ।” औ ओकरेबाद दुसरका सियरा लइकय मामाकिहाँ पहुँचा । सातो मामा औ सातो मामिनकय पैलगी (ढोग) किहिस् । घरकय हालचाल लइकय सातो मामा पुछिन्, “कहो भइने ! ई अपने सङ्हरी सियरा लइकय काहे घुमत हव ?” लरिकवा कहिस्, “मामा ! नाहि जान्यो, ई अइसन वइसन सियार नाहि हुव्य । येका हम लिखाय पढायकय तालिम दिहेहन् ।”

दुसरे दिन भिन्नही लरिकवा सातो मामासे कहिस्, “ए मामा ! बडा दिनभय तोहरेलोग हमरे घरे नाही आयो । आज चलो हमरे घरे । माईसे भेट कइल्यो ।” सातो मामा चलेकय तैयार भयँ । चलत-चलावत, चलत-चलावत ओन्हरे जङ्गले पहुँचे । वहँ जायकय लरिकवा एक ठू डण्डी लिहिस् औ सियराकय तडतडायकय मारिस् औ कहिस्, “जा रे सियरा माईकय कहि दिहे कि सातो मामाकय लियायकय हम आइतहन् भात ओत बनायकय तैयार कइदेयँ ।” सियरा भागकय जङ्गलवम लुकायगय । औ एन्हरे घरे पहुँचे ।

घरा पहुँचकय देख्तहयँ कि सियरा दुवरवा बान्हा हय । ई पहिलका सियरा रहा जवन लरिकवा एक दिन पहिले नान्ह गयरहा । लरिकवा घरा पहुँचकय अपने माईसे पुछिस्, “माई रे । हमरे आयगयन, भतवा बनाये हे ?” लरिकवक माई कहिस्, “हाँ बाबु । सियरा आयकय भिन्नही यहँ जनाय दिहिस् ।” सातो मामा जब ई सुनिन तब वडा अचरजमे पडें । ओन्हरे सोचिन कि हमरे दूर देशविदेश जाइतहन । अगर ई सियरा हम्मनकय मिलजाय तो कमसे कम घरे सन्देश तो पहुँचवेक होइजाई ।

सन्भ्काकय खाय-पीकय जब सब जने सुते गयेँ तो सातो मामा कहिन, “एक ठू बात कही भइने !” लरिकवा कहिस्, “कुल बात कह्यो मामा बकिर सियरा ना माग्यो ।” सातो मामा कहिन्, ‘उह्य तो भइने, ऊ सियरा हम्मनकय बेचद्यो । जेतना रुपिया-पइसा खरच भय हय, ओका लइलेओ बकिर सियरा बेचद्यो ।” लरिकवा आपन खरच गिनायकय ढेर कुल रुपिया ठगिस् औ सियरा बेच दिहिस् ।

सातो मामा सियराकय लइकय अपने घरके ओर गयेँ । जब जंगलकय लगे पहुँचे, एक ठू डण्डी उठायकय सियराकय तड्तडायकय मारिन औ कहिन्, “जा रे सियरा हम्मनके घरे औ हम्मनकय मेहररुअनकय जनाय दे कि हमरे आइतहन औ भात-ओत बनायकय रखखयँ ।” सियरा भागा औ जायकय जंगलमय  लुकायगय । जब सातो मामा घरे पहुँचे तो पुछिन्, “भतवा  बनाये हे ?” मामीलोग कहिन्, “कइसन भात ?” अब मामालोग कहिन्, “करे, सियरा तोन्हनकय जनाइस्, नाई कि हमरे आइतहन ?” मामी लोग अचरजमे पडिन्, “कहिन्, “कवन सियरा ? हम्मनकय कवनो सियार नाहि जनायकय गह्य ।” सातो मामा समभ्कगयेँ कि भइनवा ठग लिहिस् । ‘चलो भइनवाकय देखा जातहय’ कहिकयययँ लोग भइनवाकय घरकय ओर चल दिहिन् ।

यहर भइनवा (लरिकवा) छगडीकय चमडा औ खून लगल मांस लायंकय अपने माईकय गटइम बान्ह दिहिस् औ कहिस्, “ए माई जब सातो मामा रिसियान अइहयँ तब हम कहब करे माई तँय” कवनेमेर सियराकय तालिम दिहे रहे औ छुरीसय तोरे गटइयम बन्हल चमडवा काट देब । बादमे एक ठू सोंटा सुधाँयकय कहव ‘ए सोंटा तयँ अगर सही हस तो हमरे माईकय जियाय दे’ तो तयँ राम-राम कहिकय उठ जाये ।” लरिकवक माई हुसियार रहवय करी, बात समभ्कगायी । जब सातो मामा रिसियान घरे पहुँचे तो लरिकवा पुछिस्, “कहो मामा काहे लौट आयो ?” सातो मामा कहिन्, “करे, भइने तयँ हमरहिनकय ठग लिहे । तोर दिहल सियरा जङ्गलवम लुकायगय ।” लरिकवा रिसिआन औ आँख लाल-लाल कइकय छुरी लइकय अपने माईकय ओर दउरा औ कहिस्, “करे, माई तयँ कवनेमेर सियराकय सिखाये, पढाये रहे ?” औ कहिकय छुरीसे गटइया में बान्हल चमडवा रेत दिहिस् । मामा लोग घबराने, कहिन्, “हो-हो भइने ई का किहो ? लरिकवा कहिस्, “चिंता ना करो मामा । जब हम गुस्साइला तो अइसे माईकय गटइया काट दिइला औ बादमय एक ठू सोंटा सुघाँयकय जियाय दीला ।” फिर एक ठू सोंटा लायकय अपने माईकय नकुनवामे रगडक्य कहिस्, “ए सोंटा ! जो तय सही हस् तो हमरे माईकय जियाय दे ।” कहते घरिम लरिकवक माई ‘राम-राम’ कहिकय उठकय बैठ गयी ।

सन्झाकय खाय-पीकय जब सब जने सुते गयेँ तो सातो मामा कहिन्, “एक ठू बात कही भइने … ।” लरिकवा कहिस्, “कुल बात कह्यो मामा बकिर सोंटवा ना माङ्यो ।” सातो मामा कहिन्, “उह्य तो भइने, ऊ सोंटवा हम्मनकय बेच द्यो । जेतना खरच लगाहय ओतना लइल्यो बकिर सोंटवा बेच द्यो ।” लरिकवा आपन खरच जोडाइस औ ढेरकुल रुपया-पइसा अँइठकय सोंटवा बेच दिहिस् ।

सातो मामा सोंटा लइकय अपने घरे गयें । दुसरे दिन जब सातो मामा खेतसे लौटें तो नहारी नाई बना रहा । ययँ लोग गुस्सोन औ छुरा लइकय सातों मामिनकय गटई रेत दिहिन । सोचिन सोंटवा हइय हय अब्वय, जियायलेब । कुछदेर बाद जब ययँ लोगकय क्रोध शान्त भय तब सोंटा सुँघाइन बकिर कौनो मामी नाहि जिइन । अब ययँ लोगकय माथा ठनका, कहिन्, “भइनवा हम्मनकय ठग लिहिस, अब ओका नाहि छोडा जाई ।” सातो मामा गुस्सान अपने भइनवाकय घरे पहुँचे औ भइनवाकय बोरामय भरकय बान्ह दिहिन औ लइजायकय नदीमा फेक दिहिन् । बोरवाा पौडत पौडत किनारे पहुँचा । बोरवााकय भितरासे लरिकवा चिल्लान, केहुक एक्को बियाह नाहि हमार सात-सात बियाह । केहुक एक्को बियाह नाहि, हमार सात-सात बियाह ।” उही एक ठू पिलवान हाथीकय पानी पियावत रहा । जब ऊ ई सुनिस तो मनम सोचिस्, “हमार तो एक्को बियाह नाहि भयहय । चलो पुछी का बातहय् ।” पिलवनवा बोरवाा पानीसे निकालिस औ ओकर मुहा खोल दिहिस् । बोरवाामेंसे लरिकवा निकरा तो पिलवनवा पुछिस्, “का रे लरिके का चिल्लात हे ।” लरिकवा कहिस्, “देखो हमार एक ठू बियाह होइ गह्य । हमार माम लोगे जबरजस्ती हमार सात सात ठू बियाह करुवावत हयँ ।” पिलवनवा कहिस्, “ए बाबु ! हमार एक्को बियाह नाहि भयहय । हमार बियाह करुवाय देओ ।” लरिकवा कहिस्, “अइसन हय तो तु बोरवाामा बैठो हम तुह्यँ बोखामा बान्हकय पानीमय फेक दिहितहन । ओकरे बाद तोहार बियाह होइजाई ।” पिलवनमा बोरवामय बैठगय और लरिकवा ओका बान्हकय पानीमय फेक दिहिस् । ओकरेबाद पिलवनवाकय हाथीपय बैठगय और सातो मामाकिहाँ पहुँचा । मामलोग जब देखिन कि भइनवा हाथीमय बैठकय आवतहय तो पुछिन्, “भइने ई का ? हमरे तोका बान्हकय पानीमय फेंक दिहेरहेन । तयँ तो हाथीमय बैठकय आवत हस् ।” लरिकवा कहिस्, “मामा ! हम्मे तो किनरवाा फेक्यो इहिस छोट हाथी पायेन । जो बीच मझधारमय फेके होत्यो तो दन्तारा हाथी पाइत ।” मामालोग जब ई बात सुनिन् तो वन्हनकय मनमा लालिच आय कहिन्, “ए भइने हम्मनकय बोरवा बान्हकय नदीकय मझधारमा फेंकद्यो । हमरो हाथी पाय जाई ।” लइजायकय नदीकय मझधारमा फेंक दिहिस् । यहर

मामालोग स्वर्ग सिधारे और वहर लरिकवा सातो मामाकय सारा धन-सम्पत्ति, घर-दुआर, खेत-बारी पायगय । किस्सा खतम पैसा हजम ।

**नेपाली रुपान्तर**

एउटा केटो थियो । उसको बाबु मरेको थियो । एकदिन उसले आफ्नी आमासँग सोध्यो, "ए आमा ! ए आमा ‼ मेरो बाबुले के गर्नुहुन्थ्यो ? भन्नुस् म पनि त्यही काम गर्छु । अब मैले पनि कमाउछु । भन्नुस् मेरो बुबाले कुन काम गर्नुहुन्थ्यो ?" केटाकी आमाले भनी, "तिम्रो बाबुले ठग्ने काम गर्नुहुन्थ्यो । उनी धेरै ठूला ठग थिए । यो जुन घरबार खेतीबारी तिमीले देखेका छौ नि तिम्रो बुबाले कमाएर जोरेको हो ।" आमाको कुरा सुनेर केटाले भन्यो, "ठीकै छ आमा ! अब म पनि मेरो बुबाले जस्तै ठग्ने काम गर्छु ।" छोराको कुरा सुनेपछि केटाकी आमाले भनी, "ए छोरा ! तिमी साना छौ, तिमीले ठग्ने काम गर्न सक्दैनौ ।" केटाले ढिपी गर्दै भन्यो, "ए आमा तपाईले बाटो खर्चलाई चामल सामलको व्यवस्था त गरिदिनुस्, तपाई न आत्तिनुस, सबैभन्दा पहिले मैले आफ्ना सातैजना मामालाई ठग्छु ।"

त्यहाँबाट हिंडेर ऊ जंगलमा गयो र दुईवटा स्याल समातेर ल्यायो । एउटा स्याललाई उसले घर बाधिदियो र आमासँग भन्यो, "ए आमा ! भोलि मैले सातैजना मामाहरुलाई लिएर आउँछु । तपाईले भात पकाएर ठीक पार्नुहोला ।" त्यसपछि त्यो अर्को स्याल लिएर मामाको घर पुग्यो । सातैजना मामाहरुलाई र माइज्यूहरुलाई नमस्कार गऱ्यो । ती मामाहरुले पनि भान्जाको घरको हालखबरको जानकारी लिएपछि सोधे, "ए भान्जा ! तपाईले आफूसँगै यो स्याललाई लिएर किन घुम्नुहुन्छ ?" केटाले भन्यो, "मामा ! तपाईलाई थाहा छैन । यो त्यस्तो चानचुने स्याल होइन । यसलाई मैले पढाइलेखाइ तालिम दिएको छु ।"

अर्को दिन सबेरै त्यो केटाले आफ्ना सातैजना मामाहरुसँग भन्यो, "ए मामा ! धेरै दिन भयो तपाईहरु हाम्रो घर नगएको । आज तपाईहरु हाम्रो घर जानुपर्छ । मेरी आमासँग भेटघाट गर्नुहोला । त्यसपछि सातैजना मामाहरु भान्जाको घरमा जान तयार भए । हिड्दा-हिड्दै, हिंड्दा-हिंड्दै उनीहरु जंगलमा पुगे । जंगलको बीचमा पुगेपछि त्यो केटाले यौटो लोरो भाँच्यो र त्यो लौराले तडातड स्याललाई पिट्दै भन्यो, "जा स्याल घर, घर गएर मेरी आमालाई तयो खबर पुऱ्याइदिएस् कि सातैजना मामाहरुलाई लिएर म आउँदैछु, आमालाई भातसात पकाएर तयार पार्न भनेस् ।" स्याल त्यहाँबाट भागेर गयो र जंगलमा कतै लुक्यो । यिनी मामा भान्जाहरु केही बेरमा घर पुगे ।

घर गए पछि ती सातैजना मामाहरुले स्याल ढोकानिर बाधिएको देखे । यो स्याल पहिलेको स्याल थियो जसलाई केटाले अघिल्लो दिन त्यही बानेर मामाको घर गएको थियो । केटो घर पुगेर आफ्नी आमासँग सोध्यो, "ए आमा ! हामीहरु आइपुग्यौ भात पकाउनु भएको छ ?" केटाकी आमाले भनिन्, "अँ बाबु ! भातसात पकाएर ठीक पारेकी छु । स्याल बिहान सबेरै आएर यो जानकारी दिएको थियो कि तिमीहरु अहिले आउँदैछौ ।" सातैजना मामाहरुले जब यो कुरा सुने उनीहरु अचम्म परे । उनीहरुले सोंचे कि हामीहरु टाढा-टाढा देश विदेश जान्छौ, यदि यो स्याल हामीलाई मिल्थ्यो भने कमसेकम घरमा खबर पुऱ्याउनलाई काम लाग्थ्यो ।"

त्यो दिन साँझ खाइपिई जब सबैजना सुत्ने तरखरमा लागे तब सातैजना मामाहरुले भान्जासँग भने, "एउटा कुरा भन्नु थियो भान्जा ।" मामाहरुले आफ्नो कुरा भेट्न नपाउँदै केटाले भन्यो, "सबै कुरा भन्नुहोस् मामा तर स्याल माग्ने कुरा नगर्नुहोला ।" सातैजना मामाले भने, "त्यही त कुरो हो भान्जा ! स्याल हामीलाई बेचिदिनुस् । यो स्याल किन्दा जति रुपिया पैसा खर्च भएको छ हिसाव गरेर त्यो रुपिया पैसा लिनुस् तर स्याल हामीलाई बेचिदिनुस् । केटाले स्याल किन्दा यति उति रुपिया-पैसा खर्च भएको थियो भनेर हिसाव गरी धेरै रुपिया मामाहरुबाट लियो र स्याल बेचिदियो । उसले मामाहरुसँग धेरै रुपिया ठग्यो ।

सातैजना मामाहरुले स्याललाई लिएर आफ्नो घरतिर हिंडे । जब जंगलनिर उनीहरु पुगे एउटा मामाले एउटो लौरो भाँचे र स्याललाई तडातड पिटेर भने, "जा स्याल हाम्रो घर अनि हाम्रा श्रीमतीहरुलाई यो खबर भनिदिएस् कि हामीहरु आउँदैछौ, हाम्रो लागि भातसात पकाएर ठीक पार्न भनेस् ।" त्यसपछि स्याल भाग्यो र जंगलमा गएर लुक्यो । जब सातैजना मामाहरु घर पुगे तब आफ्ना श्रीमतीहरुसँग सोधे, "भात पकाएका छौ ?" उनीहरुका श्रीमतीहरुले भने, "कस्तो भात ?" तब मामाहरुले भने, "के रे स्यालले तिमीहरुलाई केही भनेन हामीहरु आउँदैछौ भनेर ।" उनीहरुका श्रीमतीहरु अचम्म परे र उनीहरुले भने, "कस्तो स्याल ? हामीलाई कुनै स्यालले पनि तपाईहरु आउँदैहुनुहुन्छ भनेर बताएको छैन ।" तब सातैजना मामाहरुले यो विश्वास गरेकी भान्जाले हामीहरुलाई ठगेका रहेछन् । त्यसपछि उनीहरुले भने, "हिंड, भान्जालाई केरकार गरौं ।" यति भनेर ती सातैजना मामाहरु आफ्ना भान्जाको घरतिर जानभनी हिंडे ।

एता केटाले बाख्राको छाला र रगत लागेको मासु ल्याएर आफ्नी आमाको घाँटीमा बाधिदियो र आमालाई भन्यो, "ए आमा ! जब सातैजना मामाहरु रिसाएर आउँछन् तब म तपाईलाई भन्छु "ए आमा ! तपाईले कसरी स्याललाई तालिम दिनु भएको थियो ?" त्यसपछि छुरीले

तपाईको घाँटीमा बानेको छाला काटिदिन्छु । त्यसपछि एउटा पातलो सिपकिनो तपाईलाई सुँधाएर भन्छु, "ए सिपकिना यदि तँ साँच्चिकै ठीक छस् भने मेरी आमालाई बचाइदे" त्यसपछि तपाई राम-राम भनेर उठ्नु होला । त्यो केटाकी आमा पनि चतुर नै थिइन् आफ्नो छोराले भनेको कुरा बुझी हाली । जब सातैजना मामाहरु रिसाउँदै त्यहाँ पुगे अनि त्यो "केटाले सोध्यो मामाहरुसँग, "अहो मामा किन चाँडै नै फर्किनुभयो त ?" सातैजना मामाहरुले भने, "किन रे भान्जा ! तिमीले हामीलाई ठग्यौ, तिमीले दिएको स्याल त जंगलमै लुक्यो र त्यहीं हरायो ।" त्यो केटो रिसाएको बहानागरी रातो-रातो आँखा पार्दै छुरी लिएर आफ्नी आमाभएतिर दगुऱ्यो र आमासँग भन्यो, "किन रे आमा ! तिमीले कुन तरिकाले स्याललाई सिखाएकी थियौ, पढाएकी थियौ ?" त्यति भनेर छुरी हातमा लिएर आमाको घाँटीमा बानेको छाला रेट्यो । मामाहरु आत्तिन थाले त्यो दृश्य देखेर अनि भन्न थाले, "ए भान्जा ! ए भान्जा ! यो के गरेको तिमीले ?" केटाले भन्यो, "चिन्ता न गर्नुहोस् मामा । जब मलाई रिस उठ्छ तब म यसै गरी आमाको घाँटी काटिदिन्छु अनि त्यसपछि एउटा सिपकिनो नाकमा सुँघाएर जिउदो बनाइदिन्छु ।" फेरि उसले एउटा सिपकिनो ल्याएर आफ्नी आमाको नाकमा रगडेर भन्यो, "ए सिपकिना यदि तँ सत्यमा छस् भने मेरी आमालाई पहिलेको अवस्थामा भए झैं जिउदो बनाइ दे ।" उसले यति भन्दा बित्तिकै त्यो केटाकी आमा "राम-राम" भन्दै उठेर बसिन् ।

साँझ पऱ्यो अनि सबै जना भात खाएर सुत्ने तरखर गर्न लागे तब सातैजना मामाहरुले भान्जासँग भने, "एउटा कुरा भन्नु थियो भान्जा ।" भान्जाले भन्यो, "सबै कुरा भन्नुहोला । तर सिपकिनो न माग्नुहोला ।" सातैजना मामाले भने, "त्यही त भान्जा ! त्यो सिपकिनो हामीलाई बेचिदिनुस् । त्यो सिपकिनाको जति खर्च पर्छ त्यति दाम तपाईले लिनुस् तर त्यो सिपकिनो हामीलाई बेचिदिनुस् ।" त्यो केटाले त्यो सिपकिनाको धेरै दाम जोड्यो र मामाहरुसँग थुप्रै रुपिया उठाएर सिपकिनो मामाहरुलाई नै बेचिदियो ।

ती सातै जना मामाहरु त्यो सिपकिनो लिएर आफ्नो घर गए । अर्को दिन ती सातैजना मामाहरु खेतमा काम गर्न गएका थिए । खेतको काम सिध्याएर जब उनीहरु घर फर्के त्यति बेलासम्म पनि नास्ता बनेको थिएन । यी सातैजना मामाहरु रिसाए अनि प्रत्येकले हातमा छुरी लिएर आफ्ना-आफ्ना श्रीमतीको घाँटी रेटिदिए । उनीहरुले सोंचे, "सिपकिनो छदैछ रिस मरेपछि यिनीहरुलाई जिउँदो बनाउँला ।" केही बेर पछि जब यिनीहरुको रिस शान्त भयो उनीहरुले सिपकिनो लगेर नाकमा सुँघाए तर कसैकी श्रीमती पनि बाँचिनन् । अब यी सात जना मामाहरुको टाउको फुट्न थाल्यो पीर र क्रोधले । उनीहरुले रिसाएर भने, "भान्जाले हामीलाई नराम्रोसँग ठगेका

छन्, अब उनलाई त्यसै छोड्ने होइन ।" अनि उनीहरु रिसले मुर्मरिदै भान्जाको घरमा पुगे । अनि सातैजनाले भान्जालाई समाती एउटा बोराभित्र कोचेर बोराको मुख रस्सीले बाँधे । अनि त्यो बोरालाई नदीमा लगेर फाले । त्यो बोरा पौडिदै-पौडिदै नदीको किनारमा पुग्यो । बोराभित्रबाट केटो कराउँदै भन्छ, "कसैको एउटो विवाह पनि भएको छैन, मेरो सातसात विवाह ।" त्यही एकजना माहुते थियो, उसले हाथीलाई पानी खान दिंदै थियो । जब उसले बोराभित्रको केटाले भनेको कुरा सुन्यो तब उसले मनमा सोच्यो, "मेरो त एउटा पनि विवाह भएको छैन, गएर सोधू के कुरा रहेछ ।" माहुतेले बोरालाई नदीको किनारबाट निकाल्यो र बोराको मुख खोलिदियो । बोराभित्रबाट केटो निस्के पछि माहुतेले सोध्यो, "किन रे केटा किन कराएको ?" केटाले भन्यो, "हेर मेरो एउटा विवाह भइसकेको छ, मेरा मामाहरुले जर्वजस्ती सात-सातवटा विवाह गराउन खोज्दैछन् ।" पिलवानले भन्यो, "ए बाबु ! मेरो एउटा पनि विवाह भएको छैन, मेरो विवाह गराइदेऊ ।" केटाले भन्यो, "त्यसो भए तिमी बोराभित्र पस, मैले तिमीलाई बोरामा बाँधेर पानीमा फालिदिन्छु त्यसपछि तिम्रो विवाह भइहाल्छ ।" माहुते बोराभित्र बस्यो र केटाले उसलाई बाँधेर पानीमा फालिदियो । त्यसपछि केटो माहुतेको हात्तीमा बसेर सातैजना मामाको घर पुग्यो । मामाहरुले देखे कि भान्जा हात्तीमा बसेर आउँदैछन् त्यसपछि मामाहरुले सोधे, "भान्जा यो के हो ? हामीले त तिमीलाई बोरामा राखेर बोरा बाँधी पानीमा फालेका थियौं, तिमी त हात्तीमाथि चढेर आउँदैछौ ।" केटाले भन्यो, "मामा ! तपाईहरुले मलाई किनारमा फाल्नुभयो यसैकारण सानो हात्ती पाएँ । यदि नदीको बीचमा फाल्नुहुन्थ्यो भने दन्तरा हात्ती पाउँथे । मामाहरुले यो कुरा सुनेपछि उनीहरुको मनमा लोभजाग्यो अनि भान्जासँग भने, "ए भान्जा हामीहरुलाई पनि बोरामा बाँधेर नदीको बीचोबीचमा फालिदिनुस् है । हामीले पनि हात्ती पाउँला ।" त्यो केटाले यस्तै चाहन्थ्यो । त्यो केटाले पनि सबै मामाहरुलाई बोरामा बाँधेर हात्तीमा लादेर नदीको बीच भागमा लगेर फ्याकिदियो । ती सबै मामाहरुलाई गोहीले खाएर सिध्याए । एता त्यो केटाले ती साबैजना मामाको धन-सम्पत्ति, घर-गोठ, बारी प्राप्त गऱ्यो । कथा समाप्त ।

## १५. सोनवारानी

एक रहा राजा । राजाक एक ठु लरिका रहा । ऊ लरिकवाकय तीन ठु और दोस रह्यँ । तीन मीत जोराय रह्यँ । तो एक सिख, एक रहा लोहार एक रहा बढइ और राजकुमार । यी चारजने मीता रह्यँ । यी तीनो बडा गरिब रह्यँ- लोहार, सिख और बढइ । तो गाँवकय मनइ कुल जानिगयँ यह बात तो जायकय राजाक ओरहन (सिकायत) किहिन कि देखाजाय महाराज राजकुमार अइसन अइसन मनइसय मीत जुरायहयँ । तो राजा राजकुमारकय बुलायकय एकान्तमय कहिन् कि उन्हनकय साथ सँगरी छोडदेव । राजकुमार कुछ नही बोलिन् । दुसरे दिन यिनही तीनो लोगनकय पास जायकय राजकुमार कहिन् कि अइसन हय मीता हमार पिताजी कहिनहय कि तोहार साथ छोड देव । बताओका कराजाय ? तीनो मीता कहिन् कि भले हमार घर छुटजाय लेकिन यिनकय सँगरी नही छोडाजाय । तो राजकुमार कहिन् ठीक हय । तो एक दिन यिन चारोलोग राज्य छोडकय दुसर राज्यमय चलागयँ । जाते-जात, जाते-जात जङ्गल परा । तो जङ्गलमय सन्झा होइगय । तो यी चारोलोग एकआपसमय पुछिन कि बताओ तोहनमय कौन गुण हय । तो सिख कहिस् कि अगर हमार कौनो कुसउस मिलजाय तो ओकर हम अइसन तिर बनाइदेवे कि ओकर मारेकबाद जेकर लागजाइ लागजाइ और लागेकबाद वापस आइजाइ लौटकय तो लोहरा कहिस हमरेमय अइसन गुण वाय कि कौनो मुरचाइल कौनो लोहा मिलजाय तो ओकर हम अइसन चमकायदेवे रगडकय । ओकरेबाद बढइया कहिस् कि अगर हम्मय चन्दनकय लकडी मिलजाय तो ओकर हम अइसन नाव बनायदेव कि ओ आकासमय उड् जाई । तीनो मिला पुछिन् राजकुमारकय् कि तोहारमय कौनो गुण वाय ? राजकुमार कहिन् कि अगर हम केहुक खिचकय लात मारदेइ तो ओका अइसन दाग बनजाई कि जिन्दगीभर रही । तो अइसय बतुवात बतुवात रात होइगय तो चारो लोग हल्ला किहिन कि आज चलो यही सुताजाय । कहुँ आगे बढेक नाही ठीकहय । तो अइसन हय रातकय चारो लोगन एक एक जने चारो पहार जागे । एकजने जगिहयँ बाँकी तीन जने सुतिहयँ । तो सल्लाह कहिकय कुल लोग गयँ । कन्दमूल यहरउहर खोजिन् । सिकारउकार किहिन खाइन पिइन । ओकरेबाद सुते गयँ । तो सबसय पहिला सिख्खाक बारी रहा । तीनो लोग सुतिन । सिख्खा घुसकय तिर औ धनुष बनायकय पहरेदारी करे लाग तो यह पहिला प्रहर बितगय कुछ नही भय । तो सिख्ख उठाइस लोहारकय औ अपने सुता । लोहार एक प्रहर जागिस कुछ नही भय । लोहरो सुता और बढइक उठाइस् तो बढइक पारी आय तो बढइ जागकय धनुषवाण लइकय बैठा रहा । ओहोक पहार बित गय । तो राजकुमारकय उठाइस । कहिस् कि राजकुमार तुँ जागो अब हम सुतितहन । बाँकी तीनो

लोग सुतिन । राजकुमार धनुषवाण लइकय बैठा रह्यँ । यहरउहर ताकतहयँ पहरदारी करे लागयँ । कुछ देरबाद कहुसय गाना लगइकय कि राक्षस आवतहय दयन्तरवाा आवाजउवाज और जोडसय आवेलाग, पेडओड हिलेलाग । तो राजकुमार जौने ओर अवजिया आवत रहा पेडओड हिलत रहा ओही ओर तिर मारदिहिन । तिरिया जायक गय लेकिन वापस नही आय । तो राजकुमार सोचिन कि अइसन तो नाही हो सकतहय । तिरिया वापस जायकय आयक चाहिँ । तो कहिन जाइ देख आइ । तब आइन तीन लोग सुता उनगयँ देखें । तो कुछ देर चलेकबाद का देखतहयँ कि एक हाथी माराहय । ओ हाथियाकय निचवाँ तिरिया दवा रहा । ओ हाथिया राजकुमारकय हाथी रहा । यिनकय बहुत प्रिय हाथी रहा । यिनकय पिछे पिछे आवत रहा । तो देखिन तो राजकुमार रो लागयँ । फिर गुलगुल पायकय सुतिन रोअत-रोअत । जात भिन्नही भय । तीनो लोग उठिन देखिन राजकुमार नहीहयँ । कुछ देरतक यहरउहर खोजिन । तो ओकरेबाद जौन सिकारउकार कइकय जौन पाइन ओकर चार हिस्सा लगायकय तीन हिस्सा खाइलिहिन अपने । चौथा हिस्सा छोडकय चलाआयँ । आगे निकलगयँ तो जब घाम पडा राजकुमार उठे । तो उठकय फिर बही जगहय् पहुचयँ जहाँ तीनो लोग रतियाक सुतारहे चारो लोग । तो देखतहयँ कि वहाँ कौनो नही हयँ । उनकय हिस्सा रखारहा । तो राजकुमार आपन हिस्सा देखिन और खाइन । और रात छोडकय जायलागिन । तो जात-जात यी लोगनकय राह बदलगय । राजकुमार दुसरे राह चलागय । यी तीनोलोग दुसरा राहे निकलगयँ रह्यँ । तो जाते-जात, जाते-जात एक ठु उसइन नगरमय पहुचयँ  जहाँ बडा सुनसान रहा । कौनो आदमी नाही दिखान न कौनो मानुष दिखायँ । तो वहाँ एक ठु महल रहा । बडा सुन्दर महल रहा । राजकुमार सोचिन कि तनि जाइ देखी का हय । भितरा जायक देखतहयँ एक ठु सुन्दर लड्की बैठी रही । तो पुछिन तु के हो । उन कहिन, ऊ पुछिस तो तुँ के हो उन कहिन कि हम फलाने देशकय राजकुमार होई । राजकुमार पुछिन तुँ के हो तो ओ कहिस हम यी दानवकय बिटिया होई । ओ हमार दादा गयँ चरे । अइसनहय कि तुँ भाग जाओ नही तो अब्बे आइहयँ तो तुँहयँ खाइलिह्यँ । राजकुमार कहिन, का नाउहय नगरमय एक्को आदमी नहीहयँ । दानवाकय बिटिया कहिस कि हमार दादा कुल खाइलिहिन । तो तुँक खाइलिह्यँ तुँ चलाजाओ । तो आवाज आयलाग । जमिनिया हिलेलाग बडे जोरसय आवाज आयलाग कहिन् हमार दादा आवतहयँ तुँ भाग जाव कहिस अइसय नाही जावय या तुँ हम्मय खवाइदेव कि हम्मय लुकवायदेव राजकुमार कहिन् । जौन दानवकय बिटिया रही ओ मन्त्र पढकय राजकुमारकय अपने मुडिम लुकायदिहिस् । ओकरेबाद जब दयन्तरा पहुँचा तो चिल्लाय लाग कहाँ मानुष मानुष । गन्हाय लाग । तो बिटिया कहिस हमहु तो मानुष होइ खाइलेव हम्मय । दयन्तरवा कहिस कि तुँ हमार बिटियवा हव नाही खाव तुह्यँ । ओ

आज रातभय तो ओ सुतिस । तो जब भिन्नही भय दयन्तखा फिर चरे चेलागय । तो दयन्तरवाकय बिटिहवा रही तो ढिलै वा कय फिर राजकुमार बनाइस मन्त्रवा पढकय । फिर बार बजे जब ऊ खानावना खवाइस तो ओकरेबाद दिनभर बैठकय ओइसय बतवाने । राजकुमार कहिस कि अइसय कइसय होइ अइसनहय अपने दादासय पुछ्यो कि उनकय परान कहाँ ह्य । तो दयन्तरवााकय बिटिहवा कहिस ठीक हय हम पुछब । फिर सन्भा भय फिर दन्तखा आयलाग जब तो मन्त्रवा पढकय ढिलवा बनायदिहिस । अपने मुडिम लुकवाय दिहिस । तब सन्भाक खब खातिरदारी किहिस अपने दादाकय । पुछिस् कि ए दादा तुँ यतना दुरे चले जालो अगर तुँकय कुछ होइगय तो हम्मय कइसय मालुम होइ ? हमारका होई ? दयन्तखा कहिस चिन्ता ना करो । हम्मय कुछ नाही होई । दयन्तखाक बिटिहवा कहिस नाही दादा हम्मय बडा चिन्ता होला । दयन्तखा कहिस चिन्ता नाकरो । बिटिहवा जिद किहिस “बताओ तोहार परान कहा हय ? तो दयन्तरवाा कहिस कि तो ठीक हय तुँ जानलेव । सात समुन्दरपार एक ठु खजुरकय पेडहय । खजुरकय पेडपे एक ठु सोनेक पिजरा लट्काहय । ओही सोनवाक पिजरामय एक ठु सुग्गाहय । ओही सुग्गाम हमार परानहय । तव दन्तखाक बिटिहवा् कहिस ठीक हय अब हम्मय कौनो चिन्ता नाहीहय । हम जानगइन कि वहाँतक केछु नाही पहुँचपाई । फिर भिन्नहीभयँ । दयन्तरवा चले चलागय । ओकरेबाद कि राजकुमारकय ढिलुवा निकालिस । फिर मन्त्र पढकय राजकुमार बनायदिहिस । दयन्तरवाकय बिटिहवा राजकुमारकय सब बतुआइन तव राजकुमार कहतहंयँ कि हम जाइथहयँ सात समुन्दर पार । राजकुमार चलदिहिन कहिन कुछ दिनबाद हम आइब उसकयबाद राजकुमारकय बिदा किहिन् । तो राजकुमार निकरिन । बहुतदिन चलेकबाद तो सात समुन्दर पार पहुँचिन । खोजकय देखिन खजुरकय पेड हय बडा लम्बे और उचायकय । राजकुमार खजुरकय पेडपय चढकय जइसय सोनवाक पिजरा उतारिन तब दयन्तरवा जानगय । दौडत-दौडत जायलाग । ओकरबाद पिजरा निकारकय सुग्गवाक निकारिस । तो सुग्गवाक एक ठु गोडवा तुड दिहिस । जब एक ठु गोडवा तुड दिहिस तो दयन्तरवा लङ्गडायलङ्गडाय आवेलाग ओकर एक ठु गोड टुटगय फिर जब दुसरका गोड तुड दिहिस तब दुइ ठु हात बचा । तब हातेस रेगत रेंगत, घिसरत-घिसरत, घुसकत-घुसकत हातेसे आवेलाग । फिर ऊ एक ठु डखना तुड दिहिस । दयन्तरवाक एक हात बचा घुसरत-घुसरत आवेलाग । तो दुसरका डखनवा राजकुमार तुड दिहिस । तवतक ऊ समुन्दर पार कइकय पेडवाकलगा पहुँचा । तो राजकुमार हातेसे सुग्गवाक मुढ ऐंठ दिहिस तो सुग्गवा मरिगय । तो राजकुमार वहासे आय । ओकरेबाद खुसखबरी सुनाइस् । ओकरेबाद दयन्तरवाकय बिटियासे बिहा किहिस । उही राज्यमे दुनोलोग रहे लागयँ ।

अइसय मने कुछ दिन बिता । दयन्तरवाक जौन बिटिया रही ओकर बारवाा जौन रहा बडा सुन्दर रहा, सुनाघतरहा, सोनाघत बार चमकय । राजकुमार ओकर नाम सोनवारानी रखाइदिहिन । तो सोनवारानी रोज जाय नदीमे नहाय । तो जब कौनो बार टुट जाय तो एक ठु दोना बनायलिहिन पाताकय । वही दोनवामय बरवा रखकयं पौडाइदिय । तो एकदिन अइसय बार टुटगय तो ओका दोनामय रखकय पौडाइदिहिस । तो दोनवासय पौडत-पौडत बार दुसरा राज्यमे पहुचगय । वहाँ तो काना राजा रहयँ । तो काना राजा आपने तीन चार ठु सँगरियाक सँगरी आय नहाय । तो देखतहयँ कि दोना पौडत आवतहय । तनि पौडकय गयँ तो पौडकय जायकबाद तो देखतहयँ सोनाक बार जौन लम्बा रहा । राजा कहिन कि बताओ एतना सुन्दर बार जेका रह्य ओ कितना सुन्दर होइ । तो येन राजकुमार आपन दरबारमय आइन और खानपिन छोडदिहिन । तो मन्त्री लोग पुछिन कि महाराज काहे खानपिन छोडदियागय । राजकुमार कहिन कि अइसनहय कि अइसय दोनामय एक ठु बार पायन । ओ जेका बार होय जब तक ओ हम्मय नही मिलपाय तवतक हम कुछ नाही खावय, हम अइसय मरिजावय । तो मन्त्री सलाह दिहिन कनवा राजाकय कि महाराज ढुक्की पिटवादियाजाय कि जे एनसय हमार विवाह करायदिई ओका हम कुछ धन देइदेवय या कुछ राजपाठ देइदेवय । तो राजा कहिन ठीक हय । कनवा राजा ढुक्की पिटवादिहिन, जे कि राजकुमारीकय यानि जेकरय बार होय ओकर अगर लिहाल्याइ तो ओकर हम आधा राजपाठ देइदेवय तो राज्यमय कौनो अइसन बहादुर रह्य कि चलाआवय । कुछ दिन बाद । एक ठु कुटनी बुढिया रही । ओ बहुत चतुर रही, ओ आइस तो कहिस कि महाराज हम ले आइव । राजा कहिन ठीकहय । तो कुटनी बुढिया गई । ओन नाव बनाइस । नाव बनायकय मन्त्रसे दुसरे दिशामय नाव चलायकय ऊ राज्यमय पहुँचिस जहाँ सोनवारानी रहतरही । तवतक राजकुमार गयरहयँ सिकार खेले । बुढिया आपन नउवा बीचधारमय खडा कइदिहिस औ उतरकय सोनवा रानीक महलमय गइस् । तो सोनवा रानी नहात रहीन । सोनवा रानी पुछिन कि तुँ के हो ? बुढिया कहिस कि हम तोहार मौसी होई । तो सोनबारानी कहिन कि हमार मौसिया तो नही रहिन । तो कुटनी बुढिया कहिन कि नाही बिटिया तुँ नाही जान्यो जब तुँ नाही पैदा भइरह्यु तष्बे हम अपने गाव चलिगयरहेन । ए नाते तुँ नाही जानपायु । सोनवारानी कहिन ठीक हय मौसी चलो दरबारमय चलाजाय । तो लियाक ल्याइस । जब सन्भ्काक राजकुमार आयँ तब पुछिन कि के हो तो सोनवा रानी कहिन कि हमार मौसी होय । तो राजकुमार कहिन ठीक हय तोहार मौसीहयँ तो रहो । तो दुसरे दिन जब राजकुमार सिकार खेले गयँ तो बुढिया कहिस कि बिटिया तोहार हम्मय बडा चिन्ता होतहय । राजकुमारी कहिन कि कौन चिन्ता ? बुढिया कहिस कि राजकुमार अइसय दुरदुर तब चलाजातहयँ सिकार खेले अगर उनकय कुछ होइगय तब ।

राजकुमारी कहिन उन्हयँ कुछ नाही होइ उन बडा बहादुर हयँ । बुढिया कहिस कि नाही बिटिया उनसय पुछलेव कि उनकय परान कहाँ हय । तब निश्चिन्त होइजाव्यू । राजकुमारी कहिन ठीक हय हम पुछव । बस सन्झा भय, राजकुमार आयँ तो येन मने राजकुमारी स्वागत सत्कार किहिन । राती जब सुतेक भय तब पुछिन आप सिकार खेले चलाजावाजातहयँ । हम्मय आपकय बडा चिन्ता होला, बतावाजाय आपका परान कहा हय । तो राजकुमार कहिन कि हमार परान कुचरियामय हय । भिन्नही भय । फिर राजकुमार सिकार खेले गयँ । तो कुटनी बुढिया पुछिस सोनवारानीसे पुछ्यु कि राजकुमारकय परानवा कहाँ हय । सोनवारानी कहिन हम पुछेन तो बुढिया कहिस कहा हय राजकुमारकय परानवा तो राजकुमारी बताइन् कि राजकुमारकय परानवा कुचरियामय हय । तो बुढिया कहिस चलो निश्चिन्त होइगयो ।

तो अइसय कुछ दिन जब बिता । तो कुटनी बुढिया चुप्पेसे कुचरियाक लइजाक चौकामय जलायदिहिस । कुचरी जलिगय । सन्झाक राजकुमार आयँ तो बुढिया देखिस चौंक गइस । कुचरियाम परान रहा होत तो कइसय जिन्दा आय ? एकर माने ऊ झुठ बोलेहय । ओ जायकय कहिस सोनवारानीसय कि राजकुमार तुँ से झुठ बोलेहयँ । उनकय परान कुचरियाम नाहीहय । अब फिर जायक पुछलिहो । जब सन्झाभय राजकुमारकय स्वागत सत्कार सब किहिन, खाइनपिइन । जब सुते गयँ तो सोनवा रानी राजकुमारसय पुछिन कि आप हमसय झुठ बोलाजातहय । आपकय परान कुचरियाम नाही हय । तो राजकुमार कहिन कि पुछकय का करब्यु । येन मने रिसियाने । सोनवारानी जिद किहिन नाही हम्मय बतुआओ । हम खानावना छोडदेवय नाही खाबय । मने राजकुमार गुस्सेम रह्य एक लात मारिन खिचकय, रानीक सिनाम लागगय । दाग बनगय । तो राजकुमार कहिन सोनवारानीसे अच्छा सुन हमार परान हमार जौन तलवारहय वही तलवारमय हय । राजकुमारी कहिन ठीक हय । मने जायक दुसरे करवट लियकय सुते राजकुमार । फिर दुसरे दिन गय तौन अपने तलवारकय समायक रख्खयँ । लेकिन एकदिन तलवारिया भुलायगयँ । दुसरे दिन जब कुटनी बुढिया पुछिस कि राजकुमारकय परान कहा हय । तो सोनवारान कहिन उनकय परानवा उनकय तलवारमय हय । तो बुढिया तलवारकय दावेमय रही । एकदिन राजकुमर सिकार खेले गयँ तो भुलाइगय अपन तलवारिया । ओहे मौका पायकय तलवारिया लायकय चुलाम बुढिया नायदिहिस । तलवार जले लाग, तलवार ढिके लाग तो राजकुमरकय पता चला ओन खुद गिरपरय । तो अइसय रेंगत-रेंगत, घुसकत-घुसकत आवेलाग । जब तब वन महलकय द्वार तक पंहुचत हयँ तबतक तलवारिया जलकय कोइला होइगय तो राजकुमार मरिगयँ । तो सोनवा रानी रोइस गाइस । तो कुटनी बुढिया सोनवारानीसय कहिस अब कि जौन होयक रहा होइ गइस अब का कर बो ? तो

सोनवारानी कहिन कि राजकुमार हम्मय पहिले कहे रहयँ कि हम्मय कुछ होइगय तो हम्मय बक्सामय धइदियो ओ तलावरिया हमार जौन हय हमरेसँगरी रखदियो, बक्सामय रखदियो । तो बुढिया कहिस ठीक हय अइसय कइदिओ । तो एक ठु बक्सा बनाइस ओ बक्सामय राजकुमारकय सुतायदिहिस लासिया औ तलवारिया धइदिहिस बक्सा बन्द कइकय धइदिहिस किनारे । तो बुढिया कहिस कि ठीक हय जौन होयक रहा होइगय अब चलो नहाइआव नदीमय । सोनवा रानी कहिन ठीक हय तब गइन् नहाय सोनवारानी औ कुटनी बुढिया । जब नहाय गइन तब कुटनी बुढिया कहिस काहे किनारे नहाइतहयु तव सोनवारानी कहिन का करी । कुटनी बुढिया कहिस जाओ तनि बीचमय आयकय बढियासय नहायोलेओ । तो सोनवारानी नाही मानिन तो बुढिया आयकय खिचकय सोनवारानीकय बीचमय लइगई । जब बीचमय पहुँचिस तो बीचमय नइयारहा तो नैयाक बेलाइस । जब नइया आय तब खिचकय रानीक नइयाम बैठाइदिहिस । फिर बुढिया मन्त्र पढिस । एतना तेज नइया गय कि जायक वही रुका जहाँ कनवाराजा रह्यँ । वही राज्यमय पहुँचा तो ओका खिचकय महलमय लइगय । कुटनी बुढिया राजासय कहिस कि महाराज राजकुमारीक लइआयन । तो कनवा राजा सोनवारानीसय कहिन कि हम तुँ से बिहा करव तो सोनवारानी कहिन कि अइसन हय अब हम सालभर बाहृ महिनातक बिहा नाही करव । बाहृ महिनातक हम दान पुन्य करव, सोना दान करव । हम व्रत लइलिएहन । कनवा राजा कहिन ठीक हय हम कौनो बात नाही सालभर बाद बिहा कराजायी ।

ये सोनवारानी रोज भिन्नही भिन्नही उठे, नहायधोय, पूजापाठ कइकय ओकरबाद अपने महलकय द्वारीपर बैठजाय किनारे । अब केहु आबे तो ओकर कचौरियामय सोनाओना देइदेय, पहिले खवाय पिवावय । ओकरबाद जे सोनाचाँदी मागे केहु तौन ओका देइदेवय । तो अइसय अइसय दिन बिते लाग । एक महिना बिता, दुई महिना बिता अइसय अइसय एगार महिना बिता । बारहयँ महिने चले लाग ।

ओहर जौन राजकुमारकय तीनो मीता रह्यँ सिख्खा, लोहार औ बढई तो उनहो विचारे गरिव रह्यँ, बेचारे मागत खात मागत खात रह्य । तो संयोगसय उनहु  कनवाक राज्यमय पहुँचगय । तो एक ठु मनइ संभ्काइस कि का हो तोहरे यहरउहर भीख मागतहव नाही जान पायो । उनहरे कहिन काव ? तो मनइ कहिस कि अरे यह देशमय कनवा राजा एक ठु मेहरारु ल्यायहय । ओ बहुत दान करत ही । उनरे कहिन कइसन दान करत ही ? तो मनइया कहिस अरे ओ सोनाचाँदी कुल दान करत ही । तो तीनो मीता कहिन चलो हमुह माग आवाजाय । बडा गरिब हयँ

हम्मनकय माग माग खावाजातहय । अगर धनसम्पत्ति मिलजाय तो हमरे सुखसय रहाजायी । तो वन जायकय जहाँ सोनवारानी महलमय रहिकय दानपुन्य करत रहिन वही पहुँचिन । तो अन्तिम दिन रहा, बारहवाँ महिनाक अन्तिम दिन रहा । तो तीनो लोगनकय बैठाइन सोनवारानी । बैठायकबाद जौन बने रहा  बारह व्यञ्जन परोसकय खवावय लागिन । तब देखिन सिनवाम सोनवारानीकय जौन दगिया बनारह्य । अपने तीनोम बतवायलागयँ । तो वन कहिन सोनवारानीसय यी कहो एक ठु हमरुक मीता रह्यँ । उनकय अइसय गोड रहा कि जहाँ खिचकय मारदे उनकय दाग बनजाय । तो तीनो अपने मे बतुवायँ तो सानेवारानी खुसर खुसर सुनिन् तो कहिन का बातहयका बतुवावतहव । तो तीनो लोग कहिन नाही हम अइसन अपन बात बताइतहयँ ।

तो सोनवारानी जिद किहिन नाही बतुवाओ का बातहय । तो वे कहिन कि हम्मन एक ठु मीता रहें राजकुमार तो उनकय अइसन गोड रहा जेकर उन खिचकय लात मारदे तेकर दाग बनजाय । तो मने पुछिन सोनवारानी कइसन रहें तोहार राजकुमार । तो उन बतावेलाग अइसन अइसन रहें अइसन अइसन रहें । अइसन गढहन (अनुहार) रहा । तो सोनवारानीक शंका भय, तो यह तो नाही होयँ तो बताइन कि सालभर पहिले मने कुछ दिन बहुत पहिले मने एक ठु राजकुमार अइसय आइन मने कुल खिस्सा बतुआइन सोनवारानी । तो मने कुटनी बुढिया पकड लेआइस हम्मय वहाँ । राजकुमार तँयँ मरिगयँ मने कुल खिस्सा बतुआइन । तो तीनो लोग कहिन अइसन हय कि चलो हम राजकुमारकय हमरे जिन्दा कइलेवाजाई, बचायलेवाजाई । सोनवारानी पुछिन् काव करेक पडा । तो वन कहिन कि एक ठु चन्दनकय लकडी मगवाओ ओका नाव बनुवाइब । तो जायक कनवा राजासय कहिन सोनवा रानी कि महाराज चन्दनकय लकडी मगवायजाय । आज हमार व्रत पूरा होतहय बिहान हम्मनकय बिहा होइजाई और तीन अइसन साधु आयहयँ कि उनहरे हम्मय चन्दनकय लकडीसे अइसन नाव बनाइदिह्यँ कि हम्मयँ आकासमय उडाजाई । तो कनवा राजा खुस होइगयँ तो चन्दनकय लकडी मगवाइन । बढइ ओकर नाव बनाइस । तो बढइ, लोहार और सिख, कुटनी बुढिया, सोनवारानी और कनवाराजा यी सब बैठिन नाव पे । ओ यी मन्त्र पढिस बढइया । तो आकासमय उडगय । तो आकासमय जब पहुँचा तो बढइ, सिख और लोहार तीनो संकारिन (संकेत गर्नु) । जब नइया आकासमय उडाइन तो पहिले नइयामयसे कुटनी बुढियाक ढकेलिन कि का रे तँइ हमार मीताकय मार ढारेहय । ओकरबाद फिर कनवा राजाकय ढकेलिन । कनवा राजा कुटनी बुढिया निचे गिरकय मरिगइन । ओकरेबाद फिर यी मन्त्र पढिन । फिर उडकय नइया सोनवारानीवाला राज्यमय पहुँचा । वहाँ एकओर बक्सा रख्खा रहा राजकुमार मरारह्यँ । बक्सा खोलिन और वहमेसे तलवार निकारिन । तो लोहरा लायकय जडीबुटीमरमसला तलवारियाम माझे

लाग । जइसय तलवारिया माझकय चमके लाग तइसय राजकुमारकय परान आवेलाग । जब तलवारिया एकदम चमकगय राजकुमार जिन्दा होइगयँ । चारो लोग गले मिलिन । फिर महलमय चारो मीता सोनवारानी रहे लागयँ बढिया सुखसय जिय लागयँ । खिस्सा खतम पैसा हजम ।

**नेपाली रुपान्तर**

एउटा राजा थिए । राजाको एउटा राजकुमार थिए । ती राजकुमारका तीनजना अरु साथीहरु थिए । ती चारै जनाले मीत लगाएका थिए अर्थात् राजकुमारका तीन मीत थिए । एक जना सिख थियो, एकजना लोहार थियो एउटा सिकर्मी थियो । यी चारजना मीत-मीत थिए । यी तीनजना मीत धेरै गरिब थिए, लोहार, सिख र सिकर्मी । गाउँका मानिसहरुले राजकुमारले तीन जना गरिब ठिटाहरुसँग मीत लगाएका छन् भन्ने कुरा थाहा पाएकाले उनीहरु राजाकहाँ गएर कुरा लाइदिए कि, “हेर्नुस् महाराज राजकुमारले यस्ता-यस्ता मान्छेसँग मीत लगाएका छन् ।” त्यसपछि राजाले राजकुमारलाई बोलाउन पठाए अनि उनलाई एकान्तमा लगेर सम्झाए कि तिमीले यस्ता मानिसहरुको साथ छोडिदेऊ । राजकुमारले केही भनेनन् । अर्को दिन यी राजकुमार आफ्ना ती तीन जना मीतहरुकहाँ गएर भने कि “मेरा बुबाले मलाई तिमीहरुको साथ छोड्न भन्नु भएको छ, अब तपाईहरु नै भन्नुस् के गर्ने होला ?” ती तीनै जना मीतले भने, “भलै हामी घर बस्न नपाऊँला तर राजकुमारलाई छोड्न सकिदैन अर्थात् राजकुमारको साथ छोड्ने होइन ।” त्यसपछि राजकुमारले भने “ठीकै छ ।” त्यसपछि यी चारै जना एक दिन त्यो देश छोडेर अर्को देशमा गए । हिंड्दा-हिंड्दै, हिंड्दा-हिंड्दै उनीहरु जंगलमा पुगे । जंगलमै साँझ भयो । त्यसपछि यी चारैजना मीतहरु एकआपसमा सल्लाह गर्न थाले कि “सबैले भन्नु पर्‍यो कि प्रत्येकमा के कस्तो गुण छ ।” तब सिखले भन्यो “यदि मैले कुनै चीज पाएँ भने यस्तो तीर बनाइदिन्छु कि त्यो तीरले जसलाई हान्नु छ त्यसलाई हानेर फेरि त्यो तीर फर्केर यही आउँछ ।” त्यसपछि कामीले भन्यो, “मैले कुनै खिया लागेको फलाम पाएँ भने त्यसलाई रगडेर झलल्ल चम्काइदिन्छु ।” त्यसपछि सिकर्मीको पालो आयो । उसले भन्यो, “यदि मैले चन्दनको काठ पाएँ भने त्यसबाट त्यस्तो डुङ्गा बनाइदिन्छु कि त्यो पानीमा तैरने मात्र होइन कि त्यो आकासमा पनि उड्नसक्छ ।” अनि ती तीनजना मीतहरुले राजकुमारलाई सोधे, “तपाईमा कस्तो गुण छ ?” अनि राजकुमारले भने, “यदि मैले कसैलाई जोडले लात्तीले हाने भने उसमा यस्तो दाग लाग्छ कि त्यो जिन्दगीभरि पनि मेटिदैन ।” यस्तै-यस्तै आपसमा भएका गुणहरु भन्दा भन्दै रात पर्‍यो । अनि चारैजनाले चारैतिर हल्ला गरे कि कुनै जंगली हिंस्रक जनावर नजिकमा भए टाढा भागून । अनि पछि तिनीहरु त्यही जंगलमा सुते । रातमा अगाडि

बाटो हिड्ने कुरो भएन । उनीहरु रातमा पालैपालो सुत्ने तरखरमा लागे । तीन जना सुत्ने एक जना पाले बस्ने एक प्रहर । त्यसपछि एउटा प्रहर बितेपछि अर्को एक जना एक प्रहरको निम्ति पाले बस्ने बाँकी तीन जना सुत्ने । यसैगरी चार प्रहर रात जंगलमा बिताउने निश्चय गरी सबैजना गए कन्दमूल खोज्न । उनीहरुले कन्दमूल खोजे, सिकारउकार पनि गरे अनि जे भेट्टाएका थिए त्यो खाएर उनीहरु सुते । जागा बस्ने पहिलो पालो सिखको थियो बाँकी अरु तीन जना सुते । सिखले तिर धनुष बनाएर पहरेदारी गर्न लाग्यो । उसले पहिलो प्रहर पाले बसेर बितायो कुनै घटना भएन । त्यसपछि सिखको सुत्ने पालो आउँदा उसले कामीलाई उठायो र आफू सुत्यो । कामी पनि अर्को एक प्रहर जागेर पाले बस्यो कुनै अप्रिय घटना भएन । दोस्रो प्रहर बितेपछि कामीले सिकर्मीलाई जगायो र आफू सुत्यो । सिकर्मीको पालो आएपछि उसले धनुषवाण समातेर बस्यो । उसको प्रहर पनि बित्यो । अनि सिकर्मीले राजकुमारलाई उठायो र भन्यो, “राजकुमार तिमी जाग अब म सुत्छु ।” अरु सबै सुते । राजकुमार पनि धनुषवाण समातेर बसे । यताउता हेर्दै पहरेदारी गर्न लागे । केही बेर पछि कतैबट गीत गाएको जस्तो आवाज आयो तर त्यो गीत गाएको नभई राक्षस आउदाको आवाज रहेछ । राक्षस आएको आवाज घन्कियो । राक्षस ठूलो स्वर गर्दै जोडले आउनथाल्यो । रुखविरुवा हल्लिन थाले । त्यसपछि राजकुमारले जताबाट चर्को स्वर आएको थियो, रुखविरुवा हल्लेका थिए त्यतैतिर तीर हाने । तीर गयो तर फर्केर आएन । त्यसपछि राजकुमारले सोंचे, “यस्तो त नहुनु पर्ने हो । तीर वहाँ लागेर फर्केर आउनु पर्ने हो ।” अनि उनी गए किन त्यस्तो भएको हो भनेर बुझ्न । अरु तीनजना मीतहरु सुति रहेका थिए उनी गए तीर फर्केर नआउनुको कारण बुझ्न । अनि केही बेर हिंडे पछि उनले एउटा हात्ती मरेको देखे । त्यो हात्तीको मुनि तीर गढेको थियो । त्यो हात्ती राजकुमारको आफ्नै हात्ती थियो । यिनको धेरै प्यारो हात्ती थियो । यिनकै पछि पछि आउँदै थियो । राजकुमारले आफ्नै प्यारो हात्ती मरेको देखेर उनी आफै रुन लागे । फेरि नरम नरम न्यानो न्यानो जस्तो महसुस गरी रुँदै-रुँदै सुते ।

अर्को दिन बिहान तीनै जना मीतहरु उठे । उनीहरुले राजकुमारलाई देखेनन् । केही बेरसम्म उनीहरुले राजकुमारलाई यताउता खोजे । त्यसपछि उनीहरुले जुन सिकारउकार गरेर केही मारी ल्याएका थिए त्यसको चार भाग लगाए । तीनवटा भाग आफूलहरुले खाए भने बाँकी चौथो हिस्सा राजकुमारको लागि त्यही छोडेर उनीहरु हिंडे । उनीहरु धेरै पर पुगिसकेका थिए । अनि बिहानको घामले पोल्न थालेपछि राजकुमार पनि जागे । राजकुमार जागे पछि फेरि त्यही ठाउँमा गए जहाँ हिंजो राति चारैजना मीतहरु पालैपालो सुतेका थिए । उनले त्यहाँ गएर हेर्दा कसैलाई देखेनन्, त्यहाँ कोही पनि थिएन । उनको मासुको भाग त्यहाँ राखिएको थियो । राजकुमारले आफ्नो भाग मासु देखे

अनि खाए पनि । त्यसपछि उनी आफ्ना मीतहरुलाई खोज्न त्यहाँबाट हिंडे । जाँदा-जाँदै, जाँदा-जाँदै यिनीहरुको बाटो बदलियो । मीतहरु गए तिरको बाटो नसमाती राजकुमारले अर्कै बाटो समाते । ती तीनजना मीतहरु अर्को बाटो लागेका थिए ।

जाँदा-जाँदै, जाँदा-जाँदै राजकुमार यस्तो सहरमा पुगे जहाँ धेरै सुनसान थियो । त्यहाँ कोही थिएनन्, कुनै मानिस थिएन । त्यहा एउटा ठूलो महल थियो, धेरै राम्रो महल थियो त्यो । राजकुमारले सोंचे कि गएर हेरुँ त्यहाँ कोही छ कि । अनि उनी महल भित्र गएर हेर्छन् त त्यहाँ एउटी सुन्दर युवतीलाई देखे । त्यसपछि ती सुन्दर युवतीले राजकुमारलाई सोधिन्, “तपाई को हो ?” राजकुमारले भने म फलानो देशको राजकुमार हुँ । “अनि राजकुमारले ती युवतीलाई सोधे तिमी को हौ ?” युवतीले भनिन्, “म यसै महलमा बस्ने राक्षसकी छोरी हुँ ।” राजकुमार पनि सुन्दर थिए । ती राजकुमारलाई देखे पछि युवतीमा दया उत्पन्न भयो । उनले राजकुमारलाई भनिन्, “मेरो बुबा आहारा खोज्न जानु भएको छ । अब आउने बेला भएको छ । तपाई यहाँ धेरै बेर नबस्नुस् उनी आए भने तपाईलाई खान्छन् त्यसैले तपाई यहाँबाट भाग्नुस् ।” राजकुमारले नआत्तिकन भन्छन्, “यो सहरको नाम के हो ?” मैले त सुनसान देखें, कुनै मानिस छैनन् । “राक्षसकी छोरीले भनिन्, “यहाँ पहिले मानिसहरु थिए, ती सबैलाई मेरा बाबुले मारेर खाए । अब तपाईलाई पनि मार्छन्, त्यसैले तपाईं यहाँ नबस्नुस् जानुस् ।” त्यसैबेला अनौठो आवाज आउन थाल्यो, जमिन कम्पायमान भयो, ठूलो स्वरले आवाज आयो । त्यसपछि ती युवतीले भनिन्, “मेरो बुबा आउनथाल्नुभयो, तपाई छिट्टै यहाँबाट भाग्नुस्” राजकुमार ती युवतीदेखि मोहित भएका थिए । उनले भने, “म त्यत्तिकै यहाँबाट भाग्दिन, कि त मलाई खवाऊ कि त मलाई यहीं कतै लुकाऊ, म तिमीलाई छोडेर जान्न ।” ती युवती जो राक्षसकी छोरी थिइन्, राजकुमारको त्यस्तो कुरा सुनेपछि उनले मन्त्र पढिन् र राजकुमारलाई आफ्नो टाउकोमा लुकाइन् । त्यसको थोरै बेरपछि राक्षस आयो र उसले आउँदा वित्तिकै कराएर भन्यो, “मान्छे, मान्छे ! मान्छेको बासना आयो ।” तब राक्षसकी छोरीले भनी, “म पनि त मान्छे हुँ, मलाई खानुस् ।” राक्षसले भन्यो, “तिमीलाई त मैले छोरी मानेको छु, तिमी मेरी छोरी हौ, तिमीलाई त म खान्न ।”

रातभरि राक्षस सुत्यो, सबै सुते । जब बिहान भयो राक्षस आफ्नो आहारा खोज्न हिड्यो । एता राक्षसकी छोरीले आफ्नो टाउकोमा जुम्राको ढाडी बनाएर लुकाएको राजकुमारलाई फेरि मन्त्र पढेर मान्छे बनाइन् । फेरि दिउसो खाना खाएपछि ती युवती र राजकुमारका बीच मीठा मीठा गफ भए । अनि कुराकानीको अन्तमा राजकुमारले युवतीसित भने, “यसरी कति दिन लुकी लुकी बस्ने,

अब यसरी बसेर भएन । तिमीले आफ्नो बुबा भनाउँदो राक्षससँग सोधे उसको प्राण के मा छ ?" त्यसपछि ती युवतीले भनिन्, "हुन्छ मैले उनी आएपछि सोधुँला ।" जब साँझ हुन थाल्यो, राक्षस जंगलतिरबाट ठूलो ठूलो आवाज गर्दै आउन थाल्यो । अनि युवतीले झटपट राजकुमारलाई मन्त्र पढेर जुम्राको ढाडी बनाई आफ्नो कपालमा लुकाइन् । जब राक्षस आयो युवतीले सदाको भन्दा अझ राम्ररी राक्षसको स्वागत सत्कार गरिन्, बढी सम्मान माया र ममता भएको देखाइन् । अनि मौका पारेर भनिन् राक्षसलाई, "ए बुबा ! तपाई दिनभरि कति टाढा टाढासम्म जानुहुन्छ, मलाई तपाईको पीर मात्र लागिरहन्छ । यदि तपाईलाई केही भयो भने मैले कसरी खवर पाउन सक्छु ? मेरो त्यसबेला कस्तो अवस्था होला ?" राक्षसले भन्यो, "तिमीले मेरो चिन्ता नगर, मलाई केही हुँदैन ।" फेरि युवतीले भनी, "होइन, बुबा मलाई धेरै चिन्ता हुन्छ ।" राक्षसले भन्यो, "चिन्ता नगर ।" युवतीले ढिपी कसेर भनी, "चिन्ता नगर भन्नु हुन्छ, म कसरी ढुक्क भएर बस्न सक्छु, तपाईले भन्नै पर्छ तपाईको प्राण के मा छ ? त्यो थाहा पाए पछि म ढुक्कसँग बस्न सक्छु ।" छोरीले जिद्धी गरेपछि राक्षसले भन्यो, "ठीकै छ त्यसो भए जान मेरो प्राण के मा छ भनेर । यहाँदेखि टाढा सात समुद्र पारि एउटा खजुरीको रुख छ । त्यो रुखमाथि एउटा हाँगामा सुनको पिंजरा झुण्डिएको छ । त्यही सुनको पिंजरामा एउटा सुगा छ, त्यही सुग्गामा मेरो प्राण छ ।" त्यसपछि राक्षसकी छोरीले भनी, "ठीक छ, अब मलाई कुनै चिन्ता हुँदैन । मलाई थाहा छ कि त्यहाँसम्म कोही पुग्न सक्दैन ।"

अर्को दिन जब बिहान भयो राक्षस आफ्नो आहरा खोज्न गयो । त्यसपछि राक्षसकी छोरीले कपालबाट ढाडी निकालिन अनि मन्त्र पढेर जुम्राको ढाडीलाई राजकुमार बनाइन् । ती राक्षसकी छोरीले राजकुमारलाई राक्षसको प्राण के मा छ भन्ने कुरा सबै बताइन् । त्यसपछि राजकुमारले भन्छन्, "म समुन्द्रपार जान्छु । केही दिन पछि म फर्केर आउँछु । तिमीले मेरो कुनै चिन्ता लिनु पर्दैन ।" त्यसपछि ती युवतीले राजकुमारलाई विदा गरिन् । राजकुमार पनि सात समुन्द्र पार जान हिंडे । धेरै दिन हिंडेपछि राजकुमार सातसमुन्द्र पारि पुगे । त्यहाँ गएर उनले खजुरीको रुख खोजे । उनले खजुरीको रुख पनि भेट्टाए । त्यो रुख निकै अग्लो र ठूलो थियो । राजकुमार त्यो रुखमा चढेर जसै सुनको पिंजरा समातेर तल झारे त्यसैबेला उता राक्षसलाई थाहा भयो कि कसैले सुनको पिंजरा आफ्नो कब्जामा पाऱ्यो भनेर । त्यो राक्षस दौड्दै-दौड्दै जान थाल्यो । राजकुमारले त्यसपछि पिजरा निकालेर पिजराबाट सुग्गालाई झिके । त्यसपछि सुगाको एउटा खुट्टो भाँचिदिए । जब उनले एउटा खुट्टा भाँचिदिए राक्षस लङ्गडाउँदै लङ्गडाउँदै आउन थाल्यो । फेरि जब अर्को खुट्टा भाँचिदिए सुगाको तब राक्षसका दुईटा हात बचे । तब राक्षस हातकै भरले घस्रिदै-पस्रिदै, घस्रिदै-पस्रिदै आउन

थाल्यो । राजकुमारले फेरि सुगाको एउटा पखेंटा भाँचिदिए । राक्षसको एउटा हात बच्यो । ऊ घस्रिदै-घस्रिदै बल्ल तल्ल आउन थाल्यो । राजकुमारले सुगाको अर्को पखेंटा पनि भाँचिदिए । त्यसबेलासम्ममा राक्षस समुन्द्र तरेर खजुरीको रुखनेर पुगिसकेको थियो । त्यसपछि राजकुमारले हातैले सुगाको टाउको बटारिदिए । सुगा मऱ्यो । राक्षस पनि ठूलो आवाज निकालेर मऱ्यो । त्यसपछि राजकुमार त्यहाँबाट फर्के । महलमा पुगेपछि ती राक्षसकी सुन्दर युवतीलाई आफूले काम फत्ते गरी आएको सुसमाचार सुनाए । केही दिनपछि तिनै युवतीसित राजकुमारले विहा गरे । दुवैजना त्यही राज्यमा सुखपूर्वक रहन लागे ।

यस्तै गरी केही दिन बित्यो । त्यो राक्षसकी जुन छोरी थिइन् तिनी तिनको कपालका रौं धेरै सुन्दर थिए । सुनजस्तै चम्किने रौं थिए । राजकुमारले उनको नाम सुनकेस्रारानी राखिदिएका थिए । ती सोनवारानी दिनदिनै नदीमा नुहाउन जान्थिन् । उनले नुहाउँदा जब कुनै बेला कपालको रौं झर्थ्यो तब उनले पातको एउटा दुनो बनाउथिन् र त्यही दुनोमा रौं राखेर नदीमा बगाइदिन्थिन् । त्यस्तै एक दिन नुहाउँदा एउटा रौं कपालबाट झरेको थियो, त्यो रौंलाई उनले दुनोमा राखेर नदीमा बगाइदिइन् । त्यो रौं दुनोसँगै बग्दै बग्दै अर्को राज्यमा पुग्यो । त्यो देशमा एउटा कानो राजा थिए । ती राजा आफ्ना तीन चारजना साथीहरुसँग नुहाउन नदीमा आउँथे । नुहाउँदै गरेको बेला ती राजाले एउटा दुनो बग्दै बग्दै आइरहेको देखे । अलिपर पौडिदै राजा गए र दुनोमा के छ भनी हेर्दा त सुन जस्तै चम्किलो लामो रौं देखे । तब राजाले आफ्ना साथीहरुसँग भने "कपालको रौं त यति सुन्दर छ भने जसको यो रौं हो त्यो कति सुन्दर होली ?" त्यसपछि नुहाएर राजा आफ्नो दरबारमा आए अनि खानपिउन छोडे । राजा भोकै बसेको थाहा पाएपछि मन्त्रीहरुले सोधे कि महाराज किन खानपिउन छोड्नुभयो ? राजाले भने "मैले नदीमा नुहाउँदा नदीमा बग्दै आइरहेको एउटा अति सुन्दर कपालको रौं देखें, त्यो रौं जस्को हो त्यस सुन्दरीलाई मैले नपाउँदा सम्म म खाना खान्न बरु म यसैगरी मर्छु ।"

मन्त्रीहरुले राजालाई सल्लाह सुझाव दिए कि "महाराजले कटुवाललाई यो विज्ञापन सबैतिर फैलाइदिन हुकुम दिन पऱ्यो कि जसले यस्तो सुनजस्तै चम्किने रौं भएकी सुन्दर युवतीसँग हजुरको विवाह गराइदिन्छ उसले केही धन र केही राजपाट पाउने छ ।" त्यो सल्लाह राजालाई मन पऱ्यो र उनले स्वीकार गरे । अनि राजाको घोषणालाई कटुवालले चारैतिर फैलाइ दियो कि कुनै त्यस्तो बहादुरले ती युवतीसँग राजाको विहा गराइदिने काम सम्पन्न गर्छ भने उसले केही धनको साथै आधा राजपाट पाउने छ । त्यस्तो कोही बहादुर भए दरबारमा आउन आग्रह समेत गरियो । केही

दिनपछि एउटी कुटनी बुढीले त्यो काम गर्ने आँट गरी । त्यो बुढी निकै चलाख थिई । त्यो राजदरबारमा आएर राजासँग त्यस्ती सुन्दर युवतीलाई मैले ल्याउन सक्छु भनेर भनी । राजाले ठीकै छ त तिमीले गर्न सक्छयौ भने राम्रो भयो भने । त्यो कुटनी बुढी घर आई । उसले एउटा डुंगा बनाउन लगाई । डुंगा तयार भएपछि मन्त्र पढी । त्यो मन्त्रका प्रभावले अर्को दिशामा डुंगा चलाएर त्यो राज्यमा पुगी जहाँ सोनवारानी बस्थिन् । त्यसबेला राजकुमार सिकार खेल्न जंगल गएका थिए । त्यो कुटुनी आफ्नो डुंगा नदीको बीचोबीचमा रोकी र डुंगाबाट झरेर सिँधै सोनवारानीको दरबारमा गई । सोनवारानीले नुहाइरहेकी थिइन् । सोनवारानीले त्यो बुढीलाई देख्ने बित्तिकै तिमी को हौ भनेर सोधी । बुढीले म तिम्री फुपू हुँ भनी । त्यसपछि सोनवारानीले मेरा त फुपू थिइनन् भनेर भनी । त्यो बुढीले भनी, "होइन छोरी, तिमीलाई थाहा भएन, तिमी नजन्मिदै म मेरो लोग्नेको घर गएकी थिएँ । यसकारण तिमीले मलाई चिन्न सकिनौ ।" सोनवारानीले बुढीको कुरामाथि विश्वास गरिन् र फुपूलाई दरबारमा लिएर गइन् । जब साँझमा सिकारबाट राजकुमार आएपछि उनले बुढीलाई नचिनेर सोनवारानीसँगको हो भनेर सोधे । सोनवारानीले यिनी मेरी फुपू हुन् भनेर राजकुमारलाई बताइन् । अनि राजकुमारले ठीकै छ तिम्री फुपू भए यही दरबारमा राख भनेर भने । अर्को दिन जब राजकुमार सिकार खेल्न (गर्न) हिंडेपछि बुढीले सोनवारानीलाई भनी, "ए छोरी ! मलाई तिम्रो साह्रै चिन्ता लाग्छ ।" सोनवारानीले सोधिन, "के को चिन्ता ?" बुढीले भनी, "राजाकुमार सिकार गर्न टाढा-टाढा जानुहुन्छ, कथमकदाचित राजकुमारलाई केही भयो भने तिम्रो के दशा होला ।" सोनवारानीले भनिन्, "उनलाई केही हुँदैन, उनी धेरै वीर छन् ।" बुढीले भनी, "होइन छोरी तैपनि तिमीले राजकुमारलाई सोधे कि उनको प्राण के मा छ ? तब तिमी निश्चित हुन सक्छयौं । अनि राजकुमारीले भनिन्, "ठीक छ, मैले सोधुला ।"

जब साँझ भयो, राजकुमार सिकारबाट फर्के । राजकुमारीले यिनको राम्रो सेवा सत्कार गरिन् । राती सुत्ने बेलामा सोनवारानीले भनिन्, "तपाई दिनभरि सिकार गर्न वनमा जानुहुन्छ, मलाई तपाईको धेरै चिन्ता हुन्छ , तपाईले मेरो चिन्ता हटाउनको लागि भनिदिनु पर्‍यो कि तपाईको प्राण के मा छ ?" तब राजकुमारले भने कि मेरो प्राण कुचोमा छ । अनि रात बित्यो । फेरि अर्कोदिन बिहान राजा सिकार गर्न हिंडे । त्यसपछि कुटुनी बुढीले सोनवारानीसँग सोधी, "सोध्यौ राजकुमारको प्राण के मा रहेछ ?" सोनवारानीले सोधे भनेर भनिन् । अनि बुढीले राजकुमारको प्राण के मा रहेछ तो भनेर सोधी । सोनवारानीले राजकुमारको प्राण कुचोमा भएको जानकारी दिइन् । अनि बुढीले भनी, "अब तिमी निश्चित होऊ ।"

यसैगरी केही दिन बित्यो । एक दिन कुटुनी बुढीले कसैले थाहा नपाउने गरी कुचो लगेर चुल्होमा जलाइदिई । कुचो जल्यो । जब साँझ भयो राजकुमार आएपछि बुढी आत्तिई । कुचोमा नै प्राण भएको भए कसरी राजकुमार जिउँदै महलमा आए भन्ने कुरा उसको मनमा खेल्यो । यसको मतलब राजकुमारले झूठो बोलेका रहेछन् भन्ने कुरा उसले बुझी । ऊ गएर सोनवारानीलाई भनी कि “राजकुमारले तिमीसँग झूठो बोलेका छन् । उनको प्राण कुचोमा छैन । अब फेरि गएर राजकुमारलाई सोध कि वास्तवमा उनको प्राण के मा छ ?” जब साँझ पऱ्यो सोनवारानीले राजकुमारको स्वागत-सत्कार गरिन्, खानपिन गरे अनि सुत्न लागे । अनि सोनवारानीले राजकुमारलाई भनिन् कि तपाईले मसँग झूठो बोल्नुभयो । हजुरको प्राण कुचोमा छैन । “तब राजकुमारले भने कि “तिमीले सोधेर के गर्छ्यौं ?” राजकुमारलाई रिस उठ्यो । तर सोनवारानीले ढिपी गरिन् कि मलाई तपाईको चिन्ता हुन्छ, तपाईलाई केही भयो भने मेरो के अवस्था होला । हजुरले मलाई निश्चित बनाउनकै लागि भएपनि भन्नै पर्छ कि हजुरको प्राण के मा छ ? नत्र म खानपिन केही गर्दिन ।” राजकुमार रिसाएका थिए एक लात्ती जोडले सोनवारानीको छातीमा हाने । छातीमा दाग बस्यो । अनि राजकुमारले भने, “त्यसो भए सुनरानी, मेरो प्राण तरवारमा छ ।” राजकुमारीले ठीकै छ त्यसो भए भनिन् । अनि राजकुमार कोल्टो फेरेर सुते । अर्को दिन सिकार गर्न जाँदा तरवार पनि सँगै लगेका थिए । तर एक दिन उनले तरवार लैजान भुले । अर्कोदिन कुटुनी बुढीले सोनवारानीसँग सोधी कि “राजकुमारको प्राण के मा रहेछ ?” सोनवारानीले राजकुमारको प्राण उनको तरवारमा छ भनेर जवाफ दिईन् । कुटुनी बुढी तरवारको दाउमा बसी । एक दिन राजकुमार सिकार गर्न जाँदा तरबार लैजान भुलेका थिए । त्यही मौका पारेर कुटुनी बुढीले तरवार ल्याएर चुलोमा हालिदिई । तरवार जल्न थाल्यो, तरवार तात्न थालेपछि राजकुमारलाई थाहा भयो र उनी आफै जमिनमा लोटे । अनि घस्रिदै-पस्रिदै, घस्रिदै-पस्रिदै दरबारतिर आउन थाले । जब उनी दरबारको द्वारमा पुगे तब तरवारपनि जलेर तातो अँगार जस्तै भयो अनि त राजकुमार मरे । अनि सोनवारानी रोइन, कराइन् । अनि कुटुनी बुढीले सोनवारानीलाई सान्त्वना दिंदै भनी “अब जे हुनु थियो भयो, रोएर के गर्छ्यौं अब ?” अनि सोनवारानीले भनिन्, “राजकुमारले मलाई पहिले नै भन्न भएको थियो कि म केही गरी मरें भने मलाई एउटा बाक्सामा सुताइदिए अनि मेरो तरवार मेरो लाससँगै बाक्सामा राखिदिए ।” अनि बुढीले भनी, “ठीकै छ यस्तै गरिदिउँला ।” अनि एउटा बाकस बनाउन लगाई बुढीले अनि त्यही बाकसभित्र राजकुमारको लासलाई राखिदिई अनि लाससँगै तरवार राखेर बाकस बन्द गरी त्यहीं एक छेउमा बाक्सा राखी । अनि बुढीले सोनवारानीलाई भनी, “जे हुनु थियो भयो, पीर मारेर के गर्ने, अब हिंड नुहाउन नदीमा ।” सोनवारानीले ठीकै छ भनिन् । अनि

कुटुनी बुढी र सोनवारानी नुहाउन नदीमा गए । जब उनीहरु नदीमा नुहाउन गए, सोनवारानी नदीको किनारमा नुहाउन थालिन् । कुटुनी बुढीले भनी, “किन किनारमा नुहाउछयौ अलि पर नदीको बीचमा गएर राम्रोसँग नुहाए त भइहाल्छ नी ।” सोनवारानीले नदीको बीचमा गएर नुहाउन मानिनन् । अनि कुटुनी बुढीले सोनवारानीलाई समातेर जवर्जस्ती नदीको बीचमा लगी । नदीको पल्लो किनार बीचमा कुटुनी बुढीले डुंगा राखेकी थिई । उसले डुंगा बोलाई जब डुंगा आयो तब बुढीले सोनवारानीलाई जवर्जस्ती समातेर डुंगामा बसाली । अनि बुढीले मन्त्र पढी । मन्त्रका प्रभावले डुंगा यति तीव्र गतिमा अगाडि बढ्यो कि केही बेरमा नै त्यो डुंगा त्यही राज्यमा पुग्यो जुन राज्यमा कानो राजा थियो । बुढीले सोनवारानीलाई समातेर राजदरबारमा पुऱ्याई । अनि बुढीले राजासँग भनी, “महाराज मैले हजुरले चाहेकी सुन्दर स्त्री सोनवारानीलाई हजुरको अगाडि ल्याएकी छु ।” अनि कानो राजाले सोनवारानीलाई महलभित्रको एउटा कोठामा लगी भन्यो, “ए सुन्दर स्त्री म तिमीसँग विहा गर्न चाहन्छु । म तिमी बिना बाँच्न सक्दिन ।” अनि सोनवारानीले भन्छिन्, “महाराज यस्तो छ कि मैले एक साल अर्थात् बाह्र महिनासम्म बिहा गर्दिन । बाह्र महिनासम्म दानपुण्य गर्छु, सुनदान गर्छु, मैले व्रत लिएकी छु ।” अनि कानो राजाले भन्छ, “ठीकै छ, केही भएन, एक साल बितेपछि बिहा गरुँला ।”

सोनवारानी प्रत्येक दिन बिहान सबेरै उठेर नुहाइधुवाइ गरी पूजापाठ गरेपछि दरबारको ढोकानिर बस्थिन् । अनि कोही आएमा कटौरामा सुनदान दिन्थिन् । सुनदान दिनभुन्दा पहिले भोजन गराउँथिन् । त्यसपछि कसैले सुनचाँदी माग्यो भने कटौरामा राखी दिन्थिन् । यस्तै गरी उनको दिन बित्न लाग्यो । एक महिना बित्यो, दुई महिना बित्यो । यस्तै गरी एघार महिना बितेर बाह्रै महिना चल्न थाल्यो ।

उता जुन राजकुमारका तीन मीत थिए सिख, कामी र सिकर्मी उनीहरु गरिब थिए मागी-मागी ज्यान पाल्दथे । संयोगवश उनीहरु पनि कानो राजाको राज्यमा पुगे । त्यहाँ पनि उनीहरु भीख मागी-मागी हिड्थे । त्यहींको एक जना मानिसले उनीहरुलाई भन्यो कि “तिमीहरु किन हो अझै पनि मागी मागी खान्छौ, तिमीहरुलाई थाहा छैन यो देशको कानो राजाले एउटी स्वास्नी ल्याएको छ जसले खुबै दान गर्छिन् ।” ती राजकुमारका मीतहरुले भने “तिनले कस्तो दान गर्छिन् र ?” त्यो मानिसले भन्यो, “अरे उनले सुनचाँदी सबै चीज दान गर्छिन् ।” अनि तीनै जनाले भने, “हिंडौ हामी पनि त्यहीं माग्न जाऔं । हामी धेरै गरिब छौं मागी मागी खान परेछ । यदि धन-सम्पत्ति पाए हामी सुखले बाँच्न पाउथ्यौं ।” त्यसपछि उनीहरु जहा सोनवारानी बसेर दानपुण्य गर्दै थिइन् त्यही

महलमा पुगे ? त्यो दिन उनको दानपुण्य गर्ने अन्तिम दिन रहेछ, बाह्रौ महिनाको आखिरी दिन । सोनवारानीले ती तीनजनालाई भोजन गराउन बसालिन् । अनि उनले जुन बाह्र व्यञ्जन खाना बनेको थियो पस्केर खान दिइन् । अनि उनीहरुले सोनवारानीको छातीमा दाग भएको देखे । आफू-आफूमा तिनीहरु त्यही दागको बारेमा कुरा गर्न थाले तिनीहरु त्यही दागको बारेमा कुरा गर्न थाले । अनि उनीहरुले सोनवारानीलाई सुनाउँदै भने, “हाम्रा एक जना मीत थिए । उनको यस्ता खुट्टा थिए कि उनले जोडले लातहान्दा जसलाई हानेको हो उसलाई हानेको ठाउँमा कहिल्यै नमेटिने दाग बस्थ्यो ।” ती तीनजना आपस-आपसमा कुरा गर्दा सोनवारानीले त्यो कुरा सुनिन् । अनि सोनवारानीले सोधिन्, “तिमीहरुले के कुरा गर्दैछौ भन न ।” अनि ती तीनैले बहाना गर्दै भने “होइन हामी आफ्नै कुरा गर्दैथियौ ।” सोनवारानीले जिद्धि गरिन्, “होइन, तिमीहरुले अहिले भर्खर गरेको कुरा बताउनै पर्छ ।” अनि उनीहरुले भने, “कि हाम्रा एकजना मीत थिए राजकुमार । उनको यस्तो खुट्टा थियो कि जसलाई उनी खुट्टाले जोडले हान्थे उसको खुट्टाले हानेको ठाउमा दागी बस्थ्यो ।” अनि सोनवारानीले सोधिन्, “तिम्रा राजकुमार कस्ता थिए ?” त्यसपछि उनीहरुले बताउन लागे, कि उनी यस्ता उस्ता थिए भनेर । उनको गढिलो अनुहार । “अनि सोनवारानीलाई शंका भयो कि तिनै त होइनन् भनेर उनले एक वर्ष पहिले राजकुमार र आफ्नो बीच भएको घटना सुनाइन् । अनि कुटुनी बुढीले आफूलाई समातेर यहाँ ल्याएको, राजकुमार त्यही मरेको सबै कुरा सुनाइन् ।

अनि ती तीनजना मीतहरुले भने सोनवारानीलाई कि हामीहरुले राजकुमारलाई जिउदो बनाउछौ, उनलाई बचाउँछौ । सोनवारानीले सोधिन्, “मैले के गर्नु पर्ला ?” अनि उनीहरुले भने, “एउटा चन्दनको काठ मगाउनुस्, हामी त्यसको डुंगा बनाउँछौं । अनि सोनवारानीले कानो राजालई गएर भनिन्, “कि महाराज चन्दनको काठ मगाइदिनु पर्‍यो । आज मेरो व्रत पूरा हुँदैछ । भोलि हाम्रो बिहा हुनेछ । यहाँ तीजना यस्ता साधुँहरु आएका छन् कि उनीहरु हाम्रो लागि चन्दनको यस्तो डुंगा बनाइदिन्छन् कि हामीहरु आकासमा उड्न सक्छौ डुंगामा चढेर ।” कानो राजा यो कुरा सुनेर खुसी भयो अनि चन्दनको काठ पनि झिकाउन पठायो । सिकर्मीले त्यो काठको डुंगा बनाये । डुंगा तयार भएपछि सिकर्मी, सिख, कामी, कुटुनी बुढी, कानो राजा र सोनवारानी सबै डुंगामा बसे । सिकर्मीले मन्त्र पढ्यो । अनि डुंगा आकासमा उड्यो । जब डुंगा उड्दै अक्कासियो अनि सिकर्मी, कामी र सिख यी तीनै जनाले एक आपसमा संकेत गरे । जब डुंगा जोडसित आकासमा उड्यो अनि ती तीजनाले पहिले कुटुनी बुढीलाई डुंगाबाट ढकेल्दै भने, “तैले होइन हाम्रा मीतलाई मारेको ।” अनि कानो राजालाई ढकेले । कानो राजा र कुटुनी बुढी आकासबाट तल खसेपछि मरे । त्यसपछि सिकर्मीले फेरि मन्त्र पढ्यो । त्यसपछि डुंगा उडेर सोनवारानीको पुरानो राज्यमा पुग्यो । त्यसपछि

उनीहरु राजदरबारमा गए । त्यहाँ एक कुनामा बाकस राखिएको थियो । बाकस भित्र राजकुमारको लास थियो । उनीहरुले त्यो बाकस खोले र त्यहाँबाट एउटा तरवार निकाले । कामीले त्यो तरवारमा जडीबुटी मरमसला लगाएर तरवार माझ्न थाल्यो । जतिबेला तरवार माझिएर चम्किन लाग्यो त्यसैबेला राजकुमारको प्राण आउन थाल्यो । जब तरवार एकदमै चम्किलो भयो तब राजकुमार जिउँदो भए । चारै जनाले एक आपसमा घाटी मिलाए । त्यसपछि त्यो महलमा चारै जना मीतहरु र सोनवारानी सुखसँग रहन लागे । कथा समाप्त ।

## १६. हंस और जवाहिर

विरहन शाह बडे बहादुर बादशाह रह्यँ । उनकय उमर पच्चपन्न छप्पन्न बितचुकारहा । उनकय लरिकय नाही रहयँ । उनकय बच्चय नाहीभयरहयँ । उन बडे चिन्तामय रहयँ । ऊ सोचत रहयँ कि 'पच्पन्न-छप्पन्न वरष हमार उमर बितचुका भगवान न लरिका दिहिन न लरकी दिहिन । यी राज काव होइ ।' यही चिन्तामय विरहन शाह हरदम रहयँ । जब उनकय उमर उन्सठ वरष भय तो उन बहुत चिन्तामय जो रहय उही घरी एक साधु ब्राम्हण उनकय दरवाजापय आयँ । बादशाह साधुकय जयजयकार मनाइन और उन्हय लइजायकय दरबारकय एक भव्य कोठरीमय रख्खिन और रुपया-पैसा, दाल-चावर सब पहुँचाइन उनकय खातिर ।

बाबा विरहनशाहकय मुखडा देखिन तो उन बडा मलिन देखय तो पुछिन काह्य मलहियन हवो तो विरहन शाह कहिन कि 'बाबा काव कही यतना बडा हमार राज बुखारय हय, उमर हमार उन्सट वरष भय भगवान न हम्मय एक ठू लरिका दिहिन न लरकी । यी राज काव होई ?" तब बाबा कहिन "बच्चा दुःख नमानो, हमार आशीर्वाद जातहय एक लरिका तोहरय पैदा होइ ।" भगवानकय दया राजारानीकय साथ भय । जब राजा विरहनशाह उन्सठ वरषकय काटय लागयँ तो रानीकय गर्भ रहिगय । जब रानीकय गर्भ रहिगय तो साठ वरषकय भितर रानीकय लरिका पैदा भय । जब बेटवा पैदा भय तो बडा सुन्दर शोभायमान पैदाभय । तो लरिकाकय नाम हंस रख्खिन । हंस बडा सुन्दर रहयँ । राजा अपन राजमय पुरे रैतिनकय खियाइन, पियाइन, दान-दक्षिण किहिन, बहुत पैसा लुटाइन । राजा राजमय बहुत खुसियाली मनाइन । जब लरिका तीन वरषकय होइगय और विरहन शाहकय उमर जब त्रिसठ वरष वितचुकय तो बादशाहकय मालुम होइगय कि हम जियव नाही । बादशाह अपन खजान्चीकय बोलाइन जौन राज खजानाकय मालिक रहय और फौजकय कमाण्डरकय बोलाइन और बजिरकय बोलाइन । उन तीनो लोगनसय बादशाह कहिन कि देखो हमार आयु पुरा होइचुका, जियवनाही, हमार लरिका तीन वरषकय हय, राज तोहरय चलायो हमार लरिकाकय पढायो और हमरे रानीकय कौनो दुःखनदियो जब हमार लरिका बालिग होइजाइ तो राज हमार लरिकाकय दियो । यी लरिका हम तोहरय तीनो जनयकय सौपितहन । वीरहनशाह अपन लरिकाकय उन तीनो जनयकय सौपिनतो बादशाहकय मृत्यु होइगय ।

जब बादशाह मरिगय उनकय क्रियाकरम होइचुका और दौला वजिर राज चलावय लाग । तो बजिर अपन मनमय सोचिए कि जब एक दिन लरिका जवान होइजाइ तो मजबुर होइकय

हम्मय राज देयकपरी तो सोचिस कि लाओ हंसकय मारढारी । हंस जो रह्यी नाही राज हम्मनकय बालबच्चनकय होइ । हंसकय मरावय खातिर दौला वजिर जाल बनायलाग । और रानी जौन अनेक प्रकारकय भोजन खातरही अनेक प्रकारकय कपडा पहिनतरही अब उनकय खराबसय खराब खाना और खरावसय खराब कपडा आवयलाग । रानी सोचिन कि अपन हातयम राज नाही हय आनयक हातमय हुकुम हय जौनय दिइ तौनय खायलिइ । लेकिन यी बात कि फलाना दिन हंशकय मरायढारी यी बात खजान्ची जान पाइस, तो ऊ सोचिस कि विरहन शाहकय हात बहुत निमक पानी खायन गद्धारी केहुक नाही करयकहय । बुढापामय जो भगवान उनकय एक ठु लरिका दिहिन । तब खजान्ची रानीकय पास आइस और रानीसय कहयलाग, "रानी बिहान हंसकय बजिर मरायढारी पता सही पायहन तो लरिकाकय आज रात लइकय भाग जाओ । रतियामय खजान्ची और हंस और उनकय माता तीनो जनय भागत भागत रातभर चलयँ । जब सबेरा भय तो राजकय वहापार दुसर राजकय सीमापर पहुचिन । जब सीमापार होइगयँ तब दौला बजिर जान पाइस कि हंश भागगयँ और उनकय मातारी । तो वजिर राजमय कर्फ्यु लगायक कहिस कि कहुँ राजमय हंस पकडायी ।

चलतय-चलावत, चलतय-चलावत हंस और हंसकय मातारी और खजान्ची गयँ एक जंगलपर । जब जंगलमय पहुचिन तो वे लोग वय बाबाकय देखिन जौन पहिले विरहनशाहकय आशीर्वाद दियरहयँ । हंसकय मातारी रोअत रोअत बाबाकय गोड पकडकय गोड लागिन । तब बाबा कहिन बच्चा रोओ न हमार सन्तकय आर्शीवाद जातहय । राज छुटाहय आज जाओ राज पाइवो रोओ न ।" बाबा इतना आशीर्वाद दिहिन । चलत-चलावत चलागयँ रोमकय बादरशाहकय राजमय हंश उनकय मातारी और खजान्ची एक मकान किरायपर लिहिन । खजान्ची रह्य रुपया पैसाकय अभाव नाही रह्य । और वे बढिया मकानमय रहय और चावर, दाल, नुन तेल बजारसय लइकय आय । खाना वहीं बनय खायँ हंसकय बाहर पढावय । हंसकय निधारवा बडा उचय रहय । जो देखय ते कह्य कि हँसवा कौनो राजाकय बेटौवा होवय । तव यी बात पहुँचा रोमकय बादशाहकय कानमय कि एक लरिकाहय एक स्त्री हय और एक पुरुष हयँ तीन मनइ हयँ । और लरिका बडा सुन्दर शोभायमान हय और पता नाही कौन देशकय होयँ । बादशाह पुलिसद्वारा तीनो जनयक पकडाइन । वे तीनो जनय दरबारमय हाजिर भयँ तो बादशाह तीनो जनयक पुछिन् कि "कहाकय रहनवालय हवो ।" वे कहिन कि हमरे बोलमबुखारेक रहयवालय होइ ।" खजान्ची बताइस् कि यह विरहन शाहकय लरिका होय यह उनकय मातारी और हम खजान्ची । यह लरिका तीन वरषकय रहय तो विरहन शाह परमधाम हुवयँ तो दौला वजिर यिनकय मरायढारयक चाहतरहय । यही नातय यिनकय लइकय यहाँ आयहयँ । "रोमकय बादशाहकय बच्चय नाही रहयँ । लरिका

लरकी केहु नाही रह्यँ उनहु दुई परानी रहयँ । तब बादशाह हंशकय मातारीसय कहिन कि वहाँ जइसय रानी रहियु तइसय यहाँ रानी बने । तव फिन खजान्चीसय कहिन कि जइसय तुँ वहा खजान्ची रह्यो तइसय यहाँ खजान्ची बनकय रहो और हंससय कहिन कि जइसय तु विरहन शाकय लरिका रह्यो तइसय हमार लरिका बनकय रहो ।" उनकय राज छुटा रहय भगवान राज दिहिन । बादशाहकय बात सबय मन्जुर किहिन । तबसय वे लोग राजदरवारमय रह्यलागयँ ।

दिनपरदिन हंस बढे लागय । हंस बारह वरषकय भय । चीनकय बादशाहकय लरकी जवाहिर रही । ऊ बहुत सुन्दर रही । उनकय मौसीकय लरिका रहय काना । ओकर दैनुरवा नाम रहय तो जवाहिरकय मातारीसय मौसी कहिस कि दुनिया काव भरमा जाव्यू ओ बहिनी हमार यह लरिका जवाहिरकय साथ विवाह कइदेओ । तव तय होइगय जवाहिरकय साथ दैनरवाकय सादीकय बात । सादीकय जब तय होइगय तब बरात आवयक भय तो इन्द्र भगवान स्वर्गकय परीसय कहिन्, ओ परीकय नाम रह्य सोलु समभ्क तो कहिन "ऐ ... परी जवाहिरकय जोडा दैनु खा नाही होय । ओकर निधारमय हंस लिखा हय । विहा जवाहिरकय हंसकय साथमय लिखाहय । हंसकय लइआओ और वही लरकीकय साथ सादी कइदेओ ।" ओकरय बाद बरात आय । समभ्क परी उडिगइ और रोमकय बादशाहकय दरबार मय उतरी । जहाँ हंस सुतयरहा वहाँ चलिगइ । हंस चारपाइपय सुतय रहय । समभ्क परी हंसकय चारपाइसय उठाइकय अपने पर पय बैठायलिहिस और लइआइन चीनकय बादरशाहीमय । जब रोमसय उठायकय चीनकय बादशाहीमय हंसकय लइआइन तब्बय लरकीकय सादी होयक जोग भय तो बत्ती बुभ्कायदिहिन । ईश्वरकय माया बडा न्यायी होतहय । उह्य घरी समभ्क परी दैनुरवाकय उठायकय लाइन जहाँ सुमेरु पहाड रहय । वही पहाडमय एक पेडमय बहुरीसय बाँध दिहिन । और हंसकय लइजायकय जहाँ सादीकय बेदी बनारह्य वही बेदीमय बैठायदिहिन । बत्ती फिन जलाइन । तो जवाहिरकय बगलय बैठ्य हंस और हंस और जवाहिरकय साथ सादी भय तो लरकीकय अँगुठी लरिका पहिनत हय और लरिकाक अँगुठी लरकी पहिनय मने जवाहिरकय अँगुठी हंस पहिनिस् और हंसकय अँगुठी जवाहिर पहिनी । ओकरय बादमय जब विहा होइगय बस समभ्क परी सुमेरु पहाडमय गइन और दैनुरवाकय लायकय विहाकय बेदी लग्गय पहुचाइन तो बत्ती फिर बुभ्काइन । समभ्क परी हंसकय अपने परपय बैठाइन और दैनुरवाकय सादीकय बेदीपर बैठाइन वही अँधियारयमय । फिर बत्ती जलिस । हंस जौन चारपाइपय सुता रहय वही चारपाइमय सबेरा होयक पहिले समभ्क परी हंसकय लायकय छोडदिहिन और अपने फिन इन्द्रलोक चलिगइन् ।

दैनुरवा जानिस कि हमार सादी होइगय और गय अपने घर । रोमकय बादशाहकय दरबारमय हंसकय सादीकय लिय कौनो बादशाह आयँ । अपन लरकीकय सादी हंससय करायक खातिर वे आयरहयँ । तो रोमकय बादशाह हंसकय सादीकय बात करय लागय तो हंस कहिस्, “पिताजी हमार सादी होइ चुक ।” तो बादशाह पुछिन्, “कहाँ सादी भय तोहार ?” तब हंस कहिस, “जब इन्द्रभगवानकय परी हम्मय अपन परपय बैठायकय लेगइन यही हमार चारपाइसय उठायकय और चीनकय बादशाहकय लरकी कय साथ हमार सादी कइदिहिन ।” बादशाह हंसकय बात सुनतय ही अचरजमय पडय तब बादशाह कहिन, “का करी तव ?” तब हंस कहिस कि “हम जाइ अपन दुलहिनकय लयआइ बिदाइ कइकय ।” तब बादशाह कहिन, “का चाहिं तुँहय वहाँ जायक खातिर ।” तो हंस कहिस, “चीन और रोमकय बीच समुन्दर पडतहय” हंस कहिन, “कुछ नाही चाहिं हम अकेलय जाइव । अकेलय हम लडकीकय बिदाइ कइकय लेआइव ।” हंस चीन गय और चीनकय बादशाहीमय पहुचिए । तब बादशाहकय पहरेदार पुछिन्, “कहाक रहनेवालय हवो ?” तो हंस कहिन कि हम रोमकय रहनेवालय हुँ तो वे कहिन कौन काम हय तो हंस कहिन कि हमार विहा चीनकय बादशाहकय लडकीलगा भयहय हम लडकीकय बिदाइ कइकय लाइजाय खातिन आयहन ।” तो वे कहिन कि लरकीकय सादी तो दैनुरवाकय साथ भयहय । तो हंस अपन हात देखाइस । बादशाहकय मनइ देखिन हंसकय हात । तो अंगुठी पहिनयरहा जवाहिरकय । तव वे लोग कहिन कि यह सत्यबात हय कि हंसकय यह लरकीकय साथ बिहा भयहय । तब हंसकय बादशाहकय दरबारमय हाजिर किहिन और कहिन कि सरकार यही लरिकाकय साथ जवाहिरकय सादी भयहय देखो हातमय अँगुठी ।” बादशाह देखिन हंसकय हातमय जौन अँगुठी रहा जवाहिर पहिनाय रही । तब बादशाह लरकीकय धुमधामसय बिदाइ किहिन । जब लडकीकय बिदाइ होत हय और दैनुरवा जान पाय । तो लरकीकय बिदाइ कइकय हंस लयजाय लागय ।

तो वही सुमेरु पहाडपर एक बीरनाथ बाबा बारह वरषकय नीद लइकय सुतारहयँ । उनकय एक्कय दुईदिन बाँकी रहय पुरा होवयकय । तव गय दैनुरवा वही बीरनाथ बाबाकिहा उनकय हातगोड लागय । हातगोड दवाथरहय, सेवा रकय ।

हंस गौन करायकय सब सामान लइकय अपन जब पानी जहाजपर बैठय । बीच समुन्दरमय जब जहाज पहुँचा तब बाबा बीरनाथकय नीद पुरा होइगय । तब बाबा कहिन, “के हो बच्चा ?” दैनुरवा कहिस कि हम दैनुरवा होइ ।” तब बाबा कहिन्, “मागो जौन मागेकहय ।” दैनुरवा कहिस कि बाबा नाही दिय पाइवो । बाबाकहिन कि देव । तो बाबाकय दैनुखा तिनत्रिवाचामय हराइस तब

दैनुरवा कहिस, “राजाकय लरिका हम हु होइ कौनो कमी हमरय नाही हय बिहा हमरय भय रहा गौन करायकय लरकीकय हंस बिदाइ कइकय लइजातहय । वही लरकी हम्मय चाहिं । वीरनाथा बाबा पूजा किहिन और चार बीर बोलायकय जहाजमय चलत जवाहिरकय खटिया लइकय लायक कहिन । वे वीरलोग खटियासहित जवाहिरकय लइआयँ । जब सुमेरु पहाडपर पहुँचिन जवाहिर उन सोचिन कि हम जहाजपर रहेन कइसय पहाडपर उतरेन । जवाहिर विलाप करयलागिन, रोइन गाइन । जवाहिरकय रोइवयमय धर्तीकय आँसु गिरयलाग, जवाहिरकय रोइवयमय इन्द्रकय आँसु गिरयलाग, जवाहिरकय रोइवयमय जंगलकय चिरयी पक्षी रोयलाग, जवाहिरकय रोइवयमय ब्रम्हाजीकय कलम बन्द होइगय । यतना ऊ रोइचुकी तब बीरनाथ बाबा दैनुरवाकय कहिन कि बच्चा जवाहिरकय लावयक हमार जिम्मयकार रहा अब ओका तुँ अपन घरय लइजायक तोहार जिम्मयकार भय ।” जवाहिर दैनुरवाकय कहिस्, सुनो हम बारह वरष नाही जाव तेरहवाँ लागय तो हम दैनुरवाकय होइजाव । दैनुरवा कहिस, “बाबा ! बाबा !! बस तो बारह दिन बितगय ।” जवाहिर कहिस, “हम्मय घर बनायदेव ।” तो राजाकय लरिका दैनुरवा जवाहिरकय घर बनायदिहिस और नोकरचाकर कयदिहिस । जवाहिर उही सुमेरु पहाडपय रोय-रोय अपन दिन काटय ।

हंस जब पहुचिस पानीवालय जहाजसय जब उतरय तव जवाहिर रहयी नाही । हंस विलाप करयलागय । जवाहिरकय ढुढयखातिर हंस गाँव-गाँवपय गय । जौन गाँवमय ऊ गय वही गाँवकय एक ठु दुई ठु लरकी और औरत हंससय कह्य कि बाबु हम्मय लिहालय, बाबु हम्मय लिहालय ।” हंस कहिन कि हम जेका ढुँढितहन वय मिलय नाहीहय तुहनकय हम का  करी ?” अइसय-अइसय हंस ठोकर खात फिरयलाग । ऊ बहुत ठोकर खाइस और जवाहिर रोवत-रोवत  सुमेरु पहाडपय रही । इन्द्रभगवान फिन सोंचमय परिन और स्वर्गकय परीसय कहयलागय, ‘हे परी !’ परी  कहिन हँ । तब इन्द्रभगवान कहिन, “जाओ दोनोक जोडा मिलाय आओ । एक सुमेरु  पहाडपय रोवत-रोवत दिन काटत हई, एक ठु तौन गाँव-गाँवमय भिखारीकय हालत बिचारा घुमत हय । दोनोकय जोडा मिलायदेओ ।” और आसमानसय समभ्क परी आइन धर्तीपय और सुमेरु पहाडपय चलिन तो जवाहिर उनकय गटइ पकडकय रोइन और कहिन, “बहिन तुँही हमार सादी करायरहियू । जोडा हमार हरायगय ।” परी कहिन, “घबडाओ नाही जोडा मिली ।” तव परी गाँवमय आइन तो हंसकय पाइन । तो हंस परीसय कहिस कि तुँ ही हमार सादी करायरहियू हमार जवाहिरकय मिलायदेओ ।” तब परी अपने परपय हंसकय बैठायकय जवाहिर रहत रही जौन सुमेरु पहाडपय उडायलगी और जवाहिर और हंस दोनो जनेक मिलायकय अपने परपय बैठायकय रोमकय बादशाहीमय लइआइन ।

लरकीय भर रही यी हो चीनकय बादशाहकय । दुई राजपाठ पायँ । चीनकय राजपाट और रोमकय राजपाठ पायँ । जब रोमकय बादशाह मरिगय और गद्दीमय बैठकय हंस राजपाठ चलावय लागयँ । जे रहय बराबर बैठयवालय रह्यँ वे कहयँ हंसकय कि यँ जेउवा हयँ । जब हंस सुनिन यी बात और गय अपने मातासय कहिन, “माता जी बतायदेओ हमार जनम भुइवारी होवय कि नाही ।” तब हंसकय माता कहिन, कि बच्चा जनम भुइवारीमय होवय । “तब हंस कहतहय कि हमार बराबर बैठयवालय कहतहयँ कि यी बादशाह जेउवाहय । तो सत्य बात बताओ नाही तो गटही लगायकय और पेटफारकय मरिजाव ।” तव हंसकय मातारी कहिन, कि कहाँ जब गटही लगाइ तो मरिजाइ । “तब कहिन कि बच्चा तोहार जनम भूइँयारी बलम बुखारीमय भयरहा । तुँ तीन वरषकय रह्यो तो तोहार पिताजीकय देहान्त होइगय । तुँहय दौला वजिर मराय कोसिस कि कि यह बूढा खजान्ची तुहय लइकय और हम भाग आयँ यहाँ । और राज जौन तोहार हय दौला वजिर चलावतहय ।” तब हंस कहिन कि हमार जनम भुइँयारी होवय । “तव हंस अपन फौज तयार किहिस और बलमबुखारी राजमय चलदिहिस । वहाँ जायकय वहाकय फौज कमाण्डरसय मिलय और कहिन कि यह बताओ कि हम विरहन शाहकय लरिका होइ और राज हमार, फौजकय हुकुम देबो कि नाही ?” तो फौज कमाण्डर कहिस् कि नाही । हंस कहिन “तव का करी ?” कमाण्डर कहिस कि “तोहार जौन इच्छाहय तौन करो ।” तब हंस जायकय दौला वजिरसय भेट किहिन और कहिन्, “ए साले ! तीन वरषकय हम रहेन, पिता हमार मरिगय रहँय और हम्मय मरायढारय कोशिस तुँ कर्‍यो आज बूढा खजान्ची हम्मय भाग लइकय ना जात तो तुँ हम्म जिन्दा नाही छोडदेतयओ ।” तब हंस तरवार निकारकय दौला वजिरकय टुकडा टुकडा कराइन । और हंसकय बलमबुखारीकय राज मिला । तीन राज हंसकय मिला-बलमबुखारी, रोम और चीन । वहीसय हंस बादाशाह और जवाहिर रानी बनकय राजकाज चलाय सुरु किहिन । खिस्सा खतम, पैसा हजम ।

**नेपाली रुपान्तर**

विरहन शाह एक वीर बादशाह थिए । उनको उमेर पच्पन्न छप्पन्न भइसकेको थियो । उनका छोराछोरी थिएनन् । उनका सन्तान जन्मिएनन् । उनी आफू निःसन्तान भएकाले धेरै चिन्तामग्न थिए । उनले सोच्दै थिए कि, “पच्पन्न छप्पन्न वर्ष मेरो बित्न लाग्यो भगवानले न एउटा छोरा दिए न छोरी । अब यो राज्यको अवस्था कस्तो होला ?” यही चिन्तामा उनी हरहमेसा रहन्थे । जब उनी उन्साठी वर्षमा लागे उनी बढी चिन्तित भए त्यसैबेला एक जना साधु उनको दरबारको

ढोकामा आए । ती बादशाहले साधुको जयजयकार गरी सत्कार गरे अनि उनलाई दरबारको एक कोठामा राखे । साधुको निम्ति रुपिया-पैसा, दाल-चामल सबै चीज पुऱ्याइदिए ।

साधुले विरहनशाहको अनुहार हेर्दा उनी साह्रै मलिना देखिए पछि साधु बाबाले सोधे कि "तपाई किन मलिनो देखिनुहुन्छ ।" अनि विरहनशाहले भने कि "हे साधुबाबा ! के भनूं यति ठूलो मेरो राज्य बुखारय छ, उमेर मेरो उन्साठ्ठी भयो; भगवान्ले न मलाई एउटा छोरा दिए न छोरी । यो राज्यको हालत के होला ?" तब बाबाले भने, "बच्चा कुनै दुःख नमान । मेरो आशीर्वाद तिमीलाई लाग्छः तिमीलाई एउटा छोरा जन्मिन्छ ।" भगवान्को दया भयोः राजारानीलाई सन्तान हुने भयो । जब राजा विरहनशाह उन्साठ्ठी वर्ष काट्न थाले अनि रानीलाई गर्भ रह्यो । जब रानीलाई गर्भ रह्यो तब साठी वर्षमा राजा नपुग्दै रानीले छोरो जन्माइन् । जब छोरो जन्म्यो त्यो बडा सुन्दर र शोभायमान जन्म्यो । छोराको नाम हंस राखे । हंस ज्यादै सुन्दर थियो । राजाले आफ्नो राज्यभरि सबै प्रजालाई भोज खुवाए, पियाए, दान-दक्षिणा गरे, थुप्रै पैसा बाँडे । राजाले राज्यमा धेरै खुसियाली मनाए । जब राजकुमार तीन वर्षका भए र विरहन शाहको उमेर त्रिसठ्ठी वर्ष बित्न थाल्यो तब बादशाहलाई आभाष भयो कि अब म बाँच्दिन । बादशाहले आफ्ना खजान्चीलाई बोलाए अनि मन्त्रीलाई बोलाए । अनि फौजको कमाण्डरलाई बोलाए; म अब बाँच्दिन; मेरो छोरो तीन वर्षको छ; राज्य तिमीहरुले चलाए । मेरो छोरालाई पढाएलेखाए । अनि मेरी रानीलाई कुनै किसिमको दुःख नदिए । जब राजकुमार बालिग हुन्छन् अनि शासनभार मेरो छोरालाई दिए । यो छोरालाई मैले तिमीहरु तीन जनालाई सुम्पिदै छु ।" विरहन शाहले राजकुमारलाई ती तीनजनालाई जिम्मा लगाएपछि बादशाहको निधन भयो । जब बादशाह मरे, तब उनको काजक्रिया गरियो, त्यसपछि दौला नामको मन्त्रीले शासन चलाउन थाल्यो । त्यो मन्त्रीको मनमा पापको भावना उब्जियो, अनि उसले सोच्यो कि "एक दिन जब बादशाहको छोरो जवान हुन्छ, तब म बाध्य भएर शासनसत्ता उसलाई सुम्पिनु पर्छ, त्यसैले यसलाई मराउन पाए हुन्थ्यो । जब हंस यो संसारमै हुँदैन तब यो राज्यको शासन म पछि मेरा छोराले गर्ला ।" मन्त्री दौलाले राजकुमार हंसलाई मराउन षड्यन्त्रको जाल बुन्न थाल्यो । रानीले जुन पहिले राम्रो भन्दा राम्रो खाना खान पाउथिन्, राम्रा कपडा लगाउन पाउँथिन अब उनलाई खराब भन्दा खराब खाना र कपडा दिन थालियो । रानीले पनि "आफ्नो हातमा राज्यको शासन छैन, अर्काकै हातमा शासन सत्ता भए पछि जे दिन्छन् त्यही खान र लगाउन पऱ्यो भनेर आफ्नो चित्त बुझाउँछिन् । जब मन्त्रीले फलाना दिन हंसलाई मार्छन् भन्ने कुरा खजान्ची बूढीले थाहा पायो, तब उसले सोच्यो कि बादशाह विरहनको नुनपानी खाएर उनी प्रति गद्धारी गर्नु महापाप हो; बुढापामा विरहन शाहलाई भगवानले एउटा छोरा दिएका थिए, त्यसैलाई

पनि मन्त्रीले देखिसहेन ।" अनि बूढो खजान्ची रानीको छेउ आएर रानीलाई भन्न लाग्यो कि, "हे रानी साहेव ! भोलि बिहान नहुँदै आज राति मन्त्रीले तपाईको छोरा हंसलाई मार्ने षड्यन्त्र गेको चाल मैले पाएको छु; त्यसैले आजै राति हंसलाई लिएर यो दरबार छोड्नुहोस् ।" अनि हंसलाई लिएर रानी र खजान्ची बूढो भाग्दै-भाग्दै रातभरि हिंडे । जब उज्यालो भयो बिहान उनीहरु त्यो राज्य पार गरेर अर्को राज्यको सीमामा पुगे । जतिखेर उनीहरुले सीमापार गरेका थिए, त्यति नै बेला दौला मन्त्रीले थाहा पायो कि हंसलाई लिएर हंसकी आमा र खजान्ची भागिसकेछन् । अनि दौला मन्त्रीले राज्यभरि कर्फ्यू लगाउने आदेश दियो कि कतै हंसलाई समात्न सकियोस् ।

हिड्दा-हिड्दै, हिड्दा-हिड्दै हंस, रानी र बूढा खजान्ची एउटा जंगलमा पुगे । जब उनीहरु जंगलमा पुगे, तब उनीहरुले एउटा बाबाको आश्रम देखे; अनि उनीहरु आश्रमतिर लागे । उनीहरुले त्यहाँ उनै बाबालई देखे, जो पहिले दरबारमा आएर विरहनशाहलाई पुत्रलाभको लागि आर्शीवाद दिएका थिए । हंसकी आमा रुँदै-रुँदै तिनै बाबाको खुट्टामा घोप्टिइन् । बाबाले रानी रोएको कारण बुझे पछि भने, "बच्चा नरोऊ हामी जस्ता सन्तको आशीर्वाद लाग्छ । तिम्रो राज्य छुटेको छ आज जाऊ राज्य पाउँछौ ।" बाबाले यति आर्शीवाद दिए । त्यसपछि ती तीनै जना हिंडे । हिड्दा-हिड्दै, हिड्दा-हिड्दै उनीहरु रोमका बादशाहको राज्यमा पुगे । त्यहाँ उनीहरुले एउटा घर भाडामा लिएर बस्न थाले । खजान्ची छँदै थियो, रुपिया-पैसाको कुनै अभाव थिएन । उनीहरु राम्रै घरमा बस्थे र चामल, दाल, नुन, तेल बजारबाट किनेर ल्याउथे । उनीहरु त्यही खाना खान्थे, र हंसलाई पढ्न बाहिर पठाउँथे । हंसको निधार चाक्लो नै थियो । जसले हंसलाई देख्थे उनीहरुले हंसलाई कुनै राजाको छोरा होला भनेर अनुमान गर्थे । एक कान दुई कान मैदान गर्दै त्यो कुरा रोमको बादशाहको कानमा पऱ्यो कि "एउटा केटो छ अनि एउटी आइमाई छे साथै एउटा बूढो गरी तीनजना मानिस छन् । जो यस राज्यका नागरिक होइनन् । केटो बडो सुन्दर र शोभायमान छ ।" बादशाहले पुलिसद्वारा तीनै जनालाई समात्न लगाए । पुलिसले तिनीहरुलाई समातेर दरबारमा लग्यो । बादशाहले तिनीहरुलाई कहाँका मानिस हौ भनेर सोधेपछि उनीहरुले हामी बोलमबुखारेमा बस्ने मानिसहरु हौं भनी जवाफ दिए । अनि खजान्चीले भन्यो हंसलाई बताएर कि "यिनी विरहन शाहका छोरा हुन्, यी उनकी आमा हुन् भने म विरहन शाहको खजान्ची हुँ । यी ठिटा तीन वर्षका हुँदा यिनका पिताको निधन भएपछि दौला नामको मन्त्रीले यिनलाई मार्न चाहेको थियो । यसैकारण हामीले यिनलाई यहाँ ल्याएका हौ ।" रोमका बादशाहका छोराछोरी थिएनन्; उनीहरु दुईजना लोग्ने-स्वास्नी मात्र थिए । तब बादशाहले हंसकी आमासँग भने "वहाँ जसरी रानी भएर बसेकी थियौ, त्यसैगरी यहाँ पनि रानी भएर बस ।" अनि खजान्चीलाई भने, "जसरी वहाँ खजान्ची भएर बसेका

थियौ, त्यसैगरी यहाँ पनि खजान्ची भएर बस ।" अनि हंससित भने, "जसरी वहाँ तिमी विरहन शाहको छोरा भएर बसेका थियौ, त्यसैगरी यहाँ मेरो छोरो भएर बस ।" ती तीनै जनाले बादशाहको कुरा स्वीकार गरे । उनीहरुको राज्य छुटेको थियो, भगवानले राज्य दिए । त्यहाँदेखि ती सबैजना राजदरबारमा रहनथाले ।

दिनपरदिन हंस बढ्न लागे; उनको बढ्ने हुर्कने दिन थियो । हंस पनि बाह्र वर्षका भए । चीनका बादशाहकी छोरीको नाम जवाहिर थियो । उनी धेरै सुन्दर दिइन् । उनकी फुपूको छोरो थियो एउटा जुन कानो थियो । उसको नाम दैनुरवा थियो । एकदिन दैनुरवाकी आमाले जवाहिरको आमासँग के भनिन भने आफ्नो छोरा दैनुखाको विवाह जवाहिरसँग गरिदेऊ । अनि जवाहिरकी आमाले सो कुरा बादशाहलाई भनेपछि विवाहको कुरा छिनियो । विवाहको कुरा छिनिएपछि जब विवाहको जन्ती आउनेबेला भयो, तब इन्द्रभगवानले स्वर्गकी परीलाई बोलाएर भने, "जवाहिरको जोडा दैनुरवा होइन । उसको निधारमा हंस नै लेखेको छ । जवाहिरको विवाह हंसको साथमा हुने कुरा लेखिएको छ । हंसलाई लिएर आऊ अनि त्यही केटीसँग उसको विवाह गराइदेऊ ।" त्यसपछि जन्ती आए दैनुरवाको । स्वर्गकी परी उडिन् र रोमको बादशाहको दरबारमा उत्रिन् । दरबारको जुन कोठामा हंस पलङमा सुतेको थियो अप्सरा त्यही पुगिन् । अप्सराले पलङबाट हंसलाई उठाएर आफ्ना पखेटामा बसालिन् अनि लिएर आइन् चीनको बादशाहको दरबारमा । अप्सराले जब हंसलाई रोमको दरबारबाट उडाएर चीनको दरबारमा ल्याइन, त्यतिबेलै विवाहको योग जुरेको थियो, तब अप्सराले बत्ती सबै निभाइन् । त्यसैबेला अप्सराले दैनुरवालाई उठाएर जहाँ सुमेरु पहाड थियो, त्यहाँ ल्याइ पुऱ्याइन् । त्यहीनिर एउटा रुखको फेदमा दैनुरवालाई मोटो रस्सीले बाधिदिइन् । अनि हंसलाई अप्सराले जहाँ विवाहको मण्डप बनेको थियो, त्यही लगेर राखिदिइन् । फेरि बत्ती बालिन् । जवाहिरको छेउमा हंस बसेको थियो अनि विवाह सुरु भएर पन सिद्धियो । जवाहिरको आंठी हंसले लगायो, हंसको औंठी जवाहिरले लगाई । विवाह सम्पन्न भइसकेपछि अप्सरा फेरि सुमेरु पहाडमा गइन र त्यहाँ रुखको फेदमा बाधिराखेको दैनुरवालाई विवाहको मण्डपछेऊ लिएर आए पछि फेरि सबै बत्ती निभाइन् । अनि अप्सराले हंसलाई आफ्ना पखेटामा बसालिन् भने दैनुरवालाई विवाह मण्डपमा बसालेपछि फेरि बत्ती बालिन् । अप्सराले बिहान हुनुभन्दा पहिले नै हंस जुन पलङमा सुतेको थियो, त्यही पलङमा हंसलाई ल्याएर छोडिन् र आफू फेरि इन्द्रलोकतिर उडेर गइन् ।

दैनुरवालाई थाहा भयो कि जवाहिरसँग मेरो विवाह सम्पन्न भयो अनि ऊ पनि आफ्नो घर गयो । रोमको दरबारमा विवाहको लागि हंसलाई छोरी दिन कुनै अर्को राज्यका बादशाह आए ।

रोमका बादशाहले हंसको विवाह सम्बन्धमा तिनै छोरी दिन आएका बादशाहसँग कुराकानी गर्न थालेको बेला हंसले बादशाहसँग भन्यो, “पिताजी मेरो विवाह त भइसक्यो ।” बादशाहले तिम्रो विवाह कहिले भयो भनी अचम्म मानेर सोधे । अनि हंसले भन्यो, “इन्द्रभगवानकी अप्सराले मलाई आफ्नो पखेटामा बसालेर चीनको बादशाहको दरबारमा लगी तिनै बादशाहकी छोरीसँग मेरो विवाह गराइदिइन् ।” हंसको कुरा सुनेपछि बादशाह आश्चर्यमा परे अनि भने, “के गर्ने त अब ?” अनि बादशाहले भने, “के गर्ने त अब ?” अनि हंसले भन्छ, “म जान्छु चीनको दरबारमा र विवाह गरेकी मेरी दुलही जवाहिरलाई बिदाइ गरेर ल्याउँछु ।” अनि बादशाहले भने, “तिमीलाई के के चाहिन्छ त्यहाँ पुगेर दुलही ल्याउन भन ।” हंसले भन्यो, “चीन र रोमको बीचमा समुन्द्र पर्छ, अरु अप्ठ्यारो केही छैन, मलाई केही चाहिँदैन, म एक्लै जान्छु । म एक्लै नै गएर दुलहीलाई बिदाइ गरेर ल्याउँछु ।” त्यसपछि हंस चीन गयो र चीनको दरबारमा पुग्यो पनि

चीनको बादशाहको दरबारमा हंस जब पुग्यो तब त्यहाँ पालेपहरा बसेका पहरेदारहरुले उसलाई सोधे कि “तिमी को हौ र कहाँका हौ ?” हंसले भन्यो कि “म रोमको बासिन्दा हुँ ।” अनि पहरेदारले सोधे कि “यहाँ तिमी के काम लिएर आएका हौ ?” तब हंसले भन्यो कि, “मेरो विवाह यही राज्यको बादशाहको छोरीसँग भएको हो; म मेरी दुलहीलाई बिदाइ गरेर लैजान यहाँ आएको हुँ ।” अनि ती पहरेदारहरुले भने, “राजकुमारीको विवाह त दैनुरवाको साथ भएको हो ।” अनि हंसले आफ्नो हात देखायो । बादशाहका ती मानिसहरुले उसको हात हेरे । हंसले जवाहिरले लगाइ दिएको औंठी देखायो । उसले लगाएको औंठी देखेपछि तिनीहरुले एकआपसमा भने, “सत्य रहेछ यिनको राजकुमारीसँग विवाह भएको ।” त्यसपछि उनीहरुले हंसलाई बादशाहको अगाडि उपस्थित गराए अनि भने, “सरकार ! राजकुमारीको विवाह यिनै ठिटासँग भएको रहेछ, हेर्नुहोस् यिनको हातमा राजकुमारीले दिएको औंठी ।” बादशाहले हेरे हंसको हातमा जुन औंठी थियो, त्यो जवाहिरले लगाइदिएकी थिई । अनि बादशाहले राजकुमारको धुमधामसँग बिदाइ गरे । जब राजकुमारीको बिदाइ कार्यक्रम चल्दै थियो । त्यसैबेला दैनुरवाले थाहा पायो कि हंसले जवाहिरलाई लग्दै छ । हंसले बिदाइ कार्यक्रम सकिएपछि राजकुमारीलाई लैजान थाल्यो ।

त्यही सुमेरु पहाडमा एउटा साधु बाबा बाह्र वर्षसम्म ध्यानमा बसिरहेका थिए । बाह्र वर्ष पुग्न एकदुई दिनमात्र बाँकी थियो । त्यसैबेला दैनरवा त्यही वीरनाथ साधु बाबाको गोडामा पर्न गए ।

हंसले गौन गरी सबै सामान लिएर आफ्नो पानीजहाजमा बसे । जब हंस र जवाहिर बीच समुन्द्रमा पुगे जहाजमा चढेर तब बीरनाथ साधुबाबाको ध्यान पूरा भयो । दैनरवाले साधुबाबाको छेउमा बसेर सेवासुश्रुषा गर्दै थियो । बाबाको ध्यान पूरा भएपछि हेर्छन् त आफ्नो छेउमा एउटा मानिस उभिएको देखेपछि बाबाले सोधे, "के काम छ बाबु !" अनि दैनुरवाले भन्यो कि "म दैनुरवा हुँ ।" अनि बाबाले भने त्यो दैनुरवालाई, "जे माग्ने इच्छा छ माग ।" दैनुखाले भन्यो कि "बाबा मैले मागेको दिन सक्नुहुन्न ।" बाबाले दिन सक्छु भनेर भने । अनि दैनुरवाले बाबालाई तीनत्रिवाचा गरायो अनि बाबालाई भन्यो, "म पनि राजाकै सन्तान हुँ, कुनै कमी छैन, विवाह मेरो भएको थियो त्यो केटीसँग तर गौना गराएर त्यो केटीलाई आफ्नी दुलही बनाइ हंसले बिदाइ गरेर लैजादै छ । त्यही केटी मलाई चाहिन्छ ।" बीरनाथ साधुबाबाले पूजा गरे र चारजना बीरहरु बोलाई जहाजबाट रोमको राजधानी जाँदै गरेकी जवाहिरलाई खटिया सहित ल्याउन लगाए । ती वीरहरुले खटियासहित जवाहिरलाई त्यहाँ ल्याइपुऱ्याए पनि । जब सुमेरु पहाडमा पुगिन जवाहिर तब उनलाई होस आउन थाल्यो कि "म त जहाजमा थिएँ, कसरी यहाँ आइपुगे ?" अनि राजकुमारी जवाहिरले विलाप गर्न थालिन । रोइन, कराइन् । जवाहिर रुँदा धर्तीको पनि मन पग्लेर आँसु झर्न थाल्यो, जवाहिर रुँदा इन्द्रको आँसु आयो आँखाबाट । उनी रुँदा जंगलका पशुपक्षी रुनलागे, उनी रोएर बिलाप गर्दा ब्रम्हाजीले पनि कलम चलाउन सकेनन् । यति धेरै रोइन जवाहिर तब बीरनाथ बाबाले दैनुखालाई भने कि "बाबु ' ती केटीलाई यहाँसम्म ल्याउने वाचा मेरो थियो; अब यिनलाई आफ्नो घर लैजाने जिम्मेवारी तिम्रो हो ।" जवाहिरले तब दैनुरवालाई भनिन्, "सुन म बाह्र वर्षसम्म तिमीसँग तिम्रो घर जान्न, जब बाह्र नाघेर तेह्र लाग्छ तबमात्र म तिम्री पत्नी हुनेछु ।" तब दैनुरवाले साधुबाबालाई भन्यो, "बाबा ! बाब ‼ बाह्र दिन त बितिसक्यो ।" जवाहिरले भनी, "मलाई घर बनाइदेऊ ।" अनि दैनरवाले जवाहिरको लागि बस्नलाई घर बनाइदियो साथै उनको हेरचाहको लागि नोकरचाकर पनि राखिदियो जवाहिर त्यही सुमेरु पहाडमा रुँदै-रुँदै आफ्नो दिन बिताउन थाली ।

हंस जब पानीवाला जहाजबाट समुन्द्रको किनारमा उत्र्यो तब जवाहिर जहाजमा नभएको कुरा थाहा पाउँछ । आफ्नी दुलही जवाहिरलाई त्यहाँ नदेखेपछि हंसले बिलाप गर्न थाल्यो । जवाहिरलाई खोज्न ऊ गाउँ गाउँ चहाऱ्यो तर कही पनि जवाहिरलाई भेट्टाउन सकेन । ऊ जुन-जुन गाउँमा जान्थ्यो, त्यही गाउँका एउटी दुईटी केटी तथा आइमाईले हंससित भन्थे कि "बाबु ! मलाई लिएर जाऊ, आफ्नी स्वास्नी बनाऊ ।" हंसले उनीहरुसित भन्थ्यो कि, म जसलाई खोजिरहेको छु, त्यसलाई पाइरहेको छैन, तिमीलाई लगेर मैले के गर्नु ?" यसरी-यसरी हंस हण्डर र दुःख पाउँदै

जवाहिरलाई खोज्दै हिड्यो । यता हंसले धेरै हण्डर खायो भने उता जवाहिर रुँदै-रुँदै सुमेरु पहाडमा बस्थी ।

इन्द्रभगवान फेरि गहिरो सोंचमा डुबे अनि स्वर्गकी अप्सरासँग भन्न थाले, “हे अप्सरा !” अप्सराले हजुर भनिन् । इन्द्र भगवानले भने कि “जाऊ दुवै जनाको जोडा मिलाइदिएर आऊ । एउटी सुमेरु पहाडमा रुँदै-रुँदै दन काटिरहेकी छे, एउटा चाहि गाउँ-गाँउ भिखारी जस्तै गरी घुम्दै छ, दुवै जनाको जोडा मिलाइदेऊ ।” अनि आकासबाट समझ नामकी अप्सरा आइन् धर्तीमा अनि सुमेरु पहाडमा पुगिन् । तब समझ अप्सरालाई देखेपछि जवाहिरले उनलाई अँगालो हाली रोइन् अनि अप्सरासँग भनिन्, “दिदी ! तिमीले नै हाम्रो विवाह गराइदिएकी हौ; मेरो जोडा हराएका छन् ।” अप्सराले भनिन्, “नआत्तिऊ, धैर्य गर, तिम्रो जोडा मिल्छ ।” त्यसपछि ती अप्सरा जुन गाउँमा हंस रुँदै विलाप गर्दै हिड्दै थियो, त्यही गाउँमा आइन् र हंसलाई भेट्टाइन् । अनि हंसले अप्सरालाई देख्ने बित्तिकै अप्सरासँग भन्न थाल्यो, “तिमीले नै मेरो विवाह गराइदिएकी थियौ, मेरी जवाहिरसँग मेरो भेट गराइदेऊ ।” अनिपछि अप्सराले आफ्ना पखेटामा हंसलाई बसालेर जुन सुमेरु पहाडमा जवाहिर थिइन, त्यही उडाएर लगिन् अनि हंस र जवाहिर दुवै जनाको मिलन गराइदिएपछि दुवै जनालाई आफ्ना पखेटामा बसालेर त्यहाँबाट आकास मार्ग हुँदै रोमको बादशाहको दरबारमा ल्याइपुऱ्याइन् ।

चीनका बादशाहका छोरा थिएनन्, एउटी छोरीमात्र थिइन जवाहिर । छोरा नभएकाले हंसले चीनका बादशाह मरेपछि चीनको राज्य पनि पाउने भए । जब रोमका बादशाह मरे अनि हंस राजगद्दीमा बसेर शासन चलाउन थाले । रोमको दरबारका दरबारियाहरु जो हंसकै समान हैसियतका थिए, तिनीहरुले हंस गद्दीमा बसेर शासन चलाउन थाल्दा हंसलाई लफंगा भनेर भन्ने गर्थे । जब हंसको कानमा यो कुरा पुग्यो अनि उनी आफ्नी आमाको छेउ गएर आमासँग भने, “हे आमा ! तपाईले यो कुरा भनिदिनुस् कि मेरो जन्म “भइवारी” हो कि होइन ?” अनि हंसकी आमाले भनिन्, “हो बाबु ! तिम्रो जन्म भुइवारी हो ।” तब हंसले भन्छन् कि, “मेरो समान दरबारका केही मानिसहरुले मलाई जेउवा भन्छन् । यो सत्य हो कि होइन बताइदिनुस् नत्र भने म पासो लगाई भुण्डिएर मर्छु ।” अनि हंसकी आमले भन्छिन्, “कहाँ त्यस्तो कुरा गरेको ? हो बाबु तिम्रो जन्म भूइयारी बलम बुखारीमा भएको हो । तिमी तीन वर्षका हुँदा, तिम्रो पिताको देहान्त भएको थियो । तिमीलाई दौला नामको मन्त्रीले मराउने कोसिस गरेकाले बूढा खजान्चीले तिमीलाई र मलाई लिएर यहाँ आएका हुन् । अनि जुन त्यहाँको राज्य तिमीले चलाउन पर्ने हो, त्यो दौला मन्त्रीले चलाएको छ ।” अनि हंसले भन्यो, “मेरो जन्म भुइयारी रहेछ ।” त्यसपछि हंसले फौज तयार गऱ्यो र

बलमबुखारी राज्यतिर प्रस्थान गऱ्यो । वहाँ पुगेर वहाको फौजको कमाण्डरसँग भेट गरे अनि फौजको कमाण्डरसँग भने कि, "यो कुरा भन कि म विरहन शाहको छोरो हुँ अनि यो राज्य मेरो हो, मेरो मातहतमा रही फौजलाई हुकुम दिन्छौ कि दिन्नौ ?" फौजको कमाण्डरले हंसको प्रस्तावलाई अस्वीकार गऱ्यो । अनि हंसले भने कि, "अब म के गरुँ ?" कमाण्डरले भन्यो कि, "तपाईको जे इच्छा छ त्यही गर्नुस् ।" अनि हंस दरबारमा गएर दौला मन्त्रीसँग भेट गरे अनिपछि भने, "ए साले ! तीन वर्षको म थिएँ, पिता मेरा मरिसकेका थिए, अनि मलाई मराउने प्रयास तैले गरिस; आज बूढा खजान्चीले मलाई राता-रात यहाँबाट समयमै नभगाएको भए, तैले मलाई जिउँदै छोड्दिनथिस् ।" त्यसैबेला हंसले तरबार झिकेर दौला मन्त्रीलाई काटेर टुक्रा-टुक्रा पारिदिए । अनि हंसलाई बलमबुखारीको राज्य प्राप्त भयो । तीनवटा राज्य हंसलाई प्राप्त भयो बलमबुखारी, रोम र चीन । त्यहीदेखि हंस बादशाह बने भने जवाहिर महारानी बनिन् । हंसले यसरी तीनै राज्यको बादशाह भएर शासन चलाउन सुरु गरे । कथा समाप्त ।

## शब्दार्थ सूची

| अवधी | | नेपाली | अवधी | | नेपाली |
|---|---|---|---|---|---|
| अँगुठी | = | औंठी | गँडासा | = | काट्ने हतियार |
| अक्किल | = | बुद्धि | गँडिया | = | चाक, नितम्व |
| अचरज | = | आश्चर्य | गँडेरिय | = | बाख्रो गोठाले |
| अँधियार | = | अँध्यारो | गटइयाम | = | घाँटीमा |
| अन्दर | = | भित्र | गठरी | = | पोको |
| अवजिया | = | आवाज | गडाहा | = | पोखरी |
| औरत | = | आइमाई | गरहुँवाय | = | ग्रहौं हुँदा |
| कङ्गा | = | कागियो | गुदुरी | = | केराउका कोसा |
| कचहरी | = | अड्डा | गुस्सा | = | रिस |
| कजरौटा | = | गाजल भाँडो | गेहुँ | = | गहुँ |
| कन्दा | = | गोवरको गुँइठा | गोडवा | = | खुट्टा |
| कफन | = | कात्रो | गोद | = | काख |
| कबुल | = | स्वीकार | गोसवा | = | मासु |
| करिक्का | = | कालो | गोहराइस् | = | बोलायो |
| करियायकय | = | थुनेर | गौना | = | दुरान |
| कर्जा | = | ऋण | घँसियारे | = | घाँसी |
| कवर | = | गास | घारी | = | गोठ |
| कानी | = | कानो | घुमय | = | घुम्न |
| कुचरिया | = | कुचो | चमकय | = | चम्कनु |
| कुदरा | = | कोदालो | चमार | = | सार्की |
| कोल्हुवाला | = | तेली | चाउर | = | चमल |
| खटिया | = | खाट | चाण्डालो | = | बदमास |
| खातिरदारी | = | सत्कार, सम्मान | तारिफ | = | प्रशंसा |
| खुँटा | = | किलो | थोरेक | = | थोरै |
| खुनकय | = | कुटेर, थिचेर | दुलहिनिया | = | दुलही |
| खेचुही | = | कछुवा | दुवरवा | = | ढोका |

| अवधी | | नेपाली |
|---|---|---|
| खोब | = | खुबै |
| गँडासा | = | काट्ने हतियार |
| गँडिया | = | चाक, नितम्व |
| गँडेरिय | = | बाखो गोठाले |
| गटइयाम | = | घाँटीमा |
| नीचे | = | तल |
| नेवासा | = | निम्तो |
| पकडकय | = | समातेर |
| पटकिन | = | पछाऱ्यो |
| पतुरिनकय | = | रण्डीलाई |
| पतोहिया | = | बुहारी |
| पल्ला | = | ढोका |
| पाथर | = | ढुङ्गो |
| पिलवान | = | माहुते |
| पुत | = | छोरो |
| पेंडवा | = | रुख |
| फारा | = | फल |
| फुला | = | अस्तु |
| फेरा | = | घुम्ने काम |
| बकिर | = | तर |
| बगलमय | = | छेँउमा |
| बघवा | = | बाघ |
| बच्चवा | = | बच्चा |
| बढन्ती | = | उन्नति |
| बयल | = | गोरु |
| बरदास्त | = | नोक्सान |
| बर्द | = | गोरु |

| अवधी | | नेपाली |
|---|---|---|
| नइया | = | डुङ्गा |
| नइहर | = | माइत |
| नकुनासय | = | नाकबाट |
| नगचरय | = | नजिक |
| ननिअउरे | = | मावल |
| माई | = | आमा |
| मालुम | = | थाहा |
| मास | = | मासु |
| मुढ | = | टाउको |
| मुर्द्धवा | = | मुर्द्धा |
| मुहा | = | मुख |
| मेघिया | = | भ्यागुतो |
| मेहररुवा | = | स्वास्नी |
| मौसी | = | फुपू |
| रतियाक | = | राती |
| रहिया | = | बाटो |
| रिसियान | = | रिस |
| रोज | = | ीदन |
| लकडहारे | = | दाउरे |
| लकडी | = | दाउरा |
| लङ्गडाय | = | लङ्गडाउँदै |
| वजिर | = | मन्त्री |
| शेर | = | सिंह |
| सन्भाक | = | साँभ |
| सन्त | = | साधु |
| साडी | = | सारी |
| सारलोग | = | सालाहरु |

| **अवधी** | | **नेपाली** |
|---|---|---|
| बार | = | रौं |
| बिटिया | = | छोरी |
| बिलरिया | = | बिरालो |
| बुढवा | = | बूढो |
| बोरा | = | बोरा |
| भइनवा | = | भान्जा |
| भिन्नही | = | बिहानै |
| भौरी | = | मोटो रोटी |
| मजबुर | = | बाध्य |
| मझधार | = | बिच |
| मनइ | = | मान्छे |
| मर्तवा | = | पटक |

| **अवधी** | | **नेपाली** |
|---|---|---|
| सियार | = | स्याल |
| सुअर | = | सुँगुर |
| सुलगायकय | = | सल्काएर |
| सेंठ | = | साहू |
| हजम | = | हली, किसान |
| हरजोत्ता | = | हार |
| हारवा | = | भाग |
| हुसियारी | = | चलाखी |

## कथावाचकहरूको परिचय

| क.सं | लोककथाको शीर्षक | कथावाचनको नाम | ठेगाना |
|---|---|---|---|
| १. | अहिरा  अउर डायनिया | श्री आलोक अग्रहरी | तौलिहवा -४ |
| २. | कानी चिरइयाँ | श्री कोदइप्रसाद गुप्त | तौलिहवा -४ |
| ३. | चल धुनकिया ठुम्मुक-ठुम्मुक | श्री अर्जुन गुप्ता | दोहनी -४ |
| ४. | चारबातकय जवाफ | श्री प्रकाश अग्रहरी | दोहनी -४ |
| ५. | जुलाहा अउर मुर्द्धवा | श्री नाचन चौधरी | भलवाड-४ |
| ६. | पाँच पाण्डव | श्री केशरी जायसवाल | फुलिका-९ |
| ७. | पत्तालपुरी राजाकय लरकी | श्री केशरी जायसवाल | फुलिका-९ |
| ८. | बाबनकय लरिका | श्री भोला चौधरी | दोहनी-३ |
| ९. | भाटकय छोटकी पतोहिया | श्री रामनिवास कुर्मी | पटना -१ |
| १०. | मेघिया रानी | श्री नाचन चौधरी | भलवाड-४ |
| ११. | राजकुमारकय फुला | श्री केशरी जायसवाल | फुलिका-९ |
| १२. | राजा विक्रमादित्य | श्री राधेश्याम मिश्र | बसन्तपुर-४ |
| १३. | लकडहाराकय कर्म | श्री कृष्णप्रसाद मिश्र | तौलिहवा -२ |
| १४. | सात मामा ठग भान्जा | श्री पल्टु चौधरी | कोपवा-५ |
| १५. | सोनवारानी | श्री बलदेव लामिछाने | शिवपुर -३ |
| १६. | हंस अउर जवाहिर | श्री केशरी जायसवाल | फुलिका-९ |

# सन्दर्भ कृतिसूची


१. अधिकारी, प्रेमबहादुर, **बाग्लुङ जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन र विश्लेषण**, नेपाली स्नातकोत्तर शोधपत्र ने.के.वि.त्रि.वि. कीर्तिपुर, २०५८,

२. अवस्थी, महादेब, **नेपाली कथा भाग -२** (सम्पादित) काठमाडौं, साझा प्रकाशन, २०५५

३. गिरी, जीवेन्द्र, **लोकसाहित्यको अवलोकन,** काठमाडौ, एकता प्रकाशन, २०५७

४. जेठा, वैरागी, **डा. विष्णुराज आत्रेय : स्रष्टा र सिर्जनाका विविध आयाम** ( सम्पादित), बालाजु, काठमाडौं, नेपाल पेरोल साहित्य समाज, २०६१

५. ज्ञवाली, ध्रुवराज, **'गुनकेशरी' कथासङ्ग्रह भित्रका कथाको अध्ययन, विश्लेषण र मूल्याङ्कन,** काठमाडौं, २०५४

६. थापा, धर्मराज र अन्य, **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौं, त्रि.वि.पा.वि.के.२०४१

७. दिवस, तुलसी, **नेपाली लोककथा : केही अध्ययन** काठमाडौं, नेपाल, राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३

८. निरौला, टंक, **विष्णुराज आत्रेय (लाटो साथी) : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौं, २०५५

९. पन्थी, दघिराम, **गुल्मेली नेपाली लोककथाको अध्ययन** (शोधपत्र) त्रि.वि.वि.२०६०

१०. पराजुली, मोतीलाल, **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन,** विधा वारिधि शोध प्रबन्ध, ने.के.वि., २०५४

**सोरठी नृत्यनाटिका** (सैद्धान्तिक अध्ययन), काठमाडौं, दीक्षँन्त पुस्तक प्रकाशन, कीर्तिपुर, २०६३

११. बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं, एकता बुक्स, २०५८

१२. बराल, ईश्वर, **झ्यालबाट** (सम्पादित), काठमाडौं, साझा, प्रकाशन, २०२९

१३. लीच, मरिया, **स्टान्डार्ड डिक्सनरी अफ फोकलोर, मिथोलोजी एण्ड लिजेण्ड,** न्युयोर्क, वगन्लस कम्पनी सन् १९४७

१४. शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं, ने.रा.प्र.प्र. कमलादी, २०५५

१५. सुवेदी, हंसपुरी, **नेपाली लोकजीवनः लोकविश्वास,** काठमाडौं, साझा प्रकाशन, २०५५